CC-0. In Public Domain. Digitization by eGangotri

प्रज्ञा नेपाली मिथक कोश



नेपाल प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रज्ञा नेपाली मिथक कोश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रज्ञा नेपाली मिथक कोश

संयोजक

श्रवण मुकारूङ

सम्पादक

विप्लव ढकाल

धर्मेन्द्र झा

राजन मुकारूङ

धर्मेन्द्रविक्रम नेम्वाङ

नेपाल प्रज्ञा प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रज्ञा नेपाली मिथक कोश

सम्पादक	:	विप्लव ढकाल
		धर्मेन्द्र झा
		राजन मुकारुङ
		धर्मेन्द्रविक्रम नेम्वाङ
प्रकाशक	:	नेपाल प्रज्ञा-प्रतिष्ठान
सर्वाधिकार	:	नेपाल प्रज्ञा-प्रतिष्ठान
संस्करण	:	पहिलो, वि.सं. २०७४ (१२०० प्रति)
आवरण/सज्जा	:	वसन्तराज अज्ञात
मुद्रण	:	प्रज्ञा छापाखाना
		कमलादी, काठमाडौँ
मूल्य	:	रु.४२५।-
ISBN	:	978-9937-689-80-9

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुलपतिको मन्तव्य

नेपालका भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका विविध विधाको अध्ययन, अनुसन्धान एवं प्रवर्धन गर्दै तत् विषयमा उत्कृष्ट ग्रन्थ प्रकाशन गर्ने अभिप्रायका साथ वि.सं. २०१४ मा स्थापित नेपाल एकेडेमीले क्रमशः रोयल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको नामबाट विकसित हुँदै आफूले राज्यबाट प्राप्त गरेको उत्तरदायित्वलाई गहनतापूर्वक वहन गर्दै आएको कुरा सबैलाई अवगत भएकै छ। २०६२/०६३ को जन आन्दोलनपछि साविकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट ललित कला एवं नाट्य-सङ्गीत विधालाई छुट्याई छुट्टाछुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरिएको र नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ ले नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनको अध्ययन, अनुसन्धानमार्फत प्रवर्धन गर्ने जिम्मेवारी प्रदान गर्दै वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठान गठन गरेको हो। यस अर्थमा प्रज्ञा-प्रतिष्ठानको गठनदेखिकै विरासत ग्रहण गर्दै हाल आफूले पाएका कार्यक्षेत्रमा यो प्रज्ञा-प्रतिष्ठान कार्यरत छ।

भाषा, संस्कृति, धर्म, दर्शन आदि क्षेत्रमा रहेको मुलुकको विविधतालाई सम्बोधन गर्दै यस्तो विविधताभित्र रहेको एकतालाई अझ समृद्ध पार्ने क्रममा नेपालका प्राज्ञिक जगत्का समग्र विज्ञहरूलाई समेट्दै अघि बढ्न हामी कटिबद्ध छौं। देशभित्र र बाहिर रहेका समग्र नेपाली स्रष्टाको छाता भई उनीहरूको ज्ञान र सिपलाई अधिकतम प्रयोग गर्दै उनीहरूलाई प्राज्ञिक स्थान प्रदान गर्न प्रज्ञा-प्रतिष्ठान कटिबद्ध छ। यसरी राष्ट्रिय रूपमा समग्र नेपालीहरूको साझा प्राज्ञिक थलो बनाउने लक्ष्यका साथ नेपाल प्रज्ञा-प्रतिष्ठानका नीति र कार्यक्रम रहने गरेका छन्। यसका अतिरिक्त अन्तर्राष्ट्रिय जगत्मा स्थापित समान प्रकृतिका प्राज्ञिक संस्थाहरूसँग संस्थागत समझदारी बढाउँदै प्राज्ञिक आदान-प्रदानमार्फत नेपाल प्रज्ञा-प्रतिष्ठानको अन्तर्राष्ट्रिय छवि निर्माण गर्न पनि हामी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिबद्ध छौं । यसरी स्पष्ट राष्ट्रिय एवं अन्तर्राष्ट्रिय छवि भएको प्रज्ञा-प्रतिष्ठानको रूपमा नेपाल प्रज्ञा-प्रतिष्ठानलाई विकसित गर्ने हाम्रो प्रयासलाई सार्थक बनाउन सरोकारवाला समग्र प्राज्ञहरूको सहयोगको आवश्यकता हामीले महसुस गरेका छौं । यसरी नेपालभित्र र बाहिर पनि गोष्ठी, सेमिनार, सभा, सम्मेलन, अध्ययन, अनुसन्धान एवं ग्रन्थ प्रकाशन सहित अनुवादमार्फत ज्ञान र सृजनाको आदान-प्रदानमा नै नेपाल प्रज्ञा-प्रतिष्ठान सक्रिय रहने प्रतिबद्धता सरोकारवाला सबै प्राज्ञहरूसँग जाहेर गर्दछौं ।

(गङ्गाप्रसाद उप्रेती)

कुलपति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

'मिथक' मानव जातिको जातीय संस्कृति, धर्म, दर्शन र भावनाको प्रतिबिम्ब मान्न सकिन्छ। वास्तवमा जीवन र सृष्टि प्रलयवारेको आरम्भिक कथा, तिनसँग सम्बन्धित प्रकृति, संस्कृति, इतिहास, पुराण आदि सबैको मौखिक व्याख्या र कल्पना नै मिथक हो भन्न सकिन्छ। हाम्रा पुर्खाहरूले जीवन बाँच्ने क्रममा आफूले भोगेको समय, भूगोल, इतिहास एवम् अनुभव दर्शनको समष्टि चेतना नै मिथकका रूपमा सन्तान दरसन्तानमा हस्तान्तरण हुँदै आएको हो। यस प्रकार मौखिक भाषामा लोकव्यवहारसँग सम्बन्धित रहँदै वर्तमानसम्म आइपुगेको मिथक प्राचीन कालखण्ड एवम् त्यस वेलाका आदिमानव र तिनका चेतनालाई अध्ययन गर्ने आफ्नै स्रोत पनि हो। कुनै पनि जाति, धर्म, दर्शन र संस्कृतिका आफ्नै मिथकीय पहिचानहरू छन्। यही पहिचानवाट नै ती सबै विशिष्ट रूपमा समाजमा स्थापित छन्।

प्रस्तुत सन्दर्भमा नेपाल प्रज्ञा-प्रतिष्ठानको मातृभाषा साहित्य विभागको अवधारणा र योजनाअन्तर्गत 'प्रज्ञा नेपाली मिथक कोश' प्रकाशनमा आएको छ। नेपालका विभिन्न जातीय समुदायमा प्रचलनमा रहेका मिथकहरूको खोज-अनुसन्धान गरी यस ग्रन्थमा सङ्कलन गरिएको छ। मिथकबारेको यो पहिलो कोश हो। यस कोशभित्र नेपालका हिमाल, पहाड, तराई यी तीनै भौगोलिक भूभागमा बसोबास गर्ने जातजातिका मिथकहरू सङ्कलित छन्। तर सबै जातजातिमा प्रचलित मिथकहरू यस ग्रन्थमा छैनन्, यससम्बन्धी पहिलो ग्रन्थ भएकाले यसपछिका ग्रन्थमा क्रमशः प्रकाशन गर्दै जाने उद्देश्यअनुरूप अहिले जेजति सङ्कलन हुन सक्यो त्यो ग्रन्थका रूपमा प्रकाशनमा ल्याएका छौं। मिथकको सङ्कलन, अध्ययन र सम्पादन कार्यमा निरन्तर लागेको नभए यति महत्त्वपूर्ण कृतिको प्रकाशन सम्भव नै थिएन। हामी यस कार्यमा उत्साहसाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निरन्तर जुट्ने र परिश्रमसाथ मिथकहरूको सङ्कलन, सम्पादन गरी कृतिका रूपमा तयार गर्ने सबै सङ्कलकहरूका साथै 'प्रज्ञा नेपाली मिथक कोश'को अवधारणा र योजना बनाउने मातृभाषा साहित्य विभागका प्रमुख प्राज्ञ श्रवण मुकारुङ्मा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं। यसरी नै प्रस्तुत कृतिको प्रकाशनमा सहयोग पुऱ्याउने प्रज्ञा-प्रतिष्ठानका कर्मचारीहरूमा पनि हार्दिक धन्यवाद दिन्छौं।

(डा.विष्णुविभू घिमिरे)
उपकुलपति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभागीय मन्तव्य

नेपाल प्रज्ञा-प्रतिष्ठानको मातृभाषा साहित्य विभागअन्तर्गत शोध-अनुसन्धान शीर्षकवाट विगत तीन वर्षभित्र सङ्कलन गरिएका उन्नाइस मातृभाषी समुदायका मिथकहरूको यो **प्रज्ञा नेपाली मिथक कोश** निर्माण भएको हो। सीमित स्रोत साधनका वावजुद पनि अत्यन्तै उत्साहका साथ आफ्नो समुदायमा प्रचलित मिथकहरू सङ्कलन गरिदिनुहुने आफै स्रोत व्यक्ति भइसक्नुभएका तत् समुदायका विद्वान्हरूप्रति विभाग आभार व्यक्त गर्दछ।

मिथक मानिस वा समुदायको सभ्यता, जीवन दर्शन आदिको प्रतिबिम्ब हो। अझ यो त्यस जाति वा समुदायको इतिहासको पनि इतिहास हो। जसलाई त्यस जाति वा समुदायको असली पहिचान मान्न सकिन्छ। त्यसैले यस्तो गम्भीर विषयको कार्य सम्पादन गर्नु चुनौतीपूर्ण हुने नै भयो। जसलाई कुशलतापूर्वक आफ्नो जिम्मेवारी निर्वाह गरिदिनुभएकोमा विद्वान् सम्पादक समूहका मित्रहरू एवम् नेपाल प्रज्ञा-प्रतिष्ठानका सम्पादक रोशन थापा 'नीरव'प्रति धन्यवाद ज्ञापन गर्दछु। हाम्रो मुलुक मूलतः तीन महान सभ्यता (आर्य, सांख्य (बौद्ध) र किरात)ले अनुप्राणित रहेको सर्वविदितै छ। यिनै तीन सभ्यताको अनुगुञ्जन यस कोशभित्र पाइनेछन्। समाजमा मिथकहरू अनगिन्ती हुन्छन् तर हाम्रो प्रयत्न नेपाली मिथकको खोजी हो। त्यसैले यो कार्य अत्यन्तै गम्भीर एवं संवेदनशील छ। यद्यपि यो कार्य जारी रहने छ। आउने दिनमा अन्य जाती वा भाषिक समुदायका यस्तै मिथकहरूको सङ्कलन एवम् यस कोशभित्र रहेका मिथकहरूको परिमार्जन वा थपघट पनि गरिने छ। अहिले सुधि पाठकजनले यसलाई शुभारम्भका रूपमा लिइदिनु हुनेछ भन्ने मैले विश्वास लिएको छु। अन्तमा यस **प्रज्ञा नेपाली मिथक कोश** निर्माणका लागि सधैँ संस्थागत एवम् व्यक्तिगत रूपमा उत्प्रेरित गरिरहनुहुने नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीप्रति हार्दिक आभार व्यक्त गर्दछु।

श्रवण मुकारुङ

प्रमुख,

मातृभाषा साहित्य विभाग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीय

नेपाल प्रज्ञा प्रतिष्ठान, मातृभाषा विभागको परियोजनाअन्तर्गत तयार पारिएको प्रस्तुत प्रज्ञा नेपाली मिथक कोश नेपालका विभिन्न मातृभाषी समुदायमा प्रचलित मिथकहरूको बृहत् सङ्ग्रह हो। यसमा नेपालका सूचीकृत १२३ मातृमाषाहरूमध्ये किरात राईहरूका बान्तावा, चाम्लिङ र वाम्बुलेसहित १९ वटा भाषिक समुदायमा प्रचलित मिथकहरूको संयोजन गरिएको छ। बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय र बहुधार्मिक मुलुक नेपालको सांस्कृतिक पहिचानलाई यी मिथकहरूले जीवन्त रूपमा अभिव्यक्त गर्न सक्छन् भन्ने हाम्रो विश्वास रहेको छ। यिनले हाम्रो विराट संस्कृतिका विविध र बहुआयामिक पक्षहरूको सहज प्रतिनिधित्व गरेका छन् र हाम्रा बौद्धिक एवं समाजशास्त्रीय सम्पदाहरूको प्राचीन परम्परालाई आजको संवेदनासँग जोडेका छन्।

मिथकहरू कुनै पनि राष्ट्र र समुदायको मौलिक पहिचानसँग गाँसिएका अमूल्य निधि हुन्, जसलाई पुराकथा, पुराणकथा, पुराविद्या, आदिम कथा, पुरावृत्त, आद्यबिम्ब, उपाख्यान आदि पनि भन्ने गरिएको पाइन्छ। प्राचीन ग्रिक भाषाको 'माइथस' मूल शब्दबाट निःसृत 'मिथ' शब्दमा 'क' प्रत्यय लागेर बनेको मानिने 'मिथक' शब्दले संस्कृतको 'मिथ्या' शब्दको भावलाई समेत आंशिक रूपमा समेट्दै जीवनजगत्को सृष्टि, स्थिति र प्रलयसँग सम्बन्धित कल्पित कथा भन्ने अर्थलाई बुझाउँछ। मिथकमा हरेक समुदायको अवचेतन मनोविज्ञानसँग सम्बन्धित विश्वास र जीवनमूल्य जोडिएको पाइन्छ। यसले सम्बन्धित समुदायको परम्परागत आस्था र विश्वासलाई सहज तथा स्वाभाविक रूपमा अभिव्यञ्जित गरेको हुन्छ। मिथकमा देवीदेवता, भूतप्रेत, राक्षस जस्ता अतिप्राकृतिक तत्त्वहरूको मूल भूमिका रहने हुँदा यो तर्क र विज्ञानभन्दा माथि हुन्छ। जीवनजगत्प्रति आदिम मान्छेको तीव्र कौतूहल, जिज्ञासा, प्रश्न, त्रास, आनन्द, आश्चर्य जस्ता वृत्तिहरूबाट मिथकको उत्पत्ति भएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिथक मानिसको सामूहिक अवचेतनको निर्मिति भएकाले हरेक काल र हरेक समाजमा परापूर्वकालदेखि नै मानिसले मिथकको सिर्जना गर्दै आएको पाइन्छ। लोकसाहित्यमा जस्तै यसको रचनाकार अज्ञात हुन्छ र यो एक पुस्ताबाट अर्को पुस्तामा सहज रूपमा हस्तान्तरित हुँदै आउँछ। हस्तान्तरंण हुने क्रममा मिथकको मूल आख्यानमा केही थपघट एवं पुनःसिर्जन पनि गरिएको पाइन्छ तर यसको मर्म र जीवनचेतना एउटै हुन्छ। मिथकको सम्वन्ध मान्छेको आदिम मनोविज्ञान, संस्कृति र समाजशास्त्रसँग गाँसिएको हुँदा यो प्राग्ऐतिहासिक मान्छेका विश्वासहरूको सबभन्दा जिउँदो प्रमाण पनि हो। प्रकृति र मानवीय चेतनाको समीकरणसँगै यसले यथार्थलाई जादुमय र चमत्कारपूर्ण रूपमा प्रस्तुत गरेको हुन्छ। त्यसैले मानिसको सहजावृत्ति नै मिथकको स्रोत हो। यसमा हाम्रा आदिम पुर्खाहरूका आस्था र आदर्श, प्रेम र घृणा तथा विजय र पराजयका कथाहरू गाँसिएका हुन्छन्।

मिथक के हो भन्ने प्रश्नमा केन्द्रित रहेर संसारभरि नै अनेकौं विमर्शहरू भएका छन्। यसलाई मार्क सोररले सामान्य जीवनका तथ्यलाई दार्शनिक अर्थ दिने एउटा बृहत् नियन्त्रक विम्ब मानेका छन्। जोसेफ क्याम्पवेलले अतिप्राकृतिक रहस्यको प्रकाशन गर्ने अध्यात्मको एक पद्धति मानेका छन्। नर्थप फ्राइले यसलाई संसारका वारेमा विज्ञानले जस्तो छलफल नगरी कल्पनाका माध्यमबाट प्रस्तुत गरिने कथायुक्त शाव्दिक कला मानेका छन्। रिचर्ड चेजले यसलाई कथा वा आख्यानयुक्त कवितात्मक साहित्य मानेका छन्। विकोले पनि यसलाई वैज्ञानिक सत्य होइन काव्यिक सत्य मानेका छन्। उनका अनुसार मिथक आफ्नो रूपात्मक सिद्धान्त र तर्क भएको एक प्रकारको काव्यात्मक भाषा हो, जुन भाषाका लागि आदिम मानव समर्थ थियो।

मिथकलाई बृहत् मानवमूल्यको खोजी मानिएको छ। यसलाई आदिम मानिसले खोजेको विज्ञान तथा दर्शनको पूर्ववर्ती रूपका साथै उसको कल्पनाशक्तिले भरिएको आदिम काव्य र उसका आदिम विचारहरूको दस्तावेज पनि मानिएको छ। विलियम ट्रायका अनुसार मिथक विज्ञान जस्तै एकसाथ निश्चित पद्धति र क्रमवद्ध अनुभूतिको एउटा सङ्गठन हो। फिलिप ह्विलराइटका अनुसार यो सम्पूर्ण मानवका समग्र अनुभवहरूको अभिव्यक्ति हो। त्यसै गरी ब्लेकमरका अनुसार मिथक भनेको मानवीय ज्ञानकोशको प्रतीकात्मक आलेख हो भने नित्सेका अनुसार यो असीमतर्फको सार्वभौम भावना र सत्यको विलक्षण रूप हो। एम. इलियडले यसलाई जटिल सांस्कृतिक सत्य मानेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जगदीश शमशेर राणाले यसलाई सार्वजनिक सपनाको प्रतिस्फलित तथा कलात्मक रूप मानेका छन्। यसरी अनेकौं कोणहरूबाट मिथकको सूक्ष्म व्याख्या गरिएको पाइन्छ।

मिथकभित्र इतिहासका छुटेका पदचिह्नहरू भेटिन्छन्। प्रत्यक्षीकरण र अमूर्तीकरणलाई मिथकको उत्पत्तिका दुई प्रमुख पक्ष मानिएको छ। मिथक निर्माणका बाह्य घटक प्राकृतिक तत्त्व, अनुष्ठान, ऐतिहासिक घटना र नैतिक चेतनालाई मानिएको छ भने आन्तरिक घटक आदिम मानिसको जिज्ञासावृत्ति, कल्पनाशीलता र भय तथा आनन्दलाई मानिएको छ। फ्रेजरले मिथक कुनै वाष्पमय अमूर्त अथवा अवास्तविक कल्पना नभएर सत्यको प्रज्वलित रुप मानेका छन्। मिथकका प्रकारहरूका बारेमा पनि विद्वान्हरूका आफ्नै मत-अभिमतहरू रहेका छन्। सबै किसिमका मतहरूको संश्लेषण गरेर हेर्दा समाजमा मूलतः सृष्टि, स्थिति र प्रलयसम्बन्धी मिथकहरू नै बढी प्रचलित रहेका देखिन्छन्।

प्रस्तुत **प्रज्ञा नेपाली मिथक कोश** पनि नेपालका विभिन्न भाषिक एवं जातीय समुदायका आस्था एवं विश्वाससँग गाँसिएका र उनीहरूको जीवनमूल्य तथा सांस्कृतिक पहिचान समेटिएका मिथकहरूको खोजी, व्यवस्थापन र संरक्षण गर्ने कार्यमा एउटा प्रारम्भिक पहलकदमी हो। सम्बन्धित समुदायका विज्ञ व्यक्तिहरू नै यसका स्रोतव्यक्ति हुन्। यहाँ सङ्कलित मिथकहरूको खोजीका लागि सम्बन्धित भाषा र समुदायका आधिकारिक स्रोतव्यक्तिहरूको परिचालन गरिएको थियो। उनीहरूबाट जेजति सामग्रीहरू प्राप्त भए तीमध्ये मिथकलाई पहिचान गरेर मातृभाषा र जातीय समुदायको वर्णानुक्रम एवं मिथकको पनि वर्णानुक्रमअनुसार भाषिक परिष्कार, सङ्क्षेपीकरण र सम्पादनसहित यस कोशमा संयोजन गरिएको छ। हामीले अपेक्षा गरेभन्दा कम मात्र मिथकहरू सङ्कलन गर्न सकिएको भए पनि यी मिथकहरू हाम्रो सद्भावपूर्ण सामाजिक सम्बन्धका प्रतीक हुन् र भविष्यमा अन्य भाषिक तथा जातीय समुदायका मिथकहरू पनि समेटेर यसका अन्य खण्डहरू निर्माण हुँदै जाने कुरामा हामी विश्वस्त छौं।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्कलक

अवधी	:	हंसावती कुर्मी 'हंसा'
किरात राई	:	दुतेन्द्र चाम्लिङ/गणेशकुमार राई
डोटेली	:	लोकराज भण्डारी
तमु (गुरुङ)	:	छम गुरुङ
ताजपुरिया	:	तेजेन्द्र ताजपुरिया
तामाङ	:	खोजराज गोले
थारू	:	कृष्णराज चौधरी
धिमाल	:	सोमबहादुर धिमाल
नेवारी	:	रामगोपाल आशुतोष
बज्जिका	:	सञ्जय 'मित्र'
भोजपुरी	:	गोपाल अश्क
मगर	:	जगबहादुर बुढामगर
मैथिली	:	धर्मेन्द्र विह्वल
याक्खा :	:	इन्दिरा जिमी याक्खा
याक्थुङ (लिम्बू)	:	स्वप्निल स्मृति
ल्होमी	:	छिङ्चिप्पा ल्होमी
सुनुवार (कोइँच)	:	उत्तम सुनुवार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूची

अवधी /१७
किरात राई /३३
डोटेली /७८
तमु (गुरुङ) /११०
ताजपुरिया /१३४
तामाङ /१५३
थारू /१७५
धिमाल /१८७
नेवारी /१९४
बज्जिका /२१३
भोजपुरी /२३२
मगर /२३९
मैथिली /२४४
याक्खा /२७५
याक्थुङ (लिम्बू) /३०५
ल्होमी /३६१
सुनुवार (कोइँच) /३६९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवधी

अमरफल : एक अमर फलको कारण राजा जोगी भएको मिथक हो यो । तर त्यो कुन फल थियो भन्ने अज्ञात नै छ । लोककथाअनुसार एक जना ज्यादै धर्मात्मा तथा न्यायप्रेमी राजालाई एक जना दिव्य पुरुषले एउटा अमरफल दिँदै भन्यो, "राजन्, तपाईं जस्तो मान्छे यो पृथ्वीमा सधैँ भइरहनुपर्छ । त्यसकारण अमरफल दिएको हुँ ।" राजाले स्वीकार गर्दै त्यो फल आफ्नो परम सुन्दरी रानीलाई दिए किनभने राजा उनको सुन्दरतामा अतीव मुग्ध थिए । रानीचाहिँ अलि दुष्ट स्वभावकी थिइन् । राजा व्यस्त रहेको बेला उसको लसपस कुनै अर्कै पुरुषसँग हुने गर्थ्यो । त्यो पुरुषचाहिँ एउटी वेश्यासँग फसेको थियो । राजाले दिएको त्यो अमरफल रानीले आफूले नखाएर आफ्नो त्यही नाठोलाई दिइन् । रानीले दिएको त्यो फल नाठाले वेश्यालाई लगेर दियो । वेश्याले अब विचार गर्न थाली, "मेरो जीवन उसै त पापैपापले भरिएको छ । म जति दिन बाँच्छु, मेरो पाप कर्म उति नै बढ्ने हो । यो अमरफल खाएर मैले के गर्ने ? बरु यो खाएर राजा अमर होऊन् र समस्त प्रजा पनि सुखी होऊन् । यस्ता धर्मात्मा राजा फेरि धर्तीमा जन्मलान् नजन्मालान् ।" वेश्याले राजाको सामु पुगेर शिर निहुराउँदै त्यो फल दिई । बिन्ती गरी, "यो अमरफल हो । यसलाई ज्यूनार गरेपछि हजुर अमर होइबक्सिनेछ । यसको प्रभावले प्रजा युगौँयुगसम्म सुखी रहनेछन् ।" राजाले फल ग्रहण गरे तर थाहा पाएनन् यो त्यही फल थियो जुन एक दिव्य पुरुषले सबैभन्दा पहिले आफूलाई दिएका थिए र राजाले बिस्तारै अमरफल कसरी आफूसम्म आइपुग्यो भनेर सबै रहस्य पत्ता लगाए । त्यसपछि राजा राजपाट छोडेर जोगी भए ।

अमलाको पूजा : अवधी सुमदायमा अमलाको बिरुवालाई विष्णु भगवान्को प्रतीक मानेर पूजा गर्ने चलन छ । अमलाको बिरुवाको पूजा गरे भगवान्ले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै थोक दिने विश्वास छ । अमला पूजाको प्रचलन सुरु भएको लोककथा भने यस्तो छ । एक राजा र रानी सधैँ एउटा अमलाको दानाबराबर सुन दान गरी अमलाको बिरुवाको पूजा गरेर मात्र अन्न-जल ग्रहण गर्दथे । राजारानीका साता जोडी छोराबुहारी थिए । उनीहरूलाई भने यस्तो दानकार्यले राजखजानै रित्तिने भई भयो । त्यसैले उनीहरूले सुन दान गर्नमा रोक लगाए । अर्को दिन पिठोको अमला बनाएर दान गर्दा पनि उही भई पैदा भएर उनीहरूले राजारानी दुवै जनालाई घरबाटै निकालिदिए । गङ्गा नदीको किनारमा विस्थापित राजारानी व्रत बस्ने, बालुवाको अमला बनाएर दान गर्ने र त्यही बालुवा खाने पनि गर्थे । अमलाका देवता भगवान् विष्णुले यो थाहा पाएर उनीहरूलाई धेरै धनसम्पत्ति दिए । यसबाट गङ्गा नदीकिनारमा महल बनाएर उनीहरू आरामसँग बस्न थाले । उता घरमा छोरावुहारीहरूको अवस्था दिनप्रतिदिन बिग्रँदै गयो । खानकै लागि अर्काको घरमा ढिकीजाँतो गर्न लागे । राजारानीलाई यता दरबारमा काम गर्ने सहयोगीको खाँचो पऱ्यो । राजाको आदेशबमोजिम मन्त्रीले एक सुसारे महिला खोजेर दरबारमा ल्याए । एक दिन सुसारेले मालिस गर्दै जाँदा रानीको ढाडमा कालो कोठी देखेर पहिलेको आफ्नी सासू र राजर्षि सम्झिन थाली । भावुक भएकी उसको आँखाबाट आँसु खसेर रानीको जिउमा पऱ्यो । रानीले रुनुको कारण सोधिन् । सुसारेले आफ्नी सासूको जस्तै ढाडमा कालो कोठी देखेर आँसु खसेको वताई । कुराकानी गर्दै जाँदा सुसारे त रानीकै वुहारी पो परिछ । रानीले पहिले आफूलाई दान गर्न नदिनुको फल भोग्नुपरेको बताउँदै आफ्ना सबै वुहारीलाई बोलाउन पठाइन् । सबै जना सँगै बस्न थाले । त्यस ससमदेखि नै अमलाको पूजा गर्न थालिएको भन्ने मानिन्छ ।

इमानदारी खोट : जतिसुकै इमानदार मानिसमा पनि केही न केही खोट रहने मिथक हो यो । लोकआख्यानअनुसार मानिसमा बेइमानी वढ्नुको कारण युग परिवर्तन या चिन्तनमा आएको फेरबदल हो । सामाजिक परम्पराबाट असन्तुष्ट एक जना सज्जन यसको कारण जान्न यात्रामा निस्किए । डुङ्गा चढेर एउटा नदी तर्न लाग्दा माझीले सज्जनलाई यात्राको उद्देश्य सोध्यो । जव सज्जनले आफ्नो उद्देश्य वताए तब इमानदार माझीले त्यस प्रश्नको जवाफ आफूसँगै भएको बतायो । नदीकिनारमा डुङ्गा चलाउने उसको जीवनमा दुईवटा महत्त्वपूर्ण घटना भएको रहेछ । पहिलो घटना, एक दिन सुनको असर्फीले भरिएका झोलासहित एक जना साहूको व्यापारको लातीलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उसले नदी तार्ने अवसर पाएको थियो । त्यस क्रममा दुईवटा झोला नदीमा खस्यो तर साहूले थाहा पाएन । उसले जतन गरी राखिदिएको झोला पछि साहू फर्कंदा जस्ताको तस्तै फिर्ता गरिदियो । दोस्रो घटना, नदी पार गर्ने वेला एक जना ब्राह्मणको सातु राखिएको थैला छुट्न गएको थियो । सातु उसले जतन गरेर ब्राह्मणलाई राखिदिन खोज्यो तर अलिअलि गर्दै सप्पै खाइहाल्यो । सातुको थैला खोज्न फर्केको ब्राह्मणलाई उसले कुनै जानकारी छैन भनी ढाँट्नुपऱ्यो । यसरी माझीले आफूमा रहेको खोट इमानदारपूर्वक वताएपछि सज्जनको आँखा खुल्यो ।

कुर्मी : भगवान् विष्णुको कण्ठलाई ब्रह्माण्ड, हृदयलाई पद्म, पृष्ठभाग (पिठिउँ)लाई कुर्मका रूपमा पद्मपुराणको स्वर्गखण्डमा उल्लिखित छ । यही 'कुर्म'बाट कुर्मीजाति परिभाषित भएको मानिन्छ । समाजलाई सुचारु रूपमा सञ्चालन गर्नका लागि मेरुदण्डको पृष्ठभागको जस्तै दायित्व निर्वाह गर्ने महापुरुष अथवा जाति वा समुदाय नै कुर्म वा कुर्मीजाति हो । कुर्मीको दायित्व खाद्यान्न उब्जाएर समाजको भरणपोषण सुचारु रूपमा गर्नु र शत्रुहरूको आक्रमणलाई डटेर निष्तेज पार्नु आदि हो । कुर्म भगवान् (कूर्मावतार)को कठोरता, कर्मठता, सहनशीलता, पौरुष तथा लोक-कल्याणको भावनाको द्योतक हो ।

खर्गी : त्रेता युगमा कछुवाबाट मानिस भएका गोही निषादराजको नाति ।

गणेश : सिद्धिको देवता गणेश । अवधीभाषीमा गणेश देवको उत्पत्तिबारे यस्तो कथा छ, एक दिन महादेव झिसमिसेमै उठेर पत्नी पार्वतीलाई समेत केही नभनी कतै हराए । मध्यान्हसम्म पतिदेवको बाटो हेर्दाहेर्दा दिक्क भएकी पार्वती घरवाट नुहाउन निस्कनुपर्ने थियो तर घर कसले रुँघिदिने ? उनले आफ्नो शरीरका मैल निकालेर एक पाँच वर्षको बालक बनाइन् र ढोकामा बसालिन् र कसैलाई भित्र पस्न नदिई घर रुँघ्न लगाइएर नुहाउन गइन् । यही बिचमा महादेव घरमा आइपुगे । घरभित्र जान लाग्दा पार्वतीको आज्ञाअनुसार बालकले बाटो छेकेर भित्र जानै दिएन । महादेवले रिसमा बालकको घाँटी च्वाट्ट छिनालिदिए । बालक मारिएको चाल पाएर पार्वतीले महादेवलाई युद्ध गर्ने चुनौती दिइन् । ब्रह्माजीलाई बोलाई बालकलाई फेरि जिउँदो बनाइदिन महादेवले आग्रह गरे । ब्रह्माजी जङ्गलतिर दौडे । एउटा हात्ती र उसको नवजात बच्चा विपरीत दिशामा फर्केर प्रसवपीडामा छटपटिरहेको भेट्यो । मौका यही हो भनेर हात्तीको बच्चाको टाउको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काटिहाल्यो । ब्रह्माजीको खुट्टा समातेर हात्ती आफ्नो गल्ती सोध्दै रुन थाली । ब्रह्माजीले बच्चाको टाउको जोसँग रहन्छ, ऊसँगै हात्तीको पनि पूजा हुन्छ भनेर हात्तीलाई फकाई बच्चाको टाउको ल्याएर बालकको शरीरसँग जोडिदियो । बालक फेरि जिउँदो भयो तर हात्तीको टाउको देखेर पार्वती खुसी भइन । ब्रह्माजी र महादेवले पार्वतीलाई दुखित नहुन अनुरोध गर्दै आइन्दा बच्चाको नाउँ गणेश हुने र सबै देवताभन्दा पहिले उसको पूजा हुने बताए । जसले उसको पूजा गर्छ उसको कामको सिद्धि र यज्ञ पूरा हुने वरदान पनि दिए । अवधीभाषी समुदायमा कुनै पनि पूजा-यज्ञ-शुभकार्यादि गर्दा सबैभन्दा पहिले गाईको गोबरको गणेश बनाएर पूजा गर्ने चलन छ । त्यसै गरी आमा र बच्चा विपरीत दिशामा फर्केर सुते अशुभ हुने विश्वास पनि छ ।

गणेशजीलाई दूबो : गणेशको पूजा गर्दा हरियो दूबो चढाउने प्रचलन छ । दूबोलाई शुभको प्रतीक पनि मानिन्छ । यसबारे जोडिएको मिथकीय कथा यस्तो छ । प्राचीन कालमा अनलासुर नामको एउटा दैत्य थियो । उसको आतङ्कले स्वर्ग र धरतीमा त्राही-त्राही मच्चिएको थियो । अनलासुरले ऋषिमुनिहरू र आम मान्छेलाई जिउँदै निल्थ्यो । दैत्यबाट त्रसित भएर देवराज इन्द्रसहित सबै देवीदेवता र प्रमुख ऋषि-मुनि महादेवकहाँ प्रार्थना गर्न गए । सबले अनलासुरको आतङ्क बन्द गर्न भने । शिवजीले सबै कुरा बुझेपछि यो काम गणेशजीले गर्न सक्छन् भने । शिवजीले भने– अनलासुरको अन्त गर्नका लागि उसलाई निल्नुपर्छ र यो काम गणेशले मात्र गर्न सक्छन् । किनकि उनको पेट धेरै ठुलो छ । अब सबै जना गणेशजीकहाँ गए । उनको स्तुति गरेर प्रसन्न गरे । प्रसन्न भएर सबैको कुरा बुझे र काम गरिदिने कुरा गरे । यसपछि श्रीगणेश र अनलासुरका बिच घमासान युद्ध भयो । अन्तमा गणेशजीले असुरलाई समातेर निलिदिए र यसरी अनलासुरको आतङ्क बन्द भयो । जब श्रीगणेशले अनलासुरलाई निले तब उनको पेटमा बहुतै जलन भयो । अनेक उपाय गर्दा पनि जलन कम भएन । तब कश्यप ऋषिले दूबोको २१ वटा मुठा बनाएर श्रीगणेशलाई खान दिए । दूबो ग्रहण गरेपछि उनको पेटको जलन कम भयो । त्यही समयदेखि श्रीगणेशलाई दूबो चढाउने गरिन्छ ।

गुडिया पिट्ने चलन : अवधि सुमदायमा नागपञ्चमीका दिन पोखरी, इनार, नदीबाट नागनागिंनीलाई भगाउने परम्परा छ । यो प्रचलन सुरु हुनुको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कथा यस्तो छ : कालिया नागले पानीलाई दूषित वनाई पिउन र नुहाउन अयोग्य बनाएको भगवान् कृष्णले पत्ता लगाए । कालिया नागलाई पोखरी, इनार र नदीबाट कृष्णले पिटेर धपाउन लागे । घाइते भएर कालिया नागको जिउबाट रगत वग्न थाल्यो । कालिया नागका नागिनहरूले आफ्नो सुहाग वचाइदिन अनुरोध गरे । तर पनि कृष्णले सवैलाई पिटेर लखेटिदिए । त्यसपछि पानी स्वच्छ र सफा भयो । त्यसैको सम्झनास्वरूप नागपञ्चमीका नागिया लखेट्ने चलन छ । छोरी-वहिनीले पहिरेका कपडाको प्रतीकात्मक रूपमा सातवटा नागनागिन बनाई पोखरी, इनार, नदी या सडकबाट लट्ठीले पिटेर भगाउने गरिन्छ ।

जगरूप : पोखरीको विचमा रहेको लिङ्ग आकारको काठको खम्बालाई जगरूप भनिन्छ जुन वरुण देवताको प्रतीक हो भने पोखरी स्त्रीको रूप हो । पोखरीका बिचमा जगरूप खडा गरे पोखरीको पानी सुक्दैन भन्ने विश्वास छ । एक लोककथाअनुसार एक जना जमिनदारले बनाएको ठुलो पोखरी 'सगरहवा'मा रहेन एकनासको पानी कहिलेकाहीँ अचानक स्वाट्टै सुक्थ्यो । पानी सुकेपछि गाईबस्तुलाई पानीको अभाव हुने गर्थ्यो । पोखरी खनाएपछि जमिनदारले तान्त्रिक विधिबाट प्राणप्रतिष्ठा गराई लोकाप{ण गराएकै थिए तर पनि पानी सुकेपछि समाधानको उसले तान्त्रिकहरूलाई बोलायो । तान्त्रिक विधिबाट पूजा गर्दै जाँदा पोखरीले तान्त्रिकसामु स्त्रीरूपमा प्रकट भएर आफ्नो के समस्या वताइन् भने त्यस विकट ठाउँमा आफू एक्लै वस्नुपर्दा बेलाबेला सार} दिक्क लागेर पोखरीको पानी सुकेको हो । उसलाई सुनेर समस्या निदानका बारे पनि तान्त्रिकहरूले सोधे । स्त्रीरूपमा रहेकी पोखरीले भनिन्– सागरका पति वरुण देवताको कृपाबिना पानीको निरन्तरता हुँदैन । त्यसकारण पोखरीका विचमा पतिरूप पुरुषलिङ्ग मानस मुखाकृतिको काठको खम्बा आकारको लिङ्ग स्थापित गरी आफ्नो बिहे गरियोस् । तब मात्र आफ्नो एकाङ्कीपन दूर भई पोखरीमा पानी पनि सधैँ रहिरहने छ । यति भनेर उनी अन्तधा{न भइन् । अब तान्त्रिकहरूले उनले भनेअनुसार जमिनदारलाई सल्लाह दिई मानस मुखाकृति भएको काठको खम्बा बनाउन लगाई पोखरीको बिहे गरिदिए । यसपछि पानीको समस्या समाधान भयो । तब पोखरीको विवाह गर्ने प्रचलन पनि सुरु भयो ।

टिडी महाराज : एक जना सारै गरिब र हरिलट्ठक टिडी महाराजलाई कसरी भाग्यले साथ दियो भन्ने मिथक हो यो । लोककथाअनुसार एक दिन टिडी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाराज दानी राजा भोजकहाँ पुग्यो । केही उल्टोपाल्टो बोले राजाबाट फाँसीको सजाय पनि हुन सक्थ्यो । टिडी कति हरिलट्ठक थियो भने टिडी आफू बच्नलाई राजाको टाउकोमा एक लट्ठी हिर्कायो । संयोगवश राजाको सोफाबाट एउटा सर्पले फणा फुलाउँदै टाउको उठायो । उसले तुरुन्तै सर्पलाई मारेर फालिदियो । राजाबाट उल्टै एक लाख रुपियाँको नगद पुरस्कार प्राप्त गऱ्यो । अर्को पटक पनि उसलाई यस्तै संयोग जुऱ्यो । एक मन्त्रीले एक हजामसँग मिलेर राजाको केश काट्ने बेलामा घाँटी छुराले काटिदिने अनि आफू राजा हुने र राजखजाना आधाआधा बाँड्ने षड्यन्त्र रचेको थियो । त्यही बेला राजालाई भेट्न आइरहेको टिडीले बाटोमा पानीमा भिजेर एउटा रूखमा जिउ कन्याइरहेको सुँगुरलाई देखर एउटा कविता रचिहाल्यो- 'भिजीभिजी आई, घस्रेर जाई, त्यसको मर्म थाहा छ मलाई ।' यही कविता गाउँदै ऊ दरबारमा आइपुग्दा हजामले पटक-पटक छुरा भिजाउँदै धार लगाउँदै राजाको दारी काट्दै थियो । उसले आफ्नो कविता जोडजोडले गाउन थाल्यो । कविता सुनेर हजाम छुरा फालेर भाग्यो । राजाले जति बोलाए पनि फर्केर आएन । सिपाही पठाएपछि बल्ल काँप्दै आयो । उसले सोच्यो टिडीले मेरो सबै कर्तुत थाहा पाएर राजालाई भनिदिएछन् । उसले सबै रहस्य बतायो । राजाको प्राण बचाएकोमा टिडीले राजखजानाको आधा सम्पत्ति पायो । मन्त्रीलाई फाँसीको सजाय भयो । अब टिडीका पछाडि दुस्मन लागे । उसको मूर्खताको बारेमा अरूले रानीको कान भर्न थाले । रानीले उसको परीक्षा लिने विचार गरी आफ्नो बाँधेको मुठीमा के छ भनेर सोधी । 'हँ ! एकचोटि बचेँ दुईचोटि बचेँ, अब टिडी तपाईंको हातमा छ ।' उसको जवाफ सुनेर रानी खुसी भइन् । कुरौटेहरूले सजाय पाए । टिडीको अझै मान बढ्यो ।

तुलसी पूजा : अवधी समुदायमा तुलसी पूजाको अति नै महत्त्व रहेको छ । यसको प्रचलन कसरी सुरु भयो भन्ने कथा यस्तो छ । भगवान्भक्त तुलसी नामकी एक राजकुमारीले अर्को जन्ममा मात्र भगवान्सँग विवाह गर्ने वरदान पाएकी थिई । भगवान्ले तुलसीको बिरुवा र त्यसको पातले तेलसी दल चढाएर आफ्नो पूजा गर्नेको सबै मनोकामना पूरा भई वैकुण्ठ जाने पनि बताएका थिए । तर पूर्वजन्मको कमाइले त्यस जन्ममा भने एउट राक्षससँग उसको विवाह हुन पुग्यो । भगवान्लाई भने जसरी पनि राक्षसको वध गर्नु थियो । तर तुलसीको तपस्या र पतिव्रताले गर्दा उसले मार्नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकेन । कुनै उपाय नसुझेपछि एक दिन राक्षस बहिर गएको मौकामा राक्षसको भेष धारण गरेर भगवान्ले तुलसीको पतिव्रता धर्म नष्ट गरिदिए । तब राक्षस मरिहाल्यो । तुलसीले आफूसँग छल गरेको थाहा पाएर भगवान्लाई ढुङ्गामा रूपान्तरण हुने श्राप दिई र आफूले भौतिक देह त्याग गरी । केही दिनपछि ऊ तुलसीको बिरुवा भएर जन्मी । त्यसैले कार्तिक महिनामा भगवान् र तुलसीको बिहे गराउने र दुवै जनाको पूजा गर्ने प्रचलन छ । तुलसीको काठले बनेको माला लगाए भगवान् अतिप्रसन्न हुने मानिन्छ ।

तुलसी मठ : दिदीको प्रतीक । लोकआख्यानानुसार उहिले तुलसी र जोशी नामका दुई जना टुहुरा दिदीभाइ थिए । नाबालकमै टुहुरा भएकाले तुलसीले भाइको हेरचाह गर्थी । भाइ तन्नेरी पुगिसक्दा पनि तुलसीले बिहे गरिन । तन्नेरीतरुनी दिदीभाइ सँगै बसेकोले गाउँलेले अनेक शङ्का र लाञ्छना लगाए । यो सहन नसकेर तुलसी एक बिहान झिसेमिसेमै उठेर नारायणको तपस्या गर्न जङ्गलतिर हिँडी । भाइ पनि दिदीलाई खोज्न जङ्गलतिर हिँड्यो । बाटो बिर्सेला भनी फूलहरू छर्दै खोज्दै जाँदा उसले दिदीलाई घना जङ्गलको विचमा नारायणको तपस्यामा लीन अवस्थामा पायो । आफू पनि तपस्यामा लीन भयो । धेरै दिनको अखण्ड तपस्यापछि उनीहरूले भगवान् नारायणको दर्शन पाए । आफूले सहनुपरेको लाञ्छना नारायणलाई सुनाए । भाइले दिदीसँग छुटिन नसक्ने बतायो । नारायणले उसको इच्छा पूरा गर्न एउटा बिरुवा दिए । त्यो बिरुवा आँगनमा मठ बनाई रोपे त्यसबाट दिदीको माया पाउने पनि बताए । जब भाइले ध्यानबाट आँखा खोले, छेउमा सँगै रहेकी दिदी एक बिरुवामा रूपान्तरण भएको देखे । भाइले दिदी ठानेर उक्त बिरुवा घरमा मठ बनाएर रोप्यो र नित्य पूजा गर्न थाल्यो । यसबाट उसको सबै किसिमको सङ्कट निवारण भयो । टोलछिमेकले पनि उसले जस्तै गर्न थाले । उक्त बिरुवा तुलसी थियो । यसरी तुलसीको बिरुवाको उत्पत्ति भयो र पूजा गर्न थालियो ।

धान र चामल : अल्लाहले मानवीय असन्तोकीपनालाई नियन्त्रण गर्न भुसयुक्त धान फलाएको मिथक । एक लोकआख्यानानुसार उहिले धानको बोटैमा चामल फल्थ्यो । एक मुसलमानको शुभकार्यमा टन्न भोज खाएर फर्केका मान्छेहरूले बाटो छेउछाउ खेतका गरामा बयेली खेलिरहेका चामलका बाला चुंडाउँदै थैलामा भर्न थाले । अल्लाहमियाँले चामलका बाला चुंडाउनुका कारण सोध्दा तिनले भोजको भातले आफ्नो पेट नभरिएको र घरमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बालबच्चा पनि भोकै रहेको भनी ढाँटे। तिनको ढाँट चाल पाएर अल्लाहमियाँले चामलका झुत्तालाई तुरुन्त भुसयुक्त बनाइदिए। त्यसपछि नै भुसयुक्त धान फल्न थालेको कथा छ।

नाथु : त्रेतायुगमा कछुवाबाट मानिस भएका गोही निषादराजको छोरा।

निषादराज : निषादवंशको जग वा पुर्खा। लोकआख्यानानुसार सत्ययुगमा समुद्रमा बस्ने एउटा कछुवाको जोडीलाई एक महायोगीबाट त्रेतायुगमा मानव जुनी पाउने वरदान मिलेको थियो। तिनको नाम निषादराज गोही थियो। यसरी निषादवंशको जग बस्यो। पुर्ख्यौली पेसा डुङ्गा खियाउनु, माछा मार्नु बन्यो। त्रेतायुगमा वनवास जाँदा पाण्डवका सन्तान श्रीराम, लक्ष्मण र माता सीतालाई निषादराजले आफ्नो डुङ्गामा बसालेर सरयू नदी तारेको विश्वास गरिन्छ। नदी तरेपछि भगवान् रामले सीताको औँठी दिन खोज्दा निषादराजले लिएनन्। बरु आफूले सरयू नदी तारेजस्तै आफ्नो वंशलाई भावसागर तारिदिनलाई वर मागेका थिए भनिन्छ।

पतया चरा : यो कृषियुगकालीन मिथ हो। समयको महत्त्व र मानिसको मनसाय बुझ्न नसक्ने मानिसको मिथ हो। लोककथाअनुसार पतया ज्यादै परिश्रमी एक किसानकी स्वास्नी थिई। गर्मी महिनाको एक दिन उसको लोग्ने दिउँसो खेत जोत्न गयो। स्वास्नीले लोग्नेलाई पानी लगेर जानु थियो तर धेरै ढिला गरी। लोग्ने तिर्खाले आकुलव्याकुल भइसकेको थियो। स्वास्नी आएको देख्नेबित्तिकै ऊ गोरु हाँक्ने लौरोसहित पानी खानलाई दौडिहाल्यो। स्वास्नीले चाहिँ लोग्ने आफूलाई पिट्न दौडिआएको ठानेर पानीको लोटा फालेर भागी। तिर्खाले कमजोर लोग्ने दौडँदादौडँदै खेतको आलीमा लडेर मर्‍यो। स्वास्नी पनि लोग्नेको मनसाय बुझ्न् नसकेको पीरले दुब्लाएर एक दिन मरी र पतया नाउको चरा भई। त्यै भएर ग्रीष्म कृषिको समय दिउँसोतिर 'डबरे हर जोतत है' अर्थात् 'चउरीमा हलो जोत्दै छ' भनेर पतया चरा कराएको हो भन्ने विश्वास छ।

पुरुषार्थको कमाइ : पौरखी धनीरामले उसका अल्छी छोराहरूलाई पौरख गर्न सिकाएको मिथक हो यो। लोककथाअनुसार धनीराम गडरिया आफ्नो मेहनतले एकदमै धनी थियो तर उसका छोराहरू सारै उत्पाती, अल्छी थिए। छोराहरूलाई पनि मेहनती र इमानदार बन्न ऊ धेरै सम्झाउँथ्यो। आफू मरेपछि घर बरबाद हुने चिन्तामा थियो ऊ तर उनीहरूले भने बाको सम्पत्तिमा आँखा लाएका थिए। छोराहरूकै पीरले बिरामी परेको उसले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छोराहरूलाई आफूसित भएको धन खेतमा गाडिएको र आवश्यक परे खनेर लिनू है भनी आँखा चिम्ल्यो । उसको मृत्युपछि घरको अवस्था नाजुक हुँदै गयो । छोराहरूले कहिल्यै काम गरेका थिएनन् । एक दिन तिनले खेत खनेर बुवाको गाडधनले खर्च टार्ने विचार गरे । खेत खन्दै गए तर जति खने पनि केही भेटिएन । सबै जना चिन्तित भए । अब कसरी गर्जो टार्ने भनी आमासँग सल्लाह गरे । आमाले खेत खनिसकेकाले त्यहाँ मकैको बिउ छरेर आउन सल्लाह दिइन् । छोराहरूले त्यसै गरे । त्यो वर्ष मकै धेरै फल्यो । वर्षभरिका लागि चाहिनेजति राखेर विक्री पनि गरे । छोराहरूले बुवाको बुद्धिमानी बुझे । उनीहरूलाई मेहनतको फल पनि मिल्यो ।

भोङ्गुराम : अज्ञानता र बालहठको मिथक हो भोङ्गुराम । एक कथाअनुसार सानैमा बिहे भएको थियो भोङ्गुरामको । उसले सात वर्षको उमेरमा गौना गराएर मात्र दुलही ल्याउनुपर्ने थियो । तर ऊ गौनै नगराई आमालाई भनेर गीत गाउँदै-घुम्दै दुलही ल्याउन ससुराली गयो । आफ्नी दुलही लैजान जिद्दी गर्न थालेपछि उसैकी स्वास्नी त हो भनी ससुरालीले पनि दिइपठाए । ससुराली गाउँदेखि अलि परको ठुलो पैनी तर्ने बेलामा दुलहीको सिँउदोको सिन्दूर देखेर ऊ छक्क पर्‍यो । त्यसबारे उसले दुलहीलाई सोध्यो । दुलहीले विवाहित महिलाले लगाउने सिन्दूर भनी । यसबारे केही थाहै नभएको भोङ्गुराले पटकपटक सोधिरह्यो दुलहीले पनि एउटै जबाफ दिइरही । भोङ्गुरामले सोच्यो कि दुलहीको टाउको फुटेर भित्रको रातो गिदी देखिएको हो । मर्न लागेकीलाई पो ससुरालीले आफूलाई दिइपठाएछन् । आफूले नि किन घर लैजाने भनेर उसले पाँच रुपियाँमा दुलहीलाई बेची पठायो । बेचेको पैसाले एउटा बाखा किन्यो र बाँकी पैसाले चना-भुजा । बाटोमा थाकेपछि एउटा रूखको छहारीमा बसेर चनाभुजा खान थाल्यो । बाखो पनि त्यहीँ अगाडि बसेको थियो । पशुको जात बस्न पाएपछि उग्राउन थाल्यो । उसले सोच्यो कि बाखाले त आफूलाई पो गिज्याइरहेको छ । रिसले एक लट्ठी बाखाको टाउकोमा हिर्काएको बाखा जहाँको त्यहीँ मर्‍यो । हातमा लट्ठी लिएर गीत गाउँदै साँझपख घर पुग्यो । आमालाई र घरका अरू मान्छेलाई सबै कहानी सुनायो । उसको कुरा सुनेर कसैले दिमाग फुस्केका भने त कसैले के ? उसका बालाई ठुलो चिन्ता पर्‍यो र एक जना जानकार वैद्यकहाँ लिएर गए । सबै चेकजाँच गरेपछि वैद्यले उसले गरेको सबै हर्कतको कारण मानसिक रोगदोष नभएर बालपन र अज्ञानता भएको बतायो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भैरव बाबा : अवधीभाषी समुदायमा कुकुरलाई भैरवको वाहन मानी पूजा गर्ने प्रचलन छ । यसको एउटा कथा देउरानी र जेठानीसँग पनि सम्बन्धित छ । देवरानी र जेठानी दुवै जना भैरव अष्टमीको व्रत लिन्थे । उनीहरू पुरी पकवान बनाई पँधेरोमा पानी भर्न गएको दिन भान्साको सबै पुरी पकवान कुकुरहरूले खाइदिएछन् । उदार मनकी देउरानीले चुप्प लागेर कुकुरहरूलाई बाँकी खानेकुरा पनि ल्याएर राखिदिई । तर रिसाहा जेठानीले चाहिँ लट्ठीले हिर्काएर एउटा कुकरको कम्मर नै भाँचिदिई । तब कुकुरले आपसमा के गर्ने भनेर सल्लाह गर्दा एउटी ठिक्क भए पनि अर्कीचाहिँ बहुतै कर्कशा भएको निष्कर्ष निकालेछन् । त्यसपछि कम्मर भाँचिएको कुकुरले कर्कशा जेठानीका बच्चाहरू मरिजाऊन् भनेर श्राप दिइछ । नभन्दै सबै बच्चा मरेर जेठानी रुन थालिछे । राति सपनामा भैरवले फेरि आफ्नो व्रत लिए, पूजा गरे र पकवान बनाएर कुकुरलाई खुवाए बच्चाहरूलाई पुनर्जीवित गराउने बताएछन् । भैरवले भनेबमोजिम गरेपछि जेठानीका बच्चाहरू फेरि बाँचेछन् । तब कुकुरलाई भैरव सम्झेर पूजा गर्न थालियो भनिन्छ ।

महोखा चरा : पश्चात्तापको मिथक महोखा चरी । लोकआख्यानानुसार महोखा चरा पहिले एक मानिस (आमा) थिई । ऊ एउटा गाउँमा छोरासँग बस्थी । चैत्र-वैशाख महिना लाग्नेबित्तिकै बिहानै महुवा टिप्न जान्थी र घरमा ल्याएर घाममा सुकाएपछि छोरालाई रुँग्न लगाई अरू काममा जान्थी । साँझ घरमा कामबाट फर्कंदा सुकाएको महुवा कम भएको पाउँदा छोराले आधाजति खाएको शङ्का गर्थी । एक दिन उसलाई सहिनसक्नुको रिस उठ्यो र छोरालाई पिट्न थाली । पिट्दापिट्दै अचानक छोरो मऱ्यो । पुत्रवियोगमा रुन थाली । छिमेकीहरू आएर उसलाई बताए कि मुहुवा छोराले खाएर नभई घाममा सुकेर थोरै भएको हो । यस कुराले उसको अज्ञानताको आँखा खुल्यो र झन् ठुलो पछुतोमा पारिदियो । बिहान महुवा टिप्न जाने वेला उसलाई छोराको यादले झनै सताउन थाल्यो । 'मेरो छोरो कहाँ गयो होला' भन्दै रुन कराउन थाली । यसरी चिन्ता गर्दागर्दै एक दिन मरी । मरेपछि महोखा नाउँका चरा भई । चैत-वैशाख महिनामा बिहानबिहान 'पूत कहाँ...पूत कहाँ...पूत कहाँ' भनी कराउने महोखा चरा अज्ञानता र पश्चात्तापको मिथक हो ।

लालाजी र अहिरू भाइ : एक जना चलाख अहिरूले लालाजी (साहू) लाई तह लगाएको मिथ हो यो । लोककथाअनुसार दुई जना अहिरू दाजुभाइमध्ये

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कान्छोचाहिँ एक जना लालाजीकोमा कामका लागि गए। लालाजी र अहिरूबिच अनौठो सर्तनामा भयो कि अहिरूले काम छोडे लालाजीले उसको नाक काट्ने। त्यसै गरी लालाजीले पैसा नदिए अहिरूले उसको नाक काट्ने। लालाजीलाई सधैँ आइतबारको दिन रिस उठ्थ्यो। अहिरू बिहान उठेदेखि लालाजी र उनकी श्रीमतीको सेवाटहलमा लागिरहन्थ्यो। एक दिन अहिरूले बोकेर ल्याएको भारी कहाँ राखौँ भनेर सोध्दा लालाकी स्वास्नीले मेरो टाउकोमा राख भनी। अहिरूले पनि त्यसै गरे। यसकारण आइतबारको दिन लालाजीबाट अहिरूले खुब पिटाइ भेट्यो। अर्को दिन सोमवार अहिरूले पनि लालाजीको छोरालाई पछार्दै दिसापिसाब फुस्किने गरी पिट्यो। घरी दिसा गर्ने, घर पिसाब गर्ने भन्दै छोराले दिक्दार लाएपछि रिसमा लालाले उसका दुईवटै खुट्टा समातेर चिरिदेऊ भन्यो, अहिरूले त्यसै गरे। लाला र उसकी स्वास्नी हैरान भए। अर्को दिन घोडा चढेर अड्डा जाँदा लालाजीको गम्छा खस्यो अहिरूले त्यो उठाए। लालाजीले अहिरूलाई खसेको सबै उठाउन भने। अहिरूले बाटोमा घोडाले दिसा गरेको पनि गम्छामा उठाएर लालाजीलाई बुझाए। अड्डामा काम गरिरहेको समय पनि उसले लालाजीको घरमा नुन सकिएको कुरा जोरजोरले हल्ला गऱ्यो। लालाजीले त्यस्तो कुरा सुस्तरी भन्नलाई अहिरूको कान फुके। केही दिनमा लालाको घरमा आगो लाग्यो। अहिरूको पालो त्यो कुरा बिस्तारै मात्रै मुखले फुसफुसाइरह्यो। लालाको घर जलेर खरानी भयो। यसरी अहिरूबाट दिक्क भएर लालाजी बसाइँ सर्ने योजनामा पुग्यो। त्यो थाहा पाएर अहिरू लालाजीको सन्दुकमा गएर लुक्यो। सन्दुक भरियालाई बोकाएर लालाजी बसाइँ हिँड्यो। बिचबाटोमा थाम्न नसकेर अहिरूले पिसाब छोडिदियो। भरियाले के पोखियो भनेर खोलेर हेर्दा लालाजीले अहिरूलाई देखेर किन यसो गरेको भनी थर्काए। अहिरूले पूर्वसर्तअनुसार आफ्नो हिसाबकिताब नगरी बसाइँ हिँडेकोले लालाजीको नाक काटिदिने भन्यो। लालाजीले चुपचाप उसलाई सबै हिसाबकिताब गरिदियो।

लोना चमाइन : तान्त्रिकहरूले नाम लिनुपर्ने शक्तिको मिथकको रूपमा लोना चमाइनलाई मानिन्छ। आख्यानअनुसार सुरुमा उनी दुर्गा माताको भक्त थिई। आर्थिक अवस्था कमजोर उनलाई सधैँ हातमुख जोर्न धौधौ हुन्थ्यो। तर कति दिनसम्म नखाई साधनामा लीन उसलाई एक दिन दुर्गा माताले कामरूप कामाक्षा माताको पूजा र साधना गरे सबै समस्या निदान हुने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपाय वताइन् । कामरूप कामाक्षा माताको पूजा र साधनाबाट अव उसले किसिम-किसिमको रोग र मानवीय समस्याको समाधान गर्ने तान्त्रिक शक्ति प्राप्त गरी । तर पनि पूजा र साधनालाई नछोडेपछि उसलाई माताले मनोवाञ्छित वर माग्न भनिन् । लोना चमाइनले आफ्नो कुनै सन्तान नभएकाले मृत्युपछि पनि अवधी समुदायमा आफू अमर रहने वरदान मागी । मानवकल्याणमा तान्त्रिक साधना गर्नेले लोना चमाइनको नाम लिए मात्र मन्त्रले पूर्णता पाउने वरदान दिएर माता अलप भइन् । त्यहींबाट तान्त्रिक साधना गर्नेले उनको नाम यसरी लिने चलन बस्यो भनिन्छ, *दुहाई गौरा पार्वती को, दुहाई लोना चमाइनको* ।

शीतला माता : प्रतिशोध लिन नीमको बोटमा उत्पत्ति भएकी अमङ्गलकारी देवी । यस देवीलाई बगैंचा, चौतारो बनाएर लप्सी, पुरी खीरको पकवान र रातो फूलले पुज्ने चलन छ । लोककथाअनुसार एक जना बाहुनका सात जना खन्चुवी छोरीहरू थिए । तिनले सबै भीक्षा खाइदिंदा बाहुनबाहुनी जहिल्यै भोकै पर्ने गर्थे । एक दिन बाहुनले छोरीहरू सुतेपछि मात्र भिक्षाको खीरपुरी पकाउने विचार गरे । बुवाको योजना चाल पाएर ती एक-एक जनाले कराही, रोटी वेल्ने चक्लावेल्ना आदि भाँडाकुँडा आफूसँग राखेर सुते । पकाउने बेला बुवाले जुन भाँडो चाहियो त्यै छोरीलाई उठाउँदै जाँदा सवै छोरीहरू पालैपालो उठेर सवै खीरपुरी खाइदिए । बुवालाई खपिनसक्नु रिस उठेर छोरीहरूलाई रातमा लगेर राजाको बगैँचामा छाडिदिए । राति बगैँचामा तिनलाई देखेर माली डरायो र राजाकहाँ खबर पठायो । राजाले तातो तेल खन्याइदिएर तिनलाई मार्न आदेश दिए तर मालीले स्विकारेन । तव राजाको आदेशबमोजिम मालीसहित सातै जना दिदीवहिनीलाई तातो तेल खन्याइएर मारियो । मर्ने बेलामा तिनले आफूजसरी नै राजाका प्रजा मर्ने, राज्यमा वर्षभरि नाना किसिमको रोगव्याधि लिएर आफूहरू आउने श्राप दिए । आफ्नो वास नीमको बोटमा हुने, बगैँचामा चौतारो बनाएर लप्सी, पुरी-खीरको पकवान, रातो फूल आदिले आफूलाई पुज्नेलाई भने उपकार गर्ने वचन दिए । यसरी शीतला उत्पत्ति भएको विश्वास छ ।

शीतला माता र हनुमान् : अवधक्षेत्रमा जहाँजहाँ शीतला माताको पूजा हुन्छ त्यहाँत्यहाँ हनुमान्जीको पनि पूजा हुने गर्दछ । यसको प्रचलनवारेको कथा हो यो । एक दिन हनुमान् र शीतला मातामा को ठुलो भन्ने होड़ चल्यो । शीतला अष्टमीको दिन थियो । शीतला माताले धेरै भीख मागेर ल्याउने नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठुलो हुने भन्दै हनुमान्‌जीलाई भीख माग्न पठायो । हनुमान्‌जी झोला र झन्डा तयार पारी घर-घर भीख माग्न गयो । तर गाउँका सबै महिलाहरू शीतला माताको पूजा र पूजा तयारीमा व्यस्त थिए । सबैले पछि आउनू भनेर हनुमान्‌जीलाई खाली हात पठाइदिए । उदास हुँदै फर्केको हनुमान्‌लाई देखेर शीतला माता लहँगा, ओढनी र झोली लिएर भीख माग्न निस्किए । एक घर दुई घर गर्दै सात घर पुगे । जहाँजहाँ पुगी त्यहाँत्यहाँ उनको खुबै स्वागत सत्कार भयो । सबै महिलाहरूले सोचे कि शीतला माताको रूपमा बुढिया घर आई । शीतला माताको झोली यति भरियो कि फर्किंदा बाटोमा भीख पोखिन थाल्यो । घर पुगेर जति खान मन लागेको त्यति खान भनी शीतला माताले हनुमान्‌लाई झोली नै राखिदिई । हनुमान्‌ले शीतला माता नै ठूली भएको स्विकारे पनि शीतला माताको जप हुने ठाउँमा आफ्नो पनि थान स्थापना हुने बतायो । यसपछि नै अवधी क्षेत्रमा शीतला माताको पूजा हुँदा हनुमान्‌जीको पनि पूजा हुने प्रचलन सुरु भयो ।

सकठको सुपारी : अवधीभाषी समुदायमा सकठको सुपारीलाई सङ्कट मोचक वस्तुका रूपमा लिइन्छ । परदेश लागेको एक बनियालाई उसकी स्वास्नी र छोरासँग सकठको सुपारीले नै भेटाएको लोककथा छ । लोककथाअनुसार हरिहरपुर गाउँको रामरत्न बनिया व्यापारको सिलसिलामा गर्भवती स्वास्नीलाई छोडेर परदेश गएको हुन्छ । जाने बेला स्वास्नीको कोखको बच्चा आफ्नो हो भन्ने साक्षीस्वरूप पानको पीक थुकी त्यसमा दियो बालेर राखी जान्छ । तर यता सासूले पेट बढ्न लागेको बुहारीलाई कुलटा भन्दै शङ्का गर्न लाग्छे । बुहारीले पानको ताजा पीक र बलिरहेको दियो देखाउँदा पनि सासूले अविश्वास गरी बुहारीलाई घरबाट निकालिदिन्छे । बुहारी भौंतारिंदै एक जना कुमालेका घरमा पुगेर बालकलाई जन्म दिन्छे, हुर्काउँछे । एक दिन बनिया रामरत्न व्यापार गर्दै त्यही गाउँ आइपुग्दा उसको गाडी हिलोमा नराम्ररी फस्छ । पण्डित र ज्योतिषीले कुनै एकरतिया बालकले सकठको सुपारी र दूबोको लहरा लिएर गाड़ीको चारै कुनमा खटखटाइदिए मात्र गाड़ी गुड्ने जोखना देखाउँछन् । रामरत्नले जुन एकरतिया बालकले सकठको सुपारी र दूबोको लहरा लिएर गाड़ीलाई खटखटाइदिएर गुडाइदिन्छ उसलाई गाड़ीको आधा धन दिने भनेर झ्याली पिटाउँछ । यो कुरा थाहा पाएर कुमालेकहाँ बस्ने बनियाको छोराले त्यस कार्यका लागि आमाबाट अनुमति पाउँछ । धनको लालचमा गाउँका धेरै बालक आफूलाई एकरतिया मानेर त्यस कार्यमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खटिरहेका हुन्छन् तर असफल हुन्छन् । तर बनियाको छोराले जसै गाड़ी खटखटाउँछ गाड़ी गुडेर किनारमा पुग्छ । रामरत्नले आफ्नो वचनअनुसार गाडीमा राखेको धन जति पटक दुई भाग लगाउँछ तर एकै ठाउँमा मिसिजान्छ । शङ्का लागेर बालक कतै आफ्नै छोरा त होइन भनी दौडेर घर पुग्दा सप्पै कुरा थाहा हुन्छ । तब ऊ कुमालेकहाँ पुगी आफ्ना छोरा र स्वास्नीलाई लिएर घर फर्कन्छ । सबै जना हाँसीखुसी एकसाथ बस्न थाल्छन् ।

स्वार्थीपना : जतिसुकै कठिनाइमा पनि मित्रता स्वार्थरहित हुनुपर्छ नत्र त्यसले उल्टो परिणाम दिन्छ । एउटा सामान्य कछुवाले आफ्ना चार मित्रको परस्पर स्वार्थलाई परीक्षण गरेर सजाय दिएको कथा हो यो । हरिण, बिरालो, खरायो र मुसो चार मित्र थिए । एक दिन उनीहरूलाई नदी तर्नुपर्ने भयो । उनीहरू नदीकिनारमा उभिएर नदी तर्ने उपायका बारेमा सोच्दै थिए कि एउटा कछुवा पौडिरहेको देखियो । कछुवालाई देखेपछि चारैले आफूहरूलाई नदी तारिदिन आग्रह गरे । कछुवा राजी भयो । चारै उसको पिठिउँमाथि बसे । नदीमा केही पर पुगेपछि कछुवाले रोकिएर भन्यो- “म थाकेँ, चारैवटाको बोझ थाम्न गाह्रो भयो । एकवटा ओर्लिदिए राम्रो हुन्थ्यो । कहीँ म नडुबूँ ।” कछुवाको कुरा सुनेर ती चारैवटाले एकअर्कालाई हेराहेर गर्न थाले । यत्तिकैमा खरायोले मुसोलाई एक पन्जा लगाएर नदीमा धकेलिदियो । मुसो नदीमा बग्यो, अब तीनवटा मात्र बचे, कछुवा विस्तारै अगाडि बढ्यो । अलि पर पुगेपछि फेरि पहिलेकै कुरा दोहऱ्यायो । फेरि सबैले एकअर्कालाई हेर्न थाले । यत्तिकैमा बिरालोले खरायोलाई नदीमा धकेलिदियो । खरायो नदी डुब्न थाल्यो । अब दुईवटा मात्र बचे । कछुवा अगाडि बढ्यो । केही पर पुगेपछि फेरि कछुवाले पहिलेकै कुरा दोहऱ्यायो । बिरालोले हरिणतिर हेऱ्यो तर उसले हेर्नेबित्तिकै हरिणले सिङले हानेर बिरालोलाई पानीमा खसालिदियो । अब कछुवा हरिणलाई लिएर अगाडि बढ्यो । नदी पार गर्न एक चौथाइ बाँकी नै थियो कि रोकिएर फेरि पहिलेकै कुरा दोहऱ्यायो । यसपालि कछुवाको कुरा सुनेर हरिण डरायो र भन्न थाल्यो- “तिमी के भनिरहेका छौ ? हामी चारैलाई डुबाउन आफ्नो पिठ्यूँमा चढाएका थियौ ?” कछुवाले जबाफ दियो- “मैले चारैवटालाई सच्चा मित्र ठानेर आफ्नो पिठिउँमा बसालें तर तिमीहरू मित्र नभएर पक्का स्वार्थी जीव निस्क्यौ । यदि तिमीहरू आफ्नो मित्रका लागि ज्यान दिने कुरा गरेको भए सबैलाई उतारिदिन्थेँ ।” कछुवाको कुरा सुनेर हरिण पछुताउन थाल्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिंहासन बत्तिसी : राजा विक्रमादित्य, राजा भोज र एक सामान्य बालक जोडिएको मिथक हो यो । यसले राजा विक्रमादित्य बालकमनजत्तिकै निष्कपट मनका थिए तर राजा भोज इन्साफी भए पनि उनका केही कमजोरी थिए भन्ने सन्देश दिन्छ । राजा भोजलाई न्याय गर्ने वेला समस्या आई पर्ने गर्दथ्यो । कहिलेकाही जति कोसिस गर्दा पनि उनी कठिनाइको समाधान भेट्न सक्दैनथे । एउटा थुम्कोको उत्खननमा ३२ नारीका पखेटामा अडिएको विक्रमादित्यको सिंहासन भेटेर राजा भोज विक्रमादित्य जस्तै न्यायप्रेमी हुन खोजेका थिए तर असफल भए । कथाअनुसार बस्तुभाउ चराउन जाँदा एक जना केटो एउटा थुम्कोमा बसेर आफ्ना साथीभाइसँग न्यायनिसाफ गर्ने खेल खेल्थ्यो । त्यो सामान्य बालकको निसाफ एकदम निष्पक्ष र सटीक हुन्थ्यो । यसको चर्चा गाउँ-गाउँमा फैलिएर मुद्दाहरू आउन थाल्यो । बालकको प्रशंसा चारैतिर बढ्यो । राजा भोजकहाँ पनि उसको चर्चा पुग्ने नै भयो । गौचरणमा बालकले गर्ने फैसला सुनेर राजा बालकप्रति आकर्षित भए । एउटा सामान्य बालक कसरी कठिनभन्दा कठिन मुद्दाको जरासम्म पुगी सटीक र निष्पक्ष निसाफ दिन सफल भए होला भनी राजा सोच्न थाले । फेरि निसाफ सकेर थुम्कोवाट झरेपछि बालक पूर्ववत् सामान्य अवस्थामा फर्किहाल्थे । त्यसैले राजाले थुम्को उत्खनन गर्ने आदेश दिए । थुम्को खन्न लागेको देखेर त्यो गोठालो केटो निरास भयो । तर उत्खनन निष्फल भएन, त्यहाँ बहुतै सुन्दर र मोहक सङ्गमरमरको चौतारो भेटियो । खुट्टाको सट्टा पखेटाधारी आइमाईका ३२ वटा मूर्ति पनि भेटिए । तिनै मूर्तिका टाउकामा चौतारो अडिएको थियो । राजाले चौतारो उठाएर राजधानीमा लगे । सिंहासनमा बस्नका लागि आत्मशुद्धि व्रत लिए । तीन दिनसम्म उपवास र शुद्ध आचरण गरे । पूर्ण श्रद्धा, भक्ति र सम्मानको साथमा उनी उक्त सिंहासनमा बस्न लग्दा एउटा मूर्तिवाट आवाज आयो, "राजा भोज ! यो सिंहासन राजा विक्रमादित्यको हो । यसमा बस्नेवालाको मन राजा विक्रमादित्यको मनस्थिति र आचरणझैँ शुद्ध र पवित्र हुनु जरुरी छ । गोठालोले यसमा बसेर विक्रमादित्यको आत्माको शक्ति पाउनुको कारण थियो, उसको निष्कपट बालक मन । सिंहासनमा बस्ने तपाईं मनसाय पवित्र छ तर त्यसका लागि अझै शुद्धिको आवश्यकता छ । अझै तीन दिन, उपवास, व्रत तथा शुद्ध आचरणमा रहेपछि मात्र यो सिंहासनमा बस्ने चाहना गर्नुहोस् ।" एवं प्रकारले एकतीसौँ मूर्तिसम्मका चरित्र रहे । बत्तीसै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूर्तिको टाउकोमा सिंहासन अडिएको थियो। राजा भोजलाई एकतीसौं मूर्तिले भनेअनुसारको अनुष्ठान पूरा गरेपछि अवश्य सिंहासनमा बस्न पाइन्छ भन्ने थियो। अन्तिम तयारीका साथमा सिंहासनमा राजा बस्न लाग्दा मूर्तिले पूरै सिंहासन लिएर उड्यो।

सूर्य र चन्द्रमा : अवधीभाषी समुदायको लोकविश्वासमा सूर्य र चन्द्रमा दाजु-वहिनी हुन्। एक लोककथाअनुसार उहिले आमाले भोज खान गएका सूर्य र चन्द्रमालाई आफ्ना लागि पनि मासुको एक-एक टुक्रा ल्याउन भनेकी थिइन्। भोजमा एक्लै बसेर खाएकी चन्द्रमाले आमाको लागि एक टुक्रा मासु ल्याउन भ्याइन् तर धेरै जनाको बिचमा बसेर भोज खाएको सूर्यले भने त्यो मौका पाएन। त्यसैले आमाले सूर्यलाई हरेक दिन घाममा बस्ने र चन्द्रमालाई सधैं रातको शीतलतामा घुमफिर गर्ने श्राप दिइन्।

❑

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किरात राई

अम्लाबुङ र मयबुङ : विछोडिएको दुई फूलहरूको प्रतीक । उहिले अम्लावुङ र मयवुङबिच सानोतिनो भगडा भएर कहिल्यै नभेट्ने कसम खाएर छुटे । मयबुङसँग भेट नहोस् भनेर अम्लावुङ आज पनि जमिनमा नउम्रेर ठुलठुला ढुङ्गा र रूखमा मात्रै उम्रिएर फूल्छ भने अम्लावुङसँग भेट नहोस् भनेर मयबुङ पानीमा मात्रै फुल्छ ।

आगोको उत्पत्ति : उहिले पृथ्वीमा आगोको उत्पत्ति भइसकेको थिएन । मानिसहरू जमिन र जलमा पाइने जनावरहरूको सिकार गरेर काँचै खान्थे । एक दिन सिकारीहरूले बँदेललाई हानेको धनुको काँड दल्छिन् ढुङ्गामा ठोक्किएर आगोको झिल्का उपत्ति हुन गयो । त्यो झिल्का झ्याउमाथि खसेर जङ्गलमा ठुलो डँढेलो लाग्यो । साना रूख र जीवजनावर आगलागीमा डढेर मरे । भोलिपल्ट सिकार खेल्न जाँदा जङ्गलमा आगलागीमा डढिमरेका जनावर मात्र भेटेपछि त्यसलाई काँडले अच्याएर खाँदा त्यो काँचो मासुभन्दा कता हो कता मिठो भयो । यसरी आगोको चेतना पाएर मानिसले सिकार गरेको जनावर र अरू कन्दमूलहरू पोलेर खान थालेको मुन्दुम छ ।

आमिसुङ्पा : मुन्दुमअनुसार आहरिस गर्ने, कुभलो चिताउने व्यक्तिको पुरुष प्रतीक । मुन्दुममा वैरी आइलाग्दा (आमिसङ्पा यावानेम) बचाउका लागि नछुङ (किरात चाम्लिङ राईहरूको पुरोहित/एक प्रकारको चरा)ले रूख, बिरुवा, घाम, जून, तारा, आकाश, पृथ्वी, हावा, पानी र पुर्खाहरूलाई पुकार्दछन् ।

उमो सामा : लोककथाअनुसार उहिले वाम्बुले राईभित्रको राभ्वाङ्चा पाछाको चेली उमो सामालाई दुधकोसीले बगाएपछि घरको भुइँतलामा थान राखी उसको अतृत्व आत्मालाई बुचो सुँगुरको भोग दिएर पुज्न थालियो । उसले पिरोलेमा जिउमा फोका आउने र सुन्निन्ने रोग लाग्ने विश्वास गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इसामा : मुन्दुमअनुसार अरूको आहरिस गर्ने, कुभलो चिताउने व्यक्तिको स्त्री प्रतीक । मुन्दुममा वैरी आइलाग्दा (आमिसङ्पा यावानेम्) बचाउका लागि नछुङले रूख, बिरुवा, घाम, जून, तारा, आकाश, पृथ्वी, हावा, पानी र पुर्खाहरूलाई पुकार्दछन् ।

कँकेरा र उधौली-उभौली : मुन्दुमअनुसार कँकेरा (कन्याङकुरुङ) चरा भएका तयामा-खियामा आकाशमा भ्यागुताले खनेको बादलको बारीमा बिउहरू छर्न बँसीबाट लेकतिर लागे । आकाश खुलेर अन्नहरू फलेपछि फेरि लेकबाट अंन्नहरू टिप्दै बँसी फर्किए । यसरी कँकेराको रूपमा तयामा-खियामाले सधैं वर्खा लागेपछि कराउँदै लेकतिर लाग्ने र हिउँद लागेपछि बँसीतिर झर्ने परम्परा बन्यो । आज पनि कँकेराहरू कराउँदै लेकतिर लाग्दा किरातीहरू उभौलीको पूजा गर्दै बाली लगाउने र बँसीतिर झर्दा उधौलीको पूजा गर्दै अन्नबाली उठाउने गर्दछन् । अन्नबाली राम्रो फलोस् भनी वैशाखे पूर्णेमा पुर्खा र प्रकृतिको पूजा गर्दै कँकेरा उडेको र विउ छरेको रोपेको शैलीमा उभौली साकेला नाच्दछन् भने मङ्सिरे पूर्णेमा अन्नबाली भित्र्याउन अनुमति माग्नलाई पुर्खा र प्रकृतिको पूजा गर्दै कँकेराले अन्न उठाएको शैलीमा उधौली साकेला नाच्दछन् ।

कँकेरा (कन्याङकुरुङ) र फुर्मा (काँक्रा) : उहिल्यै पृथ्वीमा खडेरीले ठुलो अनिकाल लाग्यो । खानेकुराहरू सबै सिद्धियो । भोकले रैक्षाकुप्पा बेहोस भएकोले तयामा र खियामा खानेकुराको खोजीमा निस्किए । दिनभरि खोज्दा पनि पापेमा (ऐँसेलु) को पूवा (डाँठ) बाहेक केही भेटेनन् । आफू नखाई भाइलाई लगिदिने सल्लाहमा उनीहरूले कोचेरेपा (दुना) मा पापेमाको पुवा र पानी बोकेर फर्के । भोकले गलाएर बाटामा केहीबेर झकाउँदा उनीहरूले रैक्षाकुप्पाको लागि बोकेको खानेकुरा गायब भयो । सबैतिर खोजे भेटेनन् । चराहरूलाई सोध्दा पो भोकाएकाले आफूहरूले खाइदिएको बताए । तयामा-खियामाले भोकले बेहोस भइरहेको भाइ रैक्षाकुप्पाको खानेकुरा खाइदिएको भन्दै चराहरूलाई पक्रिए । जुनसुकै सहयोग गर्न तयार भएको भन्दै चराहरूले आफूहरूलाई मुक्त गरिदिन अनुरोध गरे । छिटो पनि फल्ने तथा भोक र प्यास पनि दुवै मेट्ने फल खोजेर ल्याउन तयामा-खियामाले अराएपछि महिनौं दिनसम्म त्यस्तो फलको खोजीमा चराहरू उडे । अन्ततः त्यस्तो फलको बिउ ल्याएर तयामा-खियामालाई बुझाए । तर त्यो बिउ छर्दा सुक्खाले कैयौं महिना उम्रँदै उम्रेन । तयामा-खियामा खुब रिसाएपछि चराहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संसारभरिकै ओसिलो हावालाई पखेटाले धकेल्दै ल्याए। केही दिनमा विउ उम्रिएर भोक पनि मेट्ने र प्यास पनि मेट्ने फल फुर्मा (काँक्रा) फल्न थाल्दा तयामा-खियामा, रैक्षाकुप्पा र चराहरू सबै खुसी भए। सधैँ सुक्खा समयमा ओसिलो हावा ल्याइदिन र त्यतिखेर विउ छर्न सालिन्दा चराहरू उत्तरतिर उड्न थाले। आज पनि जव कँकेराहरूले वर्षा लाग्ने वेलामा कराउँदै आकाशमा माला जस्तो भएर दक्षिणबाट उत्तरतिर जान्छन्, त्यो समय फुर्मा रोपेमा चाँडै र राम्रो फल्ने विश्वास छ।

कुङ्कईमास्या : उहिले तयामा, खियामा र रैछाकुप्पा (चेलीमाइती) ले सानैमा आमाबाबु गुमाएपछि कुङ्कईमास्या (वनको तरुल) खाएर बाँच्नुपर्ने भयो। ढुङ्गालाई माटो र माटोलाई ढुङ्गा बनाउने विद्यामा पोख्त चाक्लुङ्धिम्मा नामक राक्षसनी उनीहरूलाई भोकले मरेको हेर्न चाहन्थी। माटैमाटोमा फल्ने कुङ्कईमास्यालाई उसैले ढुङ्गाको बिचमा फल्ने बनाइदिएको आख्यान छ।

कुबुङ खोला : मुन्दुमअनुसार उमेर नपुगी मरेकाहरूको आत्मा नराम्रो ठाउँ (इस्साखाली) मा जान्छ। नछुङले त्यस्तो आत्मालाई कुबुङ खोलाको पानी खुवाएर बाटो लगाउने मुन्दुम छ।

कुप्पामाको टाउको : रैक्षाकुप्पाको हराएका चेली तयामा-खियामालाई कुप्पामा (चाम्लिङ भाषामा उपियाँ) ले खोजिल्याएको मुन्दुम छ। उसले तयामा-खियामालाई भेटेर बोलाउँदा नसुनेपछि कोट्याइरहनुपर्‍यो। झर्को लागेर उनीहरूले थप्पड हानिदिँदा ऊ चेप्टो भयो।

केराको कथा : आदिपुर्खाहरू तयामा, खियामा र रैक्षाकुप्पा (चेलीमाइती) मध्ये भोकले बेहोस भएको रैक्षाकुप्पालाई दिदीहरू तयामा र खियामाले मरेको ठाने। उसलाई एक कोसा वनकेरा र एउटा ढुङ्गाको हतियार बाङ्ठेङ्लुङ केराको पातले छोपिराखी दिएर उनीहरू अन्यत्र लागे। रैक्षाकुप्पा होसबाट बिउँझिँदा दिदीहरूलाई नदेखेर रोइकराई गर्‍यो। छेउमा भएको एक कोसा वनकेरा र बाङ्ठेङ्लुङलाई देख्यो। एउटा मात्रै कोसा एकचोटि खाँदै सकिने केरालाई खानअघि बाङ्ठेङ्लुङ देखाएर उम्रिन्छस् भने उम्री नत्र काटेर खान्छु भनी थर्कायो। काटिने डरले उम्रियो केरा। फेरि धर पाएन। रैक्षाकुप्पाले चाँडो बढ्छस् भने बढ् नत्र काट्छु भनेर थर्कायो। डरले बढेर ठुलो भयो केरा तर फेरि पनि धर पाएन। पसाउँछस् भने पसा, नत्र काट्छु भनेर रैक्षाकुप्पाले थर्काएपछि पसाउनैपर्‍यो। फेरि पाक्छस् भने पाक, नत्र काट्छु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनेर थर्काएपछि केरा चाँडै पाक्यो । त्यही केरा खाएर रैक्षाकुप्पाले जीवन बिताउन थाल्यो । यसरी केरा र त्यसको हरियो पातले भाइ बाँचेको थाहा पाएपछि तयामा र खियामा एकदम खुसी भए । यसरी एकातिर केराको हरियो पातलाई जीवनको प्रतीक मानिन थालियो भने अर्कोतिर रैक्षाकुप्पाको डरले काटेको केरा एकैछिनमा बढ्ने विश्वासको पनि जन्म भयो । किराती समुदायमा नयाँ काम, शुभ कार्य र विवाहमा केराको हरियो पात अनिवार्य चाहिन्छ ।

खाप्पा च्याउ र नाम्दलीमा : असामाजिकता निम्तिने परिणतिको कथा हो यो । उहिले खाप्पा नाम गरेको सिकारी गाउँघरका दुःखसुख, आँसुखुसी, सरसहयोग र हारगुहारमा एकदम विश्वास गर्थ्यो । सिकारमा मारेको मृग, हरिण, मयुर, दुम्सी, कालिजको मासु छरछिमेकीसँग बाँडेर खान रुचाउँथ्यो । तर उसको बुढी भने ठिक उल्टी थिई । बुढाले छिमेकीका घरघर सिकारको बिलो पुऱ्याउन लगाउँदा बुढीचाहिँ ढोकाबाट गएजस्तो गरी जस्केलोबाट, जस्केलोबाट गएजस्तो गरी ढोकाबाट फर्कन्थी । एक दिन खाप्पा मऱ्यो । गाउँघर छिमेकी कोही पनि पनि उसलाई संस्कार्न आएनन् । बुढी एक्लै भई । रुँदै कराउँदै छिमेकीसँग हारगुहार मागिन् तर कोही आएनन् । पहिला बुढाले सिकाएको संस्कार नअपनाएकोमा पश्चात्ताप मान्नुबाहेक ऊसँग कुनै उपाय थिएन । बुढाको लासलाई खाप्पाको माछा मार्ने जालमा पोका पारेर बाँसघारीमा राखी । गाउँघरतिर सहयोगका लागि रुँदै अनुरोध गरी । तर पनि कसैले उसलाई सहयोग गरेनन् । रुँदारुँदै ऊ नााम्दलिमा भई । खाप्पाचाहिँ बाँसघारीमा च्याउ भएर उम्रियो । आज पनि बुढाको लास छिमेकीले संस्कार गरिदिए कि भनेर नाम्दलीमा बाँसघारी छेउछाउ आएको हो भनिन्छ । तर माछा मार्ने जालले छोपेजस्तो खाप्पा (च्याउ) देखेर झन् सारोसारो गरेर कराएको हो भन्ने मान्यता छ ।

खाबई (मर्चा) : खाबई (मर्चा) को आविष्कार सुम्निमाको सखी रोघाले गरेको मुन्दुम छ । उहिले कन्दमूल र फलफूल खोज्न जङ्गल गएकी रोघा वनतरुल खन्दाखन्दा धेरै थाकिन् । रूखको शीतलमा पल्टी रूखको टुप्पोतिर हेर्दा लटरम्म फलैफल देखिन् । फल खाने इच्छा जागिहाल्यो । झटारो हानेर एकदुई दाना झारेर खाँदा बडो गुलियो भयो । अरू दानाहरू पनि झारेर अघाउन्जेल खाइन् र घरतर्फ लागिन् । अर्को दिन पनि पनि यो क्रम दोहोरियो । यसपल्ट स्याउलामा केही फल पोको पारेर घर पनि ल्याइन् तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसलाई खानचाहिँ भुसुक्कै बिर्सिन् । केही दिनमा फलहरूको पोकाबाट मगमग बास्ना आउन थाल्यो । हर्षले चकित रोघाले एउटा फल खाइन्, मिठो न मिठो थियो । अर्को पनि झिकेर खाइन् । बडो रमरम र आनन्द आएपछि सुम्निमालाई पनि दिइन् । उनले पनि औधी मन पराइन् । चिउरीको स्वाद त त्यति मिठो हुने नपर्ने भन्दै केही मिसाएको हो कि भनेर सोध्दा रोघाले स्याउलामा पोक्याएको मात्र देखाइन् । स्याउला चितुको थियो । यसपछि उनीहरूले चितु र चिउरीको दाना बास्ना नआउन्जेल एकै ठाउँमा पोका पारी राख्न थाले । अरू फलफूल पनि चितुमा पोका पारेर खाँदा उत्तिकै मिठो हुन थाल्यो । यस्तो नयाँ उपाय पत्ता पाउँदा सुम्निमा 'रोघा रोघा' भन्दै खुसीमा नाच्न थाली । आज पनि जाँड लगाउँदा अन्नमा खाबई (मर्चा) हालेर मोलिसकेपछि 'रोघा रोघा' भन्ने चलन छ । जुन खाबई (मर्चा) को आविष्कारक रोघाको सम्झना गरिएको किरात राई समुदायमा आहान छ ।

खावँको लामो जिब्रो : उहिले सुम्निमासँग रिसाएर पारोहाङ हिमालतिरै फर्किए । पारोहाङ रिसाएकोले पृथ्वीमा पानी पर्न छाड्यो । सबैतिर हाहाकार भयो । पृथ्वीमा भएको सबै पानी सुकेर गयो । तिर्खाले एक दिन सुम्निमा मुर्छा परिन् । टुइस्युप्पा (धोबीचरा) ले खोलाको एउटा ठुलो रूखको टोड्कामा जमेर रहेको पानी ल्याएर छम्केर सुम्निमालाई बिउँझायो । सुम्निमाले पानी खानु इच्छा गरिन् । टुइस्युपाले सुम्निमालाई पानी भएको रूखको टोड्कामा लग्यो । पानी खान खोज्दा सुम्निमाले धमिलो पानी देखिन् । कसले पानी धमिल्यायो भनेर सोध्दा खावँ (लाहाँचे चरा)ले मैले हो भन्यो । सुम्निमाले रिसले खावँको जिब्रो जोडले तानिदिइन् । यसपछि नै खावँको जिब्रो धेरै लामो भएको हो भन्ने किरात राई समुदायमा आहान छ ।

खिम्बुलिनी माछा : उहिले माझकिरातको पौवा खेसाङ थुमको रेङ्मा खिम्बुले पाछाको परिवारमा अत्यन्तै सुन्दर चेली थिई । उसलाई देखेर तन्नेरी हुरुक्कै हुन्थे तर उसले घरजम गर्न इन्कार गरी । बुढीकन्यामै मृत्यु भएकी उसलाई माइतीहरूले अरुण नदीको किनारमा संस्कारे । एक दिन अरुण नदीमा खिम्बुले पाछाको एक जनाले जाल हान्दा ठुलो माछा पाऱ्यो । घर फर्किंदा आहाले भन्ने ठाउाको ठेवा (चौतारा) मा बिसाउादा माछाले बौरिएर भन्न थाल्यो –"आनि अन लोहोसे डेग डु लिस् र छ (ऊ ! नि ! हाम्रो लोहोसे त यस्तो पो भएछ !)" आफूले ल्याएको माछा यसरी बोलेको सुन्दा जालहारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खिम्बूले छक्क पऱ्यो । माछाले आफू खिम्बुलेहरूको बजु भएको बताएपछि उसले झुक्किएर जालमा पारेकोमा माफी माग्यो र त्यसलाई अरुणतिरै धकेलिदियो । आजभोलि पनि बजु भएकाले खिम्बुलेहरू उक्त माछा खाँदैनन् । हालको चरम्बी गाउा त्याङको पुछारमा कडा चट्टान सुरुङझैँ गोलाकार खोल्सा छ । खिम्बुलिनी माछा अरुण नदीमा खस्दा त्यो खोल्सा बनेको विश्वास गरिन्छ ।

खीपा : मुन्दुमअनुसार पारोहाङ र नाइम्माको पाँच सन्तानमध्ये हँछा (मान्छे) र खीपा (कुकुर) दुई सन्तान थिए । खीपा जवान भएपछि भागेर जङ्गल गयो । एक दिन हँछा सिकार खेल्न जाँदा खीपासँग भेट भयो । उनीहरूले एकअर्कालाई दाजुभाइ भनेर चिनेनन् । दुवैको बिच ठुलो लडाइँ भयो । खीपाको लामोलामो नीलो सिङहरू थियो । लडाइँ गर्दा त्यो सिङ वाण जस्तो भएर शत्रुलाई मार्न जान्थ्यो र फेरि पलाइहाल्थ्यो । खीपाका नीला डरमर्दा आँखाहरू थिए । लडाइँमा हँछा पनि पोख्त भएकाले दुई जनाको विचमा हारजित भएन र लडाइँ महिनौँसम्म चल्यो । नाइम्माले आफ्नो सन्तानविचको लडाइँ थाहा पाइन् र उनीहरू दाजुभाइ भएको बताइन् । लडाइँ हारजित नभई रोकिएकाले हँछाले खीपाको सिङ देख्ने शक्ति गुमायो भने खीपाले हँछाको शक्ति केमा छ भनेर थाहा पाउने शक्ति गुमायो । हँछा र खीपाले एकअर्काको शक्ति थाहा नपाउने भएकोले दुवै मिलेर सँगै वस्ने भए ।

खुवालुङ : मुन्दुमअनुसार खुवालुङलाई उत्पत्ति र शक्तिको स्रोतको रूपमा लिइन्छ । यो बोखामा (चाम्लिङ भाषामा पृथ्वी) मा सवैभन्दा पहिले भुसुरीहरू उत्पत्ति भएर कोसी पछ्याउँदै उत्तर लेकतिर जाँदा खुवालुङदेखि निस्किनुपर्थ्यो । पानीभित्रको भीरको ढुङ्गाको ढोका उक्त खुवालुङमा आइसकेपछि फर्किएमा सवैको त्यहीँ तत्काल मृत्यु हुन्थ्यो । मुन्दुममा भुसुरीहरू आइपुगेपछि बन्द भएको खुवालुङ सवैभन्दा मुन्दुम जान्ने नछुङ (किरात चाम्लिङ राईहरूको पुरोहित/एक प्रकारको चरा) ले मुन्दुम गाउँदै पूजा गरेपछि उघ्रिएको र भुसुरीहरू त्यहाँबाट कहिल्यै वंश ननासिने भएर उत्तर लेकतिर लागे र अरूतिर फैलिएको वर्णन छ । खुवालुङ अरुण, तमोर र दुधकोसीको सङ्गमस्थलको पानीभित्र छ र प्रत्येक किरात नछुङहरूले खुवालुङमा बाटो बिर्समा उक्त नछुङको मृत्यु हुन्छ भन्ने आहान छ ।

गङ्गटाको कुच्चिएको ढाड : रिकपासम्म धोबीचरा नपुगी फर्केकोले रिभ्याँमाले गङ्गटालाई लमी (कलिया) बनाइन् । धोबीचरालाई रिकपापट्टिको र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गङ्गटालाई आफूपट्टिको लमी वनाएर हिमालतिर पठाइन् । गङ्गटा खोला खोस्रँदै र धोवीचरा खोलाको ढुङ्गामा विसाउँदै खोलाको शिरसम्म पुगे । खोलाको शिरदेखि धोवीचरा उँभो जान सकेन । गङ्गटा खोस्रँदै हिमालसम्म पुग्यो र पग्लेको हिउँ वगेर गङ्गटाले खोस्रेको ठाउँभरि बग्दा खोला भयो । त्यही खोला पछ्याउँदै धोवीचरा हिमाल पुग्यो र रिकपालाई फकाई ल्याएर रिभ्याँमासँग भेट गराए । रिकपा र रिभ्याँमा एकअर्कालाई भेटेर औधी खुसी भएर र स्यावासी स्वरूप धोवीचरा र गङ्गटालाई प्रशस्त उपहारहरू दिए । उपहारले कतिको चित्त वुभ्र्केछ भनी हेर्दा त गङ्गटा चित्त दुखेजस्तो गरेर खटखट गरी हिंडिरहेको देखे र उनीहरूले एउटा खड्कुलाले शिर उभ्याइदिए । गङ्गटा खँडकुँडा पाएर खुसी हुँदै जाँदा उसले आफू पस्ने ढुङ्गाको चेप याद गरेन र खड्कुलो कुच्चियो । त्यसैले आज पनि गङ्गटाको खड्कुलो आकारको ढाड कुच्चिएको हुन्छ भने किरात राई समुदायमा कथन छ ।

गडुल (गरुड) : उहिले खेस र खारुकावाट वोवकिल्ली (गडुल/गरुड) को जन्म भयो । खेस र खारुकाको वोवकिल्ली हुँदै मृत्यु भयो । वोवकिल्ली एक्लै भएकोले उसले खाने कुरा केही भेटेन । वाम माछा जस्तो देखेर उसले सर्प मारी खायो । एक दिन उसले सर्प पनि नभेटेपछि भ्यागुतालाई मारेर खान खोज्यो । तर भ्यागुताले आफूलाई नखाने सर्तमा सर्प खोज्न टाढाटाढा जान गडुल(गरुड)लाई उड्ने कला सिकाइदिने उपाय सुझायो । गडुल (गरुड)लाई पनि सर्पको स्वादमा रस वसेकोले उसले भ्यागुताको सर्त मान्यो र भ्यागुतावाट उड्ने कला पाएर टाढाटाढा गएर सर्प खोजेर जीवन गुजारा गर्न थाल्यो । आज पनि गडुल (गरुड)ले भ्यागुता खाँदैन, सर्प खान्छ । मानिसवाट भ्यागुताले उड्ने कला पाएर गडुल (गरुड) भएका कारणले आज पनि मानिसहरू गडुल(गरुड)को मासु खाँदैनन् भन्ने विश्वास गरिन्छ ।

गन्ध आउने ढुङ्गा : सोलुखुम्वुको बुवुसादेखि कुवुकुइकको बाटोमा पर्ने ढुङ्गाको गन्ध आउने विश्वास गरिन्छ । एउटा किंवदन्तीअनुसार उहिले खम्वुवानमा खालिङ माप्य नाम गरेका किराती नयाँनयाँ ठाउँ घुम्न मन पराउँथ्यो । एक दिन हिमालतिर घुम्न गएको उसले एक जना सुन्दर युवतीसँग घरजम गरेर त्यतै बस्यो । एक दिन गर्भवती स्वास्नी लिएर त्यहाँबाट पनि ऊ हिंड्यो । स्वास्नी पछिपछि थिई । खानेकुरा र बासको चाँजोपाँजो मिलाउन उसले कस्तूरी मार्‍यो र स्वास्नी आउँदै गरेको बाटोतिर लाग्यो । तर अप्ठेरो भीरको बाटोमा लडेर स्वास्नीको मृत्यु भइसकेको थियो । शोकमा पागल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै भएको माप्य जसोतसो स्वास्नीको संस्कार गरेर घर फर्कियो । उसले मारेको कस्तूरीको विना भने ढुङ्गामै सुक्यो । तब त्यस ढुङ्गाको गन्ध आउन थालेको विश्वास छ ।

आठ घामको कथा : सृष्टिकालमा सबै जीवजनावरहरू एकअर्कासँग कुराकानी गर्दथे । त्यो समयमा इस्सानाम खेरानाम, ककवानाम, खेङमानाम, दाम्फेलामानाम, लँतानाम, रोवालुङ्नाम, रुङ्खपानाम र मस्यानाम गरी आठवटा घामहरू थिए । ती आठवटा घामहरू एकैचोटि उदाउने भएकाले पृथ्वी धेरै तातो थियो । तातोले पृथ्वीका खोला, नदी, ताल र पोखरी आदि सबै विस्तारै सुक्न थाले । पृथ्वीका रूखपात र जीवजनावरहरू आदि सबैको मृत्यु हुन थाल्यो । पृथ्वीमा हाहाकार मच्चियो । एक दिन सबै जीवजनावरहरूले वृहत् सभा गरे । एउटा घाम बाँकी राखेर अरू सातवटा घामलाई मार्ने योजना बन्यो । तर धेरै ठुला र शक्तिशाली घामहरूलाई मार्न सजिलो भने थिएन । हेन्लेरे हेन्सुवा नाम गरेको एउटा मुसा र खाम्लुङ अईहाङ नाम गरेको दुम्सीले उनीहरूले सातवटा घामलाई मार्ने आश्वासन दिए । ढुङ्ग्रेबाँसको आँख्ला खोलेर मुसाले त्यसको टुप्पोमा दुम्सीलाई पुऱ्यायो । पहिलो घाम इस्सानाम खेरानाम उदाएको बेला दुम्सीले आफ्नो काँडाले हान्यो । इस्सानाम खेरानाम घामको मुटुमा लाग्यो । उसको मृत्यु भयो र शुक्रग्रह भयो । दोस्रो घाम कक्वानामलाई दुम्सीले काँडाले हान्यो । कक्वानामको आँखामा लाग्यो । उसको पनि मृत्यु भयो र त्यो मङ्गलग्रह भयो । तेस्रो घाम खेङ्मानामलाई दुम्सीले काँडाले हान्यो । खेङ्मानामको शरीरमा लाग्यो । उसको पनि मृत्यु भयो र वृहस्पति ग्रह भयो । त्यस्तै चौथो दाम्फेलामानामलाई काँडाले हान्दा मरेर शनिग्रह भयो । त्यस्तै पाँचौं घाम लँतानाम काँडा लागेर मर्दा अरुण ग्रह भयो । छैटौं घाम रोवालुङ्नाम काँडा लागेर मर्दा यम भयो । सातौं घाम रुङ्खपानाम काँडा लागेर मर्दा वरुण ग्रह भयो । सातैवटा घाम मरेपछि आठौं घाम मस्यानाम टाढा गएर लुकेर बस्यो । चारैतिर अँध्यारो भयो । सबै जीवजनावरहरू मर्न थाले । उज्यालो दिनका लागि जुनकिरीले आफ्नो पुच्छरमा बत्ती बालेर चारैतिर उड्यो तर उज्यालो भएन र जुनकिरी लाजले खोल्सामा बस्न थाल्यो । फेरि सबै जीवजनावरहरूले वृहत् सभा गरे । अन्त्यमा लुकेर बसेको घामलाई फकाएर ल्याउने निर्णय भयो । घामलाई फकाएर ल्याउने कूकूईमा (किम्बु), ङसी (केरा), बेलिवा (बोहोरी) र बेछू (अदुवा) ले आश्वासन दिए । सुरुमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कूकूईमाले घामलाई फकायो तर घाम मानेन । त्यसपछि ङसी गएर फकायो, तर घामले मानेन । बेलिवा गएर फकायो, घामले मानेन । बेछू गएर घामलाई फकायो । घामले अबदेखि दुम्सी र मुसा आफ्नो छेउमा नपर्ने र दुम्सीले काँडाले नहान्ने भए मात्र बाहिर आउने बतायो । बेछूले वचन दियो । र घाम झुल्किएर सारा संसार उज्यालो भयो । मुसाले जमिनमुनि दुलो बनाएर बस्नुपर्ने भयो । दुम्सीले साँझ घाम डुबेपछि मात्रै ओडार र जङ्गलबाट निस्किनुपर्ने भयो ।

ङाक्खाम लुङ : चरा भएर तयामा-खियामा छुटेको वर्षौं भए पनि भेट्ने बाचा गरेको ठाउँमा खियामा नआएको र उसले रोपेको फूल पनि ओइलाउँदा तयामालाई पीर पऱ्यो । चरा भएकी खियामालाई होङ्ग्रायोले खाएको थाहा पाएपछि तयामाले तयाचुङ डाँडाको ङाक्खाम लुङ्मा तान फिँजाएर मुन्दुम गाउँदै उनको आत्मालाई फकाएर बिउँताएको मुन्दुम छ । यो खोटाङ जिल्लाको अर्खौले गा.वि.स मा पर्दछ । त्यहाँ तान बुन्ने सामानहरूको आकृति भएको ढुङ्गाहरू छन् जुन तयामाले तान बुनेको ढुङ्गा (वान्तावा भाषामा ङाक्खाम लुङ) हो भन्ने आहान छ ।

चाप्वा : मुन्दुमअनुसार पारुहों र नाइम्माका पाँच सन्तानहरूमध्ये जेठो छोरा चाप्चा (बाघ) थियो । अविश्वास र शत्रुतापूर्ण सम्बन्धका कारण कान्छा भाइ (मान्छे)ले माऱ्यो । जेठा छोरा चाप्चा मरेको थाहा पाएर नाइम्माले मुन्दुमद्वारा बिउँताएर कान्छा भाइ बस्ने ठाउँतिर नजान बताइन् । त्यसपछि चाप्चा जङ्गलमै बस्न थाल्यो ।

चाम्लिङ खोला : उहिले रिदुप्पा नाम गरेको चाम्लिङ किरातीको ढुङ्ग्रे बाँसको ठुलो भ्याङमा तामा लिन टाढाटाढाबाट मानिसहरू आउँथे । उसले तामा काटेर दिनेबित्तिकै त्यहीँ काटेको ठाउँबाट तामा फेरि उम्रिहाल्थ्यो । तर एक दिन टाढाबाट आएको अपरिचित मान्छेले तामा चोरेपछि भने काटेको ठाउँमा तामा पलाउन छाड्यो । तामा चोरलाई लखेट्दै गएको रिदुप्पा एकाएक खोला भयो । त्यही खोलालाई किरातहरूले चाम्लिङ खोला नाम दिए । तब चाम्लिङ राईहरू अहिले पनि चाम्लिङ खोला र साप्सु खोलाको नामले पुकार्दै अन्नबाली सप्रियोस् भन्दै आफ्नो पुर्खाको पूजा गर्दछन् । चाम्लिङ (साप्सु) खोंला खोटाङ जिल्लामा पर्छ र यो खोलानजिक चाम्लिङ राईको घना बस्ती छ, यो खोला दुधकोसीमा मिसिन्छ ।

चिनिमा : मुन्दुमअनुसार चिनिमाले मुबुमी (मुबी) र कुंबुमी (कुपी) चराहरूलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नछुङ वनाएकी थिइन् । त्यसपछि हर्कबुङ नछुङ भएका थिए । चिनिमा मपा (झाँक्री) थिइन् । चिनिमालाई नछुङहरू पुर्खा र आफ्नो ज्ञानको स्रोत मान्दछन् । मानवशास्त्रीहरूको पुरातात्त्विक खोजअनुसार ४० हजार वर्षअघि शामन (Shaman) को थालनी भएको हो ।

चिरखुवा खोला : भोजपुरको मैयुङ लेकबाट उम्रिएको चिरखुवा खोला तन्नेरी थियो । त्यस्तै साल्पा पोखरीबाट उम्रिएको इरखुवा खोला तरुनी थिइन् । एक दिन चिरखुवाले इरखुवासँग प्रेमप्रस्ताव राख्यो । इरखुवाले चिरखुवाको प्रस्तावलाई स्वीकार गर्दै अरुणमा भेट्ने र समुद्रमा बिहे गर्ने बताइन् । इरखुवाको कुराले खुसी हुँदै चिरखुवा किमालुङ हुँदै अरुण झऱ्यो । इरखुवा खाटाम्मा हुँदै अरुण झरिन् । अरुण पुग्नै लाग्दा अरुणले चिरखुवालाई बाटो दिन मानेन । हिउँदको समय भएकाले अरुणलाई जाडोले सताइरहेको थियो । अरुणले इरखुवालाई भेट्ने बाटो दिएमा चिरखुवाले अरुणलाई न्यानो लुगा दिने प्रस्ताव गऱ्यो । अरुणले चिरखुवाको प्रस्तावलाई स्वीकार गऱ्यो । चिरखुवाले अरुण नदी ढाक्ने गरी बाक्लो कुहिरो लगाइदियो । अरुणलाई न्यानो भयो । अरुणले चिरखुवालाई बाटो दियो । चिरखुवाले इरखुवालाई अलिक तल पर्खिरहेको भेट्यो । आजभोलि पनि हिउँदमा चिरखुवाको दोभान खोचबाट कुहिरो निस्किएर अरुणलाई बाक्लो गरी ढाक्छ । चिरखुवाबाट कुहिरो निस्किएर अरुण ढाकेपछि हिउँद लाग्छ भन्ने विश्वास छ ।

चुल्हा : किरात राईहरूमा तीन चुल्हाको पूजा गरिन्छ । मुन्दुमअनुसार पाखालुङ (मूल दैलापट्टिको चुल्हा) ले पुर्खाहरू, सिप्तीलुङ (माछाकुम्मापट्टिको चुल्हा) ले हाल जीवन चलाइरहेकाहरू र साम्वेलुङ (भण्डारपट्टिको चुल्हा) ले पछि आउने सन्तानहरूलाई जनाउँछ । यी तीन चुल्हाहरूको पूजा गर्नाले अस्तित्वमा आउने सङ्कटहरू निर्मूल गर्नलाई सहयोग मिल्छ भन्ने विश्वास गरिन्छ ।

छाबुला : भोकले बेहोस भएको रैक्षाकुप्पालाई मरेको ठानी तयामा-खियामाले ओडारमा लगे । उनीहरूले ढुङ्गाको गारो लगाएर केराको पातले छोपेर रैक्षाकुप्पालाई संस्कारे । बेहोस भएकोले बिउँझिएर फेरि रैक्षाकुप्पा बाँचेकोले सानोसानो दाँत नफेरीकन मृत्यु भएका केटाकेटीलाई ओडारमा लगेर संस्कार्ने चलन बस्यो भन्ने आहान छ । यस संस्कारलाई छाबुला भनिन्छ ।

छारा याबा : उहिले छारा याबा नाम गरेका एक आठपहरिया राईको महसुर तान्त्रिक थिए । छथर पोखरीमा नागवल्लुक नाम गरेको अत्यन्त डरलाग्दो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राक्षस वस्दथ्यो । नागवल्लुकको कति ठुलाठुला कान थिए भने ऊ कानै ओढेर सुत्थ्यो र कानै ओछ्याएर सुत्थ्यो । त्यसले छथर क्षेत्रका मानिसहरूलाई धेरै दु:ख दिइरहेको थियो । छथरबासीहरूले नागवल्लुकबाट मुक्ति पाउन छारा यावासँग गुहार मागे । एक दिन छारा यावा र नागवल्लुकको घोरघमासान युद्ध भयो । नागवल्लुकको बलको अघि छारा यावा निम्छरो भए पनि तान्त्रिक विद्याको सहयोगले छारा यावाले उसलाई काटेर टुक्राटुक्रा पारिदियो । नागवल्लुकको शरीरबाट निस्केको रगत जताततै बगेर छथर पोखरीको डाँडा नै रगताम्य भयो । आज पनि छथर पोखरीको रातो माटोले गर्दा रातै देखिन्छ र उक्त डाँडालाई देखेर आठपहरिया राईहरू छारा यावाको शक्तिको र नागवल्लुक राक्षसको मृत्युको स्मरण गर्दछन् ।

भ्यापुन्या (फिँज)को उत्पत्ति : मुन्दुमअनुसार निनाम्मा (आकाश) र इरामा (समुद्र) एकअर्कालाई औधी मन पराउँथे । एक दिन उनीहरूले एकअर्कालाई आफूतिर खिच्न खोजे । यो क्रम लामो समयसम्म रहिरह्यो । एकअर्कालाई लामो समय ताने पनि उनीहरूका बिच दूरी भने रहि नै रह्यो । तर इरामाको पानीमा ठुलो तरङ्ग पैदा भयो र इरामाको पानीमा घर्षण पैदा भयो । लामो समयसम्म पानीहरूको बिचमा घर्षण हुँदा भ्यापुन्या (फिँज) को उत्पत्ति भयो । मुन्दुमअनुसार पानीपछाडि सबैभन्दा पहिले संसारमा फिँजको उत्पत्ति भयो । बाक्लो फिँजमाथि नै बास्याप् (उनिउँ) को उत्पत्ति भएको कथा मुन्दुम आउँछ ।

ठाँटी चौतारा, किताप र सिराबुङ : उहिले एक जना किराती राईको पुर्खाको मृत्युपछि उसको एउटा सपना खोलाको किनारको फुल्ने फूलमा गइबस्यो । सपनाको प्रवेशपछि फूल नमिठो गरी गनाउन थाल्यो । वरिपरि हिँड्नेबस्ने मानिसलाई सासै फेर्नसमेत गाह्रो हुन थाल्यो । एक दिन एक जना नछ्छुङले कसैको सपना एउटा फूलमा बसेको तर ननिस्केको सपनामा पायो । नछ्छुङले सोध्दा आफू टाढा गए आफ्ना परिवार र सन्तानहरूको हेरचाह पुगे नपुगेको थाहा नहुने भएकाले आफूलाई मन पर्ने फूलमा बसेको सपनाले बतायो । तर यसरी फूलमा बस्दा परिवार र सन्तानलाई गाह्रो भइरहेको बताउँदै नछ्छुङले सपनालाई फूलबाट निस्केर अन्त जान भन्यो । बरु सन्तानले दु:ख पाए नपाएको हेर्न दिनको एक पटक आउन मिल्ने एउटा ठाँटी चौतारा बनाइदिने र उसका सन्तानलाई आफूले हेरिदिने बाचा पनि गऱ्यो । बाचा पूरा नगरेमा आफूलाई राम्रो नहोस् भनेर विश्वास पनि दिलायो । त्यसपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो किराती राई पुर्खाको ठाँटी चौतारा बनाई उसको सपनालाई फूलबाट निकालेर नछुङले बाटो लगाइदियो। आज पनि किरात राई समुदायमा मृतकको सम्मानमा ठाँटी चौतारा बनाइन्छ। ठाँटी चौतारामा आफ्ना परिवार र सन्तानलाई हेर्न मृतकको आत्मा साँझदेखि मिर्मिर बिहानसम्म आउने भएकाले त्यो समयमा बस्न नहुने कथन छ। ठाँटी चौतारा चिन्न सजिलो होस् भनेर एउटा आठ कुने आकारको चेप्टो ढुङ्गामा मृतकका पुर्खा, आमाबाबु र सन्तानका नाम र उसको थातथलो, जन्म र मृत्युमिति राखिएको हुन्छ, जसलाई किताप भनिन्छ। मानिसको उत्पति घाम र जूनले गर्दा पृथ्वीमा भएको विश्वासमा कितापको दायाँमा जून, बायाँमा घाम र किरात राई पुर्खाको एउटा सपना बसेको फूल विचमा राखिएको कथन छ। त्यो सपना बसेको फूललाई सिराबुङ भनिन्छ।

तयाचुङ : लोककथाअनुसार वेहोस भाइ रैक्षाकुप्पालाई दिदीहरू तयामा र खियामाले मरेको ठान्छन्। भाइ मरेको ठाउँमा उनीहरूलाई बस्न मन लाग्दैन। उनीहरू त्यो ठाउँ छाडेर तयाचुङमा जान्छन्। तयाचुङबाट फेरि त्यहीँ भेट्ने बाचाका साथ तयामा उँभो लेकतिर र खियामा तल बँसीतिर लाग्छन्। तयाचुङ खोटाङ जिल्लामा पर्छ। तयामाले तान बुनेको डाँडा (चुङ) भएकाले पछि त्यसलाई तयाचुङ भनिएको भन्ने कथन छ। अहिले पनि तयाचुङमा तयामाले वुनेको भनिएको तान बुन्ने आकारको ढुङ्गा देख्न सकिन्छ।

तयामा, खियामा र हेत्छाकुप्पा : किरात राई समुदायमा हेत्छाकुप्पालाई एक सङ्घर्षशील आदि पुर्खाको रूपमा लिइन्छ। उसका दिदी तयामा र खियामाले सर्वप्रथम तान बुनेको आख्यान छ। दिदीभाइबिच लामो समयसम्म वियोग भएको र फेरि पुनर्मिलन भएको रोचक वर्णन मुन्दुममा पाइन्छ। उहिले पातेसुङ र डाकहँमाका छोरोछोरी हेत्छाकुप्पाा र तयामा-खियामामध्ये खानेकुरा खोज्न जङ्गल गएको पातेसुङ् फर्केर नआएपछि उसलाई खोज्न गएको डाकहँमा पनि हराई। धेरै दिन बित्दा पनि उनीहरू फर्केर आएनन्। सानो हेत्छाकुप्पालाई तयामा र खियामाले जङ्गलबाट तरुल ल्याएर दिने गरेको चाल पाएर आहारिसेनी चाक्लुङ्धिम्मा राक्षसनीले वनतरुललाई ढुङ्गाको कापमा मात्रै फल्ने बनाइदिइन्। एक दिन तयामा- खियामाले गिठा, भ्याकुर पकाउँदा खुसीले हेत्छाकुप्पाा उफ्रँदा भाँडा पल्टेर तातो पानीले उसलाई पोल्यो। रुँदारुँदै भोकले बेहोस भएको उसलाई मरेको ठानी एक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोसा केरा, एउटा बाङ्ठेलुङ (कडा चट्टानको हतियार)लाई केराको पातले छोपिदिई राखेर घर छोडेका तयामा-खियामा तयाचुङमा आइपुग्दा चरामा रूपान्तरण भए। आमाबाबु खोज्न तयामा हिमालतिर र खियामा तराईतिर गई। वर्षौं बित्दा पनि आमाबाबु नभेटेर नियाँस्रो भएकी तयामा-खियामालाई खोज्दै फेरि तयाचुङ आइपुग्दा खियामाले छुट्ने बेला रोपेको लिम्चिङ्बुङ ओइलिसकेको थियो भने चरा भएकी खियामालाई होङ्ग्रायोले बल्ढ्याङ्ग्रा भनेर निलेको थाहा पाई। मुन्दुम गाउँदै तान बुन्दै तयामाले होङ्ग्रायोलाई बताई कि उसले बल्ढ्याङ्ग्रा भनेर खाएको आफ्नी बहिनी खियामा हुन्। यसरी मुन्दुम गाउँदै तान बुन्दै होङ्ग्रायोलाई फकाएपछि खियामाको आत्मा बिउँतियो। उता होसमा आएको हेत्छाकुप्पाले एक कोसा केरा र एउटा बाङ्ठेङ्लुङ मात्र देख्यो। उसले केराको दाना छरेर त्यसलाई बाङठेङ्लुङ देखाएर अनेक डर देखायो। डरले केरा चाँडै उम्रिएर पसायो, पाक्यो। ऊ त्यहीँ केराको बोटमा चढेर केरा खाँदै बस्न थाल्यो। एक दिन चाक्लुङ्धिम्माले जुक्ति लगाएर हेत्छाकुप्पालाई प्रक्रिएर लगी डोरीले बाँधिदिई। तर चाक्लुङ्धिम्मा कतै गएको मौका हेत्छाकुप्पा उसकी छोरीलाई खेल्ने सर्तमा डोरी फुकाई मागेर भाग्यो। चाक्लुङ्धिम्माले उसलाई पक्रिनलाई लखेट्न थालिन्। भेट्नै आँटेकी चाक्लुङ्धिम्मालाई हेत्छाकुप्पाले आफूसँग भएको खरानी फालिदिँदा त्यो त आकाशै ढाक्ने बादलकुहिरो भयो। कैयौं दिन चाक्लुङ्धीम्माले हेत्छाकुप्पालाई देख्नै सकिन। बादलकुहिरो फाटेपछि फेरि चाक्लुङ्धिम्माले लखेट्न थाल्यो। फेरि पनि भेट्नै लागेको बेला हेत्छाकुप्पाले डिम्बा (अन्डा) फालिदिँदा त्यो सुनकोसी भयो। अब सुनकोसीपारि हेत्छाकुप्पा र वारि चाक्लुङ्धिम्मा भए। चाक्लुङ्धिम्माले कसरी नदी तऱ्यौ भनेर सोध्दा हेत्छाकुप्पाले ब्याङपाटे कमिला चढेर तरेको भन्यो। ब्याङपाटे कमिलामा चढेर तर्न लाग्दा चाक्लुङ्धिम्मालाई सुनकोसीले बगायो। हेत्छाकुप्पा मामाघर पुग्दा मामाहरूले चाक्लुङ्धिम्मालाई जालमा पारिराखेका थिए। उसले चाक्लुङ्धिम्माको बारेमा सबै कुरा मामाहरूलाई बतायो। भोलिपल्ट मामाहरूले चाक्लुङ्धिम्मालाई एउटा पोका दिएर ठुलो जङ्गलमा मात्रै गएर खोल्न र हेत्छाकुप्पालाई अर्को पोका दिएर जहाँ घर बनाएर बस्ने हो त्यहाँ गएर मात्रै खोल्न भनिपठाए। जङ्गल पुगेर पोका खोल्दा डरलाग्दा बाघ, भालु र सिंहहरू निस्केर चाक्लुङ्धिम्मालाई खाए। घर बनाएर बस्ने सोचले हेत्छाकुप्पाले एक ठाउँमा पुगेर पोका खोल्दा सुँगुरका पाठा र कुखुराका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चल्लाहरू निस्किए । एक दिन हेत्छाकुप्पाले जतिचोटि जाल हान्दा पनि एउटा डिम्वा आकारको ढुङ्गा मात्रै जालमा पऱ्यो तर माछा परेन । उसले त्यो ढुङ्गा घर ल्यायो । तवदेखि ऊ बाहिर गएर आउँदा घरमा कसैले पानी भरिराख्ने हुन थाल्यो । उसले चियो गऱ्यो । डिम्वा आकारको ढुङ्गालाई त एउटा सुन्दर युवतीमा परिणत भएर पानी भर्दै गरेको देख्यो र च्याप्पै पक्रियो । युवतीले आफू नागराजाको राजकुमारी नायुमा भएको र मन पराएर हेत्छाकुप्पालाई भेट्न जालमा ढुङ्गा भएर परेको वताइन् । हेत्छाकुप्पा औधी खुसी भयो र उनीहरू घरजम गरेर बस्न थाले । दिदीहरू तयामा र खियामालाई खोज्न हेत्छाकुप्पाले उपियाँ, सुँगुर र चरालाई पठायो तर कुनै पनि फर्केर आएनन् र उसले अन्तिममा भालेलाई पठायो । भालेले वासेर हेत्छाकुप्पाको नाम काढ्यो । धेरै अघि मरेको भाइको नाम काढेकोले तयामा-खियामा अचम्भित भए । वासेको वासेकै गरेकाले उनीहरूले भालेलाई लखेटे । भाले अघिअघि उनीहरू पछिपछि कुद्दै जाँदा उनीहरू हेत्छाकुप्पाको घर आइपुगे । भाइलाई जिउँदो देखेर उनीहरू खुसी भए । हेत्छाकुप्पा र नायुमा पनि तयामा-खियामालाई भेटेर खुसी भए । हेत्छाकुप्पालाई राईहरू रैक्षाकुप्पा, खक्चुलुप्पा, खचुलुप्पा, खाक्चलव, खक्चिलप, खाक्चिलुपा, खाकचेलुवा, सम्चु, हेछाकुवा र काक्चिरिक्पा आदि थुप्रै अलग नामले सम्वोधन गर्दछन् ।

ताम्रोलाम-धिरोलाम : किरात राई समुदायमा असहज मरण भएकालाई बाटो लगाउँदा ताम्रोलाम (बाटो) प्रयोग गरिन्छ । असहज मरण भएकाको आत्माले घरपरिवारलाई नपिरोस् भनेर नछुङले यो वाटोको प्रयोग गर्छन् । यस्तो आत्मालाई अन्तिम टुङ्गोमा पुऱ्याउन भने धिरोलामको प्रयोग गर्छ । यो बाटो नछुङले मात्र देख्ने विश्वास गरिन्छ ।

तीनवटा दाउरा : किरात समुदायमा तीनवटा दाउराले खाना पकाउन नहुने विश्वास छ । मुन्दुमअनुसार उहिले तयामा र खियामा दिदीले तीनवटा दाउरा वालेर उसिनेको वनतरुल रैक्षाकुप्पाले एउटा अगुल्टो टेकिपठाउँदा भाँडा घोप्टिएर पोखिन पुग्यो । ज्यादै भोकाएको रैक्षाकुप्पा खान नपाएर रुन थाल्यो । रुँदारुँदै वेहोस भएको उसलाई मरेको ठानी केराको पातले छोपेर तयामा र खियामा त्यहाँबाट धेरै टाढा गए । यस्तो घटना भएपछि तयामा र खियामाले तीनवटा दाउराले खान पकाउन छाडे । आज पनि किरात राई समुदायमा कि त दुईवटा, कि त चार, पाँचवटा दाउराले खाना पकाउने प्रचलन छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तोरेम्पा : किरात राई समुदायमा हरेक वर्ष उधौली र उभौलीमा तोरेम्पालाई फकाउन भालेको भोग दिएर पूजा गरिन्छ। तोरेम्पा एक प्रकारको अमङ्गलकारी (देव) प्रेतात्मा हो। यसको उत्पत्तिकथा तोरेम्पा नामक एक खन्चुवा पुर्खासँग गाँसिएको छ। उहिलेउहिले किरात राज्यमा तोरेम्पा नाम गरेको व्यक्ति थियो। आर्थिक रूपले सम्पन्न उसलाई अरूले जति नै खान दिए पनि आफैं झिकेर नखाई चित्त बुझ्दैनथ्यो। एक दिन छोरीको घर गएको उसलाई सम्धी-सम्धिनीले सिन्का ठडिने र झिँगा हिँड्न सक्ने जाँड घाँटीसम्म आउने गरी खुवाए। एकदमै मिठो जाँड उसलाई जति खाए पनि चित्त बुझेन। सम्धिनी सुँगुरलाई चारो दिन सुँगुर खोरतिर लागिन् भने सम्धी पिसाव फेर्न नजिकैको खोल्सातिर लागे। तोरेम्पाको ठुलो सापाडुको डवकाभरि अझै जाँड थियो। उसले त्यही मौका ज्याङ्कुनाका घ्याम्पामै हात हालेर जाँड खान थाल्यो। अझै धीत नमरेर उसले घ्याम्पाका टाउकै छिराएर खान थाल्यो। सास फेर्न गाह्रो र सम्धी-सम्धिनी आइपुग्न लागेकाले घ्याम्पावाट टाउको निकाल्न खोज्दा उसको टाउको निक्लिँदै निक्लिएन। अचम्म मान्दै सम्धी-सम्धिनीले पनि घ्याम्पावाट उसको टाउको निकाल्न खोजे तर लाजसरमले वाहिर टाउको निकाल्नको सट्टा घ्याम्पाभित्रै बल गर्दा जाँडमा मुन्टो डुव्दाडुव्दा उसको मृत्यु भयो। यसरी अकालमै मरेको तोरेम्पा सिंहेवायु भयो। सम्धी-सम्धिनीको घरमा आई पाहुनाको खानामा उसको आत्माले चोखे लाउन थाल्यो। ढिलो गरी खानेको पेट दुखाउन, मुटु दुखाउन, व्यथा लाउन थाल्यो। नाक्छोङ(राईजातिको पुरोहित)ले जोखनामा तोरेम्पा लागेको पहिचान गरेपछि सम्धीको घरमा आउने पाहुनाहरूले खानेकुरा चाँडै खानुपर्ने भयो। आजसम्म किरात राई समुदायमा घरको मान्छेले नदिई पाहुनाले आफूखुसी फलफूल टिपी खाने र खानेकुरा चाँडो नखाएमा तोरेम्पा लाग्ने विश्वास छ।

थिबिया चरा : पुत्रवियोगमा आमा चरा भएको मिथक हो यो। किराती लोककथाअनुसार थिवे नामको छोरालाई सोझी आमाले गाउँलेहरूको षड्यन्त्रमा परी खोलामा बगाइपठाइन्। सन्तानहरूलाई खोलामा बगाइपठाए कहिले रोगव्याधिले दुःख नदिने र दीर्घजीवी हुने भन्दै गाउँलेहरूले कुचोलाई पोका पारेर बगाए। तर सोझी आमाले चाहिँ साँच्चीकै थिबे छोरालाई वगाइपठायो। पछि गाउँलेहरूको षड्यन्त्र चाल पाएर 'थिबेउ थिबेउ' भन्दै विलौना गर्दै खोलैखोला छोरा थिबेलाई खोज्ने आमालाई पनि बाढीले बगाएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लग्यो। तिनै आमाको आत्मा थिबिया चराको रूपमा जन्मियो। यो चरा बर्खामासमा उर्लिंदा दहको छेउ ढुङ्गामा बसेर 'थिबिउ थिबिउ' भनेर कराउँछ। त्योचाहिँ छोरालाई धमिलो पानीमा नदेखेर बोलाएको हो भन्ने कथन छ।

ददकीमा : उहिले ददकीमा (जुनकिरी)हरू (नीमालुङ) बाबियोका जराहरू थिए। एक दिन मुसा र दुम्सीले आठवटा घाममा सातवटा घाम झारे। एउटा घाम डरले लुक्यो र सारा संसारमा अन्धकार छायो। वर्षौं घाम नलागेकाले जीवजनावरहरू मर्न थाले। सबै जीवजनावरहरू भेला भएर संसारभरि पखेटा लगाइदिएर नीमालुङका जराहरूलाई उडाएर संसार उज्यालो बनाउने सल्लाह भयो। नीमालुङका जराहरू ददकीमा भएर जतातते उड्न थाले तर संसार उज्यालो भएन। जब घाम लागेर संसार उज्यालो भयो तब ददकीमा लाजले रातिराति खोचहरूमा मात्रै पुच्छर बालेर उड्न थाल्यो। आज पनि ददकीमाको पुच्छर जस्तै नीमालुङको जरा बल्दछ।

दिबुछा : खोटाङ चुइचुम्माका चाम्लिङ राईभित्रको दिबुछा पाछाको उत्पत्ति कथा हो यो। उहिले चुइचुम्मा मात्तिममा चार भाइ छोराहरू थिए। जेठा रुँईधुप्पा एकदम बलवान् थियो। एक घना ढुङ्ग्रेबाँसको आधी फब्ल्याँटाको धनु र सिङ्गै एक घना मलिबाँसको काँड बनाउँथ्यो। उसले धनु चलाउँदा पूरै पृथ्वीमा कम्पन छुट्थ्यो। रुँईधुप्पाको मात्रै घरजम भएको थियो। भाइहरू विशेष गरी माइला र साइँला भाउजूको सुन्दरतादेखि मोहित थिए। तर उनीहरू जेठा दाइको बलदेखि भने औधी डराउँथे। एक दिन माइला इस्साप्पा र साइँला इवाप्पाले एकआपसमा सल्लाह गरी जेठा दाइलाई मह काढ्न जाने प्रस्ताव राखे। कान्छा भाइ दिबुप्पा सानै भएकोले घरैमा भाउजूसँगै बस्यो। तीन भाइ मह काढ्न गए। एउटा ठुलो भीरको ओढारमुनि मह काड्नु थियो। भीरको तल, माथि, दायाँ, बायाँ कतैबाट मौरीको घारसम्म पुग्न कठिन थियो। त्यसैले भीरमा जानलाई तऱ्याङ -एक प्रकारको निगालो जस्तै बाँस) को भऱ्याङ बनाएपछि भाइहरूले बलवान् रुँईधुप्पालाई मह काढेर ल्याउन आग्रह गरे। एक जना भाइ भऱ्याङ समात्नमा खटियो। अर्को भाइले लहरामा बोहोता कसेर तल भीरमा पठाउने भयो। रुँईधुप्पाले मह काड्दै लहराको बोहोतामा पठाउने भयो। मौरीको घार ठुलो थियो। भरिलाभरिला चाकाहरू थिए। रुँईधुप्पाले बोहोतामा मह भर्दै पठाउन थाल्यो। त्यतिकैमा एउटा कोकले चराले "आफूलाई पनि मह राख, आफूलाई पनि मह राख" भन्यो। आफूले पठाएको मह सबैको हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर कोकलेले किन यसो भन्दै छ भनेर ऊ सोचमग्न भयो। जे होस् अबचाहिँ आधा मात्र माथि पठाउँछु, आधाचाहिँ निस्किँदा लान्छु भनेर उसले आधा राख्न थाल्यो। माथिबाट भाइहरूले मह काढिसके-नसकेको सोध्दा उसले सकियो भनेर ढाँट्यो। जब उसले भऱ्याङ तान्यो तब भऱ्याङ माथिबाट काटिसकेको थियो। उसले भाइहरूको कर्तुत थाहा पायो र कोकलेको कुरालाई विश्वास गऱ्यो तर समय घर्केर गइसकेको थियो। घरमा देवरहरू मात्र फर्केर आएपछि भाउजूले दाइबारे सोधी। उनीहरूले दाइ बाटोमा आउँदै गरेको भनेर ढाँटे। भाइहरूले दाइलाई मारेको भाउजूले शङ्का गरी। भाइहरूको षड्यन्त्रमा परेको रुँईधुप्पा अलिअलि मह खाँदै भीरको ओढारमा बस्न थाल्यो। भोको पेटमा मह खाँदा कहिलेकाहीँ मातेर वेहोस हुन्थ्यो तर मह खानुवाहेक अरू उपाय ऊसँग थिएन। रहँदाबस्दा पत्नीको चिन्ता र भोकले ऊ रोगाउन थाल्यो। मह पनि सक्किसकेको थियो। एक दिन भोकले बेहोस भएर बिउँझिँदा उसले ओढारमाथिबाट एउटा सेतो ढेडुको पुच्छर टाउकोमाथि हल्लिरहेको देख्यो। त्यसलाई एकनासले निकैबेर हेरिरह्यो। जे पर्छ पर्छ, सके भीरमाथि चढ्ने बाँच्ने, नसके भीरबाट लडेर मर्ने अठोट गरी उसले ढेडुको पुच्छर जोडले समात्यो। ढेडु आत्तिएर जोडले उफ्रिँदा भीरमाथि अडिने ठाउँमा पछारिएर उसको उद्दार हुन पुग्यो। भाइहरूले मार्ने डरले ऊ घर नगएर पत्नी पानी भर्न आउने पँधेरामा पर्खेर बस्यो। पत्नी पँधेरामा आई पानी भर्न थाल्दा उसले पानीको मूल धमिल्याइदियो। पत्नीले धमिलो पानी घोप्टाएर फेरि भरी तर फेरि पनि धमिलै भयो। यो क्रम थुप्रैचोटि दोहोरिएपछि पानीको मूलमा गई पत्नी। पति, रोगी न रोगी रुँईधुप्पालाई देखेर ऊ कहालिई। तर पतिले भाइहरूको कर्तुत सुनाएपछि उसले मध्यरातमा मात्रै घर आउन पतिलाई सम्झाई। उसले मध्यरात घर पुगेको रुँईधुप्पालाई बुइँगलमा लुकाएर स्याहारसुसार गर्न थाली। तन्दरुस्त हुँदै गयो ऊ। राति सबै सुतेपछि पहिले जतिकै बलवान् भएनभएको बुझ्न ऊसले आफ्नो धनु पनि चलाउन थाल्यो। धनुको आवाज सुनेर इस्साप्पा र इवाप्पाले रुँईधुप्पाको हंस जागेको ठाने। पहिलेको जतिकै तन्दरुस्त भएपछि रुँईधुप्पा र पत्नीले एउटा योजना बनाए। पत्नीले देवरहरूलाई घर छाउनुपऱ्यो भनी एक जनालाई बाँसको चोया काट्न लगाई भने अर्को भाइलाई छाउने सामानको बन्दोबस्त गर्न लगाई र कान्छा देवरलाई चाहिँ फेदमा प्वाल परेको वाबुमा पानी भर्न कुवा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पठाई । त्यसपछि रक्सीमा लट्ठिने औषधी लगाई । रक्सी पिएर घर छाउँदा इस्साप्पा र इवाप्पा छानाबाट लडेर अधोकल्चो भए । त्यही मौकामा रुँईधुप्पाले धनुकाण हानेर उनीहरूलाई मार्‍यो । कान्छा भाइ दिवुप्पालाई चाहिँ केही खानेकुरा राखिदिएर पतिपत्नी गाउँ छाडेर हिँडे । उता पानी भर्न गएको दिवुप्पाचाहिँ प्वाल परेको वावुमा जति पानी भरेर ल्याउँदा पनि आधी वाटोमै चुहिएर हैरान थियो । यसवारे दाजुभाउजूलाई भन्न घर आइपुग्दा दुई दाजुलाई लडेर मरेको भेट्यो । रुँईधुप्पा र भाउजूलाई खोज्न निस्कियो ऊ । तर काटेको केराको बोट पलाइसकेको उसले निक्कै समय वितिसकेको सोचेर चुईचुम्मा गाउँमै घरजम गरेर वस्यो । उसका सन्तान कालान्तरमा गएर दिवुछा राई भएर चिनिए । रुँईधुप्पा चाहिँ अहिलेको सोलुखुम्वुमा गएर वस्यो । रुँईधुप्पालाई ढेडुले वचाएकाले उनका सन्तानहरू पछि ढेवुछा भनेर चिनिएको हो भनिन्छ ।

देन्दु राई : माङ्पाङ राईजातिका पुर्खा देन्दु राई शक्तिशाली नछुङ थिए । उहिले खावामा खोइवा नामको एउटा ठुलो तालमा वस्ने वहुरूपी नागसँग उसले लडाइँ गरेको किंवदन्ती छ । किंवदन्तीअनुसार त्यो नाग कहिले वँदेल हुन्थ्यो त कहिले भैँसी भएर दिल्पा हुँदै वासिमलेङ खोला र वादुङ्ला (केरावारी) पारिसम्मै वालीनाली नष्ट गर्दथ्यो । एक दिन दिल्पाको चाङ्चा राईले देन्दु राईलाई त्यो दुष्ट जनावरवाट मुक्ति दिएमा मन पर्ने जमिन दिने प्रस्ताव राख्यो । देन्दु राई सहयोग गर्नलाई तयार भयो । अर्को दिन एक जना तकाया (नछुङको प्रमुख साथी) र एउटा भाले लिएर ऊ दिल्पा हिँड्यो । चोङ्कोला भन्ने पहाडमा पुग्दा भाले वास्यो । यो सुनेर नागले खोइवा तालवाट निस्केर भालेलाई झम्टि त हाल्यो । देन्दु राईको पालो कोदालोले झटपट हिर्काउँदा त्यो डरले भाग्यो । त्यसलाई पछ्याउँदै खोइवा तालनजिकै पुग्दा आखिरी लडाइँ हुने भयो । देन्दु राईले नागसँग लडाइँवारे तकायालाई केही विधिहरू भन्यो । नागसँगको लडाइँमा आफू तलतिर पल्टिए नछोई उसको वुधिलोसेमा गएर भन्नुपर्ने तर उँभोतिर पल्टिए माटाको भाँडाको साथै अलिकति चामल, अदुवा र कोदालो छातीमा राख्नुपर्ने वतायो ।नागसँगको आखिरी लडाइँ सुरु भयो । नागमाथि पानीमा वाण चलाएको देन्दु राई माथितिर अनुहार पारेर पानीमा पल्टियो । तकायाले माटाको भाँडा, काठको कचौरा र कोदालो छातीमा राखेर अदुवा दलिदिएपछि ऊ विउँझियो । फेरि नागलाई वाण चलायो । प्रत्येकचोटि चलाएको वाण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निसानामा लागी तरकस (वाण राख्ने ठाउँ) मै फर्किएर आउँथ्यो। तर अन्तिम वाणचाहिँ फर्किएर आएन। देन्दु राईले तकायालाई अन्तिम वाण फर्काएर ल्याउन सक्ने नसक्ने सोध्यो। वाण फर्काउन जाँदा जीवन आहुति दिनुपर्ने तकायालाई थाहा थियो। तर नछुङको आज्ञा पालना नगरी पनि धर थिएन। उसले आफ्नो जीवन र एउटा वाणमा कुनचाहिँ महत्त्वपूर्ण हो भनेर नछुङलाई सोध्यो। वाणविना केही गर्न नसक्ने नछुङले वतायो। नछुङको आज्ञापालन गर्न तकाया तालभित्र पस्यो। नागको जिउवाट झिकेर वाण नछुङलाई दिनेवित्तिकै उसको मृत्यु भयो। उता तालभित्रको नाग पनि मऱ्यो। त्यसको रगतले ताल पूरै रातो भयो। देन्दु राईले चिहान खनेर तकाया र नागलाई संस्कार गऱ्यो। तकायाको चिहानको ठुलो आकृति आज पनि खोइबा तालको पूर्वपट्टि देख्न सकिन्छ।

धानको उत्पत्ति र प्रचलन : मुन्दुममा वुढेसकालमा सुम्निमालाई खानेकुरा खोज्न जङ्गल जान समस्या भएपछि आकाशवाट पारोहाङले धानको विउ साखावाङ (समुद्र)को किनारमा खसालिदिएको वर्णन छ। मुन्दुमअनुसार साखावाङ (समुद्र)को किनारमा उपयुक्त हावापानी र मलिलो माटो पाएपछि धानको विउ उम्री हलक्क वढेर फल्छ। फलफूल खोज्दै जाने क्रममा सुम्निमा एक दिन वालायाम्दाडा साप्पाहोडाडा (भोट देशको समुद्र किनार)मा पर्ने किनारमा पुग्छिन्। लहलह फलेको धान देख्दा के होला भन्ने उत्सुकताले भरिन्छिन्। एउटा वाला चुंडाएर मुखमा लाउँदा औधी मिठो लागेपछि धानको वालै वोकेर त्यहाँवाट हिँड्छिन्। यस क्रममा वालावाट धानको गेडा ठाउँठाउँमा खस्दै जान्छ। त्यसलाई चराचुरुङ्गी र जनावरहरूले खान्छन्। केही दाना खोला, नदी र समुद्रले वगाएर एक ठाउँदेखि अर्को ठाउँमा सर्दै धानले यात्रा गर्न थाल्छ। पातेसुङका छोरा हेत्छाकुप्पाले एक दिन सिकार गर्दा साप्ताकुइँया (कुर्ले ढुकुर) मारेर घरमा ल्याउँछ। दिदी तयामा, खियामा भएर त्यसलाई काटकुट गर्छन्। तर त्यसको गाँडमा सुन जस्तो चमकदार धानका दाना देख्दा उनीहरू अचम्भित हुन्छन्। त्यसलाई खान हुने कि नहुने भन्ने दोधारमा पर्छन्। फेरि त्यो चीज खाँदा साप्ताकुइँया किन मरेन त भनी खान हुने निचोड पुग्छन्। उनीहरूले साप्ताकुइँयाको गाँड जुठेल्नोमा फाल्छन्। पछि त्यहाँ धान उम्रिएर फल्न थाल्छ। साप्ताकुइँयाले खाएकाले उनीहरूले पनि धानलाई उप्काएर खान थाल्छन्। तव मानवजातिमा धानखेती प्रचलन सुरु हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धीरालुङ, नन्छौँ र हाङ्साङ्युङ : अहिलेको खोटाङ जिल्लाको सुङ्देलमा कुरिमे नाम गरेका कोयू खम्बू थिए । उनका जेठा छोराको नाम धीरालुङ, माइला छोराको नाम मुन्चुप्पा र कान्छा छोराको नाम हादिकु थियो । धीरालुङ अत्यन्तै शूरवीर थिए । सिकार खेल्दै जाँदा अहिलेको भोजपुरको छिनामखुमा आइपुगेको उसले सिप्तुङ्खाको छोरी नन्छौँलाई मन पराएर बिहे गऱ्यो । एक दिन उनीहरूबिच नराम्रोसँग खटपट भयो । नन्छौँ माइत गइन् । माइत आएको केही दिनमा उसले छोरा जन्माइन् । धीरालुङ नन्छौँ र छोरा लिन ससुराली त गयो तर छोरीको इच्छामुताबिक छोरी र नाति ससुरालीले नपठाएपछि ऊ रित्तै घर फर्कियो । सिप्तुङ्खाले आफ्नो नातिको नाम हाङ्साङ्युङ राखिदियो । मावली गाउँमा प्रशस्त अंश पनि दियो । तिनै हाङ्साङ्युङका सन्तानले छिनामखु ढाके । हाङ्साङ्युङ कोयू राईहरूको पुर्खा हुन् र कोयू राईहरू त्यहीँबाट पूर्वी भागतिर विस्तार भए भनिन्छ ।

धोबीचराको निधारको सेतो टीका : मुन्दुममा तन्नेरी खोज्न हैरान आदिपुर्खा रिभ्याँमालाई हिमालतिर रिकपा नामको तन्नेरी भएको सुसमाचार धोबीचराले दिएको वर्णन छ । यस चराको निधारको सेतो टीका रिभ्याँमाले लमीको रूपमा पठाउँदा लगाइदिएको हो भन्ने किरात राई विश्वास गर्दछन् ।

नाक्छोङ र सोक्पा : बुद्धिविवेक प्रयोग गरेर मानिसले पशुहरूमाथि नियन्त्रण हासिल गरेको कथा हो यो । उहिले कुनाखर्कतिर गोठ गरी बस्ने वाङ्जेको ठेकीको दही, हर्पेको घिउ र दुनेरीको दुध रित्तिन थालेपछि उसले नाक्छोङसँग सहयोग माग्यो । गोठमा चियो गर्दा नाक्छोङले लामोलामो भुत्ला भएको, ठुलाठुला आँखा भएको र उल्टो पैताला भएको सोक्पाले दही, घिउ र दुध ख़ाने गरेको पत्ता लगायो । यो कुरा थाहा पाएर वाङ्जे डरले थरथर काम्यो । तर नाक्छोङले उसलाई सोक्पा तह लाउने आफूसँग उपाय भएकोले नडराउन ढाडस दियो । नाक्छोङले वाङ्जेलाई सल्लाको खोटो जम्मा गर्न लगायो । उनीहरूले दुध, दही र घिउ अन्यत्रै लुकाए । एक दिन नाक्छोङ मुन्दुम गाउँदै थियो, सोक्पा आएर तर्स्यो । तर उसले मुन्दुमको शक्तिले त्यसलाई आफ्नो कावुमा पाऱ्यो । मुन्दुमी शक्तिमा लट्ठिएको सोक्पा नाक्छोङले जे गऱ्यो, त्यही गर्न थाल्थ्यो । नाक्छोङले घिउ दलेजस्तो गरेर शरीरमा पानी दल्यो । सोक्पाले पनि नजिकै रहेको सल्लाको खोटो दल्न थाल्यो । नाक्छोङले अगेनाको कोइला जिउमा खन्याएजस्तो गरी रातो पाकेको गोलकाँक्री आफ्नो शरीरमा खन्यायो । सोक्पाले पनि खोटो दलेको जिउमा अगेनाको कोइला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खन्याउँदा आगो लाग्यो । त्यहाँबाट भाग्दै जाँदा ठुलो भीरबाट लडेर त्यसको मृत्यु भयो । त्यसपछि बाङ्जे सुखसँग जीवन बिताउन थाल्यो ।

नाकिमा (इन्द्रेणी) : उहिले पृथ्वीमा ठुलो हलचल पैदा भयो । सबै जीवजन्तु र प्राणी को कता को कता भए । कतिको अस्तित्व नै लोप भयो । पानीको मुहानमा बस्ने सुङ्रीमी (नाग) हरू पनि छिन्नभिन्न भए । उनीहरूमा ठुलो कष्ट र दुःख पैदा भयो । आफ्ना साथीहरूको दुःख र कष्ट देखेर पानीले कसरी दुःख हटाउन सकिन्छ भनेर घामसँग सल्लाह गर्‍यो । पानी र घाम मिलेर सुङ्रीमीहरूका लागि आकाशमा बाटो बनाइदिने निधो गरे । उनीहरूले बाटोको रूपमा नाकिमा बनाइदिए तर सुङ्रीमीहरू त्यो बाटोमा हिँड्न सकेनन् । सुङ्रीमीहरू नाकिमामा हिँड्न नसकेको सुँगुरहरूले देखे र थुतुनाले ठेलेर सुङ्रीमीहरूलाई नाकिमामा हिँड्न सहयोग गरे । यसरी छिन्नभिन्न सुङ्रीमीहरू नाकिमाको बाटो भएर फेरि भेट भई खुसी भए । सुङ्रीमीहरूलाई नाकिमाको बाटो हिँड्न सहयोग गरेकाले सुँगुरको नाक थेप्चिएको र घाँटीमाथिको भाग कडा भएको भन्ने किरात राई समुदायमा विश्वास छ । आज पनि नाकिमा पानीको मुहानमा लाग्ने र नाकिमा लागेको बेला त्यस ठाउँमा सुङ्रीमीहरूलाई सहयोग गर्ने सुँगुरका पाठाहरू भाग्ने भएकाले त्यहाँ जान नहुने कथन छ ।

नुरुहाङ : मुन्दुमअनुसार उहिले नुरुहाङ कान्छा थिए । उसका दाजुहरू सिकार खेल्न जङ्गल जान्थे । ऊ भने अल्छी थियो र उसलाई दाजुहरूले घरमा भात पकाएर बस्न लगाउँथे । एक दिन ऊ घरमा बस्यो । उसका दाजुहरू सिकार खेल्न गए । बेलुका दाजुहरू फर्किंदा नुरुहाङले भात पकाएको थिएन । दाजुहरू मूलदैलोबाट पस्नेबित्तिक्कै ऊ जस्केलोबाट निस्किएर भाग्यो । दाजुहरूले दुनियाँ खोजे, भेटेनन् । दाजुहरूको डरले नुरुहाङ् जङ्गलमै बस्न थाल्यो । दाजुहरू सिकार खेल्न जङ्गल गएका बेला नुरुहाङ गाउँघरमा आएर बिगार गर्न थाल्यो । दाजुहरूले थाहा पाएर फकाएर घर ल्याउन धेरै कोसिस गरे तर सकेनन् । मुन्दुमवेत्ताले नुरुहाङ्लाई अब जङ्गलको भइसकेकोले घर आउन नपाउने तर उसको लागि जङ्गलका फलफूल र जङ्गलका छेउछाउमा बाली लगाइदिने भनेर नुरुहाङलाई फकाए । उसका दाजुहरूले नुरुहाङका लागि जङ्गलछेउमा बाली लगाइदिएपछि नुरुहाङ गाउँघरमा आएर बिगार गर्न छाड्यो । ऊ जङ्गलमै बस्न थाल्यो । त्यसपछि नै नुरु (बाँदर) र मानिस छुट्टिएर बस्न थाले भन्ने विश्वास छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाङ्मुजे : खालिङ राई संस्कारअनुसार मृतात्मालाई पठाइने सोलुखुम्बुको एक ठाउँ, खालिङ राई पुर्खा माप्यले सबभन्दा पहिले चर्चेको स्थान ।

पून्याको गाँड र नूङ्धीको गर्दन : उहिले एक जना खुलापाछ्राको एक बुढी मान्छे धेरै वर्ष बाँचिन् । उनको जनातिको पनि सबै जनाति पनि बुढो भएर मरिसकेका थिए । उनले एक दिन आफ्ना सन्तानहरूलाई घाम खाएर मात्र आफू मर्ने बताइन् । सबैले गारो लगाएर घामसम्म पुऱ्याए र बुढी मान्छेले घाम खाइन् । बुढी मान्छेले घाम खाइसकेपछि चारैतिर अन्धकार भयो । धेरै दिन बितेपछि बुढी मान्छेले दिसा गर्दा घाम पनि निक्लियो । तर उनले त्यसलाई पत्करहरूले छोपछाप पारिन् । धेरै दिनपछि भालेलाई भोक लाग्यो र खानेकुरा खोज्दा घामलाई खोस्री पठायो । पत्करबाट घाम निस्कियो । समथर भागमा घाम लाग्यो तर कुना काप्चामा घाम नलागेर अँध्यारै भयो । आकाशमै घाम लग्नलाई सबै सहमत भए । तर घामलाई आकाशमा पुऱ्याउन घामको तापदेखि डढी मर्ने डरले सबै हिचकिचाए । पून्या (चाम्लिङ भाषामा कोटेरा) र नूङ्धी (चाम्लिङ भाषामा दुम्सी) घामलाई आकाशमा पुऱ्याउन तयार भए । उनीहरूले पालैपालो गरेर घामलाई आकाशमा पुऱ्याए र सबैतिर झलमल्ल घाम लाग्यो । तर पून्याले टाउकोमा राखेर घाम बोकेकोले उसको गाँड गर्दनमा सऱ्यो । दुम्सीले गर्दनमा राखेर घाम बोकेकोले उसको गर्दन दरो भयो । त्यसैले पून्याको गाँड गर्दनमा हुन्छ र दुम्सीको गर्दन दरो हुन्छ भन्ने विश्वास किरात राई समुदायमा रहेको छ । आज पनि खोटाङ जिल्लाको दोर्पामा उक्त गारो छ र उक्त गारो भत्किएमा खुलापाछ्रामा मराउपराउ हुने कथन छ ।

पेर्पा : चाम्लिङ (दिबुछ्रा) राई संस्कारअनुसार मृतात्मालाई पानी खुवाउने ठाउँ, खोटाङको लैकुखोलानजिकै बग्ने खोला जहाँ अग्लो डाँडा छ , त्यहाँबाट मृतात्मालाई नछुङले मुन्दुमद्वारा फकाउँदै बिदा गर्छन् ।

बाख्राको मासु : किराती राईहरूमा बाख्राको मासु खानु नहुने लोकविश्वास छ । यसबारेको किंवदन्ती यलाखोमका एक शक्तिशाली र वीर किराती राजा षड्यन्त्रपूर्वक मारिएको कथासँग जोडिन्छ । किराती राजा कति अविजेय थिए भने उसलाई कसरी जित्न सकिन्छ भनी रातिदन शत्रुहरू केही न केही उपायहरू निकालिरहन्थे तर पनि सधैं लज्जाप्रद हार बेहोर्नुपर्थ्यो । एक दिन एक जना गैरकिराती राजाले नयाँ उपाय निकाल्यो, किराती राजासँग मीत लाउने । त्यस राजाले किराती राजालाई आफूहरू समान शक्तिका राजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएकाले मीत लगाए झनै शक्तिशाली भई वैरी राज्यहरूलाई परास्त गर्न सजिलो हुने वतायो । एकदमै फराकिलो हृदयको किराती राजाले त्यसमा समर्थन जनायो । फेरि त्यस राजाले अर्को जाल फिँजायो । राजाविच मीत लगाउने काम महान् भएकाले वाग्मती नदीमा पुरोहित पढाएर विधिपूर्वक मीत लगाउनुपर्ने भयो । त्यो प्रस्तावलाई पनि किराती राजाले स्विकारे । फेरि त्यस गैरकिराती राजाले अर्को पनि जाल रच्यो । यति ठुलो र भव्य मीत लगाउँदा हतियारविना उपस्थित हुनुपर्ने उसको सर्त थियो । वाग्मतीको किनारमा घुँडा टेकेर आँखा चिम्लेर भुइँ ढोग्दै मीत लगाउनुपर्ने नियम बन्यो । यसलाई पनि किराती राजाले विश्वास गरे । जब मीत लगाउने काम सुरु भयो र पुरोहितले मन्त्र उच्चारण गर्न सुरु गरे, तव दुवै राजाहरूले आँखा चिम्लिए । पुरोहितले एउटा सङ्केत गर्नेवित्तिकै झटपट ती राजाका सैनिकले बालुवामुनि लुकाइराखेको तरवार झिकेर किराती राजाको गर्दन छिनाइदिए । टाढावाट हेरिरहेका किराती राजाको सेनाहरूले बाख्राले आफ्नो राजाको रगत खाइइरहेको देखे । त्यही दिनदेखि किराती राईहरूमा वाख्रा खायो भने राजपुर्खाको रगत खाएजस्तो हुने विश्वासको जन्म भयो ।

बादल, समुद्र र झरीको कथा : मुन्दुमअनुसार समुद्रलाई नीलो आकाश कति मन पर्थ्यो भने तर पखेटाहरू भए पनि प्वाँखहरू नभएकोले त्यसलाई भेट्नै सक्दैनथ्यो । एक दिन दुईवटा खुट्टा र पालैपालो प्वाँख नभएको घरी दायाँ घरी वायाँ पखेटा गरी (माझीले डुङ्गा खियाएजस्तो) ऊ संसार पुग्यो तर पनि आकाशलाई भेट्न सकेन । एक रात सपनामा समुद्रले आकाशलाई देख्यो । त्यसलाई भेट्न उसले जोडले पखेटा फटफटायो । लौ अचम्म ! ऊ त माथिमाथि उड्न पो थाल्यो । आफ्ना सुन्दर र कोमल सेता प्वाँखहरू पाएपछि त के चाहियो । आकाशलाई भेट्ने खुसीले ऊ उडेकोउडेकै गर्न थाल्यो तर जति उडे पनि भेट्नै सकेन । कैयौँ दिन उडेकोउडेकै गर्दा पखेटाहरू गलेर ऊ तलतलतिर आउन थाल्यो । पखेटाले पनि काम गर्न छाडेपछि डरले ऊ जोडले रुन-कराउन थाल्यो । झसङ्ग भएर विउँझिँदा पो थाहा पायो उसले त सपना पो देखेको रहेछ । अझै पनि समुद्रले आकाशलाई भेटेको छैन र आकाश भेट्न आज पनि ऊ सपनामा उड्छ भन्ने किरात राई समुदायमा विश्वास छ । समुद्र सपनामा आकाश भेट्न उड्दा सेता प्वाँखहरू भएको बादल भएको र गलेर तलतिर झर्दा डरले चिच्च्याउँदा मेघ गर्जेको, विजुली चम्केको र डरले रुँदा झरी परेको कथन छ । सपनामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समुद्र रोएकाले जति झरी परे पनि समुद्रको पानी नबढेको विश्वास गरिन्छ ।

बानदुप्खा लुङ : उहिले माझकिरातको भोजपुरको दिल्पा अन्नपूर्णमा नागाहरूको बस्ती थियो । एक दिन अरुण हुँदै पिखुवा खोलाको किनारैकिनार सिकार खेल्दै छाङ्छा राई नागाहरूको बस्ती पुग्यो । औधी मन परेर नागाहरूको गाउँमै ऊ काम गरी बस्न थाल्यो । उसको मेहनत र पौरखबाट प्रभावित भएर नागाहरूले उसलाई बस्नका लागि खेतीयोग्य जमिन, सुँगुर, कुखुरा र गाईभैँसी दिए । रहँदाबस्दा छाङ्छा र नागाहरूबिचमा वैमनष्य बढ्यो । उनीहरूले गोरु जुधाउने, भाले जुधाउने र मालिङ्गो बाँस हल्लाएर पानी झार्न सक्नेले मात्र गाउँमा बस्न पाउने बाजी खेले । चलाख र चतुर छाङ्छाले गोरुको सिङ, भालेको छरी र थुतुना फलामको बनाइदिएर बाजी जित्यो । मालिङ्गो बाँसमा प्वाल पारेर पानी पाऱ्यो । छाङ्छा अन्नपूर्णमा बस्न थाल्यो, नागाहरू भने विस्थापित भए । अन्नपूर्णमा आज पनि बानदुप्खा लुङ (बान्तावा भाषामा आरान ढुङ्गा) भनेर चिनिने एउटा ढुङ्गा छ, जसलाई बाजी खेल्दा छाङ्छाले गोरुको सिङ, भालेको थुतुना, छरी उध्याउन प्रयोग गरेको हो भन्ने कथन छ ।

बाहिलाम : मुन्दुममा आउने एउटा बाटो । चरा भोग दिएर अघि बढ्नुपर्ने बाटो । मुन्दुमअनुसार किराती पुर्खा भुसुरीहरू निवामा/नियामाबाट उँभोतिर आउने क्रममा नदीकिनारको बाटो हुँदै आउँदा खुवालुङले बाटो छेक्यो । उनीहरूले रातो जुरेलीको भोग दिएपछि मात्रै ढोका खुल्यो र उनीहरू अघि बढे । त्यही खुवालुङले बाटो छेकेको र रातो जुरेली भोग दिएको ठाउँ बाहिलाम हो भन्ने विश्वास छ ।

बुङ्वाखा : आदिम कालमा एक सुन्दर युवती सोहोनमालाई एक युवकले मन पराएर मगनी गऱ्यो । सोहोनामाले विवाहमा युवकलाई मिचिलीमाबुङ उपहार दिन चाहन्थी । तर त्यो फूल टिप्न जङ्गल जाँदा भीरबाट लडेर उसको मृत्यु भयो । सोहोनमाको मृत्युसंस्कारमा दोवाले उसको आत्मालाई बाटो लगाउन सकेन । जति गर्दा पनि उसको आत्माले चुल्हामै बस्ने ढिट गऱ्यो । किराती संस्कारअनुसार चुल्हामा राख्न नमिल्ने हुँदा अन्तमा बुङ्वाखा (फूलबारी) मा बस्ने इच्छा व्यक्त गऱ्यो । त्यसपछि किराती युवायुवतीको मृतात्मालाई बुङ्वाखामा राख्ने चलन बसेको कथन छ ।

बुबुङ खोला : मुन्दुममा आउने खोला । मुन्दुमअनुसार उमेर पुगेर मरेकोहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रो ठाउँ (खाली) मा जान्छन् । उनीहरूलाई नछुङले यही खोलाको पानी खुवाएर बाटो लगाउँछन् ।

वेलिमा : याम्फु राईका पुर्खा । सधैँ जाल हान्न अरुण नदीमा जाने एक जना याम्फूले एक दिन एउटा डिम्वा (अन्डा) आकारको ढुङ्गा मात्रै जालमा पाऱ्यो । उसले त्यो ढुङ्गा लोहोरा वनाउन घर ल्यायो । तर त्यो ढुङ्गा एउटा सुन्दर युवतीमा परिणत भएर सधैँ पानी भरिदिने थाहा पाएर याम्फूले ऊसँग विहे गऱ्यो । त्यो युवतीको नाम वेलिमा थियो । उनी इन्द्रेणी देशको राजा नागको राजकुमारी थिइन् । लोहोरुङ राई त्यही बेलिमा र जालहारी याम्फूको सन्तान हुन् भन्ने याम्फू र लोहारुङ राई समुदायमा विश्वास रहेको छ ।

वैखुलाम : मुन्दुममा आउने एउटा वाटो । मुन्दुमअनुसार खोलानदी मिसिएको अथवा पानी जमेर तलाउमा वनेको वाटोलाई नै वैखुलाम हो । निवामा/नियामाबाट उँभो आउँदा नछुङहरू वाहिलाम, वैखुलाम हुँदै आउने गर्छन् । यो किरातीहरूले प्रागैतिहासिक कालमा वसाइँसराइका क्रममा प्रयोग गरेको बाटो हो ।

वोखामावुङ : मुन्दुममा आउने पृथ्वीको पहिलो फूल । बुखामावुङको उत्पत्तिभन्दा पहिला फूल नफुल्ने वोटविरुवाहरू मात्रै थिए भन्ने कथन छ । यो फूल माटोमुनिबाट फुल्दै निस्किने भएकाले यो होचो हुने र भुइँमै फुल्ने भएकाले यसलाई भुइँचम्पा पनि भन्ने चलन छ । विभिन्न राईको थरअनुसार नाम फरकफरक भए पनि सवै थरका राईहरूले यो फूललाई पृथ्वीको पहिलो फूलको रूपमा लिन्छन् ।

व्रोक्म्य र न्वाम्दुलेम : उहिले दुई दिदी ग्रोम्म्या र लास्म्या र भाइ खाक्चलव थिए । एक दिन ग्रोम्म्या र लास्म्याले भ्याउँकिरी वर्गको व्रोक्म्य र न्वाम्दुलेम्को स्वरूप धारण गरे । बर्खायाममा लेकवाट कराउँदै वेंसीतिर झर्ने व्रोक्म्य र बेसीबाट कराउँदै लेकतिर जाने न्वाम्दुलेम् शरद् ऋतु आउने समयसम्म एक ठाउँमा कराउँछन् र शरद् ऋतु आएपछि कराउन छाड्छन् ।

व्यार्पा : मुन्दुमअनुसार पारोहाङ र नाइम्माको चाप्चा (बाघ), व्यार्पा (भालु), हँछा (मान्छे), काछुपा (बाँदर) र खीपा (कुकुर) गरी पाँच जना सन्तानहरू थिए । अविश्वास र शत्रुतापूर्ण सम्बन्धका कारण हँछाले घरबाट खेदेको हुनाले व्यार्पालाई नाइम्माले जङ्गलमै बस्न भनिन् र व्यार्पा त्यही समयदेखि जङ्गलमा बस्न थाल्यो । हँछाभन्दा व्यार्पा जेठो भएकाले व्यार्पाभन्दा माथि हँछा भेटियो भने व्यार्पाले हँछा खान पाउने र व्यार्पाभन्दा हँछा कान्छो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएकाले हँछाभन्दा तल व्यार्पा भेटियो भने हँछाले व्यार्पा मार्न पाउने रीतितिथि नाइम्माले बसाइदिएर दुई सन्तान अलग पारिदिएको हुनाले व्यार्पा लेकमाथिको जङ्गलमा वस्न थाल्यो भने हँछा लेकको जङ्गलभन्दा तल बस्न थाल्यो । आज पनि व्यार्पाले आफूभन्दा माथि हँछा भेट्यो भने मार्छ तर आफूभन्दा तल भेट्यो भने आफैं भाग्छ भन्ने जनविश्वास छ ।

भकिम्लो : हेत्छाकुप्पाले अराएर योयोबेङ्मा (भ्याउँकिरी)ले खोजेर घर ल्याइपुऱ्याएका टाङ्वामा र खियामा मऱ्यो भनेको भाइ बाँचेको देखेर औधी खुसी भए तर पनि पहिले छोडेर हिंडेकोले उसलाई भेट्न भने हिचकिच्याए । हेत्छाकुप्पाले बोलाउँदा दिदीहरू नआएपछि भकिम्लो राखिदियो । भकिम्लो देख्नेवित्तिक्कै मुख रसाएर दिदीहरूले उसलाई भेट दिएको मुन्दुममा वर्णन पाइन्छ । त्यसैले आज पनि अरू अमिलोभन्दा भकिम्लो देख्दा मुखमा धेरै अमिलो आउने जनविश्वास छ ।

भः लुङ : उहिले रावाखोलाको साम्पाङ राईहरूको एउटा सुँगुर गाउँबाट भाग्दै भोजपुर पुगेर एक्कासि ढुङ्गामा परिणत भएछ । साम्पाङहरूले धेरै पर्खिंदा पनि ढुङ्गा भएको सुँगुर पहिलेको अवस्थामा आएन । उक्त ढुङ्गा सुँगर भई फर्केला भनी कुरेर वस्दावस्दा उनीहरूको त्यहीं बस्ती बस्न गयो । ठाउँको नाम पनि भः लुङ (साम्पाङ राई भाषामा सुँगुर ढुङ्गा) रहन गयो । पछि भः लुङवाट खस-नेपालीकरण हुँदै फ र फवाट 'फाली ढुङ्गा' वन्न गयो । यसरी पहिले रावाखोलावरिपरि पुर्ख्यौली थलो भएका साम्पाङहरूको प्रवेश भोजपुर फाली ढुङ्गा, साम्पाङ गा.वि.स मा वस्ती भएको कथन छ ।

भालु र पाहाको गिदी : सुम्निमाको पाँच भाइ छोराहरूमध्ये जेठा बाघ, माइला भालु र साईँला बाँदरले आमालाई धेरै दुःख दिन्थे । एक दिन कान्छा हेन्कुवुङले आमालाई धेरै दुःख दिने भालुको टाउकोमा गिदी छरिने गरी मुङ्ग्रोले हिर्कायो । भालु वेहोस भयो । निक्कैवेरमा मात्र विउँझिएको भालुले खोलामा पानी खान जाँदा भेटेको पाहाको गिदी झिकेर आफ्नो टाउकोमा लगायो । त्यसैले भालुको थोरै गिदी भएको र पाहाको चाहिं गिदी नै नभएको किंवदन्ती छ ।

भुसुना, लामखुट्टे, उपियाँ, उड्डुस र जुकाको उत्पत्ति : मुन्दुमअनुसार हेत्छाकुप्पाका मावलीहरूले हेत्छाकुप्पालाई समथर जमिन र चाक्लुङ्धिमालाई अनकन्टार जङ्गलमा पुगेर खोल्न भनी एकएकवटा पोका दिएर पठाउँछन् । समथर जमिनमा पुगेर हेत्छाकुप्पाले पोका खोल्दा त्यहाँबाट सुँगुरका पाठाहरू,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुखुराका चल्लाहरू, गाईभैंसीको वाच्छावाच्छी र पाडापाडी निस्किन्छन् । तिनीहरू पाल्दै उसले जीवन विताउन थाल्छ । उता अनकन्टार जङ्गलमा पुगेर पोका खोल्दा बाघ, भालु र सिंह निस्किएर चाक्लुङ्धिमालाई खाइमार्छन् र उसको रगतवाट भुसुना, लामखुट्टे, उपियाँ, उडुस र जुकाको उत्पत्ति हुन्छ ।

मबला : किरात राई समुदायमा मवला (भर्ला)को पातलाई सवैभन्दा चोखो पातको रूपमा लिइन्छ । पूजामा यो पात अनिवार्य चाहिन्छ । मुन्दुममा रैक्षाकुप्पा भाइले आफूलाई मरेको ठानेर घर छोडिगएका तयामा-खिमाया दिदीलाई वोलाई ल्याउन एउटा भालेलाई पठाउँछ । तर संस्कारेर छोडी गएको भाइलाई भेट्न उनीहरूलाई वडो अप्ठेरो अवस्था आइलाग्छ । चराको जुनीमा गइसकेका उनीहरू भाइलाई आफ्ना पखेटा चिनो छोडिराखेर नभेटी फर्किन्छन् । रैक्षाकुप्पा दिदीहरूलाई वर्षौं पर्खिवस्छ तर तयामा-खियामा फर्किएर आउँदैनन् । उनीहरूले छोडिराखेको पखेटामा लहरा पलाएर ठुलो रूखमा वेरिएर वस्छ । रैक्षाकुप्पाले दिदीहरूको पखेटा लहरामा पात भएको सपना देखेपछि जङ्गलभरि खोज्दा अन्त्यमा दुवै पखेटा जस्तो भएको मवला (भर्ला)को पात भेटेर खुसी हुन्छ । यसरी मबला (भर्ला)को पातलाई पवित्र मानिएको जनविश्वास छ ।

मबुसुङ र रबुसुङ : मुन्दुमअनुसार मवुसुङ र रवुसुङ ठुलठुला दुई रूखको नाम हो । मान्छे मरेपछि उमेर पुगेर मरेको (खाली) लाई पानी खुवाइन्छ र मवुसुङको टुप्पोमा पुऱ्याएर वाटो लगाइन्छ भने उमेर नपुगी मरेको (इस्साखाली) लाई पानी खुवाएर रवुसुङको टुप्पोमा पुऱ्याएर वाटो लगाइन्छ ।

माअ्मा : काक्चिरिक्पा सधैं सिकार खेलेर फर्कंदा कसैले घरमा पानी भरिराखेको हुन्थ्यो । उसले एक दिन लुकेर हेर्दा उसले माछा मार्दा जालमा परिरहने ढुङ्गा सुरुङबाट झरेर सुन्दर युवती भएको देख्यो । उसले युवतीको हात समात्यो । युवतीले आफ्नो हात छोडिदिन अनुरोध गरिन् तर काक्चिरिक्पाले छोड्दै छोडेन । त्यति नै वेला माअ्मा आइपुगिन् र उनीहरूको परिचय गरिदिइन् । उनले नागको छोरी वेलीमाले काक्चिरिक्पालाई मन पराएर नै ढङ्गाको स्वरूप लिएको वताइदिइन् । कोक्चिरिक्पा र वेलिमाको घरजम भयो । अघिसम्म केटी तानेर विहे गर्ने चलन थियो । अहिले केटीको हात मागेर विहे गर्ने चलन र आफैं मिलेर विहे गर्ने चलन भए पनि चुल्हामा भित्र्याउँदा एक जना साख्खी (कलिया) अनिवार्य रूपमा चाहिन्छ । माअ्मालाई साख्खीको रूपमा लिइन्छ र केटालाई साहस र केटीलाई फकाउन किरात

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राईहरूको विहेमा साख्खीको महत्त्वपूर्ण भूमिका रहन्छ ।

माङ्हिम् (श्राप बगाउने) : उहिलेउहिले अरुण, तमोर र दुधकोसीको सङ्गमस्थल त्रिवेणीघाटमा विषालु र शक्तिशाली कालीनाग बस्थ्यो । आसपासको सबै जीवजन्तु सासैले तानेर आहार बनाउने त्यसलाई एक दिन आहारको ठुलो सङ्कट परेछ । रिसमा त्यसले ओकलेको विष लागेर मानिस र जीवजन्तु भकाभक मर्न थालेछन् । किराती देवाहाङले मानिस र जीव जनावरको अस्तित्व जीवनरक्षा गरिदिन कालीनागसँग अनुरोध गऱ्यो । तर त्यसले उल्टै खाइदिने धम्की दियो । देवहाङले आकाशबाट बान्ठेङ खसाएर कालीनागलाई काटिदियो तर पनि त्यो कैयौँ दिनसम्म मर्दै मरेन, विष वमन गरिरह्यो । देवाहाङले अन्तिम इच्छा के छ भनेर कालीनागलाई सोध्यो । त्यसले अरूको कुभलो चिताउँदा आफूले मुन्दुमी शक्तिबाट सजाय पाएजस्तै आइन्दा अरूको कुभलो चिताउनेलाई मुन्दुमद्वारा नदीमा बगाइदिनू भनेर प्राण त्याग गऱ्यो । त्यही समयदेखि अरुण, तमोर र दुधकोसी नदीमा माङ्हिङ बगाउने चलन रहेको कथन छ ।

माछाकुम्मा : किरात राई समुदायमा आदि पुर्खा माछाकुम्मासँग आशिष् माग्दै उभौली र भदौ पूर्णिमामा सन्तानहरूको सुख र समृद्धिका लागि पूजा गर्ने प्रचलन छ । मुन्दुमअनुसार माछाकुम्मालाई आदिपुर्खा रैछाकुप्पाले सेतो र चिल्लो डिम्बा (अन्डा) आकारको ढुङ्गाको रूपमा जालमा पारेर घर ल्याएको थियो । त्यसपछि ऊ सिकारबाट घर फर्कंदा जहिल्यै घरमा कसैले पानी भरिराखेको हुन्थ्यो । एक दिन उसले पानी भर्ने को हो भनेर सोध्दा छेउमा बसेको बाँदरले आफू भएको बतायो । त्यसलाई उसले सहयोगीको रूपमा घरमा राख्यो । तर होइन रहेछ, दिनभर चियो गरेर साँचो पानी भर्नेलाई पत्ता लगाएको बाँदरले रैछाकुप्पालाई बतायो । अर्को दिन रैछाकुप्पाले पनि लुकेर हेर्दा पहिले जालमा पारेर ल्याएको ढुङ्गा सुरुङबाट गुर्केर भुँइमा झर्दा नझर्दै अति सुन्दर युवती बनेर पानी भर्न जाँदै गरेको देख्यो । उसले आफूलाई रोक्नै सकेन । कुद्दै गएर युवतीको कम्मरका च्याप्पै समातिहाल्यो । युवतीले आफू नागराजा र नागरानीको छोरी राजकुमारी नायुमा भएको पहिचान दिइन् । नायुमा र रैछाकुप्पा परस्पर प्रेममा बाँधिए, घरजम गरे । उनीहरूका सन्तानहरूले डाँडाकाँडा ढाके ।

माछाडेवा : किरात बाम्बुले राई माछाडेवालाई सुँगुर खाने पितृ (पाब्अवाचे सामा) को रूपमा मान्दछन् । माछाडेवालाई सुँगुर चढाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानवको उत्पत्ति : किरात राईहरूले रिभ्याँमा र रिकपालाई पृथ्वीको पहिलो महिला र पहिलो पुरुषको रूपमा लिन्छन्। मुन्दुमअनुसार पहिले यो संसार पानीपानी थियो। त्यो पानीमा फ़िँज निस्कियो। फिँजबाट दर्शनढुङ्गा उत्पत्ति भयो। दर्शनढुङ्गाको चेपमा उनिउँ उत्पत्ति भयो। उन्युको पात झरेर धमिरा उत्पत्ति भयो। धमिराले माटोको ढिस्का बनायो। माटोको ढिस्कामा निबु च्याउ उत्पत्ति भयो। निबु च्याउ हुर्किसकेपछि खुम्लेकिरा उत्पत्ति भयो। खुम्लेकिराको उत्पत्तिपछि रिभ्याँमा र रिकपाको उत्पत्ति भयो।

मानिस र छेपारोको कथा : मुन्दुमअनुसार छेपारोको छलको कारण मानिसले मर्नुपरेको नत्र मानिस अजम्बरी भएको वर्णन पाइन्छ। मानिस अजम्बरी हुँदा डाहा पलाएको छेपारोले मानिसलाई मरेपछि अति रमाइलो हुने, रमाइलो नभए फेरि बाँच्न पनि सकिने प्रलोभन देखाएछ। त्यस दिनपछि मानिस मर्न थालेछन् तर मरेकाहरू कोही फर्केर आएनन्। मरेकाहरू नफर्केपछि घरपरिवार र आफन्तले मर्नेले दुःख पाए कि सुख पाए थाहा पाउनै सकेनन्। एकपल्ट सोध्नका लागि मात्रै भए पनि मानिसले छेपारोसँग मरेकालाई बचाइदिन अनुरोध गरे। तर मरेकालाई बचाउने कुनै उपाय नै नभएपछि लाज र डरले मानिस देख्दा छेपारो भाग्न थाल्यो। अहिले पनि मानिस देखेपछि छेपारोले आफ्नो रातो अनुहार उदासी र डरले सेतो बनाउँछ भन्ने विश्वास गरिन्छ।

मिचिलुङ : उहिले पारोहाङले सुम्निमालाई पहिलोचोटि भेट्दा मिचिलुङ उपहार दिए। पारोहाङले सुम्निमालाई मिचिलुङ्बुङ दिएपछि उनीहरूको घरजम भयो। उनीहरूका सन्तानहरू जन्मिए। मुन्दुममा वर्णित मिचिलुङ एक प्रकारको फूल हो जसले सन्तानहरूको रक्षा र तिनीहरूलाई शक्ति प्रदान गर्दछ। किरात राई समुदायमा प्रत्येक घरको घरमूलीको आफ्नो छुट्टै मिचिलुङ हुन्छ।

मुकुम्बुङ : प्रतीक्षाको प्रतीक फूलका रूपमा मुन्दुममा मुकुम्बुङ वर्णित छ। उहिले एउटा किरात बस्तीमा टोङ्मा र डिकुहाङ नाम गरेका युवायुवती थिए। उनीहरू एकअर्कालाई औधी माया गर्दथे। एक दिन डिकुहाङले टाढा जानुपर्ने भयो। टोङ्मालेे एक्लै छाडेर नजान डिकुहाङसँग रुँदै अनुरोध गरी। नगई नहुने भएको बाचा सुन्ने मुकुम्बुङ फूल जबसम्म धारामा फुल्नेछ, तबसम्म फर्की आउनेछु भनेर डिकुहाङ हिंड्यो। टोङ्मा र डिकुहाङबिच साक्षी मुकुम्बुङ फुलिरह्यो र टोङ्मालेे पर्खिरही तर डिकुहाङ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फर्केर आएन । आज पनि जब साँझमा मुकुम्वुङ फुल्छ, तव त्यसको वास्नासँगै टोङ्माको आत्मा डिकुहाङलाई खोज्न टाढा-टाढासम्म जान्छ भन्ने कथन छ ।

मुवुमी कुवुमी : मुन्दुमअनुसार मुवुमी (मुवी) नछुङ (धामी) र कुवुमी (कुपी) वेटुङ (धामीको साथी) थिए । उनीहरू चरा धामी थिए र उनीहरूवाट मान्छेहरूले ज्ञान प्राप्त गरेका थिए । त्यसैले नछुङलाई मुवुमी–कुवुमी भनिएको हो भन्ने विश्वास छ । मुवुमी भन्नाले स्याम्नेकाकु (कुक्कु चरा) र कुवुमी भन्नाले वुखुवा (कुथुर्के) चराहरू हुन् ।

मुम्माटुङ : भुसुरी राई संस्कारअनुसार मृतात्मालाई पानी खुवाउने ठाउँ । यो खोटाङको लामाखुमा पर्दछ । त्यहाँवाट मृतात्मालाई नछुङले मुन्दुमद्वारा फकाउँदै विदा गर्छन् ।

मोङ र होङ : मुन्दुममा मानिसका दुई प्रजाति मोङ र होङ आपसी ज्ञानवुद्धि नमिल्दा छुट्टिनुपरेको वर्णन छ । मुन्दुमअनुसार मोङले किराती देवता र होङले किराती राजा मान्थे । मोङजाति आफूलाई सभ्य मानेर होङजातिसँग कुनै नाताकुटुम्व जोड्दैनथे । मुन्दुममा पोख्त मोङहरूलाई होङहरू सम्मान गर्दथे । मुन्दुमद्वारा उड्दै धनुकाण चलाउँदै युद्ध गर्न सक्ने उनीहरूलाई कसैले जित्न सक्दैनथे । होङहरू भालाले वनतरुल खन्थे तर मोङहरू मुन्दुमको सहायताद्वा नै वनतरुल निकालेर होङहरूलाई दिन्थे । मोङहरूको वस्ती माथि हिमाली भेगमा थियो भने होङहरूको वस्तीचाहिँ तल वेसीतिर थियो । एकचोटि मोङहरूकी छोरी र होङहरूका छोराको प्रेम वस्यो । छोरीको चाहना होङका छोरासँगै जीवन विताउने भएकाले किरात संस्कारअनुसार उनीहरूको विवाह भयो । मोङहरूले हिमालतिरै आई ज्ञानगुन लिई वस्नलाई मोछा (ज्वाइँ)लाई अनुरोध गरे । नाप्च्यो (ससुराली) पुगेको मोछा होङलाई वेसीतिर कस्तो जनावरको सिकार पाइन्छ भनेर मोङहरूले सोधे । उसले वँदेल, मृग, चित्तल, थार र घोरल आदिको पाइने वतायो । मोङहरूले हिमालको हिउँ सिकार लखेट्दै वेसी झार्ने र त्यसलाई मोछा होङले जसरी पनि मार्नुपर्ने वताए । हिउँदको एक दिन मोङहरूले हिउँको सिकार लखेट्दै ल्याउँछन् भनेर होङ ढुकेर वसिरहेको थियो । टाढा कसैले सिकार आयो भनेको सुन्यो । उसले धनुकाण तयार गरेर राख्यो । निकैवेर भयो तर कुनै जीवजनावरको चालचुल आएन । उसले रूखको ठुटामा एउटा फिस्टा आएर वसेको देख्यो । त्यसैलाई मारेर जावीमा राख्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिकार लखेट्दै मोङहरू आइपुगेर उसलाई खै त सिकार मारेको भनेर सोधे। त्यस्तो कुनै पनि सिकार नआएको उसले वतायो। अघि फिस्टा वसेको रूखवरिपरि सुँघ्दै उनीहरूले धुमधुमती सिकार खोज्न थाले। उसले रिसमा जावीको फिस्टा भुइँमा पछाऱ्यो। उनीहरूले भागशान्तिका लागि फिस्टालाई भाग लगाउँदा होङको भागमा एउटा फिला पऱ्यो। घरमा आएर होङले फिस्टाको फिलाले फालिदिँदा त्यसले लागेर स्वास्नीको खुट्टै भाँचियो। स्वास्नी जोडले रुन थाली। उसले दवाइ लगाइदियो। तर पनि विसेक भएन। भोलिपल्ट ससुराली पुगेर होङले त्यस घटनावारे वताएपछि मोङहरू वेसी झरेर मुन्दुम फलाक्दै छोरीको खुट्टा निको पारे। त्यो सिकार खाएको भए आफूहरू जस्तै मुन्दुममा पोख्त हुने थियौ भनेर सम्झाउँदा उसले मोङहरूको ज्ञान वुझ्न नसकेकाले छोरी जिम्मा लगाउने वतायो। आफूहरूसँगको सङ्गतवाट उसले पनि चाँडै मुन्दुम सिक्ने वताउँदा पनि मानेन। एकचोटि सङ्गत छुटे सधैँका लागि छुट्ने भएकाले उनीहरूले आउँदो वर्खासम्म उसलाई सोच्ने समय दिए। मोङ्हरू वर्खामा आएर होङलाई सोधे। तर उसले छोरी जिम्मा दिने नै वतायो। उसलाई सवै शाखासन्तान जम्मा पार्न लगाई उत्तरपट्टि होङ र होङका सन्तान र दक्षिणतर्फ मोङकी छोरी र मोङहरू उभिन लगाए। अचानक मोङकी छोरी र सवै मोङ अलप भए। होङ र होङको सन्तान मात्र पृथ्वीमा रहे। त्यही समयदेखि होङ र मोङका विचमा कुनै पनि सम्वन्ध भएन। त्यही समयदेखि होङका सन्तानहरूले मोङका सन्तानहरूलाई देखेनन्।

याकु : उहिले पौवा तले गाउँमा किरात वस्तीले एउटा साझा विर सुँगुर पालेका थिए। छाडा छाडिएको विर सुँगुरले गाउँगाउँ डुलेर वालीनाली खाए पनि त्यसलाई कसैले लखेट्दैनथे। एक दिन ओढालुङ नामका एक छाङ्छा पाछाका सिकार दिनभरि जङ्गल चहार्दा पनि सिकार नभेटेर रित्तै फर्किँदै थियो। खोल्सामा लखु (गिठा) खोस्रिरहेको विर सुँगुरलाई उसले रङ्पक (वँदेल) जस्तो देखेर धनुकाण हानिहाल्यो। तर विर सुँगुरलाई मारेको थाहा पाएर ऊ पछुतायो तर उसले त्यो कुरा गुपचुप नै राख्यो तर यो कुरा चाल पाएर गाउँलेहरूले उसलाई गाउँवाट निकालिदिए। हाङ्ग्रायो खोला तरेर ऊ जङ्गल फाँडेर याक्सा (गोठ) वनाई वस्न थाल्यो। पछि त्यो याक्सालाई याकु भन्न थालियो। याकुमा अझै छाङ्छा पाछा राईहरूको वाक्लो वसोवास छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युच्छुबुङ र गोवाबुङ : मुन्दुमअनुसार अहिलेको खोटाङ तयाचुङ्बाट आमाबुवा खोज्न चरा भएर उत्तर लेक लागेकी तयामा युच्छुबुङ भएर फुल्न थाली। त्यसरी नै चरा भएर दक्षिण मधेसतिर लागेकी खियामा गोवाबुङ भएर फुल्न थाली। दिदीवहिनी छुट्ने बेला तयामा रुँदा रावा खोला र खियामा रुँदा ताप् खोला बन्यो। उनीहरूको वर्षौं भेट भएन। तयामा वाम्बुरिम्मा (उत्तर दिशाबाट पर्ने झरी) भएर खियामालाई भेट्न मधेस झरी तर खियामा वालेम्सुङ (दक्षिणबाट पर्ने झरी) भएर उत्तर लेकतिर गइसकेकीले उनीहरूको भेट भएन। अर्कोचोटि तयामा वाम्बुरिम्मा र खियामा वालेम्सुङ भएर एकै समय भेट गर्न निस्के। जसले गर्दा उत्तर र दक्षिणबाट एकचोटि सुरु हुने लाङ्कचेप्पा झरी बन्यो। त्यो समय असोज महिना भएकाले यस महिनामा लाङ्कचेप्पा झरी पर्ने कथन छ। वाम्बुरिम्मा, वालेम्सुङ र लाङ्कचेप्पा झरी परेको बेला युच्छुवुङ वग्दै मधेसमा पुगेर गोवाबुङलाई भेट्छ भन्ने विश्वास छ।

रावा खोला र ताप् खोला : मुन्दुमअनुसार रैक्षाकुप्पाको मृत्युमा तयामा र खियामा रुँदा आँसुले ताप् खोला र रावा खोला बनेको हो। यी दुवै खोला खोटाङ जिल्लामा पर्छन् र दुधकोसीमा मिसिन्छन्। माझकिरातमा यी खोलाहरूमा बर्खा लाग्दा सबैभन्दा पहिलो बाढी आएर सबैभन्दा अन्तिम समयसम्म पानी धमिलो रहिरहने विश्वास गरिन्छ।

रिब्दुङ खोला : मुन्दुमअनुसार एउटा रिव्दुङ् खोला थियो जुन खोला तर्दा एउटा प्रश्न आउँथ्यो। उक्त प्रश्नको जबाफ दिन नसक्ने खोला तर्दातर्दै ढुङ्गा बन्थ्यो। किरात राईहरूले प्रश्नको सही जवाफ दिएर त्यही रिब्दुङ खोला तरे। रिब्दुङ खोला तरेर आएकाले उनीहरूलाई रोदुङ भनिएको हो भन्ने कथन छ।

रिभ्याँमा र रिकपा : मुन्दुममा वर्णित मानवउत्पत्तिका आदिम पुर्खा। रिनाभ्याँ र रिकपालाई सुम्निमा (पृथ्वी) र पारोहाङङ (आकाश)का पहिलो सन्तानहरूका रूपमा लिइन्छ। मुन्दुमअनुसार रिभ्याँमाले तरुनी वयमा पुगेपछि आफ्नो जोडी खोजी ल्याइदिन धोवी चरा र गँगटालाई पठाउँछे। तिनीहरूले हिमालबाट रिकपा तन्नेरी खोजेर ल्याइदिन्छन्। रिभ्याँमा र रिकपाले जोडी बाँधेपछि नायुम्माको जन्म हुन्छ। नायुम्माले आफ्नो जोडी खोजिल्याउन हावालाई भन्छे तर मान्दैन। तव त्यसलाई कसैले देख्न नसक्ने बनाइदिन्छे। पछि नायुम्मा र दिलपाको जोडी मिल्छ र उनीहरूबाट चाप्चा (बाघ),

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्यार्पा (भालु), हँछा (मान्छे), काछुपा (बाँदर) र खीपा (कुकुर)को जन्म हुन्छ । आपसमा स्वभाव नमिलेर चाप्चा, ब्यार्पा र काछुपा जङ्गलमा बस्न थाल्छन् । हँछाले घर बनाएर खीपालाई आफैँसँग राख्छ । नायुम्मा र दिलपाबाट जन्मेका चाप्चा (बाघ), ब्यार्पा (भालु), काछुपा (बाँदर) र खीपा (कुकुर)हरू आफैँमा चाप्चा, ब्यार्पा, काछुपा र खीपा नभएर तिनीहरूको साया (स्वभाव) भएका सन्तानहरू हुन् भन्ने कथन छ । त्यसै गरी सुम्निमा (पृथ्वी) र पारोहाङ (आकाश) को सन्तान हँछा (मानिस) सँगै चाप्चा (बाघ), ब्यार्पा (भालु), काछुपा (बाँदर) र खीपा (कुकुर)को जन्म भएको कथन पनि छ ।

रुइहिवा, थावा र याङ्वा : मुन्दुममा वर्णित त्रिकोणीय प्रेममा परेका तीन नदी । रुइहिवा (अरुण नदी) मामा र थावा (तमोर) भान्जा थिए । याङ्वा (दुधकोसी) मस्त तरुनी थिइन् । तरुनी याङ्वालाई मामा रुइहिवा र भान्जा थावा दुवैले मन पराउँथे । मामाभान्जा दुवै याङ्वालाई विहे गर्ने अडानमा थिए । जसले पहिला याङ्वालाई भेट्छ, उसैले बिहे गर्ने सर्तमा उनीहरू पहाडबाट बगे । भान्जा थावा टारहरू बनाउँदै आरामले बग्दै गयो । उता खुरूखुरु बग्दै गएको मामा रुइहिवाले याङ्वालाई छिटै भेटेर बिहे गरेर हिँडिहाल्यो । घङ्घरुटारमा पुग्दा थावालाई मामा रुइहिवाले याङ्वालाई बिहे गरेको थाहा पायो । रिसले मामा रुइहिवालाई नभेट्ने अठोट लिएर अन्तै बाटो मोड्यो । उसले कोका खोला र सर्दुसँग बाटो सोध्यो । तर तिनले बाटो नभएको बताए । मामा रुइहिवाले भान्जा थावा रिसाएको थाहा पायो । उसले सहर माछालाई थावालाई फकाएर ल्याउन अरायो । त्यसले फकाएर ल्याउनै सकेन । फेरि असला माछालाई पठायो । त्यसले चाहिँ थावालाई अर्को तरुनी नदीसँग बिहे गरिदिने बाचा गरेर फकाएर ल्यायो । मामासँग भेटे पनि भान्जाले मन दुखाइरह्यो र तलतलसम्म फरक रङमा बगिरह्यो । अलि तल आइपुगेपछि उसले आफूलाई कोका खोला र सर्दुले ढाँटेको थाहा पायो । कोका खोलालाई 'मास्तिर सुकिजा र तलतिर फुकिजा' र सर्दु खोलालाई पनि 'मास्तिर फुकिजा, तलतिर सुकिजा' भनेर श्राप दियो । त्यही श्राप लागेर कोका खोला मास्तिर सुकेको तलतिर फुकेको र सर्दु खोला मास्तिर फुकेको तलतिर सुकेको भन्ने कथन छ ।

रुवालुङ : एक शक्तिशाली नछुङ । रुवालुङ राईका पुर्खा । उहिले माझकिरात भोजपुर बोखिमको रहेको सुच्कालुङ राईको राज्य मारुवालुङ नामका ठुलो नछुङ थिए । उसले खोलाको माछालाई बाँसको पातले मारेर पाहुनालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खुवाउँथे । त्यो कुरा गाउँलेहरूले थाहा पाए उसलाई वोक्सा ठानेर धनुकाण र भालाहरूको सहायताले लखेटे । भाग्दै जाँदा माझकिरातको भोजपुर नजिकैको भालुढुङ्गा पुग्दा उसले एक जना गोठालालाई भेटेर आफूलाई वचाइदिन अनुरोध गऱ्यो । भकारीमा लुकाएर गोठालाले उसलाई वचायो । एकैछिनमा उसलाई लखेट्दै आएका गाउँलेहरू पनि आइपुगे । उसका वारे सोधीखोजी गरे । गोठालाले नदेखेको वतायो । गाउँलेहरू फर्किए । भालुढुङ्गामा वहुरूप धारण गर्न सक्ने, खुट्टाहरू पछाडि फर्किएका चायङ्नामकी लेम्लेमा (जङ्गली आइमाई) वस्थी जसले गाउँका वच्चाहरू त्यस ढुङ्गामा लगेर खान्थी । भालुढुङ्गाका गाउँलेहरूले रुवालुङलाई नछुङ्भएको थाहा पाएर चायङलाई मारेमा रोजीछानी एउटी छोरी दिने र वस्नलाई मन पर्ने जग्गाजमिन पनि दिने प्रस्ताव राखे । उसले चायङलाई मार्न सक्ने तर त्यसका लागि वाङ्ठेङ्लुङ (कडा चट्टानको हतियार) को ठुलो थुप्रो थुपार्नुपर्ने र उसले जहाँजहाँ वाङ्ठेङ्लुङले हान्छ, त्यहाँत्यहाँ उनीहरूले पनि हान्नुपर्ने वतायो । गाउँलेहरूले वाङ्ठेङ्लुङको ठुलो थुप्रो जम्मा गरे । मुन्दुम फलाक्दै रुवालुङ ढुङ्गाको टुप्पोमा गएर एक चक्कर लगाउँदा लेम्लेमा चायङ गुफावाट वाहिर निस्की । त्यसलाई मुन्दुम फलाक्दै रुवालुङ र गाउँलेहरूले वाङ्ठेङ्लुङले हानेर चायङ मारे । गाउँलेहरू धेरै खुसी भए । रुवालुङलाई रोजीछानी छोरी दिएर विवाह गरिदिए । आज पनि रुवालुङको सन्तान वताउने राईहरू त्यो ठाउँमा वसिरहेका छन् ।

रोदोबुङ : मुन्दुममा आउने फूल । मुन्दुमअनुसार यो फूल ढुङ्गामा फुल्ने फूल हो जुन कहिल्यै झर्दैन । यो फूल सवैले देख्दैनन् । यदि कसैले यो फूल देख्यो भने उसको शरीरमा यो फूलको छाया पर्छ र उसलाई नराम्रो हुन्छ भन्ने कथन छ । त्यसैले कसैमा यो फूलको छाया परिहालेमा नछुङले यो फूलको छायालाई पहिलेकै ठाउँमा सार्नुपर्छ ।

रोधुयूँको कथा : खोटाङको राजापानी गा.वि.स स्थित हातेल भन्ने ठाउँमा घरभन्दा ठुलाठुला तीनवटा ढुङ्गा तीनवटा गट्टी जस्तो खप्टिएको आज पनि देख्न सकिन्छ । जसलाई रोधुयूँ भन्ने वहादुरले खेलेको गट्टी हो भन्ने कथन छ । रोधुयूँ खोटाङ छोरम्वू गा.वि.स.को सापातेल गाउँमा वस्थ्यो । ऊ धेरै खन्चुवा र वलवान् थियो । उसका दुई जना श्रीमती थिए । एक दिनमा एक मुरीको भात खाने उसले काम पनि एक मुरी लाग्ने खेतबारी एकै दिनमा गरिसक्थ्यो । हिउँदमा पनि तर्न गाह्रो पर्ने खोटाङको साप्सु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खोला उसले एकै फड्कोमा तर्‍यो । घरभन्दा ठुलठुला डुङ्गाको गट्टी खेल्थ्यो । रोधुयूँले मुख आँ गरेपछि एक श्रीमतीले नाङ्लोबाट ताता तातो भात खन्याउनुपर्थ्यो भने अर्की श्रीमतीले घ्याम्पाबाट जाँड खन्याउनुपर्थ्यो । उसको खन्चुवा बानीले श्रीमतीहरू हैरान थिए । एक दिन एक श्रीमतीले रोधुयूँलाई तातोतातो भात नाङ्लोबाट खन्याइदिई । मुख तातो भएपछि अर्की श्रीमतीले बाबु (चाम्लिङ भाषामा चिण्डो)बाट जाँड खन्याइदिई । तर बाबुको मुख सानो हुँदा थोरैथोरै मात्र जाँड खस्दा सर्को परेर उसको मृत्यु भयो । चाम्लिङ भाषामा दिसा गर्ने ठाउँलाई खीला भनिन्छ । छोरम्बू गा.वि.स.को सापातेलमा खीला भन्ने गाउँ छ, त्यो ठाउँ रोधुयूँको दिसा गर्ने ठाउँ हो भन्ने कथन छ ।

रोंहोंमा : मुन्दुममा आउने एक प्रकारको च्याउ । मुन्दुमअनुसार रोंहोंमा च्याउ पृथ्वीमा सबैभन्दा पहिले उम्रिएको च्याउ हो । उनिउँ र धमिराको उत्पत्तिपछि उम्रिएको यो च्याउपछि मानिसको उत्पत्ति भएकाले यो च्याउ खानु हुँदैन भन्ने कथन छ । यो च्याउ घुम ओढेको नाङ्गो मान्छे हुने वर्णन मुन्दुममा आउँछ ।

रोंहोलाम : मुन्दुममा आउने बाटो । मुन्दुमअनुसार सहज मरण मरेकाहरूलाई यो बाटोबाट बाटो लगाइन्छ । असहज मरणबाट मरेकोलाई जस्तो सहज मरण मरेकोलाई दुईवटा बाटाको प्रयोग गरिँदैन । एउटै रोहोलाम (बाटो)को प्रयोग गरेर नछुङले सहज मरण मरेकोलाई टुङ्गोमा पुऱ्याउने विश्वास गरिन्छ ।

लादिहों पितिहों : मुन्दुममा लादि (जून) र पिति (तारा)हरूलाई कसैमाथि अप्ठ्यारो आइलाग्दा, वैरी आइलाग्दा जोगाउने शक्ति र अलमलमा पर्दा आँखा देखाउने शक्तिका रूपमा लिइएको पाइन्छ ।

लिम्चिङबुङ : दिदी जाउमा र बहिनी ख्लिउमाले आमाबुवा खोज्न लेकतिर र बेसीतिर बाँडिँदा बिरामी भए वा आपत् आइलागेको थाहा पाउन एकएकवटा एक लिम्चिङबुङ रोपेर छुट्टिएको वर्णन मुन्दुममा पाइन्छ । मुन्दुमअनुसार बोबोपले ख्लिउमालाई मार्दा ख्लिउमाले रोपेको लिम्चिङबुङ ओइलायो तर जिउँदो र बहिनी ख्लिउमा खोज्ने दिदी जाउमाले रोपेको लिम्चिङबुङ भने ओइलाएन ।

लिब्जु : उहिले सुनकोसीनजिकैको चार डाँडाबिचको गाउँमा चार जना किराती राई सिकारी दाजुभाइ बस्दथे । सिकारबाट घर फर्कने समयमा उनीहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकअर्कालें कराएर इसारा गर्थे । एक दिन चारै जना घर फर्कने बेला सधैँझैं कराउँदा चारचोटि आवाज हुनुपर्ने तर पाँचचोटि भयो । चार जना दाजुभाइमध्ये कसले एकचोटि बढी करायो भनेर सोधखोज भयो तर कसैले पनि दोहोऱ्याएको स्विकार गरेनन् । अर्को दिन घर फर्कने बेलामा फेरि चारै जना कराए तर पाचौँचोटि नै आवाज आयो । अरू कोही पाँचौं व्यक्ति छ भन्ने लागेर खोजी गर्दा उनीहरूले ठुलो रूखको टोड्काभित्र एउटा बालक भेट्टाए । टोड्काबाट उसलाई होसियारपूर्वक निकाली गाउँ ल्याए । गाउँमा सन्तानविहीन नाक्सो परिवारले त्यस बालकलाई छोरा मानी पाल्नलाई सुम्पिदिए । त्यस बालक हुर्किंदै जाँदा त्रिकालदर्शी बन्यो । उसले बताएको कुरा सत्य हुन थालेपछि गाउँलेहरू डराए । एक दिन गाउँलेहरूले उसलाई डाँडा कटाएर मधेसमा छाडेर आए । बालकलाई मधेसमा छाडेर आएपछि गाउँमा पानी पर्न छाड्यो । खडेरीले हाहाकार मच्चियो र सानातिना जीवजनावरहरू नासिए । नाक्सोले बालकलाई गाउँबाट निकालेकाले पानी पर्न छाडेको जोखना देखायो । उसले मुन्दुम फलाक्दै फकाएर मधेसबाट त्यस बालकलाई फर्काएर ल्याएपछि गाउँमा पानी पर्न थाल्यो । डाँडाकाँडा हराभरा हुन थाल्यो । आजभोलि उक्त गाउँमाथिको डाँडालाई लिब्जु (त्यस क्षेत्रमा बसोबास गर्ने बाम्बुले राई भाषामा 'युग फर्काउनु') भनिन्छ ।

वाइको : नागराजा र नागरानीको छोरी राजकुमारी नायुमासँग किरात राईका आदिम पुर्खा रैछाकुप्पाको घरजम भएकाले वाइको (पानी)को पूजा गर्ने प्रचलन बसेको मानिन्छ । किनभने नायुमा पानीको संसारबाट आएकी थिई । त्यस्तै मुन्दुमअनुसार उहिले पानीपानी थियो । बिस्तारै पानीको फिँज निस्कियो । फिँजबाट दर्शनढुङ्गाको उत्पत्ति भयो । दर्शनढुङ्गाको चेपमा फिँज अड्किएर घाम, पानी र पानीको फिँज मिलेर त्यहाँ उनिउँ उम्रियो । उनिउँको पात दर्शनढुङ्गामाथि झरेर पानी, पानीको फिँज र घाम मिलेर धमिराको उत्पत्ति भयो । धमिरा, पानी, पानीको फिँज, दर्शनढुङ्गा, उनिउँ र घाम मिलेर माटाको उत्पत्ति भयो । धमिरा, पानी, पानीको फिँज, दर्शनढुङ्गा, उनिउँ, माटो र घाम मिलेर निबु (देउले च्याउ) उम्रियो । धमिरा, पानी, पानीको फिँज, दर्शनढुङ्गा, उनिउँ, माटो र निबु र घाम मिलेर खुम्लेकिराको उत्पत्ति भयो । धमिरा, पानी, पानीको फिँज, दर्शनढुङ्गा, उनिउँ, माटो र निबु, खुम्लेकिरा र घाम मिलेर सृष्टिको पहिलो स्त्री रिभ्याँमा र सृष्टिको पहिलो पुरुष रिकपाको उत्पत्ति भयो । यसरी मानिसको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्पत्तिमा पानीको भूमिका रहेकाले किरात राईहरूले वाइको (पानी) को पूजा गर्ने गर्दछन् ।

वाखापोप्पी, कला र सङ्गीतको उत्पत्ति : सृष्टिकर्ता सुम्निमा र पारोहाङले उत्पत्ति गरेको रुमुहाङले एक दिन सपनामा पाएर मालिङ्गो, मलिवाँस, देउनिगाला र परेङको दाउरा थुपार्दा आकाशमा बिजुली चम्किएर दाउराको थुप्रोमा चट्याङ पऱ्यो, आगो बल्यो र सम्पूर्ण दाउरा खरानी भयो । रुमुहाङले सिरुको पातमा अल्भेको शीतले खरानी मुछेर डल्ला पारी दश दिन दश रात ओसिलो उन्युघारीमा राखी नायुमा (सृष्टिको एक महिला)लाई बोलाई । खरानीको डल्लालाई मुखबाट "हुँ" भनी बोलाए । खरानीको डल्लाले "अई" भनेर जवाफ दियो । खरानीको डल्ला महिला भइन् र रुमुहाङ पाँचौँ दिनमा उनको नाम वाखापोप्पी राखिदिए । वाखापोप्पी ठुली भइन् । उनलाई आफू एक्लो भएको महसुस हुन थाल्यो । उनले जोडी खोजिन् तर कतै पाइनन् । यसरी विरहले वाखापोप्पी रूखमा चढेर पात बजाउन थालिन्, सुइसुइला लाउन थालिन् । यसरी पात बजाउँदा र सुइसुइला लाउँदा एक प्रकारको मिठो आवाज निस्कियो र वाखापोप्पीको एक्लोपन केही हदसम्म कम भएजस्तो भयो ।

वापासिलीको उत्पत्ति : उहिल्यै कृषि युग सुरु हुनुभन्दा अघि दुई नाना (दिदी) तयामा, खियामा र भाइ रैक्षाकुप्पाको लामो समयसम्म भेट भएन । रैक्षाकुप्पाले सबै चराचुरुङ्गी र किराफट्याङ्ग्रालाई तयामा र खियामालाई खोज्न पठायो तर कसैले पनि ल्याउन सकेनन् । एक दिन रैक्षाकुप्पाले एउटा भालेलाई तयामा र खियामालाई लिन पठायो । भालेले तयामा र खियामा छेउ गएर भन्यो "रैक्षाकुप्पा" । मरेको भनेको भाइको नाम सुनेर तयामा-खियामाले भालेलाई पछ्याउँदै जाँदा रैक्षाकुप्पालाई भेटेर खुसी भए । रैक्षाकुप्पा पनि दिदीहरूलाई देखेर खुसी भयो । दिदीभाइको पुनर्मिलनले खुसी भएर भाले पनि एउटा खुट्टाले टेकेर दायाँदेखि बायाँ, बायाँदेखि दायाँ फनफनी नाच्न थाल्यो । तयामा-खियामा र रैक्षाकुप्पा पनि भाले जस्तै नाच्न थाले । बिछोड भएकाहरूको मिलनको उत्सवमा नाचिने यो सिली (शैली) किरात राईहरूको साकेलामा नाचिने प्रमुख सिलीहरूमध्येको एक हो ।

वाबु र चिपु : मुन्दुमअनुसार एउटा लहराको एउटा आँख्लामा वावु (चिण्डो) फल्यो र अर्को आँख्लामा चिपु (कुभिण्डो) फल्यो । एक दिन वावु छिप्पिएर सुकेर पानी भर्न, अरू तरल पदार्थ राख्न र बिउहरू राख्न काम लाग्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भयो । तर कुभिण्डोचाहिँ कुहिएर गयो । यसरी किरात समुदायमा वावुलाई जीवनको प्रतीक र चिपुलाई मृत्युको प्रतीकका रूपमा लिइन्छ । नछुङहरूले दशाग्रह कटाउन मृत्युको प्रतीकस्वरूप चिपु काट्छन् ।

वामामा : उहिले सबै चराहरूमा सवैभन्दा वढी को उड्न सक्ने भनेर चलेको वाजीमा चिलले आफूसँग भएको वहुमूल्य चीज वामामा (कुखुराको पोथी) लाई राख्न दिएर सहभागी भयो । वामामाले हराउला भनी चिलले राख्न दिएको चीज माटोमा पुरेर राख्यो । धेरै समयपछि चिल सवैसँग वाजीमा हारेर आयो । उसले आफूले राख्न दिएको चीज पोथीलाई माग्यो । वामामाले त्यो चीज राखेको ठाउँ बिर्सिसकेको थियो । उसले जताततै भुइँको धुलो खोस्रिन थाल्यो तर कहीँ भेटेन । वामामाका चल्लाहरू नजिकै चरिरहेका थिए । चिलले चल्लाको नरम भुवामा लुकाएको छ कि भनेर चल्लाहरू टिप्दै खोज्न थाल्यो । सवै चल्लाहरू टिपेर लग्यो र तर उसले वामामालाई राख्न दिएको चीज भेटेन । त्यसैले आज पनि आफ्नो वहुमुल्य चीज लुकाएको छ कि भनेर चिलले चल्लाहरू टिपेर लान्छ भन्ने कथन छ ।

शिर उभ्याउने : उहिले पहिलो युगमा भुसुरीहरूको एउटा चेली थिइन् । भुसुरीहरूको शक्ति उनीहरूको चेलीमा थियो । चेली मुन्दुमको ज्ञाता थिइन् । उनी मुन्दुमद्वारा माइतीहरूलाई शक्ति दिन्थिन् र माइतीहरू जङ्गल गएर मृग, वँदेल र घोरलहरू सिकार गरेर ल्याउँथे । सिकार गरेर ल्याएका जनावरहरू केराको पातमा भाग लगाउँथे र चेलीलाई पनि भाग लगाउन कहिल्यै विर्सँदैनथे । एक दिन सदाझैँ भुसुरीहरूले सिकारवाट जनावर मारेर ल्याए र सवैलाई भाग लगाए । धेरैवेर पर्खिए तर चेली आइपुगिन । रात पर्दा पनि नआएकाले उनीहरूले चेली वस्ने ठाउँमा नै लगेर राखिदिएर हिँडे । माइतीहरू हिँड्नेवित्तिकै चेली आइपुगी तर त्यहाँ न माइतीहरू थिए न उनको आफ्नो भाग । चित्त दुखाएर ऊ माइतीहरूलाई कहिल्यै नभेट्ने गरी त्यहाँवाट धेरै टाढा गई । चेलीलाई भुसुरीहरूले धेरै पर्खे, धेरै खोजी गरे तर भेटेनन् । चेलीले दिने मुन्दुमद्वारा शक्ति नपाएर भुसुरी कमजोर हुँदै गए । उनीहरूलाई विभिन्न रोगव्याधि लाग्न थाल्यो । आज पनि किराती राई समुदायमा चेलीले माइतीको शिर नउभ्याएसम्म शिर ढल्ने विश्वास छ र पहिले चेलीले माइतीको शिर उभ्याएपछि मात्र शुभ कार्य, नयाँ काम र विवाह गरिने चलन छ ।

साकुमाङ : उहिल्यै थाम्पुङ नामका किरातीले सिकार गर्दा सायाकुरुक/थुक्कु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ढुकुर) मारेर खाएछन् । पछि सायाकुरुक फालेको ठाउँमा धान र कोदो फलेछ । सायाकुरुकले खाएर नमरेको हुनाले थाम्पुङले पछि खाएछन् । नराम्रो नगरेको व्यवस्थित र पर्याप्त रूपमा उत्पादन गर्नको खेती गर्न थालेछन् । सिकारी युगदेखि कृषियुगमा प्रवेश गराउनमा सायाकुरुकको महत्त्वपूर्ण भूमिका रहेकाले आज पनि किरातहरूमा साकुमाङ (ढुकुरको पूजा) गर्ने चलन छ ।

साकेला (उभौली–उधौली) : उहिले जति विउ छर्दा पनि केही पनि विउ उम्रेन । सुम्निमा र पारोहाङका सन्तानहरू भोकभोकै मर्न थाले । पृथ्वीमा मानिस लोप हुने अवस्थामा पुग्यो । यस्तो अवस्थादेखि सुम्निमाले आफ्ना सन्तान होंछाको सपनामा भेट दिइन् र विउ छर्दा र वाली उठाउँदा पुर्खा र प्रकृतिलाई नसम्झेकाले अन्नवाली नउब्जेको वताइन् । विउ छर्दा र वाली उठाउँदा पुर्खा र प्रकृतिलाई सम्झनु सुझाइन् । होंछाले विउ छर्दा र वाली उठाउँदा पुर्खा र प्रकृति सम्झ्यो र छरेको विउहरू उम्रियो र अन्नवालीहरू प्रशस्त उब्जाउ हुन थाल्यो । किरात राई समुदायमा आज पनि विउ छर्दा वाली राम्रो होस् भनेर वैशाखमा उभौलीमा पुर्खा र प्रकृतिसँग आशिष् मागिन्छ र नयाँ वाली उठाउने समयमा पुर्खा र प्रकृतिलाई नयाँ वाली चढाउँदै, पृथ्वीमा विउ वचाएर राख्ने वाचा गर्दै नयाँ वाली चलाउनका लागि अनुमति माग्दै मङ्सिरमा उधौली मनाउने चलन छ ।

साढाम्चो : उहिले वाम्वुले राईहरूको पुर्खा साढाम्चो वल्लोकिरातस्थित ओखलढुङ्गाको उँवूमा वस्दथे । उनीहरू वाम्देल पोखरीमा पसेर निस्कँदा वाघ हुन्थे । सिकार खेल्न जाँदा उनीहरू पोखरीमा पस्दथे र बाघ भएर वनको जनावरहरूको सिकार गर्दथे । सिकारवाट फर्केपछि फेरि पोखरीमा पस्दथे र मानिस भएर सिकार लिएर घर फर्कन्थे । एक दिन साढाम्चोको ज्वाइँले उनीहरूका चेलीले वच्चा जन्माएको समाचार दिन उँवू आए । साढाम्चोहरू खुसीले गद्गद भए र आफ्ना चेलीलाई ताजा र तागतिलो मासु खुवाउन सिकार खेल्न जाने निधो गरे । उनीहरूले ज्वाइँलाई पनि साथै लिएर सिकार खेल्न गए । उनीहरूले पोखरीमा एकचोटि हामफालेर वाघ हुने र सिकार खेलेर आएपछि फेरि पोखरीमा हामफाली मानिस भएर घर फर्कने हुँदा ज्वाइँलाई नडराउन सचेत गराए । उनीहरू पोखरीमा हामफालेर वाघ हुनेवित्तिकै ज्वाइँ आत्तिएर डराएर भाग्न थाल्यो । अरू गाउँको मानिसले थाहा पाउँछन् भनेर उनीहरूले ज्वाइँलाई सम्झाउन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खोजे तर ज्वाइँ भागेको भाग्यै गऱ्यो र अन्त्यमा भीरबाट खसेर मऱ्यो । चेलीलाई कसरी मुख देखाउने भनेर सिकार खेल्न गएका साढाम्चोहरू वाम्देल पोखरी नफर्की वनतिरै बस्न थाले ।

साप्सालुङ : मुन्दुमअनुसार घरभित्रको आवाज नआउने ठाउँ । यस्तो ठाउँलाई नराम्रो ठाउँ मानिन्छ । नछुङले वाबुको जाँडले हानेर यसको मेख मार्छ ।

साभुङ : उहिले पौवा क्षेत्रमा ज्यादै सम्पन्न, शक्तिशाली र लोकप्रिय खेसाङ राज्य थियो । त्यस राज्यका हाङ (राज)ले आफ्ना प्रजालाई हरेक दुःखसुखमा साथ दिने र सबैलाई मिलाएर राखेका थिए । प्रजाहरू दिनभर जङ्गलमा सिकार खेल्न जान्थे र साँझमा उत्तरी भेकको एउटा ठुलो चउरमा भेला भएर आआफूले मारेका सिकारहरू जम्मा गरेर सबैलाई दामासाहीमा बाँड्थे । त्यही सिकारहरू जम्मा गर्ने ठाउँलाई नै साभुङ भनियो । दुङमाली भाषामा 'सा' भनेको 'मासु' र 'भुङ' भनेको 'थुप्रो' हो । अहिले साभुङ अपभ्रंश भई सावुङ भएको छ । हाल यो भोजपुरको जिल्लाको तिवारीभन्ज्याङ गा.वि.स. मा पर्छ ।

सारीमरी : मुन्दुमअनुसार उहिले किरातीहरू नीनाम्मा (आकाश) मा हुँदा वापा (भाले) ले सारीमरी (दुःख बिमार, रोगव्याधि) आइलाग्दा सहयोग गर्दथ्यो । किरातीहरू बुखामा (पृथ्वी) मा उत्पत्ति भएपछि उनीहरूको सारीमरी झन् बढ्यो र त्यो हटाउन वापाको उत्पत्ति भयो । आज पनि किरातीहरूलाई सारीमरी पऱ्यो भने भाले चढाएर पूजा गरिन्छ । भालेलाई सारीमरी हटाउनका लागि उत्पत्ति भएको बताइन्छ ।

साल्पा पोखरी : भोजपुरको दक्षिणी भेगमा अवस्थित प्रसिद्ध पोखरी । मुन्दुम-अनुसार किरातको पुर्खा सुम्निमा र पारोहाङ लुकामारी खेल्दा पारोहाङ लुकेको पोखरी । उभौली र उधौलीमा जीवनमा साल्पा पोखरी गएमा सुम्निमा र पारोहाङको आशिष् मिल्छ भन्ने किरात राई समुदायमा विश्वास गरिन्छ ।

सुनकोसी दिदी र दुधकोसी बहिनी : दिदी सुनकोसी र बहिनी दुधकोसी एक दिन समुद्र भेट्न जाने भए । सुनकोसी उत्तरदेखि दक्षिणतर्फ र दुधकोसी उत्तरदेखि पूर्व हुँदै बग्ने भए । भेट गर्ने ठाउँमा पुग्नअघि वरपिपल रोप्दै जानुपर्ने सर्त थियो । बग्दै जाँदा सुनकोसीले इन्द्रावती, लिखु, भोटेकोसी, तामाकोसी र मोलुङखोला भेटेर हाँसखेल रमाइलो गर्न थाली । बहिनीसँग गरेको सर्त बिर्सेर वरपिपल नरोपी समुद्रतिर लागी । बाचाअनुसार महाभारत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वत शृङ्खलाभन्दा केही माथि रहेको थुम्कामुनि भेट्ने सर्त थियो । त्यो थुम्को देख्दा मात्र उसलाई बहिनीसँग गरेको बाचाको याद भयो । दुधकोसी भने किनारमा वरपिपल रोप्दै अघि बढी । र भेट्ने बाचा राखेको ठाउँ आइपुग्न लाग्दा दिदीकहाँ आइपुगी भनेर हेर्दा बाचा पूरै नगरी धेरै अघि गइसकेको देखी । दिदीसँग उठ्नुसम्मको रिस उठेर उसले वेगले दिदीको बाटो छेक्ने गरी अगाडि बढी । अहिले पनि सुनकोसीको ठुलो वेग भएर पनि दुधकोसीको वेगले छेडिरहेको देख्न सकिन्छ । जालझेल गर्न नजान्ने भएको दुधकोसी सधैँ कञ्चन र सफा बग्छ तर बाचा र सर्त पूरा नगरेकाले सुनकोसी हिउँदमा पनि धमिलो बग्छ । बाचा पूरा गरेकाले दुधकोसीको किनारमा प्रशस्त मात्रामा वरपिपल छ र बाचा पूरा नगरेकाले सुनकोसीको किनारमा कम वरपिपल छ भन्ने विश्वास छ ।

सुरुम्मी (सुर्लुम्मी) : मुन्दुमअनुसार सुरुम्मी (सुर्लुम्मी) मान्छेमा पहिलो नछुङ थिए । पहिलो सुरुम्मी हर्कवुङ थिए । हर्कवुङभन्दा अघिको नछुङ स्याम्नेकाकु (कुक्कुचरा) र बूखुवा (कुथुर्के) चराहरू थिए । उनीहरू र हर्कबुङलाई मपा (झाँक्री) चिनिमाले नछुङ बनाएकी थिइन् । आफैँ मुन्दुम जान्ने र आफैं नछुङ निस्किनेलाई मपा भनिन्छ । मानवशास्त्रीहरूका अनुसार हर्कबुङलाई मातृसत्तात्मक समाजव्यवस्थाबाट पितृसत्तात्मक समाजव्यवस्थामा प्रवेश गर्ने बखतको अगुवाको रूपमा लिइन्छ ।

सोङ्देल र बाङ्देल : उहिले हिमालय दक्षिणमा किरात राज्यमा योँवमा नाम गरेका राजाको सों र वों नाम गरेका छोराहरू थिए । उनीहरू सिकार खेल्दै अहिलेको खोटाङ जिल्लास्थित रावा खोलाछेउ पुगे । सों रावा खोलाको शिरतिर सिकार खेल्दै लाग्यो र उतै वसोबास गर्न थालेपछि त्यस ठाउँलाई सोंदेल भनिन थालियो । त्यस्तै बों वसोबास गरेको ठाउँलाई बोंदेल भन्न थालियो । अहिले सोंदेल्लाई सुङ्देल् र बोंदेल्लाई बाङ्देल् भनिन्छ । बाङ्देलबाट बोंका सन्तानहरू अन्यत्रै बसाइँ सरेपछि त्यहाँ नाछिरिङहरू बस्न थाले । सुङ्देलमा भने सोंकै सन्तानहरू वसिरहे । सुङ्देलमा बसोबास गर्ने कोयी राईहरू तिनै सोंको सन्तानहरू भएको भनाइ छ ।

सोध खो : मुन्दुमअनुसार भालेले भाइ खक्चुलुक्पाको घर पुऱ्याएपछि दिदी तयामा र खियामाले भाइलाई कोसेलीस्वरूप आफ्ना आठआठवटा प्वाँख दिएका थिए । सोह्रवटा प्वाँख दिएकाले खक्चुलुप्पाले सोधनीबापत दिदीहरूलाई सोह्रैवटा भाँडाहरू दियो । त्यो चलनपछि गएर 'सोध खो' को रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रह्यो । आज पनि माइतीको विहेमा चेलीहरूले सायाऱ्याम्मा (माइत) राखेपछि चेलीलाई 'सोध खो' स्वरूप दुईवटा तामाको भाँडा दिने चलन छ ।

सोपूको पानी : उहिले माझकिरात, रिव्दुम थुममा नरजीतहाङ नाम गरेका एक किरात राजा थिए । एक दिन उनको भाइ समरत्थको भाउजूसँग अवैध सम्वन्ध रहेको पोल नरजीतहाङलाई कसैले सुनाए । उसले भाइ समरुत्थलाई काटेर सोपू खोलामा तरवार धोयो । तर समरुत्थको गर्दनवाट रगतको साटो दुधको धारा वगेकोले भाइ निर्दोष भएको थाहा भयो । पश्चात्तापले ऊ रिव्दुङवाट पलायन भयो । सोपू खोलामा समरत्थ काटेर तरवार धोएको हुनाले आज पनि रिव्दुङको खम्बू (राई)हरूले सोपूको पानी खाँदैनन् ।

सोलेलुङ : उहिले वराहा पोखरी र रौताहा पोखरी दुवै सुन्दर थिए तर एकअर्काको खुव ईर्ष्या गर्ने उनीहरूको झगडा परिरहन्थ्यो । एक दिन रौताहापोखरीले त्रियुगा खोलाको माछैमाछाले वराहा पोखरीलाई हिर्कायो भने वराहा पोखरीले रौताहा पोखरीलाई भ्यागुतैभ्यागुताले हिर्कायो । त्यो झगडा देखेर सोलेलुङ (सोलेढुङ्गा) हाँस्यो । उसलाई पनि वराहा पोखरीले भ्यागुतैभ्यागुताले र रौताहा पोखरीले माछैमाछाले हिर्काए । त्यसरी रौताहाले त्रियुगा खोलाको माछैमाछाले हिर्काएकाले आज पनि वराहा पोखरीमा माछैमाछा भएको र वराहा पोखरीले भ्यागुताभ्यागुताले रौताहा पोखरीलाई हिर्काएकाले रौताहा पोखरीमा धेरै भ्यागुता भएको विश्वास गरिन्छ । दुवै पोखरीको झगडा हुँदा सोलेलुङमा ठोक्किएकाले सोलेढुङ्गाको फेदीमा ठुलो पहिरो जान थालेको किंवदन्ती छ । सोलेलुङ अहिलेको खोटाङको बडाकादियाले गा.वि.स. र इन्द्रेणीपोखरी गा.वि.स. को सिमानामा पर्छ । सोलेलुङमा भ्यागुता र माछाहरूको डोव देख्न सकिन्छ ।

हँछा : मुन्दुमअनुसार पारोहाङ र नाइम्माको पाँच सन्तानमध्ये हँछा एक सन्तान थिए । माछा मार्नु जाँदा जतिचोटि फाल्दा पनि एउटा डिम्वा आकारको ढुङ्गा परेकोपरेकै गरेकाले उनले त्यो ढुङ्गा घर ल्याए । पछि उनी घरमा नभएको वेला पानी भरिदिने गरेकाले चियो गर्दा एउटा सुन्दर युवती देखे र ती युवतीलाई पक्रिए । ती युवतीले आफू नागराजाका छोरी नायुमा (सिकुरिमा) भएको वताइन् । उनीहरूले घरजम गरे । हँछा र नायुमाका मुकुम्वुङ (भोटतिर वस्ने), हर्कम्वुङ (हिमालमुनि वस्ने) र रिव्लवुङ (पहाडमुन्तिर वस्ने) गरी तीन जना सन्तानहरू थिए । पछि उनीहरूका सन्तानहरू डाँडाकाँडा फैलिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिक्मेल्का लऱ्युम बाइरा : दिदीहरू जाउमा र ख्लिउमाले मऱ्यो भनेको भाइ खक्चिलपलाई खासमा हिक्मेल्का लऱ्युम वाइरा (थुलुङ भाषामा भोकको देउता)ले लग्दा वेहोस (हिक्मेल्का लऱ्यु) भएको मुन्दुम पनि छ ।

हुलुप्पा र हुलुप्मा पोखरीको उत्पत्ति : वराहापोखरी उत्पत्तिको कथा हुलुप्पा र हुलुप्मा नामका किराती पुर्खासँग गाँसिएको छ । किंवदन्तीअनुसार आदिमकालमा माझकिरातीस्थित खोटाङ रोकोङ्वोव्वी अर्थात् किराती पुमा राईहरूको गाउँमा वुढावुढी हुलुप्पा र हुलुप्मा वस्थे । एक दिन उनीहरूले सवै गाउँलेहरूलाई भेला गरेर निनाम्माहोङ (आकाशको देवता) र निनाम्माहोङ्मा (आकाशको देवी) आएर जलप्रलय हुने भएकाले डाँडामा गएर झैझगडा नगरी वस्न भने । हत्याहिंसा र महामारी भए सहयोग गर्ने पनि वताए । गाउँलेहरू डाँडातिर लागे । एकाएक सवैतिर कम्पन भयो । हुलुप्पा र हुलुप्माको घरको भुइँ चर्कियो । भुइँबाट विस्तारै पानी आउन थाल्यो । निनाम्माहोङ र निनाम्माहोङ्मा इन्द्रेणी माछाको रूपमा अगेनामा प्रकट भए । गाउँ डुवेर विशाल पोखरी वन्यो । हुलुप्पा र हुलुप्मा त्यहीं पोखरीमा अदृश्य भए । गाउँलेहरू हुलुप्पा र हुलुप्माले दिएका उपदेश विर्सेर आपसमा झैझगडा गर्न थाले । झैझगडाको अन्त्य गराउन निनाम्माहोङ र निनाम्माहोङ्माले महामारी चलाए । अकालमा मानिसहरूको मृत्यु हुन थाल्यो । आफ्नो शाखासन्तान नै मासिने चिन्ताले पुमासोहोन (पुमा वस्ती), वान्तावासोहोन (वान्तावा वस्ती), चाम्लिङसोहोन (चाम्लिङ वस्ती), कुलुङ्सोहोन (कुलुङ वस्ती) र छुलुवारसोहोन (छुलुवार वस्ती) का किराती दोवा (मुन्दुमप्राप्त व्यक्ति) हरू भेला भए । सवैको सल्लाहवमोजिम हुलुप्पा र हुलुप्मापोखरीमा गएर मुन्दुम फलाक्दै जोखना हेर्दै गर्दा चुला काम्नु थाल्यो । एउटा दोवाले हतियारले चुला काट्दा त्यसबाट रगत आयो । सवै जना चकित भए । उनीहरूले चुल्हामा पुर्खाको शक्ति रहेको थाहा पाए । उनीहरूले मुन्दुम फलाक्दै अदुवासहितको सोलेन्वाले पछिँदै पूजा गरे । राति सपनामा होङ (देवता) आएर उहिले हुलुप्पा र हुलुप्मालाई सुव्यवस्थासँग रहनका लागि सन्देश दिन पठाए पनि गाउँलेहरूले उक्त सन्देशको पालना नगरेकाले महामारी फैलिएको वताए । अबदेखि हुलुप्पा र हुलुप्मा वसेको पोखरीमा गई पूजा गरेमा र आपसमा झगडा नगरी मिलेर वसेमा महामारी हट्ने पनि होङले वताए । हुलुप्पा र हुलुप्मापोखरीमा गाउँहरूले पूजा गर्न थाले र झगडा नगरी मिलेर वस्न थाले । गाउँमा फैलिएको महामारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रोकियो । आज पनि उक्त पोखरीमा मानिसहरू टाढाटाढा बाट गएर पूजा गर्छन् । त्यो पोखरीलाई आजभोलि बराहापोखरी पनि भनिन्छ ।

होम्बारक याबा र छारा याबा : उहिले आठपहरिया राई समुदायमा दाजुभाइ होम्वारक यावा र छारा महसुरका तान्त्रिक थिए । उनीहरूविचमा को शक्तिशाली भनेर बेलाबेला द्वन्द्व चल्थ्यो । तमोरनजिकै जङ्गलमा डाडक्मालुङ नामको एउटा ठुलो पोखरीमा नागराजा र नागरानी बस्दथे । एक दिन होम्वारक यावा र छारा यावामा कसले ती नागहरूलाई मार्न सक्ने भनी प्रतिस्पर्धा भयो । पहिले दाजु होम्वारक यावा पोखरीमा पसी युद्ध गर्ने भयो । उसले नसकेमा छारा यावाले युद्ध गर्ने भयो । पोखरीको पानीको सतहमा दुधजस्तो सेतो पाती आइन्जेल जिउँदै रहेको र रगत उम्लेर आएमा मरेको सम्झनलाई बाँदरलाई साक्षी राखे । होम्वारक यावा युद्ध गर्न पोखरीमा पस्यो । धेरैबेर ऊ र नाग राजारानीविच युद्ध भयो । सुरुमा पोखरीको सतहमा दुध जस्तो भुल्का आइरह्यो । छारा यावा दाजुले युद्ध जितिरहेकोले वाँदरसँग मिलेर खुसी मनाइरह्यो । निकैबेरपछि नाग राजारानीलाई वशमा पारेर होम्वारकले मारिदिँदा तिनको रगतको भुल्का पोखरीमा निस्कियो । भाइले दाजुलाई नागले मारेको ठानी छारा यावा डरले खोलैखोला भागेर लुङ्धाङ पुग्यो । त्यसपछि लुङ्धाङको नाम छारागाउँ रहन गयो भन्ने कथन रहेको छ । एकछिनमा होम्वारक नाग राजारानीको मृत शरीर बोकेर सतहमा आयो । होम्वारक यावाले जितेकोमा बाँदर खुसीले नाच्यो । छारा यावाले होम्वारक यावालाई ढाँटेको हुनाले बाँदरहरूले छारा यावालाई विश्वास गर्न सकेनन् र उनीहरू छारा यावाहरूसँग गएनन् र होम्वारक यावासँग मात्रै बस्न थाले । त्यसपछि छारा यावा बस्ने छारागाउँमा बाँदर नपाउने र होम्वारक यावा वस्ने गाउँमा मात्र पाउने विश्वास छ ।

ह्युसुल्ली र नायिहोङ्मा तोङ्पिहोङ्मा : कोयूहरूको पुर्खा बाजेको नाम ह्युसुल्ली थियो । उनी मुन्दुमवेत्ता र सिकारमा पोख्त थिए । उनी शव्दभेदी वाणद्वारा सजिलै जस्तोसुकै सिकारको पनि वध गर्न सक्थे । त्यही ठाउँमा कुलुङको नायिहोङ्मा तोङ्पिहोङ्मा नाम गरेकी असाध्यै सुन्दरी छोरी थिई । उनी ह्युसुल्लीलाई औधी मन पराउँथी । तर यसवारे ह्युसुल्लीलाई कुनै अत्तोपत्तो थिएन । कुलुङ कन्यालाई भने आफूलाई ह्युसुल्लीले वेवास्ता गरेको भान पऱ्यो र वदला लिने योजना वनाई । एक दिन सदाझैं ह्युसुल्ली सिकार खेल्न जङ्गल गयो तर उसले कुनै पनि चराचुरुङ्गी र जीवजनावर देखेन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नजिकै उसले एउटा सेतो मृग मात्र देख्यो । झटपट त्यसलाई वाण चलायो तर लाग्दै लागेन । उसले अरू वाण पनि खुरुखुरु ताकेर मृगलाई चलायो तर पनि लाग्दै लागेन । कहिल्यै नचुक्ने शब्दभेदी वाण चुक्दा ऊसको मनमा चिसो पस्यो । के भएको रहेछ भनी मुन्दुम फलाकेर वाण चलाउँदा सेतो मृग बनेकी नायिहोङ्मा तोङ्पिहोङ्मा पनि मुन्दुम फलाक्दै वाण छल्न थाली । जस्तो वाण चलाए पनि लाग्दै नलागेपछि ऊ शिर ढलेर मरेतुल्य घर फर्कियो । नायिहोङ्मा तोङ्पिहोङ्मा भने ह्युसुल्लीलाई वदला लिन पाउँदा अत्यन्त खुसी र आनन्दित भई । पछि ह्युसुल्लीले नायिहोङ्मा तोङ्पिहोङ्माको मुन्दुमी ज्ञानले निसाना चुकेको चाल पायो । नायिहोङ्मा तोङ्पिहोङ्मालाई विहे गरेर तह लगाउने योजना वनायो । तर चलाख नायिहोङ्मा तोङ्पिहोङ्माले चाल पाएर वदला नलिने भए मात्र विवाह गर्ने सर्त राखी । त्यसपछि उनीहरूको विवाह भयो ।

❑

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डोटेली

अछामकी कालिका : *भगवतीले भण्डारी ब्राह्मणलाई सपनामा गरेको निर्देशनले स्थापित मन्दिरको कथा ।* अछाम जिल्लाको अत्यन्तै रमणीय एक डाँडाको सिरानमा अछामकी भगवती कालिका माताको प्राचीन मन्दिर अवस्थित छ । प्राचीन कालदेखि त्यसै डाँडाको वाल्लाखाँद भन्ने ठाउँमा रहेको कालिका भगवतीले घुघुरकोट निवासी भण्डारी ब्राह्मणलाई सपनामा भनेछन्, 'मलाई यस ठाउँबाट कालालेकको अग्लो सिरानमा स्थापना गर्नु । त्यसपछि तिम्रो र यस भेगका सम्पूर्ण लोकको भलो हुनेछ । तिम्रो सन्तान रहनेछ ।' यस्तो सपनापश्चात् उनले ती कालिका भगवतीलाई विधिवत् रूपमा त्यस डाँडाको सिरानमा स्थापना गरेको किंवदन्ती रहेको छ । उक्त कालिका भगवतीको पूजा श्रावण शुक्ल चतुर्दशीका दिन विशेष रूपमा हुने गर्दछ ।

आथरो : *प्राकृतिक रूपमा प्वाल परेको ढुङ्गाको मिथक ।* प्राकृतिक रूपमा प्वाल परेको ढुङ्गा । कुरुक्षेत्रको लडाइँमा वीरहरू घायल हुँदा तिनका शरीरबाट उछिट्टिएर परेको रगतको छिटाले ढुङ्गाहरूमा प्वाल पर्न गएको हो भन्ने किंवदन्ती डोटी राज्यमा पाइन्छ ।

कण्णारक : *लुतो आदि रोगको कारक तत्त्व मानिएको एक पौराणिक मानवेतर दुष्ट र रहस्यमय प्राणी ।* जनविश्वासअनुसार यसलाई पन्छाउनका लागि साउने सङ्क्रान्तिका दिन साँझमा विशेष पूजा गरी लुतो फालेर सेलाइन्छ । वालीमा रोग नलागोस् भनी अम्बाको हरियो हाँगा खेतको विचमा गाड्ने गरिन्छ । यसै गरी घरका मान्छेलाई लुतो तथा रोगव्याधि नलागोस् भनी भ्यारूकाणा/झिझिरकाणा (एक प्रकारको वनस्पति, जसको आयुर्वेदीक औषधी वन्दछ)को हरियो हाँगा दलिनमाथि राख्ने गरिन्छ । यसरी हरियो हाँगा खेतमा गाड्ने तथा घरको दलिनमा राख्ने भएकाले साउने सङ्क्रान्तिलाई हरेलो सङ्क्रान्ति भनिन्छ । साविक डोटी राज्यको केही क्षेत्र आश्विन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्क्रान्तिको दिन साँझमा विशेष समारोहका साथ बण्ढूनी (वुढी) पोलेर लुतो फाल्ने चलन छ ।

खड्क्या न्वालो : *डँडेलधुरा जिल्लाको धुरामा रहेको भागेश्वरको मन्दिरको उत्तरपट्टिको नौलाको कथा ।* महाभारतको युद्धभन्दा अघिको कुरा हो, जुन वेला पाण्डवका भाइहरू बाह्र वर्ष वनवासको क्रममा विभिन्न ठाउँमा/जङ्गलमा बस्ने गर्दथे । त्यस क्रममा पाण्डवहरूले लामो समय डोटी राज्यको विभिन्न स्थानमा वास गरेको कुरा जनश्रुतिमा पाइन्छ । वनवासकै क्रममा रहेको वेला द्रौपदीलाई तिर्खा लागेको हुन्छ । द्रौपदीले पानीको खोजमा भीमलाई पठाउँछिन् । भीमले नजिकमा कतै पनि पानीको मुहान नदेखेपछि चट्टानमा आफ्नो खड्ग प्रहार गर्छ । खड्ग प्रहार गरेको ठाउँमा सानो खाडल परी त्यसमा पानीको मूल निस्किएको किंवदन्ती रहेको छ । भीमले खड्ग प्रहार गरी पानी निस्केकाले त्यस नौलाको नाम खड्क्या न्वालो रहन गएको हो ।

खप्तड बाबा : *काशिमरबाट वि.सं. १९८६ तिर इलामको बाटो हुँदै नेपाल प्रवेश गरी खप्तड लेकमा ५० वर्षसम्म तपस्या गर्ने महापुरुष सच्चिदानन्द सरस्वतीको मिथक ।* सन् १८८० जनवरी १० का दिन भारतको जम्मु काशिमरमा असाधारण एक वालकको जन्म भयो । बाल्यकालको उनको नाम आजसम्म पनि थाहा लागेको छैन । अत्यन्तै प्रभावशाली ती बालकले वेलायतको विश्वविद्यालयबाट स्नातकसम्मको अध्ययन गरी काशिमरकै एक अस्पतालमा अधिकृत डाक्टरका रूपमा नियुक्त भए । एक वालकको उपचार गर्दागर्दै ती वालक नवाँच्ने स्थितिमा पुगे । ठुलो प्रयास गर्दा ती वालकलाई बचाउन नसक्दा डाक्टर निरास भए । त्यही वेला अचानक एक जना सन्न्यासी महात्माले केही मन्त्र खरानी पानीद्वारा उपचार गरेपछि मऱ्यो भनी माया मारेको बालक बाँचे । बालक वाँचे पनि उनलाई वचाउने ती महात्मा कता लागे ? थाहा भएन । पहिले डाक्टरले सोध्दा ती महात्माले नेपालवाट आएको वताएका थिए । अब डाक्टरले के सोचे भने वचाउने विद्या त सन्न्यासी महात्मासँग पो रहेछ ! उनी आफ्नो घरपरिवार सारा नमर्ने विद्या खोज्न लागे । फेरि नजन्मने र ज्ञानका लागि प्रयत्नरत भए । उनले वेदान्त पढे, भारतभरका सारा तीर्थ भ्रमण गरे, साधुसन्तहरूको सङ्गत गरे । तीव्र वैरागको उदय भएको र ईश्वरप्राप्तिको प्रबल इच्छा भएकाले स्वामी ज्ञानाश्रम सरस्वतीसँग सन्न्यास दीक्षा लिए । उनको नाम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भयो स्वामी सच्चिदानन्द सरस्वती । तिनै सच्चिदानन्द सरस्वतीलाई आज खप्तड बाबा भनेर चिन्ने गरिन्छ ।

खापडे मस्टा : *मस्टाहरूमा पछिल्लो क्रममा आउने देवताको कथा ।* किंवदन्तीअनुसार खापडे मस्टाले बलिभोग गर्दछ । ठुलो मुख खोलेर विकृतस्वरूपमा हिंड्ने हुनाले यसलाई खापडे मस्टा भनिएको हो । यसको प्रमुख वासस्थान खप्तड मानिन्छ । अछाम, बझाङ र बाजुरा जिल्लाका विभिन्न ठाउँमा पनि यसका माडौँहरू छन् । स्थान भिन्नतानुसार माडौँका आधारमा यसका थुप्रै भाइहरू रहेको मानिन्छ । डँडेलधुरा जिल्लाको कैलीपालमाडौँको सिरानमा अवस्थित गन्याप (गणेश)लाई दुःख दिन खोजेको परिणामस्वरूप स्वतः पराजित भएर यसले सदा आँसु बगाउनुपरेको प्राचीन कथा यसका लागि स्मरणीय छ । भाद्र शुक्ल दशमीको जाँत यसको प्रमुख जाँत मानिन्छ । सोही जाँतमा यस देवताको भक्तिबापत विभिन्न भक्तजनद्वारा चढाइएका अनेकौं घोडाहारूमध्ये कुनै एउटा घोडामा चढेर यसको धामी तीन वा चार पटक निकै गहिरो तलाउ मानिने खापड दहमा एक छेउदेखि अर्को छेउसम्म विचरण गर्ने गर्दछ । उक्त दह यसैको नामवाट खापड हदका रूपमा प्रख्यात छ । खापड देउको तड अर्थात् फराकिलो पाटन भन्ने अर्थमा खप्तड नाम यस देवताकै नामवाट रहन गएको हो । खापडे, वाँ, मुण्डा, लाङखुरे, खुन्दाल, साइन, कुमाल, क्युँडालो, बाँठेपाल, पुवाले, कुर्मी र मण्डलीसहितका बाह्र भाइको धनी देवताको रूपमा यसलाई लिइन्छ ।

खापडे मस्टा र गन्यापको झगडा : *गन्याप-शङ्कर पुत्र गणेशको अवतार ।* महाभारत पर्वत शृङ्खलामा बस्ने गन्याप देवताले शान्त एवम् एकान्त जीवन विताएको खापडे मस्टालाई सह्य भएन । अझ सबैजसो जनताले गन्यापप्रति दर्साएको अगाध आस्था र पूजाभक्ति खापडेका लागि हुनसम्मको पीडादायी घटना हुन थाल्यो । यस्तै ईर्ष्या, डाहा र छटपटीका कारण खापडे गन्यापसितले निहुँ खोजी झगडा सुरु गऱ्यो । निजका उच्छृङ्खल गणले अनेक किसिमका उत्पात मच्चाई अशान्ति पैदा गर्न थाले । गन्यापका तर्फवाट निकै सम्झाइवुझाइ गर्दा तिनीहरू झन् उग्र भई आफ्ना अभियान सफल भएको ठान्दथे । तिनीहरू माडौँ भत्काउने, गन्यापका उपासकहरूको घरमा आगो लगाउने, वस्तुभाउ मार्ने र महामारी सल्काई त्रासको वातावरण उत्पन्न गर्ने कार्यमा लाग्न थाले । हदैसम्मको संयम अपनाउँदा पनि खापडेको बदमासी कम नभएपछि बाध्य भएर गन्यापले गङ्गातटका देवता भूमिराज,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वत क्षेत्रका विभिन्न स्थानीय गण देवतालाई बोलाई प्रतिवाद गर्न आज्ञा दिए। विषमा चोवेका वाण प्रहार गरी गन्यापका पक्षवाट खापडेको दल सखाप पारियो। खापडे भागेर खप्तडमा गई बस्यो। गन्याप देवतासित लडाइँ गर्दा भोग्नुपरेको पराजय र पश्चात्तापका कारण अहिले पनि खापडको धामी कामेपछि रुन्छ र आफूलाई धिक्कार्ने गर्दछ। खापडले गरेका यस अपराधका कारण मस्टा सम्प्रदायवाट त्यसलाई अलग्याइएको र अन्य मस्टाहरूले पनि गन्यापको समर्थन गरेको कथा खप्तड क्षेत्रमा सुनिन्छ।

खापरको डोल जात्रा मेला : *अछाम जिल्लामा लाग्ने मुख्य मेलाको कथा।* यो मेला वर्षभरिको ठुलो मन वहलाउने महोत्सवका रूपमा चिनिन्छ। खप्तडीहरू खप्तड शिरबाट कुनै बझाङ र कुनै अछामको मैदानी भागबाट आफ्ना कुलदेवता आफूसँगै सार्दै बस्ती सरेको बुझिन्छ। महाराजी खड्काहरू खप्तडवाट लेकगाउँ र त्यहाँबाट पाटादेवल सरे पनि खापरको डोला अछामी प्रवाल खप्तडीहरूले रोक्दा विवाद भई 'मुद्दा' नेपाल सरकारको केन्द्रसम्म पुगी महाराजी खड्काले खापरको डोला पाउने निर्णय भयो। वि.सं. १७७० तिर विजु बयानीको नेतृत्वमा उनका भाई तिखु र रिठु बयानी थापाहरूले खापरको डोली जात्रा गरी बाजागाजा र सजधजका साथ पाटादेवल खापरमाडौँमा भित्र्याए। त्यही बेलादेखि खापरको डोला जात्रा हरेक साल श्रावण पूर्णिमाका दिन खापरमाडौँबाट बाजागाजासहित सरोकारवाला सबै थरीका जुटेर लावालस्करसहित डोलामा मुसी रानीको सवारी खप्तड दह खापरमाडौँमा चलाइन्छ। मन्दिरभित्र गव्युरमा गोप्य पूजा चल्छ। बाहिर मन्दिरमा हवन, मङ्गलगान र धामीको देवाली हुन्छ। खप्तडको खेल्ने पाटनमा मुसी रानीको सवारी चलाएको खुसियालीमा मनोरञ्जनका निम्ति बाजुरेली, अछामी, बझाङ्गी, छन्नालहरू विभिन्न किसिमका खेलमाल गरी रमाउँछन्। विहान जात्रुहरू तिलक प्रसाद लिई घरतिर लाग्छन्।

गडवालिङ्ग शिवस्वरूपः *शक्तिशाली मानिने गडवालिङ्ग देवताको कथा।* तल्लोस्वराड कालीगङ्गाको तटवर्ती क्षेत्रमा रहेका केही महत्त्वपूर्ण देवीदेवताहरूमा गडवालिङ्ग देवताको मूल स्थान महाकाली किनार देउगडामा रहको छ। त्यस्तै बन्ना र गिरेगडा चमडामा पनि गणमेश्वर नाम गरेका गडवालिङ्ग देवताको मन्दिर रहेको छ। देउगडा भनिने कालीगङ्गामा गाड खोलाको स्रोत मिल्ने ठाउँमा रहेको ठुलो तालभित्र देउताहरू विलय भएकाले स्थानीय भाषामा गडुवालिङ्ग भनिएको हो। यो शक्तिशाली देवता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको मानिन्छ । कसैलाई अन्याय थिचोमिचो भएमा यस देउताका नजिक गई फिराद गरे ६ महिनादेखि वर्ष दिनभित्रै न्याय पाइने र पीडकको सर्वनाश हुने जनविश्वास रहेको छ । कात्तिक पूणिमामा यहाँ जात्रा हुन्छ ।

गौरा १ : *प्रत्येक वर्ष भाद्र शुक्ल वा कृष्ण पक्षमा मनाइने डोटेली समाजको मौलिक चाड ।* शुक्ल पक्षमा परेमा उज्याली र कृष्ण पक्षमा परेमा अन्यारी (अँधेरी) गौरा भनिन्छ । गौराका थुप्रै भेदहरू रहेका छन् । प्राचीन कालमा हैहयवंशी राजा सहश्रार्जुनका पुरोहित भृगवंशी ब्राह्मण थिए । राजा देवीभक्त भएका कारण आफूसँग भएको सबै सम्पत्ति ती मृगुवंशी पुरोहितहरूलाई दान गरिदिए । राजाको मृत्युपछि उनका सन्तानहरूले आफूलाई धनको सख्त आवश्यकता भएको कारण देखाई ती पुरोहितसँग धन माग्न जाँदा पुरोहितहरूले धन पृथ्वीमा लुकाई हामीसँग धन छैन भन्ने जवाफ दिएपछि तिनीहरू क्रुद्ध भई ती ब्राह्मणहरूलाई लखेटी-लखेटी मार्न थाले । यसरी पुरुषजातिलाई मारिसकेपछि तिनीहरूका पत्नीहरू आफ्ना सुरक्षाको लागि हिमालयका कन्दरामा लुक्न गएका र त्यहीँ नदीकिनारामा ती भृगुवंशी नारीहरूले माटाकी गौरी बनाई पूजा गरेपश्चात् राति देवीले ती स्त्रीहरूलाई सपनामा दर्शन दिएर -"हे स्त्रीहरू, तिमीहरू नडराऊ तिमीमध्ये एउटीको जाँघबाट एउटा बालक जन्मिने छ र त्यसले तिम्रो मनोरथपूर्ण गर्नेछ" भन्ने वरदान दिएको र पछि तिनीहरू मध्येकी एक नारीले गर्भधारण गरिन् । गर्भधारण गरेको कुरा ती राजाका सन्तानहरूले थाहा पाए पछि तिनीहरूले ऋषि पत्नीको गर्भ तुहाउने चेष्टा गरे । त्यत्तिकैका ती नारीको जङ्घाबाट एउटा बालकको उत्पत्ति भएको र बालकको तेजले हत्या गर्न आएका राजाका सन्तानका आँखा बन्द भएपछि तिनीहरूले ऋषि पत्नीसँग माफी माँगी फर्केको कथा छ । यसरी पुरुषहरूको सहारा बिना भगवतीको कृपाले आफ्नो सन्तती र इज्जत दुईटै कायम भएकोले त्यसै दिन देखि ती भृगुवंशी नारीहरूले गरेको उपासनाको रूपमा गौरा देवीको व्रत अनुष्ठान गर्ने परम्परा चलेको मान्यता छ ।

गौरा २ : *प्रत्येक वर्ष भाद्र शुक्ल वा कृष्ण पक्षमा मनाइने डोटेली समाजको मौलिक चाड ।* शुक्ल पक्षमा परेमा उज्याली र कृष्ण पक्षमा परेमा अन्यारी (अँधेरी) गौरा भनिन्छ । दक्षप्रजापतिका यज्ञकुण्डमा हामफालेर पति परमेश्वरको निन्दा सुन्नु र सहनुभन्दा मर्नु बेस भनी आफ्नो इहलीला समाप्त गर्ने देवी सतीले पर्वतराज हिमालयकी धर्मपत्नी मेनकाका गर्भगृहमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुनर्जन्मका निम्ति वास लिएपछि शैलेशका दरवारमा शुभ नै शुभ देखिन थाल्यो । मेनकाले गर्भधारण गरेको दशौं महिनामा पुत्री रत्न जन्म दिइन् । देवीको अवतार बनेर जन्मेकी पुत्री ठानेर मेनका तथा हिमालयको खुसीको सीमा रहेन । न्वारानमा नामकरण गर्न खोज्दा गो वर्णवाट उठेको नाम दिनुपर्ने देखियो र गौरा नाम राखियो । एक वर्षको उमेरपछि गौराका मुखमा ॐ नमः शिवाय नाच्न थाल्यो । दुई वर्षको उमेर पुग्दानपुग्दै तिनी गाईबस्तु चराउन वनजङ्लतिर जाने कुरामा ढिपी गर्न थालिन् । पाँच वर्षमा प्रवेश गर्दा तिनको शरीर षोडशीको जस्तो देखिन थाल्यो । दरवारमा वस्नुभन्दा वनतिर जानमा अधिक प्रसन्नता देखाउन थालिन् । तिनको तपस्यामा कमी आएन । तिनको उमेर छ वर्ष पुग्दा भक्तिकी प्रतिमूर्ति तिनीप्रति तिनका आराध्यदेव प्रसन्न भए । जोगीको भेषमा तिनका सामु उभिएर उनले सकेसम्म परीक्षण गरे । सवै परिक्षामा सफल भएकी देखेर उनले आफ्नो साक्षात् स्वरूप प्रकट गरी तिनको मनोरथ पूर्ण गरे । त्यसपछि तिनका मातापिताको सहमतिवाट ती दुवैको दाम्पत्य सम्वन्ध कायम भयो । आफ्ना तपस्याका वलले पार्वतीले पाएको दुष्प्राप्य कालको सम्झनामा नारी आदर्शकी प्रतिमूर्ति ठानेर गौरीको र भक्तवत्सल तथा अभीष्ट फलदाता भनेर महेश्वरको पूजा गर्ने चलन यस पर्वमा चल्यो । सोही चलन परम्परामा प्रवाहित हुँदा मुख्यतः गौरीको पूजाआजावाट सम्पन्न हुने यो पर्व गौरा नामले प्रख्यात छ ।

गौरा ३ : *प्रत्येक वर्ष भाद्र शुक्ल वा कृष्ण पक्षमा मनाइने डोटेली समाजको मौलिक चाड* । शुक्ल पक्षमा परेमा उज्याली र कृष्ण पक्षमा परेमा अन्यारी (अँधेरी) गौरा भनिन्छ । गङ्गाकिनारमा तपस्या गर्ने कुटीमा गौरा आफ्नो विनया वाजो बजाउन लागेकी हुन्छिन् भने नदीको पारिपट्टि बडुभाट रूपी महेश्वर बासुरी बजाइरहेका हुन्छन् । त्यहाँ दुवै जनाबिच एकआपसमा परिचय हुन्छ । त्यसपछि बडुभाटरूपी महेश्वरले तिमी कन्यालाई मैले माग्दा मसित विवाह गर्न मन्जुर हुने छौ कि छैनौ ? भनी सोधे । कन्याले "कर्म मिलेपछि किन नहुनु" भनेर उत्तर दिए । त्यसपछि ग्वालाहरूले त्यहीँ नदीतटको कुटियानिरै खेलखेलमै गौरा र महेश्वरको विवाह सम्पन्न गरिदिए । गौरासँग महेश्वरले घर जाने बाटोका बारेमा सोधी कन्या माग्न गौराको पिता रूपनारायणसित भेट गर्न भनेर बेलमपुरीकोटतर्फ लागे । महेश्वरले बडुभाटका रूपमा एउटा तपस्वीको भेष बनाए । त्यहाँ पुगेपछि ढोकानेर उभिएर डमरु बजाउँदै भिक्षा माग्न थाले । जोगी घरमा आएको थाहा पाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रानी मैनावती एउटा नाङ्लोमा सालिधानका चामल, मुङको दाल, घिउ, नुन आदि राखेर भिक्षा दिन जोगी कहाँ पुगिन् र भिक्षा लिनुहोस् महाराज भनिन्। रानी मैनावतीले यसरी भिक्षा दिन लाग्दा जोगीले भिक्षा लिन मानेन् र "यस्तो कोरा भिक्षा तपाईंको देश डुल्ने जोगीले लैजाला म तपाइ{की कन्या माग्न आएको हुँ। दिनु हुन्छ वा हुँदैन ? जवाफ दिनुहोस्" भने। रानीले आफ्नी छोरी ईश्वरलाई सुम्पने कुरा गरिन्। त्यसपछि "ईश्वरलाई नै दिने हो भने म नै ईश्वर हुँ" भन्दै वडुभाटरूपी महेश्वरले आफ्नो महादेवको रूप प्रकट गरे। गौरा र महेश्वरको विवाह हुने निश्चित भयो। सबै देवीदेउताहरूलाई निमन्त्रणा पठाइएकाले सबै आए। चैतमा विवाह हुने भयो। चैत वैशाखमा खेतीपातीको काम सम्पन्न गरियो र चैतमा रचिएको विवाह भदौमा हुन पुग्यो। यही खुसियालीमा गौरा मनाइन थालियो।

चैतेली जात्रा : *बझाङ जिल्लाको तोलेनीमा चैत शुक्ल त्रियोदशीमा मनाइने जात्रा।* परापूर्वकालमा मैकासुरनामक दानवले देवताहरूका साथै मानवलाई अति दुःख दिने गर्दथ्यो। उसको अत्याचार दिनानुदिन बढ्दै गएपछि भगवान् इन्द्रले चैत महिनाको शुक्ल त्रियोदशीको दिन बझाङ जिल्लाको तोलेनी भन्ने स्थानमा मैकासुर दानवको छाती चिरेर मारेकाले त्यसैको उत्सव तथा खुसियालीमा चैतेली जात्रा मनाइन थालिएको हो। प्रत्येक वर्ष जात्राको अघिल्लो दिन बाघले गोरु खाएको भेटिने र सार्कीले सो गोरुको छालाको भकुन्डो बनाउने गर्दछन्। जात्राको दिन उक्त भकुन्डोलाई मैकासुर दानवको टाउको सम्झेर जात्रामा आएका मानिसहरू खेल्ने गर्दछन्।

चैतेलो (भेटौलो) : *भाइ र बहिनीको मिलनको प्रतीकका रूपमा चैतमा मनाइने चाड।* १५ औं शताब्दीतिर १२ वर्षको उमेरमा वनमा ग्वालाहरूले "बहिनी नभएको भाइ (निरौ वालो) हामीसित नवस्" भनेर गिज्याउँदा दिक्क भएर सदेउवालो घर आइपुग्यो। घरमा आफ्नी आमालाई "मेरी कुनै बहिनी छैन ?" भनी सोध्दा कालो नागले मारिदिने डरले आमा चुप लागिन्। तर छोराको हठको सामुन्ने झुक्नैपर्‍यो र सदेउवालो जन्मनभन्दा १२ वर्षअघि उसकी दिदी गोरीधनाको बिहे कालो नागसित भएको कुरा बताइन्। त्यसपछि सदेउवालो आफ्नी आमासित जिद्दी गरेर बहिनी भेट्न भनी कालो नागको घर गए। एकअर्कालाई नचिन्दा अचानक कालो नागको घरमा भेट परिचय हुँदा दिदी र भाइ दुवै अँगालो हालेर रुन लागे। नन्द भागाले उनीहरू ढोगभेट नै नगरी यसरी अँगालोमा किन बाँधिए भनेर सालाको निहुँमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आएको मान्छे भाइ नभएर प्रेमी भएको कुरा नागलाई बताइन् । दिदीलाई बोलाएर घरतिर फर्किंदा कालो नाग र सदेउवालाको युद्ध भयो । सदेउवालोले कालो नागलाई मारिदिन्छन् । कालो नाग मरेपछि किन बाँचु भनेर गोरीधना समुद्रमा हामफाल्छिन् । दिदी नभए म के फिर्ता होऊँ भनेर सदेउवालो पनि समुद्रमा हामफाल्छ । चैत महिनाको यो घटना भएकाले डोटी प्रदेशमा विशेष गरी दार्चुला र बैतडीमा चैतमा भाइले बहिनी भेट्न जाने प्रचलन त्यो वेलादेखि हालसम्म व्याप्त छ ।

चिन्डे आली : *शोभाकर शाकेले राजा हरिवंशले दान मागेको जमिन ।* पण्डित वाणवलका पुत्र शोभाकर शाके १२३३ मा बझाङको थलारा, रेगम आई वस्न थाले । यिनै शोभाकरलाई सेती गङ्गा साक्षी राखी बझाङ तल्लाकोटमा वसेका राजा हरिवंशले गुरु थापेका थिए । गुरुले राजालाई दक्षिणावापत चिन्डो रोप्ने ठाउँ मागी चिन्डोको लहराले छोपेजति जमिन पाऊँ भन्ने आग्रह गरे । चिन्डोको लहराले छोपेजति ठाउँ सद्कबोलबमोजिम प्राप्त भएकाले रेगमको यो भूमिलाई चिन्डे आली भन्ने चलन छ । तल्लोकोटे राजाले देशलाई समृद्ध बनाउने उपाय माग्दा राज गुरु शोभाकरले चिन्डो लगाउने सल्लाह दिएका र त्यो चिन्डोको लहरामा सुनचाँदी फली १२ डाँडा ढाकिएपश्चात् सो जग्गा गुरुलाई दान दिइएको किंवदन्ती रहेको छ ।

छतिउन तालको उत्पत्ति : *डोटीको छतिउन गाउँमा रहेको रहस्यमय तालको कथा ।* छतिउन तालको क्षेत्रफल पहिले ४ बिघाबराबर रहेको थियो । जसको गहिराइ अझै पत्ता लागेको छैन । छतिउन गाउँमा ऐर भन्ने जातिका मुखिया थिए । असारको महिनामा उनको खेतमा रोपाइँ थियो । रोपाइँको अघिल्लो राति मुखियाकी बुहारीले सपनामा त्यो खेतमा ताल परेको देखे र आफ्नो (ससुरा) मुखिया ऐरलाई आज रोपाइँ नगरौं भनेर सपनामा देखेको कुरा भनिन् । ससुराले सपनामा देखेको कुरा सत्य नहुने तथा खेतमा काम गर्न गाउँलेहरू पनि आइसके गाउँलेहरूलाई किन धोका दिने बरु उनका लागि खाजा नास्ताको व्यवस्था गर भने । त्यो खेतमा १८ हलगोरु र सोहीअनुसारका रोपार र बाउसे थिए । रोपाइ सुचारु भएको बखत त्यहाँ शिरमा बत्ती बलेको एउटा माछा देखा पर्‍यो र थोरै पानी पर्‍यो । साथै एउटा सर्प र त्यसको पछिपछि निधारमा तारा भएको फुर्के राँगा र ठुलो नदी जस्तो पानी आयो । त्यसपछि त्यो खेतमा सम्म ताल बन्यो । त्यस खेतमा भएका सबै मानिस र गोरु डुबेर मरे । निधारमा तारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको राँगा कहिलेकाहीँ मुखिया ऐरको भैंसीसँग संसर्ग गरी फेरि तालमा विलीन हुने गर्दथ्यो । एक दिन त्यस राँगाले मुखिया ऐरको खेतमा गई धान खायो । मुखिया ऐरको सन्तानले राँगालाई लाठीले हानिदिए । र त्यो दिनदेखि उक्त राँगा कहिल्यै देखा परेन ।

जगन्नाथको उत्पत्ति : *भगवान् शङ्करको प्रतीकका रूपमा लिइने जगन्नाथको उत्पत्ति कथा ।* बैतडी जिल्लाको भुल गाउँमा भुलजातिका मानिसहरूको बसोबास रहेको र उनीहरूको पेसागत काम जुत्ता, चाल्लो वनाउने गर्दथे । एक दिन एक जना मानिस त्यहाँ स्याउला घाँसका लागि पुगे । त्यहाँ गुफाको डिलमा एक प्रकारको डालेघाँस जसको पात पशुलाई खुवाउने र डाँठवाट चाल्नोको बिट वनाउने गर्दा रहेछन् । त्यसलाई काट्न थाल्दा संयोगले हातको हँसिया फुत्केर ठिक भित्र गुफामा रहेको शिला शिवलिङ्गमा ठोकिन पुग्दा लिङ्गको माथिल्लो भागमा लाग्यो र रगत वग्न थाल्यो । त्यो देखी आत्तिएर घरवाट नौनी ल्याएर शिवलिङ्गमा राखी छोपिदिए । हालसम्म यहाँ ईश्वर जगन्नाथ बाबाको पूजाआजा हुँदै आएको छ । जगन्नाथ बाबालाई भुलजातिले पाएको देवता भन्ने किंवदन्ती रहँदै आएको छ ।

जगन्नाथ खापर : *भगवान् शङ्करका गण/प्रतीक मानिने कौशिक गोत्रीय खप्तडीका आराध्य इष्टदेवताको कथा ।* मल्लकालको कुरो हो । सर्वशास्त्रज्ञ विलम्वणकी धर्मपत्नी भानुमतीका स्वर्णकुक्षीवाट ज्योतिषशास्त्रज्ञ विशारद पण्डित वाणवल जन्मिए । वाणबलका कुनै सन्तान नहुँदा उनी धर्मपत्नी शोभनासित तीर्थाटन जाँदाजाँदै जगन्नाथ धाममा एउटा सुन्दर बालक देखा परे र पुत्रमोहले व्याकुल शोभनाले सो वालकलाई काखमा लिइन् । यसरी काखमा लिनासाथ बालक दिव्य शिलामा परिणत भए । यही शिला नै जगन्नाथ खापर नामले प्रख्यात छ र सम्पूर्ण कौशिक गोत्रीय खप्तडीका आराध्य इष्टदेवका रूपमा पुजिँदै आएको छ ।

दुबाडोर : *गौरामहेश्वरको व्रतका कारण भूषणाले पाएकी दीर्घजीवी सन्तानको कथा ।* अघि अयोध्यायमा नहुस नामका प्रसिद्ध राजा थिए । उनकी रानीको नाम चन्द्रमुखी थियो । ती राजाका पुरोहितकी पत्नीको नाम मानमनिका थियो । ती दुवैको आपसमा अत्यन्तै दृढ एवं प्रशंसनीय प्रीति थियो । कुनै एक समय ती दुवै साथी सरयूको जलमा स्नान गर्न गए । उनीहरू जानुपूर्व त्यस नगरकी धेरैजसो नारीहरूले त्यहाँ स्नान गरिसकेका थिए । नगरनिवासी ती भक्त नारीहरूले आआफ्ना पति र पुत्रको लामो आयुको कामना गर्दै एक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मण्डपको रचना गरी शान्त एवं कल्याणकारी गौरा महेश्वरको मूर्ति स्थापना गरेका थिए। विधिविधानले भक्तिसाथ चन्दन, अक्षता, फूल आदिले पूजा समाप्त गरी प्रणाम गरेर ती नगरकी नारी घर फिर्ता हुन तयार भएकै समयमा ती रानी र ब्राह्मणीले सोधिन्- "तपाईं यो के गर्दै हुनुहुन्छ ?" नगरनिवासिनी नारी भन्दछिन्- "हामीहरू गौरासहित महेश्वरको पूजा गरी शिवलाई सुवर्णमय धागो पनि शान्तचित्तले निवेदन गर्दछौँ अर्थात दूबोधागो चढाउँछौँ। जहाँसम्म हामी जीवित रहने छौँ तहाँसम्म यो आत्मनिवेदित धागोलाई प्रसादको रूपमा धारण गर्ने छौँ।" नगरकी स्त्रीका यस्ता वचन सुनेर ती दुई रानी र ब्राह्मणीले पनि त्यहीँ स्नान गरेर किनारामा गौरा महेश्वरको पूजा गरी दूबधागो धारण गरेपछि अनेक सखी सँगिनीले सुशोभित भएर सवै स्त्रीहरू आ-आफ्ना घर फिर्ता भए। राजमदले उन्मुक्त रानी चन्द्रमुखी केही दिन वितेपछि दोरक व्रत भुल्न गइन्। पुरोहित पत्नी मानमनिकाले भने त्यो व्रत गरेकी थिइन्। केही दिनपछि रानी चन्द्रमुखी मरेर वानरी (मर्कटी/सुन्दरी) भएर जन्मी भने संसर्गजन्य दोषले ब्राह्मणी कुक्कुटी (पोथी कुखुरो) भएर जन्मिइन्। यस जन्ममा पनि प्रायः ती एकसाथ वस्न थाले। पूर्वजन्ममा गौरामहेश्वरको व्रत बसेको कारण ती दुवैलाई पूर्वजन्म र यस जन्मको पूरै ज्ञान थियो। यसैकारण ती दुवैले आफू रानी र ब्राह्मणी छँदा पहिले जो गौरामहेश्वरको व्रत गरेकी थिइन्, त्यसै व्रतलाई वानरी र कुखुरीको योनिमा व्रत गर्न नसके पनि मनले गौरामहेश्वरको आराधना गर्दै थिए। त्यस व्रतका प्रभावले वानर र मुर्गी योनिमा पनि सुख प्राप्त भएको थियो। केही समयपछि ती दुवै मरेर गोकुल, मालव देशमा जन्मिए। मालव देशमा जन्मिएपछि पूर्वजन्मकी चन्द्रमुखीले वानरी योनिबाट मुक्त भएर ईश्वरी नामले प्रसिद्ध भई मालव देशका राजा पृथ्वीनाथकी रानी भइन्। पूर्वजन्मकी मानमनिकाले पनि कुक्कुटी योनिवाट मुक्ति पाएर मालव देश पृथ्वीनाथका पुरोहित अग्निमिला ब्राह्मणकी पत्नी भइन्। यस जन्ममा ती ब्राह्मणीको प्रसिद्ध नाम भूषणा थियो। उनका धेरै छोरा जन्मिए। पूर्वजन्मका सबै कुराको ज्ञान भएको कारण ब्राह्मणी भूषणाले सधैँ गौरामहेश्वरको व्रत गर्दै गएकी कारण लामो आयु भएका आठ छोरा पाएकी थिइन्। रानी ईश्वरीसाथ ब्राह्मणी भूषणाको यस जन्ममा पनि पूर्वजन्मकै सरह माया प्रेमयुक्त मित्रता कायम थियो। राजमदले गौरामहेश्वरको व्रत त्यागी दूबोधागो नलगाएको हुनाले रानी ईश्वरीका भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तान थिएनन् । लामो समयपछि मुश्किलले एक छोरा जन्मियो । त्यो पनि रोगी भएको कारण नवौँ वर्षमा मर्न गयो । यसरी आफ्नी चिरसँगिनी रानी ईश्वरीलाई पुत्रका लागि दुखी भएकी देखेर ब्राह्मणी भूषणा छोरालाई साथ लिएर सँगिनी भएका नाताले रानीसँग भेट गरी केही आश्वासन दिन आइन् । यस्ती पतिपुत्रवती सौभाग्यशालिनी सँगिनी देखेर आफू रानी भए पनि दुखी भएकी हुँदा रानी ईश्वरी रिसले जल्न थालिन् । अर्काको ऐश्वर्यलाई देखी रिसले जल्दै रानीले ती भूषणा ब्राह्मणीलाई घर फर्काइन् र रातभर ती ब्राह्मणीका छोरालाई मार्ने उपाय सोच्न थालिन् । निरोगी एवं दीर्घजीवी भूषणा ब्राह्मणीका छोरालाई रानी ईश्वरीले अनेक षड्यन्त्र गरी मार्दा पनि आमाले गौराव्रत लिएको कारण तत्कालै जीवित हुन्थे । यस्तो अद्भुत घटना देखेर रानीले फेरि कुनै एक दिन ब्राह्मणीलाई आफ्नो महलमा बोलाएर सोधिन्, "हे सखी ! तिमीले यस्तो के व्रत गरेर ठुलो पुण्य कमाएकी छौ , जसका प्रभावले तिम्रो छोरा निर्भय, दुःखरहित एवं लामो आयुवाला भएका छन् ?" ब्राह्मणी भूषणाले भनिन्, "हे महारानी ! भाद्रशुक्ल सप्तमी तिथिको दिन जलाशयमा गएर स्नान गरी मण्डप रचना गरेर त्यस मण्डपमा गौरीसहित महेश्वरको मूर्ति निर्माण गरी स्थापना गर्छु । भक्तिपूर्वक ती स्थापना गरेका गौरामहेश्वरको पूजा गरी त्यसै समय सुवर्णमय सूत्र दूबोधागो पनि चढाएर पूजा समाप्त भएपछि आत्मनिवेदित सुवर्णमय सूत्र प्रसादको रूपमा त्यसै समय धारण गर्दछु । जबसम्म बाँच्नेछु तबसम्म यसै व्रत बस्ने निर्णय गरेकी छु र शिव-पार्वतीस्वरूप महेश्वर गौरालाई निवेदित दूबोधागो पनि धारण गर्दै आएकी छु । यसकारण मैले दीर्घजीवी सन्तान पाएकी हुँ । विधिविधानले गौरामहेश्वरको पूजा गरेपछि तिनै लोकमा पाउन नसकिने भन्ने केही छैन ।"

देउकी : *आफ्ना विविध इच्छा/चाहानाहरू परिपूर्तिका लागि गरिएको भाकलबमोजिम मनोकामना पूर्ण भएमा देवीदेवताको मन्दिरमा चढाउने कुमारी । द्यौकी, देवकी, देउचेली, द्यौ कन्या, राउली पेली, सेविका, देवपरी, वनबालिका, कञ्चनी, गायिका, नर्तकी आदि अनेक नामहरूले देउकी चिन्ने गरिन्छ । डोटी क्षेत्रमा देउकीसम्बन्धी विभिन्न मिथकहरू पाइन्छन् । यस क्षेत्रमा देउकीसम्बन्धी रहेका प्रमुख ७ मिथकहरू-* **१) दीप चन्द ठकुरीको किंवदन्ती :** करिब तीन सय वर्षअघि मेलौली भगवतीको सेवासुसारका लागि स्थानीय बासिन्दाले एउटी देउकी चढाउने निधो गरे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसरी चढाउने देउकीका निम्ति लुगा-कपडाको आवश्यकता पर्ने हुँदा दीपचन्दले गामन अर्थात् घाँगरो र लखु भाटले आङडो अर्थात् चोलो दिने वाचा गरे । देउकीका लागि लुगाको व्यवस्था त भयो, तर कसकी छोरीलाई देउकी वनाउने भन्ने कुरा अर्को समस्याका रूपमा खडा भयो । एक जना कालो भुलनामक मेलौली गाउँका निवासीका सात जना छोरी भएकाले एउटी छोरीलाई देउकी वनाउन मन्जुर गऱ्यो । छोरीलाई देउकी वनाएर देवीमा चढाएको केही वर्षपछि उनलाई पुत्रलाभ भयो । त्यो देखेर मेलौली तथा वरपरका गाउँका वासिन्दामा पनि देउकी चढाएमा मनोकामना पूर्ण हुने विश्वास जाग्न थाल्यो । त्यसपछि धेरैले छोरा पाउन र अन्य समस्यावाट मुक्ति पाउन देउकी चढाउने भाकल गर्न थाले । भनेको जस्तो प्रतिफल पाइएमा देउकी चढाउने काम पनि तिनीहरूबाट पर्याप्त मात्रामा हुँदै गयो । अझ कतिपयले त भगवतीप्रतिको आस्था व्यक्त गर्न आफ्नी एक छोरी वा अर्काकी छोरी किनेर भए पनि देउकी चढाउन थाले । फलस्वरूप समाजमा देउकीको सङ्ख्या बढ्दै गयो । देउकी चढाउने चलनमा विस्तार आउँदै गएपछि एक दिन केही भारतीय डाँकाहरू व्यापारी बनेर मेलौली भगवतीको माडौँमा वास बस्न आए । त्यस बखत माडौँको सरसफाइ र सम्भार गर्न नौ जना देउकीहरू नित्य माडौँमै रहन्थे । भारतीय ती डाँकाहरूले माडौँ जस्तो एकान्त ठाउँमा बस्दै गरेका देउकीहरूलाई लोभलालचमा फसाई भगाएर लगे । तत्कालै देवीले आफ्नो धामीमा अवतरित भएर सारा गाउँलेहरूलाई बोलाई माडौँमा रहेका नौ जना देउकीहरूलाई भारतीय डाँकाहरूले भगाएको कुरा वताउँदै उनीहरू गएको वाटातर्फ सङ्केत गरिन् । गाउँलेहरू त्यही बाटोबाट देउकीहरूलाई खोज्न जाने क्रममा दुई माइलजति पश्चिमतर्फको शिवनाथ माडौँमा पुगे । भारततर्फ जाने यहाँको चल्ती बाटो धर्मघाट हुँदै बडदना भन्ने ठाउँमा ती देउकीहरूसहित डाँकाहरूलाई गाउँलेले पक्रे । ती डाँकाहरूलाई त्यहीँ मारी देउकीहरू फिर्ता लिएर गाउँलेहरू भगवतीको माडौँमा फर्के । त्यस घटनाले देवीप्रतिको जनविश्वास झनै सुदृढ भयो र देउकी चढाउने चलन व्यापक बन्दै गयो । **२) धनी शाहीको किंवदन्ती :** हालको डँडेलधुरा जिल्लाको बोगटी गाउँबाट धनी शाही नाम गरेका व्यक्ति हालको बैतडी जिल्लाको तल्ली देईमा पर्ने मणिलेक भन्ने ठाउँमा आएर धेरै पहिले बसेका थिए । यिनको निर्दयी स्वभाव र शोषकीय प्रवृत्तिले गर्दा सर्वसाधारण जनतामा ठुलो त्रास व्याप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थियो । देई थलो अर्थात् मेलौली भगवतीको थान रहेको चउरमा आवाद गरेर धनी शाहीले माडौँका वरिपरि चोतो अर्थात् मूला रोपाएका थिए र सार्वजनिक त्यस ठाउँमा कसैलाई पनि प्रवेश गर्न दिँदैनथे । कुनै गाउँलेका गाईबस्तुले मूलाका पात खाएमा ती गाईबस्तु धनी शाहीका गोठमा बाँधिइसकेका हुन्थे । गाईवस्तुले मूलाको गानो खाएको भए ती गाईवस्तुका धनीकी पत्नीलाई घिसारेर आफूकहाँ ल्याउन आफ्ना नोकरचाकरलाई आज्ञा दिने गर्दथे । यिनका अत्याचारका विरुद्ध जाने हिम्मत कसैले गर्दैनथे, किनभने त्यस बखत यिनी तल्लो सोराड क्षेत्रका राजासमान शक्तिशाली व्यक्ति मानिन्थे । स्थानीय परम्पराअनुसार मेलौली भगवतीको वार्षिक जाँत वा जात्रा हुने अवसरमा एक वर्षको जाँतमा बाजागाजा तथा लावालस्कर साथमा लिई धनी शाही देवीको थानमा उपस्थित भए । विधिवत् हुने देवीको जाँत सकिएपछि धनी शाहीका पक्षको एक जना व्यक्ति देवीका रूपमा काम्न थाल्यो । त्यसले आफूलाई साक्षात् भगवतीको अवतार भन्दै धनी शाहीको शिरमा हात राखेर 'हे छत्रपति, तँ यस ठाउँको शासक होस्, तैले यहाँ आफ्नो इच्छाअनुसार शासन गर्न पाउँछस्, तेरो पछाडि म छु, तैले डराउनु र चिन्ता गर्नु पर्दैन, कसैको भनाइका पछि नलागेर तँ यहाँ एक छत्र राज गर' भन्ने आदेश दियो । त्यसै बखत मल्लो सोराडकी भगवतीले एक जना दस वर्षको किशोर देउकामा अवतरित भएर काम्दै 'यै रतेडी दिउँसेडी मेरी वैनीका घरमाइँ मनपडि अद्या तइँ को होइ, धेकि रयै तोइलाई भोःल झेःल हाली दिने हुँ (जाँतका रात तथा दिनका कार्यक्रममा मेरी बहिनीको घरमा आएर मनपरी गर्ने तँ को होस्, हेरिरहेस् तँलाई भोलि जेलमा थुनिदिने हुँ)' भन्यो । त्यस घटनाको परिणाम के हुने हो भन्ने विषयमा त्यहाँ उपस्थित सबैका मनमा चिसो पस्यो र सबै जना डरले काम्न थाले । धनी शाहीले मल्लो सोराडकी भगवतीका रूपमा कामेको त्यस देउका केटालाई तुरुन्त थुन्ने आदेश दिए । तत्काल दण्ड दिनु उपयुक्त नदेखी त्यहाँ उपस्थित केही बुज्रुगहरूले धनी शाहीसमक्ष त्यस देउका केटालाई भोलि जे गरे पनि त्यही दिन केही नगर्न सल्लाह दिए । धनी शाहीले पनि तत्काल केही नगर्ने र अर्को दिन सजाय सुनाउने घोषण गरे । त्यो घटना त्यस दिन त्यत्तिकै साम्य भयो । भोलिपल्ट दिउँसेडी अर्थात् भगवतीको दिउँसोको पूजाका कार्यक्रमको दिन थियो । धनी शाही पहिलेझैँ सजधजका साथ माडौँमा घोडा चढेर उपस्थित भए । माडौँमा पुग्नासाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यिनलाई घोडा चढिरहेकै स्थितिमा सरकारी प्रहरीहरूले हतकडी लगाई पक्राउ गरेर लगे। यिनी पक्राउमा परेपछि स्थानीय सबै जना खुसी भए। धनी शाहीलाई पक्राउ गर्न आएका प्रहरीलाई कहाँका, को, के भनी सोध्दा नेपाल अर्थात् काठमाडौँबाट निजलाई पक्राउ गर्न सरकारले पठाएको कुरा जवाफमा उनीहरूबाट अवगत भयो। नेपाल चलान गरिँदा धनी शाहीको पहिलो दिनको वास पुर्ख्यौली गाउँ हालको डँडेलधुरा जिल्लामा पर्ने बोगटा नजिकैको मल्लो ओराडमा भयो। त्यस ठाउँमा पुगेपछि तल्लो सोराडको सम्झनामा यिनले यस्तो गीत गाएका थिए - काँ रे भयो रासोबासो मल्लिया ओराड / धनी साइ नेपाल बाइग्यो सुखि ऱ्यै सोराड ॥ (पक्राउ परेपछि धनी शाहीको पहिलो बास मल्लो ओराडमा भयो, अत्याचारी धनी शाही वन्दीका रूपमा काठमाडौँ गई सक्यो, तल्लो सोराड क्षेत्र, तँ सुखी रहेस्)। तोकिएको सजाय भोगेर आफ्नो ठाउँ तल्लो सोराड फर्केपछि धनी शाहीको आनीबानी र बोलीव्यवहारमा निकै ठुलो परिवर्तन आयो। यिनले क्षमायाचना गर्दै मेलौली भगवतीमा एक जना नायक थरका क्षत्रियकी छोरी देउकीका रूपमा चढाए। त्यसपछि यिनको ख्याति पनि बढ्दै गयो र समाजमा परोपकारी तथा सहृदयी व्यक्तिका रूपमा सबैले यिनलाई सम्मान दिए। सजाय भोगेपछि र देउकी चढाएपछि यिनले प्राप्त गरेको यशबाट प्रभावित भएर अनेकौँ स्थानीयले मेलौली भगवतीमा देउकी चढाउन थाले। त्यस घटनाबाट पनि देउकी प्रथाले समाजमा गहिरो जरा गाडेको मानन्छि।

३) भागेश्वरको किंवदन्ती : भगवान् शङ्करका अवतार मानिने स्थानीय देवताहरूमा प्रचण्ड शक्तिशाली जेठा देवता मानिन्छ। राजा नाग मल्लले एक पटक भागेश्वर देवताको शक्ति परीक्षण गर्न तिनका धामीलाई भीरबाट खसालेर मार्ने विचार गरे। सो कुरा धामीलाई थाहा थियो। तैपनि राजाज्ञा उल्लङ्घन गर्न नसकेर निज धामी बोलाइएका ठाउँमा उपस्थित भए। तिनलाई कालीगेडीमाथि राखिएको ढुङ्गामा बसालियो र काम्न भनियो। धामी कामे, तर भीरबाट नलडी स्थिर भएर बस्न सफल भए। अब नाग मल्ल आफूलाई शक्तिवान् र भागेश्वरभन्दा ठुलो भन्न थाले, तर धामीले कुनै प्रतिक्रिया देखाएनन्। उनी असह्य दुर्वाच्य बोल्न थाले। उनले शक्ति छ र देवता भनेर सेखी गर्ने हो भने अहिले नै पानी पारेर देखाउन भने। कामेको धामीमा अवतरित भइसकेका भागेश्वरले धेरै घमन्ड नगर्न भने। नाग मल्ल सामान्य सम्झाइबुझाइले मान्ने भएनन्। सही बाटो देखाउँदा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि नमानेपछि भागेश्वरले नभन्दै पानी पार्न सुरु गरे । सुरुमा अलिकति छिटाएको पानी बिस्तारै बढ्दै गयो र अजैमिरकोटलाई नै डुबाउला जस्तो गरेर बाढी आयो । तब नाग मल्लको सातोपुत्लो उड्यो । अन्त्यमा क्षमा याचना गर्दै प्रायश्चित्तस्वरूप देउकीसहितमा विभिन्न उपहार चढाउने बाचा यिनले गरे । यिनी आफूलाई सानो मान्न बाध्य भए । त्यस दिनदेखि यिनको महिमा झनै बढ्यो । बडे राजा नाग मल्लले पनि मानेका देवता भनेर समस्त नाग राज्य यिनको स्तुति भक्ति गर्न थाल्यो । त्यो क्रम अद्यापि यथावत् कायम छ । राजा नाग मल्लका पालादेखि देउकी चढाउने प्रथाको थालनी यिनै देवतावाट भएको हो । यहाँ चढाइएका देउकीहरू अझै पनि देखिन्छन् । राजा नाग मल्लले देउकी चढाएपछि यस पीठका साथै समीक्ष्य क्षेत्रका शक्तिशाली मानिने देवतामा देउकी चढाउने चलन व्यापक बन्दै गएको हो । **४) राजा नाग मल्लको किंवदन्ती** : डोटीका राजा नाग मल्लको समयको कथा हो यो । राजा नाग मल्ल सामाजिक सुधार गर्न चाहने शासक थिए । शक्तिशाली देवताहरूलाई मात्र राख्नका लागि उनले स्थानीय देवताहरूको शक्ति परीक्षा गर्ने विचार गरे । त्यस बखत डोटी क्षेत्रमा जताजतै धेरै किसिमका देवता पुजिन्थे । अजैमिरकोटको दक्षिणपट्टिको भागमा देवताका धामीहरूको परीक्षा गर्ने ठाउँ उनले बनाएका थिए । भागेश्वर, घटाल र समैजी जस्ता अनेकौँ देवताको परीक्षा लिएर उनीहरूको शक्ति बुझी गुठी तथा पर्व पूजाको बन्दोबस्त गरिसकेपछि उग्रतारा भगवतीको शक्ति परीक्षण गर्न अजैमिरकोटवाट भाइभारदार साथमा लिएर उनी हिंडे । बकाइलको सल्ला घारीमा विश्राम गर्न भाइ भारदारसहित राजा बसे । त्यहाँ राजा नाग मल्लले सल्लाका रूखका टुप्पा तलतिर र जरा आकाशतिर भएको अनौठो दृश्य देखे । अरूहरूका दृष्टिमा सल्लाका रूख सामान्य अवस्थामै खडा भएका देखिन्थे । राजा आश्चर्यचकित भए । आफ्ना भाइ भारदारसित उनले भने- "ए भाइभारदारहो ! यी सल्लाका रूख कस्ता देखिँदै छन् ?" भाइभारदारले त सीधा रूख देखिरहेका थिए, तर राजाका डरले उनीहरूले भने- "महाराज, राजाका दृष्टिमा यी सल्ला बाङ्गा देखिँदै छन् भने बाङ्गा छन् सीधा देखिँदै छन् भने सीधै छन् । जस्ता हजुर देखिरहनुभएको छ त्यस्तै हामी पनि देख्दै छौं ।" तिनका काइते कुरा सुनेर राजाका मनमा ग्लानि भयो । उग्रताराको लिङ्गो राख्ने भण्डार मौला गाँजरा भन्ने ठाउँमा थियो । पुजारी महत थरका थिए । त्यहाँ पुगेर राजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाग मल्लले धामीसित भने- "उग्रतारा भगवतीमा भएको शक्ति देखाऊ । होइन भने उग्रताराको लिङ्गोसहित सवै सम्पत्ति देऊ ।" वुढा धामीले भने- "महाराज ! माडौँमा जाऔँ । देवीका दरवारमा केही शक्ति रहेछ भने देवीसित त्यहीँ यो कुरा अनुरोध गरौँ ।" त्यसपछि ती सवै उग्रताराका माडौँमा गए । त्यहाँ उग्रतारा भगवतीले केही पनि चमत्कार देखाइनन् । त्यसपछि राजा नाग मल्लले भने- "ए धामी, तेरो जिम्मामा रहेको उग्रताराको लिङ्गो दिने होस् कि केही चमत्कार देखाउने होस् ?" धामीले भने- "महाराज ! अव काला पत्थर भन्ने ठाउँमा जाऔँ । त्यहाँ केही चमत्कार देखिन्छ कि !" त्यहाँवाट वुढा धामी दलवलसहितका राजा नाग मल्ललाई लगेर काला पत्थर भन्ने ठाउँमा गए । त्यहाँ पुग्नासाथ धामीमा भगवती अवतरित भएर धारिलो छुरामा नाइटो राखी फनफनी नाच्न लागिन् । धामी नाच्न लागेको देखेपछि राजा नाग मल्ल आश्चर्यचकित भए । नाग मल्लले भने- "रहेछ उग्रतारा भगवतीमा शक्ति रहेछ । हे माता उग्रतारा, हजुरको शक्तिका वारेमा मैले थाहा पाएँ । अव म हजुरको पर्व पूजा तथा माडौँ वनाउने कामका साथै गुठी राखेर विशेष उपहार तथा देउकी चढाउने काम पनि गर्ने छु ।" वाचा गरेअनुसार राजा नाग मल्लले उग्रतारा भगवतीमा नगरा, भाना, भोकर, देउरो अर्थात् लिङ्गो र देउकी चढाउने काम नियमित रूपमा गरे । पछिका शासक एवं जनसमुदायले पनि भाकल गरेवमोजिम अनेकौँ सामग्रीका साथ देउकी चढाउने चलन कायम गरे । **५) राजा विनीको किंवदन्ती :** राजा विनी अन्दाजी इस्वीको नवौँ शताव्दीको उत्तरार्द्धमा हाल भारतमा पर्ने दुवा नगर भन्ने ठाउँवाट हालको वैतडी जिल्लामा पर्ने पाटनमा आएर वसे । रहँदै वस्दै गएपछि यिनलाई डोटी क्षेत्रको पश्चिमी भू-भाग अर्थात् हालको वैतडी जिल्लाको अधिकांश भूमिको शासन प्राप्त भयो । यिनले सत्ता प्राप्त गरेपछि यहाँका प्राचीन जाति मानिने हुणहरू विस्थापित भए । शान्त पहाडी भू-भाग र रमणीय ठाउँ देखेर उत्तरी भारतका कुमाउँ तथा अन्य क्षेत्रवाट विभिन्न जाति क्रमशः यहाँ प्रवश गर्दै वसाई सर्न थाले । बिस्तारै यस क्षेत्रमा नयाँ-नयाँ जातिको आगमन भएपछि राजा विनीले सर्वसाधारण जनतालाई भू-दान गरी स्थानीय देवीदेवताका लागि पनि गुठी वनाएर जग्गा छुट्याउने काम गरे । साथै कुल र इष्टदेवी भनिने देवीदेवताको वाँडफाँडको व्यवस्था सर्वसाधारण जनताका लागि यिनले गरिदिए । त्यस व्यवस्थाअनुसार भुल थर लेख्ने र विष्ट थरका नामले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि चिनिने व्यक्तिहरूलाई मेलौली भगवती देवी आराध्य इष्टदेवीका रूपमा निर्धारण गरियो । यस जातिले श्रद्धा एवं भक्तिपूर्वक मेलौली भगवतीको पूजा गर्ने कामलाई परम्पराको रूप दियो । आफ्नो शासन बलियो हुँदै गएपछि राजा विनीले भाकलबमोजिम आफूसँगै दुवा नगरबाट आएका नायक थरका क्षत्रियकी छोरीलाई मेलौली भगवतीमा देउकी वनाएर चढाए । डोटी क्षेत्रका देवीदेवतामा देउकी चढाउने परम्पराको थालनी राजा बिनीले मेलौली भगवतीमा देउकी चढाएपछि विकसित हुँदै गएको हो । राजा बिनीले नायक थरका क्षत्रियकी छोरीलाई देउकी चढाएका हुनाले पछिल्ला दिनमा अरूहरूले देउकी चढाउँदा पनि सोही थरका क्षत्रिकी छोरीलाई प्राथमिकता दिने चलन चलेको हो । राजा विनीले दुवा नगरवाट डोटी प्रवेश गर्दा त्यहाँको परम्परानुसार देवीदेवतामा देउकी चढाउने चलनको सिको गरेर आएका थिए । नायकजातिकी छोरीलाई सर्वप्रथम देवीमा चढाएपछि सर्वसाधारणले देउकी अर्थात् देवताकी दासी भनेर पुज्न थाले । देउकीको आदर सबैतिरका वासिन्दाबाट भयो । कतिसम्म भने त्यस बखत देवी भगवती र देउकीमा कुनै किसिमको भेद छुट्याइएन । सपनामा होस् वा विपनामा कसैले देउकी देख्यो भने आफूलाई साक्षात् भगवतीको दर्शन मिलेको अनुभव गर्ने प्रवृत्ति त्यस वेला कायम थियो । त्यस समयमा देवी र देउकीमा सबैको समान भक्ति थियो र अटल श्रद्धा एवं विश्वास पनि थियो । सबैको आदर एवं सत्कार पाएकी देउकीले पनि सात्त्विक निष्ठामा रहेर आफ्नो कर्तव्य पालन गर्दै गई । माडौँमा चढाइएका सबै सामग्री देउकीका निजी सम्पत्ति हुन थाले । स्थानीय ठुलाठालू तथा धनीमानीहरूबाट पाएको दान र वकसबाट उसले ठुलो धनराशि जम्मा गरी । केही समयमै त्यो देउकी त्यस क्षेत्रकी सर्वमान्य र धनी बन्न पुगी । त्यस देउकीलाई देखेर नायकका छिमेकी जाति भुल र पुजराहरूमा पनि आफ्नी छोरीलाई देउकी बनाएर यथेष्ट धन आर्जन गर्ने इच्छा हुन थाल्यो । नायककी छोरीले एक्लै अपार धन जम्मा गरेको देखेर तिनीहरू ईर्ष्या गर्न थाले । धन पाइने लोभमा तिनीहरूले भाकल गर्दै आफ्ना छोरीहरूलाई देउकी बनाउदै गए । यता नायकहरूले आफ्नी छोरीलाई देउकी बनाएर स्वयं देवीमा चढाउन थाले । मेलौलीकी भगवतीमा देउकी चढाउने परम्परा बसेपछि नजिकका अरू गाउँका देवीदेवतामा पनि देउकी चढाउने चलनको लहर चल्न थाल्यो । सुरुमा मेलौली गाउँका नायक र पछि सोही गाउँका भुल थरका क्षत्रियले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र देउकी चढाउथे भने बिस्तारै तल्ली देई, भुल्यौडा, काँडा, रण्मा, बसाडी तथा गाँजरीका नायक र भुलका साथै अन्य थरका क्षत्रियले पनि आफ्ना छोरीहरूलाई आफैँ वा अन्य व्यक्तिका माध्यमवाट स्थानीय देवीदेवतामा भाकल गर्दै देउकी चढाउँदै गर्न लागे। फलस्वरूप देउकीहरूको सङ्ख्या दिनानुदिन वढ्दै गयो र जिन्दगीभरि अविवाहित रहनुपर्ने नियममा वाँधिएका तिनीहरूवाट समाजमा व्यभिचार वढ्न थाल्यो। अव देवीमा चढाइएका देउकीहरू वाहिरी रूपमा देउकी र भित्री रूपमा स्थानीय ठुलाठुला भनिनेहरूका रखौटी हुन थाले। देउकीहरू त्यसरी रखौटी हुन थालेपछि तिनीहरूवाट वावुको पहिचान नभएका छोराछोरी जन्मन थाले। त्यसरी जन्मिएका नावालक शिशुहरूको लालनपालन एकातिर उपयुक्त ढङ्गले नहुने र अर्कातिर देउकी भएर शिशु जन्माउने ? भनेर स्वयं देउकी नै सामाजिक दृष्टिले तिरस्कार तथा अपहेलनको पात्र वन्ने विसङ्गति समाजमा देखा पर्न थाल्यो। अझ अर्को समस्या के पनि देखियो भने घरमा पत्नी हुँदाहुँदै सजिलै प्राप्त हुने देउकीसितको शारीरिक सम्पर्कले गर्दा सम्पन्न र सामान्य आर्थिक अवस्थाका व्यक्तिको पारिवारीक जीवनमा कटुता आउन थाल्यो। घरघरमा पतिपत्नीको झगडा भएको देखियो। लगातार बावुविनाका छोराछोरीहरू देउकीहरूबाट जन्मन थालेपछि त्यस अनौठो उत्पादनको जातीय नामकरण गर्न समाजलाई अप्ठेरो पऱ्यो। धार्मिक परम्पराअनुसार जातीयताको कसौटी वाँध्नु जसरी पनि सामाजिक हितका लागि अनिवार्य भएकाले देउकीवाट जन्मिएका छोरालाई देउका र छोरीलाई देउकी भन्ने चलन चल्यो। धर्मप्रतिको अगाध विश्वासले गर्दा नायक, भुल र पुजारा थरका क्षत्रियहरूले आफ्ना कुलदेवता वा इष्टदेवीमा मनोकामना पूर्ण भएमा देउकी चढाउने भाकल एकातिर गर्न लागे भने अर्कातिर जीवन निर्वाह गर्न मुस्किल भएका देउकीहरूले आफ्नी छोरी वेचेर देउकी चढाउनमा सहयोग गर्दै आर्थिक समस्यावाट मुक्त हुने प्रयास गर्न थाले। यसरी चढाउँदा देवीदेवतामा भाकल गर्ने व्यक्तिले पैसा तिरेपछि देउकी बन्ने छोरी जति पनि पाउन थालेपछि पुराना देउकीका आर्थिक समस्याको न्यून मात्रामा भए पनि समाधान हुने र खुलेआम नयाँ देउकी थपिने क्रम लगातार चिलरह्यो। बैतडी जिल्लाको मेलौली गाउँबाट थालिएको यो प्रथा बिस्तारै मल्ली देही, पाटन, पुजर गाउँ, दार्चुला जिल्लाको गोकुले र डँडेलधुरा जिल्लाका चमडा, रूपाल, उग्रतारालगायतका अन्य ठाउँमा पनि फैलँदै गयो। **६) सात जना**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छोरीका बाबुको किंवदन्ती : मेलौली गाउँमा बस्ने एक जना व्यक्तिका लगातार सात जना छोरीहरू जन्मे । छोरो एउटा पनि नभएकाले उसलाई सारै चिन्ता लाग्यो । उसले पुत्र प्राप्ति भएमा एउटी छोरीलाई देवीमा चढाउँछु भनी भगवतीमा भाकल गऱ्यो । भाकल गरेको वर्ष दिन पुग्दानपुग्दै उसले छोरो पायो । उसले त्यस छोरालाई देवी भगवतीको प्रसाद वा वरदान मान्यो । छोरो पाएको खुसीमा उसले भाकलअनुसार जेठी छोरीलाई देउकी बनाएर भक्तिपूर्वक देवीमा चढाइदियो । त्यसै समयदेखि मनोकामना पूर्ण भएमा वा भाकल गरेबमोजिमको प्राप्ति भएमा देउकी चढाउने चलन जनजीवनमा व्यापक रूपमा बढ्दै गयो । त्यसको असर आजसम्म पनि समाजमा रहिरहेकै छ । **७) हरि चन्दको किंवदन्ती :** समुद्री सतहदेखि लगभग ५,००० फिट अग्लो पर्वतीय ढिस्कोमा स्थापित माडौँकी देवीलाई 'मेलौली' र त्यस माडौका वरिपरिको क्षेत्रलाई 'देही' भनिन्छ । नि:सन्तानलाई सन्तान, निर्धनलाई धन, मूर्खलाई बुद्धि, अशक्तलाई शक्ति, रोगीलाई सुस्वास्थ्य, सङ्कटमा परेका व्यक्तिलाई उन्मुक्ति दिने यी देवी यस क्षेत्रमा ज्यादै सम्पूज्य मानिन्छिन् । यिनको उत्पत्तिका विषयमा स्थानीय बुढापाका र जान्ने सुन्ने व्यक्ति अनेकौँ कथा सुनाउँछन् । अधिक चर्चित एक कथाअनुसार हालको देही गाउँको उत्तर पूर्वमा पर्ने 'मलिना' गाउँका छेउतिर प्राचीन कालमा 'कत्युरा' भन्ने जाति वस्दथ्यो । वाइस जना सदस्य भएको त्यस जातिको एक मात्र परिवार थियो । त्यसले कैलो वर्णको एक गाई पालेको थियो । दुधालु त्यो गाई दिनभरि पेट भरिने गरी चरेर आए पनि साँझ दुध नदिने हुन थालेपछि रहस्य बुझ्न कत्युराले चर्न वन गएको समयमा एक दिन गाईको चेवा गऱ्यो । हेर्दाहेर्दै वनभित्रको एउटा झाडीभित्र गएर गाईले आफैँ दुध वगाइरहेको दृश्य कत्युराले देख्यो । वास्तविक कुरा बुझ्न गाईले स्वत:स्फूर्त रूपमा दुध बगाएको ठाउँमा कत्युराले खन्ने काम गऱ्यो । निकै खनेपछि त्यहा भगाकारको प्रस्तर फेला पऱ्यो । मिहिनेतपूर्वक पालिएको गाईको दुध खाएको झोँकमा कत्युराले त्यस ढुङ्गोलाई डोकामा हालेर महाकाली नदीमा फाल्न लग्यो । विच बाटोमा दिसा लागेकोले डोको र मेलको लट्ठी बाटोको छेउमा राखेर कत्युरा जङ्गलतिर गयो । फर्केर आउदा कत्युराले मेलको लट्ठी हरियो लहलहाउँदो ठुलो रूख भएको र प्रस्तरचाहिँ हल्लाउन पनि नसकिने गरी भारी भएको देख्यो । साथै त्यस प्रस्तरवाट आफू भगवतीको प्रतीक भएको हुनाले चोखो भएर आई त्यहीँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठाउँमा मूर्तिको स्थापना एवं पूजाआजा गर्न निर्देश दिएको आवाज आयो । नजिकैको जलाशयमा गई चोखो भएर फर्केको कत्युराले प्रस्तरबाट निस्केको आवाजको निर्देशअनुसार दुईवटा खाँवा गाडेर खरले छाई त्यसभित्र मूर्ति स्थापना गऱ्यो । त्यसपछि कत्युराले सबै कुरा नजिकैका गाउँलेलाई सुनायो भनेमुताबिकको आदेश पालना गरेकोले देवीले कत्युराको सबै हिसाबले उन्नति गराइन् । कत्युराले पनि भगवतीको पुजारी वा तेलिया बनेर सेवा गर्न थाल्यो । समय समयमा देवीले कत्युरालाई प्रत्यक्ष दर्शन पनि दिन थालिन् । देवीको आशीर्वाद पाएर धनीमानी बनेको कत्युरा केही समयपछि घमन्डी हुन थाल्यो । उसले देवीको पूजा गर्न छाड्यो । कत्युराको उदासीनता र घमन्ड देखेर दिक्क भएकी भगवतीले एक दिन वनमा गई बाघ पक्रेर ल्याउन अराइन् । देवीको शक्तिका कारण वनबाट बाघ समातेर त ल्यायो, तर त्यो बाघ उसले अर्के देवतामा कत्युराले चढाउन लग्यो । ती देवताले भगवतीको बाघ चिनेकाले स्वीकार गरेनन् । पछि कत्युराले त्यो बाघ भगवतीका सामु प्रस्तुत गऱ्यो । अर्का देवताले स्वीकार नगरेकाले आफूकहाँ बाघ ल्याएको कुरा देवीले थाहा पाइन् र आफ्नो अपमान गरेको ठानेर देवीले बाघ स्वीकार गरेनन् । त्यसै दिन तोल्याको वनको उत्तरीबाट आएको एउटा मृग मारेर घरमा लगी कत्युराले पकाएर खायो । भगवतीले मृगको मासुलाई बीस बनाइदिएकीले कत्युराको सम्पूर्ण परिवार मऱ्यो । त्यस दिन कत्युरा परिवारको एक जना व्यक्ति ससुराली गएको हुनाले त्यो मात्र बच्यो । ससुरालीबाट घर फर्कने क्रममा त्यस कत्युरालाई खलिगाड गाउँका ठालु हरिचन्द्रले पक्रेर एक जना रैकासित बेचिदिए । पुजारी परिवारको बचेको एक मात्र सदस्य पनि बेचिएका कारण रिसाइएकी भगवतीले हरिचन्द्रलाई सन्तान नहुने तुल्याइन् । निकै उमेर बितिसक्दा पनि सन्तान नभएकाले हरिचन्द्रकी पत्नीले ज्योतिषीसमक्ष आफ्ना समस्या राखिन् । ज्योतिषीले देवी भगवती रिसाइएकीले सन्तान प्राप्ति नभएको कुरा सुनाउँदै देवीलाई प्रसन्न तुल्याउन सके पुत्र प्राप्त हुने उपाय बताइन् । हरिचन्द्रकी पत्नीले परम्परागत कुलदेवता उदयदेउलाई छोडी मेलौली भगवतीलाई इष्टदेवी मानेर पुज्न थालिन् । उनको स्तुतिभक्तिबाट प्रसन्न भएकी देवीको आशर्विाद पाएर असी वर्षको उमेरमा हरिचन्द्रले पुत्र प्राप्त गरे । छोरा पाएपछि हरिचन्द्रले देवीमा देउकी चढाए । त्यस घटनाबाट अभिप्रेरित बनेका स्थानीय सम्पन्नदेखि साधारणसम्मका सबै पछिल्ला दिनमा अनेकौ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किसिमका मनोकामनाको परिपूर्तिका लागि देउकी चढाउने भाकल गर्न लागे। परिणामस्वरूप समाजमा देउकीको सङ्ख्या बढ्न थाल्यो।

नाइल तालको उत्पत्ति : *दानव (राजा)को रगतबाट सृष्टि भएको तालको कथा।* कैलाली, कञ्चनपुर र डँडेलधुराको सिमानामा पर्ने ताल। धेरै पहिलेको कुरो हो नाइल ताल भएको गाउँमा एक राजा बस्थे। तिनका सिपाहीहरू प्रत्येक दिन जङ्गली जनावरको सिकार गरेर राजाको लागि ल्याउने गर्दथे। एक दिन सिकारको लागि कुनै जनावर नभएर संयोगवश एउटा मानिस फेला परेछ। त्यस मानिसको सिकार गरी सिपाहीहरूले राजालाई मासु दिए। राजाले मासु खाँदा धेरै मिठो मानी 'आजको मासु सदाको भन्दा मिठो लाग्यो, यो कुन जनावरको मासु हो ?' भनी सिपाहीलाई सोधे। सिपाहीहरू डरले हात जोडी थरथर काम्दै 'प्रभु, हामीले धेरै ठुलो गल्ती गऱ्यौँ। हामीलाई क्षमा गरिदिनुहोस्' भन्न थाले। राजाले साँचो कुरा भन म केही गर्दिनँ भने। त्यसपछि सिपाहीले सारा कुरा सुनाए। त्यसपछि राजाले अवदेखि मलाई मानिसकै मासु ल्याउनू भन्ने आदेश दिए। राजा मानिसको मासु खाँदाखाँदा दानवमा परिणत भैसकेका थिए। अव गाउँका मानिसले पालोपालो गरी दिनको एक जना राजाको खानाको लागि जानुपर्ने बाध्यता भयो। गाउँ पनि उजाड भई थोरै मानिस मात्र त्यस गाउँमा रहे। एउटा घरमा आमा र छोरा गरी दुई जना मात्र वस्दथे। उनीहरूको घरको पनि पालो आयो। आमाछोरा दुवै जना 'राजाकहाँ म जान्छु, म जान्छु' भनी रुँदै थिए। त्यसै वेला एक जना पाहुना पुगे र 'किन रोएको ?' भनी सोधे। आमाछोराले रुनुको कारण वताए। पाहुनाले आमालाई 'म तिम्रो लुगाको छेउमा धागो बाँधिदिन्छु। त्यो धागो कहाँ जादो रहेछ, त्यसको पत्ता लगाई म अन्त्य गर्ने उपाय खोज्ने छु' भनेर पठाइदिए। त्यसै ठाउँमा एउटा गुफा पनि थियो। त्यो राजा दुलोभित्र पसे (उक्त गुफा अहिले पनि सोही स्थानमा रहेको छ।) दाडुनामक समैजी देवताले अरू देवतालाई 'म गुफाभित्र जान्छु, तिमीहरू म नआउँदासम्म गुफाको बाहिर हेरचाह गर्नू' भनेर गुफाभित्र पसे। छ दिन बितिसक्दा पनि केही पत्ता लागेन। सातौँ दिनमा त्यो गुफाबाट रगत बग्यो। त्यो रगत देख्दा ती देवताहरूले ठाने कि हाम्रो बलवान\ ढाडु समैजीलाई त्यस दानवले (राजा) मारेको हुनाले रगत आउन थालेको हो। त्यसपछि देवताहरू भाग्न थाले। त्यो दानवलाई मारी ढाडु सम}जी बाहिर आउँदा सबै देवता भागिसकेका थिए। त्यही दानव (

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा)को रगतबाट त्यहाँ तालको उत्पत्ति भएको हो भन्ने जनश्रुति रहेको छ। उक्त तालको पानीले सात किसिमको रङ फेर्ने गरेको, तर वि.सं. २०६० तिर माओवादी योद्धाहरूले गाईको रगत मिसाएकाले त्यसै दिनदेखि यो ताल सुकेर खाली दलदल मात्रै भएको छ।

निङ्गलाशैनीको उत्पत्ति : *गाईको दुध शिलामा स्वत: दुहिएको र त्यहाँ हँसियाले हान्दा रगत निस्की स्थापित मन्दिरको कथा।* विभिन्न शक्तिपीठमध्येका एक शक्तिपीठ। वैतडी जिल्लाको देहीमाडौँमा निङ्गलाको झाडभित्र देवीको फुटलिङ्ग गाथ (शिला) थियो र देहीमाडौँ स्थानीयका गाई चर्ने चउर भएको हुँदा बोहराजातिको गाई दिनहुँ त्यस निङ्गलाको झाडभित्रको शिलामा आफैँ दुहिने गर्दथ्यो। बोहराकी स्वास्नीले गाईले दुध नदिएको हुँदा एक दिन चेवा गरी। उक्त शिलामा गाई दुहिन थालेको देखी हँसियाले शिलामा हान्दा रगत निस्क्यो। तुरुन्तै लावडजाति ग्वालाले आफ्नो ओढ्ने बोराको थाङ्नोले शिलालाई छोपे र छोप्दा-छोप्दै बोराको थाङ्नो ऊनीको कम्मलमा परिणत भई आकाश वाणीबाट “म फुटलिङ्ग भगवती हुँ। मेरो पूजा चलाऊ” भन्ने शब्द ध्वनित भयो। त्यसपछि पुन: भने, “बोहराजातिकी स्वास्नीमान्छेले मेरो गाथको नजिक नआउनू र मेरो जात्रा हेर्न पाउने छैनन्।” देवी भगवतीको मजी{बमोजिम नै हालसम्म पनि बोहराजातिकी स्वास्नीमान्छेले देवीको मन्दिरमा गई उपासना, औराद, तेराद केही पनि गर्न पाउँदैनन् र स्वराडी बैतडाको जात्रा (चउलो) पनि हेर्न पाउँदैनन्। जुन बेला देवीको जात्रा स्वराडी र बैतडाको चउलाले भरिपूर्ण हुन्छ, त्यस बखत आकाश रित्तै भए पनि कुहिरो लागी अन्धकारमा परिणत हुन्छ। कालान्तरमा निङ्गलाको झाडतिर भएको शिला गुफामा परिणत भइरहेको छ।

नौ धार्नी सुन र क्षत्रीका थर : *रिपु मल्लको अपहरणपछि फिरौतीस्वरूप दिइएको नौ धार्नी नक्कली सुन र दूतहरूलाई गरिएको गालीबाट बन्न गएको क्षत्रीहरूको थरको कथा।* डोटी राजा द्वितीय नागी मल्लले विवाहिता रानीसँगै डँडेलधुरा कोलाखेतका चनिफा रावलकी दिदी पनि रखौटी राखेका थिए। चनिफा रावल चित्रकार हुनाले राजाको आज्ञाअनुसार उनले दुवै रानीको तस्बिर बनाई पेस गरे। चनिफाकी बहिनीले दाजुलाई जेठी रानीको तिघ्रामा तिलकोठी छ भनी बताएकाले तिलकोठी पनि राखेको थियो। चनिफाको मामा आशु कठायतले चनिफाको र जेठी रानीको अवैध सम्बन्ध छ भनी प्रचार गरे। सभासद्‌बाट पनि ठहर भयो र चनिफा रावलसमेत दुवै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रानी अजयमीरकोटको ढुङ्गाको ओखलमा कुटेर मारिए । नागी मल्ल त्यस हत्याकाण्डबाट विक्षुब्ध भई जोगीको भेषमा हिँडे र राजकाज बाबु निरयपालले नै चलाए । अछाम गैरा गाउँ ढुङ्गानीका विधवा ब्राह्मणीसँग नागी मल्ल मोहित भई लोग्नेस्वास्नी भई बसे र रिपु मल्लको जन्म भयो । रिपु मल्ल ४ वर्षको हुँदा नागी मल्लको मृत्यु भएको खबर प्रचार भयो र जुम्ली राजा सिजापतिका नाति अछामी राजाले रिपु मल्लको अपहरण गराई जुम्ली सिजापति महाराजको दरबारमा पुऱ्याए । नागी मल्लको सकायल नदिकिनारा देउखर्क श्मशानमा दाहसंस्कार भएपछि जुम्ली सिजापति राजाले नौ धार्नी सुन दिएमा रिपु मल्ललाई फिर्ता दिने खबर दिए । सन्देशअनुसार नौ धार्नी सुन दिएर डोटी राजाले दूतमार्फत जुम्ला पठाए । तर दूतहरूले सो सुन सानागाउँमा गाडी नक्कली पित्तलमा सुनको झोल लगाई जुम्ली सिजापतिलाई वुझाई रिपु मल्ल फिर्ता ल्याए । केही दिनपछि जुम्ली राजाले सुन हेर्दा नक्कली ठहर गरेपछि डोटीका दूतहरूले ठगेको भनी फरमान जारी गरे । त्यसपछि सबै दूतहरूलाई ढाँट, ठग र चोर भनी थर राख्ने आदेश गराए । डोटी राजालाई लेखौट गर्दा डँडेलधुराका विभिन्न गाउँमा ठग, ढाँट र चोर भन्ने थरका क्षत्रीहरू रहेका छन् ।

न्यौली र न्यौलो चरा : *घरभन्दा टाढा विहे गराइएकी छोरीको सम्झनामा कराउने न्यौली र न्यौलो चराको वेदनायूक्त मिथक ।* उहिलेको कुरा हो, एक गाउँमा बुढावुढी बस्दथे । ती दुव}को एक छोरी मात्र थिई । छोरीलाई केही वर्षअघि मात्र खोलापारि टाढा मुग्लानतिर विहे गराइदिएका थिए । बुढीलाई छोरीको असाध्यै माया लाग्थ्यो । बुढीले 'छोरीलाई वोलाएर ल्याऊ' भनेर हरदम बुढालाई भनिरहन्थी । तर टाढा भएकाले जान हिम्मत नभएकाले वुढोले 'पर्ख-पर्ख (पख-पख), ल्याउँला' भनी जवाफ दिन्थ्यो । 'ल्याऊ-ल्याऊ' र 'पर्ख-पर्ख' भन्दाभन्दै समय बित्दै गयो । एक दिन विहानै छोरीलाई भेट्न भनी कोसेली वोकेर बुढो छोरीको घरतिर लाग्यो । केही दिनको यात्रापछि छोरीको घर पुग्यो । तर विडम्बना बुबा पुगेकै दिन नाङ्लोमा सुकाएको काफल घटेको देखेर बुहारीले चोरेर खाएको शङ्का गरी सासूले पिट्दा छोरीको मृत्यु भइसकेको थियो । वुढो एक्लै घर फर्कियो । आमाले छोरीको असाध्यै माया गर्ने र उसको प्राण छोरीमै अड्किरहेको हुँदा बुढाले छोरीको मृत्युवारे बुढीलाई केही नभन्ने निर्णय गरे । 'छोरीलाई किन ल्याएनौ ?' भनी वुढीले सोध्दा फेरि उही जवाफ दियो, 'पर्ख-पर्ख ल्याउँला ।' केही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समयपछि छोरीको सम्झनामा छटपटाउँदै बुढासित 'ल्याऊ-ल्याउः' भन्दै बुढीको प्राण गयो। लगत्तै केही दिनपछि बुढाको पनि प्राण गयो। उनै बुढाबुढीले न्यौली र न्यौलो चराको जन्म लिए। चरा भएर जन्मेपछि छोरीको सम्झनामा वनमा डोलाउँदै न्याउली 'ल्याऊ-ल्याऊ (न्याहूँ-न्याहूँ)' भन्दै विरक्तिने र न्यौलो 'पख-पख' भनी झुलाउने स्वरमा वास्ने गरेको जनविश्वास रहिआएको छ। चैत वैशाखमा वास्ने यी न्याउली र न्यौलो चरा विरह र वेदनापूर्वक वास्ने गर्दछन्।

पुतला खेलमा रन पुतला र मालको मिथक : *अछामको लोकसांस्कृतिक पेटारोभित्रको एक लोकनृत्य।* जनश्रुतिअनुसार परापूर्वकालमा हालको अछाम र बाजुराको सिमानामा राजधानी वनाई बसेका तत्कालीन राजा भ्यारा घ्याम्पाको छोरी रनकला मैयाँ एक मात्र सन्तान थिइन्। रनकला मैयाँको विहे तत्कालीन मालका राजा मलतीका छोरासित हुने भयो। त्यस अवस्थामा मालमा औलो लाग्ने, बाढीको प्रकोप हुने, सर्प र बिच्छीको बिगबिगीले सताउने, मालको मौसम र वातावरण अत्यन्त उराठ जस्ता असहज परस्थितिको कुरा साथीहरूबाट थाहा पाएर रनकलाले आफ्ना बाबुलाई जानकारी गराए। तर दुलाहा पक्ष जन्ती लिएर घरमा आइसकेको हुनाले छोरीलाई सम्झाई दुःखको सामना गर्न नपर्ने गरी सबै कुराको व्यवस्था गरिदिने भनी बाबुले छोरीको विवाह सम्पन्न गरेर छोरीलाई माल पठाए। राजमहलमा सुखसयलमा बसेकी रनकला मैयाँ मालको त्यो पीडा भोग्न वाध्य भइन्। विहे गरेर माल पुगेको दिनदेखि आफूले भोग्नुपरेको पीडाले नालीवेलीसहित अबदेखि कुनै पहाडी चेलीले यस्तो पीडा भोग्नु नपरोस् भनी चिठी लेखेर बाबुलाई पठाए। माल र पहाडको दूरी धेरै लामो भएकाले मालबाट पहाडमा चिठी पुग्न महिनौं लाग्यो। रनकला मैयाँले पठाएको चिठी राजाकहाँ नपुग्दै मलौरे ज्वरो, सर्प र बिच्छीको टोकाइबाट रनकला मैयाँको मुत्यु भयो। एकातिर छोरीले भोग्नुपरेको दर्दनाक अवस्थाको जानकारीले आक्रान्त राजाकहाँ केही समयपछि नै मुत्युको खबर आइपुग्यो। छोरीको भावनाको सम्मान गर्न नसकेकोमा आत्मग्लानि गर्दै राजाले आफ्नो राज्यका सबै चेलीहरूलाई दरबारमा बोलाई रनकला मैयाँले भोग्नुपरेका पीडा र अवस्था अरू चेलीले भोग्नु नपरोस् भन्ने भावको गीत तयार गरी छोरीको सम्झनामा रनपुतला खेल खेल्न लगाए। त्यही समयबाट पुतला खेलको सुरुवात भएको हो। पुरानो वर्षको समाप्ति र नयाँ वर्षको आगमनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केही समयपहिले रनकला मैयाँको विवाह र यस्तै समयमा मत्यु भएको हुनाले त्यही समयमा राजाबाट यो खेलको सुरुवात गरिएको हो । पुतला खेल चैत पूर्णिमादेखि वैशाख सङ्क्रान्तिसम्म अछामका गाउँ गर्खाका पटाकनीहरूमा दिनभरि खेलिन्छ । महिलाहरूले पुतला खेल खेल्दा गाइने प्रत्येक गीतका पङ्क्तिहरूमा रनपुतला अर्थात् रनपुत भनेर दोहोरिने गर्छ ।

बडीमालिका पीठ : *शक्तिको प्रतीक/भगवतीको रूप ।* सतीदेवीले आफ्ना पिता दक्ष प्रजापतिको यज्ञमा हामफाली प्राण त्याग गरी । त्यसपछि शोकविह्वल भएका कैलासपति शिवजीले पत्नीको शवलाई काँधमा बोकी त्रिभुवनभरि घुमाउन थाले । मृतक देहका अङ्ग-प्रत्यङ्गहरू विभिन्न भू-भागमा खस्न थाले । यसै क्रममा सतीदेवीको वाम अङ्ग मल्लिका गिरीमा खस्यो । त्यसपछि मल्लिका गिरी नाम 'मालिका पी' बन्न गयो ।

शङ्करपुत्र मस्टाको उत्पत्ति : *शङ्करको वीर्य आगोको ज्वालामा परिणत हुँदा अप्सराहरू गर्भवती भई सन्तान जन्माएको कथा ।* मानसरोवरमा भगवान् शङ्करको वीर्यपतन भयो । सो वीर्य ज्वाला जस्तो बल्न गयो । त्यसै बखत कैलासको जाडोले थरथर कामेका अप्सराहरूले आगो बलेको ठानेर ताप्न थाले र ती अप्सराहरूमा गर्भ रहन गयो । त्यक्त गर्भबाट एक अप्सराले शिवको अवतार मानिने देवता जन्माइन् । अर्कीले देवी भगवतीको अवतार मानिने मालिका, काली, दुर्गाको आद्यलाई जन्म दिइन् । तेस्री अप्सराले भने शिवशक्ति तथा देवीशक्तिका प्रमुख गण बनेर लोककल्याणमा समर्पित प्रस्तुत मस्टा देवतालाई जन्माइन् । त्यसैले मस्टाले शिवशक्ति र देवीशक्तिका कार्यमा संलग्न भई आफ्नो जिम्मेवारी पूरा गर्ने र प्राणीहरूको हित गर्ने विश्वास मानिन्छ ।

मस्टाको सहयात्रा : *वैद्य वामदेव पन्तलाई आपत्मा उद्धार गर्ने मस्टाको कथा ।* राणाकालीन समयको कुरा हो । श्री ३ वीरशमशेरकी एउटी रानी सिकिस्त बिरामी भइन् । एकपछि अर्को गरी वैद्य र चिकित्सकहरूले उपचार गर्दा समेत निको हुने लक्षण देखिएन । त्यस बेलाका चर्चित वैद्यको खोजी हुँदा हालको डोटी जिल्ला, जिजोडामाडौँका उच्चाकोटी गाउँको वैद्य परिवारका तत्कालीन वैद्य वामदेव पन्तलाई काठमाडौँ बोलाइयो । त्यस बेलाको पर्दा प्रथा र दरबारिया महिलाले अदृश्य भई बस्नुपर्ने भएकाले महारानीको नाडीमा धागो बाँधेर अर्को कोठामा राखिएका वैद्यसमक्ष पुऱ्याइयो । धागो छामेर नाडीको चाल बुझी रोग पत्ता लगाउनु वैद्यलाई अप्ठेरो भयो । उनले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परीक्षण त गरे, तर रोगवारे केही वताउन सकेनन् । अर्को दिन पुनः सोही समयमा आउने गरी उनी फर्किए । उनलाई ठुलो चिन्ता पऱ्यो । विहान उनले सेतो लुगा र सेतै पगरी लगाएको एक व्यक्तिलाई देखे । तिनले त्यस व्यक्तिलाई महत्त्व नदिई आफ्नो कोठामा जान खोजे । त्यस व्यक्तिले तिनलाई रोकी "तैँले सधैँ पुज्ने गरेको मस्टा म हुँ, तँलाई ठुलो चिन्ता परेको छ । म राम्ररी वुभ्दछु । चिन्ता नगर् । आजको परीक्षणपछि तँलाई जस्तो रोग छ भन्ने लाग्छ सोको औषधी ख्वाउने सल्लाह दिनू । सबै कुरा ठिक हुन्छ । तेरो पछिपछि म हिँडेको छु । सुर्ता लिनु पर्दैन" भन्यो । वैद्यले हे मस्टा देवता दाहिना भएस् तँलाई धन्यवाद छ, तैँले मलाई यति ठुलो सङ्कटवाट वचाइस् भन्दै मस्टाप्रति कृतज्ञता प्रकट गरे । रोगीको अवस्थानुसार रोग निर्धारण गरी तिनले औषधी खाने र परहेजमा वस्ने सल्लाह दिए । नभन्दै महारानीको रोग तिनका औषधीको सेवनले केही दिनमै निको भयो । स्यावासी र पुरस्कार पाई उनी फर्किए ।

मालिकार्जुनको उत्पत्ति : *मालिकार्जुनले आकाशवाणीको उलङ्घन गर्दा आफ्नो पुजारी काम कन्द भएको र एकभन्दा वढी सन्तान नहुने श्राप पाएको कथा ।* भगवान् शङ्करको प्रतीक । अभय पाण्डेले सलनी थलो भित्री मधेसमा पाई झोलामा राखी पूजन गर्दा गर्दै विलाएर दार्चुला जिल्लाको शिखर भन्ने ठाउँवाट 'म यहाँ छु' भनी जङ्गली बाघको अगाडिको खुट्टामा निगालाको सुरो हाली जाईझिल रिठाचौपातामा पठाए । शिखरमा छु भनी राति भएको सपनामा डर नमानी वाघको सुइरो झिकिदिनू र सँगमा लगी आउनू भनेकाले शिखरमा गएर दर्शन गरे । उक्त सपना भोलिपल्ट बिपनामा परिणत भयो । त्यसै समयदेखि शिखरमा पूजा लाग्ने गरेको हो । भक्तजनहरू खिरैखिर खाएर आउँथे । पण्डा पुजारी त्यस समयका चौपाती जोशी थिए । तर ती पुजारीले आफ्ना लागि छुट्टै लुकाई खिर राखिदिएको र त्यहाँका कारिन्दाहरूले थाहा पाई पुजारीलाई भान्सामा एक्लै छोडी सबै जना फर्किए । पुजारीले खिर खाई हात धुनलाई पानी नपाएपछि अब जुठो हातले बाहिर गई मर्छु भनी मरण खोज्दा आकाशवाणीबाट 'फलानो ठाउँमा सुन र चाँदीका पानीका धारा छन् । त्यसै ठाउँमा राखेको चाँदीको गढुवा तिमीले आफ्नो घरमा लैजानु, यस्तो गल्ती नगर्नू, कसैलाई नभन्नू' भनी आवाज आयो र उक्त ठाउँमा जाँदा सोहीवमोजिम प्राप्त भयो र चाँदीको गढुलामा पानी लिएर घरतर्फ गए । अन्य कारिन्दा र पुजारी बाटोमा पर्खिराखेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनाले तिनीहरू पनि भेटिए। तपाईं पुजारी भएर जुठो हातले आउनुभो अबउप्रान्त मन्दिरमा नआउनू भनी धम्काएपछि ती पुजारीले भने तिमीहरूले मलाई पानी दिएनौ, मालिकार्जुनले पानीसहितको गढुवा दिएको हेर भनी देखाइदिए। उता कसैलाई नभन्नू, नदेखाउनू भन्ने मालिकार्जुनको आकाशवाणीको उलङ्घन भएकाले त्यसै दिनदेखि तिनको पुजारी काम बन्द भयो र ती पुजारीका सन्तानहरूले एउटाभन्दा अर्को सन्तान नहुने श्राप पाएको विश्वास रहेको छ।

रैण्याशैनी भगवतीको उत्पत्ति : *भागेश्वर देवताका पुजारी सूर्य भट्ट उपाध्याय छोरा नभएपछि यात्रामा निस्कँदा भगवतीको इच्छाअनुसार सुन्दरीको नित्य पूजा गर्न बाध्य भएको कथा।* प्रचिलत कथनअनुसार अनादिकालमा महाकाली नदीमा दिव्यपुञ्ज भएको शिला बगेर आयो। रोडीका एक बासिन्दा भण्डारीले सो दिव्यशीला निकाली गाउँमा ल्याएर स्थापना गरी पूजाआजा गर्दै आएको स्थानमा फोहोरमैला भएपछि भगवतीले अन्नको भण्डारमा बास सारेको र त्यहाँबाट नै मौनीको जौँको भारीमा आए। मौनीजातिका क्षत्रीले पारिवारिक आवश्यकता निर्वाह गर्ने क्रममा रोडिदेवलबाट एक रैण्या जौं कोथला (थैलो) मा बोकी ल्याउँदा रोडीदेवलबाट नै सो भारीभित्र आएकी भगवती बैतडी जिल्लाको पुजारा गाउँमा रैण्याशैनी भगवतीको नामले स्थापना गरी पूजा हुँदै आएकी छिन्, तर हाल त्रिपुरासुन्दरीको नाउँले पुज्ने गरिन्छ। मौनी गाउँका मौनीले कोरा चामलले पूजा गर्दै आउँदा माता कहिलेसम्म कोरा चामलले पुज्ने भनी पुकार गरेका र माताबाट आकाशवाणीद्वारा मेरो व्यवस्था म आफैं गर्ने छु भन्ने हुकुम भएकाले प्राचीन डोटी राज्यको तेल्यालेक (हाल डँडेलधुरा जिल्लाको साबिक बगरकोट गा.वि.स. को सिराड) स्थित भागेश्वर देवताका पुजारी सूर्य भट्ट उपाध्यायका छोरा नहुँदा देवताको पूजाआजा छोडी काशी यात्रामा निस्किए। बैतडीको बाटो हुँदै पुजारा गाउँनजिक रात परेपछि त्यहीँ बास बसे। भोलिपल्ट सबेरै स्नान गरी नित्य कर्म र पूजा गरेको देखेपछि उनलाई भगवतीका पुजारीको रूपमा योग्य ठानी मौनीले ती ब्राह्मणलाई मन्दिरमा पूजा गर्ने जिम्मा लिन अनुरोध गरे। तर काशी जाने निश्चय गरेकाले बस्न इन्कार गरे। तत्काल आकाशवाणीबाट उनलाई आज्ञा भयो। तर आकाशवाणीलाई मनको भ्रम मानी काशीतर्फ हिँड्दा कुकुरेपानी फूलपते नजिकको बासीभीरमा पुग्दा विशालकाय बाघले बाटो छेकेको देखेपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झुलाघाट जान नसकी भगवतीको इच्छा यही रहेछ भन्ने सोची सुन्दरीको नित्य पूजा गरी बस्न थाले ।

लडे मस्टा : *उपासनाविना लडे मस्टाको प्रभाव क्षेत्रलाई कुनै शासकले आफ्नो अधीनमा पार्न नसकेको कथा ।* लडे मस्टाका माडौँहरू अछाम, बझाङ र बाजुरा जिल्लामा वढी र डोटी, डँडेलधुरा, वैतडी जिल्लामा केही पाइन्छन् । कहीँ शाकाहारी र कहीँ मांसाहारीका रूपमा देखिने यसको धामीका लट्टिएका कपाल निकै लामा भएकोले यसको नाम लडे मस्टा राखिएको हो । जाँतका वेलामा काम्दा स्वतः पगरी फुस्किएर कपाल देखिने स्थितिमा बाहेक अरू वेला यसको धामीले कपाल देखाउन नहुने विश्वास गरिन्छ । यसको धामी सधैँ सेतो कपडाको पगरी गुँथ्दछन् । निजले मुण्डन गर्नु हुँदैन । यसले आफ्नो प्रभाव क्षेत्रभित्र कुनै प्रकारको रोगव्याधि, महामारी, दुःख, कष्ट र सङ्कट आउन नदिने विश्वास रहेको छ । यसको उपासनाबिना यसको प्रभाव क्षेत्रलाई कुनै पनि शासकले आफ्नो अधीनमा पार्न नसकेको र यसले सदा संरक्षक भएर आफ्ना उपासकको रक्षा गरेको जनश्रुति रहेको छ । त्यसैले यसलाई क्षेत्रपाल अर्थात् आफ्ना क्षेत्रको पालना गर्ने देवता भनिन्छ । यो भगवान् शङ्कर र देवी भगवतीका पीठहरूप्रति नमस्तक हुन्छ । दुधे मस्टाले झैँ यसले पनि पनि नाच्नुअघि उक्त शक्तिपीठका दिशातिर शिर झुकाउँछन् । यसरी विवेच्य क्षेत्रको प्रमुख देवता भएर पनि यो शक्तिपीठप्रति नमस्तक हुने देवता मानिन्छ । भगवान् शङ्करको वीर्यपतन भई वलेको ज्वाला ताप्न बसेकी अप्सराबाट यो देवताको जन्म भएको हो जनविश्वास रहेको छ । यो पनि शिव, गणेश र भगवतीका गणहरूमध्येको एक मानिन्छ । यसको स्वरूप गौरवर्णको हुन्छ भन्ने जनविश्वास छ । यसले न्याय दिने काम पनि गर्दछ । यसका कतिपय भण्डारमा विभिन्न समयका राजा महाराजा वा शासकहरूले पढाएका हतकडी, कोर्रा, तरवार, दण्ड जस्ता वस्तु पाइनाले यसलाई स्थानीय न्याय देवताको रूपमा पनि लिने गरिन्छ । वैशाखे सङ्क्रान्तिका साथै भाद्र र कात्तिक महिनाका शुक्ल चतुर्दशीमा यसको जाँत हुने गर्दछ ।

लाटागन्याप देवताको उत्पत्ति : *एक कन्याले पूजापाठ गर्न ढिलो गर्दा घडुलीवाट सर्प निस्की महाभारतको लेकशिखरको पत्थरमा प्राकृतिक गणेशको रूप धाण गरेको कथा ।* भगवान् गणेशको प्रतीक । आजभन्दा करिब ६०० वर्षअगाडि १४ औं शताब्दीमा डँडेलधुरा जिल्लाको पूर्वी क्षेत्र पश्य गर्खामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजाभाट, फूलभाट र कूजाभाट नामका तीन भाइ भाट ब्राह्मण परिवारको वसोवास रहेको थियो। ती तीन भाइ ब्राह्मण पूजाआजा गर्ने शालिग्राम पुज्ने र वेदवेदांशमा धेरै जान्नेबुझ्ने थिए। ती ब्राह्मणमध्ये कान्छा भाइ कूजाभाटकी मात्र एक कन्या थिइन्। एक दिन ती कन्या पानी भर्न नाउलामा गएका बेला ती कन्याले पानी भर्न लागेको रूपा घडुलोमा सर्प बगेर आयो र ती कन्याले त्यसलाई राम्रो ठाउँमा घरमा राखी बिहान पूजापाठ गरी राखे। तर एक दिन पूजापाठ गर्न ढिलो हुँदा त्यो रूपा घडुलीबाट सर्प निस्की अचानक अगाडि बढ्न लाग्यो र त्यहाँबाट महाभारतको लेकशिखर भन्ने ठाउँमा गई। यहाँ पत्थरमा आफ्नो रूप धारण गरी प्रकट भई प्राकृतिक गणेशकै आकारको शिला अवस्थित छ। जुन गन्याप देवताको नामले डोटी र डँडेलधुरा जिल्लामा प्रख्यात छ। माहिला भाइ फूलाभाटले शालिग्राम पुज्दापुज्दै सोही जिल्लाको गणेशपुर मालीगाउँ र कूजाकोटका बिचमा पर्ने सिमलगढामा सिमको लाटा देवताको अवतार भएको भनाइ छ। जेठा भाइ पूजाभाट चाहिँ आफ्नो रूपबाट अन्तर्धान लिई ती देवताको रूपमा अवतारी भएका हुन र कान्छा भाइ कूजाभाट ती सर्पका सँगै गई शिखरमा आसीन भई भाटभटेनी भनी चिनिने गरेको भनाइ छ।

वैजीनाथ : *सुदूर पश्चिम क्षेत्रमा भूत, पिचासहरूले दिने दुःखबाट महादेव वैजीनाथले मुक्ति दिलाएको कथा।* भगवान् शङ्करको प्रतीक। सत्ययुगमा मल्लगिरीमा श्री सतीदेवीको बायाँ कुम पतन भएको स्थानमा मालिकादेवी उत्पन्न भइन्। त्यस पुण्य भूमिमा भूत-प्रेत पिचास आई नाची, खेली सेवा गरे। ईश्वरी प्रसन्न भई वरदान माग भनिन् र 'भूत, प्रेत, पिचासले सधैँ तिम्रो नजिकमा बस्न पाऊँ' भनी मागे। यसै कालदेखि सुदूर पश्चिमाञ्चल क्षेत्रमा भूत, पिचासहरूको वाहुल्यको कारण मनुष्यहरूलाई विभिन्न डर, त्रास एवं रोगव्याधिले सताउने गरेको थियो। यस्तो त्रासबाट यस क्षेत्रका सम्पूर्ण प्राणीहरूलाई उद्धार गरी श्री महादेवले वैजीनाथ (तान्त्रिक मन्त्रद्वारा झारफुक गरेर प्राणीको दुःख हरण गर्ने लोककल्याणकारी)को रूप धारण गर्नुभयो। अछामी जनजिब्रोमा कुनै रोगीको तन्त्रमन्त्र, झारफुक विधिद्वारा गरिने उपचारलाई वैजी लगाउनु भनिन्छ। हिजोआज पनि अछामको विभिन्न भागमा श्री महादेवको विशेष अनुकम्पा भएका व्यक्तिहरू वैजी लगाएर रोगव्याधि एवं भूतप्रेतको दुष्प्रभावबाट मुक्ति दिलाउन सफल हुने विश्वास राख्दछन्। अछाम जिल्लाको प्रसिद्ध स्थानीय देवता वैजनाथ क्षेत्रमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाशिवरात्रिमा लाखौं व्यक्तिहरू मेला हेर्न जम्मा हुने गर्दछन् । यसलाई वैजुनाथ, वैजीनाथ, वैजनाथ, वैद्यनाथ आदि नामले चिनिन्छ ।

वैसुन्नरको (वैस्यानर/अग्नि) फाग : *देवता भूमिराजकी कान्छी छोरी सरस्वतीको जिद्दीका कारण स्वर्गलोकवाट पृथ्वीलोकमा अग्निलाई अवतरण गराइएको कथा ।* स्वर्गलोकवाट अग्निलाई पृथ्वीमा अवतरण गराइएको कथा वर्णन भएको लोकगाथालाई वैसुन्नरको फाग भन्दछन् । सुदूर पश्चिमको डोटी प्रदेशमा वालकको व्रतवन्ध संस्कार हुँदा, ग्रहयाग यज्ञ होम गर्दा यज्ञस्थलमा फाग गायनमा निपुण महिलाहरूले वैसुन्नर (अग्नि) को फाग गाउने चलन परम्परा रहेको छ । भूमिका देवता भूमिराज आफ्ना छोराको व्रतवन्ध गर्ने सिलसिलामा आफ्नी जेठी वहिनी सरस्वती र कान्छी बहिनी बृहस्पतिलाई निमन्त्रण पठाउँछन् र तिनीहरू माइतमा आइपुग्छन् । कान्छी वहिनी वृहस्पति जिद्दी स्वभावकी थिइन् । वृहस्पतिले अग्नि नभई पृथ्वीमा यस्तो पवित्र कार्य गर्न नसकिने भएकाले 'सर्वप्रथम अग्निलाई स्वर्गलोकवाट पृथ्वीमा अवतरण गराउनुपर्छ' भनी जिद्दी गर्न थालिन् । अग्निलाई पृथ्वीमा कसले अवतरण गराउन सक्ला भनी भूमिराज देवताको वैठकमा छलफलपश्चात् १२ वर्षदेखि अन्न नखाई फलफूल मात्र खाइवसेका वालो (जवान) नारायण व्राह्मणलाई सवैभन्दा पवित्र मानी स्वर्गबाट अग्निलाई पृथ्वीमा ल्याउने जिम्मेवारी दिइन्छ । बालो व्राह्मण वैसुन्नरको खोजी गर्न वाटोमा धेरै दुःख र कष्ट सहँदै १२ वर्षपछि स्वर्गलोकमा राज गरेर वसेका दिदीभिनाजुकहाँ पुग्दछन् । वालो व्राह्मण आफू मर्त्यलोकवाट स्वर्गलोकमा वैसुन्नरको खोजीका लागि आफू आएको कुरा वताउँछ र दिदीले वैसुन्नरलाई भेट्टाउन सकिने सम्भावित ठाउँबारे वोध गराउँछिन् । भेना र व्राह्मण वैसुन्नरको खोजी गर्न दिदीले वताएजस्तै स्थान खोज्दै हिंडे । खोजी गर्दै जाँदा एउटा ओढारमुनि वरपिपलछेउ कलकल गरी वगिरहेको पानीनिर रुकरुक वलिरहेको अग्निशिखा देखे । उनीहरू अग्निशिखानजिक जाँदा अग्निशिखा पिपलको टुप्पोमा गई बस्यो । अग्निलाई फेला पार्न नसक्दा वालो व्राह्मण रूखमुनि बसेर रुन्छ । ब्राह्मणलाई रोएको देखेर वैसुन्नर (अग्निशिखा)ले भने - "तिम्रो पृथ्वीमा धेरै पाप छ म कसरी जाऊँ ?" त्यसपछि वालो ब्राह्मणले "पृथ्वीमा पुराना विकृतिहरू हटाउँला र नयाँ रीतिहरू जगाउँला" भनी बाचा गरे । पिपलको टुप्पोबाट अग्नि हाँगो र फेद हुँदै भूमिमा पुगे । अग्निको तापले समात्न नसक्दा पुनः ब्राह्मणले प्रार्थना गरे । आकाशबाट पानी पऱ्यो र वैसुन्नर ढुङ्गामाथि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बसे । ढुङ्गासहित वैसुन्नरलाई आफ्नो जाबी थैलीमा राखी बालो ब्राह्मण पृथ्वीमा पुगे । त्यसपछि पृथ्वीमा सबै पवित्र कार्य यज्ञ, होम, व्रत, बिहे, पूजा आदि सम्पन्न भएको जनविश्वास रहेको छ ।

शिलादेवीको उत्पत्ति : *ब्रह्मा, विष्णु र इन्द्र आदि देवगणले शिव-पार्वतीलाई मधुचन्द्रिकारत देखेपछि लोकलाजले पार्वती ढुङ्गामा शिवलिङ्गको रूप लिई लुक्न पुगेको कथा ।* सत्य युगको अन्त्यमा भगवान् शङ्कर विरक्त भई तपस्या गरिरहेका वेला, असुरहरूका राजा तारकासुरले शिवजीलाई प्रशन्न पारी "मेरो पुत्रबाहेक अरू कसैले तिमीलाई मार्न सक्ने छैन" भन्ने वरदान पाएका थिए । आफूलाई अमर ठान्ने तारकासुरले भ्रष्ट कुशासनबाट देवगण आर्याहरू अत्यन्त आतङ्कित भई तारकासुरको अत्याचारबाट मुक्त हुन शिवजीको विवाह गराई उहाँबाट पुत्र उत्पन्न गराउने प्रयासमा लागेका थिए । पर्वत राज्यका राजा हिमवानकी पुत्री देवी पार्वतीसँग शिवजीको विवाह पनि भयो । लोकलीलाअनुरूप विवाहपश्चात् कैलासतर्फ जाँदा शिवपार्वतीलाई श्रीखण्ड र रक्तचन्दनका वृक्षहरूले र लताकुन्जहरूले भरिपूर्ण चन्दन पर्वतको सुन्दरता र त्यहाँको चराचुरुङ्गी र जनावरहरूले मोहित पारेकाले उनीहरूलाई केही दिन त्यहीँ वसी मधुचन्द्रिका मनाउन मन लागेछ । तर केही दिन भन्दाभन्दै प्रेम र रतिक्रियामा उनीहरू यति मग्न भए कि वर्षौं वितेको थाहै भएन । अतः तारकासुरलाई मृत्यु दिन सक्ने शिव-पार्वतीका पुत्र जन्मन ढिलो भएको ठानी ब्रह्मा, विष्णु र इन्द्र आदि देवगण उनीहरूलाई खोज्दै चन्दन पर्वतमा पुगे र एक्कासि मधुचन्द्रिकारत शिव-पार्वतीलाई देख्न पुगे । लोकलाजले गर्दा देवी पार्वती त्यहाँ ढुङ्गामा शिवलिङ्गको रूप लिई लुक्न पुगिन् । पछि शिवजीको इसारामा देवगणको आराधना, स्तुतिपछि देवी प्रकट भइन् र देवगणको कल्याणका लागि शिव-पार्वती दुवैले आआफ्नो अर्धांश शक्ति त्यसै शिलापिण्डमा प्रवाहित गरी कैलासतर्फ लागे । अतः यसै शक्ति प्राधान्य शिलाखण्डलाई शिलादेवी अथवा शैलेश्वरी भनिन्छ । शैलेश्वरीको मुख्य पूजा र गाँजा नचाउने जात्रा कात्तिक पूर्णिमाका दिन सम्पन्न हुने गर्दछ । यहाँ प्रत्येक १२ वर्षमा एकपल्ट लक्ष्यहोम र १४४ वर्षमा कोटीहोम हुने गर्दछ ।

सयल डाँडा मेला : *सिजापतिले युद्धबापत लुटेको ढुकुटी पश्चात्तापपूर्ण रूपमा फिर्ता गर्नुपरेको कथा ।* सिजापति राजाले आफ्नो युद्ध तयारीका निम्ति खापर देवताको ढुकुटीसमेत लुटेर लगेका थिए । गढवाल विजयपछि खापर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवताले आफ्ना दूत कौछया र दुदिरलाई सिजापतिकहाँ लुटेको सम्पत्ति माग्न पठाउँदा तिनीहरू रित्तै फर्किए। त्यसपछि खापर देवताले आफ्ना तीनवटा दूत-वाँठवालालाई मौरीको भेषमा महारानीको आङ शरीरभरि टोक्यो। हावाको भेषमा दुदिरले दरवार नै हल्लाएर तहल्का मच्चाई सिजापतिको विचल्ली पारे। कुनै उपाय लागेन। आखिर रानीमा देवता आएर "खापर देवताको ढुकुटी लुटेको तुरुन्त फिर्ता गर, अन्यथा वढी सङ्कट पर्नेछ" भनेको सुन्दा सिजापति महाराजले पछुतो गर्दै वाहुली जोडी माफी मागे र लुटेको धनको दोव्वर सम्पत्ति वुझाई सजायसमेत तिर्ने छु भन्ने विन्ती गरेपछि रानीलाई आराम भएको जनविश्वास रहेको छ। त्यसको केही दिनपछि नै सिजापति राजा कालिगडसहितको फौज लिएर खापरमाडौँ आइपुगे र स्थानीय व्यक्तिहरू भेला गरी सबैको अगाडि लुटेको ढुकुटीको दोव्वर सम्पत्ति फिर्ता गरे। आफ्ना कालिगड फौजलाई ९०० वर्ग मि.को ठुलो सुन्दर कलात्मक देवलमाडौँ वनाएर खापर देवताको नित्य नैमित्तिक र पर्वपूजाको दरवन्दी र सोको चाहिने खर्चका निम्ति गुठी जग्गाको व्यवस्था गरी त्यसको आम्दानीवाट वैदिक विधिले पूजा यज्ञ अनुष्ठान गर्ने पद्धति वसालिदिएको जनश्रुति रहेको छ।

❑

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तमु (गुरुङ)

आबोकार्ले-आमोगोर्ज्यो : त्वुम कअ-प्येअनुसार, उहिले सिकारी जुगमा लोग्नेस्वास्नी आबोकार्ले र आमोगोर्ज्यो थिए । उनीहरूका नौ छोरा (च्ह कु ही कु) थिए । आबोकार्लेले स्वास्नी असमयमा मरेपछि उनकै इच्छानुसार घरबारीमा वनतरुल जस्तो हुने 'ल्ये' रोपेर त्यसलाई सुनको थुन्से (मार्मास्य) ले ढाकिदिए । आमोगोर्ज्योले एक साल पुगेपछि मात्र खोल्नू भनेको तर एघार महिनामै खोलिदिँदा 'ल्ये' लाई त एउटी कन्याकेटीका रूपमा पाए । बाचा अवधिमा खोलेको भए उमेर पुगेर आमोगोर्ज्योलाई छोराहरूले चिन्ने थिए, तर एघार महिनामै खोलिँदा भर्खरकी कन्ये तरुनी उमेरकी आमालाई चिनेनन् । छोराहरूको घरजम गराइदिनुपर्ने बेलाको बुढो बाउले सौतेनी आमा ल्याउन आँटेको ठानी कान्छा छोराबाहेकका छोराहरू त्यस तरुनी केटीलाई बिहे गर्न हानथाप गर्न थाले । झमेला बढ्दै गएकाले बुवा कास्कीबाट बसाइँ सरेर जाने निर्णय गरे । फेपताल-रूपतालबाट हिंड्दै सिकार खेल्दै ठाउँठाउँ, डाँडाडाँडामा बास बस्दै सर्दै आखिरमा उनीहरू स्याम्राङ (लिदिङ) मा पातीझुप्रो बनाई बस्न थाले । उनीहरू वन, भीर, खोला डुल्न ज्यादै पोख्त थिए । एक दिन उनीहरू नदीतिर लागेर दुवाली थाप्ने, पाहामाछा खोज्न थाले । दुवालीमा खस्रोखस्रो माछा भेटियो भनेको त अम्रिसोको पातैपात ! खोज्दै जाँदा घोप्टेभीरमुनि नदीको गहिरो तालमा पुगेर माछा खोज्दा पानीभित्र भीरमौरी झुन्डिएको देखेर चकित परे । हातले छोप्न खोज्ने हातमै नआउने, माइला छोराको नजर माथि भीरपट्टि जाँदा भीरमौरी त भीरमै । आबोकार्लेले छोराहरूलाई खसाल्ने भीरमौरी कि नखसाल्ने भन्दा छोराहरूले खसाल्न मन्जुर गरे । बाउलाई मार्ने र तरुनी आमोगोर्ज्योलाई बिहे गर्ने दाउमा भएका छोराहरूले यही मौका छोप्न लागे । दुइटा मोटो धागो वा चोयाको भऱ्याङ (च्यअ) र मह माथि तान्ने चोयाको टोकरी (उरी) तयार पारे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भीरमाथि पाखामा फलामको कीलो गाडेर धुवाँ खसालिदिए। भीरमा झर्दै प्रुम्सम्‌ँ (भीरमौरी खसाल्ने मान्छे) बन्न आठै छोरा मानेनन्। कान्छा छोरा झर्न खोज्दा बुवाले नै मानेनन् र भीरमौरी घोच्ने दुम्स्याङ भाटा हातमा लिएर तन्त्रमन्त्र फलाक्दै आफैं झरे। उसले धेरैजसो महचाहिँ भीरको सानो ओडार (प्वोकार) मा लुकाउँदै बाँकी मात्र माथि नौ छोराहरूलाई पठाइदिए। छोराहरूले 'सकियो ?' सोधे, 'सकिएन' भन्दै बाउ यै मौकामा तल नदीमा चुपचाप झरेर एउटा आफूजतिको कालो ढुङ्गा उचालेर च्यअको सबसे पुछारको टुप्पो भाग (टाम्मीँ) मा बाँधेर आफूचाहिँ त्यही भीरको ओडारमा लुकी 'सकियो' भन्दिए। तुरुन्तै छोराहरूले माथिबाट च्यअ छिनालिदिँदा कालो ढुङ्गा नदीमा बजारियो। उनीहरूले आफ्नै बाउ बजारिएर मरेको ठाने। छोराहरू अब तरुनी आमोगोर्ज्यो बिहे गर्ने प्रतिस्पर्धामा उत्रिए। आमोगोर्ज्योले काँड प्रहार गरेर सुनको सियोको आँखा फ्वाक्क फुटाल्न सक्नेसँग मात्र बिहे गर्न तयार हुने सर्त तेर्स्याइदिइन्। आँगनछेउको बारमाथि आमाले राखेको सुनको सियोको आँखामा छोराहरूले निसाना लाउन थाले। उता आबोकार्लेलाई भालु, मृग, बाँदर र गिद्ध आदिले प्वोकार आफू बस्ने ठाउँ भएको दाबी गर्दै पालैपालो आक्रमण गर्न थाले। आबोकार्लेले गिद्धलाई संसारको जुनै कुनामा जीवप्राणी मर्दा पनि तुरुन्तै त्यसको कानभित्र 'ग्रुङ' आवाजले सूचना देओस् भन्ने आशीष दिये। गिद्धले त्यही प्वोकारमा तीन वटा फुल छोडिदिए। आबोकार्लेले फुल ओथारोमा राख्दा जेठो र कान्छो जन्मिए, माइलो जन्मिएन। हुर्किएपछि जहाँ भए पनि पुऱ्याइदिने बाचा गरेका गिद्ध दाजुभाइलाई आबोकार्लेले साँप्रोको मासुसमेत काटेर खुवाए। त्यसपछि तिनले पैले नदीको कालो ढुङ्गा बोकेर तीन फन्का मार्दै आबोकार्लेलाई त्यस भीरबाट दुइपखेटा जोडिएको ठाउँ (पआर) मा राखी उडाएर आमोगोर्ज्यो पानी भर्न आउने छहरामा छोडिदिए। पानी भर्न आएकी आमोगोर्ज्योले घैंटो (फुम) मा पानी थाप्ने बित्तिकै सेतो छ्वेलाङ (खोलाखोला कुद्ने चरा) पस्न आयो, त्यसलाई खरानी प्रहार गरिदिइन्, त्यसैले त्यो चराको ज्यानमा खरानीको बुट्टा बस्यो भन्छन्। दोस्रो खेपमा चि:बो (माछाको भुरा) पस्न आयो, त्यसलाई बेत (युउ) को नाम्लोले हिर्काइदिएकाले डाम बस्यो र माछाको कत्ला बस्यो भन्छन्। तेस्रो खेपमा सुनको औंठी (मार्स्या:प) आयो। त्यो औंठी आबोकार्लेको भएको आमोगोर्ज्योले चिनिन् र छहरातिर खोज्दै गइन्, त्यहीँ छ्वेलाङ झारघारीमा आबोकार्ले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'पुस्यी आम्बा ह्नु थ्वुँ' (दुइघुँडा सिङजस्तो भएको) पाउना साथ अवाक् भइन्। बुढोलाई उन्यु (तअ) ले पोको पारी घरमा ल्याइन्। लगातार काँड प्रहार गर्दै रहेका नौ छाराले आँगनमा आमोगोर्ज्योलाई देखेर उन्यु किन ल्याएको भनी सोध्दा आबोकार्लेको तोमाँको लागि जाँड (माँम्) छोप्न ल्याएको भनिन्। बुढोलाई घरको तकुँङ्ल्ह (झ्याल, जुन खुल्छ, अरू झ्याल चैं कुनै खुल्दैन) मा बिसाइन्। आबोकार्लेले स्वास्नीलाई काँड बनाउन लगायो। आँगनमा काँड तिखार्दै उभिएकी आमोगोर्ज्योलाई छोराहरूले 'के तिखारेको' सोधे। आमाले आबोकार्लेको क्रियाकर्ममा तकामँ (अर्घुमा नीलो, सेतो, कालो ध्वज वेरिने सिन्का) भनी झुक्याइदिइन्। छोराहरू आँगनमा सुनको सियोको आँखामा काँड प्रहार गर्नमा व्यस्त थिए। उहीबेला आबोकार्लेले माथिदेखि झ्यालको सानो प्वालबाट काँड प्रहार गरी एकखेपमै सुनको सियोको आँखा फुटाइदिए। तँतँ मम गर्दै छोराहरूले आ-आफू आमोगोर्ज्यो दाबी गर्न थाल्दा कान्छा छोराले माथिदेखि एउटा काँड आएको देखेको भनेपछि साइँला छोराले गन्दा दसवटा काँड भेटियो। आटीबाटै बाउले 'लाच्ज्ये (देख्लास्!) च्ह कु ह्नी कु' भन्दै अनेक सराप दिएपछि तत्काल सब छोराहरू अनेक छेदव्येद भएर कोही जमिनभित्र, कोही आकाशपट्टि, कोही हावामा, कोही कता कोही कता बिलाए। कान्छा छोरालाई सराप लाग्दैन भन्दाभन्दै ऊ पनि दाजुहरूझैं एकै कोखको हुनाले सराप लाग्यो। चुलोभित्र भाँसिदै गर्दा हल्लिरहेको उसको टुप्पी मात्र आबोकार्लेले समाउन भ्याएपछि त्यही टुप्पी उखेलेर माथि टाआङ (कुल देवता, पित्रपित्री रहने घरको उत्तरी चोखो कुना) पट्टि फ्याँकिदिए। त्यसपछि कान्छा छोरा घरको फ्वोलः (छेदव्येद) भयो। त्यसैले जैले पनि खानुअघि तीनखेप छ्योत (चढाइने), पिउनु अघि पनि तीनैखेप छ्योत गर्ने परम्परा बस्यो। अरू छोराहरू पनि अनेक छेदव्येद भएकाले सालभर मन्साइरहनु पर्ने भयो, त्वुम अवतार जन्मक्रम सुरु भयो।

आस्यों कोए : क्लेप्रेको मौखिक शास्त्रअन्तर्गत् स्योंधार प्ये अनुसार, उहिले दाजु अर्काको घट्ट रुङ्ने गरिब थियो तर वैनी चाहिँ खुप धनी थिइन्। एक दिन वैनीको घरमा भोजभतेर थियो। दाजुलाई कुनै निम्तो थिएन। तर अरू गएको देखेर दाजु पनि भोजमा पुगेको उसलाई पाहुनाले को हो भनी सोधीखोजी गरे। वैनीले आफ्नो नोकर भनेपछि दाजुको मन भाँचियो। कालगतिले वैनी चाँडै मरिन्, पए (अर्घु) गरे, तर आत्मा भड्किएर स्वर्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर्न सकिनन्। केही समयपछिको घटना थियो। अरू सबैको गहुँ चराले खाएर सखाप पार्‍यो तर आफ्नो बारीमा भने एउटै चरा नपस्दा दाजु छक्क पर्‍यो। कारण खोज्न जाँदा गहुँबारीबिचमा गाईको एउटा खप्परसँग उसको जम्काभेट भयो। खप्परले आफू आस्यों कोए (मृतकको नाममा माइतीमावलीले चढाइने कपडा) नपाएर बिचबाटोमा अल्झिएकी बैनी भएको बतायो। दाजुले आफूसँग भएको पिठो जम्मा गर्ने टालोलाई 'आस्यों कोए' बनाएर खप्परमा ओढाइदियो। त्यसपछि मात्र बैनीले स्वर्ग तरिन् भनिन्छ। त्यसैले तमुजातिमा माइतीमावलीविना मृत्युसंस्कार पूरा नहुने मान्यता छ।

एन्त्रेनी–सुप्रेनी : टुहुरी दिदीबैनी, एन्त्रेनी बैनी, सुप्रेनी दिदी। लोकश्रुतिअनुसार, सुप्रेनी एन्त्रेनीलाई खुब हेला गर्थिन्। सुप्रेनीको बिहे भयो, धनी भइन्। दिदी दरवारमा, बैनी उही पाती झुप्रोभित्र। एक दिन सधैँझैँ एन्त्रेनी अल्लोको झुलो (को:दा) को पछ्यौरी ओढी सिस्नु टिप्न क्येम (निगालोको चिम्टा) लिएर वनतिर गइन्। त्यहाँ सिस्नुझाङभित्र साँप दम्पती मैथुनरत देखिन्। साँपले नडराऊ, हामीलाई पछ्यौरीमा कुम्लो पारेर घर लैजाऊ भने। घरमा ल्याई कुम्लो फुकाल्दा साँपको सट्टा सुनको सिक्कैसिक्का पो पाइन्। पैसा गन्न पाथी माग्न एन्त्रेनी सुप्रेनीकहाँ गइन्। एक मुठी सापट नदिने दिदीले आनाकानी गर्न थालिन्। दिदीले तँसँग निधारमा टाल्ने अछेता त छैन, पाथी केलाई चाहियो भनी हप्काइन्। तैपनि सुप्रेनीले पाथीको बाहिरी पिँधमा सुइँको नदिई गोबर टँसाई पाथी बैनीलाई दिइपठाइन्। एन्त्रेनीले पैसा नापिसकेर पाथी दिदीलाई पुर्‍याइदिइन्। दिदीले सोधेर कथा हुबहु थाहा पाइन्, लोभको भाँडो झन् ठुलो भयो। सुप्रेनी आत्तिँदै उही सिस्नुझाङमा पुगिन्, सिस्नु बोटैभरि साँप नभई च्येउँ-त्वुम (सिस्नुबोटमा बस्ने काम्ने कीरा) लटरम्म फलेको देखिन्। उसैगरी कुम्लोभरि सकीनसकी बोकेर दरवारमा ल्याइन्। पोको फुकाल्दा कीरा सुनको सिक्का भएन, उल्टै बेस्सरी काम्न थाले। काम्दाकाम्दै च्येउँ-त्वुमले चुलोको जम्मै खरानी उडाइदिए, आगो पनि उडाइदिए, आगो सल्क्यो, दरवारै खरानी भयो। आखिरमा सुप्रेनीको बास एन्त्रेनीको पातीझुप्रोभित्र भयो।

क्येबोपोदाङ–सामँमोदाङ : त्वुम कअ-प्येअनुसार, कृषि सुरुवात गर्ने लोग्नेस्वास्नी। खोरिया फाँडेपछि कोवो (चिन्डो)को बिउ खोज्न मधेस गएको क्येबोपोदाङ हराएपछि सामँमोदाङ खोज्न गइन्। एउटा पिपलचौतारीमा क्येबोपोदाङलाई भेटेर बसेको बेला रूखमा बसेको ढुकुरले उनीहरूको पोल्टामा बिस्टाइदियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यही विस्टा लिएर लोग्नेस्वास्नी घर फर्के। बिस्टावाट कोवोको विउ निस्कियो। उनीहरूले विउलाई ढुङ्ग्रोभित्र हाली सारनमा सुकाइदिए। फेरि क्येवोपोदाङ गहुँको विउ खोजीमा भोटतिर लागे। सुरुमा फापर पाए तर त्यसलाई मरेको मान्छेले टिप्ने भएकाले गुम्बाभित्रवाट गहुँको विउ नै लिएर घर फर्किए। कार्ब्लोच्छगाको आरनमा फलामको सलाईले दल्छिनढुङ्गा (दर्शनढुङ्गा)मा भारको भुल्ला भोसेर आगो सल्काएर खोरिया सल्काइदिए। एक दिन कोइला-खरानी पन्छाए, दोस्रो दिन ढुङ्गा पन्छाए र तेस्रो दिन आराम गरे। त्यै भएर 'का:ङ छ्योवे' (डाँडामा गएर त्वुम नाच्ने पुज्ने) र पार्दी (काम विसाउने) सुरु भयो। कोवो रोपियो, गहुँ रोपियो। पाकेको गहुँ सामँमोदाङ्ले पिँढीमा विछ्याइएको समतल ढुङ्गा अर्थात् पाह्रानमा कुटिन्, निफनेर जाँतोमा पिसाइन् र ढिँडो ओडालेर खान थाले उनीहरूले। तर खाने वेला 'छ्योतोछ्योत' गरी फुत नचढाएकाले उनीहरूको भोक मेट्दै मेटिएन। त्यसपछि क्येवोपोदाङ एकै चीजभित्र तीन थरी स्वाद (तितो, टर्रो, अमिलो) हुने चीजको खोजीमा वनतिर लागे। वनभित्र मस्त मातेर अँगाल्दै लट्ठिरहेका वनझाँक्री (च्हान-तुत) हरू देखेपछि उसले त्यसबारे सोध्यो। उनीहरूले मर्चाको विरुवा डा:प् खाएर त्यो अवस्थामा पुगेको मात्र बताएनन् उसलाई डा:प जरादेखि उखाल्न, टिपेपछि नाडीमा वेर्न, मैलोधुलो राम्ररी धुन, काटेर मसिनु पिस्न, चुल्हो चौघेरा गोवर लिप्न, पकाउने भाँडो माझ्न, दिनरात पकाउन, पाकेपछि रेसा छुट्याउन, छान्न र बाँकी नचाहिने फाल्दा पनि चोखो ठाउँमा मात्र फाल्न, लेदोमा कोदोको पिठो मुछ्न, बल्ल छ्याङ्वो (डल्लो) पार्न पनि सुझाव दिए। उसले घरमा डा:प् ल्याएपछि सामँमोदाङ्सँग मिलेर व्रोमाँ (मर्चा) तयार गरे। व्रोमाँले जाडो भयो, लुगा लाइदेऊ भनेपछि सामँमोदाङ्ले पातीले बेरिदिइन् र डालोमा ओथाएर राखिन्। सेतो लेउ उम्रिएर व्रोमाँ वुढो भयो, पाक्यो। त्यसलाई सामँमोदाङ्ले सुकाइदिइन्, गालामा टँसाई चेक गर्न थालिन्, न्यानो बाफ आयो, व्रोमाँ पक्का तयार भयो। अब लोग्नेस्वास्नीले मँ:म् (जाँडको भात) पकाए, व्रोमाँ मोले, अँगारले मन्साएर हा:म् (चोखे) सँघारवाहिर लखेटिदिए। चौवीस घन्टामा एक साल उमेर पुग्यो, जाँड पाक्यो। त्यसपछि त्यसलाई कोवो (चिन्डो) मा हाले। खानुअघि क्येवोपोदाङले टाआङमा तीनपल्ट 'छ्योत्' गरेर 'फुत्' चढाएर खाए। यसरी एकै चीजमा तीन थरी स्वाद (तितो, टर्रो, अमिलो) भएको जाँड खाएपछि वल्ल उनीहरूको भोक मेटियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुकुर र स्याल : लोकश्रुतिअनुसार, उहिले कुकुर (क्योवो) गोठालाका प्रिय मित्र थिए । एक दिन कुकुरलाई गोठमा छोडेर गोठाला जात्रामा भुले । साँझपख कुकुर एकछिन जङ्गल घुम्न गएको मौकामा स्याल (आवो) ले दाउ छोपिहाले । उसले गोठको 'सेःव' (चोयावाट बुनेको गोठमा सामान राख्ने जिनिस) खोलेर पिठो चोर्न लागे । त्यति मात्र होइन, पिठोको 'प्वोयेकुप' (छालाको पिठो राख्ने थैलो) नै लिएर भाग्न आँट्दा कुकुर हतारहतार दौडिएर आइपुगेछ । स्याल भागे । कुकुरले लखेट्न थाले । लखेट्दै जाँदाजाँदा स्याल यस्सो अचानक दौडिँदै फर्किएको कुकुर तर्सेर फनक्क फर्किए । कारण पिठो टाँसिएको स्यालको अनुहार कुकुरलाई बाघकै जस्तो लागेको थियो । अचेल पनि कुकुरले सुरुमा स्याल लखेट्दै जान्छ, तर स्याल फनक्क फर्किनेबित्तिकै कुकुरले लखेट्न छोड्छ । यसो हुनुको अर्थ यस कथासँग जोड्ने चलन छ । जो इमानदार उसैले हार खान परेको, चोर-फटाहाले चैँ शक्ति आर्जन गरेको र गलत सत्यको मिथक हो यो ।

कुसुण्डी घाँटुको कथा : उहिले लमजुङको दश थर डाँडामा, घाँटु गुरुले रागद्वारा घाटुको आँखा थुनिदिए, बेहोस पारिदिए । गुरुले रागगीतले जगाउनुपर्ने, तर त्यस दिन घाँटुलाई जगाउन असमर्थ भए । घाँटुलाई चिहानमा गाडिदिए । नमरेको तर बेहोसी घाँटुलाई गाडेर यमावती (कुसुण्डी) लाई असह्य पीडा भयो । कुसुण्डी भएर बाँचेकी यमावती गोठाल्नीको भेषमा चिहानमा घाँटुगीत गाउन थालिन् । तीन दिनभित्रमा गुरुले जगाउन नसक्दा मरे भनी गाडिएका घाटुहरू चिहानबाट एकाएक वौरिए । गोठाल्नीले घाटुहरूलाई गाउँ पुऱ्याइदिइन् । पूरै गाउँले गोठाल्नीलाई सम्मान गर्न तयारीमा जुटे, तर गोठाल्नी त अघि नै जङ्गल पसिछन् । ध्यान गर्दा गुरुले ध्यानदृष्टिवाट कुसुण्डी बनेकी रानी यमावती गोठाल्नी भेषमा आएको, घाँटुहरूलाई जगाइदिएको थाहा पाए । त्यहीँदेखि कुसुण्डी घाटुको जन्म भयो । गीत पूरा सिक्न नपाउँदै यमावती जङ्गल पसिसकेकी हुनाले गुरुले कुसुण्डी गीत पूरा सिक्न नपाएकोले पूरा गाउन सक्तैन, यसको अंश मात्र रह्यो र यति नै गाउँदै आइरहेको भनिन्छ ।

कोबाक्ल्र्यी : लोककथानुसार, उहिले थाह्रो ताः (बक्खु, राडी बुन्ने) बेलामा ज्यादै तिर्खालु आमालाई पानी नल्याइदिँदा आमाको सराप भोग्न परेर चराजुनी लिएको मान्छे । आमाले कर्कलाको पातमा अडिने आकाशको झरी पानीले मात्र तिर्खा मेट्न परोस्, जमिनको कुवाको, खोलाको, नदीको, समुद्रको सप्पै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पानीमा आमाकै रगत देख्न परोस् भनी कोवाक्ल्यींलाई सराप दिइन्। जहिले यो चरा कराउन थाल्छ, तहिले झरी पर्न सुरु गर्छ भनिन्छ।

कोःवापोम्बो : तमु त्वुम कअ-प्येअनुसार सृष्टि प्रलयकारी अतिवृष्टि र खडेरीबाट प्राणीजगत्लाई उद्दार गर्ने साहसिक, बुद्धिमानी, जीवनरक्षक चरा। उहिले नौ घाम–नौ जून (म्याँः कू-ल्हानी कू) भएको बेला यही चराले 'पान्दान' पातभित्रबाट लुकीलुकी काँड (लःली) प्रहार गरेर आठ घाम र आठ जून खसालेको थियो। त्वुम प्ये आख्यानअनुसार नौनौ घामजूनले संसारमा प्रलयै आएको थियो। मान्छे, जीवप्राणी सब मर्न थाले, रूखबिरुवा सुक्न थाले, ढुङ्गा पनि पग्लिएर तरल हुन थाले। 'ताल्डौं' (अमिलो हुने फापर जस्तो बिरुवा) खानेजति मर्न थाले, सिस्नु जरा खानेजतिचाहिँ बाँचे। व्याकुल मानिसहरू गुहार माग्दै कोःवापोम्वोनामक चराकहाँ पुगे। उनीहरूले त्यो चरा पान्दान पातको ओतभित्र बसेको देखेर मदत मागे। तुरुन्तै नमानेपछि उसका बच्चाबच्ची पनि धोत्रो रूखभित्रको टोड्काको गुँडमा मर्न लागेको सूचना दिएपछि मात्र बल्ल ऊ आफ्नो गुँडतिर उड्यो। नभन्दै आफ्ना बच्चाहरू मर्न लागेको पाएर उसले मान्छेलाई धनुकाँड बनाउन लगाई एउटा घाम र एउटा जूनबाहेक सप्पै घामजूनलाई त्यसले हानेर खसाल्यो। बाँकी एउटा घाम र एउटा जून पनि कोःवापोम्वोले मार्ला भनेर भाग्दा सारा संसार अँध्यारियो। आज अर्घुको बेलामा 'मतोङ' (अर्घुको बेला खरानी खेल्दै मृतकको घरबाट तोमौं वा अर्घुको जग्गेमा आउने चरण) बाट फर्किंदा डाःपो (लामाको हास्य-सहकर्मी) ले लामाको अघिअघि कोःवापोम्वो जस्तो मकुन्डो लगाई छालाको थैलामा खरानी बोकेर हुर्‍याउँछ, ख्यालठट्टा गर्छ। यो त्यही आठ घाम र आठ जूनको खरानीको प्रतीक हो। उसै गरी कोःवापोम्वोले आठ घाम र आठ जून खसाल्न पान्दान पातभित्रबाट काँड प्रहार गरेकाले आज त्यस पातको बिचभाग सग्लै तर छेउछाउचाहिँ काँडले छेडेर च्यातिएको जस्तो भएको मानिन्छ। यसको अनुहार ठ्याक्क 'डाःपो'को मकुन्डो (लूत) जस्तो हुन्छ।

ख्यो-कू/ओप्लेकों/क्वोप्लेकों : तमु विश्वासअनुसार, मनाङको पिसाङ गाउँको दक्षिणी पूर्वमा तमुजातिको स्वर्ग जाने ढोका छ भनिन्छ। ठाउँ उही र एकै भए पनि छरिएर रहेका तमुजातिले यसलाई फरकफरक नामले चिन्छन्। कतै क्वोप्लेकों, कतै ओप्लेकों, कतै मृतात्माले गोठालेसँग आगो माग्ने ठाउँ, बच्चा-आमा मर्दा आफ्नो दुध निचोर्ने ठाउँको रूपमा चिन्छन्। गोरखाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरी भेगमा ख्यो-कू (नौ ढोका) भनी चिन्दछन् । यसभित्रको नौ ढोकामा एकेक कुकुर रहेकोले स्वर्ग जाँदा ती कुकुरलाई सुनको सिक्रीले बाँध्न लगाइन्छ । मामाले बन्दान-कू (मृतकको प्रतीकमा नौ वा सात फन्का वेरिने ऊनी धागो) छिनालेपछि बल्ल स्वर्ग जाने यो ढोका खोल्न सकिन्छ भन्ने किंवदन्ती छ ।

खाक्ले र सँगलु-मँगलु : सिकारीवाज दिदीवैनी र दरवारिया सिकारी कुकुरको कथा । श्रुति लोकाख्यानअनुसार, एक दिन सँगलु-मँगलु सिकार खेल्न भनेर खाम्वे राजासँग खाक्लेनामक तालिम प्राप्त सिकारी कुकुर सापटीमा लिए । सिकारको आधा भाग दरवारमा वुझाउन पर्थ्यो । उनीहरू सिकारउद्योगमा लागे । स्युल्सोम (तीन डाँडा) सिकार खेल्दै जाने क्रममा खाक्लेको 'यः फोयः' (लेकमा हुने एक किसिमको गाई जस्तो हुने वन्यजन्तु) सित जम्काभेट भयो । दुईदुई खेप झम्टिँदा पनि यः फोयःको सिकार गर्न असमर्थ भयो । तेस्रोखेपमा सिकारले तिखो सिङ थापिदिँदा आकस्मिक दुर्घटना भएर उल्टै खाक्ले भिरवाट गुल्टी मार्च्याङ नदीमा पुग्यो । सिकारी दिदीवैनी शोकमा डुवे र खाक्लेको खोजीमा धुइँधुइँती लागे । उनीहरूले सुरुमा भिरको 'साल्म्यँ' (लेकको भिरमा हुने खरविशेष) सँग सोधे । खाक्लेलाई देख्यौ ? खै के गयो गयो, हामी पनि ईः एकदुई जना मात्रै ठाडै छौं, अरू सबलाई भर्खर हो यसरी सुताएर गयो ! साल्म्यँले जवाफमा यसो भन्यो । त्यसैले त्यस वेलादेखि साल्म्यँहरू केटीमान्छेको कपाल जस्तै सुतेको अवस्थामा फिँजिन पुगेको भन्ने चल्ती लोककथन छ । फेरि दिदीवैनी छहरासँग सोध्न पुगे । त्यसले पनि थाहा नभएको जवाफमा केही न केहीचैं उँधोतिर गएको हो भन्ने छनक मात्र दिएछ । डाँडा भिरभर खोज्दाखोज्दा दिदीवैनी हत्तोहैरान हुँदै गए । तेस्रोखेपमा तिनीहरू तल नदीमा पुगे । त्यहीँ अचानक उनीहरूको माझी जालहारी दाइभाइसित भेट भयो । उनीहरूले पनि नभेटेको बताए । भाइ सँगलु-मँगलुसँग किनारमा बसी कुरा गर्न थाले । दाइचैं निरन्तर जाल हानिरहे । जाल नदीमा अड्कियो, भाइलाई डाके । एउटा जाल नदीवाट नआएपछि भाइले पनि दाइकै जालमाथि आफ्नो जाल खप्ट्याइदिए । दाइभाइ कस्सेर तान्न लागे । दिदीवैनीले पनि हातमा हात मिलाइदिए । किनारमा ल्याउन समर्थ भयो । जालभित्र विशाल माछा देखा पऱ्यो । हरियो झिँगो भन्किन थाल्यो । माछाको भुँडी फोर्न झिँगालाई आग्रह गर्दा ऊ त उल्टै तर्सेर 'अहो, के हो के हो !' भनेर तत्काल उडी बेपत्ता भयो । त्यसपछि त्यहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालिज देखा पर्‍यो– भुँडी फोर भनेको, 'यँ ! यो के पो पल्टिराको ?' भन्दै ऊ पनि छक्कै परी रातै आँखा पारेर उत्निखेरै टाप कस्यो । दाइभाइ माछाको रुँगाइमा छोडेर सँगलु-मँगलु डाँडातिर लागे । खोज्दा एउटा ढुकुर फेला पारी बोलाएर ल्याएपछि– त्यसले तीनखेप ठुँगिदियो र माछाको भुँडीवाट मृत खाक्ले निस्कियो । दिदीबैनीलाई फसाद नै पर्‍यो । जिउँदो सापटी ल्याएको खाक्ले मर्‍यो, कसरी फिर्ता दिन जाने ? जाऊँ कि नजाऊँ भयो । तैपनि उनीहरू रुँदै खाक्ले फर्काउन पुगे । उनीहरूको वृत्तान्त सुनेर सारै जाती राजाले कुकुरको उमेर बेला नै यति भएको स्विकारे । खाक्ले कुकुर खाम्वे राजाको राजकीय सदस्यकै हैसियतमा थियो । राजा पनि कुकुरको पौरखमा निर्भर थियो । राजाले कुकुरले मान्छेकै जुनी लिन सकोस् भनेर अर्घु धूमधामले हाले । प्रजाहरू डाँडैडाँडा हिँड्दै दरवारछेउ आइपुग्दा राजाले के गरेको होला भनेर छक्क परे, फर्कीफर्की हेरे । सोध्दा कुकुरको अर्घु त्वुमले हालेको जबाफ पाए । यसरी तमुजातिको मृत्युसंस्कार गीत तुङ्लुङको उठान-गीत 'स्युलु'ले अर्घुको थालनी कुकुरको अर्घुवाट भएको थाहा दिन्छ ।

खाम्बो र पैसाप : उपल्ला गोर्खाका तमुहरूमध्येमा खाम्वो क्येसोहरूको पुर्खा, पैसाप कुरिकहरूको पुर्खा । उहिले खाम्वो घान्द्रुकदेखि आएर लाम्राको सताङ-मोह्वङमा वस्न आए भने पैसापचैँ सिक्लिस पँजोवाट आएर खार्पाङ-खार्किममा वस्ने आए भनिन्छ । गहुँ लाम्रा (लाप्राक) मा भन्दा खार्पाङमा पहिले पाक्थ्यो, तर गहुँको तोमाँ पुज्ने कामचैँ पैले खाम्वोले नै गर्थे । यसको कारण, तन्त्रमन्त्रवाला खाम्वोले खार्पाङदेखि गहुँ ओसार्न ख्युदिती चराको परिवार नै पठाइदिँदो रहेछ । खाम्बोको छोराले पैसापकी छोरी ल्याए पनि ह्वाःङ (छोरीचेलीले विहे भएपछि रक्सी, रोटी र मासु माइतीलाई दिने चलन) चैँ उठाइसकेको थिएन । 'खाम्वो मर्‍या पैसाप साती, पैसाप मर्‍या खाम्वो साती' भनियो तर अव सम्धी पनि वाघ अर्थात् 'ङँन-च्येन' भएपछि जसले जित्छ ऊ लाम्रामा वस्न पाउने सर्त राखियो । खाम्वो र पैसाप मिलेर एउटा सुनको सियो (मार्काप) बनाएरे दोभानमा रहेको ताल (पैचे छ्वो) मा खसाल्ने, जसले टिप्न सक्छ उही नै लाम्रामा वस्ने निधो गरियो । दुवै यस प्रतिस्पर्धामा सहभागी हुँदा तालको गहिराइमा खसालिएको सुनको सियो जिब्रोले टिप्दा पैसाप मिमी सफल भयो । त्यसैले पैसाप लाम्रामा वस्न थाले । लाम्रास्थित पैचे छ्वो रहेको गुस्युकु खोलाको पानी खाम्वोहरूले खाँदैनथे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्योलङ पर्पाती : आदिसिकारी पुर्खा । लोभ, मोह, अज्ञानताका मिथक । रान्जान्नामक देव र ग्योलङ पर्पातीविच ससुरा-ज्वाइँको सम्वन्ध थियो । रान्जान्ले नै ग्योलङ पर्पातीलाई सिकार खेल्न सिकाएको थियो । सँगसँगै सिकार खेल्ने क्रममा एक दिन उनीहरूले वोम्लु (चरा) लाई भेटे । ग्योलङले धनुमाथि काँड चढाई प्रहार गर्दा वोम्लु ठहरै भयो । तर सिकार ज्यादै सानो थियो । दुईविच सिकार भाग लाउँदा ग्योलङले सिकारीले पाउने सिकारको विशेष भागस्वरूप वोम्लुको साँप्रो पायो । सिकार सानो परेकोमा वेखुस ग्योलङलाई घर पुग्नेवित्तिकै स्वास्नीले 'खोइ सिकार ?' भनेर सोध्दा उसले फ्याँकिदिएको सिकारको सानो साँप्रोले लागेर स्वास्नीको दाहिने तिघ्रा नै भाँचियो । यसबाट थाहा भयो, सिकार सानो त रहेनछ । यही घटनाबाटै मानिस र देवताविच सम्वन्धविच्छेद भयो भनिन्छ ।

ङाँस्यिङ : ढ्याङ्ग्रो वनाउने रूख । चल्तीमा यसलाई सुन्क्यी भनिन्छ । त्वुम कअ-प्येअनुसार, उहिले नौ घाम र नौ जून निस्किएको वेला मान्छेले च्युक्लीवोन्ज्यङ चराको फुल ओडारमा ल्याए । फुल ओथारो राख्दा सात दिनमै चल्ला निस्कियो । त्यही चल्ला नै पछि कुखुरा भयो । कुखुरा गिद्धले लग्यो । मासुजति गिद्धले खायो, हाडचाहिँ वनभीरमा खसाल्यो । त्यही हाडवाट ङाँस्यिङ उम्रियो ।

ङैंल्वे-सः : त्वुम कअ-प्येअनुसार, देवता-घर जाने ख्यो कु (नौ ढोका) खोलेपछि ङैंल्वे-सः आउँछ । त्यहाँ तीनटी आमाहरू आमोगोर्ज्यो, आमोप्ल्यैंज्यो, आमोरुल्मो भेटिन्छन् । मरेर पुग्दा पनि, जिउँदैमा सातो वोलाउँदा पनि उनीहरूसँग सुसेलीले मात्र कुरा गर्न सकिन्छ ।

च्याप र च्युप (क्ल्यीपा मुँनी) : तमु लोकश्रुतिअनुसार सृष्टिको जेठो जडीबुटी पोवाँ र चन्तू कुहिएर वनेको हिलोमाटोमा अर्वाचीन प्राणीका रूपमा गुहेकीराको उत्पत्ति भएको विश्वास गरिन्छ । लोग्ने क्ल्यीपाको च्याप र स्वास्नी क्ल्यीपाको नाम च्युप हो ।

चान्ज्येगु र मान्ज्येगु : तमु त्वुम कअ-प्येअनुसार सृष्टिकै जेठो प्राणी गुहेकीराका लोग्नेस्वास्नी च्यापको खुट्टा आकाशतिर र च्युपको खुट्टा जमिनतिर भए । यसरी च्याप र च्युपले प्रथम मानव पुर्खाका रूपमा छोरा चान्ज्येगु र छोरी मान्ज्येगु जन्माए । यिनको जन्म भएपछि नै पृथ्वीमा दिन गयो, रात आयो । यिनैलाई पृथ्वीको पैलो पुरुष र महिलाको रूपमा लिइन्छ । चान्ज्येगु-मान्ज्येगुले नै पृथ्वीमा आगोको आविष्कार गरेको आख्यान छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

च्युक्लीबोन्ज्यङ : उहिले को:वापोम्बोले आठ घाम र आठ जून खसालेपछि डरले लुक्न गएका एकेक घामजून फिर्ता ल्याएर सृष्टि निरन्तरता दिने चरा च्युक्लीबोन्ज्यङ हो । त्वुम प्येअनुसार को:वापोम्बोले आठ घाम र आठ जून खसालेपछि आठ दिन आठ रात संसार अँधेरो भयो । त्यसपछि मानिसहरूले आमा नचिन्ने भयो, बाउ नचिन्ने भयो, आस्याङ-आगु नचिन्ने भयो, दाजुबैनी नचिन्ने भयो, जो कसैलाई चिन्न गाह्रो पऱ्यो । केटामान्छेले पास्यिली (गुप्ताङ्ग छोप्ने कछाड जस्तो भित्री लुगा) खसेको, केटीमान्छेले पाङ्क: (लुङ्गी) खसेको पत्तै भएन । संसारै लथालिङ्ग भैगयो । को:वापोम्वोले मार्ला भनी मानिसहरूले गुहारेपछि 'स नैं देनद्येन, मुं नैं फेफ्येर स्य खुयिये !' (धर्तीमा पनि आकाशमा पनि नाच्न सक्छु) च्युक्लीबोन्ज्यङले भन्यो । डाँडामा पातीको तीनवटा पा:सान (अनुष्ठानको जग्गेमा गाडिने हरियो सुरिलो तर टुप्पोतिर स-साना हाँगा र पातहरूसहितको भिक्रो) गाडेर ड्ये (जग्गे) उभ्यायो, तीनवटा ह्वेना (सुनको तोर्मो, चाँदीको तोर्मो, कुखुरा सुली र ह्वोयेदा खरानीको तोर्मो) राख्यो । पा:सानको टुप्पोमा बसी च्युक्लीबोन्ज्यङ नाच्दै, पखेटा बजाउँदै पुज्न थाल्यो । एक ठाउँ हैन, कैले बसेर, कैले उठेर, कैले उडेर नौ दिन नौ रात नाच्यो । तीन दिन तीन रातमा घामजूनले टाउको मात्र देखाए । नौ दिन, नौ रातमा बल्ल घाम र जून निस्किए र संसार उजेलो भयो । त्यसभन्दा पैले घाम र जून सँगसँगै आउँथे, च्युक्लीबोन्ज्यङले बोलाएपछि भने दिन र रातमा पालैपालो आउन थाले ।

च्हङ्गिनी : मानिस र देवताबिच कुटुम्बेरी चल्ने समयमा मानिस ग्योलङ पर्पातीको स्वास्नी । ऊ सिकारी देव रान्जान्को छोरी थिई । लोग्ने ग्योलङ पर्पातीले फालेको वोम्लुको साँप्रोले तिघ्रा भाँचिएर च्हङ्गिनी मरेपछि मानिस र देवतामा सम्वन्धविच्छेद भएको थियो । तर मरे पनि तिनको प्रेम लोग्नेप्रति कति गहिरियो भने दिउँसो नदेखिए पनि तिनी राति-राति सपनामा आउने, सँगै सुत्ने, एउटै ओछ्यान माग्न आउन थालेपछि ग्योलङको मन पग्लिन थाल्यो । लोग्नेको माया पाउने छाँट पाएपछि सपनामा च्हङ्गिनीले आफ्नो हातको कान्छी औँलामा लोग्नेलाई प्यङ्ग्री (कालो धागो) बाँध्न लगाइन् । तेस्रो रातमा ग्योलङले उसको देब्रे हातको कान्छी औँलामा प्यङ्ग्री बाँधिदिए । मिरमिरेमा उठ्दा च्हङ्गिनी आफूसँगै सुतेकी पाएर ग्योलङले अँगाल्न खोज्दा दुई हातको मुठीभित्रै बिलाउँदै गइन्, प्यङ्ग्रीको डल्लाको धागो (फुन्तलङ) पनि क्रमश: फुस्किँदै गयो । त्यही धागो पछ्याउँदै जाँदा धागो च्हङ्गिनीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चिहानभित्र गई टुङ्गियो । यसै कारण आज मान्छे मरेको तीन दिनमा मृतकको चिहानमा गएर ल्ह ग्वो (सातो बोलाउने) प्रचलन छ ।

छ्युगुम्बो : त्वुम कअ-प्येअनुसार छ्युगुम्वो पानीको आमा हो । उहिले नौ घाम र नौ जून भएको युगमा पानीको हाहाकार हुँदा पान्दान रूखको फराकिलो पातभित्र बसेर को:वापोम्वोले पानीको स्याहार गरिरह्यो । उही पानी पिएर केही मानिस बाँच्न सफल भए । त्यसैले को:वापोम्वोलाई छ्युगुम्वो पनि भन्न थालियो ।

ठासाङ् मिमी : सालाङवासी क्येसो (घोताने) हरूको पूर्खा । किंवदन्तीमा ऊ ज्यादै पहलमान र तान्त्रिकको रूपमा वर्णित छ । उसको उचाइ चौध हात, मोटाइ नौ हात, कपाल तीन हात एक बित्ता, रौँभुत्लै एक बित्ताको थियो । उसले एकै छाकमा पाँच पाथी ढिँडो, तीन पाथी गुन्द्रुक र हातैले निचोरेर एक पाथी तोरी तेल बनाई खान भ्याउँथ्यो । अरूलाई हप्ता दिन लाग्ने बाटो एकै दिनमा हिँड्न सक्थ्यो । उसकी स्वास्नी ङ्यातान (अहिलेको ङ्याक) गाउँकी मम बुरी थिई भने मीतचाहिँ नाम्सिङ मिमी सुकीस्यिदान थियो । ठासाङ कास्कीवाट आएर लाम्राको सताङ-मोह्रङमा वस्न आएको थियो । कास्की राजाले जङ्गलविचमा छोडिएको दैनुगु (सुनचाँदीमा छेदव्येद मन्साएर राखेको चोयाको भाँडो) वोकी ल्याएर उसले अनेक छेदव्येद सुरु गरेको कथन छ । पाह्रा (बारपाक) राजाको आग्रहमा उसले खोर्ला गाउँको ख्योङ्वो लम्वाँसँग मिलेर तलाउमा रहेका दुइटा भूतलाई एकेक विसौली सनासोले च्यापेर ग्येप्ता छाँगोभित्र फालिदियो । राजाले इनामस्वरूप स्वोर गाउँ दिने भनेको थियो तर फेरि पाह्रा गाउँको कोर्का:ङ भन्ने डाँडाबाट पारि पुखी गाउँको पाखामा रहेको कोरली गाईलाई (काँड) प्रहार गर्न लगायो । उसले त्यो गाईलाई एक खेपमै ठहरै पारिदिँदा फेरि गाई खाने तुच्छ भनेर राजाले रित्तो हात फर्काइदियो । तब रिसको झोकमा उसले कुप्स्यी भन्ने डाँडाबाट एउटा ठुलो ढुङ्गा भाङ्ग्रा (क्यअ) मा र अल्लि सानो ढुङ्गाचैं काँधमा बोकेर सालाङको ख्याङका:ङमा ल्याएर राखिदिए जुन ढुङ्गा त्यहीं अद्यापि छन् । ती ढुङ्गा यति विशाल छन् कि दश जना जवानले पनि हल्लाउन मुस्किल होला । त्यस्तै ठासाङ्बारे अर्को आप्तकथन पनि छ । उस वेला खोर्लाको पुर्खा कोर्ग्याल, उहियाको पुर्खा दाजुभाइ ल्हाङ्दार र ङ:दार तीन भाइबिचमा ना:र्वे भन्ने पाखाको लागि चर्को कलह परेछ । त्यसको समाधान ठासाङले सल्लेरीको ओडारमा सल्लाह गराएछ । तीन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाइको सहमतिमा ठासाङ मिमी नुम्रुङ खोलामा डुबेर निस्की तीन हात एकवित्ते कपाल झट्कार्दा पानीको बाछिटा ना:र्वे पाखासम्म पुग्यो रे । त्यै बाछिटाले कोरेको साँध नै खोर्ला र उहियाको सिमाना स्वीकृत भएछ, जुन अहिले कायम छ ।

ठासाङ् मिमीलाई 'तोअर च्या:बो हार्दि, मोअर मा:वो हार्दि' (उँभो र उँधो दुवैपट्टिको शत्रु छेक्ने पन्छाइदिने) पुर्खाको रूपमा लिइन्छ ।

ठिनी राज्यको कथा : उहिले ठिनी राज्यमा ६/६ महिनामा उधौली-उभौली (ठ्होत्हैं) पूजा गर्दा राजारानीको उपस्थिति अनिवार्य हुनुपर्थ्यो । तर राजारानी हुन राजी कोही नहुने । किनभने राजा भएको एक महिनाभित्रमा उसको मृत्यु निश्चित हुन्थ्यो, कि त शुक्लपक्षको अष्टमीको राति राजारानीको हत्या हुन्थ्यो । त्यसैले सोझो, सादा र निमुखालाई फकाईफुल्याई राजारानी चयन गरी राजगद्दी चढाई ठ्होत्हैं गरिन्थ्यो । एउटा भयभीत, आतङ्कित र लथालिङ्ग व्यवस्था भएको राज्यको कथा हो यो ।

तोर्मो : ह्वोयेदा (अमिलो फल हुने रूख) को खरानी र कुखुराको सुलीको आदिम मानव । त्वुम कअ-प्येअनुसार उहिले उहिले मान्छे नै थिएन । त्यसैले संसार थाम्न देवताले सुरुमा सुनको मूर्ति वनाएर बोलाए । बोलेन । त्यसपछि चाँदीको मूर्ति वनाए, त्यो पनि बोलेन । त्यसपछि ह्वोयेदाको खरानी र कुखुराको सुली मुछेर तीनवटा तोर्मो वनाएर बोलाउँदा मात्र बल्ल बोल्यो । देवताले एउटा तोर्मो पश्चिम पठाइदिए, अर्को तोर्मो पूर्व पठाइदिए र तेस्रो तोर्मोचाहिँ उत्तरतिर पठाइदिए । पछि पश्चिम पठाएको तोर्मो पुरुष मान्छे, पूर्व पठाएको तोर्मो महिला र उत्तर पठाएको तोर्मोचाहिँ उनीहरूको ल्ह (सातो) भयो भनिन्छ । त्यही तोर्मो बोलेकोले मान्छे मर्ने भयो, छाला कन्याउँदा खरानी निस्किएको र सुँघ्दाखेरि कुखुराको सुलीको गन्ध आएको हो भन्छन् । मान्छे तीन खालको, जमिनमुनि एक माना खाने, हामी पाँच मुठी खाने र आकाशमाथि चाहिँ एक पाथी खाने मान्छे छ भनिन्छ ।

थाप्साङ आख्यान : उहिले त्वुम कअ-प्येअनुसार, क्येबोपोदाङले सामँमोदाङलाई तीनखेप आँखा झिम्क्याए, फकाएर ल्याए । ओछ्यान ठिकठाक पारे, हातलाई सिरानी बनाए । सामँमोदाङको खुट्टा आकाशतिर क्येबोपोदाङको खुट्टा भुईंतिर पारेर ठेकी मदानी मथ्न थाले । सामँमोदाङको जिउभित्र क्येबोपोदाङको मासु, हड्डी, रगत मिसियो । विस्तारै सामँमोदाङका हात, खुट्टा, जिउ गल्न थाल्यो । के भयो भनी त्वुम बोलाउँदा उसले दाहिने गडवड भएको वतायो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्यार छ्योवे (पूजा) गरेपछि सामँमोदाङका स्थिति सामान्य भयो। सामँमोदाङको कोखबाट नयाँ मान्छे (वच्चा) ले जन्म लियो। क्येबोपोदाङले कँचो प्यङ्ग्री (धागो) बच्चाको नाभिमा बाँधिदिए, काटिदिए, र प्च्हे ख्यन (साल) पनि अलग्गै भुइँभित्र लुकाइदिए। नयाँ मान्छेले दुध पियो, स्वर्ग पायो। सामँमोदाङलाई ट्यिप (सुत्केरी रोग) ले समात्यो। तेस्रो दिनमा त्वुम आए, नौ थरी धूप सल्काएर ट्यिप फुकालिदिए। त्वुमले नयाँ मान्छेलाई पहिले घाँटीमा, हातमा, कम्मरमा र खुट्टामा ल्ह (सातो प्यङ्ग्री) बाँधिदिँदै नयाँ मान्छे उताको हैन अव यताको भयो, आकाशमा छिरे खुट्टामा, भुइँमा डुवे टुप्पीमा समातेर तान्छौँ, निकाल्छौँ भने। ट्यिप जङ्गलमा लगेर रूखमा छोडिदिए। ट्यिप फ्वा (रोग फुकाल्ने, छुट्ट्याउने) काम नै थाप्साङ हो। जन्मेको वच्चा छोरा भए नाभि काट्दा हँसियाको धार मास्तिर, छोरी भएमा धार तलतिर पारेर काट्ने संस्कार छ। छोरा भए दायाँबाट र छोरी भएमा वायाँबाट स्तनपान गराउने चलन छ। थाप्साङमा प्रयोग भएको जम्मै सामान, छोरा भए फ्रोमाङ (अल्लोको जालीदार झोला) मा धनुकाँडसहित, छोरी भएमा डोकोमा फुप्ली (ऊन छाँट्ने धनु) सहित जङ्गलमा लगी रूखमा राखिदिने परम्परा कायम छ। पोको पारी कोक्रोभित्र झुन्ड्याइने नाभी सुकेपछि जन्तर वनाई उही वच्चालाई लगाइदिने चलन छ, यसो गर्दा लडाइँ, व्यथा, दुर्घटना केहीले नछुने विश्वास गरिन्छ।

थुमिस्य र फुमिस्य : तमु त्वुम कअ-प्येअनुसार, मान्छेको मासु खाने जुगमा खराब तान्त्रिकवाला आमा-छोरी थुमिस्य र फुमिस्य थिए। एक दिन आमाछोरीले घरछाना छाउन एक जना ख्यातनामी महातान्त्रिक थाम्वाल त्वुमलाई डाके। घर छाइसकेपछि आमाछोरीले थाम्वालको भुँडी फोरेर भित्री मासु पकाए, आफ्नै मासु उसैले पनि खाए, त्यसकारण उसको प्राण पूरै चुँडिएन। मरेको ठानी थाम्वाल त्वुमलाई चिहानमा गाडिदिए। मध्यराति फेरि आमाछोरी चिहान खोतल्न गए। कसले पहिले खाने भनी प्रतिस्पर्धामा उत्रिए। थुमिस्य खानलाई अघि वढिरहेको थियो। 'फाऽत्' भन्दै चिहान फोरी थाम्बाल त्वुम निस्कियो। उसले थुमिस्यलाई उल्टै चिहानभित्र गाडिदियो। फुमिस्यचाहिँ उम्किन सफल भइन्। त्यसैले आज फुमिस्यकै नाममा 'लाम-कअ' (वाटोमा भोग दिने) चलनपरम्परा छ।

नोच्यन र पाङ्ग्रेस्यो : ठिनी ख्व्याल्सका राजा र रानी। उहिले एक दिन सिकार खेल्न जाँदा नोच्यनवाहेक अरू सवैलाई पहिरोले वगायो। पहिरोबाट बचेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जौवारीमा सुतिरहेको नोच्यनलाई देखेर एउटा गोठालाले को हो भनी सोधेछ। उसले आफू सफुँती ख्व्याल्सका राजकुमार भएको र आफूले पहिरो, हुरीबतास, बिर मसान प्रेत दमन गर्न, न्यायनिसाफ पनि केलाउन सक्ने जवाफ दिएछ। त्यसपछि उसलाई साँच्चीकै ठिनी ख्व्याल्सका राजा वनाइयो। नोच्यन तीनआँखे थियो। उसले त्यस राज्यको सात्हु ज्योतिषीकी पञ्चम लक्षणयुक्त छोरी पाङ्ग्रेस्यो (निधारमा मसिनो कालो दाग भएको) लाई रानी अपनायो। तर पञ्चम लक्षण नभएपछि सफुँती ख्व्याल्समा अनिकाल-महामारी सुरु भयो र त्यो राज्य नै पतन हुन पुग्यो। त्यसैले पाङ्ग्रेस्योलाई अनिकालको प्रतीक मानिन्छ।

पृथ्वीको कथा : त्वुम प्येअनुसार, उहिले पृथ्वी नै थिएन। सवसे पैले तीनवटा ल्हिङ (माटोको नाभि) निस्किए, त्यसमाथि तीनवटा ताल उत्पन्न भए। तीनवटा ताल मिलेर वसे, नचली बसे। तालमाथि तीनखाप तःअर (माकुरी जाल) बस्यो। तःअरमाथि तीनभाइ ढुङ्गा वसे, झगडा नगरी बसे। तीन भाइ ढुङ्गामाथि साँङ्गु (भुकम्प) बस्यो। तीन भाइ ढुङ्गा गल्दा, चल्दा, झगडा गर्दा साँङ्गु (भूकम्प) रिसाउने भयो, तःअर चुँडिने भयो। जबदेखि उनीहरू झगडा नगरी मिलेर वस्न थाले, तव पृथ्वी उत्पत्ति भयो।

पाङ्ते : नटुङ्गिने दुःखको मिथक चरी। श्रुति लोकाख्यानअनुसार सिकारी जुगमा शिकार्वोन्ज्यङ र नुङ्ग्यावोन्ज्यङले पाङ्तेको आमालाई मारेपछि बाउले पनि सौतेनी आमा ल्याए। सौतेनी आमाले पाङ्तेलाई सधैं हेला गर्थी। निपाल (काठमाण्डू) घुम्न गएर बाउ उसलाई सेतो खान्च्यी (माला) ल्याइदिएर लगाइदिएका थिए तर बाउ पनि सिकारीबाटै मारियो। सौतेनी आमाले झनै हेला बर्साउन थालिन्। दाउरा काट्न जङ्गल जाँदा सौतेनी आमाले तल्लोपट्टिको भाग च्यातिसकेको डोको दिने भएकाले दाउरा बाटोमा एकेक खस्दाखस्दै घरमा त एकदुइटा मात्र बाँकी हुन्थ्यो। त्यही दाउराले पाङ्तेलाई सौतेनी आमाले हिर्काइदिन्थिन्। पँधेरो जाँदा पिँध गइसकेको पम, ठेकी दिने भएकाले पानी घर नआइपुग्दै चुहिएर सकिन्थ्यो, फेरि उसै ठेकीको प्रहार खान्थिन्। दिनमा कराएको नसुनिने पाङ्ते सधैं सुनसान रातमा 'पःऽ- मँऽ, पःऽ-मँऽ....' भन्दै कराएको सुनिन्छ। दिनमा बिर्सिए पनि रातमा उसलाई वा (पः) र आमा (मँ) को न्यास्रो आएर यसरी कराएको मानिन्छ। अरू चरा जस्तो यो चरा सजिलै देखिँदैन। आजसम्मै यो चरा ठ्याक्क यस्तो नै हुन्छ भन्न सकेको छैन। अरू चराले बच्चा काडेपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फुलको खोल फालिदिए पनि पाङ्तेले चैँ खाइदिन्छ । यसको घाँटीमा सेतो घेरो हुन्छ जुन वाउले निपालवाट ल्याइदिएको सेतो माला हो भनिन्छ ।

पाँच भाइ स्याल : लोकश्रुतिअनुसार, उहिले आवो ख्येक्डं (पाँचभाइ स्याल) साह्रै मिल्थे । एक्लो हावाले चारतिर दौडेर सबलाई उछिनेको धाक दिइरन्थ्यो । एक दिन जेठो स्यालसँग उसको जम्काभेट भयो । उसले जोरी खोजिहाल्यो । पाँच भाइ स्याल पनि हावाको हावा खुस्काइदिने दाउमा थिए । भोलिपल्ट दौडमा पाँच डाँडा उक्लिनुपर्ने सर्तनामा भयो । हावालाई उनीहरू पाँच भाइ भएको थाहा थिएन । पाँच भाइ पाँचै डाँडामा बसे । कान्छो स्याल र हावा दौडिन सुरु गरे । हावाले पाँच-छ पाइला नै सारेको थिएन, पाँचौँ डाँडामा जेठो स्याल कराइहाल्यो । यसरी हावा स्यालसँग पराजित भएको कथा बन्यो ।

पाँज्येरोम्यँ-रिमोवारी : खँटः (घाटु) कथानुसार, उहिले पाँज्येरोम्यँ राजा र रिमोवारी रानीलाई आँखामा पट्टी बाँधेर आफ्नै दरबारको टुप्पोवाट शत्रुहरूले तलाउमा फालेछन् । तर, उनीहरू तलाउमाथि माकुरीले टाँगेको जालमा अडिन पुगेछन् । उही राजारानीको सम्झनामा घाँटु गीत हाल्ने र नचाउने परम्परा छ । माकुराको जालले राजारानी बचाएकोले नै घाँटुको जन्तरको चौकुनामा माकुराको जालको आकृति लेखिएको हो भन्ने विश्वास छ । जन्तरमा अक्षर लेख्दा पनि जालीदार आकारमा लेख्ने चलन छ । घाँटुको आँखा थुन्ने र खोल्ने दुवै काम गीतले नै गर्छ ।

पाहाको कथा : वोन्लम्वों प्ये अनुसार, उहिले साङ्ग्ये लम्वोँले दुई शिष्यलाई स्युन्ज्येम (लामाहरूले गाउँमा उठाउने अन्न-नगद) उठाउन पठाइदिए । उठाउँदै जाँदा एउटा गाउँका कुनै घरले दिँदै दिएन । बदलामा दुई शिष्यले त्यस गाउँमा जटिल रोग खसाले, फैलाइदिए र फर्के । रोगको खवर चाँडै गुरुको कानमा पनि घुस्यो । पापकर्म गरेकाले दुवै शिष्यलाई ल्यिस्याङ रूखमुनि गई ग्रन्थ पढ्न पठाए । ग्रन्थ पाठ गर्दै जाँदा रूख मर्दै जान थाल्यो । ग्रन्थको एक पन्ना पढिसक्ने एउटा पात खस्ने, दुई पन्ना पढिसक्ने अर्को पात खस्ने क्रम जारी रह्यो । हरियो पात जति ह्वेल्मो (गाइनेकीरा) भई उड्दै आकाशतर्फ जान थाले । पहेँलिँदै गएका पातजति भुइँ झर्दै रेस्येबाङ (पाहाको एक प्रजाति) मा परिणत भए । रूखको हाँगाजति तुतुक (पाहाको एक प्रजाति), काण्डचाहिँ डाःङल्हुक (पाहाको सबसे ठुलो प्रजाति) मा बदलिए । त्यसपछि त्यस गाउँको रोग हरायो, गाउँ सन्चो भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लामाहरूले पाहा (ल्हुक) खाँदैनन्, खाएमा आफ्नै मन्त्र खाएजस्तो हुने, तन्त्रमन्त्रले पनि काम नगर्ने भएर जाने विश्वास गर्छन् ।

प्रिवो ल्याःमौं, छ्योवो ल्याःमौं : मान्छेको मासु खाने जुगको कुरा । लोकश्रुति कथानुसार, आमा ऋली, छोराहरू जेठो ह्राछ, माइलो विराछ, कान्छो ह्राच थिए । खाक्लेनामक कुकुरचाहिँ आमाको सुखदु:खको साथी । आमा हलो तान्थिन्, छोराहरू जोत्थे । जोत्दा छेउकुनामा बाँभ्रो छोडिएको पनि आमाले नै खन्थिन् । एक दिन आमाको मृत्यु भयो । आमाले आफ्नो मासु बाँकी नराखी खान भनेकी थिइन् । तीन भाइले मासु र कुकुरले हाड जति खायो, तर पूरै खान सकेनन्, बाँकी वारीछेउमा चिहान वनाई गाडिदिए । अव कान्छो र माइला भाइले तान्ने, जेठो दाइले चाहिँ जोत्न थाले । कुकुरको पनि मृत्यु भयो । जुवाले दुई भाइको गर्धन खुइलियो । पूर्व-पश्चिमवाट एउटा-एउटा गोरु ल्याई जोत्न थाल्दा जतिखेप गोरु वारीको छेउ पुग्दा '..होऽ ह्रा...!' भने, उतिखेप आमाको रोएको आवाज सुनिन थाल्यो । अधकल्चो खाएको आमाको आत्मा जाग्यो । कुकुरको आत्मा पनि सँघारमा जाग्न थाल्यो । जेठो छोराका दुइटा कुकुर दाँत भ्रन्भ्रन् वढ्दै गएर ऊ राक्षस भयो । कान्छोले आफ्नो दाजुको कुकुर दाँत सनासोले उखेलेर धुरीमा फालिदिए । दाँतको पनि आत्मा उठ्यो । यसको आत्मा कुकुरको आत्मासँगै मारेपछि जेठो छोरा फेरि मान्छे भयो । सवभन्दा पहिले लामाले खाक्लेको अर्घु हालेर छ्योवो ल्याःमौं (कुकुरको आत्मा) मार्‍यो । आमाको अर्घु त्वुम (भ्राँक्री) ले हाल्यो र प्रिवो ल्याःमौं (मान्छेको ह्वी) मार्‍यो ।

पैंचे छ्वो : खाम्बो मिमी र पैसाप मिमींले म्हार्काप (सुनको सियो) खसाली जिव्रोले थुती वस्ती साटेको ताल । यो ताल गुस्युकु नामक खोलाले वनाएको थियो । अहिले ताल छैन, खोला छ । यो ताल रहेको स्थान लाम्रामा पर्छ ।

पोवौं र चन्तू : तमु विश्वासअनुसार सृष्टिकै सवैभन्दा जेठो वनस्पति पोवौं (नीर्मसी) र चन्तू । आख्यानअनुसार उहिले यहाँ ताल मात्र थियो । त्यही ताल कामेर हिमाल निस्क्यो र यसको फेदीको पखेरामा दुइटा वुटीको रूपमा पोवौं र चन्त्वु उम्रिए । यी वुटीभ्रार हुर्केर वुढो भई मर्न थाले, कुहिन थालेर माटो वनेको हो ।

फाफा च्यङ्ग्रे सुयी : उहिलेको तन्त्रमन्त्रवाला लामा गुरु । वोन्लामाको शास्त्र (लम्वौं प्ये) अनुसार, फाफा च्यङ्ग्रे सुयी हिजो जुगमा तन्त्रमन्त्रले हावामा चढेर इच्छाधीन उडान भर्ने तान्त्रिक यान 'ह्रोयेदाखोर्रा'मा चढेर उड्थे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिनले हिमाल छिनमै समथर पार्न, खोला सुकाउन, मूल फुटाउन, रूख पनि सँगै हिंडाउन सक्थे। फाफा च्यङ्ग्रे सुयीले पाँच पुस्ता अथवा करिव पाँच सय वर्षमा एकखेप अवतार लिने विश्वास गरिन्छ।

बा:पो : लामाको अघिअघि नाच्ने हास्यपात्र डा:पोले लगाउने मकुन्डो। यसको ढाँचा ठ्याक्कै को:वापोम्वोको अनुहारचित्र हुन्छ। वोन्‌लम्वाँ प्येअनुसार उहिले भर्खर मान्छे उत्पत्ति भएर संसार फैलिएको वेलामा लामालाई चाहिने सामान वनाइदिने र सिकाइदिने व्यक्ति साङ्ग्ये लम्वाँले खाव्वो (झाँक्री, धामी र लामालाई चाहिने सामान वनाउने सीप भएको दक्ष कलाकर्मी) लाई मकुन्डो (वा:पो) वनाइल्याउन वनमा पठाए। लम्वाँ खाव्वोले एउटा धोन्द्रो रूखको खोक्रो टोड्को गिँडिदिए, अपसोच, त्यहाँ को:वापोम्वोनामक चराले गुँड वनाएको रहेछ। खाव्वोले त गुँडको आधी भागै काट्न पुग्दा भर्खर को:वापोम्वोले पारिछोडेका अन्डा पनि वजारिएछन्। त्यसैले को:वापोम्वोले मान्छेलाई तोमोँ (अर्घु) मा 'मतोङ तुँ' (अर्घुको एउटा विशेष चरण) वेलामा डा:पोले को:वाकै अनुहारको मकुन्डो लगाई पोयेकुप (छालाको थैलो) मा खरानी वोकेर चारतिर छर्कन लगाएको हो भनिन्छ। को:वापोम्वो चराको कान विरालोको कानझैं ठाडो हुन्छ, त्यसरी नै वा:पोको कान पनि यस्तो हुन्छ, यो डा:पोले लाउँछन्, मजाक गर्छन् र मृत्युको उत्सव मनाउँछन्।

म्युपुच्यो-रिपुच्यो : तमु क्लेप्रे प्येअनुसार, उहिले टोला पच्युका दुई सन्तान, छोरा म्युपुच्यो र छोरी रिपुच्यो थिए। रिपुच्यो भर्खरको चढ्दो वैंसमा थिइन्, म्युपुच्यो पनि उस्तै उमेरमा थियो। एक रात सुतिरहेको वेला रिपुच्योले आफूलाई कसैले यौनसम्पर्क गरिरहेकी चाल पाई। उसले को हो भनी सोधी तर कुनै जानपहिचान नदिएपछि आफ्नो जुठो भएको रगत त्यसको निधारमा लगाइदिई। विहान रगतको टाटो आफ्नै दाजुको निधारमा थियो। त्यसपछि उसले दाजुलाई लोहोरोले हिर्काएर मारिदिइन्।

म्लेक्यु : क्लेप्रे प्येअनुसार, उहिले मरेको मान्छे देवता-घर पुग्दा पनि घरकै कुरा भुल्न सकिँदैनथे। मरेको मान्छेले देवता-घर पुग्दा 'म्लेक्यु' भन्ने ठाउँको पानी पिएपछि मात्र घरसंसार विर्सिने भयो।

म्हैंदी पुक् : उहिले म्हैंदी नाम गरेकी सालाङको एक जना तरुनी विधवाले भेडीगोठ वसेको बुबालाई पिठो-नुन खर्च पुऱ्याउन जाँदा ओडारमा बास वस्नुपर्ने भएछ। ओडारपारि डाँडामाथिको लाम्राको एक जना अपरिचित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर भेडीगोठालेसँग ऊ रातभरि फाँन्गी (स्थानीय पुर्ख्यौली लोकदोहोरी भाका) खेल्दै थिई। तर बिहान उसको आवाज सुनिन छोड्यो। के भयो भनी गोठालेले डाँडाबाट झरेर हेर्दा म्हँदीलाई त सिंहले अघि सास लिइसकेको पाएछ। म्हँदीको लास बोकेर रुँदै ऊ सालाङ आइपुगेछ। म्हँदीको ज्यान गएको त्यस ओडारको नाम म्हँदी पुक् रहन गएको कथन छ। यो लाम्रा र सालाङको उत्तरी लेकमा अवस्थित छ।

रान्जान : देवसिकारी जसले मानिससँग बिहेबारीको सम्बन्ध गाँसेर मानिसलाई सिकार खेल्न सिकाएका थिए। तर सिकारकै मामलामा मानिसजातिमा लोभ, मोह बढी देखिएपछि मानिस र देवताविच सम्बन्धविच्छेद भएको कथा छ।

लेमको : तमुजातिको प्ये ताँ ल्हु ताँ खेअनुसार क्होल सोंथरमा लेमकोको अर्घुबाट विधिवत् अर्घुको सुरु भएको थियो भनिन्छ। कथानुसार लेमकोले क्होलासोंप्रेको तमु राजा रुजुको दरबारमा बसेर कर उठाउने काम गर्थे। उसले सबै गाउँबाट कर उठाएर ल्याइसकेको तर ऋबु गाउँमा बस्ने उसको आफ्ना मामा-माइजूबाट कर उठाउन नसकेको कुरा राजासमक्ष जाहेर गरे। मामा-माइजू उसको सासू-ससुरा पनि थिए। राजाले मामा-माइजू आफन्त भनेर पक्षपात गऱ्यौ भनेर उल्टै लेमकोलाई हप्काएर फेरि कर उठाएर ल्याउनू र यदि मामा-माइजूले कर दिएनन् भने मामाको कि कपाल वा हात काटेर ल्याउनू र माइजूको कि स्तन वा घुँडा काटेर ल्याउनू भनेर उर्दी दिए। कर सङ्कलक लेमको पुनः त्यतै कर उठाउन गए। उसको मामा, जसको नाम छिमीडँडु र माइजू, जसको नाम टौलिस्यो थियो, ले कर दिएनन् र राजाको प्रस्ताव पनि स्विकारेनन्। भान्जाले कठोर वचन प्रयोग गरेको भनेर चित्त दुखाएर उनीहरूले श्राप दिए। श्राप लागेर लेमको फर्किंदै गर्दा बाटामै बिमारी हुन पुगे र केही दिनभित्रै मरे। राजाको आदेशानुसार लेमकोको अर्घु सम्पन्न गरे। तर पच्युसित तोमाँको पूरै विद्या रहेनछ। एक दिन नारा केइगर भन्ने हालको मनाङको नार खोलामा बस्ने छिगारी लामा क्होलासोंप्रेको जङ्गलको बाटो हुँदै आइरहेको रहेछ। बाटोमा आइपुग्दा टाउको चराको र ज्यान मानिसको भएको एउटा अचम्मको जीव कराइरहेको चाल पाए। उसले तिमी को हौ ? भनेर सोध्दा त्यसले 'म रुजु क्लेको कर सङ्कलक लेमको हुँ, मेरो मृत्युपछि मेरो अर्घु विधिविधान नपुऱ्याई गरेकाले म पुर्खा-पितृलोकमा पुग्न सकिरहेको छैन। म एक्लै छु,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साथी पाएको छैन, भोकाएको छु खाना पाएको छैन, तिर्खाएको छु पानी पाएको छैन, जाडो भएको छ, कपडा पाएको छैन र बिचबाटोमा अलपत्र परेको छु, यो खबर क्होलासोंप्रेमा पुऱ्याइदिनुस्' भन्ने लामो जवाफ दिए। छिगारीले क्होलासोंप्रेमा पुगेर त्यस अचम्मको जीवको खबर त्यहाँ सुनाइदिए। उसले राजालाई आफूले देखेको त्यस जीवले अनुरोध गरेको खबर पनि सुनाइदिए। लेमकोको अर्घु दोहोऱ्याउने उद्देश्यले स्योंले पच्युलाई बोलाइए। तर उसले आफूसँग अर्घु-विधि नभएको बताए। मृतकको तीन दिन तीन रात अर्घु नगरेसम्म ऊ पुर्खा-पितृलोकको काखमा पुग्दैन। यो विधि उसले आफूसँग छैन भनेपछि राजाले अरू खोज्न पठाए। छिगारीले लुप्रुम्हर्सो भन्ने हालको मुस्ताङको जोमसोमदेखि उत्तर-पश्चिम स्थित लुप्रामा बस्ने म्हिंवर र अथरसि क्यब्रीले यस्तो अर्घु गर्ने गर्छन् भने। उनीहरूलाई अर्घु सम्पन्न गर्न निम्त्याइए। उनीहरूले पच्युले अर्घु गर्ने घरको दोष-दोषालो हटाएर स्थापित नगरेसम्म हामीले अर्घु गर्न नमिल्ने भने। त्यसै गरी अर्घुमा मावलीको कपडा र खानाको बन्दोवस्त जरुरी भएको कुरा र अर्घुमा चाहिने विधि पुऱ्याउन सकेन भने मृतात्मा पितृलोकमा पुग्न नसक्ने कुरा पनि राजालाई बताए। राजाले कुन पच्युले दोष-दोषालो हटाउने काम गर्छन् त भनेर सोध्दा म्हिंवर र अथरसिको पिताले उइचू चोम्रोमा बस्ने च्यों पच्यु तथा नमतय र नमतिथो पच्युले मात्र यो काम फत्ते गर्न सक्छन् भनेपछि उनीहरूलाई पनि बोलाउने काम भयो। लेमकोको मामालीसँग मनमुटाव भएको र मावलीको श्रापले नै उनको मृत्यु भएको घटनाले गर्दा उतैबाट कपडा र खाना प्राप्त गर्न निकै कठिन थियो। तर पनि सगुन लगेर क्होला सोंथरको भद्रभलादमी (म्हिग्रीच्वोंगी) हरू लेमकोको मामाली देश गए। मामा र माइजू अझै रिसाइरहेका थिए। उनीहरूले विनम्र अनुरोध गरेपछि मात्र दुवैको मन केही पग्लिएछ र लेमकोको नाममा मामाली कपडा र खानाको बारेमा, यसो 'रुरु खोलामा रहेको घट्टको घेरावरिपरि रहेको कोदो लगेर मामाली खाना र सोही घट्टको पिठो बढार्ने कपडाको लुंडो लगेर मामाली कपडा बनाउनू' भनेपछि सोही प्रकारले ती सामानहरू लगेर लेमकोको दोस्रो खेप अर्घु हाले। त्यसै समयदेखि मृतकको ह्नी तार्नको लागि मामाली वा महिलाको भए माइतीले मृतकलाई कपडा दिने प्रथा सुरु भएको थियो भन्ने बताइन्छ। तमु समुदायमा मामालीको उपस्थिति अर्घु वा अन्य शुभाशुभ कार्यहरूमा अनिवार्य रूपले हुनुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वोम्लु : श्रापित चरा । सिकारी देव रान्जान र सिकारी मानिस ग्योलङ पर्पातीले सिकारमा मारेको यस चरालाई हेर्ने उनीहरूको दृष्टिकोणमा फरक रहन गयो । देवता रान्जानका लागि यो ठुलो थियो भने मानिस ग्योलङ पर्पातीका लागि यो अत्यन्तै सानो ठहरियो । ग्योलङ पर्पातीले आफ्नो भागमा परेको यसको साँप्रो फ्याँकिदिँदा स्वास्नी च्हङ्गिनीलाई लागेर उसको तिघ्रा नै भाँचियो । त्यसकारण च्हङ्गिनीले वोम्लुलाई आकाशमा उड्न नसकोस्, दुलोभित्र अँधेरोमा बस्न परोस् भनी सराप दिइन् । यसको पखेटा अविकसित, पुच्छर त हुँदैन नै, तैपनि यसको मासु भाग लगाइयो भने नौ भाग हुन्छ भनिन्छ ।

सअ–माक्कू : उहिलेउहिलेको कुरा हो । त्वुम कअ-प्येअनुसार, बिमारी क्येवोकाड्वो राजाले स्याल दिदीवहिनीलाई तन्तरमन्तरवाला लम्वाँ वोलाइल्याउन पठाएछन् । प्वोत वोङ (भोटखोला) पुगेका तिनले शिरमा वोर्क्येन (लामाले लगाउने कागजको विशेष शिरताज), गलामा ठेँवोमाला, अगाडि च्यायु फोर्वो (त्रिकोणी शिर भएको काष्ठमूर्ति), कम्मरमा क:वु (मूर्ति कुँदिएको खुर्पेटो जस्तो हुने लामाको अनिवार्य गहना), खुट्टामा सा:म्वो (एक खालको छालाको प्राचीन जुत्ता) लगाएको साङ्ग्ये लम्वाँलाई राजाबाट दरवारमा वोलावट भएको खवर गरी फर्केछन् । साँझ दरवारमा कुकुर ज्यादै भुकेपछि जेठी स्यालले वाहिर निस्किहेर्दा आँगनको वारमाथि गिद्धको शिरअनुहार लिएर साङ्ग्ये लम्वाँ वसेको देखे । चित्त नवुझेर कान्छी स्यालले पनि निस्केर हेरिन् । त्यै रूपमा लम्वाँलाई देखिन् र दरवारभित्र बोलाइन् तर उसले वाहिरवाटै जोखना हेर्ने भन्दै राजाको कान्छी औँलामा प्यङ्ग्री (धागो) बाँधेर झ्यालको प्वालवाट खसाल्न भन्यो । राजाले लम्वाँको परीक्षण गर्न थाले । सुरुमा जाँतोको विँडमा, दोस्रोखेपमा भालेको घाँटीमा प्यङ्ग्री बाँधेर झ्यालको प्वालबाट बाहिर खसाइदियो तर लम्वाँले थाहा पाइहाल्यो । तेस्रोपल्ट कान्छी औँलामै प्यङ्ग्री बाँधेर राजाले पठायो । लम्वाँले जोखनामा राजाको कानभित्र सअ-माक्कू (आमासहित नौ सदस्य खजुराको परिवार) रहेको पत्ता लगायो । अव परीक्षा लिने पालो लम्वाँको थियो । दरवारभित्र पसेर उसले राजालाई बहुमूल्य भाँडाकुँडा फुटाउन लगायो । तर राजाले उल्टै उसको दार (काठ)को रक्सी पिउने बटुको याङ्से फ्रुत फुटाइदिन लाग्यो । लम्वाँले मन्त्रले जम्मै ध्वस्त पारिदियो । राजासँग केही थिएन, केही गर्नै सकेन । साङ्ग्ये लम्वाँ नै भएको ठहरिएको उसलाई राजाले ताम्रपत्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इनाम दियो । राजाको कानभित्रको समस्या थाहा पाए पनि उसले समाधानचैं दिन सकेन । अब राजाको कानभित्रको सअ माक्कु निकाल्न नुङ्न्यावोन्ज्यङ बोलाएर ल्याइयो । उसले साङसिङ (ठुलो खड्कुलो) भरि पानी उमाल्न लगाई छ्योड्लाङ (भ्याली) र ङ्हँ (ढ्याङ्ग्रो) बजाउन थाल्यो । राजालाई पानी उम्लिरहेको खड्कुलोमाथि खजुरा पसेको कान घोप्ट्याउन लगाएर उसले ङ्हँ-छ्योड्लाङ मज्जाले घन्काउन थाल्यो । पानीको बाफले झरी परेको, भ्याली-ढ्याङ्ग्रोको आवाजलाई चट्याङ परेको ठानी कानभित्रबाट सअ-माक्कु पालैपालो निस्किन थाले । नुङ्न्यावोन्ज्यङले सनासोले समात्दै मार्दै गर्दा कान्छी खजुरीचाहिँ फरार भइन् । राजाले जिउँदो मान्छेको म्वाँबाननामक तीनटा तलाउ र साम्ह्रे ड्ये (जिउँदो मान्छेका लागि जग्गे) त्वुमको भागमा, मरेको मान्छेको काँङ्ग्रीनामक तीनटा तलाउ र स्यिम्ही ड्ये (मरेको मान्छेका लागि जग्गे) लम्वोंको भागमा परेको घोषणा गरे । साङ्ग्ये लम्वाँलाई चित्त बुझेन । उसले तत्काल त्वुमलाई तन्त्रमन्त्र प्रहार गरी म्वाँबान छ्वो (ताल) भित्र डुबाइदियो । त्वुमले पनि आफ्नो साःर् (झाँक्रीको तन्त्रमन्त्र) प्रहार गरेर लम्वाँका जहानपरिवारको आँखा-कान पूरै बन्द बनाइदियो । साङ्ग्ये लम्वाँलाई अर्को आपत् आइलाग्यो । उसले म्वाँबान छ्वोमा नौवटा निगालाको भऱ्याङ हालेर त्वुमलाई उद्धार गर्नुपर्ने भयो । त्यसपछि उसका परिवारका आँखा-कान साविक अवस्थामा फर्कियो । यसरी मरेको मान्छेको जिम्मा लम्वाँले र जिउँदो मान्छेको जिम्माचाहिँ त्वुमले लिनुपर्ने नियम कायम भयो भनिन्छ ।

सती घाँटुको कथा : भलम खोला र मर्स्याङ्दी नदीको दोभान मालेबगरलाई कहिलेदेखि सतीघाटको रूपमा चिनिनि थालियो भन्ने कथा हो यो । घाँटु कथानुसार ख्होल-सों-थरका राजा दवु ख्यालको छोरी यमावती थिइन् । उहिले त्रिकालदर्शी नमगुरुले चालीस नाघिसकेको दवु ख्याल राजाको सन्तान नहुने कुण्डली देखेपछि वीर्यदान महायज्ञ गर्न थाले । यज्ञ गर्ने बेला रानी अनुपस्थित भई गोप्य खोपीमा बसेकी थिइन् । रानी नआएको क्रोधमा नमगुरुले यज्ञस्थलमा पानी फालेर एउटी दिव्यकन्या प्रकट गराए । यम देशबाट गर्भधान भई अग्निकुण्डबाट जन्मिएकोले कन्याको नाम यम ह्याकुती (इन्द्रेणी) राखियो । यही नाम यमाकुती, हेमावती, युमावती हुँदै चल्तीमा यमावती रहन पुग्यो । अब यमावतीको बिहे राजा पर्से ख्ल्हे (क्ले) भन्ने पशराम घलेसित भयो । उनीहरूले 'रानी पैले मरे राजा जोगी भएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जङ्गल जाने, राजा पैले मरे राजासँगै रानी सती जाने' बाचाबन्धन गरे। ख्होल-सों र राजा यशोब्रम्ह शाहबिच लडाइँ चिलरहन्थ्यो। एक दिन राजा यशोब्रम्हले भलम खोला र मर्स्याङ्दी नदीको दोभान मालेबगरमा निःशस्त्र शान्तिवार्ता गर्न भनी बोलाएकोले ख्होल-सों निःशस्त्रै लागे उता। यता दरबारमा रानी यमावतीले थालमा दुध हाली जोखना हेर्न थाली। दुधमा त रगतैरगत जमेको देखिन्। यसोब्रह्मले षड्यन्त्र गरी आफ्नो पतिराज ख्होल-सोंको हत्या गरेको चाल पाइन्। सारा सम्पत्ति र दरवार छोरा बरसु, मन्त्री र धाईआमालाई सुम्पेर यमावती मालेबगर आइपुगिन्। पहिलेको वाचाबन्धनअनुसार सती हुन तयार भइन्। राजा त भस्म भयो, तर आगोले पोल्न नसक्ने, हुरीले उडाउन नसक्ने, पानीले बगाउन नसक्ने, जुगजुगसम्म अमर भइरहने वरदान पाएकी यमावतीलाई आगोले छुँदा पनि छोएन। रानी नदीमा फाल हालिन्, नदी पनि थपक्क जम्यो। तब मृत्यु खोज्न जङ्गल पसिन् र कुसुण्डी भएर डुल्न थालिन्। यसरी भलम खोला र मर्स्याङ्दी नदीको दोभान मालेबगरलाई पनि सतीघाट भनिन थालियो। राजा पर्सै क्लेको जन्म माघ श्रीपञ्चमीमा पर्छ। तमुजातिले घाँटु नाच, राग, गीत पनि यही दिनदेखि सुरु गर्दछन्।

साप्ता-सिप्ता : लोकश्रुतिस्मृति परम्पराअनुसार, सृष्टिकालमा ढुङ्गा र माटोबाट उत्पत्ति भएका मान्छे र देवता। ढुङ्गाबाट साप्ता र माटोबाट सिप्ता उत्पत्ति भयो भनिन्छ। जतिखेर मरेको र जिम्दो मान्छेसँगै हिंड्थे, सुत्थे। को मरेको को जिम्दो फरक छुटिँदैनथे अर्थात् मृत्यु अनर्थ थियो। साप्ता र सिप्ताबिच कुटुम्वेरीसमेत हुन्थ्यो। तर सिप्ताको आयु साप्ताको भन्दा कम हुन्थ्यो।

हार्च्याङ : उतिसको रूख। लोकश्रुतिअनुसार उहिले मौंलम (साउन पन्ध्रदेखि माघ चौधसम्म) बेला, त्वेता (गुराँस) ठिटो बेसी घुम्दै आउँदा हार्च्याङ तरुनीसित भेट भए, अति मन पराए। तर हार्च्याङले आफूचाहिँ सीधा सर्लक्क परेकोले त्वेतालाई वाङ्गेटिङ्गे कुरूप भनी मानहानी गरेर लत्याइदिइन्। त्वोलम (माघ पन्ध्रदेखि साउन चौधसम्म) मा हार्च्याङ लेकतिर लागिन्, बैंसमा पूरै ढकमक्कै फक्रिएको त्वेता ठिटोलाई देखिन् र लाज-पश्चात्ताप खप्न नसकेर चुपचाप खोला-खोला, पहिरो-पहिरो, घामलें नदेखाउने सिप्च-सिप्च (सिम), खाल्डाखुल्डी हुँदै भागिन्। त्यसैले हार्च्याङ खोला, पहिरो, सिम जग्गामा उम्रिएको हो भनिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ह्रोयेदो र पास्यार : त्वुम कअ-प्येअनुसार, पृथ्वीको पहिलो मानवसन्तान चान्ज्येगु र मान्ज्येगुले ह्रोयेदो र पास्यार (अल्लो) बाट आगोको आविष्कार गरेका थिए । सिकारी युगको कुरा हो । एक रात ओडारमा जाडोले अत्यन्तै कठ्याङ्ग्रिएका चान्ज्येगु र मान्ज्येगुलेले एकअर्काको साँप्रो र कान ओढेर निदाए । यसले उनीहरूमा तातोको विचार आयो । त्यसपछि तापको खोजीमा जङ्गल घुम्न थाले । उनीहरूले जङ्गलमा ह्रोयेदोको रूखलाई भेटे । त्यसले आफूलाई लैजाउन भन्यो उनीहरूलाई । उनीहरूले टुप्पो-टुप्पोमा अमिलो फल पाकेको ह्रोयेदोको पेटभित्र पक्कै पकाउने चीज हुनुपर्छ भन्ने बुझेर हाँगा काटेर हिँडे । त्यसपछि घुम्दै जाँदा उनीहरूले भेटेको पास्यार (अल्लो) ले पनि आफूलाई लैजाउन भन्यो । शिरमा फूल फुलेको पास्यारभित्र पनि पक्कै पकाउने चीज हुनुपर्ने अड्कल आएपछि उनीहरूले ह्रोयेदाबाट मदानी, पास्यारबाट नेती र कोःदा (झुल्ला वा नरम रेसादार आगो सजिलै सल्किने वस्तु) तयार पारे । चान्ज्येगुले मदानीमा नेती बेरेर मथ्दै, घुमाउँदै जाँदा एक ताली बाचामा झिलिक्क, दुई ताली बाचामा झिलिक्कझिलिक्क, तीन ताली बाचामा हुर्र आगो बल्यो, तत्काल मान्ज्येगुले त्यसमा कोःदा झोसिदिइन्, आगोको जन्म भयो ।

❑

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ताजपुरिया

अर्जुन धारा : *अर्जुनले वाण प्रहार गरी उत्पन्न गराई धारा स्थपित गरेको कथा ।* महाभारतकालीन समयमा कुरुक्षेत्रमा युद्ध चिलरहेको थियो । त्यसै बेला अर्जुनले भीष्मपितामहलाई वाणको शय्यामा अन्तिम विश्रामको लागि प्रहार गरे । तव एकानव्बे दिनपश्चात् भीष्मपितामहले पानी पिउने इच्छा जाहेर गरे । त्यसका लागि अर्जुनले वाणको प्रहार गरी धर्तीबाट पानीको धारा उत्पन्न गराई पानी पिलाए भन्ने किंवदन्ती रहेको छ । अर्जुन धाराले प्रख्यात उक्त धारा हाल नेपालको झापा जिल्लामा अवस्थित छ ।

अमृत फल आँप : *हनुमान्ले रावणको वगैँचामा अमृत फलको रूपमा आँप ग्रहण गरेको कथा ।* सीतालाई रावणले अपहरण गरी लगेपछि दरवारमा नभएर वगैँचामा राखेका थिए र त्यही वगैँचामा सीतालाई भेट्न हनुमान् पुगे । भेटपश्चात् हनुमान्ले आफूलाई भोक लागेको कुरा बताए र सीताले वगैँचामा अनेक फलफूल रहेको भनी आफूलाई मन लागेको कुरा आन भने । त्यसपछि हनुमान्ले जे मन लाग्यो त्यही खाए र वगैँचाका बोटबिरुवा भाँच्दै तोडफोड गर्न थाले । उनले आँपलाई भने अमृत फलको रूपमा ग्रहण गरे । केही खाँदै दायाँ-वायाँ छर्दै गर्दा सो आँप दक्षिण दिशाबाट उत्तरतिर आएको मानिन्छ । हनुमान्ले आँपलाई अमृत फलको रूपमा ग्रहण गरेको हुनाले ताजपुरिया समुदायमा आँपलाई विशेष फलको रूपमा लिने गरिन्छ र पूजाआजामा विशेष स्थान दिने गरिन्छ ।

आकाशको दूरी : *वुढावुढीको झगडाको कारण आकाशको दूरी अनन्त हुन पुगेको कथा ।* पहिलेपहिले आकाशको उचाइ कति पनि थिएन । पृथ्वीबाट उफ्रिँदा आकाशीय पिण्डहरू छुन सकिन्थ्यो । एक दिन दुई जना बुढा र वुढी ओखलमा धान कुट्दै थिए । अकस्मात् तिनीहरूबिच विवाद सुरु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भयो । त्यो विवादले ठुलो झगडाको रूप लियो र बुढीले रिसको झोकमा मुस्ली जोडले उचाल्दा आकाशलाई धकेलिपठाइन् र अहिले आकाश अनन्तमा पुगेको ताजपुरिया समुदायमा विश्वास रहेको छ ।

कुकुर र मान्छे : *कुकुर र मान्छे नजिक हुनुको कथा ।* पाँच पाण्डव युधिष्ठिर, भीम, अर्जुन, नकुल, सहदेव र द्रौपदी महाभारतको युद्ध सकेर स्वर्गतिर प्रस्थान गर्दै थिए, युधिष्ठिरवाहेकले वाटोमा देह त्याग गरे । धर्मले युधिष्ठिरको धर्मात्माको परीक्षा लिने विचार गरे । धर्म आफू कुकुर वनेर युधिष्ठिरको पछिपछि लागे । जाने क्रममा स्वर्गराज इन्द्रले यो कुरा थाहा पाए । उनले युधिष्ठिरको मात्र स्वर्ग प्रवेश होस् भनी सेनासहित स्वागत गर्न डोला पठाए । डोलेहरू युधिष्ठिरको नजिक आए र डोलामा चढ्न अनुरोध गरे । युधिष्ठिरलाई आफू पछिपछि कुकुर आउँदै गरेको थाहा थियो, उनले पहिला कुकुरलाई डोलामा राख्न भने । डोलेले अस्वीकार गरे । युधिष्ठिरले कुकुरविना नजाने अड्डी लिएको स्वर्गका देवताहरूले थाहा पाएपछि डोलेलाई कुकुरसहित युधिष्ठिरलाई स्वर्गमा स्वागत गर्न भनियो । त्यसैकारण कुकुर मानिसको नजिकको जनावर मान्ने गरिएको किंवदन्ती रहेको पाइन्छ ।

कुलदेवता : ठाकुर : *ताजपुरिया समुदायका देवता ।* जब यो संसार आजको जस्तो नभई पानी नै पानी तथा जलमय थियो । त्यही जलमाथि भगवान्को उत्पत्ति भएको थियो । उही धरम ठाकुरलाई नै ताजपुरिया समुदायको कुल देवता मान्ने गरिन्छ । यसका साथै यिनैकी छोरी ब्रह्माणी विषहरी तथा महापुरुष, देवताका सेवक, वानरराज हनुमान्को पनि कुलदेवताको रूपमा पुजा गरिन्छ ।

केराको बोटको उत्पत्ति : *गाई गाडिएको चिहानवाट केराको वोट उम्रिएको कथा ।* एक समयमा दुई दाजुभाइ सँगै बस्ने, खाने र डुल्ने गर्दथे । उनीहरू एक दिन हिंड्दै थिए । जाँदाजाँदै वाटोमा एउटा गाई दहमा फसेको देखे । कान्छो भाइले त्यो गाईलाई उद्धार गर्न चाहन्थे, तर दाजुले अस्वीकार गर्दै आफ्नो वाटो लाग्नुपर्ने वताए । दाजुभाइबिच निकैवेरको तर्क वितर्कपश्चात् भाइले त्यो गाईलाई उद्धार नगरी नजाने अठोट गरे र दाइचाहिँ बाटो लागे । भाइले उद्धार गरी डिलमा पुऱ्याउँदा गाईको प्राण गयो र गाईलाई त्यहीं डिलमा खाल्डो खनेर पुरिदिए । केही समयपश्चात् त्यस स्थानबाट केराको वोट उत्पत्ति भएको किंवदन्ती रहेको छ ।

खाड्टा : *खाड्टा नाम रहनुको कथा ।* साबिक महारानी झोडा १, हालको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गौरादह नगरपालिका ४ को माथिल्लो ताजपुरिया गाउँको नामा खाङ्टा रहेको छ। यस गाउँको दुईचार घर गाउँको माथि र दुईचार घर गाउँको तलतिर रहेको थियो र बिचभाग बस्तीविहीन रहेको थियो। ताजपुरिया भाषामा 'खङ्खङ्' शब्दको अर्थ 'उजाड' तथा 'बस्तीविहीन' भन्ने हुन्छ। यसैकारण यस क्षेत्रलाई उजाड वा बस्तीविहीन स्थलका रूपमा खङ्खङ् रहेकोमा हाल अपभ्रंश भई खाङ्टा हुने पुगेको जनश्रुति छ।

गङ्गाको उत्पति : *विष्णुको शरीरबाट निस्किएको पसिनाबाट उत्पति भएको गङ्गा नदीको कथा।* एक पटक शिवले गीत गाउने इच्छा व्यक्त गरे। श्रोताका रूपमा ब्रह्मा र विष्णुलाई पुकारे। शिवजीले गीत गाउँदै गर्दा ब्रह्मा र विष्णुले ध्यानमग्न भई गीत सुने। त्यस क्रममा विष्णुको शरीरबाट पसिनै पसिना बग्न थालेको ब्रह्माले देखे। तर यो कुरा विष्णु र शिवलाई थाहै भएन। ब्रह्माले उक्त पसिना आफ्नो कमण्डलुमा भेला पारे। एक पटक समुन्द्रराजले अश्वमेघ यज्ञका लागि एउटा घोडालाई विश्वभ्रमणमा छोडिदिए। साथमा साठी हजार सेनालाई पछि लाग्न उर्दी गरे। घोडा हिँड्दै गर्दा केही पर ४/५ जना डाकुँहरूले घोडालाई समाते। तर उनीहरूले सेना देखेपछि डरले घोडालाई कपिलमुनिको आश्रममा लगेर बाँधिदिए र सेनाहरू खोज्दै आउँदा कपिलमुनिको आश्रममा भेटे। कपिलमुनिको कर्तुत हो भन्ने लागेर उनीमाथि सेनाहरूले दुर्व्यवहार गरे। कपिलमुनिको तपस्या भङ्ग भयो। ऋषिले ती सबै सेनालाई भस्म हुने श्राप दिए र सबै सेना नष्ट भए। यता पुरुषजति सबै भस्म भएपछि महिला मात्र रहेको समुन्द्रराजको राज्यमा केही समयसम्म सन्तान उत्पत्ति भएन। अब महिलाहरूबिच भोग गरी एक ज़ना भगीरथीनामक बालकको जन्म भयो र आफ्नो आमालाई पितृपुर्खावारे जिज्ञासा राख्दा कपिलमुनिको श्रापले भस्म भएको कुरा आमाले बताइदिइन्। भगीरथले कपिलमुनिलाई आफ्नो पितृहरूको उद्धारका लागी आग्रह गर्दा, गङ्गामा गएर नुहाएमा पितृहरूको उद्धार हुने ऋषिले बताए। गङ्गाको खोजीमा भगीरथ शिव र विष्णुकहाँ पुगे। तर कतैबाट समस्या हल नभएपछि ब्रह्माकहाँ गए। ब्रह्माले कमण्डलुमा भएको जल देखाउँदै "गङ्गा यही हो, जुन विष्णुको पसिना हो। ल, गङ्गा तिमी समुद्रलोकमा गई समुद्रको सन्तानको उद्धार गर" भने। ब्रह्माको आदेश पाउनेबित्तिकै गङ्गा पृथ्वीलोकमा अवतरण हुने जनविश्वास र अहिले उक्त नदी गङ्गा नामले प्रख्यात रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरुड र सर्प : *गरुडले आकाशबाटै धर्तीमा रहेको सर्पलाई देखि खाने गरेको कथा ।* सर्पहरूले गरुडलाई अति नै दुःख दिएका थिए । अति नै हैरानी भएपछि इन्द्रकहाँ गई गरुडले सबै वृत्तान्त सुनाए । त्यसपश्चात् "म सर्प खान चाहन्छु । मलाई वरदान दिनुहोस्" भने । त्यसपछि इन्द्रले पनि वरदान दिए र त्यसै दिनदेखि गरुडले सर्प खान थालेको जनश्रुति रहेको छ ।

चन्द्रमामा कालो दाग : *गौतम ऋषिको श्रापका कारण चन्द्रमामा कालो बसेको कथा ।* गौतम ऋषि बाहिर भएको मौका छोपी चन्द्रमा गौतम ऋषिको भेषमा गौतम ऋषिको आश्रममा पुगे । गौतम ऋषिकी पत्नि अहिल्यासँग भोगविलास गर्ने हेतुले पुगेका चन्द्रमाले अहिल्यालाई झुक्क्याई भोगविलास गरिसेकेपछि बाहिरिने क्रममा गौतम ऋषि आफ्नो आश्रममा आइपुगे । त्यहाँको सबै कुरा बुझिसकेपछि गौतम ऋषिले पत्नी अहिल्यालाई "तिम्रो शरीर ढुङ्गा बनिजाओस्" भनी श्राप दिए र चन्द्रमालाई पनि "तिम्रो छालामा ठुलो दाग होओस्" भनी श्राप दिए । त्यसैकारण चन्द्रमामा कालो दाग देखिएको हो भन्ने किंवदन्ती ताजपुरिया समाजमा रहेको छ ।

चरक (चट्याङ) : *रामले वास्की माता तथा बली राजाले विष्णु भगवान्सँग बदला लिनका लागि प्रहार गर्ने वाणलाई चटचाङको रूपमा लिइने रोचक कथा ।* जब सीता माता वास्की माताको गर्भमा विलीन भइन् त्यसैको प्रतिशोधले बदला लिन रामले वास्की मातालाई वाण प्रहार गर्ने गर्दछन् । त्यसलाई ताजपुरिया समुदायमा चट्याङका रूपमा लिने गरिन्छ । अर्को भनाइअनुसार बली राजा निकै नै धर्मात्मा पुरुषमध्ये एक थिए । यो कुरा भगवान् विष्णुले थाहा पाए र साँच्ची नै बली राजा धर्मात्मा नै हुन् त ? कति धर्मात्मा रहेछन् त ? उनलाई जाँच गरी हेर्नुपर्ला भन्ने ठानी विष्णु भगवान् बली राजाकहाँ पुगे । विष्णु भगवान्ले बली राजालाई भने, "लौ बली राजा तिमी त धर्मात्मा रहेछौ, अब तिमीले मलाई मेरा यी पाउहरू राख्नलाई स्थान दिनुपर्‍यो ।" बली राजाले भने, "प्रभु, तपाईंको एउटा पाउ धर्तीमा राख्नुस् अर्को पाउ आकाशमा ।" भगवान् विष्णुले छल गरी अर्को पाउ आफ्नो नाभिबाट सिर्जना गरी तेस्रो पाउको रूप दिए र भन्न थाले, "बली राजा, अब मेरो यो तेस्रो पाउका लागि पनि स्थान त तिमीले दिनैपर्छ, भन अब कहाँ दिन्छौ ?" बली राजाले भने प्रभु, "तपाईंको त्यो तेस्रो पाउ मेरो शिरमाथि राख्नुहोस् ।" जसै विष्णुले आफ्नो पाउ बली राजाको शिरमा राखे र बली राजा पृथ्वीको गर्भमा भासिन पुगे । बली राजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आज पनि पाताललोकमा जीवितै रहेको ताजपुरियाहरू विश्वास गर्दछन्। उनलाई मार्न· भनी आज पनि वज्रवाण प्रहार गर्ने र त्यसैलाई चरक भन्ने गरिएको किंवदन्ती रहेको छ।

चामल : *मानिसको मनमा पाप बढेका कारण भगवान्ले चामलको साटो धान फलाउन थालेको कथा।* पहिलेपहिले धान चामल फल्ने गर्दथ्यो। मानिसहरूले बाली भित्र्याएपछि सर्वप्रथम भगवान्लाई चढाउने गर्दथे। समयको अन्तरालमा मानिसहरू अल्छी हुन थाले र उनीहरूको मनमा पापले स्थान लिन थाल्यो। मानिसले सीधै खेतमा गई बोटबाटै चामल टिप्दै खान थाले। यसरी खाँदा बोटबिरुवा जुठो भयो र अर्कातिर पहिलो अनाज भगवान्लाई नचढाई स्वयम् मानिसले खान थाले। त्यसपछि भगवान्ले चामलको बाहिरबाट खोल लगाइदिएका हुन् र त्यसपश्चात् चामलको साटो धान फल्न थालेको जनविश्वास रहेको छ।

जलन्धरको उत्पत्ति : *भगवान् शिवको तेस्रो आँखाबाट निस्किएको अग्निको ज्वाला समुद्रमा फाल्दा जन्मिएका सिन्धुराजका छोराको कथा।* एक पटक देवराज इन्द्रसहित भगवान् शिवको दर्शन गर्न कैलासतिर लागे। त्यही समयलाई उपयुक्त ठानी भगवान् शिवले देवराज इन्द्र तथा अन्य देवगणको परीक्षा लिन चाहे। सम्पूर्ण देवगण कैलास पुग्नै लाग्दा पार्वतीसँगै नभएको समयमा भगवान् शिवले तपस्वीको रूप धारण गरी तपस्या गर्न थाले। जब देवगण कैलास पुगे, त्यहाँ एक तपस्वीबाहेक कसैलाई नदेख्दा देवहरूले तपस्वीलाई शिवका बारेमा सोध्न थाले। तर तपस्वी कुनै हलचल नगरी बसेकाले इन्द्र स्वयंले शिवबारे सोधखोज गरे। तपस्वीबाट अझै पनि कुनै जवाफ नमिलेपछि इन्द्रलाई रिस उठ्यो र खड्गले तपस्वीमाथि प्रहार गरे। तर खड्ग चलेन। अति भएपछि शिवले आफ्नै रूप धारण गरे र इन्द्रलाई दण्ड दिन खोजे। त्यसपछि आवेगमा आई शिवको तेस्रो आँखा खुलिसकेको थियो। तेस्रो आँखाको शक्तिले इन्द्रलाई लखेट्दै गर्दा देवगुरु बृहस्पतिले शिवको स्तुति गरे र बृहस्पतिले स्तुति गरेपछि शिवले आफ्नो आवेगलाई शान्त पार्न बाध्य भए। तर तेस्रो आँखाबाट निस्केको ज्वाला कहाँ फाल्ने भन्ने कुरा बृहस्पतिलाई राख्दा उनले समुन्द्रमा फाल्न सुझाए। त्यसो गर्दा समुन्द्रको जलबाट धर बनेकाले त्यसलाई जलन्धरनामक देवको उत्पति भएको तथा सिन्धुराजको छोराका रूपमा उत्पति भएको ताजपुरिया समुदायमा किंवदन्ती रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिदेवको उत्पत्ति : *ठाकुरले त्रिदेवको जन्म गराएको कथा ।* संसार जलमग्न रहेका बेला एक शक्तिशाली महापुरुष (ठाकुर)को जन्म भयो । उनको निरञ्जन निराकारको रूपमा उत्पत्ति भएको थियो । अलौकिक शक्ति भएका निरञ्जन निराकार भगवान्ले आफ्नो नाभिवाट आदिशक्तिको जन्म गराए । आदिशक्तिमा पनि अलौकिक चमत्कारी शक्ति थियो । त्यही शक्तिको प्रयोग गरी तीन पुरुष व्रह्मा, विष्णु, महेश अर्थात् त्रिदेवको उनले जन्म गराएको जनश्रुति रहेको छ ।

धानको जात : *धानका विभिन्न प्रजातिको उत्पत्तिको कथा ।* पाँच वर्ष वनवासपछि एक वर्ष गुप्तवास वस्दा पाण्डवहरू विराट राजाको दरवारमा नाम तथा भेष वदलेर गुप्तवास वसेका थिए । भीम हट्टाकट्टा भएकाले उनले खेतीपातीको काममा विराट राजालाई सघाउने गर्दथे । एक दिन विराट राजाले भीमलाई काममा अराउँदै भने, "भीम ! धान भित्र्याउनेवेला भयो, जाऊ धान काटेर मुठा वाँधी खमारीमा ल्याऊ ।" राजाको आदेशमुताविक भीम खेतमा गएर भएभरको सवै गराको धान काटी एक अजङ्गको मुठा वनाई त्यही खेतमा आगो लगाइदिए । राजाले त्यो कुरा थाहा पाएर तुरुन्तै त्यहाँ दनदनी वलिरहेको आगोको मुस्लोलाई पानी हाल्न आदेश दिइयो र आगो निभाइयो । पछि राजाले भीमलाई दरवारमा वोलाएर सोधे, "किन तिमीले यसरी धानलाई एउटै मुठा वनाई आगो लगाउने काम गर्‍यौ ?" भीमले उत्तर दिँदै भने "महाराज मैले केही गरेको छैन । वरु हजुर आफैँ खेतमा गएर हेर्न सक्नुहुन्छ ।" खेतमा गएर हेर्दा त जुनलाई आगोले छोएको छैन, त्यो जस्ताको त्यस्तै सेतो रङमा रहेको छ । हल्का धुवाँले छोएको खैरो रङमा, वढी धुवाँले खाएको गाढा खैरो, आगोले छोएको रातोखैरो रङमा, आगोले खाएर निभ्न लागेको कालोखैरो तथा आगो लागेर पूर्णतः निभिसकेको गाढा कालो रङमा धानको वर्णाश्रममा परिणत भएछन् । राजाले साँच्ची हो त भनी खेतमा गई हेर्दा भीमले भनेअनुसार नै दृश्य देखे । धानको विभिन्न प्रजातिको रङ यसरी विकसित भएको र मिथकमा उल्लेख गरिएझैँ धानको रङ रहेको जनविश्वास रहेको पाइन्छ ।

धामी/झाँक्री : *धामी वन्ने र धामीले भालुझैँ स्पष्ट नवक्ने वा मौन पनि नरहने कथा ।* भगवान्को वरदान पाएका एक जना धामी भगवान्कै अंशको रूपमा थिए । उनीवाट मन्त्र सिक्नलाई अरू अत्यन्तै उत्सुक हुने गर्दथे । एक दिन केही मानिस उनीकहाँ गएर "लौ हामीहरूलाई पनि मन्त्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिकाइदिनुपऱ्यो । हामीलाई पनि तपाईं जस्तै धामी बनाउनुपऱ्यो" भनी बिन्ती गरे । धामीले ती मानिसहरूलाई भने, "हुन्छ, म तिमीहरूलाई धामी बनाउँछु, तर म मरेपछि मेरो चिताबाट जे निस्किन्छ, सो वस्तु तिमीहरूले समाउने सर्तमा ।" उक्त सर्त सबैले स्वीकार गरे । जब उनी मरे, जलिरहेको उनको चिताबाट सुरुमा वायुको हुन्डरी निस्कियो । त्यसलाई समाउने कसैको आँट पुगेन । त्यसपछि भयङ्कर बाघ निस्कियो । त्यसलाई पनि कसैको समाउने हिम्मत जुटेन । फेरि विशाल सूर्य निस्कियो, अघि सरेर सूर्यलाई समाउने त झन् कसैको आँटै भएन । अन्तमा भालु निस्कियो । अब त अति भो मन्त्र सिक्नलाई केही त गर्नैपर्छ भन्ने सोची त्यस भालुलाई च्याप्प समाए । त्यसैकारण आज पनि धामीझाँक्रीहरूले मन्त्र उच्चारण गर्दा भालुझैँ गुनगुनाउने गरेको जनश्रुति रहेको छ ।

नरक चतुदर्शी र मूला : *पार्वतीले आफ्नो दिसालाई मूलामा परिणत गरेकीले नरक चतुर्दशीमा मूला खान नहुने कथा ।* भगवान्हरू नुहाइधुवाइ गरी भान्सामा छिरेपछि खानपिन नगरी बाहिर निस्किँदैनथे । एक पटक पार्वती स्नान गरी भान्सामा छिर्नेवित्तिकै दिसाको समस्याले व्यग्र भइन् । भान्सा नगरी निस्किन नमिल्ने भएकाले छेवैमा रहेको एउटा टपरामा दिसा गरी अर्को टपराले छोपिदिइन् । लगत्तै भगवान् शिवको भान्सामा प्रवेश भयो । पार्वतीले सम्पूर्ण व्यञ्जनसहित खाना तयार गर्दा पनि त्यो टपराको कुरा खानासँगै नराखिदिँदा शिवलाई चित्तको बुझेन । "पार्वती मलाई किन त्यो टपरामा भएको चीज नदिएको ?" भनी शिवले सोधे । "त्यो खान मिल्दैन पति परमेश्वर" भनी पार्वतीले उत्तर दिइन् । शिवले ढिपी गरेको देखेर पार्वतीले दैवी शक्तिको सहारामा दिसालाई मूलामा परिणत गरिदिइन् । त्यसैकारण नरक चतुदर्शीका दिन मूला खान नहुने जनविश्वास रहँदै आएको छ । **निचा माछा मरे पनि पानीमुनि :** *निचा माछा मरेपछि पनि पानीमुनि नै रहनुको कथा ।* धरम ठाकुरलाई निचा माछाले बाटोमा ढिला हुनुको कारण र चेङा माछासँग भएको लडाइँबारे सविस्तार सुनाएपछि धरम ठाकुरले निचा माछा वास्तवमा सही रहेको पत्ता लगाए । ढिलै भए पनि आफूले दिएको काम पूरा गरी फर्किएकाले निचा माछालाई "तिमी मऱ्यौ भने तिम्रो शरीर पानीमा उत्रने छैन । पानीभित्र नै रहने छ ।" भनी वरदान दिए । आज पनि निचा माछा मर्दा उसको शरीर पानीमुनि नै रहन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहाड पर्वतको उत्पत्ति : *भीमले खेत सम्याउँदा पर्वतको उत्पत्ति भएको कथा।* अन्तिम एक वर्ष गुप्तवास वस्ने क्रममा विराट राजाले भीमलाई खेत जोत्न पठाए। भीम हलगोरु लिएर खेतमा गए र खेत जोतिसकेपछि पटाहाले सम्याउन थाले। उनले उत्तरवाट दक्षिणतर्फ सम्याउँदै गए। अर्को पटक दक्षिणबाट उत्तरतर्फ सम्याउँदै गए। यसरी सम्याउँदा माटोको थुप्रो जम्मा हुन थाल्यो। अन्ततः ती माटोका थुप्राहरू पहाड पर्वतको रूपमा परिवर्तन भए। अर्को पक्ष, जव धरम ठाकुरले पृथ्वीको उत्पत्तिपश्चात् त्यहाँ खेतीपाती गर्नका लागी खेत जोत्न थाले। खेत जोत्ने क्रममा जिउमा लागेका माटाका छिटाहरूलाई हातले सोरेर चारै दिशातिर फालिदिए। कालान्तरमा ती छिटाहरूले नै पहाड पर्वतको रूप लिएको जनविश्वास रहेको छ।

पोखरीमा धातुका भाँडाकुँडा : *ताजपुरिया समुदायमा दहको पातमा खानेकुरा खाने प्रचलनको कथा।* हालको गौरादहमा रहेको पोखरीमा एक समयमा त्यहाँवाट विवाह, भोजलगायत अन्य कार्यक्रम गर्न गौरिया मातालाई पुकार गरी आवश्यक भाँडाकुँडा माग गर्ने गरिन्थ्यो। तदअनुरूप गौरिया माताले आवश्यक भाँडावर्तन उपलब्ध गराउने गर्दथिन्। मानिसको जातले उपलब्ध भएका भाँडाकुँडाहारूलाई जस्ताका त्यस्तै र जतिको त्यति नै फर्काउँदैनथे। केही लुकाइदिन्थे र केही हराउँथे। कसैकसैले त राम्ररी नपखाली जुठै फिर्ता गरिदिन्थे। यसो गर्दा गौरिया माता आफू अपवित्र भइन् र त्यसको रिसले अबउप्रान्त कसैलाई पनि धातुका भाँडाकुँडा उपलब्ध गर्न छोडिन्। त्यसपछि मानिसलाई आपत् पर्न थाल्यो। केही कार्यक्रम गर्दा खानेकुरा केमा राखेर खाने ? फसाद भयो। फेरि पनि गौरिया मातालाई पुकार्दा गौरिया माताले भनिन्, “अव म तिमीहरूलाई धातुका भाँडाकुँडा उपलब्ध गराउन त सक्दिनँ, तर अब यहाँ प्रशस्तै दह उम्रने छन् र तिनै दहका पातमा खानेकुरा राखी खानू।” निकै पछिसम्म पनि ताजपुरिया समुदायका मानिसहरू विवाह, भोजलगायतका अन्य कार्यक्रम गर्दा त्यहीवाट दहका पात टिपेर ल्याउँथे र त्यसैमाथि खानेकुरा राखी खाना खाने गर्दथे।

पृथ्वीको उत्पत्ति : *धरम ठाकुरले माछाहरू र माटोको सहयोगवाट पृथ्वीको उत्पत्ति गरेको कथा।* यो संसार पहिले जलमग्न थियो। यस संसारको मालिक धरम ठाकुर हुन्। ती धरम ठाकुरले कुरिला झार उत्पन्न गरे र त्यसैको मदतले आफूलाई चाहेअनुरूप सयर गर्दथे। उनको दिनचर्या सधैं यसरी नै बित्दै थियो। सधैं यसरी नै जीविका चलाउँदा उनलाई न्यास्रो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागेर माटोको पनि आवश्यकता महसुस गऱ्यो । तुरुन्तै निचा (जुँगे माछा)को उत्पत्ति गरी पातालबाट अलिकति माटो लिएर आउन लगाए । निचा माछा उफ्रँदै पातालतिर माटो लिन गयो । मुखमा केही माटो च्यापेर ल्याउँदै थिए, तर उनलाई दिएको समय सीमा नाघिसकेकाले धरम ठाकुरले चेङा (हिले माछा)को उत्पत्ति गरी "मैले निचा माछालाई केही माटो लिएर आऊ भनेर २ दिनको समय दिएको थिएँ । उनले हुन्छ भने, तर आज ४ दिन भइसक्दा पनि आएनन् । अब तिमी गएर त्यो माटो ल्याऊ" भने । चेङा माछा "हुन्छ" भनी पातालतिर लागे । जाँदै गर्दा माटोमा निचा माछा र चेङा माछाको भेट भयो । चेङा माछाले निचा माछालाई "धरम ठाकुरले दिएको समयसीमाभित्र किन माटो नपुऱ्याइदिएको ?" भन्दै निचा माछाको ढाडमा एक लात्ती हिर्काइदिए । एकछिन त उनीहरूबिच घमासान लडाइँ नै चल्यो । त्यसै हुनाले निचा माछाको ढाड/शरीर आजसम्म पनि बाङ्गो नै रहेको भनाइ छ । अन्त्यमा निचा माछाले चेङा माछालाई हराएर मुखमा भएको माटो बोकी धरम ठाकुरकहाँ आइपुगे । धरम ठाकुरले त्यो माटो हातमा खेलाउन थाले । तिलसमान त्यो माटो खेलाउँदाखेलाउँदै बेलसमान भयो । हातमा खेलाउँदाखेलाउँदै उक्त माटोबाट पृथ्वीको उत्पत्ति भएको ताजपुरिया समाजमा विश्वास रहेको छ ।

पृथ्वीको त्रिआयामिक : *पृथ्वी तीन कुनामा विभाजित हुनुको कथा ।* ब्रह्मा, विष्णु र महेशको जन्म भइसकेपछि थप सृष्टिका लागि केही उपाय खोज्नुपर्ने भयो । त्यस क्रममा आदिशक्ति निरञ्जन ठाकुरकहाँ पुग्दा ब्रह्मा, विष्णु र महेशले त्यसको हल गर्ने बताए । आदिशक्ति निरञ्जन भगवानको आदेशमुताबिक त्रिदेवकहाँ हाजिर भई सृष्टिको वृद्धिबारे कुरा राख्दा उनीहरूले आफूहरूबाट थप सृष्टि सम्भव नहुने भन्दै तीनतिर गए । त्यही दिनबाट पृथ्वी तीन कुनामा लम्बिएको ताजपुरिया समुदायमा विश्वास रहेको पाइन्छ ।

फूलको नदीको बहाव एक धार मात्र : *सीताजीको श्रापका कारण एक धार मात्र बहने नदीको कथा ।* जब भगवान् राम चौध वर्षको वनवास जीवनका लागी वनमा आइपुगे तब त्यो कुरालाई सहन गर्न नसकेर पिता दशरथले आफ्नो प्राण त्याग गरे । भगवान् राम तथा भाइ लक्ष्मण फलफूल टिप्न वन गएका वेला पिताको प्राण भट्किँदै रामको आश्रममा आइपुग्यो र आफ्नो प्राणको उद्धारका लागी सीताजीसँग पिण्डदान मागे । सीताले छोराहरू आएपछि पिण्डदान दिने आग्रह गर्दा नमानेपछि आश्रममा केही पनि खाने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा नभएको अवस्थामा फूलको नदीवाट वालुवा ल्याई त्यसैको पिण्ड बनाई दान गरेकी थिइन् । जव राम र लक्ष्मण आश्रममा फर्के र सीताजीलाई हेर्दा एकसरो मात्र कपडा लगाई वसेको देखे, रामको मनमा शङ्का उत्पन्न भई प्रश्न गरे, "तिमी किन यसरी एकसरो मात्र कपडा लगाई वसेको ? केही अनर्थ भयो कि ?" सीताजीले पिता दशरथको मृत्यु र प्राणलाई पिण्डदान गरेको कुरा सुनाए, तर रामको मनमा उब्जेको शङ्का विलय भएन । उनले त्यसका लागि केही प्रमाण जुटाउन भने । सीताजीले फूलको नदीको विन्ती चढाए र फूलको यसको प्रमाण हो भनी नदी किनारमा गई फूलको नदीलाई साक्षी वक्न लगाए, तर नदीले आफूलाई त्यस्तो केही पनि थाहा नभएको उत्तर दिएपछि सीजातीलाई असह्य भयो र नदीलाई श्राप दिइन्, "तिमीमाथि जतिसुकै वर्षा भए तापनि तिम्रो एक धार सुकेर जानेछ । एक धार भएर मात्र वहने छौ ।" यसरी दिएको श्रापका कारण आज पनि फूलको नदी एक धार भएर मात्र वहन्छ भन्ने किंवदन्ती रहेको छ । आफ्नो गल्ती महसुस गरी फूलको नदी सीताजीसँग माफी माग्छिन् । सीताजीलाई पनि दया जागेपछि, "लौ भैगो, अव तिम्रो किनारमा पछि कसैले पनि दान गरे पितृ उद्धार हुनेछ," भनी विश्वास दिलाउँछिन् भन्ने जनश्रुति रहेको छ ।

बिरालोको दिशा : *विरालोले दिसा गरिसकेपछि किन पुरेर हिँड्छ भन्ने कथा ।* एक पटक बाघ (छोरी) र विरालो (सानी आमा) वाटोमा हिँड्दै थिए । हिँड्दै जाँदा वाटोको छेउमा उनीहरूले केराको पातमाथि एक डल्लो खिर राखेको देखे । खिर देख्नेवित्तिकै बाघले विरालोसँग सल्लाह गऱ्यो । "त्यो खिर जस्तो कुरा ननुहाई कसरी खाने । खिर खानलाई नुहाउनुपर्छ" भन्यो । विरालोले कुरालाई सही थप्दै भने "हो त ननुहाई खान त के, छुन पनि हुन्न, पाप लाग्छ । तर छोरी, हामी दुवै जना सँगै नुहाउन गयौं भने यहाँ अरू कसैले आएर खाइदेला । बरु तिमी पहिले नुहाउन जाऊ, म यो खिर रुङ्दै गर्छु । त्यसपछि म नुहाउन जाउँला ।" बाघले विरालोको प्रस्तावलाई स्विकार गऱ्यो । नुहाउन खोलातिर गयो । विरालोले बाघलाई केहीबेर त कुऱ्यो, तर खिर खाने धैर्यलाई निरन्तरता दिन सकेन । अव जेसुकै होस्, पछि भाग लगाउँदा मलाई थोरै दिएर बाघले सबै खाइदिन्छ होला । बरु अहिले नै एकलौटी सवै खाइदिनुपऱ्यो भनी विचार गरी पूरै डल्लो कप्ल्याक-कुप्लुक्क खाइसक्यो र केराको पातलाई अर्को केराको पातले छोपी त्यहाँवाट विरालो कुलेलम ठोक्यो । केहीबेरपछि खिर भएतिर बाघ आउँदै गर्दा बिरालोलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखेन । मनमनै बाघले सोच्न थाल्यो, पक्कै पनि दिसापिसाब गर्न अरूतिर गयो होला । केहीबेरसम्म बिरालो नआउँदा बाघ सशङ्कित भयो र केराको पातलाई उचालिहेर्‍यो । हेर्दा त खिरको एक सितो पनि रहेनछ । बाघलाई उठ्नसम्म रिस उठ्यो र रिसले गर्जन थाल्यो । "ए ! बिरालो तँ कहाँ गएर लुकिस् ? तलाईं मात्र होइन, तेरो दिसा देखे भने पनि म छोड्दिनँ ।" यो कुरा बिरालोले थाहा पायो र आज पनि बिरालो बाघको सामु पर्दैन र आफूले गरेको दिसा पनि बाघले खाइदेला भनेर दिसालाई पुरिदिने गरेको जनविश्वास रहेको छ ।

बिरालो र स्यालको मित्रता : *बिरालोसँगको प्रगाढ सम्बन्धका कारण स्यालले ज्यान गुमाउनुपरेको कथा ।* एक पटक बिरालो र स्यालको अति घनिष्ठ मित्रतावत् सम्बन्धमा बाँधिन पुगे । जे खाए नि सँगै, जे गरे नि सँगै गर्ने गर्दथे । एक दिन बिरालोले स्याललाई एउटा प्रस्ताव राख्यो, "मित्र, अब हामी कति अर्काले फालेको जुठो खानेकुरा खाने, बरु भण्डारकोठामै गएर सङ्लो खानेकुरा खाऔँ न, कति मिठो होला हगि !" स्यालले पनि यति राम्रो प्रस्ताव सहजै स्वीकार गर्‍यो । गाउँमा कुनै एक घरमा विवाहभोज चिलरहेको थियो । बिरालो र स्याल विवाह घरसम्म त पुगे, तर भण्डारकोठासम्म स्याललाई पुग्न असहज भयो । बिरालो घरपालुवा र सजिलै घरभित्र छिर्न सक्ने भयो, तर स्याल जङ्गली भएकाले घरभित्र पस्न सम्भव थिएन । बिरालोले जुक्ति निकाल्यो र भन्यो "मित्र, म पहिले भण्डार कोठामा छिर्छु, अनि त्यही सँगै रहेको पर्खालमा प्वाल पारौँला । त्यहाँबाट तिमी सजिलै भित्र छिर्न सक्छौ ।" स्यालले बिरालोले भनेअनुरूप गर्‍यो र दुवै जना भण्डारकोठामा छिरेर पेट अघाउन्जेल मिठामिठा खानेकुरा खाए । त्यसपछि बिरालोले फेरि अर्को प्रस्ताव राख्यो, "मित्र हामीले खाना त सित्तैमा खायौँ अब यसको बदलामा एकदुईवटा त गीत पनि पो गाउनुपर्छ त । नत्र पाप लाग्छ ।" स्यालले "हुन्छ मित्र" भन्दै "ल पहिला तपाईं गाउनुस् त्यसपछि म गाउँला" भन्दै सहमतिमा थप कुरा राखे । बिरालोले नम्र स्वरमा म्याउँम्याउँ गरी करायो र भन्यो "ल त मित्र, अब तपाईंको पालो ।" स्याल पनि के कम, जोडजोडले "हुवाँहुवाँ" गर्दै कराउन थाल्यो । विवाह भोजमा जम्मा भएका सबै मानिस छक्क परे । लौ कहाँबाट स्याल भण्डारकोठामा छिर्‍यो ? यसलाई त मार्नुपर्छ । एकदुई गर्दै सबैले होहल्ला गर्न थाले र छिनमै चारैतिरबाट घेरा हाली त्यस स्याललाई मारि पनि दिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बेलको उत्पत्ति : *लक्ष्मीको स्तन गाडिएको स्थानबाट बेलको उत्पत्ति भएको कथा ।* लक्ष्मीले आफ्नो काटेर आफूलाई चढाएपछि महादेवले त्रिशूलद्वारा माटो खनेर पुरिदिए । त्यही स्थानमा बेलको बिरुवाको पलाएकाले बेल र स्त्रीहरूको स्तनको आकार उस्तै हुने गरेको तथा बेलपत्रको आकार शिवजीको त्रिशूलको आकार मिल्दोजुल्दो रहेको जनश्रुति रहेको पाइन्छ ।

भगवान्को प्रसादको फल : *कदमको फल जे कुरामा राख्यो, त्यसको वृद्धि हुने रोचक कथा ।* एक गाउँमा एक गरिब बस्दथे । उनी सारै इमानदार, सत्यवादी र भगवान्प्रति विश्वास राख्ने व्यक्ति थिए । एक दिन भगवान्को आराधना गर्दागर्दै तपस्यामा लिन भए र जागा हुँदा उनको हातमा एउटा कदमको फल पाए । सो कदमको फल धान भएको पोकोमा राखिदिए । केही दिनमै कोठा भरी धानैधान भयो र त्यसै गरी चामलको पोकोमा पनि राखिदिए । फेरि पनि केही दिनमा कोठाभरि चामलैचामल भएको देखे । तत्पश्चात् केही पैसाको नोटमाथि त्यो कदमको फल राखिदिए । फेरि त्यसै गरी केही दिनमै कोठा पैसा नै पैसाले भरियो । गाउँलेले यो चमत्कारको बारेमा सोधेपछि मनमा कुनै पनि पाप नलुकाई उनले सबै कुरा बताइदिए । त्यही दिनदेखि कदमको फललाई विशेष पूजा गर्न सुरु गरिएको र त्यसलाई भगवान्को प्रसादको फलका रूपमा लिन थालिएको ताजपुरिया समुदायमा जनविश्वास रहेको छ ।

भाइटिका : *यमराजलाई बहिनी जमुनाले आफ्नो घरमा बोलाई अन्नजल गराएपछि सुरु भएको भाइटिकाको कथा ।* यमराजले आफ्नी बहिनी जमुनाको विवाह धूमधामका साथ गरिदिएका थिए । जमुनाले दाइजोबापत धेरै नै धनदौलत प्राप्त गरेकी भए पनि केही सामान दाइलाई नसोधी लिएर गएकी थिइन् । धेरै समयपछि मात्र जमुनाले आफूले केही सामान दाजुकोबाट लिएर आएको, तर दाजु एक पटक पनि आफूकहाँ नआउँदा यसको अपराध हुने कुराले चिन्तित भइन् । त्यसपछि जमुनाले दाजुलाई आफूकहाँ आउन आग्रह गरिन् । धेरै नै बिन्तीपश्चात् यमराज कार्तिक महिनाको शुक्लपक्षका दिनबहिनी जमुनाको घर आए । आफ्ना केही सेना तथा कर्मचारीसहित यमराज त्यस दिन बहिनीको घर गई अन्नजल गरे । त्यसै दिनदेखि भाइटिकाको सुरुवात भएको किंवदन्ती रहेको छ ।

भुइँचालोको कारण : *पापका कारण भूकम्प उत्पन्न भएको कथा ।* सतीयुगमा सत्यको बोलबाला थियो । त्यहाँ अधर्मको कुरै थिएन । त्रेतायुगमा पापी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा दृष्टको नाश गर्न भगवान् राम समुन्द्र हुँदै लङ्का पुगी राक्षसको अन्त्य गरे । द्वापरयुगमा भगवान् श्रीकृष्ण आफ्नै नाताभित्र नै रहेको राक्षसी, दुष्ट तथा पापीको संहार गर्न पुगे । आज कलियुगमा पापैपापले भरिँदा त्यसको निराकरण गर्न तथा अति नै अत्याचार हुन जाँदा धर्ती माताले पापको बोझ सहन गर्न नसक्दा धर्तीमा कम्पन्न उत्पन्न हुन्छ र जसको फलस्वरूप भूकम्पको उत्पत्ति भएको हो भन्ने जनविश्वास रहेको छ ।'

भूकम्प : *पृथ्वीलाई थामेर बसेको कछुवा हल्लिँदा भूकम्पको महसुस गरिने कथा ।* पृथ्वीलाई थाम्न र सन्तुलनमा राख्न पृथ्वीमुनि एक विशाल कछुवा रहेको थियो । उक्त कछुवा एकोहोरो रूपमा बस्दावस्दा जिउलाई असहज हुने र आफ्नो बसाइलाई फेर्ने क्रममा पृथ्वी केही ढलमल हुँदा पृथ्वीमाथि बसोवास गर्ने नरनारीलाई भूकम्प आएको आभास हुने गरेको जनविश्वास रहेको छ । अर्को पक्ष जब पृथ्वीमा पापको भारी बढ्दै जान्छ, त्यसको भार र असर पृथ्वी थामिरहेको कछुवा वा वासुकी नागलाई पर्दछ । त्यही अत्यधिक पापको कारणले तिनीहरूको आसन डगमगाउँदा नरनारीले त्यसलाई भुइँचालो (भूकम्प) आएको ठान्ने गरिएको जनविश्वास पनि रहेको छ ।

माछाको उत्पत्ति : *गङ्गामा माछा उत्पत्ति भएको कथा ।* जब गङ्गालाई धर्तीमा अवतरण हुन ब्रह्माले आग्रह गरे, गङ्गाले सोझै अस्वीकार गरिनन् । समुद्रराजको सन्ततिको उद्धार गर्न धर्तीलोकमा झरेपछि फेरि फिर्ता हुन नसकिने र सम्पूर्ण नरनारीहरूको पाप बोक्नुपर्ने हुँदा यसका लागि उपाय भनिदिन आग्रह गरिन् । ब्रह्माले यसका लागि "तिम्रो बहावमा माछाको विकास हुने छ र ती माछाहरूलाई पुनः तिनै नरनारीहरूले खाने हुँदा आफ्नो पापको भारी आफैँले बोक्नुपर्ने छ । त्यसैले तिमीलाई यसको कुनै असर पर्दैन" भनी गङ्गालाई सम्झाए । यसरी गङ्गामा माछाको उत्पत्ति भएको हो भन्ने जनविश्वास रहेको छ ।

मानिस र जडीबुटी : *मानिसले जडीबुटीको प्रयोग सुरु गरेको कथा ।* पहिलेपहिले मानिस जङ्गलतिर जाँदै गर्दा वनमा रहेका जडीबुटीहरूले ती मानिसहरूलाई बोलाउने गर्दथे । "म फलानो रोगको उपचारमा काम लाग्छु । म मात्र नभई यो, म, ऊ, मिली, अरू खालका रोगहरूको उपचारका लागि प्रयोग हुन्छौँ" भन्दै बोलाउँथे र आफूमा भएका रोगको निदानबारेको गुण मानिसहरूलाई सुनाउने गर्दथे । यसरी नै मानिसहरूले जडीबुटीहरूको प्रयोग सुरु गरेको किंवदन्ती रहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रामचन्द्र खोला : *धर्तीमा सीता माताको विलयपछि भगवान् रामचन्द्रले बगाएको आँसुवाट उत्पन्न खोलाको कथा ।* सीतापुरमा सीतामाताले आफूलाई जब धर्तीमा विलय गराइन्, त्यसपछि रामचन्द्र भगवान् विलाप गरी त्यस स्थानमा वसेर रुन थाले । तर जति नै रुँदा-कराउँदा र शोक मनाउँदा पनि सीता माता फर्किनन् । त्यसपछि रामचन्द्र भगवान् यतिविघ्न रोए कि उनको आँसुले खोलाको रूप लिन पुग्यो । त्यही खोलालाई रामचन्द्र खोला भनिन्छ । हाल पनि सीतापुरीकै पश्चिम भागमा रामचन्द खोला रहेको छ भने त्यसैमुन्तिर रामचन्द्र दह पनि रहेको छ ।

विर्नाझार : *सीता माता धर्तीमा विलीन हुन लाग्दा रामचन्द्रको हातमा रहेको कपाल विर्नाझारमा परिणत भएको कथा ।* सीता माता धर्तीमा विलीन हुनै लागेकी वेला रामचन्द्र भगवान् सीता माताको कपाल समाउन पुगे तर अन्ततः सीता माता धर्तीमा विलीन हुन पुगिन् । रामचन्द्र सीता मातालाई माथि उकास्न सकेनन् । उनको हातमा सीता माताको जति कपाल रहे, तिनै कपाल आज विर्नाझारका रूपमा उम्रिन थालेको जनविश्वास रहेको पाइन्छ । जुन झार ताजपुरिया समुदायको विवाह तथा मृत्युसंस्कारमा पवित्र झारको रूपमा अनिवार्य प्रयोग गर्ने गरिन्छ ।

सर्पको उत्पत्ति : *विष्णुले राहुको शिर छेदनपश्चात् राहुको शरीर सर्पमा परिणत भएको कथा ।* दानव र देवहरूको सामूहिक समुद्री मन्थनबाट प्राप्त गरेको अमृतको भागबन्डामा देव र दानवबिच् कचिङ्गल भयो । दानवहरूले अमृत खाए अमर हुने र संसारमा वितण्डा मच्चाउने भएकाले देवले दानवलाई अमृतको भाग लगाउन चाहन्नथे । यसरी देव र दानवबिचको किचलो चरम रूपमा विकसित हुँदै गएकाले यसको निकासका लागि भगवान् विष्णुले मोहिनीको रूप धारण गरी अमृतको भागबन्डा गर्न थाले । उनले देव तथा दानवलाई दुई समूहमा विभाजन गरे । जब देवहरूको पालो आउँदा अमृत बाँड्दथे भने दानवको पालामा मदिरा । यो चाल राहुले थाहा पाए र तुरुन्तै आफ्नो रूप बदलेर देवको समूहमा बसे । जब उनको पालो आयो र अमृत पान गर्न लाग्दै गर्दा चन्द्रमाले राहुको चाल थाहा पाए । त्यसपछि मोहिनीलाई तुरुन्त रोक्न लगाए । तर राहुले एक थोपा अमृत पिइसकेका थिए । त्यसपछि विष्णुले सुदर्शन चक्र प्रयोग गरी राहुको शिर छेदन गरिदिए । त्यसपछि राहुको शिर आकाशमा हाहाहा गरी हाँस्दै हिंड्न थालेको र शरीरचाहिँ सर्पमा परिणत भएको किंवदन्ती ताजपुरिया समुदायमा रहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्पको दुई जिब्रो : *कुसमा राखिएको अमृत चाट्ने हुँदा सर्पको दुईवटा जिब्रो भएको कथा ।* विनोता र कदरतनामक दिदीबहिनीले सँगै अन्डा पारे र ओथारो बसे । तर कदरतको अन्डाबाट केही समयअघि नै सर्पको जन्म भयो भने विनोताको अन्डाबाट गह्वोल (गरुड) को जन्म भयो । एक दिन दिदीबहिनी समुद्रतिर घुमफिरमा निस्के । उनीहरूले समुद्रको छेउमा एउटा सेतो घोडा चरिरहेको देखे । बेलुका फर्केपछि कदरतले अघि देखेको घोडा कालो रङको रहेको जिकिर गरिन् भने विनोताले सेतो रङको भएको बताइन् । अन्त्यमा कदरतले "ठिकै छ, यदि घोडा सेतो भए म तिम्रो र कालो भए तिमी मेरो दासी बन्नुपर्छ, मन्जुर छौ ?" भनी सर्त राखिन् र विनोताले सहर्ष स्वीकार गरिन् । बेलुकीपख कदरतले आफ्ना सबै सन्तानलाई समुद्रको सेतो घोडालाई कालो रङ लगाउन आदेश दिइन् । भोलिपल्ट विहान विनोता र कदरत दुवै जना सर्तमुताबिक समुन्द्रतिरमा पुग्दा घोडा कालै रङमा देखा पऱ्यो र विनोता कदरतकी दासी भई बस्नुपऱ्यो । दासीपुत्र गरुडले सधैँ कदरतका पुत्र सर्पहरूलाई पिठिउँमा बोकी समुन्द्रतिरमा विचरण गर्न लाने र ल्याउने गर्नुपर्ने भएपछि उनलाई गरुडलाइ झन्झट लाग्न थाल्यो । एक दिन गरुडले बरु चाहिने कुरा ल्याइदिने तर सधैँ बोक्न नसक्ने बतायो । आमाले सो कुरा कदरत र उनका सन्तानहरूलाई बताइन् । त्यसपछि उनीहरूले अमृत ल्याइदिन भने । अमृत लिन गरुड देवताकहाँ गए । तर देवताहरूले अमृत नदिने अडान लिएपछि गरुडले जुक्ति खियाउँदै भने "त्यो अमृत मलाई दिनुस्, सर्पहरूको अगाडि राखिदिन्छु । तपाईंहरू त्यहाँबाट फुत्काएर ल्याउनुस् । सर्पहरूलाई दिनु हुन्न भन्नेमा म पनि सहमत छु ।" यति भनेपछि देवताहरूको चित्त बुझ्यो र अमृत दिए । अमृत ल्याइसकेपछि गरुडले त्यो अमृत कुसमा राखिदिए । त्यही बेला देवताहरूले अमृतलाई एकै ठाउँमा भेला पारी आफ्नै देवलोकमा लिएर गए । सर्पहरू भने कुसमा अमृत राखेको सम्झी जिब्रोले चाट्न थाले र तिखो कुसले सर्पको जिब्रो विचमा चिरा परेकाले सर्पको जिब्रो दुईवटा भएको किंवदन्ती रहेको छ ।

संसारको थप सृष्टि : *१०८ पटकको पुनर्जन्मपछि थप सृष्टिको सुरुवात भएको कथा ।* जब त्रिदेव तीनतिर वहिर्गमन भए, पृथ्वी त्रिआयामिक बन्न पुग्यो । पहिलो प्रयासवाट असफल भएपछि आदिशक्ति फेरि निरञ्जन ठाकुरकहाँ गई सबै वृत्तान्त सुनाइन् । निरञ्जन ठाकुरले "ल जे भो ठिकै भो । अब अन्य उत्पत्ति सम्भव हुने भो । फेरि त्रिदेवकहाँ जानू" भनी आदेश दिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिदेवले पनि सल्लाह गरे । फेरि आदिशक्ति यहि प्रस्ताव लिई आएमा ब्रह्मा र विष्णुले शिवले नै समाधान गर्नुपर्छ भने । "ल ठिकै छ, म यसका लागि अघि बढौला, तर सृष्टिको क्रममा जीव, प्राणी, वनस्पतिको उत्पत्ति भएमा पालनपोषण कसले गर्छ ?" भनी सोधे । ब्रह्माले "म गर्छु" भने । "सृष्टिको क्रममा राम्रा, नराम्रा जे पनि हुन सक्छन् । यदि राम्रा देवको उत्पत्ति भएमा ठिकै छ, तर दानवको उत्पत्ति भएमा तिनीहरूलाई कसले संहार गर्ने ?" भनी महेशले फेरि सोधे । विष्णुले "म नयाँ अवतार लिई ती दानवहरूको अन्त्य गर्छु" भने । यति भन्दाभन्दै आदिशक्ति टुप्लुक्क महेशका सामुन्ने उपस्थित भई । आदिशक्तिले पहिलेकै प्रस्ताव अघि बढाइन् । यस पटक महेशले आदिशक्तिलाई सर्त राख्दै भने "यदि तिमीले १०८ पटक पुनर्जन्म लियौ भने यो प्रस्ताव सम्भव छ । नत्र छैन" भने । आदिशक्तिमा पनि आफ्नो चामत्कारिक शक्ति भएकाले सर्त स्वीकार गरी १०८ पटक पुनर्जन्म लिइन् । महेशले १०८ वटै जीवनको टाउको काटेर माला बनाए र अन्त्यमा १०८ पटकको जन्मपश्चात् नयाँ सृष्टिको सुरुवात गरेको किंवदन्ती रहेको छ ।

सीताको जन्म : *हलोको सिहोबाट उत्पत्ति भएकी एक बालिकाको कथा ।* रावणले आफ्नो आधिपत्य चौध भुवनमा जब जमाए, सम्पूर्ण नियम रावणकै इसारामा चल्ने गर्दथ्यो र रावणले त्यहाँका ऋषिमुनिहरूलाई करको सीमामा राखिदिए । एक दिन रावण ऋषिमुनिकहाँ कर सङ्कलन गर्न गए । ऋषिमुनिसँग आर्थिक कारोबार नहुने भए पनि उनी कर सङ्कलन नगरी नफर्कने अठोटमा पुगे । केही सीप नलागेपछि करस्वरूप शरीरबाट एकएक थोपा रगत दिने भए । उक्त रगत एक घैलाजति सङ्कलन भयो । रावणले रगत भरिएको भाँडो जनक राजा (ऋषि)को राज्यमा लगी माटोमुनि गाडिदिए । त्यसै दिनदेखि मिथिला राज्यमा अनावृष्टि सुरु भई वर्षौंसम्म खडेरी लाग्यो र त्यहाँका मानिस र अन्य जीव जीवन निर्वाहका लागि अन्यत्र जान थाले । एक दिन एक जोडी चरा ऋषिबारे "अब यहाँ बस्न उचित छैन । राजा जनकले आफ्नै हातले हलो नजोतीकन यहाँ एक थोपा पनि पानी पर्दैन र प्याकप्याकती बाँच्नुभन्दा अन्तै जानु बेस" भनी गुनासो गरेको जनकले सुने । त्यसपछि राजा स्वयम्ले जोते र हलोको सिहो (फाली)मा उक्त रगतको भाँडो अड्किएर जमिनमाथि निस्कियो । राजा जनकले सो भाँडोलाई खोलिहेर्दा त्यहाँ अति सुन्दरी बालिका देखे । सो बालिकालाई उनले दरबारमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ल्याएर राम्रो पालनपोषण गरे । हलोको सिहोबाट उत्पन्न भएकीले उनको नाम सीता रहन गएको हो भन्ने जनविश्वास ताजपुरिया समुदायमा रहँदै आएको छ ।

सीतापुरी : *सीता माताले धर्ती मातामा विलीन भएको स्थान ।* त्रेतायुगमा रामचन्द्र भगवान्‌ले सीता मातालाई पतिव्रतको परीक्षा लिने क्रममा अन्तिम पटक परीक्षा लिन तयार भए । सीता मातालाई पनि बारम्बार परीक्षा दिँदादिँदा दिक्क भइसकेकी थिइन् र अब मैले यसरी कष्टपूर्ण जीवन जिउनुभन्दा बरु धर्ती मातासँग विलीन हुनु जाती भन्ने ठानी खाङ्टा गाउँको पूर्व दिशामा रहेको स्थानमा आई धर्ती मातालाई पुकार गरिन् । धर्ती माताले सीताजीको सबै वृत्तान्त सुनेपश्चात् आफ्नो गोद (काख)मा सदाका लागि समर्पण लिने विचार गरे । यसरी सीता माता धर्तीमा तुरुन्तै विलीन भइन् र यस स्थानको नाम नाम सीतापुरी रहन गएको हो ।

सूर्य र बाह्र महिना : पृथ्वी जलमय हुँदा पानीको सतह घटाउन विष्णुले आफ्नो तेज तथा तापको प्रयोग गरी बाह्रवटा सूर्यको निर्माण गरे । त्यसपछि धर्तीमा कुनै कुराको अस्तित्व रहेन । सबै जलेर नष्ट हुन थाले । केही सीप नलागेपछि सहमतिमा ल्याई वाह्र महिनामा एकएकवटा सूर्य पालैपालो उदाउने र अस्ताउने भए । त्यसपछि वाह्र महिनाको निर्माण भएको हो भन्ने मान्यता यस समुदायमा रहेको पाइन्छ ।

सूर्य हनुमान्‌को काखीमा : *हनुमान्‌ले लक्ष्मणलाई बचाएको कथा ।* जुन रात इन्द्रजितले लक्ष्मणलाई शक्तिशाली वाणद्वारा मुर्छित पारिदिएका थिए, त्यो रातभरको अवधिमा सञ्जीवनी बुटीको उपचारमार्फत लक्ष्मणलाई बचाउन मात्र सकिन्थ्यो । वानर राजन हनुमान् त्यो सञ्जीवनी बुटी धौलागिरी पर्वतवाट ल्याउँदासम्म विहान हुन सक्ने हुनाले तत्कालै हनुमान्‌जीले सूर्यलाई आफ्नै काखीमा च्यापिदिएका थिए । धौलागिरी पहाड नै उचालेर सञ्जीवनी बुटी ल्याई लक्ष्मणलाई उपचार गरी निको तुल्याइसकेपछि मात्र हनुमान्‌जीले सूर्यलाई आफ्नो काखीवाट सूर्यलाई छुटकारा दिएका थिए ।

स्तनको आकार : *महादेवका कारण नारीहरूको एउटा स्तन केही सानो हुने गरेको कथा ।* एक पटक लक्ष्मीले आफ्ना पति विष्णुसँग सोधिन् "यो संसारमा ठुलो को हो ?" विष्णुले भने, "महादेव । मैले पनि पूजा गर्ने गरेको छु ।" "अहो कति राम्रो । मैले पनि गर्दा हुन्छ होला । यसको पूजाविधि के हो ?" लक्ष्मीले भनिन् । विष्णुले वर्षमा चौध चतुदर्शी हुने र त्यस दिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष महादेवको पूजा हुने, त्यसका लागि कमलको फूल चाहिने वताए। लक्ष्मीले व्रत प्रारम्भ गरिन्। चौधौँ चतुदर्शीको पालामा लक्ष्मीले सयवटा कमलको फूल ल्याएकी थिइन्, तर पूजा गर्ने बेलामा जम्मा उनान्सय मात्र थियो। यसमा महादेवले चाल चालेका थिए र उनले लक्ष्मीको त्यागमा परीक्षा लिन चाहन्थे। जव लक्ष्मीले पूजा आरम्भ गरिन्, त्यहाँ एउटा फूल कम थियो, तर पूजास्थलवाट उठ्न नमिल्ने भयो। उनले विष्णुलाई सम्झिन्। विष्णुले स्त्रीको जोवनको फूल दुईवटा हुने वताएका थिए। लक्ष्मीले अरू केही नसोची एउटा स्तन काटेर शिवलाई चढाइन् र पनि शिवजीको दर्शन पाइनन्। त्यसपछि अर्को स्तन पनि काट्न लागेका वेला महादेव लक्ष्मीको सामुन्ने प्रकट भए। लक्ष्मीको उक्त हालतलाई सुल्झाउन काटेको स्थानबाट उस्तै स्तन पलाओस् भनी महादेवले वरदान दिए। तर पहिलेको जस्तो समान हुन सकेन। त्यसपछि स्त्रीमा दुईमध्ये एउटा स्तन केही सानो आकारको भएको किंवदन्ती रहेको छ।

शालिग्रामको उत्पत्ति : *वृन्दावतीको श्रापको कारण भगवान् विष्णु शालिग्राममा परिणत भएको कथा।* समुद्रमा जलन्धर (जालन्धर) जब हुर्कंदै गए, तब एक समय जङ्गलको भ्रमणमा वृन्दावतीनामक सुकन्यासँग भेटे र विवाह गरे। वृन्दावती सानैदेखि विष्णुको भक्त भएकीले हरपल उनको सेवाभावमा रहन्थिन्। शिवले जलन्धरविरुद्ध युद्धमा जाने निर्णय गरे र युद्ध सुरु भयो। अथक प्रयासंमा पनि शिवको त्रिशूल चलेन। उक्त कुरा पार्वतीलाई जाहेर गर्दा उनले "वृन्दावती एक महासती नारी हुन्। उनको सतीत्वको प्रमाण जलन्धरको घाँटीमा रहेको छ। जबसम्म कसैले वृन्दावतीको सतीत्व हरण हुँदैन तबसम्म जलन्धरलाई पराजय गर्न सकिँदैन। पहिले वृन्दावतीको सतीत्व हरण गर्नुपर्छ र मात्रै जलन्धरलाई पराजय गर्न सकिन्छ" भनिन्। यसका लागि सबैले भगवान् विष्णुलाई आग्रह गरेपछि विष्णु जलन्धरको भेषमा गई वृन्दावतीको सतीत्व हरण गरे र जलन्धरको तागत कम हुन थाल्यो। जलन्धरको तागत कमजोर भएको मौका छोपी शिवले त्रिशूल प्रहार गरी जलन्धरको शिर छेदन गरिदिए। त्यसपछि जलन्धरको शिर वृन्दावतीकहाँ पुगी "तिमीले किन यस्तो अपवित्र कार्य गर्‍यौ ?" भनी सोधेपछि वृन्दावतीले झस्किएर जलन्धरलाई "तिमी को हौ ? आफ्नो यथार्थ रूप देखाऊ नत्र श्राप दिई भस्म बनाइदिन्छु" भनिन्।

विष्णुले सक्कली रूप धारण गरेपछि वृन्दावतीले "तिम्रो मन पत्थरको रै'छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बचपनदेखि तिम्रो भक्ति सेवा गर्दै आए पनि यस्तो प्रतिफल भोग्नुपर्ने ? तिमी अब ढुङ्गा भएर बस" भनी श्राप दिएपछि विष्णु शालिग्राम ढुङ्गामा परिणत भएको ताजपुरिया समुदायमा किंवदन्ती रहेको छ ।

शिवलाई एक दिनको चन्द्रमा : *कृष्ण पक्षको पहिलो दिन आकाशमा चन्द्रमा नदेखिनुको कथा ।* एक पटक चन्द्रमालाई अति नै सङ्कट पऱ्यो । सो सङ्कट निवारणका लागि चन्द्रमा शिवकहाँ बिन्ती बिसाउन पुगे । सबै वृत्तान्त सुनिसकेपछि शिवले "म तिम्रो सङ्कट निवारण गर्न सक्छु, तर मलाई त्यसको बदलामा दक्षिणा दिनुपर्छ" भने । चन्द्रमाले स्वीकारोक्ति दिएपछि चन्द्रमाको सङ्कट निवारण भयो । शिवले "ल मैले तिम्रो सङ्कट निवारण गरिदिएँ, अब दक्षिणास्वरूप तिम्रो एक दिनको चन्द्रमा देऊ" भने । चन्द्रमाले आफ्‌नू बाचामा हारेको हुनाले कृष्णपक्षको पहिलो दिनको चन्द्रमा शिवलाई दिए । सो चन्द्रमा शिवको जटामा अहिले पनि अवस्थित रहेको र कृष्णपक्षको पहिलो दिन चन्द्रमा आकाशमा नदेखिने विश्वास रहँदै आएको छ ।

❑

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तामाङ

दोङ्छेन्पो र वलीसङ्मो : एक किंवदन्तीअनुसार उहिले पाप, अधर्म र व्यभिचार व्याप्त भएपछि सृष्टि प्रलय हुँदा देवताले मानवजातिको निरन्तरताको लागि लुकाएर वचाएका जोडी पुर्खा । मानिसको पापको भार बोक्न नसकेपछि देउताले संसारलाई 'सि'क्पा' अर्थात् विसर्जन गर्न नौ दिनसम्म नौवटा घाम अनि नौवटा जून लगाउँछन् । आगोले संसार जलेर खरानी हुन्छ । तर नौ वर्षीय केटो दोङ्छेन्पो र एक कन्या वलिसङ्मो भने बाँच्छन् । उनीहरूलाई मान्छेको बिउको रूपमा बचाउन देउताले नै केराको थम्बा र घ्याम्पोभित्र लुकाएका हुन्छन् । नौ दिनपछि वलिसङ्मो, 'यो कस्तो अनर्थ भयो' भन्ने सोच्दै वाहिर निस्कन्छन् । खरानी भएको वस्तीबिच केराको बोट भने जस्ताको त्यस्तै देखेर केसारो अचम्मको वनस्पति रहेछ भन्ने ठानी त्यस हरियो केराको बोटनजिकै जाँदा उसले दोङ्छेन्पोलाई पनि जिउँदै देखेर हात दिन्छे । दुवै जना मिलेर आफन्त जनलाई खोज्न थाल्दा कोही कसैलाई भेट्न सक्दैनन् । पग्लिएका ढुङ्गामा मानिसलगायत जीवजन्तुका पाइलाका छाप मात्र देख्छन् । अहिले पनि ढुङ्गामा भेटिने त्यस्ता छापहरूलाई उहिले प्रलय भएको प्रमाणको रूपमा लिने गरिन्छ ।

किरल्पागोम्बो (सिकारी/म्हिए रेञ्जेन कोल्मी) : तामाङ किंवदन्तीअनुसार मानवजातिका लागि आगो आविष्कार गर्ने पुर्खा । किरल्पागोम्वो (सिकारी/म्हिए रेञ्जेन कोल्मी)ले सुरुमा लनी छङ्वोसित आगो माग्दा उसले 'मेलमो/मेएलमो' कहाँ पठाए । मेलमोले उसलाई सानो पोका दिँदै 'बाल्ने ठाउँमा नपुगी बिचमा कतै नखोल्नु' भनेर पठाए । तर मनमा सारै खुलदुली भएपछि उसले 'केचाहिँ होला त' भनेर पोका खोल्दा आगो फुत्त निस्केर भाग्न थाल्यो । त्यसलाई समात्न उसले लखेट्दै जाँदा एउटा दल्छिङढुङ्गामा त्यो लुकेपछि फसाद पऱ्यो । उसले धेरै अनुनयविनय गरेपछि आगोले 'अब मै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाहिने हो भने, यो दल्छिनढुङ्गा नै लिएर हिँड । मलाई बाल्न 'प्रवा' (झुल्ला) र चकमक तयार पार' भन्यो । उसले 'हुन्छ' भन्दै दल्छिनढुङ्गा नै उठाएर घर लग्यो । फलामको चकमक पनि तयार पाऱ्यो । तर आगो बाल्न दाउरा नै थिएन । उसले वनदेवीसँग एउटा रूख माग्यो । वनदेवीले रूखको सारै अप्ठेरोतिरको हाँगो मात्रै दियो । मुस्किलले रूख चढेर काट्दा त्यो हाँगो पनि पानीको पोखरीमा खसेर उसलाई अर्को विपत् आइलाग्यो । उसले सकिनसकी पोखरीबाट निकालेर त्यस हाँगोलाई घाममा सुकायो । त्यसपछि दल्छिनढुङ्गा र चकमक रगटेर 'प्रवा' (झुरा)को सहायताले आगो पारेर त्यस दाउरामा आगोको जोहो गरेको आख्यान छ ।

गुरुपेमाको जन्म तथा पुनर्जन्म : उहिले उर्गेन ह्युल (काश्मीर)मा सारै धार्मिक राजा खोर्वाजिक शासन गर्थे । उनको धर्मको प्रतापले बनेको दुधको कुण्डमा एक दिन कमलको एक अद्‌भुत डण्डी देखा परेछ ।

त्यस डण्डीको पूर्व दिशामा सेतो, दक्षिणमा पहेँलो, पश्चिममा रातो, उत्तरमा हरियो र माझमा नीलो गरी पाँच कोपिलाहरू लागेका थिए । त्यही फूलको थुँगामा बाँदरवर्ष, माघ दशमीको दिन गुरु रेम्बोर्छेको जन्म भयो । तर उनलाई सहुर हिमाञ्चलका राजाले गुरु छोपेमामा आगो लगाएर जलाए । तर झनै शक्तिसम्पन्न तथा सुन्दर भएर पुनर्जन्म लिएका उनलाई राजाले आफ्नो राजमुकुट नै लगाइदिएका थिए । तिनै गुरु रेम्बोर्छे नै पछि विभिन्न आठवटा नामबाट प्रख्यात रहेका थिए । उनैले तिब्बतमा बौद्ध धर्मलाई स्थापित गरेका थिए ।

कर्मीहरूलाई देउताको श्राप : उहिले भोट जाने बाटोमा बोइस्या नाम गरेकी एक अति सुन्दरी तामाङ युवती थिई । उसको सौन्दर्यबाट मोहित भएर देउताले उसलाई लैजाने प्रस्ताव गरे तर मानिन । तामाङ कर्मी केटासँगको बोइस्याको प्रेमसम्बन्ध भएको थाहा पाएर देउताले कर्मी केटालाई घर नै नभएको मान्छेले बोइस्यालाई पाल्न नसक्ने भनेर अपमान गरेछ । कर्मीले प्रतिशोध लिन 'बेर्गप'को भीमकाय रूखलाई भित्रभित्रै खोपेछ । आफ्नो नौतले दरबार देखाउन भन्दै देउतालाई लगेर त्यसभित्र थुनेर बाहिरबाट भोटेताल्चा लगाइदिएछ । हराएको देउता खोज्दाखोज्दा बल्लबल्ल तामाङकर्मीले थुनिराखेको सैनिकहरूले थाहा पाए । अनेक अनुनय र विनय गर्दा पनि देउतालाई छाडिदिन ऊ तयार भएन । अन्तिममा बोइस्याले नै छोडिदिन अनुरोध गरेपछि भने उसले छाडिदियो । त्यस बेला देउताले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उसलाई अरूको घर राम्रो बनाए पनि आफ्नो घर कहिल्यै राम्रो बनाउन नसकोस् भनेर श्राप दिएछ। त्यसैले आजभोलि अरूको घर जति राम्रो बनाए पनि कर्मीको घर राम्रो नहुने विश्वास गरिन्छ।

बुढानीलकण्ठ : तामाङ समुदायमा एक किसानले बुढानीलकण्ठ पत्ता लगाएको किंवदन्ती छ। उहिले अहिलेको काठमाडौँको बुढानीलकण्ठ रहेको ठाउँमा एउटा किसान बस्दथ्यो। उसले दिउँसो सुकाएको धान बेलुका उठाउँदा वढेको देखेर अचम्म भयो। यो क्रम निरन्तर भइरहेकोले एक दिन उसले लुकेर हेर्दा भुँइको एउटा प्वालबाट धान बिस्कुनतिर आएको देख्यो। उसले त्यो प्वाल कुरीले खनेर हेर्दा रगत आएको देख्यो। पछि खन्दै जाँदा बुढानीलकण्ठ भेटियो। बुढानीलकण्ठको मूर्तिमा आज पनि त्यो कुरीको खत देखिन्छ। किसानको कुरीको चोटको कारणले बुढानीलकण्ठको पानी रातो भएको विश्वास गरिन्छ।

कुक्कु चरी : तामाङ किंवदन्तीअनुसार एक असल भिक्षुले जीवजनावर र पशुपन्छीको पनि मुक्ति दिलाउने उद्देश्यले कुक्कुको जुनी लिएको हो। कैयौँ पटक मानवको जुनी लिएर मानवताको बारेमा प्रचारप्रसार गरेपछि कुक्कु बनेका ती भिक्षु ६ महिना ध्यान गरेर अरू प्राणीको मुक्तिका बारेमा चिन्तनरत हुन्छन्। त्यही भएर ६ महिना मात्र कुक्कु चरा देखिने मान्यता छ।

कोकोम्हेन्दो र गङ्सल्मो : उहिले आफ्नो गङ्सल्मो लिन म्हिए रेञ्जेन देवलोकमा पुगेछ। त्यहाँ उसलाई देखेर देउता पनि छक्क परेछन्। आफ्नी प्रेयसीलाई देखेपछि ऊ पनि खुसी भएछ। श्रीमान्लाई देखेर गङ्सल्मो पनि मायाले हेरेको हेर्‍यै भइछे। उसले जसरी पनि लमोलाई नलिईकन जाँदै नजाने अड्डी कसेपछि देउताको पनि केही सीप चलेन। दुवै पक्षबिच लमोलाई पूरै नभई आधा मात्रै पठाउने सहमति भयो। सोही बेलादेखि लमोको नाम नै 'गङ्सल्मो' रहन गई तामाङको घरमा 'कोकोम्हेन्दो' (टोटलाको फूल) आधी भाँचेर मात्रै भित्र्याउने प्रचलन बसेको हो भनिन्छ।

खाडी बुन्ने तित्रा चरी : तामाङ समुदायमा तित्रा चरीलाई उहिले गङ्सल्मोले संसारको अरू मानिसलाई तान बुन्ने सीप सिकाउन पठाएको किंवदन्ती छ। त्यस चराले तान बुनेको आवाज सुनाउँदै संसारभर पुग्यो। त्यसै तित्रा कराउँदा निस्कने आवाज 'क्युक्लुक्क थेन्थेन् थेन्तेरङ' र तान बुन्दा आउने आवाज मिलेको विश्वास छ।

खेप्पास्हुङ : उहिले म्हिए रेञ्जेन कोल्मी र गङ्सल्मोका छोरो गुरुचन मावलीमै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मेर हुर्किएछन् । ठुलो भएपछि पृथ्वीलोकमा रहेका दाजुभाइसँग अंश माग्न आएछन् । यहाँ रहेकाहरूले भने 'हामी त मनुष्य मात्रै हौँ । तिमी त देवलोकमा बस्ने चन (सिकारी) भएका छौ । हामीले के अंश दिनू' भनेछन् । 'हैन; मलाई केही त चाहिन्छ' भनेछन् । त्यस क्रममा 'तिमी नै भन; हामीले के दिऊँ त' भनेर पृथ्वीलोकमा भएका दाजुभाइले सोधेछन् । गुरुचनले 'तिमीहरू कुनै पनि बेला गुरुब्रङ्गी वनाउँदा त्यसमा मलाई स्थापित गर्नुका साथै प्रत्येक वर्ष म्हेनङ (अशोज)मा खेप्पास्हुङको पूजा गर्ने र त्यस वखत एउटा कुखुराको भाले वलि दिनू' भने । उसको प्रस्ताव सबैले स्वीकार गरे । सोही वेलादेखि झाँक्रीहरूले कुनै पनि पूजा तथा बिमारीको उपचारको क्रममा ब्रङ्गी (मण्डप) वनाउँदा तिनै गुरुचनदेओको ब्रङ्गी बनाउन थाले । सम्झौताअनुसार म्हेनङमा कुखुराको भाले वलि दिन थाले । त्यसरी बलि दिनुलाई नै खेप्पास्हुङ भनिन्छ ।

ग्यावक् र सुनकोसी : सुनकोसी नदीको नामकरणमा ग्यावक थरको तामाङका पुर्खाहरूसँग सम्वन्धित छ । एक किंवदन्तीअनुसार उहिले तिव्वतबाट सुन लिएर आएका ग्यावक म्हेमेहरू सुनकोसीको शिरमा बास बसे । राति ठुलो मात्रामा वर्षा भएर भेल वाढी आयो । त्यसले म्हेमेहरूको सुनको पोको पनि वगायो । अहिले पनि ग्यावक थरीहरू सुनकोसीले आफ्ना म्हेमेहरूको सुन बगाएकाले त्यहाँ सुन भेटिने गरेको साथै उक्त कोसीको नाम नै सुनकोसी रहन गएको बताउँछन् ।

गुरु रेम्बोर्छे र यारी न्हक्ख्या : तामाङ समुदायमा गुरु रेम्वोर्छे र यारी न्हक्ख्यानामक राक्षसविच भीषण लडाइँ हुन गई त्यसको सम्झनास्वरूप विभिन्न ठाउँका नाम रहन गएको किंवदन्ती छ । तिमालस्थित गेलोङ उहूमा ध्यानमा रहेका गुरु रेम्वोर्छेले दुःख दिने आएको यारी न्हक्ख्यालाई लखेट्दै प्रहार गर्दै जान्छ । यारी न्हक्ख्या रगतपच्छे भएको ठाउँको नाम ह्रक्ता (रक्त) रहन जान्छ । ह्रक्ताबाट फुत्किएर यारी न्हक्ख्या ग्योइखर पोखरीमा लुक्यो । गुरु रेम्वोर्छेले शक्ति जगाएर लौरोले ढुङ्गामा टेक्दा त्यसको छाप बस्यो । गोडाले ढुङ्गामा टेक्दा त्यसको पनि छाप बस्यो । ख्यटम (छुरी जस्तो हतियार) ले ढुङ्गामा प्रहार गर्दा त्यसको पनि छाप बस्यो । उसको जुत्ता पनि शिलामा परिणत भयो । त्यसपछि उसले उडाई पठाएको ख्यटम पोखरीमा खस्न पुगेर आगो बल्यो र त्यहाँको पानी तत्कालै सुकेछ । पानी सुककैले त्यस पोखरीको नाम ग्योईखर (पोखरी सुकेको) रहन पुगेको किंवदन्ती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । त्यहाँबाट पनि भागेको यारी न्हक्ख्यालाई गुरु रेम्बोर्छेले अलि तल मात्र भेट्न सक्यो । त्यहाँ गुरु रेम्बोर्छेले आसन जमाउँदा गुरुकै आकृतिमय डाँडोको उत्पत्ति भयो । त्यस डाँडाको नाम गुम्बै गङ (योगमा लीन भएको आकारको थुम्को) रहन गयो । पलेटी कसेर बसेको गुरु रेम्बोर्छेले गोडाले थिचेर दबाउँदा त्यहाँ ठुलो खाल्डो बन्न गयो जसलाई रोसैबा (ह्रोप्सी सैबा/कच्याककुच्युक पारेर मारेको) भन्ने गरिन्छ । यही यारी न्हक्ख्यालाई गुरु रेम्बोर्छेले समाप्त पार्‍यो । त्यहाँबाट तल एउटा चउरमा यारी न्हक्ख्याको ढीप (आशौच) पखाल्न उसले दुज्जे अर्थात् जाँड चढाएर पूजा गरेकोले त्यस स्थानलाई दुज्जे नामले चिन्न थालिएको किंवदन्ती छ ।

गुराँस र उतिस : उहिले वाङ्गीटिङ्गी अनि डल्ली गुराँसकी छोरीलाई उतिसको छोरोले विहे गर्न मानेन । वेहुली खोज्दै उतिसका बाबुछोरा संसार पुगे तर पाएनन् । एक दिन दिक्क लागेर उतिसको छोरो पहाडतिर घुम्न जाँदा पाखै रातै हुने गरी फक्रिरहेकी गुराँसकी छोरीलाई देखेर हेरेको हेर्‍यै भयो । घरमा आएर उसले बाउआमालाई जसरी पनि गुराँसकी छोरी मागिदिन ढिपी कस्यो । मगनी गर्न बुबाछोरा फेरि गुराँसकहाँ पुगेर विन्तीभाउ गरे तर गुराँसकी छोरीले मान्दै मानिन । केही सीप नचलेपछि बाउछोरा लुरुक्क परेर फर्के । गुराँसको रूपले मोहित उतिसको छोराले पहिले गरिएको गल्ती सम्झ्यो । आफैँप्रति सारै घिन लागेर उसले पहिरोमा गएर हामफालेर आत्महत्या गर्‍यो । त्यसैले अहिले पनि पहिरोमा मात्र उत्तिस उम्रिने किंवदन्ती छ ।

गुरुचनदेओ : मानव र देवकन्याको सम्बन्धबाट गुरुचनदेओको जन्म भएको तामाङ किंवदन्ती छ । उहिले संसारमा ल छङ्पो (लनी छङ्बै रेञ्जेन)ले पहिलो मानव म्हिए रेञ्जेन र तिनलाई साथी होस्, देवकन्या गङ्सल्मोको जन्म गराएछन् । उनीहरूलाई विवाह गराइदिएर छोरी गङ्सल्मोलाई खाँडी बुन्न र खानाको जोहो गर्न म्हिए रेञ्जेनलाई सिकार खेल्न सिकाएछन् । एक दिन सँगै सिकार गर्न जाँदा म्हिए रेञ्जेनले मारेको 'जिब्रोङ' नामक सानो चरोको एकएक फिला बाँडेर लनी छङ्बै रेञ्जेन र म्हिए रेञ्जेन आफ्नो घर फर्के । घर म्हिए रेञ्जेनलाई तान बुन्दै बसेकी गङ्सल्मोले 'खै त सिकार' भनेर सोधी । उसले 'यी तिम्रो बाउको सिकार' भन्दै जिब्रोङ चरीको फिला गङ्सल्मोको काखमा फालिदियो । जसले लागेर गङ्सल्मोको तिघ्राको हाडै भाँचियो । ऊ चिच्च्याउँदै रुन कराउन थाली । छोरी रोएको सुनेर बुबा लनी छङ्बै रेञ्जेन आइपुग्यो । सबै तथ्य थाहा पाएपछि मनुष्यसँग छोरीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवाह नफाप्ने निचोडमा पुग्यो । विभिन्न सेउलाहरूको ह्योलोवा (पर्दा/वार) लगाउँदै "देख्यौ कि देखेनौ ?" सोध्दै देवलोक लागेका उनीहरूलाई नवौं ह्योलोवा लगाएपछि भने म्हिए रेन्जेनले देखेन । यसरी लनी छङ्वै रेन्जेनले छोरी फिर्ता त लगी तर दोजिया भइसकेकी गङ्सल्मोले देवलोकमा एक जना छोरो जन्माई । तिनैको नाम गुरुचनदेओ राखियो ।

गुरुपेमा र बुद्धचित्त माला : उहिले गुरुपेमाले तिब्बतबाट उडाई पठाएको एउटा कुङ्तङ (छ्युमे बत्ती), एउटा तेर फुर्वा र एउटा तोर्मा खोज्दै जाँदा अहिले काभ्रे जिल्लामा पर्ने तेमालको बुङ्भ्फाङ -एक प्रकारको काँडाघारी)मा खस्न आइपुगेर दाहिनेतिर बुद्धचित्त र देब्रेपट्टि ल्हुन्दङ (रिट्ठा)को बोट उम्रिएको किंवदन्ती छ । त्यस स्थानमा थर्पेलिङ गुम्वा बनाएपछि त्यो थर्पा अर्थात् मुक्ति/त्राण दिलाउने गुम्बाको रूपमा परिचित भयो । त्यस गुम्वाको दर्शन गरे मुक्ति मिल्ने र त्यहाँ उम्रिएका बुद्धचित्त माला जप्नेको चित्त थर्पेलिङमा पुग्ने वा मर्त्यबाट मुक्ति मिल्ने विश्वास छ ।

गुरु रेम्बोर्छेको गोडा : उहिले गुरु रेम्वोर्छे तेमालको गेलोङ उहूमा लामणे समयसम्म तपस्यामा लीन हुँदा उसको एउटा गोडा नै शिलामा परिणत भएको किंवदन्ती छ । अहिले पनि उक्त ओडारको मुखैमा दोचा लगाएको घुँडादेखि तलको भाग स्पष्ट देख्न सकिन्छ । यो गोडा रहेसम्म त्यस गुफाको दर्शन गर्दा पनि गुरु रेम्वोर्छेको प्रत्यक्ष दर्शनबाट हुने पुण्यलाभ हुने जनविश्वास छ ।

गेलोङ् उहू र छ्योईको अक्षर : उहिले भारतवर्षबाट नेपाल हुँदै तिब्वत जाँदा गुरु रेम्वोर्छे तेमाल डाँडामा निस्की तपस्या गरेको ओडारको नाम 'गेलोङ उहू' (भिक्षु ओडार) हो भन्ने किंवदन्ती छ । यस ओडारको ढुङ्गे भित्तोमा उसले आफ्नो छ्योईको शक्ति प्रतिस्थापित गरेको र ढुङ्गे भित्तोलाई हल्का कोट्याउँदा पनि छ्योईमा प्रयोग गरिएका सम्भोटा लिपिहरू प्रकट भएको जनविश्वास छ । बौद्ध धर्मावलम्वीहरू यस ओडारलाई पवित्र तीर्थस्थलको रूपमा लिने गर्दछन् ।

जीवा बोन् र नागको लडाइँ : उहिले गोसाइँकुण्डमा बस्ने खतरनाक नागसँगको लडाइँमा जीवा बोननामक एक जना गोले थरी झाँक्रीको मृत्यु हुन पुगेको किंवदन्ती छ । उसका दुई जना स्वास्नी थिए । नागलाई दमन गर्न ऊ जहिले पनि जेठी भ्लोनस्या स्वास्नीलाई लिएर जाने गर्थ्यो । एकचोटि कान्छी स्वास्नीले पनि जाने इच्छा प्रकट गरेपछि उसलाई लिएर ऊ कुण्डमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुग्यो । नागसँग लड्नुअघि उसले कान्छी स्वास्नीलाई 'तिमी ढ्याङ्ग्रो वजाउँदै वस्नु, म भित्र नागसँग कुस्ती खेल्छु । मैले जितेँ भने पानी नै दुध भएर उम्लनेछ । यदि मैले हारेँ भने रगत वन्नेछ । त्यसैले जस्तै परिस्थिति परे पनि ढ्याङ्ग्रो वजाउन नछाड्नू । अनि मैले नागहरू काँधमा वोकेर वाहिर निस्केपछि अक्षता छर्कनू भनी ऊ हातमा फुर्वा लिएर कुण्डभित्र पस्यो । कान्छी स्वास्नी ढ्याङ्ग्रो वजाउँदै वाहिर वसेकी थिई । कुण्डभित्र जीवा वोनले सवै नागहरूलाई लठ्याएर जित्न सफल भयो । कुण्डको पानी दुध जस्तै भएर उम्लिन थाल्यो । एकैछिनपछि नागलाई काँधमा हालेर कुण्डवाट जीवा वोन वाहिर निस्कियो । तर कान्छी स्वास्नीले डराएर ढ्याङ्गो वजाउन छोडी भागी । त्यति नै खेर नागले जीवा वोनलाई मारेको किंवदन्ती छ ।

ङ्हेमा होइसल बोन : उहिले लनी छङ्वोले संसारको सृष्टि गर्दा ङ्हेमा/लनी (जून) नभएकाले रातिको समयमा अझै अँध्यारो भएपछि ङ्हेमा (जून) वनाएको र त्यसवाट अति नै शक्तिशाली ङ्हेमा होइसल वोन जन्मिएको किंवदन्ती छ । यी बोन जूनमा वस्ने विश्वास छ ।

चट्याङ र खजुरा : तामाङ किंवदन्तीमा लनी वङ्वै ग्यप्जेन देवता रिसाएर खजुरालाई प्रहार गर्दा चट्याङ पर्ने किंवदन्ती छ । उहिले देउता लनी वङ्वै ग्यप्जेनकी स्वास्नी घरमा सुताइराखेको छोरा मरिसकेको पाएर रुनकराउन थाली । छोरोको मृत्युको कारण खोजीनिती गरे तर केही पत्तो लागेन । तर लनी वङ्बै ग्यप्जेनले 'थो ताफ्र' (खजुरा)ले टोकेर छोरोको मृत्यु भएको थाहा पाए । यसको रिसमा ऊ विजुली भएर चम्कन थाल्यो । उता खजुराले भने लनी वङ्वै ग्यप्जेनको हविगत देखेर खिसी गर्दै हाँस्ने र उत्तानो परेर ईऽऽऽ गर्दै निहुँ खोज्न थाल्यो । 'मेरो छोरो मार्ने तैँ होइनस्' भन्दै लनी वङ्वै ग्यप्जेन रिसले 'मेए लम्लम छ्युए लम्लम वर्वा' अर्थात् आगो र पानी मिश्रित हुन पुग्दा चट्याङको सिर्जना भयो । त्यही चट्याङलाई हतियारको रूपमा खजुरामाथि प्रहार गऱ्यो । विजुली चम्काई, चट्याङको भयानक आवाजसहित वज्रढुङ्गोको चोटले खजुराको मृत्यु भयो । सोही बेलादेखि बिजुली चम्केको बेला खजुराका सन्तानले ठुला ढुङ्गा वा रूखको आडमा बसेर देउतालाई जिस्काउन थाले । त्यसरी जिस्काउन थालेपछि देउता रिसाएर चट्याङ प्रहार गर्ने भएकाले ठुला ढुङ्गा वा ठुला रूखका फेदमा बस्ने र उत्तानो परेर सुत्न नहुने मान्यता छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चन : उहिले ल छङ्पोले संसारको सृष्टिका क्रममा लुङ्नीग्यडम (हावाको तह) वनाएर त्यसमाथि आगो राखे। आगोमाथि पानी राखे। पानीमाथि ह्रीग्यालोन्पो गङ (सुमेरु पर्वत/ओजोन तह)को निर्माण गरी त्यसको टुप्पोमा देवलोक वनाए। त्यसभन्दा तल आकाशमा चन (सिकारी)को लोक बनाए। त्यही लोकमा रहने शक्तिशाली सिकारीहरू नै चन हुन्। यिनीहरू अति शक्तिशाली हुन्छन्। उड्न पनि सक्छन्। आकाश मार्गमा रमाउँछन्। सिकार खेल्नु यिनीहरूको कर्म हो। यिनीहरू खुसी भएमा सुरक्षा दिने गर्दछन्। रिसाएमा नराम्रो पनि गर्न सक्छन्। त्यसैले यिनीहरूलाई कुखुरा भाले वलि दिएर खुसी पारेर राख्ने गर्दछन्। यिनीहरूमध्ये सवैभन्दा ठुलोचाहिँ गुरुचनदेओ हुन् भने किंवदन्ती छ।

भ्यरुङखस्योर र माभ्यभिमा : देवकन्या माभ्यभिमाले देउताको फूलवारीको फूल नमागी टिपेको अपराधबाट मोचन हुन पृथ्वीमा आएर भ्यरुङखस्योर महाचैत्य बनाएको आख्यान छ। देउताले मर्त्यलोकमा गएर हरतरहको दुःखकष्ट झेल्दै पुण्यको काम गरे मात्र पापमोचन हुने वताएपछि देवकन्या माभ्यभिमा यस लोकको 'मकुता' भन्ने गाउँमा जन्म लिई। तत्कालीन राजावाट वौद्ध छ्योर्तेन वनाउन एउटा गोरुको छालाभरि जमिन प्राप्त गरी। तर उसलाई विरोधीहरूले धेरै क्षेत्र ओगटेको आरोप लगाउँदै राजकहाँ उजुरी लगाए। उसले आफूले एउटा गोरुको छालाभरि जमिनमा मात्रै वनाएकी वताई। एउटै गोरुको छालाले कसरी त्यत्रो जमिन ढाक्छ भनेर राजाले सोध्दा उसले त्यस छालाको सानो डोरी वनाएर त्यसले ढाकिएको जमिनमा निर्माण गरेको स्पष्ट पारी। पहिल्यै वचन दिइसकेकोले राजाले पनि उसलाई क्यै गर्न सकेन। वरु 'हुन्छ; वनाउनु किनकि मैले वचन दिइसकेको छु' भनेर सम्मति जनायो जसलाई जनवोलीमा 'खस्योर' भनिन्छ। उसले वनाएको महाचैत्यलाईं पनि खस्योर भनियो। 'भ्य' अर्थात् चरावर्षमा निर्माण गरिएको त्यस महाचैत्यलाई 'भ्यरुङखस्योर' पनि भनियो।

टोटला र भमरा : एकतर्फी प्रेमी भमरालाई छल्न टोटला फूल एकै रातमा फुल्ने, फल लाग्ने र फलभित्रै पुनः फुल्ने किंवदन्ती छ। उहिले टोटलाकी छोरी सारै राम्रोसँग फुल्थी। त्यस वखत त्यसको वाहिर अहिले तरबारको म्यान जस्तो खोल पनि थिएन। तिनको सुन्दरतामा जोकोही चित् खान्थे। सवैले प्रेम प्रस्ताव राख्थे। त्यस्तैमा एक पटक भमराले पनि बडो कामुकताका साथ टोटलासँग प्रेम प्रस्ताव राख्यो। टोटलाले ठाडै इन्कार गरी। भमराले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाहिँ एक पटक मात्रै भए पनि म्वाइँ नखाई नछोड्ने कसम खायो। टोटलाकी फूल कति डराई भने दिव्य १२ हजार वर्ष प्रकृतिको घनघोर ध्यान गरी एकै रातमा फूल फुलेर फल लाग्ने र सोहीभित्र अरूले नदेख्ने गरी फुल्न सक्ने शक्ति प्राप्त गरी।

तामाङको महान् अठार थर : उहिले साना कदका र ज्यादै कमजोर मानिसको मात्र उत्पत्ति भएपछि तिनलाई शक्तिशाली र ठुला ज्यानको बनाउन भिक्षुहरूले एकएक भगवान्को नाममा सम्वन्धित स्थानमा लगेर ध्यानमा राखेछन्। छेगु भिक्षुले नै सात थरमध्येका एक जना तामाङलाई सेबुल रेम्वोर्छेको बगैँचामा लगेर माताङ्री च्यङ्रेसीको तपस्या गर्न लगाए। च्यङ्रेसी खुसी भएर ठुला कदको बनाइदिए। त्यसपछि वादल, पानी, असिना, हिउँ र हुरीवतास सिर्जना र प्रयोग गर्न सक्ने क्षमता वरदानस्वरूप दिए। तिनीलाई 'घोराङ्वै' भन्न थालियो। त्यही शव्दवाट नै 'घिसिङ'को उत्पत्ति भयो। लुङ्गु भिक्षुले भने छथरेमध्येका एक जनालाई लगेर हुङ्गुसङ्गेको नाक्योच्यागी बगैँचामा पुऱ्याए। त्यही कुन्ज्यो देवताको तपस्या गर्न सिकाए। कुन्ज्यो देउता खुसी भएर मानिसलाई ठुलो ज्यानको बनाई असिनापानी र हुरीवतासलाई समेत सुनको डोको बुनेर त्यसैमा थाप्न सक्ने शक्तिले सुशोभित पारे। ती मानिसलाई नै 'ह्योञ्जन' भनियो। टुग्गु भिक्षुले भने पाँचथरे तामाङमध्ये एक जनालाई लिएर गयो। तिनलाई सम्जे रेम्बोर्छेको मुगुग्यल्छानामक बगैँचामा बसेर ध्यान गर्न भने। तपस्यापछि ती मानिस पनि ठुला जिउका भए। तिनले चम्पाको पिठो मुछेर फुर्वा बनाउन सक्ने भए। त्यही फुर्वाद्वारा तिनले ढुङ्गामा प्रहार गरी पानी निकाल्न सक्ने भए। तिनी 'मोक्तान' भए। यस प्रकार तामाङको अठार महान् थरहरूको विकास भएको किंवदन्ती छ।

थाङ्पाल गाउँ : उहिले एक जना गोले म्हेमेलाई लच्याङ गाउँवाट बसाइँ सरेर अन्तै जाने विचार आयो। त्यसपछि कता पो जाने होला भनेर जोखना हेर्न आफ्नो फुर्वा उडाएर पठायो। त्यो फुर्वा पछ्याउँदै जाँदा हालको थाङ्पाल गाउँको एउटा रूखमा भेटायो। फुर्वा देखिएको वा भेटाएकोले त्यस स्थानलाई 'थोङ्वा' नामकरण गरी बस्ती बसायो। त्यै 'थोङ्वा' अपभ्रंश भई 'थङ्वा' हुँदै 'थाङ्पाल' हुन पुगेको किंवदन्ती छ। फुर्वा भेटिएको रूख भएको स्थानमा ऐतिहासिक तीन धारा रहेको छ। अहिले पनि ती धाराको रूखमा रहेको फुर्वाले सिङ्गो गाउँको सुरक्षा गरिरहेको विश्वास गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थुन्दा सोर्बा : तामाङ समुदायमा मृतकको आत्मालाई बाटो लगाउन घेवा गर्दा थुन्दा सोर्बा गर्ने प्रचलन छ । उहिले घेवा गरेर बिदाइ गरी पठाउन खोज्दा मृतात्माले पटक्कै मानेन । 'किन नगएको जाऊ' भन्दा मृतात्माले भोकप्यासमा खाने चीज नपाएको र ऋण तिर्न पैसा नभएकाले बाटो नै नपाएको गुनासो गऱ्यो । सबैं मिलेर मृतकको नाममा एक मुठी चामल र ढेबा ङा लिएर "तिमी फलानालाई तिम्रो फलाना नाता पर्ने फलाना गाउँको फलानाले एक मुठी चामाल र ढेबा ङा सोर्बा अर्थात् चढाएको छ । अब भोक लागेको वेला यो चामल पकाएर भात खानू । ढेबा ङाचाहिँले कसैको ऋण तिर्नु छ भने तिर्नू । कसैको तिर्नु छैन भने वनेबजारमा गएर लट्ठै मिठाईहरू किनेर खानू र त्यसपछि सबैको माया मारेर बुद्धको वचनले देखाएको बाटो समातेर सीधै देवलोकमा जानू" भनेर थुन्दा सोर्बा (सिता चढाउने तथा तर्पण गर्ने) गरेछन् । त्यसै वेलादेखि 'थुन्दा सोर्बा' गर्न थालिएको र अहिले पनि यो कार्य नगरी घेवा पूरा नहुने जनविश्वास छ ।

दवा होइसल बोन : उहिले लनी छङ्वोले संसारको सृष्टि गर्दा जताततै अँध्यारो भएपछि उज्यालो छर्न दवा/धिनी (घाम) वनाएछन् । सोही घामबाट अति नै शक्तिशाली दवा/धिनी होइसल बोनको जन्म भई उनी घाममा गएर बस्न थालेको किंवदन्ती छ ।

दुई फिजी : समयसूचक चरा । यो चरा कराउन थालेपछि खेतीपाती लाउने याम सुरु हुने तामाङजातिमा विश्वास छ । किंवदन्तीअनुसार उहिले मन्गीलमोले खेती गर्न दिएको बिउ कहिले कुन मौसम लगाउने भन्ने ज्ञान मानिससँग थिएन । त्यसैले उसले दुई फिजी चराको सृष्टि गरेर धर्तीमा पठाई । त्यो चराले "दुई फिजी ! दुई फिजी !!" भनेर कराउँदै गाउँगाउँ पुगेपछि खेतीपाती गर्ने समय आएको मानिसले थाहा पाए । महाभारत पर्वत क्षेत्रमा त्यो चरी माघ फागुन याममा देखा पर्ने गर्दछे । त्यसपछि गाउँलेहरू मकै छर्न तयार हुन्छन् । अहिले पनि त्यस चरीलाई किसानहरू मन्गीलमोकी छोरीको रूपमा पनि चिन्ने गर्दछन् ।

दुनसुर/दिनसुर बोन : दिनभरि देउकुल तथा शुभ कार्यहरू सम्पन्न गर्ने शक्तिशाली बोन । उहिले दुनसुर/दिनसुर बोनले दिनभरि बिमारीको हेरविचार गरेको किंवदन्ती छ ।

धोद्रेकी देवी : सिन्धुली मझुवास्थित नागी गाउँमाथि धोद्रे गाउँ रहेको छ । त्यस गाउँको छेउ तथा नागी गाउँको माथिल्लो भित्तामा देवीको मन्दिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको छ । उहिले त्यस मन्दिरमा गएर गाउँलेहरूले आफ्नो घरमा शुभ कार्यका लागि भाँडाकुँडाहारू माग्दा देवीले दिने गरेकी थिइन् भन्ने किंवदन्ती छ । गाउँलेहरू आवश्यक पर्दा मन्दिरमा पुगेर खड्कुँलो चाहिँदा 'खरकण्ट बौले मम्' (खड्कुँलो दिनुस् न हजुरआमा) भनेर माग्थे । एकै क्षणमा मागेको सामान अधिल्तिर टुप्लुक्क आइपुग्थ्यो । सबैले आवश्यक सामान लिएर सोही दिन बेलुकी सरसफाइ गरी बुझाउन लान्थे । बुझाउँदाखेरि 'मैले लगेको सामान ल्याएँ । राख्नुहोला' भन्नेबित्तिकै एकै क्षणमा त्यो सामान माथि तलातिर लगेको थाहा हुन्थ्यो । त्यसै गरी वाली लगाउने बेला खेताला नपुगेको बेला पनि देवी आएर दिनभरि काममा सघाई फर्कन्थी । एक पटक एक गाउँलेले त्यहाँबाट ल्याएका भाँडाकुँडा बेलुकी नै सफा गरेर बुझाउनुपर्ने तर कामको चटारोले भोलिपल्ट मात्रै बुझाएपछि भने देवी देखा पर्न छाडेको विश्वास छ । भनिन्छ; अहिले पनि त्यहाँ बेलाबेला राति कुकुर भुकेको, ढिकी कुटेको र जाँतो घुमाएको आवाज सुनिन्छ ।

नगाम्हेन्दो (कुखुरे फूल) : उहिले एउटी युवतीलाई जबरजस्ती तानेर लैजान लागेको कालको अनुहारभरि युवतीको भालेले ठुँगिदिएछ । युवतीलाई छाडेर काल भालेलाई लखेट्न थालेछ । युवतीले भालेलाई होइन आफूलाई मात्र लैजानु पर्ने काललाई बताई । तर रिसको झ्वाँकमा कालले युवतीको काल भालेमा सरिसकेकोले त्यसको शिर नखाई नछोड्ने बतायो । युवतीले भालेको बाँकी शरीर फूल हुने भए मात्रै भालेको शिर खान पाउने बताई । भनिन्छ; सोही बेलादेखि 'नगाम्हेन्दो' (कुखुरे फूल) भनिने, टाउको नभएको र भुत्ल्याएको भाले आकारको फूलहरू फुल्ने थालेका हुन् । सोही बेलादेखि मानिसको आयु क्षीण भई बिमारी परेको बेला यम खड्गो लागेको भन्दै कुखुरा बलि दिएर यमखड्गो तार्ने प्रचलन बस्यो । भालेको टाउको यमराजले बलि खाएको हुनाले त्यो फूल भने जुठो मानी कतै पनि चढाउन मनाही छ ।

नमोबुद्ध : उहिले काभ्रे जिल्लाको पनौतीमा महारथ नामका प्रतापी राजा थिए । उसको पत्नी सत्यवती र उसका छोराहरू जेठा महाप्रसाद (ढाछेन्पो), माइलो महादेव (ल्हछेन्पो) र कान्छा महासत्त्व (डिङ्तोव छेन्पो) थिए । एक दिन ती छोराहरू सिकार खेल्न जाँदाजाँदा अहिले नमोबुद्ध रहेको स्थानमा पुगेछन् । सिकार गर्दै जाने क्रममा कान्छो राजकुमार डिङ्तोब छेन्पोले हाल नमोबुद्धको मन्दिर परिसरमा एउटी बघिनीलाई देख्यो । त्यस बघिनीले राजकुमारलाई हेरेर मात्रै बसिरह्यो । आफूलाई आक्रमण नगरी टुलुटुलु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हेरिरहेकी बघिनीको छेउमा ऊ बिस्तारै जाँदा त्यससँग पाँचवटा डमरुहरू पनि देख्यो । ती डमरुहरू कैयौँ दिनदेखि भोकका कारण सिकार गर्न नसक्ने भई बसेका रहेछन् । प्राण जानै लागेको अवस्थाकी सुत्केरी बघिनी र डमरुहरू देखेपछि उसलाई करुणा जागृत भयो । तिनलाई बचाउन उसले आफ्नो शरीरमा घाउ पारी बघिनीलाई रगत चुसायो । त्यतिले पनि नपुगेर उसले शरीरको मासु नै लुछ्दै बघिनी र डमरुहरूलाई खुवाएर प्राण त्याग गऱ्यो । पछि ऊ नमोबुद्धको नामले प्रख्यात भएको विश्वास गरिन्छ ।

नरपञ्च्युङ बोन : उहिले देउताको बोन रहेछन् । तिनले मनुष्यलोकमा हेर्न भने भ्याएनछन् । अब के गर्ने भनेर सल्लाह गरेछन् । मनुष्यका लागि भनेर नयाँ बोनको सिर्जना गरेछन् । नर्गपङ (दूबो)को प्रयोग गर्ने हुनाले यिनको नाम नै नरपञ्च्युङ बोन राखेछन् ।

नरु बोन : उहिले एक समय नरु वोननामक शक्तिशाली तिव्वती बोन उडेर सीधै घाममा जान सक्थ्यो । तिव्वतको गुरुपेमासँग को ठुलो भन्ने उसको विवाद हुँदा अन्ततः दुई जनाबिच शक्ति प्रदर्शनी गर्नुपर्ने भयो । भोलिपल्ट विहानै उडेर पहिले नै सूर्यमा पुग्न सक्नेलाई पछि पर्नेले मान्नुपर्ने सर्त थियो । नरु बोन भोलिपल्ट विहानै उठेर उडेर सूर्यमा जान तयारीका साथ वस्यो । विहानै ढ्याङ्ग्रो र मालाहरूसहित धारामा गएर नुहायो । घाम बिस्तारै उदाउँदै गर्दा ऊ ढ्याङ्ग्रो वजाउँदै सीधै उडेर सूर्यलोकतिर लाग्यो । त्यो दृश्य हेरेर वसेका गुरुपेमालाई नरु वोन घाममा पुग्नै लाग्दा लौ के गर्ने भन्ने भयो । नराम्ररी हार्न लागेकाले उसले एक्कासि नयाँ जुक्ति निकाल्यो । तत्काले गोकुल धूप बालेर नरु वोनको शक्ति ह्रास ल्यायो । बेहोस जस्तै भएर नरु वोन पृथ्वीमा खस्यो ।

पाहा र सल्ला : उहिले वुढावुढी वुवाआमाले हराएको वच्चाबारे सल्लालाई सोध्दा उसले आफू कसैको छोरा हेर्ने गोठाला नभएको रूखो जवाफ दिएछ । उनीहरूले दुःखले जीवनभर सुस्केरा हाले पनि कसैले सहयोग नगरोस् भनेर श्राप दिएपछि सल्लाले सुस्केरा हालेको विश्वास गरिन्छ । बुढाबुढीले जोखना हेर्दा उनीहरूको वच्चा पाहाले खाएको थाहा पाएर ढुङ्गाले त्यसको टाउकोमा हान्दा गिदी उछिटिएछ । त्यसैले पाहाको गिदी हुँदैन भनिन्छ ।

पृथ्वी उत्पत्ति : उहिल्यै अनादिकालमा सर्वत्र ड्वाङड्वाङती र ह्वाङह्वाङती थियो । यहाँ पृथ्वीलगायतका ग्रहहरू थिएनन् । एक समयमा त्यही शून्यबिच

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दोर्जेग्यडम लुङ अर्थात् हावाको पत्र स्थापित हुन पुग्यो । त्यसमाथि आगो बस्यो । आगोमाथि पानी बस्यो । पानीमाथि ह्विग्यालोन्पो (ओजोन तह/सुमेरु पर्वत) बन्यो । त्यस प्रकार यो पृथ्वीको उत्पत्ति भएको किंवदन्ती छ । देवगण माथि अन्तरिक्षमा बसे । त्यसभन्दा मुनि आकाशमा चन(सिकारी)हरू बसे । पानी भएका गैह्रीमा नागहरू बसे । पानीमा अनेक थरी जीवजन्तु र वनस्पति बसे । जमीनमा पनि सोहीअनुरूप अनगिन्ती जीवजन्तुसँगै मानिस पनि बसे । यस प्रकार पृथ्वीमा वनस्पति र जीवजन्तुहरू पनि उत्पत्ति भए । सुरुमा हावामाथि आगो बसेकोले आगोलाई प्रज्वलन हुन हावाको आवश्यकता परेको हो । आगोमाथि पानी बसेकोले आगोलाई निभाउन पानीको आवश्यकता परेको हो । पानीमाथि ह्विग्यालोन्पो अर्थात् ओजोन तहको निर्माण भएपछि मात्र वनस्पति हुँदै जीवको उदय भएको हो । जीव उदयको क्रममा नै मानवको उदय भएको विश्वास छ ।

वनस्पतिको उत्पत्ति : उहिले पृथ्वी वनेपछि ह्विग्यालोन्पो अर्थात् ओजन तह वन्यो र पानीभित्र किसिङ्डहू (दूवो) को उदय भयो जसलाई पहिलो वनस्पति मानिन्छ । देउताले सुरुवातमै वनाएकाले किसिङ्डहू (दूबो) नमर्ने बरु फैलिएर जाने विश्वास गरिन्छ । यसवाटै पङ्ले नछोलगायतका अन्य थुप्रै वनस्पतिहरू वने । यो संसारमा दूबो रहुन्जेलसम्म प्रलय नहुने विश्वास गरिन्छ ।

ब्रागैलमो : उहिल्यै पहरोको ब्रागैलमो नामकी बोलेर नथाक्ने एकदम रसिक केटी थिई । उसले बोलेरै मक्ख पारेर वनराजाकोमा काम त पाई तर अति धेरै बोल्ने बानीका कारण बिस्तारै वनराजालाई ऊ गफाडी केटी मात्र भन्ने पऱ्यो । राजाको आफूप्रतिको हेराइ थाहा पाइसकेकी ऊ राजालाई पुनः आफूप्रति विश्वास दिलाउने ताकको पर्खाइमा थिई । सधैँजसो रानीको आँखा छलेर वनकन्याहरूसँग घुम्ने राजाको कमजोरी पनि उसलाई थाहा थियो । एक दिन वनकन्याहरूसँग सदाझैँ बरालिरहेका राजालाई खोज्दै रानी आइपुगी । ब्रागैलमोले वनराजालाई जोगाउने सोचमा रानीलाई गफ हानेर अलमल्याउन थाली । त्यसपछि उसले रानीलाई केके कुरा गरेर धेरै पटक रानीलाई अलमल्याउन थाली । एक दिन रानीले उसका सबै कर्तुतहरू थाहा पाएर 'अबदेखि तिम्रो बास जङ्गलका यिनै पहरो, ओडार वा गुफामा मात्रै होस् । तिम्रो आफ्नै बोलीचाहिँ हराओस् । तिम्रो छेउमा आएर अरूले बोलेको कुरा पनि थर्किएर पछिपछि अर्कोले बोलेको जस्तो भएर राम्ररी सुन्न नसक्ने होस्' भनेर श्राप दिई । भनिन्छ; रानीकै श्राप परेर ब्रागैलमो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अहिले पनि जङ्गलका पहरो र गुफा वा ओडारहरूमा बस्दै आएकी छ। त्यसैले पहरो, ओडार वा गुफामा हामीले बोल्दा पनि आवाज फर्किने र थर्किने अनि पछिपछि अर्कोले बोलेको जस्तो भई अस्पष्ट सुनिने विश्वास छ।

ब्रागैलमो र म्हिए रेञ्जेन कोल्मी : उहिले ल छङ्बोले गङ्सल्मोलाई छुटाएर देवलोकमै फिर्ता लगेपछि म्हिए रेञ्जेन लडीबुडी गर्दै वेसरी रुँदा देवलोकमा समेत खैलाबैला मच्चिएछ। केही समयसम्म देवताले जसोतसो सहेछन् तर भुइँ कोतरीकोतरी रोएर वाक्कै लाएपछि एउटा देउता आएर उसलाई भीरबाट खसालेर फर्केछ। भीरमा खसेपछि त्यहाँ म्हिए रेञ्जेनको ब्रागैलमोसँग भेट भएछ। ब्रागैलमोले तिमी को हौ ? के भयो भनी सोधिछन्। उसले आफ्नो गङ्सल्मो देउताले फिर्ता लगेर रुँदा उल्टै भीरमा खसालेको सुनायो। उनीहरू दुई जना साथी बने। रहँदावस्दा प्रेम परेर उनीहरूका सन्तानले संसार ढाकिएको किंवदन्ती छ।

बिरिम ब्रा : उहिले बल म्हेमेले तिव्वतबाट तेमाल डाँडोमा बसाइँ सर्ने क्रममा निकै गह्रुङ्गो बिरिम (ह्रास्याह्रोल्मो= बोम्बो र लामाको माला तथा बाजा, छ्योई र गरगरहना राख्ने चोयाको बाकस) लिएर आएछन्। धार्मिक पुस्तक तथा शक्ति सम्पन्न ह्रास्याह्रोल्मोहरूले उसलाई त्यो बिरिम कतै नबिसाईकन लैजान भनेका थिए। उसले नविसाईकनै हाल तेमालको बिरिम ब्रा (बिरिम भीर) भन्ने स्थानसम्म जसोतसो ल्याइपुऱ्याएछ। त्यहाँ आइपुगेपछि बोक्ने मान्छेले नविसाईकन सक्तै नसक्ने भएर 'जे त होला' भनेर यस्सो भित्तोमा टेको लगाउँदा त्यो बिरिम शिलामा परिणत भएछ। अहिले पनि सो स्थानमा उक्त विरिमलाई शिला रूपमा देख्न सकिन्छ। सोही बेलादेखि नै उक्त स्थानको नाम नै विरिम ब्रा रहन गएको जनविश्वास छ।

विरुचन र जीवाकुन्दो : तामाङ समुदायमा आगो फुक्ता मामालाई पुकार्ने र जसले फुक्ता आगो बल्छ; उसको मामा नजिक रहेको भन्ने विश्वास गरिन्छ। यसवारे किंवदन्तीअनुसार उहिले जीवाकुन्दो आमाको अन्तिम संस्कारका लागि मामा विरुचन कहाँ रक्सीको सगुन लिएर पुग्छन्। मामा विरुचनले पनि 'ठिक्कै छ, अब तिमी जाऊ। घरमा मेरो निम्ति डसङ(आसन) वनाऊ। डसङ तयार भएपछि चुह्लोमा बसेर मलाई बोलाऊ। म त्यही प्रकट हुनेछु' भनी पठाउँछन्। सबै काम पूरा गरेर उसले चुल्होमा वोलाउँदा मामा तत्कालै प्रकट भएका थिए।

बुद्ध र ल्होछार : उहिले बुद्ध भगवान्ले महापरिनिर्वाण लिने समयअघि सम्पूर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणीहरूलाई अन्तिम पटक भेट्न आउनू भनी आज्ञा गर्नु गरे। विभिन्न जीवजन्तु तथा पक्षीहरूसमेत बुद्धलाई भेट्नका लागि आश्रममा पुगे। सवैभन्दा अगाडि मुसा पुग्यो। त्यसपछि गाई, बाघ, बिरालो, गरुड, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र अन्तमा सुँगुर पुग्यो। त्यहाँ पुगेका १२ थरी जीवजन्तुलाई बुद्ध भगवान्‌ले बुद्धधर्म रहेसम्म एकएक वर्ष छुट्याएर ल्होखोर (ल्होचक्र) तयार पारी प्रत्येकले आआफ्नो पालो वर्षमा शासन गर्ने र त्यसको प्रभावले सम्वन्धित वर्षमा जन्मिएका मानिसको स्वभाव पनि त्यस्तै हुने बताए। त्यसैले तिनै १२ वटा प्राणीहरूको प्रतिनिधि वर्षको रूपमा ल्होछार परम्परा चल्दै आएको छ। अहिले पनि विवाहअघि केटा र केटीको ल्हो र खाम हेर्ने गरिन्छ। ल्हो र खाम नमिल्ने वा विपरीतसँग विवाह गरे नफाप्ने जनविश्वास छ।

बुद्धचित्त माला : उहिले सङ्गे चेङ्रेसी (अवलोकितेश्वर)ले पृथ्वीमा भएका सबै पापी मानिसलाई उठाएर देवलोकमा लगेर राखे। तर जतिपल्ट लग्दा पनि उत्ति नै पापी मानिसले पृथ्वी भरिने क्रम चिलरह्यो। तव त्यसको समाधानका लागि दुई थरी बिरुवाका दाना पृथ्वीमा ल्याएर रोपे। ती बिउ उम्रिएर फल लाग्दा त्यसमा वुद्धको चित्र कोरिएका हुने र ती फलहरूको माला वनाएर मन्त्र पाठ/जप गर्नेले देवलोकमा बास पाउने नियम बनाए। समय पुगेपछि ती फलहरू अङ्कुरित भए। विरुवा वढ्दै ठुला रूख भए। तिनमा फल पनि लागे। तिनका मालालाई नै फ्रेङ्वा/ठेङ्ग र बुद्धचित्त माला भनियो। भनिन्छ; यो वनस्पति सङ्गेले तेमाल क्षेत्रमा रोपेकाले त्यस क्षेत्रमा मात्र फल्ने जनविश्वास छ।

भुइँचालो र माछा : संसारको सृष्टि गर्ने क्रममा सर्वप्रथम दोर्जेग्यडम लुङ स्थापित भएपछि त्यसमाथि पानी बन्यो। पानीमाथि फिँज जम्दै गयो। त्यस फिँजवाट धुलो बन्यो। धुलोहरू जम्दै जाँदा ह्रिग्यालोन्पो गङ्को निर्माण भयो। त्यसपछि सनीफरगङ (तराई), सनीवेदेलेगङ (पहाड) र सनीज्योमोगङ (हिमाल)को सृष्टि भयो। यस प्रकार पृथ्वी पानीको सागरमाथि वसेको र त्यस पानीभित्र एक जना सङ्गुल ह्रेम्वोर्छे नाम गरेको शक्तिशाली सिद्ध नै वस्ने मान्यता छ। त्यसले कहिलेकहीँ आफ्नो कान हल्लाउने त कहिले हात हल्लाउने अनि कहिले जिउ हल्लाउने गर्दा पृथ्वीमा भुइँचालो आउने कथन छ।

म्हिए रेन्जेन कोल्मी र गङ्सल्मो : 'गङ्सल्'को अर्थ अर्धदेवकन्या हो। यसबारे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किंवदन्ती के रहेको छ भने उहिले ल छङ्बो अर्थात् लनी छङ्बै रेञ्जेनले एक जना केटा मान्छेको सृष्टि गरी म्हिए रेञ्जेन कोल्मी (मानव रेञ्जेन केटा मान्छे) नाम राखिदिए । ऊ एक्लो नहोस् भनेर आफ्नो बायाँ आँखाको कचेराबाट एक देवकन्याको पनि सृष्टि गरे । ऊ 'लमो' अर्थात् देवकन्या/कुमारीको रूपमा स्थापित भई । म्हिए रेञ्जेन कोल्मी र ती देवकन्याको विवाह पनि गराइदिए । विवाहपछि देवकन्याको नाम 'गङ्सल्मो' रहन गयो । 'गङ्सल्' र 'लमो' जोडिएर 'गङ्सल्मो' भयो । तामाङ शास्त्रीय बोन भाषामा 'लमो'लाई 'लमू' पनि भन्ने गर्दछन् । त्यसको अर्थ देवकन्या हो । मनुष्यसँग विवाह भएपछि देवकन्या पूर्ण रूपमा न देवकन्या न मनुष्य नै रही । आधा मानिस र आधा देवकन्या भएकी उसलाई पछि 'गङ्सल' अर्थात् आधा भनियो ।

मर्चाबुगुलमा खोपिल्टो पर्नाको कारण : उहिले म्हिए रेञ्जेनलाई गिद्धले ढाडमा बोकेर गङ्सल्मो भएको ठाउँ हिमालमा लैजाँदा गिद्ध भोकले उड्न सकेन र आकाशबाट भुँइतिर खस्न थाल्यो । खानेकुरा केही नभएकाले म्हिए रेञ्जेनले उसलाई आफ्नो मर्चबुगुल अर्थात् काँध र गर्दनबिचको मासु झिकेर खान दियो । दुवैतिरको मासु खाइसकेपछि गिद्धले उसलाई ढाडमा बोकेर गङ्सल्मो भएको ठाउँमा पुऱ्यायो । भनिन्छ; त्यही बेलादेखि मानिसको काँध र घाँटीको बिचमा खोपिल्टो परेको हो । त्यसलाई तामाङ भाषामा 'मर्चबुगुल' भनिन्छ ।

मानिस र रक्सी (वनझाँक्री) : उहिले मानिसले षड्यन्त्र गरी आगो लाइदिएपछि रक्सी (वनझाँक्री)हरू मानिसले नदेख्ने ठाउँमा हिँड्न थाले । तैपनि कहिलेकाहीँ झुक्किएर देखभेट हुन्थ्यो र मानिस र रक्सी (वनझाँक्री)मध्ये जसले अगाडि देख्यो; ऊ सुरक्षित र अर्कोचाहिँ बिमारी पर्ने हुन्थ्यो । एक पटक खोलामा पाहा मार्न पुगेको मानिसले देखेर एउटा रक्सी (वनझाँक्री) बिमारी परेछ । भोलिपल्ट पनि सोही ठाउँमा अर्को मानिस पनि पाहा खोज्दै त्यहीँ पुगेछ । अघिल्लो दिन देखेको मानिसलाई त्यस स्थानमा 'तया ल्हप्ते लइलुई ! मनुवादा स्यइस्युई !! (कर्कलाको पात ओइलिएको ! मानिसलाई मन्साएको) भन्दै सुनकै भाँडाकुँडासहित मन्साइरहेको रहेछ ।

म्रावैसिङ्गी तम्बा ह्रेम्बोर्छेको शान : तामाङ समुदायमा तम्बा ठिमअनुसार विवाह कार्य गर्ने प्रचलन सुरु भएको किंवदन्तीमा म्रावैसिङ्गी तम्बा ह्रेम्बोर्छेको शान र महत्त्वको वर्णन पाइन्छ । उहिले वलीसङ्मोले आफ्नी नौ बहिनी छोरीहरूलाई विवाह गरी लाने भए दोङ्छेन्पोलाई तोकिएको सगुन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोसेलीसहित म्रावैसिङ्गी तम्वा ह्वेम्वोर्छेलाई लिएर आउनु भनेछन् । उसले म्रावैसिङ्गी तम्वा ह्वेम्वोर्छे कहाँ बस्ने र कसरी ल्याउने सोधेछन् । वलीसङ्मोले उसलाई तामाङको सम्पूर्ण रीतिथिति मिलाउन सक्ने म्रावैसिङ्गी तम्वा ह्वेम्वोर्छे दक्षिण-पश्चिम दिशामा ९ वटा धर्ती र ८ वटा जङ्गलभित्र सङ्तोक्पालही गोम्वोमा राज गरी वसेको बताए । सगुनस्वरूप कुखुराको सपेटाको सितन, दुई घोगा मकै, एक पोङ रक्सीलाई कोकोम्हेन्दोको फूलले सजाएर सङ्तोकपालही गोम्वोतिर ऊ लाग्यो । जाँदा-जाँदा विच जङ्गलमा उसलाई वाघले बाटो छेक्यो । त्यसलाई भालेको एउटा सपेटा फालिदियो । त्यसपछि अघि वढ्ने क्रममा भालु आएर बाटो छेक्यो । त्यसलाई मकैको एउटा घोगा फालिदियो । त्यसरी जाँदा-जाँदा दोङ्छेन्पो अन्ततः दक्षिण-पश्चिममा रहेका नौवटा धर्ती र आठवटा जङ्गल पार गरेर सङ्तोक्पालही गुम्वामा पुग्यो । उसले शिरमा फेटा गुँथेको, जिउमा भोटो लगाएका र कम्वरमा खुकुरी भिरेको एक जना मानिस गुम्वाअगाडि वारी जोतिरहेको देख्यो । राम्ररी नियालेर हेर्दा त त्यसले नागलाई हलुँडोको रूपमा प्रयोग गर्दै गोरुको सट्टा दुईटा सिंहलाई नारेर जोतिरहेको देखेर ऊ हल्का तर्सियो पनि । त्यसैले उसले अलि परैवाट सगुन छर्कियो । उसले छर्केको सगुनको छिटा सिंह जोतिरहेको त्यस मानिसको निधारमा परेछ । कहाँबाट सगुन वर्सियो भनेर यताउति हेर्दा त्यसले उसले दोङ्छेन्पोलाई देखेर 'को हो ? किन, कहाँवाट केका लागि आएको हो ?' भनी सोध्यो । दोङ्छेन्पोले छोराहरूका विवाहका लागि कन्या खोजेर ठिक पारेकोले म्रावैसिङ्गी तम्वा ह्वेम्वोर्छेलाई लिन आएको बतायो । उसले म्रावैसिङ्गी तम्वा ह्वेम्वोर्छेसँग भेटाइदिन पनि विन्ती गरेछ । त्यस मानिसले आफू नै म्रावैसिङ्गी तम्वा ह्वेम्बोर्छे भएको भन्दै सिंहहरूलाई खोलेर जङ्गलतिर पठाई आफ्नो स्थानमा विराजमान भएछ । दोङ्छेन्पोले उसलाई सगुन चढाउन खोज्यो । तर उसले गुम्वाभित्र रहेका वुबा दोर्जे लोबेनलाई नै सगुन चढाउनू भनी दोङ्छेन्पोलाई भित्र पुऱ्यायो । दोर्जे लोवेन सुनकै उस्याँ, सुनकै दोर्जे र सुनैको डिल्वु लिएर सुनकै छ्योई सुनकै गुम्वाभित्र स्थापित आसनमा बसेर पढिरहेका थिए । दोङ्छेन्पोले दोर्जे लोवेनलाई ढोगभेट गरी सगुन चढाएर सबै वृत्तान्त सुनायो । तीनतीनचोटि आकाश र धर्तीलाई छ्योत सगुन ग्रहण गरेर दोर्जे लोवेनले छोरो म्रावैसिङ्गी ह्वेम्बोर्छेलाई तोकिएको मिति, समय र स्थानमा पुगेर विवाह सम्पन्न गराइदिनू भन्ने आदेश दिए । दोङ्छेन्पो बिदावारी भएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घर फर्कियो । विवाहको दिन भने छोराहरूलाई बेहुलाको भेषमा सजाएर डम्फूरेहरूसहित बेहुलीको घरमा कोसेलीसहित पुग्यो । आकाशमार्गबाट मयुरको भेषमा उडेर म्रावैसिङ्गी तम्वा ह्रेम्वोर्छे पनि आइपुग्यो । उसले तामाङ म्हरमेन वोइ ग्यल्पो ठिमसहित विवाह सम्पन्न गराई त्यही भेषमा उडेर फर्कियो । भनिन्छ, सोही वेलादेखि तामाङ समुदायमा तम्वा ठिमअनुसार विवाह कार्य गर्ने प्रचलन सुरु भएको हो ।

मेस्या र ब्ला (मृतकको नाममा गोरुको मासु र कुखुरा) : उहिले मानिस मरेपछि घेवा गर्ने प्रचलन नै थिएन । मरेका मानिसहरू मरेपछि पनि घरमा आइरहने हुनाले नरु वोनले पन्छाउन खोज्दा ओत लाग्ने ठाउँ, बोल्ने मान्छे र साथमा गाईवस्तु र कुखुरा नभएकाले नियाँस्रो लाग्ने भएकाले घरमै बस्न चाहेको मृतकहरूले बताए । तब नरु बोनले दाहसंस्कार गर्ने क्रममा मृतकलाई बस्तुभाउ होस् भनेर गोरु लगेर मारेर मलामीलाई मासु खुवाउने प्रचलन चलाए । तामाङ भाषामा 'मे' ले गोरु र 'स्या'ले मासु अर्थ लाग्छ । त्यसरी दाहसंस्कार क्रममा लगिने गोरुलाई नै 'मेस्या' भनिन्छ । त्यस्तै गरी असिना पानी परेको बेला, गर्मी र जाडो हुँदा मृतात्मालाई आमाको काख जस्तै सुरक्षा दिनको लागि भनेर कुखुरी लाने प्रचलन पनि छ । कुखुरीले मरेकालाई आमाले जस्तै मायाका साथ समस्याको वेला साथ दिने विश्वास गरिन्छ ।

युरुङ बोन : उहिले एक जना शक्तिशाली मानव बोन थिए । दल्छिनढुङ्गा मुछेर तोर्मा बनाउन सक्ने उसको नाम पनि युरुङ बोन नाम रहन गएको किंवदन्ती छ ।

रक्सी (वनझाँक्री) र ङ्यल्मो : तामाङ मिथकअनुसार जङ्गल तथा ओढारहरूमा बस्ने, दुष्ट ङ्यल्मो रक्सी (वनझाँक्री)को बुढीबाट वच्न जहिले पनि ओरालोतिर भाग्नुपर्छ । उकालोतिर भागेमा त्यसले आफ्नो लामा र झोल्लिएका स्तन काँधमा राखेर खेद्छे । तर ओरालो दौडने क्रममा भने त्यसको कपाल र स्तनका कारण दौडनै सक्तिनन् । त्यस्तो बेला कुकुर सँगै भएमा वा कुकुरको जस्तो आवाज गरेमा पनि त्यो भाग्छे । यिनीहरूले रिसाएमा वनजङ्गल गएका मानिस तथा बस्तुभाउलाई हानि पुऱ्याउँछन् । कहिले त भीरबाट लडाउन पनि सक्छन् । रूखबाट खसाउन पनि सक्छन् । कुखुराको भालेपोथी वलि दिए यिनले सुरक्षा दिने विश्वास पनि छ ।

रक्सी (वनझाँक्रीको बुढा) र सैलुङको बुढो मानिस : उहिले सैलुङ पर्वत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आसपासको गाउँमा ओखल कुटिरहेको एक जना वुढो मानिसलाई ङ्यल्मो (वनझाँक्रीको वुढी)ले बेहोस बनाएर एउटा (ओडार)मा वोकेर पुऱ्याएछ। तर हातबाट ओखलको मुसल भने नछुटेकोले ओडारको मुखैमा वुढो अड्कियो। ङ्यल्मोले छोराछोरीलाई खुर्पा लिन पठाई। तर ती भित्रै खेलेर वसेपछि ङ्यल्मो आफैं वुढोलाई बाहिरै छोडेर भित्र पसी। त्यही वेला वुढोको होस खुल्यो। उसले खुर्सानी बालेर धुवाँ लगायो भने त सबै सखाप भइहाल्छौं नि भनेर भन्दै ङ्यल्मोले छोराछोरीलाई गाली गरेको सुन्यो। यति सुन्नेबित्तिकै ऊ त्यहाँबाट टाप कस्यो। गाउँ आइपुगेर आफूले सुनेको गुह्य कुरा अरूलाई पनि सुनायो। सबै गाउँलेहरू गई ओडारमा खुर्सानी वालेर धुवाँ लाए। ङ्यल्मो र त्यसका वालवच्चाहरू सबै मरे। यो घटनापछि रक्सी (वनझाँक्रीको बुढा) पनि सैलुङ छोडेर गएछ।

रानी सिलिक्मोको शक्ति : उहिले धादिङ सेम्जोङमा शक्तिशाली वाइबा राजा दगुरको शासन थियो। उसको रानी सिलिक्मो पनि तान्त्रिक रूपमा शक्तिशाली थिई। एक पटक उनीहरूका छोराले डप्सङ डाँडाबाट तल सल्यानटारे राजाको गोरुमाथि तीर प्रहार गरेको निहुँमा सेम्जोङ र सल्यानटारे राज्यबिच ठुलो युद्ध भयो। शान्ति सम्झौताको नाटक गरेको सल्याटारे राजा षड्यन्त्रपूर्वक सेमजोङको राजा र राजकुमारको हत्या गरेपछि डप्सङमा दरवारमा आक्रमणका लागि आइपुगेछ। अघि षड्यन्त्र थाहा पाइसकेकी रानी सिलिक्मोले पनि मन्त्रवलले दरवारलाई अजङ्गको देखाइदिई। प्रशस्तै झ्यालहरू र तिनमा एकएक जना सिपाही भएको दृश्य रचना गरी। आँगनमा पनि सेनाले भरिभराउ भएको दृश्य देखाइदिएपछि सल्यानटारे राजा डराएर भागेको किंवदन्ती छ।

लङ्कोर : उहिले यस जम्वुद्वीपमा आठ वटा समुद्र र आठ वटै जमिन, देउता पनि आठै जना तर मानिस भने नौ जना भएछन्। समुद्र, जमिन र देउताहरू बाँडफाँड गर्ने दिन एक जना मानिस अनुपस्थित हुँदा आठ जना मानिसलाई बाँडफाँट गर्न सजिलो भइरहेको थियो तर अन्त्यमा त्यो एक जना पनि आइपुगेर भाग माग्न थाल्यो। के मन पर्छ भनेर सोध्दा उसले लङ (गोरु) रोज्यो। तब कुलपूजाको वेला उसले गोरु बलि दिनुपर्ने भयो। त्यसरी गोरु वलि दिने उसलाई 'लङ्कोर' भनियो। पछि त्यही 'लङकोर'का सन्तान नै तामाङ समुदायमा एक थर 'लामाखोर' उत्पत्ति भएको कथन छ।

स्वयम्भूको इनारमा पितृहरू : नेपालको प्रसिद्ध तीर्थस्थलमध्ये स्वयम्भू महाचैत्यको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वपट्टि रहेको सानो इनार पहिले खुल्ला थियो । त्यो इनारमा गएर हेरेपछि आफ्ना पितृहरूलाई देख्न सकिन्थ्यो । त्यसैले त्यसबाट पानी निकालिँदैनथ्यो । मानिसहरू त्यस इनारमा गएर पितृको अवस्था बुझ्ने, हेर्ने गर्थे । कतिपय त मृतकको सम्झनामा सारै प्रताडित भई इनारमै हामफाल्थे । त्यसरी धेरै मानिस मर्ने क्रम बढ्न थालेपछि त्यस इनारलाई ढकनी लगाएर छोपियो भन्ने किंवदन्ती छ ।

स्यबी : उहिल्यै डिल्बा लामा, दोर्जे लामा, दुव्ले लामा र पोङ्दी लमो, छ्योङ्दी लमो, सुन लमो र सुन डोल्मो नाम गरेका युवतीहरूको झगडा भएछ । आपसमा रक्सीका पोङ र हतियारले हानाहान गर्दागर्दै उनीहरू सवै जना मारिएछन् । उनीहरूको अतृप्त र भड्किएका चित्त सिण्डी बनेर बाखा र जाँडलाई पिर्न थालेछ । त्यही वेलादेखि जाँड राख्ने र वाखा पाल्नेले तिनको आत्मालाई कुखुरा बलि दिन थाले । त्यसरी बलि चढाउनुलाई 'स्यबी छ्योइवा' भन्ने गर्दछन् । बलि दिने क्रमममा बिहान वाखाको खोरमा कुखुरा वलि दिने साथै सोही साँझमा तोर्मो वनाएर बलि दिने प्रचलन अहिलेसम्म पनि रहेको छ ।

स्यालको चेप्टो नाक : उहिले कुनै गाउँमा पिँडालु रोप्दै गरेका बुढावुढीलाई एउटा छट्टू स्यालले पिँडालु त उसिनेर रोपेमा गँवरा र किरा नलाग्ने तथा गोडमेल पनि गर्नु नपर्ने वतायो । सोझा वुढावुढीले त्यस्तै गरे । तर पिँडालु नउम्रेपछि मात्र उनीहरूले स्यालको कर्तुत थाहा पाए । बुढा खुर्पा लिएर भकारीमा लुक्यो र वुढीचाहिँ जोडले रुन थाली । बुढी रोएको सुनेर स्याल कुरा ठिक्क पार्न आयो । किन रोएको भनेर बुढीलाई सोध्यो । उसले पिँडालु नउम्रेकोले पिरले मरेको बुढोलाई संस्कार गर्न अरू मान्छे नभएर भकारीमै राखेको वताई । ताल पऱ्यो भनी स्याल भकारीमा गयो । त्यही मौकामा बुढाले खुर्पाले हान्दा त्यसको नाक काटिएर चेप्टो भएको लोककथा छ ।

स्योप्टो : उहिले हाड र जोर्नी दुखेर मरेको एक जना बिरामीलाई झाँक्रीले बक्न लगाउँदा उसले 'म स्योप्टो हुँ' भनेछ । के गरेमा तिमी जान्छौ भनेर सोध्दा भने 'मलाई बुढी गाई बलि दिनू' भनेछ । सोही क्रममा 'हामी तीन प्रकारका स्योप्टो छौँ । एउटाले बुढी गाई, एउटाले बुढी बाखी र अर्कोले चाहिँ कुखुरीको वलि खाने छौँ' पनि वताएछ । त्यसपछि 'मे स्य चवा स्योप्टो, र स्य चवा र नगा स्य चवा स्योप्टो' भनी वर्गीकरण भई स्योप्टो देखा परेछ । यस व्यथालाई झाँक्री र केही सहयोगीले सिङ्गरा (कटुस) र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अम्रिसोको प्रयोग गरेर मन्साउँछन् । त्यसलाई बलि चढाएको पशु वा पक्षीको मासु बलि दिएको स्थानमै पकाएर वा पोलेर खाने चलन छ। नेपालमा गाई काट्न नपाउने कानुन बनेपछि हाल अरू जनावर र फलफूललाई गाई भनेर प्रतीकात्मक रूपमा बलि दिने गरिन्छ। तामाङ समुदायमा यसको स्थापना विशेष गरी थिङको घरमा हुने हुँदा मूलढोकामा उभिनु नहुने, घर छाउँदा पनि सचेत रहनुपर्ने मान्यता छ। स्योप्टोलाई नै कतिपयले 'घ्यङ्सिङ' पनि भन्ने गर्दछन् ।

सर्मा : उहिले 'विच्छा नोर्वु' नामक एक गोठालोको गाईले अम्रिसो खाँदा कक्र्याककुक्रुक भयो। नरु वोनले जोखना हेर्दा 'स्ह सर्मा' लागेको पत्तो लाग्यो। यसबाट छुटकारा पाउन उसले 'झारौँ फिरौँ' भन्दै मन्साएर युङ्नीछेम्वो (ढुङ्गा) माथि फालिदिँदा गाईलाई त सन्चो भयो तर ढुङ्गाचाहिँ डल्लो परेर रुन कराउन थाल्यो। त्यस ढुङ्गालाई पनि मन्साएर रूखमा फाल्दा रूखको दशा पनि त्यस्तै भएछ। त्यसपछि रूखवाट पानीमा अनि त्यसपछि आगोमा फाल्दा समेत नसकेपछि लात्तीले हानेर दवाउन खोज्दा मात्र डराएर आफूलाई गुरुव्रङ्गी (पूजा मण्डप)मा स्थान दिन भनेछ। तब नरु वोनले स्थान दियो र 'सर्मा'लाई गुरुव्रङ्गी (पूजाका निमित्त निर्मित मण्डप)मा आइपुगेका वा प्रहार गरिएका जोकोहीका कुविद्या, कुज्ञान, भेद तथा रोगव्याधीलाई पक्रने र दूर गराउनुपर्ने बाचा पनि गरायो। 'सर्मा'ले छोएमा कक्र्याककुक्रुक पर्ने, हड्डी दुखेर सहन नसकिने पीडा हुन्छ। यो सँगै 'स्ह' भन्ने पनि बसेको हुन्छ। 'स्ह'लाई छारे रोगको रूपमा चिनिन्छ। सर्माको प्रतीकस्वरूप गुरुब्रङ्गीमा तोर्मा बनाएर राखिन्छ। यो तोर्मा अन्यभन्दा फरक आकृतिको हुन्छ। यसको आकार तीनवटा पातको झुप्पो जस्तो देखिने हुन्छ। यसैलाई 'सर्ची ठुङ्वाला सेरप' पनि भन्ने गरिन्छ। यसको अर्थ अम्रिसो उत्पत्तिको कथा हो। अमिस्रोमा सर्माको उत्पत्ति भएकोले यसका दुईवटा मुनालाई क्रस पारेर बाँध्ने गरिन्छ।

साना कदका मानिस : उहिलेका मानिस साना कदका थिए। तिनीहरू यतिविघ्न साना थिए कि वड्कुलामा अडेस लाग्थे। गोलभँडा टिप्न नसकेर झटारोले हान्थे। एउटा पिँडालु उसिन्न पनि दिनभरि लाग्थ्यो। सारै साना कदको भएकाले दैनिक जीवन सारै गाह्रो भएछ। अन्ततः तिनीहरूले प्रकृतिको प्रार्थना गरेछन्। देउता प्रकट भएर 'के भयो' भनी सोधेछन्। 'हाम्रा शरीर सारै सानो हुनाले दैनिक जीवन चलाउनै सारै गाह्रो भयो' भनेर तिनीहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुखेसो गरेछन्। 'अब के गर्नुपर्‍यो त' भन्दा 'हामीलाई ठुलो जिउको बनाइदिनुपर्‍यो' भनेछन्। त्यसपछि प्रकृतिले पनि हुन्छ भनेछन्। त्यसपछि मानिस ठुला ज्यानको भएछन्।

साल्पा देवी र राक्षसको टाउको : उहिले साल्पा नाम गरेकी एक अति सुन्दर युवतीलाई एउट राक्षसले मन पराएर हैरान बनाएपछि उसले पोखरीको रूप धारण गरी। त्यो कुरो थाहा पाएर मामा सिलिचो (हिमाल)ले त्यस राक्षसको शिर छेदन गरेछ। त्यो शिर त्यही पोखरीमा खसेर शिला भएछ। अहिले पनि भोजपुरको साल्पा पोखरीको बिचमा एउटा ढुङ्गा रहेको छ। प्रत्येक वर्ष तामाङ समुदायका भक्तजन तथा बोम्बोहरू त्यहाँ साल्पादेवीको दर्शन गर्न पुग्छन्। त्यसरी दर्शनका लागि जाँदाखेरि त्यो राक्षसको टाउको भनिएको ढुङ्गो हेरे पनि पछि फर्केर आउने क्रममा भने हेर्दैनन्। हेरेमा देवी दर्शनको फल राक्षसले खोस्छ भन्ने जनविश्वास छ।

सेले होइकर बोन : उहिले अति शक्तिशाली बोनलाई एक पटक कसैले सेलयुङ अर्थात् दल्छिनढुङ्गामा कैद वनाएकाले नाम नै सेले होइकर बोन रहन गएको किंवदन्ती छ। दल्छिनढुङ्गालाई फोडेर निस्केका ऊ देवताको पालाको बोन भएको विश्वास छ।

सृष्टिकर्ता र पालनपोषणकर्ता : तामाङ मिथकअनुसार सृष्टिकर्ता ल छ्ङवै रेञ्जेन र पालनपोषणकर्ता ल वङ्वै ग्यप्जेन् हुन्।

हात्ती ढुङ्गो : उहिले एक पटक भगवान् आफैँ मानिसलाई धनको सह वाँड्नका लागि हात्तीमा चढेर पृथ्वीलोकमा झर्दा हाल काभ्रेको कोसीपारि सल्लेभुम्लो भन्ने स्थानमा आइपुगेछन्। अति नै मन परेर हात्तीले त्यही ठाउँमा बस्ने इच्छा गरेछ। भगवान्ले पनि 'तिम्रो यस्तै इच्छा छ भने, ठिकै छ' भनेर स्वीकृति दिएछन्। त्यसपछि त्यो हात्ती सोही गाउँतिर मुख फर्काएर वसेछन्। हात्ती नै गाउँमा वसिसकेपछि गाउँलेहरू धनी हुन थालेछन्। सबैको पुगिसरि भएछ। खेतबारीमा उत्पादन पनि प्रशस्त हुन थालेछ। त्यसरी वसेको पनि लामो समय भइसकेको रहेछ। सधैँभरि त्यही गाउँलाई हेरेर बस्दाबस्दा वाक्क लागेर तेमालतिर फर्केछ। त्यपछि तेमालतिरका मानिस धनी हुन थाले र सल्लेभुम्लोका मानिस गरिब हुँदै जान थालेको कथन छ।

❑

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थारू

कुकुरगौँडा : द्वापरयुगमा दाङ सुकौराका थारू राजा दङ्गीशरणले राति अप्सरामा परिणत हुने सुन्दर घोडीलाई पक्रिने क्रममा उसका सिकारी कुकरहरू पनि गएको र तिनका पदचिन्ह गडिएको ढुङ्गा भएको बाटो जसलाई कुकुरगौँडाको नामले जानिन्छ ।

कोलको खम्बा : चार यारको कथामा आउने सात समुद्रपारि गङ्गामा रहेको एउटा कोलको खम्बा जहाँ राक्षसको आत्मा सातवटा भमराको रूपमा रहेका थिए । प्रेमी बुधसेनले फकाएपछि राक्षसकी छोरी सुनकेस्रा रानीले बुबाको आत्माको पोको पत्ता लगाएका थिए । बुधसेनले सात समुद्रपारि गङ्गामा रहेको त्यो कोलको खम्बालाई लात हान्दा सातवटा भमरा निस्के । फटाफट ती सबै भमरा मार्दै गयो उसले तर एउटा भमराचाहिँ शरण दे, शरण दे भन्दै सुनकेस्रा रानीकहाँ आइपुग्यो । आँगन बढारिरहेकी सुनकेस्रा रानीले त्यसलाई पनि कुचोले मारिदिएकी थिइन् । भमरारूपी राक्षसले छोरीलाई उसको सुनको कपाल एउटा मात्र झरे पनि नराम्रो हुने श्राप दिँदै मऱ्यो ।

गोरु बेह्ना : थारू समुदायमा प्रचिलत मिथकअनुसार एक प्रख्यात राजाको नोकरहरूले एउटा तपस्वीको घरबाट पोत उठाउन छुटाउँछन् । सवैसँग पोत उठाउने तर तपस्वीलाई मात्र छोडिदिँदा अपराध ठहरिने हुँदा राजाले उसकहाँ पनि पोत बुझ्न फेरि दुई नोकरलाई पठाउँछ । तपस्वीले ती नोकरहरूलाई एउटा पोका पोतस्वरूप दिइपठाउँछ जुन पोका नखोली राजालाई लगिदिनुपर्ने उसको सर्त हुन्छ । तर बाटोमा नोकरहरूले पोका खोलेर हेर्छन् । त्यसभित्र रगतले भिजेको एउटा कपडाको टुक्रा भेटेर उनीहरू भयभीत हुन्छन् । पोत तिर्ने अरू केही नभएर गरिब तपस्वीले आफ्नो कान्छी औँला काटेर कपडामा रगतको थोपा पठाएको हुन्छ । यसबारे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनभिज्ञ नोकरहरू रगत लागेको कपडा लगे राजाले तपस्वी मारेको ठान्लान् भनी त्यसलाई माटोमा पुरिदिन्छन्। तपस्वीको पोत उनीहरू आफैँ मिलेर तिरिदिन्छन्। केही दिनपछि राज्यमा ठुलो खडेरी परेर हाहाकार मच्चिन्छ। राज्यउपकारका लागि राजाले सारा पण्डित दरबारबारमा झिकाउँछन्। तर कुनै पनि पण्डितले खडेरी पर्नुको रहस्य पत्ता लगाउन सक्दैनन्। राजा निरास हुन्छन्। आखिरमा राज्यमा अझै एक पण्डित बाँकी भएको पत्ता लाग्छ। जो एकदमै गरिब र सबैको हेलाको पात्र भएकोले दरवार आउन नसकेको थाहा हुन्छ। त्यो पण्डित उही हुन्छ जसले पहिले कान्छी औँला काटेर कपडामा रगतको थोपा पोतस्वरूप पठाएका थियो। राजाले दरवारमा उसलाई झिकाउँछ। आफ्नो पोठी हेर्दै पण्डितले राजालाई पानी पार्ने उपायबारे सुझाउँछ : "साँझ परेपछि राज्यका दुई कन्याले सर्वाङ्ग नाङ्गो भई उल्टो हलो जोत्ने, उक्त दिन भ्यागुतालाई बाँधेर राख्ने। अर्को विहान सबै स्त्रीलाई केटाहरूको पोसाक लगाउन लगाई दिनभरि सजना गीत गाएर निर्वाध फूल चोर्न पठाउने, साँझमा आएर भ्यागुतालाई दुधभात ख्वाएर छाडिदिने।" यति गरे पानी पर्ने पण्डितको विश्वासमुताविक राजाले दुई कन्यालाई उल्टो हलो जोत्न लगाए। उनीहरूले जोत्दै जाँदा पहिले नोकरहरूले पुरेको तपस्वीको रगत लागेको कपडाको पोको वाहिर निक्लियो र अर्को दिन राज्यमा घनघोर पानी वर्सियो। यसरी थारू महिलामा गोरु बेंढना चलनको सुरुवात भएको किंवदन्ती छ।

चार यार (भाइ) : चित्रसेन, गुणपाल, जसपाल र बुधसेन। चितवन आवाद गर्ने चार यार (भाइ)। थारू संस्कृतिअनुसार गुन सिक्ने सहपाठीहरूलाई यार (भाइ) भन्ने गरिन्छ यिनीहरूमध्ये चित्रसेन (राजाको छोरा), गुणपाल (मन्त्रीको छोरा), जसपाल (पोतोल, हकपरवार गाउँको पियनको छोरा र वुधसेन (मर्दनिया हजामको छोरा) थिएं। यी चार जनाको भावनात्मक मित्रतालाई काव्यमा अत्यन्तै मार्मिक किसिमले वर्णन गरिएको पाइन्छ। गुन सिक्ने क्रममा चार यार भाइले दैविक शक्ति प्राप्त गरेका हुन्छन्। चार यार भाइमध्ये चित्रसेन वावालाई चितोनिया थारूहरूले देवताको रूपमा पूजा गर्ने गर्दछन्। चित्रसेन (चित्र) चित्तलको छाला उडाउन, गुणपाल ज्ञान, जसपाल जस दिनमा दक्ष थिए भने वुधसेनलाई पढाइमा कसैले जित्न सक्दैनथे। एक कथाअनुसार एक दिन उनीहरू हर्दीपुर र नर्कटियापुरनामक राज्यवाट दीक्षित भएर फर्कंदै गर्दा विचवाटोमै साँझ पर्छ। राति सुत्दाखेरि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पालैपालो एक जना कुरुवा बस्नुपर्ने हुन्छ । चित्रसेन, गुणपाल र जसपालको पालोमा जङ्गलमा कमिलाको चालसम्म थिएन । बुधसेनको पालोमा भेडानन्द हात्ती आउँछ । उसले वाण चलाउँछ । वाण नाप्दैनाप्दै जाँदा हात्ती मरेको देखेर शोकमा रुँदारुँदै ऊ त्यहीँ भुसुक्क निदाउँछ । भोलिपल्ट विहान विउँझिँदा तीन यारले बुधसेनलाई पाउँदैनन् । निरास हुँदै बिहानको खाना बनाएर तीनवटा पात ओछ्याउँदा चारवटा हुन्छ । तीन माना पकाएको भात चार माना हुन्छ । यो लक्षणले बुधसेन जीवितै भएको ठानी उसको खानाको भाग पानीसहित पोका पारेर एउटा रूखमा बाँधेर उनीहरू बाटो लाग्छन् । केही छिनपछि यारहरू खोज्दै आइपुगेको बुधसेन कसैलाई नदेखेर रुन थाल्छ । त्यही बेला रूखले उसलाई पोकाको भात र करुवाको पानी खाई यारहरूको बाटो पहिल्याउन भन्छ । रुँदै भातपानी खान्छ र रूखलाई युगयुग बाँच्ने, त्यसको पात कुहिएर सुन, मोती, हीरा हुने आशिष् दिएर ऊ पनि बाटो लाग्छ । जाँदाजाँदा काँडा बिछ्याइएको राम्रो बाटो र झारपातले भरिएको नराम्रो बाटो छुट्टिने दोबाटो आउँछ । बुधसेनले यारहरूले आफूलाई राम्रो बाटो नजाओस् भनेर काँडा राखिदिएको सम्झी काँडा फालेर त्यै बाटो लाग्छ । तर यारहरूले राक्षसहरूको राज्यमा पुग्ने त्यो बाटो बुधसेन नजाओस् भनेर काँडा बिछ्याइदिएका हुन्छन् । उसले यही कुबाटो पछ्याउँदा यारहरूसँग उसको विछोड हुन्छ । राक्षसहरूको गाउँमा पुग्छ । सुनकेस्रा नामकी राक्षसकी छोरीसँग प्रेममा पर्छ । राक्षसको बुवाको आत्माको पोको फेला पारेर उसको हत्या गर्छ । तर अन्त्यमा अर्को राज्यको मस्वासी नामकी एक बुढीको ललाइफकाइमा परेर सुनकेस्रा रानीले नै उसको हत्या गरिदिन्छ । धेरै समयपछि यारहरूले उसको लास जलाएर गाडिएको खरानी प्राप्त गर्छन् र तान्त्रिक शक्तिले उसलाई पुनर्जीवन दिन्छन् । यसरी चार भाइको पुनर्मिलन हुन्छ । चारै जना चित्तलको छालामा उड्दाउड्दै एउटा घनघोर सुनसान जङ्गलको विचमा ओर्लेर सानो बस्ती बसाल्छन् । आफ्नो राज्य सञ्चालन गर्न थाल्छन् जुन ठाउँ अहिलेको चितवन भएको कथन छ ।

चित्रसेन बाबा : चार यार चित्रसेन गुणपाल, जसपाल र बुधसेनको किंवदन्तीमा वर्णित चित्रसेन नै पछि चित्रबाबाले परिचित भए । चितवनमा आफ्ना तीन यारसहित पहिलो बस्ती बसालेका उनी पछि आफ्नो दैविक शक्तिले अन्तर्धान भए । त्यसपछि पछि उनको थान निर्माण भयो । उनकै शक्तिले चितवन मानव बस्न सक्ने भएकोले यस भूगोलको नाम चितवन रहन गयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्रसेन बाबाको थान हाल टाँडी बजारबाट ३ किमि दक्षिण, बुढी राप्ती नदीको किनारस्थित सौराहा जाने बाटो चित्रसारी भन्ने ठाँउमा छ। अग्रजहरूका अनुसार बुढी राप्तीमा बाढी आएर बाबाको थान कटानी गर्न खोज्दा चित्रसेन बाबाले तोप पड्काई बाढीको कटान भगाउने गरेका थिए। यस थानमा बर्षेनी हरिबोधनी एकादशीको मेला लाग्छ। सन्तानप्राप्तिका लागि भाकल गर्नेहरूले चैते दशैँको नवमीको दिन हाँस, कुखुरा, परेवा, बोका बलि दिई भाकल पूरा गर्ने प्रचलन छ। सहरोती (थारू भाषामा एउटा रूखको नाम) को रूखमुनि रहेको यस थानलाई पछि स्थानीयबासीहरूले मन्दिर निर्माण गरी संरक्षण गर्दै आइरहेका छन्। थान (मन्दिर) मा थारू पुजारीले पूजा गर्दछन्। चित्रसेन बाबाले दुःख बिमार परेकालाई सुखशान्ति प्रदान गर्ने, मनोकामना पूरा गरिदिने, दाम्पत्य जीवन सुखमय बनाइदिने तथा सन्तान प्राप्त गराइदिने विश्वास गरिन्छ। चित्रसेन बाबालाई भाकल गरेर प्राप्त सन्तान छोरा जन्मिएमा चित्रा वा चित्रसेन र छोरी जन्मिएमा चितरी नाम राखिदिने प्रचलन थारू समुदायमा छ। त्यसैले थारू नव दुलाहादुलहीले चित्रसेन बाबाको दर्शन गरी आशीर्वाद लिने प्रचलन छ।

जितिया : थारू समुदायमा जितिया व्रत बस्ने चलनको सुरुवात भएको मिथक हो यो। प्राचीन समयमा उत्तर भारत महाद्वीपमा सारीवाहन नाम गरेको एक महाप्रतापी राजा थिए। राजाको मसवासी नाम गरेको छोरी अर्थात् राजकुमारी थिइन्। राजकुमारी सूर्य उदय हुनुभन्दा अघि एकाबिहानै नदीमा गई स्नान गरी घरमा पूजाअर्चना गर्थिन्। एक दिन मसवासी उठ्न ढिला भएछ। त्यस दिन ऊ स्नान गरी फर्किंदा सूर्य उदाइसकेछ। सूर्यको किरण शरीरमा पर्न गई उसको गर्भ रहन पुगेछ। समय पुगेपछि उसले छोरो जन्माइन्। बालक बढ्दै गयो र आफ्ना दौंतरीहरूसँग खेल्न थाल्यो। दौंतरीहरूसँग उसले जुनै खेलमा पनि जित्न थाल्यो। त्यसैले उसको नाम जितुवा भयो। उसको बाबुको नाम थाहा नभएकाले उसलाई कसैकसैले अनेर्वा पनि भन्ने गर्थे तर ऊ जितुवा नामले नै बढी परिचित भयो। एक दिन सबै दौंतरी मिलेर जितुवालाई खेलमा हराउने उपाय सोच्छन्। उनीहरू आमाको नाम लिएर घरभित्र छिर्ने तथा बाबुको नाम लिएर घरबाट बाहिरिने अन्धाअन्धीको खेल खेल्छन्। सबै जना बुबाको नाम लिएर घरबाट बाहिरिन्छन् तर बाबुको नाम थाहा नभएको जितुवा घरभित्रै बस्न बाध्य हुन्छ। यो कुरा थाहा पाई आमाले उसको बाबुको नाम सूर्य भएको बताउँछिन्। यसपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जितुवा बाबुलाई भेट्न घरबाट निस्कन्छ । निकै दिनपछि सूर्यले मानवको रूप धारण गरी जितुवालाई दर्शन दिन्छन् र उसको नाम जितमहान राखिदिएर घर फर्काउँछन् । जितुवाले बुवालाई भेटेको के प्रमाण दिने भन्दा सूर्यले उसलाई गाउँनगरमा गएर सबैलाई आश्विन कृष्णपक्ष सप्तमी, अष्टमीमा उपास र नवमीमा पारन गरी निष्ठापूर्वक जितिया व्रत लिन लगाउँछन् । यसो गरे सन्तान प्राप्तिको सुख हुने बताइदिन्छन् । यसरी थारू समुदायमा जितिया व्रत बस्ने चलन रहेको विश्वास गरिन्छ ।

जुरशीतल : जुरशीतल थारू समदायमा मनाइने आशीर्वाद, उत्साह, उमङ्ग, उल्लास र मनोरञ्जनको पर्व हो । चन्द्रतालिकाअनुसार यो पर्व वैशाख १ गते पर्दछ । थारू समुदायमा यो चाडले विशेष महत्त्व राख्दछ । जुरशीतललाई सिरुवा पावैन वा सिरुवा पनि भन्ने गरिन्छ । जुरशीतलको शाब्दिक अर्थ हुन्छ– पानीले चिसो पार्नु । त्यसैले यो एउटा विशुद्ध पानीको चाड हो । यो चाड एकअर्कामाथि पानी छर्केर मनाइन्छ । यसबारे मिथक यस्तो पाइन्छ । एउटा देशमा वहुभाषिक ज्ञाता एक जना राजकुमार थिए । ऊ जनावर र चराचुरुङ्गीसमेतको भाषा वुझ्न सक्थ्यो । उसको त्यो विद्वत्ताले डाहा उत्पन्न भएका स्वर्गवासी कपिल देवताले पृथ्वीमा आएर राजकुमारलाई सर्तसहित तीनवटा अप्ठ्यारा प्रश्न राखे । राजकुमारले सात दिनभित्र ती प्रश्नहरूको जवाफ दिन नसके उसको गर्दन काटिने तर सही जवाफ दिन सके देउताले आफ्नो टाउको काटेर राजकुमारलाई दिने सर्तनामा पनि भयो । प्रश्नहरू एकदम कठिन भएकाले राजकुमारले हार खाएर टाउको काटिनुभन्दा आत्महत्या गर्न ठिक ठानी एउटा ठुलो अग्लो रूखमुनि उभिन पुग्यो । रूखमाथि चिलको गुँड थियो । भोकले छटपटाएका चिलका चल्लाहरूले माउलाई आहारा मागिरहेका थिए । माउले देउता र राजकुमारबिच भएको सर्तको कथा पनि सुनाइन् । जवाफ नपाएर राजकुमारले आत्महत्या गर्न लागेकाले उसको मासु खाएर कृत्यकृत्य हुने सान्त्वना दिइन् । चल्लाहरूले ती कठिन प्रश्नहरूको जवाफ सोध्दा माउले (पहेलीहरू) उत्तर पनि वताइदिइन् । रूखमुनि उभिएको राजकुमार सही उत्तर टिपेर रमाउँदै घर फर्क्यो । एक हप्ता बित्यो । कपिल फेरि राजकुमारकहाँ उपस्थित भयो र तीनवटा प्रश्नहरूको तेर्स्यायो : निम्न समयमा मानिसको भाग्य (राशि) कहाँ बास गर्छ ? (१) प्रभातकालमा (२) मध्यान्हमा र (३) रातमा । राजकुमारले जवाफ दियो, (१) अनुहारमा (२) जिउमा र (३) खुट्टामा । कपिल देवता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पराजित भए । सर्तअनुसार उसले आफ्नो टाउको काटेर राजकुमारलाई दिए । तर उसको टाउको अचम्मको थियो, त्यसलाई पृथ्वीमा राख्दा असीमित आगोको ज्वाला प्रज्वलित हुन्थ्यो, समुद्रमा राख्दा समुद्रै सुक्थ्यो । पहाडमा राख्दा पहाड जलेर खरानीमा परिणत हुन्थ्यो । कपिल देउताका सात बहिनी छोरी थिए । उनीहरूले बाबुको काटिएको टाउको पालैपालो बोकेर एउटै धुरी सुमेरु पर्वतवरिपरि घुम्न थाले । वैशाख महिनामा एकको पालो सकिने र अर्कोको सुरु हुने हुँदा सो क्रम निरन्तर दोहरिरह्यो । वास्तवमा कपिल ब्रह्माको टाउको सूर्य र सात बहिनी छोरीहरू सप्ताहका सात दिनहरू थिए । एकको पालो सकिने र अर्कोको सुरु हुने यसै दिनलाई जुरशीतल पर्वका रूपमा थारू समदायले मनाउन थालेको विश्वास छ । यस पर्वको अघिल्लो दिन मानिसहरू आआफ्ना घरआँगन, चोक, इनार, पाटीपौवा, मठमन्दिर सफासुग्घर पार्दछन्, फोहोर-कसिङ्गर बाल्ने वा फ्याँक्ने गर्दछन् । विभिन्न किसिमको स्वादिलो र मिठो मेवामिष्टान्न तयार पार्दछन् । जुरशीतलको दिनमा यस्ता खानपिन गरे नयाँ वर्षमा अन्नको परिपूर्णता रहन्छ भन्ने जनविश्वास रहेको छ । यो पर्वको दिनमा थारू समुदायका मानिसहरू एकअर्कामाथि पानी छर्केर आशीर्वाद लिने र दिने गर्दछन् । ठुलाले आफूभन्दा सानाहरूको टाउकोमा पानी छर्केर आशीर्वाद दिन्छन् भने सानाहरूले आफूभन्दा ठुलाबडाको गोडामा पानी राखेर ढोग गरी आशीर्वाद लिने गर्दछन् ।

बह्रैया ताल : यो बह्रैया ताल उत्पत्तिको मिथक हो । उहिले राप्ती र बबई नदी वैवााहिक बन्धनमा बाँधिने भन्दै एक रात बबई पश्चिमबाट पूर्व र राप्ती पूर्वबाट पश्चिमतिर बग्दै आउँदा बिचैमा भाले बासिहालेछ । यसरी रातभरिमा भेटेर विवाह गर्ने उनीहरूको बाचा अधुरो भएपछि बबई पश्चिमै फर्किछन् भने राप्ती पनि जङ्गलैजङ्गल पूर्व हानिएछ । यसरी बग्दै जाँदा बह्रैया तालको जन्म भएछ । थारू भाषामा 'बह्रिया' भनेको सुन्दर राम्रो हो । यही बह्रिया शब्दबाट बह्रैया भएको कथन छ । बह्रैया तालको आकार लाम्चो छ । यसको अर्को कथा यस्तो छ : ताल हुनुअघि त्यहाँ देवीको थान रहेछ । देवीले आफ्ना लागि देउतासँग गोलो पोखरी खनाई मागिन् । पोखरी रातभरिमा खनिसक्नुपर्ने थियो । देउताहरूले पोखरी खन्न थालेछन् । पोखरीलाई रातभर चारकुने बनाउँदाबनाउँदै उज्यालो भएपछि देउताहरूले त्यतिकै छाडेर गएछन् । त्यसैले पोखरीको आकार लाम्चो भयो । पोखरीको सुरक्षाको लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देउताहरूबाट छाडिएको दुइटा नागनागिनी अझै पनि त्यहाँ रहेको विश्वास गरिन्छ। जसलाई थारू भाषामा लग्वा लगुन्या भनिन्छ। पोखरीको कमल आदि फूल टिप्दा अझै पनि देवीसँग अनुमति लिएर मात्रै टिप्ने चलन छ।

बाह्रौ बर्डिवा : बर्दिया नामकरण र बर्दियाको पद्नाहा गाउँमा अवस्थित बाह्रौ बर्दिवा मन्दिरमा रहेको अजङ्गको ढुङ्गा र रूखको मिथक हो यो। किंवदन्तीअनुसार उहिले गाईबस्तु चराउन वन गएका बाह्र जना बर्डिवा (गाई ग्वाला) हरूले गुरै (गुरुवा धामीको झारफुक) खेल खेल्न थाल्छन्। मुख्य गुरुवाको अभिनय गर्ने एक बर्दिवा काम्दै सहायक गुरुवा (केशौका) लाई पनि अछेताले छर्किएर आफूसँगै काम्ने बनाउँछन्। रोग निको पार्नलाई भोग माग्न लगाउँछन्। केशौकाले आफूलाई बोका, दुई जनालाई सुँगुर पाठा र अरू ससाना बर्दिवाहरूलाई भालेको भोग माग्छ। त्यसपछि मुख्य गुरैको अभिनय गर्ने बर्दिवाले बाँकी दस साथीहरूलाई बोका, सुँगुर र भालेको अभिनय गर्न लगाउँछ र कुशको पातले सबैको घाँटीमा रेटेजस्तो गर्छ। तर कुशको पातले रेटिएर ती बर्दिवाहरूको प्राण जान्छ। साथीहरू मरेपछि गुरुवा र केशौका ठुलो समस्यामा पर्छन्। घर फर्किएर बुबाआमालाई के जवाफ दिने ? सोच्न नसकेर उनीहरू पनि कुशको पातले आफ्नो घाँटी रेटेर प्राण त्याग गर्छन्। यसरी एकै चिहान भएका बाह्रै जना बर्दिवाहरू जोल्ठिएको लास पछि अजङ्गको ढुङ्गा भएको र उनीहरूले प्रयोग गरेको लट्ठी र पौवा (खराउ) रूख भएको विश्वास गरिन्छ। यिनै बाह्र बर्दिवाहरूको सम्झनामा मङ्सिर पञ्चमीमा गुरै गर्ने, अखरिया (गुरुवाहरूको नाच) खेल्ने चलन बसेको विश्वास छ। उनीहरूले गुरै खेल्दा चढाएझैँ देउठन्वा (मन्दिर) मा अझै पनि प्रत्येक बर्ष भाले, सुँगुर, बोकाको बलि चढाइन्छ। यही बाह्र बर्दिवाहरूको किंवदन्तीअनुसार नै बर्दिया जिल्लाको नामकरण भएको भनाइ छ।

भगवतीको भट्टी : यो रक्सी उत्पत्तिको मिथक हो। ब्रह्मालाई पृथ्वीको एक राजमिस्त्रीले जङ्गलको ठुलो रूखमा बाह्र वर्ष थुन्दा जन्ममृत्युको चक्र ठप्प हुन गयो। भगवान् विष्णुले अनेक प्रपञ्च गर्दा पनि ब्रह्माको बारे केही पत्ता पाउन सकेनन्। अन्तमा यस कामको जिम्मा उसले भगवती र बहिनीहरूलाई दियो। उनीहरूले पृथ्वीमा थरीथरीको रक्सी तयार गरी एउटा भट्टी पसल थापे र जहाँ थरीथरीका रक्सी खाएपछि राजमिस्त्रीले आफ्नो गोप्यता भङ्ग गऱ्यो र उनीहरूले ब्रह्मालाई मुक्त गर्न सफल भए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कथाअनुसार ब्रह्माको खोजीमा पृथ्वीतलमा झरेकी भगवतीले आफ्नो दाजु भगवान् विष्णुसँग कोदो, मकै, आदिको बिउ माग्छिन् र त्यसलाई खनजोत गरी उब्जाउँछिन्। अनि सुकाएर पिठो पारी जाँड बनाउँछिन्। जाँडलाई छुट्टाछुट्टै भाँडामा राखी पाँच थरीको औषधी पहिले मैनाको दिसा, दोस्रो सुगाको दिसा, तेस्रो बाघको दिसा, चौथो सुँगरको, पाँचौं अजिङ्गर सर्पको दिसाको राखेर रक्सी तयार पार्छिन् र एउटा भट्टी पसल चलाउन थाल्छिन्। उसले आफ्नो पसलमा सारा पृथ्वीवासीले निःशुल्क खानपिन गर्न पाउने खवर गरिदिन भग्वान् विष्णुलाई भन्छिन्। भगवान् विष्णुले यो हल्ला चारैतिर फिँजाउँछन्। भगवतीका छ वहिनी पनि खाना वनाउने काममा जुट्छन्। छ वहिनीमध्ये एउटीचाहिँ कोठामा बसेर त्यहाँ आउनेहरूले जे-जे वोल्छन् सप्पै कापीमा नोट गर्दै जान्छे। खाएको सुरमा किसिमकिसिमका कुराहरू निस्कन्छ तर ब्रह्माको विषयमा कसैको मुखवाट कुनै कुरा चुहिँदैन। एक दिन भगवतीको भट्टीको रक्सी पिएका गाउँलेहरू राजमिस्त्रीकहाँ पुग्छन्। उसलाई सुन्दरी केटीहरू भएको निःशुल्क खान पनि पाइने भनेर फकाईफुल्याई भगवतीको पसलमा लिएर आउँछन्। भगवतीले राजमिस्त्रीलाई एक नम्वरमा मैनाको दिसावाट वनाइएको रक्सी खुवाउँछे। त्यो खाएर ऊ प्यारो वोली वोल्न थाल्छ। त्यसपछि दुई नम्वरको सुगाको दिसाको रक्सी खुवाउँछे, त्यो खाएर उसको जिब्रो लटपटाउँछ। उही एउटै कुरा दोहोऱ्याइरहन्छ। तीन नम्बरको रक्सी बाघको दिसाको खुवाइन्छ, त्यो खाएर बाघ जस्तै गर्जंदै राजमिस्त्रीले कसैले गर्न नसकेको काम आफूले गरेको धम्की दिन्छ। ब्रह्मालाई नै आफूले थुनेर राखेदेखि जन्ममृत्यु नै रोकिएको भन्दै कसैले यस्तो काम गर्न नसक्ने भन्दै अरूलाई थर्काउँछ। भगवतीले तव मिस्त्रीलाई चौथो नम्वरको रक्सी सुँगरको दिसाको खुवाउँछ। अव ऊ आफ्नै गुहुमुतमा लडीबडी गर्न थाल्छ। पाँचौंमा अजिङ्गर सर्पको दिसाको रक्सी खुवाएपछि ऊ ठाउँको ठाउँ थला पर्छ। विहान भगवतीले मिस्त्रीलाई ब्रह्मा थुनेको ठाउँमा सुटुक्क लैजान आग्रह गर्छे तर उसले भगवतीका सात दिदीवहिनीलाई पनि साथमा लिएर त्यो रूख देखाइदिन्छे। भगवतीले रूख चिन्नका लागि एउटा पात टिप्छिन् र सात बहिनीसँग घर फर्किन्छिन्। भगवती भगवान् विष्णुकहाँ पुगी सारा वृत्तान्त बताउँछे र विष्णुलाई लिएर जङ्गलमा पुग्छे तर उसले ब्रह्मा थुनेको रूख भुलिसकेको हुन्छे। फेरि आफनो शक्तिद्वारा सात रात, सात दिन पानी बर्साउँछे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विजुली चम्काउँदै त्यो रूख खोज्न थाल्छे । अचानक बेस्सरी गड्याङगगुडुङ गर्दै विजुली चम्किन्छ । विजुलीको चमकले रूख. पत्ता लगाउन सफल हुन्छे । तब वन्चरोले रूखको बिचमा हानेर दुई फक्ल्याँटा पारी ब्रह्मालाई वाहिर निकाल्छे ।

मस्वासी बुढी : चार यार (चित्रसेन, गुणपाल, जसपाल र वुधसेन) को कथामा वर्णित एक जालीझेली लोभी वुढी । जसको कारण सुनकेस्रा रानीले आफ्नो प्रेमी बुधसेनको हत्या गरी । तर पछि वुधसेनका तीन यारले यो कुरा सुनकेस्रा रानीबाट थाहा पाएर उसलाई चित्तलको छालामा उडाएर आकाशवाट खसाएर मारे । कथाअनुसार नदीमा नुहाइरहेको राजकुमारले सुनकेस्रा रानीले वगाइपठाएको सुनको केशको पोको भेट्यो । त्यसपछि ऊ सुनकेस्रा रानीसँग विवाह नगरी नछाड्ने अठोटमा पुग्यो । राजकुमारका बुवा राजाले सुनको कपाल भएकी केटी पत्ता लगाउनेलाई अमूल्य उपहार दिने घोषणा गऱ्यो । वैठकमा उपस्थित कोही पनि यस काममा मन्जुर भएनन् तर मस्वासी नामकी वुढी तयार भई । राजाको आदेश लिएर ऊ डुङ्गामा चढेर सुनकेस्रा रानीकहाँ पुगी । माइजू-भान्जीको नाता लगाई फकाईफुल्याई वुधसेनको आत्माको पोकोवारे सोध्न लगाई । वुधसेनले आफ्नो आत्माको पोको कम्मरमा वाँधेको छुरीमा रहेको वताएपछि सुनकेस्रा रानीले त्यो छुरी जलाई पठाई र वुधसेनको मृत्यु भयो । त्यसपछि एक्ली भएकी सुनकेस्रा रानीलाई मस्वासी वुढीले राजकुमारकहाँ लगेर गएकी थिई । वुढीको लहलहैमा लागेकी सुनकेस्रा रानीले राति बुधसेनको छुरा झिकेर जलाइदिन्छे । बुधसेनको मृत्यु हुन्छ । उसले भनेबमोजिम उसको लासलाई जलाएर खरानी पोको पारी खाल्डो खनेर गाडिदिन्छे । तव एक्लै भएकी सुनेकेस्रा रानी मस्वासी वुढीसँग डुङ्गामा राजकुमारकहाँ पुग्छे । तर राजकुमारसँग विवाह गरिदिने कुरा चल्दा बाह्र वर्षमा सकिने सातवटा व्रत सकेर मात्र विवाह गर्ने निर्णय लिन्छे । पछि वुधसेनका तीन यार चित्रसेन, गुणपाल, जसपाल बुधसेनलाई खोज्दै आइपुग्दा उसले वुधसेनको खरानी गाडेको ठाउँ देखाइदिन्छे र उनीहरूलतीन यारहरू चित्रसेन, गुण उसलाई तन्त्रमन्त्रले पुनर्जीवन दिन्छन् ।

राजमिस्त्री : एक राजमिस्त्रीले ब्रह्मालाई रूखमा बाह्र वर्ष थुनेर जन्ममृत्युको चक्र नै ठप्प बनाएका थिए । उसको कार्यले भगवान् विष्णु पनि हायलकायल भएका थिए । तर पछि भगवान् विष्णुका बहिनी भगवती र अन्य छ वहिनीले रक्सी खुवाएर उसको गुह्य कुरा पत्ता लगाई ब्रह्मालाई रूखबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुक्त गरेका थिए । तब ब्रह्माले अदृश्य हुने वरदान पाई हावाको रूपमा पृथ्वीमा आउन थालेको कथा छ । कथाअनुसार पृथ्वीमा कलियुगले चारैतिर अभाव र हाहाकार मच्चिएपछि एक दिन भगवान् विष्णुले ब्रह्मालाई पृथ्वीबाट पालैपालो एक-एकवटा जीवको प्राण हरेर ल्याउन आदेश दिन्छन् । ब्रह्माले मान्छे, जनावर, पक्षी, कीटपतङ्ग जे भेट्थ्यो सबैको प्राण हर्दै लैजाँदा एक दिन राजमिस्त्रीको पालो आउँछ । काष्ठकलामा एकदम निपुण राजमिस्त्रीले ब्रह्मालाई आफूलाई कतै जान फुर्सद नभएकाले अर्कोलाई लैजान भन्छ । त्यसपछि राजमिस्त्रीको छिमेकीलाई लिएर जान्छ ब्रह्मा । यता मिस्त्रीचाहिँ एक घनघोर जङ्गलमा पुगी सबैभन्दा ठुलो रूखलाई छानेर त्यसमा बाउन्न कोठा, बाउन्न ढोका कुँद्न सफल हुन्छ । साथमा चौरासी व्यञ्जनका खाना पनि तयार पारेर राख्छ । अर्को दिन आफूलाई लिन आएको ब्रह्मालाई आफूले बनाएको दरबारमा लगेर चौरासी व्यञ्जन टक्र्याइदिन्छ र बाहिरबाट ताल्चा लगाइदिन्छ । बाह्र वर्ष बित्छ । जन्मने र मर्ने चक्र रोकिएर संसार जहीँको तहीँ अडिन्छ । भगवान् विष्णु बडो चिन्तित भएर ब्रह्माको खोजीनिती गर्न थाल्छन् । कम्मरपछाडि आगो बालेर जुनकिरीलाई खोज्न पठाउँछन् र पनि भेटिँदैन । कैयौँ सिपाहीहरू खोज्न पठाउँछन् र पनि नभेटेपछि जसले ब्रह्मालाई पत्ता लगाउन सक्छ, संसारमा उसैको शासन चल्ने हल्ला फिँजाउँछन् । यो कुरा सुनेर सारा पृथ्वीवासीले खोजी गर्छन् तर पनि कसैले पत्ता लाउन सक्दैनन् । पछि आफ्ना बहिनीहरूलाई बोलाएर सारा समस्या बताई अन्तमा जेठी बहिनी भगवतीलाई त्यस कामको जिम्मेवारी दिएपछि भने ब्रह्मा भेटिन्छ ।

राजा दङ्गीशरण र घोडा पूजा : थारू समुदायमा घरमन्दिरमा माटोको घोडामूर्ति बनाई पूजा गर्ने प्रचलन छ । दाङ, सुकौरा गाउँका दङ्गीशरण थारू राजाले यो प्रचलन सुरु गरेको कथा छ । एक दिन सिकार खेल्ने क्रममा राजा दङ्गीशरणले झारगञ्जरी जङ्गलमा एकदम सुन्दर घोडी फेला पार्‍यो । घोडी यति सुन्दर थियो कि उसले आफू सवार घोडा त्यस घोडीलाई समात्न दौडायो । घोडी दौडँदै दक्षिणतर्फको पर्वत पार गरेर ओरालो लाग्न थाल्यो । त्यसलाई नियन्त्रणमा लिन राजाको फौज, सिकारी कुकुरहरू पनि जोडतोडका साथ लागिपरेका थिए । यसै क्रममा अचानक रात परिहाल्यो र घोडी एक सुन्दर अप्सरा कन्यामा परिणत भई । अप्सरालाई लिएर राजा दङ्गीशरण सुकौरास्थित आफ्नो दरबारमा फर्कियो । भोलिपल्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्य उदाउनेबित्तिकै अप्सरा फेरि सुन्दर घोडीमा परिणत भई । यो प्रक्रिया हरदिन हरराात चिलरह्यो । जुन कुरा देश-विदेशसम्म फैलियो । मथुरावासी भगवान् श्रीकृष्णले पनि यो जानकारी पायो । सोह्र सय गोपिनीका स्वामी कृष्णले दङ्गीशरणको जस्तो घोडीले आफ्नो झनै शोभा वढ्ने ठान्यो । राजा दङ्गीशरणको दरवारमा पुगेर कृष्णले अप्सरा वन्ने उक्त सुन्दर घोडी माग्यो तर आफ्नो प्राणभन्दा प्यारी घोडी दिन दङ्गीशरणले इन्कार गऱ्यो । अन्तमा, हालको दाङ र सुर्खेतको कालीमाटी सिमानामा उनीहरूविच भीषण युद्ध मच्चियो । तर एकाएक घोडी गायव भयो । यो खबर सुनेर युद्ध स्थगित गरी राजा दङ्गीशरण दरवार फर्किए । सुन्दर घोडी देख्न नपाउँदा उसलाई सारै पिर लाग्यो । जति वेला पनि त्यही सुन्दर घोडी र अप्सराको सम्झनाले सताउन थाल्यो । त्यसैले घोडीको सम्झना जुगजुगान्तरसम्म कायम रहोस् भनी उसले दाङ राज्यभरको माटो वटुलेर घोडीको मूर्ति वनाई देउताको रूपमा देशवासीलाई पूजा गर्न आह्वान गऱ्यो । यसरी थारू समुदायमा घोडालाई देउताको रूपमा पूजा गर्ने चलन वसेको मानिन्छ ।

श्रापित अप्सरा : थारू समुदायमा प्रचलित द्वापरयुगीन कथाअनुसार दाङ सुकौराका थारू राजा दङ्गीशरण र महाभारतका कृष्ण भगवान्बिच भीषण युद्ध हुनुको कारक एक सुन्दर घोडी थिई । सिकारका क्रममा राजा दङ्गीशरणले फेला पारेको उक्त घोडी राति अप्सरा अनि दिउँसो सुन्दर घोडीमा परिणत हुन्थी । भगवान् कृष्णले उक्त घोडी आफ्नो बनाउन खोज्दा दङ्गीशरणसँग युद्ध भड्किरहेको थियो । जव अचानक घोडी नै अलप भयो तव युद्ध स्थगित भयो । कथाअनुसार राजा देवराज इन्द्र एक दिन बेलुकी खानपिनपश्चात् आफ्ना पाहुना ऋषिलाई लिएर निक्कै ढिलो नाचमहलमा गएछन् । नाच्दा पालो सकेर थकित एक अप्सराले आफ्नो पोसाक र लगभग सबै गरगहना जिउबाट फुकालिसकेकी थिइन् । तर अतिथिको स्वागतमा नाच्नैपर्ने इन्द्रको आग्रहलाई तिनले मान्न करै लाग्यो । रिसमा तिनले गलामा लगाउने गहना गोडामा, खुट्टामा बाँधिने घुँघरु कम्मरमा, कम्मरमा बाँधिने गहना गलामा लगाएर विना स्वरतालमा नच्न थालिन् । तिनको नाचले इन्द्रलाई त झनै मनोरञ्जन दियो तर अतिथि ऋषिले भने खुब अपमान बोध गऱ्यो । रिसले तिर्मिराउँदै उसले अप्सरालाई पृथ्वीलोकमा गएर दिनभरि सुन्दर घोडी र राति मात्रै पुनः अप्सरा बन्ने, तिनको सुन्दरताको कारणले कुनै दुई राजा-महाराजाबिच घमासान लडाइँ भए मात्र पुरानै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा स्वर्गमा आउन पाउने पनि उसले श्राप दियो । राजा दङ्गीशरणले दाङको भारगञ्जरी जङ्गलमा फेला पारेको सुन्दर घोडी उही ऋषिबाट श्रापित अप्सरा थिइ । संयोगवश तिनको सुन्दरताको कारण भगवान् कृष्ण र दङ्गीशरणबिच भीषण युद्ध हुन गयो र ऋषिको श्रापबाट तिनले मोक्ष पाई र पुनः स्वर्गमै फर्की ।

सुनकेस्रा रानी : भावनात्मक मित्रताका प्रतीक चार यार चित्रसेन गुणपाल, जसपाल, र बुधसेनको कथामा आउने एक पात्र । राक्षसकी छोरी, सुनको केश भएकी । सुरुमा सुनकेस्रा रानीले बाटो बिराएर राक्षसहरूको गाउँमा पुगेको बुधसेनलाई घरमा लुकाएर बचाउँछे । प्रेममा परेर उसलाई राक्षस बुबाको आत्माको पोकोको सूचना दिई बुबाको हत्यामा आफू पनि संलग्न हुन्छे । तर बुबाले आफ्नो मृत्युपूर्व उसलाई एउटा सुनको केश झरे पनि अशुभ हुने श्राप दिन्छ । एक दिन नदीमा नुहाउन जाँदा उसको एउटा कपाल झर्छ उसको जीवनमा नसोचका घटनाहरू पैदा हुन्छ । कथाअनुसार सुनकेस्रा रानीले झरेको केशलाई पोको पारेर नदीमा बगाई पठाउँछे । जुन पोको बग्दैबग्दै जाँदा नदीमा नुहाइरहेको अर्को सहरको राजकुमारले भेट्टाउँछ । पोको खोलेर हेर्दा सुनको केश पाएपछि राजकुमार सुनकेस्रा रानीसँग विवाह गर्ने दृढ निर्णयमा पुग्छ । राजकुमारका बुवा राजाको आज्ञामा सुनकेस्रा रानीलाई लिन मस्वासीनामक एक बुढी आइपुग्छे । उसले बुधसेनको सातोको पोको पत्ता लगाउन सुनकेस्रा रानीलाई ललाईफकाई गर्छे । सुनकेस्रा रानीले सातोको पोका सोधेपछि बुधसेनले आफ्नो मृत्यु निश्चित ठान्छ । उसले सुनकेस्रा रानीलाई आफ्नो लास जलाएर खरानी खाल्डोमा गाड्ने सर्त राख्दै आफ्नो आत्माको पोको कम्मरमा बाँधिएको छुरामा भएको बताउँछ ।

❑

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धिमाल

'कासे या कास्यार' थरको उत्पत्ति : कासे थरका धिमालले कासे (टाटरी)को पातमा केही पनि चीजवीज खाँदैनन् । यसवारे के किंवदन्ती छ भने उहिल्यै एक धिमालले जेठी सासूलाई बैनी विरामी भएको झुटो कुरा गरी जङ्गलको लामो बाटो हुँदै घर लग्यो । सीधा बाटो नभएर घुमाउरो बाटो हुँदै लैजाँदा बाटोमै रात पर्‍यो र उनीहरू कासे रूखको ठुलो पात ओछ्याएर सुते । मध्यरातमा भीरभीरे चरा 'भीरभीर' भन्दै कराएकाले बहिनीज्वाइँले जेठी सासूलाई एक ठाउँ सुत्नलाई मनायो । यसरी उनीहरूविच यौनसम्वन्ध स्थापित भई जन्मेको सन्तान नै कासे थरका धिमाल भएको विश्वास छ । कासे थरका धिमालको मृत्युसंस्कारमा कासे (टाटरी) रूखको बोक्रा वा पात अनिवार्य चाहिन्छ ।

किरातइङ्वा : धिमालजातिले आफूलाई किरातइङ्वाका सन्तान मान्दछन् । उत्पत्ति कथामा "मङ्गोल" लाई "स्वयम्भू मनु" र सतरूपाका सन्तान भनिएको छ । मङ्गोल जातिका उत्पत्तिस्थल हेमन्तभूमि (मङ्गोलिया) मा वसोबास गर्ने मङ्गोल-स्कन्धका जातिका आदिपूर्वज हुन् । उनका तीन भाइ छोरामा जेठा मुनाइङवा, माइला नाम थोवोइङवा र कान्छा योबोइङ्वा थिए । हेमन्तभूमिमा तत्तगिरिको ताप खप्न नसकेर यी तीन भाइका सन्तान कालान्तरमा तीनतिर छुट्टिँदा योवोइङ्वाका सन्तान हेमन्तगिरिदेखि दक्षिण ज्वालामुखी गिरि नाघी मङ्गोलिया दक्षिण र सुदूरपूर्व जापान, बर्मा, श्याम, कोचिन पुगे । थोवोइङ्वाका सन्तानहरू भने उत्तर हिमालगिरि नाघी चीन र ल्हासातर्फ लागे । मुनाइङ्वाका पुत्र किरातइङ्वाका सन्तान भारतीय उपमहाद्वीप उत्तर र पूर्वी हिमालय विशेषतः नेपाल र आसाममा बसोबास गरे । तिनै किरातइङ्वाका एक हाँगा धिमाल हुन् भनिन्छ ।

कुलङ्वा विवाह : पहिलापहिला धनीमानी धिमाल परिवारमा विधवा विवाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्थ्यो । चाँडै लोग्ने मरेको स्वास्नीलाई अर्को पुरुष विशेष गरी स्वास्नी नभएको, पाको उमेरकालाई घरज्वाइँ जस्तै भित्र्याएर लोग्ने बनाउने परम्परा थियो । यसरी लोग्ने राख्न चाहने धिमाल स्त्रीले पञ्च साक्षी राखी लोग्नेलाई पुरानो कन्दनी र टुप्पी काट्न लगाई चाँदीको नयाँ कन्दनी लगाइदिएर भित्र्याउँथी । यसो गर्दा नयाँ लोग्ने पुरानो थर नाश भई स्वास्नीको पुरानो लोग्नेको थरमा ऊ गाभिन्थ्यो । यस चलनलाई नै कुलडुवा भनिन्थ्यो । यो विवाह दुब्रा माझीको दिदी आब्रुङ् बेराङले गरेकी थिई । एउटा छोरी भएपछि लोग्ने गुमाएकी उसले पञ्च साक्षी राखेर माथि उल्लिखित विधिविधानपूर्वक नयाँ लोग्ने भित्र्याएकी थिई । हालमा यो विवाह अस्तित्वमा छैन ।

चिसाङ्ङ : चिसाङ नदीको नामकरण धिमाल भाषाबाट भएको मानिन्छ । पहिला धिमाल बस्ती झापा उत्तरी क्षेत्र लेटाङ, भोगटेनी, गुवाइबारी, धिमाल डाँडा, धिमाल राजापोखरी, धिमाल रानीपोखरी आदि ठाउँमा थियो । लोक्राझारको अर्थ वाघ बस्ने जङ्गल र लक्ष्मीथानको अर्थ उहिले लक्ष्मी धिमालको गाउँको महाराजथान हो । लक्ष्मी धिमालको गाउँबाट नदी तरेर लोक्रा जङ्गल जान मानिस डराउँथे । धिमाल भाषामा *ओदोपार मापारासु लोक्रा चिसाङ*बाट पछि चिसाङ नदी नामकरण भएको हो । *ओदोपार मापारासु लोक्रा चिसाङ*को अर्थ 'अर्को छेउतिर नदी तरेर नजानुहोस् बाघले खान्छ' भन्ने हुन्छ ।

जारीजारी सोना गीतको उत्पत्ति : चाउमाझी र तुक्नी बेराङको पाँच जना छोरा जेठा बगाराई माझी, माइला अकाराई माझी, साइँला माखालाई माझी, काइँला चुदुर माझी र कान्छाको नाम चुनाई माझी थियो भने पाँच छोरीमा जेठी धाले बेराङ, माइली थोद्या बेराङ, साइँली पेन्धी बेराङ, काइँली दा बेराङ र कान्छीको नाम लेङ बेराङ थियो । एक दिन चाउमाझीका छोराबुहारी लेक्तीधान (अनन्दि धान) भुटेर सातु बनाई सिध्ला (सुकाएको माछा) भुटेर ओख्लीमा कुटी तयार पारिने अचारसँग खाजा खाँदै बस्दा अपरिचित एक वुढी आइपुगेर "तिमीहरू के सल्लाह गर्दै छौ नि ?" सोधी । छिटोछिटो खाजा खाँदै उनीहरूले पनि परिचय माग्दा त्यस बुढीले आफू सती बेराङ भएको वताई । उसले गाउँगाउँमा घुम्दै सबैलाई गीत बनाउनु दिइसकेको र मात्र चाउमाझीको परिवार बाँकी भएकाले कुन गीत बनाइदिऊँ भनी । सबै जना अलमल्ल परे । चाउमाझी नजिकै चिलिम तान्दै थिए । के गर्ने भनेर वुवा चाउमाझीलाई वोलाए तर उसले पनि केही भन्न सकेन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नजिकै तुक्नी बेराङ रक्सी पार्न यताउति गर्दै थिई । तोक्राको घैँटोको घेन्सिङ जाँड कम्मरमा बोकेर उनीहरूको छेउ आउन लाग्दा उसको हात चिप्लिएर घैँटो फुटेर घेन्सिङ सबै पोखिँदा चाउमाझी हतपत *"जारीसोना"* भन्दै करायो । सती बेराङले 'ल तिमीहरूको गानाको बोल नै जारीसोना भयो' भनी । जारीसोना भन्दै गीत गाउनुपर्ने भनी । जाने बेला उसले "दोपाघा काङधन" अर्थात् 'सकियो नि मेरो धन' भनी । उनीहरूले उसलाई सुनको हार्पे पेटानीको गोजी (बुँसुँ) मा हालिदिई पठाए । त्यस बेलादेखि धिमाल समुदायमा जारीसोना गीतको रचना भएको भन्ने किंवदन्ती पाइन्छ । त्यसरी धिमाल महिलाले सुन, चाँदी पनि यही बेलादेखि पहिरिन थालेको विश्वास छ ।

तुक्नी बेराङ : धिमालका आदिमाता । धिमाल समुदायमा पार्वा(तिहार)मा तुक्नी बेराङको पूजा गर्ने प्रचलन छ । उसले उहिले धान कुटेपछि घाम लागेको कथा छ । उहिले बादल लागेको लागेकै गरेर धान सुकाउन नपाउँदा गाउँमा हल्लाखल्ला मच्चिएछ । चाउमाझीका बुहारी घाम नलागेर हैरान भइबसेको बेला बुढा धरम ठाकुर आइपुगेछ । उसले सासू आमालाई धान कुट्न लगाए घाम लाग्ने बतायो । तर सारै बुढी भइसकेकाले उसले धान कुट्ने सम्भावना थिएन । उता तुक्नी बेराङले धान कुटेमा घाम लाग्ने हल्ला गाउँभरि नै फैलिसकेको थियो । सबै गाउँलेले उसलाई धान कुट्न आग्रह गरे तर उसले सुने नि नसुनेजस्तो चुपचाप बसिदिई । बादल लागेको लागेकै भएपछि गाउँमा चामल सकिसकेको थियो । एक दिन उसका छोराहरूले पनि गाउँलेका भलाइका लागि एक पटक धान कुट्न उसलाई सारै नै अनुरोध गरे । तब ओख्ली र मुस्ली मागेर उसले अनन्दी धान (लेक्ती उम) हाँसीहाँसी कुट्न थाली । आकाश गर्जियो, झिलिकझिलिक विजुली चम्क्यो । ऊ अचानक मुर्छा परेर मरी । एकछिन भयङ्कर पानी परिरह्यो । अनि आकाश खुल्यो र घाम लाग्यो । बेलुका छ्याङछ्याङती चन्द्रमा देखियो । गाउँलेले चन्द्रमामा हेर्दा तुक्नी बेराङलाई बसिरहेको देखे । गाउँलेको कल्याणको लागि धान कुटेकोले उनीहरूले तुक्नी बेराङलाई पूजा गर्न थाले ।

थारू थरको कथा : धिमालका विभिन्न थरमा एउटा थर थारू पनि हो । थारूजाति र थारू धिमाल थरबिचमा सम्पर्क र सम्बन्ध रहेको कथा स्वयं धिमालले मान्दछन् । उहिले थारूजातिको एक लोग्नेमान्छेले धिमाल स्त्री

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवाह गरेपछि ऊ आफ्नो जातबाट अलग्गियो । पछि धिमालले उसलाई आफ्नो जातमा स्वीकार गरे र उनका सन्तान थारू धिमाल भए । अर्को भनाइअनुसार एउटा धिमालले थारू महिला विवाह गरी घरज्वाइँ बस्दा या आफ्नो कुल डुबाएर स्वास्नीको कुल कुलडुवा लियो । त्यसैका सन्तान आमाको थरअनुसार थारू धिमाल भए । अर्को कथाअनुसार धेरै अघि एउटा धनी धिमालको हलिचाहिँ थारू थियो । रहँदाबस्दा धनीधिमालका एउटी छोरीसँग उसको शारीरिक सम्बन्ध भई छोरा जन्मियो । उसबाट जन्मने धिमाललाई थारू धिमाल भनियो ।

च्याब्रुङको 'चाङ' र 'दिङ' तालको उत्पत्ति कथा : पहिला धिमालहरू कोसीवारि र पारि दुवैतिर बस्थे । एक पटक कोसीवारिका केटा कोसीपारिकी केटी लिन 'चाङचाङ' तालमा च्याब्रुङ बजाउँदै गए । बाटोमा एक जना 'दिङ' नामक नामुद धामी खेतमा तमाखु गोड्दै थियो जसलाई विहेमा निम्तो नदिएकाले एकदम रिसाएको थियो । केटी लिएर फर्किंदा कोसीमा विशाल पानीको बाँध लगाइएको थियो । त्यसलाई तर्न जन्तीलाई मुस्किल पऱ्यो । जन्तीतिरका धामीले तान्त्रिक शक्तिले पानीको रास हटाउने कोसिस गरे तर सकेनन् । उसले जोखना हेर्दा कोसीपारिको त्यही दिङ धामीको काम भएको थाहा भयो । केटापक्षको धामी माफी माग्न दिङ धामीकहाँ पुग्यो । उसले शिर उठाउनीका लागि एक घ्याम्पो घेन्सी र एक बोतल रक्सी चाहिने बतायो । उसको माग केटापक्षकाले पूरा गरे । उसले पानीको बाँध खोलिदियो र जन्तीहरू कोसी तरेर आए । त्यस बेलादेखि ढोल बजाउँदा दुवै धामीको सम्मानस्वरूप 'चाङचाङ' र 'दिङदिङ' तालमा बजाउने चलन आएको किंवदन्ती छ ।

धिमालको उत्पत्ति : उहिले उत्तर पूर्वी पहाडबाट मधेस हान्न फौज लिएर आएका धौले राजाले कतै जित्दै, कतै हार्दै फर्कन लाग्दा मधेसको फौजले आक्रमण गरी लेखेट्यो । यस क्रममा कोहीकोही फौज बाटो बिर्सेर तल तराईमा नै अलमलिएर बसोबास गरे । तिनै अलमलिएका फौजका सन्तान धिमाल भएका, 'धौले' शब्दबाटै धिमाल भएका हुन् भन्ने कथन छ ।

न्हाकाको उत्पत्ति : एक दिन धिमाल बुढापाकाहरू (वाराङ्गेलाई) एक ठाउँमा भेला भई गफ गरिरहेका बेला अचानक बारीमा केराको बोटको पात हावामा हल्लेको देखे । यो केराको पात हल्लाइले उनीहरूको मनलाई छोयो । उनीहरू केराको पात दायाँबायाँ हल्लिएझैं गरी आल्गीधाबा ओढेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिनय गर्न लागे । पछि यसवाटै धिमाल नाच (न्हाका)को उत्पत्ति र विकास भएको लोकविश्वास पाइन्छ ।

बुवा र आमा देउता : धिमालहरूले आफूले पूजा गर्ने "बुढाठाकुर" देउता नै विजयपुर धरान सुनसरीस्थित अवस्थित बुढासुब्वा देउता हुन् भन्ने विश्वास गर्दछन् । धिमालहरूले "बुढाठाकुर" लाई आफ्नो वुवा र बेराङलाई आमा देउताको रूपमा मान्दछन् ।

मोरङ नामको उत्पत्ति कथा : पहिले तराईमा बाढी धेरै आउने गर्दथ्यो । वर्षामा बाढी धेरै आउने तर अरू वेला खोलानालाहरू सुक्खा हुने गर्दथ्यो । खोलानाला सुकेपछि खोलाले छोडेको माटो खसेर खेतीपाती गर्ने गरिन्थ्यो । खोलाले छोडेको भागलाई धिमाल भाषामा *"मारालाका माराङ"* वाट बोल्दावोल्दै मोरङ भएको हो ।

लातेर थर : धिमाल भाषामा ला+तेर = लातेरको अर्थ हुन्छ : ला (लाधेका : छोडिएको) र तेर (धेरै टाढा) । उहिले समहू विभाजन गरेर सिकार खेल्न गएका धिमाल पूर्वजको एक समूह जङ्गलभित्रै बस्न थाल्यो । अन्य समूहले खोज्दा पनि नभेटाएको यो समूहलाई धेरै वर्षपछि मात्र गाउँ निस्केकाले लातेर भनिन थालियो । यसबार्ट लातेर थर उत्पत्ति भयो । यस थरभित्र तेङ्माली, बाङ्माली, चोइमाली थरका धिमाल पर्छन् । यस थरका धिमाल अहिले पनि कुनै पनि नयाँ चीजवीज नचढाई खाँदैनन् । धिमालको पार्वा (तिहार)मा अदुवा, बेसार, नयाँ अन्न, जङ्गलका फलफूल, अमलाको हाँगा वा पात आदिको पूजा गर्दछन् ।

लिम्बू र धिमालबिचको किंवदन्ती : उहिले दुई दाजुभाइ कतै टाढा गएर फर्कंदा कुनै कारणवश भाइ पछि परेछ, दाजुले भाइलाई बाटो चिन्हस्वरूप केराको वोट र वोहरीको रूख काट्दै अगाडि बढेछ र पहाडमा आई लिम्बू भएछ । भाइ केराको टुसो पलाइसकेको र बोहरीको रूख कालो भइसकेको देखी अगाडि नवढी तराईमै बसी धिमाल भएछ । धिमालहरू किरातीहरूमा पनि लिम्बूलाई सबैभन्दा नजिकको दाजुभाइ ठान्दछन् । धिमाललाई मधेसको लिम्बू पनि भन्ने गरिन्छ ।

लिम्बू र धिमालको उत्पत्ति : एक पटक स्वर्गमा केरकोइ र नेरकोइ नामका दुई सुन्दरी परी थिए । तिनीहरू नाच्न अत्यन्त सिपालु थिए । तिनलाई नाच्दा वादनमा साथ दिने साँकु र माँकु नामका दुई प्रसिद्ध वादक थिए । एक दिन नाच्दानाच्दै संयोगवश ती दुवै युवतीको आँखा वादकका आँखासँग जुध्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुग्यो र नृत्यमा ताल चुक्यो । यस कुराले स्वर्गका महाराज इन्द्रलाई सारै रिस उठेर सबैलाई मर्त्यलोकमा झर्नुपर्ने सराप दिए । पृथ्वीमा ओर्लेपछि वादक साँकु र माँकु क्रमशः सुखनु र दुःखनु भए भने नर्तक केरकोइ र नेरकोइ क्रमशः हीरा र मोती भए । श्रापमोचनका लागि विभिन्न स्थामा घुम्दाघुम्दै उनीहरूबाट सन्तान जन्मिए । तिनै सन्तानमध्ये हीराका सन्तान धिमाल र मोतीका सन्तान लिम्बू भएका हुन् भन्ने किंवदन्ती छ ।

लेटाङ : धिमालजातिको थातथलोसँग जोडिने मोरङको एक ठाउँ । धिमालहरू पहिला मोरङ जिल्लाको लेटाङ भन्ने ठाउँभन्दा माथि धिमाल डाँडामा बस्ने गर्थे । धिमाल भाषामा माथिबाट तल वा *"रा सो लेता (पहाड) बाट मुन्तिर वा तल्तिर"* भन्ने हुन्छ । माथिबाट उता तल्तिर भन्दा लेटाङ भनिन्छ । धिमाल समुदायको पहिला बसोबास भोगटेनी डाँडा वा धिमाल डाँडामा थियो । धिमाल डाँडाबाट तल्तिर लेटाङ पर्दछ ।

लोहोन्द्रा : धिमाल भाषाबाट नामकरण भएको लोहोन्द्रा खोला उत्तरबाट बग्दा नागबेलीबिचमा फुकेको थियो । धिमाल भाषामा यसलाई *दोन्धा झोरा* भनिन्थ्यो । पछि *दोन्धा* भन्दाभन्दै अपभ्रंश भई *लोन्धा* भनियो । त्यही लोन्धालाई पछि गएर *लोहोन्द्रा खोला* भनिएको धिमाल बुढापाका बताउछन् । *दोन्धा झोरा*को अर्थ 'सामानहरू राख्ने पिँजरा जस्तो आकारको खोला वा नागबेली परेको बिचमा फुकेको खोला' भन्ने हुन्छ ।

बिर्तामोड : उहिले अहिलेको झापाको बिर्तामोड जङ्गल फँडानी गरेर धिमालले बस्ती बसाएको र पछि सो जग्गा अनारमुनि अन्धारु देउन्याको नाममा बिर्ता दिएकाले बिर्तामोड नाम रहन गएको भनाइ छ ।

सनपकुवा : पहिला धेरै वर्षअगाडि एक जना धिमाल केटाले अर्को गाउँको केटीलाई अनजानमा दोजिया (पेट बोक्ने) बनाइदिएछ । पछि सो केटीलाई त्यो गाउँका बुढापाका सबै मिलेर जिम्मा दिन त्यो केटाको घरमा ल्याइपुऱ्याएछन् । धिमाल भाषामा जिम्मा दिन आउनुलाई "सोङ्पाका" भनिन्छ । पछि सोही "सोङ्पाका" शब्दको अपभ्रंश हुँदै सनपकुवा नाम रहन गएको विश्वास छ ।

साली बेराङ र बुढाठाकुर : धिमालको पुर्खा धर्म राजाको दुई जना छोरा र दुई जना छोरीमा छोराहरूको नाम बुढाठाकुर र चाउमाझी अनि छोरीहरूको नाम साली बेराङ र तुक्नी बेराङ हुन् । साली बेराङ र तुक्नी बेराङ ओख्लीमा धान कुट्थे । बुढाठाकुर र चाउमाझीले एक दिन च्याब्रुङ बनाउँदा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तुक्नी बेराङ र साली बेराङको धान कुट्ने आवाज र तालको शैलीमा वादन शैली निर्माण गरेछन् । सधैँ च्याब्रुङ मात्र बुढाठाकुर र चाउमाभ्फीलाई एक दिन साली बेराङले कति मात्र बजाउन सकेको हौ भनी गाली गरेछ । धान कुट्न हुने च्याब्रुङ बजाउन किन नहुने भनेछन् उनीहरूले । एक दिन बुढाठाकुरले साली बेराङ असाध्यै मन पर्ने चाउमाभ्फीलाई बताएछ । चाउमाभ्फीले पनि तुक्नी बेराङ असाध्यै मन पर्ने बतायो । एक दिन उनीहरूलाई तर्साउने दुई भाइले सल्लाह गरे । एक विहानै भ्फिसमिसेमा नाङ्गै बुढाठाकुर च्याब्रुङ बजाउँदै र चाउमाभ्फी नाच्दै ओख्लीमा धान कुट्दै गरेका साली बेराङ र तुक्नी बेराङकहाँ पुगे । साली बेराङ र तुक्नी बेराङ तर्सेर दौडिन खोजे । तर चाउमाभ्फीले तुक्नी बेराङको हात च्याप्प समातिहाल्यो । च्याब्रुङ राख्दाराख्दै ढिला भएको बुढाठाकुरले साली बेराङलाई खेदाउँदै गयो । लखेट्दै जाँदा ऊ घरभित्र कुनामा पसेर लुकी । समात्न खोज्दा त्यही कुनामा विलीन भई । साली बेराङ निस्क, निस्क भनेर बुढाठाकुर चिच्च्याउन थाल्यो । तर निस्किँदै ननिस्केपछि आँगनमा आएर लडीबुडी गर्दै रुनकराउन थाल्दा ऊ विलीन भएको किंवदन्ती छ । त्यसैले पार्वा (तिहार)मा साली बेराङलाई घरभित्र उत्तरपूर्व दिशा कुनामा र बुढाठाकुर वाराङलाई आँगनमा पूजा गर्ने परम्परा छ । त्यसैताकाबाट दाजुभाइ दिदीबहिनीबिच बिहेवारी गर्न नहुने चलन चलेको लोकविश्वास छ ।

सुनसरी नामको उत्पत्ति कथा : पहिला धिमालहरू एक ठाउँमा बसेपछि हत्तपत्त नसर्ने वा एकै ठाउँमा धेरै लामो समयसम्म गुज्जमुज्ज बाक्लो घर बनाए बस्ने गर्थे । धिमाल भाषा *"सोना मालेताङ्का रेई सोना* वाट *सोनासरी"* को 'सोनासरी'वाट सुनसरी भएको धिमाल बुढापाका बताउँछन् । *"सोना मालेताङ्का रेई सोना"*को अर्थ सारै 'प्यारो ठाउँ, ठाउँ नसर्ने हैं' भन्ने हुन्छ ।

❑

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेवारी

इटुम्बहाल : राजा भाष्करदेवका कान्छा छोरा केशचन्द्रले इटुम्बहाल बनाएको मिथक हो । केशचन्द्र सुरुमा महाजुवाडे थियो । एक दिन पासा खेलमा सारा सम्पत्ति हारेर ऊ दिदीकोमा पुग्यो । दिदीको ठमेलस्थित भगवान् वहालको एक धनाढ्यसँग विवाह भएको थियो । भाइ आएकामा खुसीमा दिदीले सुनको थालमा मेवामिष्टान्न खुवाइन् । तर खाना खाइसकेपछि उसले त्यो सुनको थाल चोरेर जुवापासा खेल्न गयो । त्यो पनि हाऱ्यो । जुवा खेल्ने उसको लत झन्झन् तीव्र हुँदै गयो । फेरि दिदीकोमा गयो । दिदीले चाँदीको थालमा मेवामिष्टान्नसहित भोजन गराई । त्यो चाँदीको थाल पनि चोरेर जुवामा हाऱ्यो । दिदीले थाहा पाई र निकै गाली गरी । अर्को पटक दिदीले तामाको थालमा खाना खुवाई । तर पनि उसको वानी गएन । तामाको थाल पनि चोरेर जुवा खेल्यो । त्यो पनि हारेपछि ऊ यति चिन्तित भयो कि अब जाने ठाउँ कतै थिएन । तर बाध्य भएर फेरि दिदीको घर गयो । यसपल्ट दिदीले पहिले जस्तै सत्कार र माया गरिन, फलामको थालमा राखेर खाना खुवाई । यसपल्ट उसले पहिलेको गल्ती दोहोऱ्याएन । बरु दिदीले दिएको खाना नखाई जम्मा गर्न थाल्यो । सबै खाना कपडामा पोको पारेर जङ्गलतिर गयो । जाँदाजाँदा थाकेर एक ठाउँ रूखको छाहारीमुनि बस्यो । भोक र थकानले त्यही निदायो । जब ऊ बिउँझियो तब कपडामा पोको पारेर राखेको सबै खाना परेवाले खाइसकेको रहेछ । भोकले चुर भएको ऊ जोडजोडले रुन थाल्यो । भोक र चिन्ताले बेहोस भयो । त्यति नै खेर खाना खाइदिने परेवाहरूले ऊमाथि दया गर्दै सुन विस्ट्याए । बिउँझँदा उसले आफ्ना वरिपरि सुनैसुनका डल्लाहरू पायो । यो दयाका लागि भगवान् र परेवाहरूलाई धन्यवाद दिँदै उसले आइन्दा कहिल्यै जुवापासा नखेल्ने, बाँकी जीवन भगवान्को जप र दीनदुखीका लागि बिताउने निर्णय गर्दै इटुम्बहाल बनायो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुमारी : काठमाडौँ तलेजु मन्दिरमा कुमारी चुन्ने तथा श्री तलेजु भवानीको अवतारको रूपमा पूजा गर्ने प्रसिद्ध परम्परा छ । जुन परम्परा राजा त्रैलोक्य मल्लको पालामा सुरु भएको हो । किंवदन्तीअनुसार राजा त्रैलोक्य श्री तलेजु भवानीका अनन्य भक्त थिए । महिलाहरूले हेर्न नमिल्ने गरी शास्त्रोक्त विधिपूर्वक बनाइएको हीराको तन्त्रशक्तिले उनी श्री तलेजु भवानीसित पासा खेल्ने र राज्यसञ्चालनमा परेका समस्यासम्वन्धी सपनामा सल्लाह गर्ने गर्थे । तर एक दिन उनको एक छोरीले त्यो तान्त्रिक हीराको जन्तर हेरिदिई । तब उनीसित पासा खेल्न श्री तलेजु भवानी आउन छाडिन् । राज्यसम्वन्धी छलफल पनि हुन पाएन । राजाले अनेक बिन्तीभाव र बिलौना गरे । एक दिन श्री तलेजु भवानी सपनामा प्रकट भई । राज्यभित्रको शाक्यकुलकी सानी छोरीलाई कुमारी स्थापना गरे उसको शरीरमा आफू वस्ने राजालाई आश्वासन दिई । राजा त्रैलोक्यले आफ्नो राज्यभित्रको शाक्यकुलकी कुमारी तुरुन्तै स्थापना गरे । सोही कुमारीलाई श्री तलेजु भवानीको अवतारका रूपमा पूजा गर्ने प्रचलन बसाए । त्यस्तै अर्को किंवदन्तीअनुसार राजा जयप्रकाश मल्ल पनि तलेजु भवानीसँग प्रत्यक्ष कुराकानी गर्ने, पासा खेल्ने र राजकाजका वारेमा आवश्यक परामर्श पनि लिन्थे । तर एक दिन पासा खेल्ने क्रममा भवानीको रूप र यौवनले राजा मोहासक्त भएपछि भवानी अवउप्रान्त आफूलाई मानव कुमारीका रूपमा मात्र दर्शन पाउने भन्दै अलप भइछिन् । एक दिन सहरकै कुनै एक जना साहुकी छोरीले आफू तलेजु भवानी भन्दै काम्न थालिछे । राजाले त्यो केटी नक्कली हो, त्यसका दुष्ट आँखाले जनमानसको अहित गर्ने आशङ्का गरी देशनिकालाको आदेश दिएछन् । त्यसै रात राजाकी महारानीहरूमध्ये एउटीको शरीरमा तलेजुले प्रवेश गरी - कुमारीलाई देशनिकाला गरेर निकै ठुलो अनर्थ गरेको भनेर बताइन् । आफ्नो गलत कार्य र त्यसको परिणामबाट भयभीत राजाले तुरुन्त त्यस कुमारीलाई खोजी जीवित कुमारीका रूपमा पूजा गर्न थाले । उनका लागि छुट्टै कुमारीघर निर्माण गराई पूजादि व्यवस्थासहित जात्राको प्रचलन चलाए ।

गाईजात्रा : गाईजात्रा राजा प्रताप मल्लको पालामा सुरु भएको मानिन्छ । राजकुमार चक्रवर्तेन्द्रको असामयिक मृत्युमा शोकविह्वल महारानीलाई वेद, उपदेश आदिको उदाहरण वा उपाय दिएर पनि सामान्य अवस्थामा फर्काउन नसकेपछि राजाले वर्षभरि जजसको घरमा परिवारका सदस्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिवङ्गत भएका छन् तिनीहरू सबैलाई राजदरबारमा हाजिर हुन उर्दी जारी गर्छन्। सहरका सारा गाई बटुली गाईको शोभायात्रा निकालिन्छ। मृतकका नाममा निकालिएका सारा गाई लिएर राजाबाट पारितोषिक लिएर जान्छन्। राजाले कसैका घरमा बुबा, कसैका आमा, कसैको छोरा त कसैको छोरी आदि कोही न कोही मरेको बताउँदै रानीलाई चित्त शान्त पार्न अनुरोध गर्छन्। यसका बावजुद पनि रानीको शोक कम हुँदैन। राजाले अब अन्तिम उपायका रूपमा मन्त्रीगणसँग सल्लाह लिई रानीलाई हँसाउन सक्नेलाई उचित पुरस्कारको घोषणा गर्छन्। मानिसहरू अनेक तरहले रूप, चाल, हाउभाउ कटाक्षका साथ सजिएर विचित्र क्रियाकलाप गर्दै सडकमा आउँछन्। बहुरूपी अनेक तरहका हाउभाउले बल्ल रानीको मन रोमाञ्चित हुन्छ। चित्त पनि शान्त हुन थाल्छ। अनि आफ्नो दिवङ्गत छोराको सन्तापबाट मुक्त हुन्छिन्। यसरी रानी हाँसेपछि राजाले सारा ख्यालीका कलाकारलाई इनाम दिएर हरेक वर्ष यसरी गाईजात्रा उत्सव मनाउने उर्दी पनि जारी गर्छन्।

गुरुमापा : नेवार समुदायमा हरेक वर्षको होली पूर्णिमाका दिन टुँडिखेलमा खाना राख्न जाने चलन छ। यस चलनको सुरुवात राजा भाष्करदेवका कान्छा छोरा केशचन्द्रको पालामा सुरु भएको मानिन्छ। उनले नै गुरुमापानामक राक्षसलाई आफ्नो घरबाट निकालेर टुँडिखेलमा पुऱ्याई खाना लगिदिने चलन सुरु गरेका थिए। किंवदन्तीअनुसार केशचन्द कति जुवाडे थियो भने उसले आफ्नो सम्पत्ति मात्र होइन दिदीले खाना खुवाउने सुनको थाल, चाँदीको थाल, तामाको थालसमेत चोरेर जुवामा हार्दछ। जब दिदीले फलामको थालमा खाना खुवाउन थाल्छे तव मात्र उसमा चेत आउँछ र दिदीले दिएको खाना कपडामा पोको पारेर जङ्गलतिर जान्छ। धेरै दिनको भोक, तिर्खाले खाना नखाई एक रूखको छहारीमा निदाइहाल्छ। विउँझिँदा कपडामा पोको पारेर राखेको सबै खाना परेवाले खाइसकेका हुन्छन्। तव भोकले चुर भएको ऊ वेहोस हुन्छ। ऊप्रति दया लागेर परेवाहरूले सुन विस्ट्याउँछन्। विउँझिँदा आफ्ना वरिपरि सुनैसुनका डल्लाहरू पाएर आइन्दा कहिल्यै जुवापासा नखेल्ने, बाँकी जीवन भगवान्को जप गर्दै दीनदुखीका लागि विताउने निर्णय गर्छ। परेवाहरूले यति सुन बिष्ट्याएका हुन्छन् कि ऊ एक्लैले बोक्न सक्दैन। सोही वेला एक जना बलशाली राक्षसाकृति गुरुमापा उसलाई धम्क्याउँदै आइपुग्छ। निडरतापूर्वक उसले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुमापालाई मामा भनी सम्वोधन गर्छ। मामाले भान्जालाई मार्नपिट्न नहुने भन्दै सुन बोक्नलाई सहायता माग्दा गुरुमापाको पनि मन पग्लिन्छ। उसले गुरुमापाको सहायतामा बोराका बोरा सुन इटुम्वहालसम्म ल्याइपुऱ्याउँछ। आफ्नो वाचाअनुसार केशचन्द्रले गुरुमापालाई आफ्नो घरको एउटा गोप्य ठाउँमा राखी मिठो भोजन गराउँछ। तर समय गुज्रिँदै जाँदा गुरुमापाले वालबालिका मारेर खान गरेको रहस्य खुल्छ। यहाँसम्म कि केशचन्द्रका आफ्नै छोरालाई पनि उसले मारेर खाइदिन्छ। तब केशचन्द्रले गुरुमापालाई टुँडिखेलमा लगेर गाडेर राख्ने र हरेक दिन उसलाई खाना पुऱ्याउने गर्न थाल्छन्। यो चलन अद्यापि हरेक वर्षको होली पूर्णिमाका दिन टुँडिखेलमा खाना राख्न जाने चलन छ।

गोकर्ण औँसी : गोकर्णेश्वरका समीपको वाग्मतीलाई भाद्र कृष्ण औँसीका दिन पितृतीर्थको रूपमा मानिने चलन छ। यसको मिथक एक वेश्यापुत्र दन्तुरको पितृखोजसँग जोडिएको छ। किंवदन्तीअनुसार पौराणिक कालमा एउटी वेश्यामार्फत नेपालमण्डलमा उसको जन्म भएको थियो। ऊ जब हुर्किँदै गयो, उसले थुप्रै सामाजिक अपहेलना सहनुपऱ्यो। साथीसँगीबाट विनाबावुको छोरा भनी अनेकौँ हेपाइ खाएपछि आमासँग बुवाको बारेमा सोधीखोजी गर्न थाल्यो। तर वेश्या भएकाले आमालाई पनि उसको वुवा को हो भन्ने थाहा थिएन। त्यसपछि बुवाको खोजीमा विभिन्न ठाउँ भौँतारिन थाल्यो। तर कहीँ गएर पनि वुवा पत्तो लाउन सकेन। अन्त्यमा भौँतारिँदै एक ऋषिको आश्रममा पुगी उसैको सेवा गर्न थाल्यो। धेरै दिनको सेवापछि एक दिन उसले ऋषिलाई आफ्नो समस्या बतायो। ऋषिले उसलाई गोकर्णेश्वरको समीप वाग्मतीमा नित्य नुहाई पितृहरूलाई तर्पण गर्न, अनि गोकर्णेश्वर महादेवको पूजा आराधना सेवा गरे बुबाको पत्तो लाग्ने उपाय वताए। अब ऊ गोकर्णेश्वर महादेवको समीप वाग्मतीमा स्नान र तर्पण गरी गोकर्णेश्वरको सेवा गर्न लाग्यो। एक दिन नित्य स्नान गरी पितृलाई तर्पण दिन लाग्दा पितृलोकबाट सबै पितृहरू आई पिण्ड तर्पण हातमा थाप्न आए। आफ्ना वुवालाई थम्याउन नसक्दा अलमलमा परेको उसलाई ऋषिले बुबा चिनाइदियो। यसरी आफ्नो बुबा चिनिसकेपछि दन्तुर प्रसन्न भएर तर्पण-पिण्ड दान गरी घर फर्क्यो। त्यसै दिनदेखि गोकर्णेश्वरका समीपको वाग्मतीलाई भाद्र कृष्ण औँसीका दिन पितृतीर्थका रूपमा मान्यता दिइयो।

घोडेजात्रा : काठमाडौँ टुँडिखेलमा घोडेजात्रा मनाउने परम्परा गुरुमापानामक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राक्षसको आत्मालाई धपाउन सुरु भएको मानिन्छ । परापूर्वकालमा काठमाडौँ सहरको पूर्वीभागको ठूलो बाँझो चउरमा गुरुमापा नाम गरेको राक्षस बस्थ्यो । त्यो ठाउँलाई टुँडी भनिन्थ्यो । टुँडी नामको ख्यः अर्थात् चउर भएकाले पनि त्यस ठाउँ टुँडिखेल नामले प्रसिद्ध भयो । राक्षसले सहरका केटाकेटीहरूलाई गायब पारी मारेर खान्थ्यो । यस उपद्रवबाट आजित नगरका जनताले अनेक तरहले एक दिन गुरुमापा राक्षसको वध गरे। सोही खुसियालीमा काठमाडौँका जनताले टुँडिखेलमा घोडा कुदाएर आफ्नो खुसी व्यक्त गरे । गुरुमापा मारिए पनि उसको आत्मा चउरको दक्षिणमा अवस्थित खरीको रूखमा बसिरह्यो । त्यस आत्मालाई धपाउने अनेक उपाय गर्दा पनि पार लाग्दैनथ्यो । जो रूख काट्न जान्थ्यो उसको भोलि विहान मृत्यु भइहाल्थ्यो । राक्षसको आत्माले हरेक चैत कृष्ण औँसीका दिन बालबालिकालाई अपहरण गरी मारेर खान थाल्यो । अन्त्यमा गुभाजु तान्त्रिकको सल्लाहबमोजिम गुरुमापाको आत्मालाई पाहाँ चह्रे अर्थात् चतुर्दशीका दिन घोडा कुदाएर कुल्चेर धपाउने परम्परा सुरु भयो ।

चथाः गणेश चतुर्दशी : नेवारी समुदायमा भाद्रशुक्ल चौथी चतुर्दशीको चन्द्रमा नहेरी कोठा थुनेर बस्ने चलन छ । यसवारे यस्तो कथा छ, एक दिन भगवान् विष्णुको निवासमा देवसभा भइरहेको वेला चन्द्रदेवले पार्वतीको छोरा गणेशलाई हात्तीटाउके (हात्तीको टाउको भएको) भनी जिस्क्याउँछन् । अरू देउताहरूलाई सुन्दर रूपको भन्ने तर आफूलाई चाहिँ हेपेकोले चन्द्रदेवले गणेश भगवान्लाई उसको अनुहार हेर्ने सबै चोर बनून् भनेर श्राप दिन्छन् । तव चोर भइने डरले स्वर्गका देउताहरूले समेत चन्द्रदेवको अनुहार हेर्न छोड्छन् । कसैले आफ्नो अनुहार नहेरेपछि चन्द्रदेवलाई लाज हुन्छ । अत्ति नै भएपछि महादेव र अन्य देउताले लड्डु, दुध, मूला, दूवो आदि चढाई गणेश भगवान्सँग चन्द्रदेवलाई क्षमा गरिदिन याचना गर्छन् । गणेशदेवले भाद्रशुक्ल चौथीका दिनमा मात्र लागू हुने गरी श्राप कटौती गर्छन् । यसरी भाद्रशुक्ल चौथी चतुर्दशीको चन्द्रमा हेरे चोर दोष लाग्ने विश्वास जन्मियो ।

चामलको गेडा : उहिले भात पकाउँदा एक गेडा चामल मात्र पकाइन्थ्यो । सोही एक गेडा चामल पकाउँदा सबै जना परिवारको लागि पर्याप्त हुन्थ्यो । नेवार समुदायमा अहिले पनि भात पस्किनुलाई जा तायुगु भनिन्छ । तायुगुको अर्थ काटेर बाँड्नु हो । एक दिन एक जना नेवारले सहरबाहिरकी महिलालाई विहा गरेर ल्याएछ । उनलाई नेवारी संस्कारका बारेमा थाहा थिएन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनको लोग्नेले विस्तारै उनलाई सबै कुरा सिकाउँदै गए । चामल एक गेडा मात्र पकाउनुको कारण पनि सिकाए । एक दिन सो महिलाको माइतीबाट धेरै जना पाहुना आए रे । नेवार व्यापारको सिलसिलामा विभिन्न सहर गइरहन्थे । एक गेडा मात्र चामल पकाउँदा एउटा परिवारलाई प्रशस्त पुग्छ भनेर सिकेकी सो महिलाले दुईवटा परिवारलाई दुईवटा चामल पकाउनुपर्छ भन्ने लाग्यो । सोही धारणाले उक्त दिन उनले दुईवटा चामल पकाइन् । सोही दिनदेखि चामलको गेडाले आइन्दा धेरै चामल पकाउन परोस् भनेर श्राप दियो रे ।

जनैपूर्णिमा : भगवान् शिवले त्रिशूल गाडेको ठाउँबाट जलधारा प्रवाहित गोसाइँकुण्ड बनेको दिन पूर्णिमाका दिन भएकाले जनैपूर्णिमाको सुरुवात भएको किंवदन्ती हो यो । प्राचीन समयमा देवता र दानव मिली समुद्रमन्थन भएको थियो । मन्थनबाट कालकूट विष निस्केपछि त्यसले संसार दग्ध हुने भयो । त्यस विषबाट त्राण पाउने अरू उपाय केही नदेखी ब्रह्मा, विष्णुसहित भई सम्पूर्ण देवगण भोलेनाथ शिवका शरणमा पुगे । महादेव शिवले पनि संसारको कल्याणका लागि त्यस उग्र विषलाई पिइदिए । तर त्यो निल्न नसकी घाँटीमै धारण गरे जसका कारण शिवको सम्पूर्ण शरीर, मन, प्राण दग्ध हुन थाल्यो । उग्र पीडा खप्न नसकी शिव विक्षिप्त भई कुद्न थाले । आखिरमा हिमालयको गोसाइँकुण्ड खण्डमा पुग्दा पनि जलन खपिसक्नु भएन र त्यही पर्वतको वक्षमा आफ्नो त्रिशूल गाडी आफू त्यही खाल्डोमा निश्चेत भई लडे । शिवले त्रिशूल गाडेको पहाडको वक्षदेखि एक्कासि तीनवटा जलधारा प्रवाहित भई शिव सुतेको खोचमा पानी भरिन थाल्यो । यही त्रिशूल गाडेको ठाउँबाट जलधारा फुटी गोसाइँकुण्ड बन्यो जुन दिन पूर्णिमाको दिन भएकोले जनैपूर्णिमाको पनि सुरुवात भयो ।

न्याएँ गःचा : उहिले एक समयमा एक दुष्ट आत्माले वस्तीमा उधुम मच्चाइरहेको थियो रे । बस्तीका नागरिक डरले त्राहित्राहि थिए अरे । उनीहरूको दैनिक जीवनयापनसमेत प्रभावित हुन थालेछ । मानिसहरूको आर्थिक र अन्य अवस्थासमेत डामाडोल हुँदै गयो । धेरै प्रयासका बावजुद पनि त्यो दुष्ट आत्मामाथि कब्जा गर्न सकिएको थिएन । उसले बस्तीका सारा ठाउँलाई कब्जा गरेको रहेछ । एक दिन एक जना तान्त्रिकले आफ्नो तपले त्यस दुष्ट आत्मालाई नियन्त्रण गर्ने उपाय पत्ता लगाए । बस्तीका सबैसँग सरसल्लाह गरी सो उपाय प्रयोग गर्ने निधो गरे । आफ्नो तप र लामो समयको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तान्त्रिक शक्तिले भैरव र बेताललाई जगाउन सफल भए । भैरव र बेतालसहित भई सो दुष्ट आत्मासित घमासान युद्ध भयो । सो दुष्ट आत्मा निकै शक्तिशाली रहेछ । सो युद्धमा बेताल र भैरवको धेरै शक्ति खर्च भयो । युद्धको अन्त्यमा भैरवले आफ्नो सारा देवबल प्रयोग गरेर यो दुष्ट आत्मासँग घमासान युद्ध गरे । सो आत्माको वध गर्दा भैरवदेव अति क्रोधित भए । उनले आफ्नो रिसलाई शान्त गर्न सकेनन् । रिस र क्रोधमा भैरव टोलछिमेकमा दिनरात नाच्दै हिंड्न थाले । अन्त्यमा तान्त्रिकले भैरवदेवको रिस शान्त पार्न जापूँ गःचाको प्रयोग गरे । उनले सानो बालकको रूप धरी कपासको बियाँ अर्थात् ज्यापूमा तन्त्रमन्त्र प्रयोग गरी भैरवदेवको शरीरमा जिस्काईजिस्काई हिर्काउँदै उनको क्रोध शान्त पारे । सोही तान्त्रिकको बालकरूप कालान्तरमा ज्यापूँ गःचाको नामले चिनिन थाले ।

डाँगी : काठमाडौँमा हरके वर्ष मनाइने 'डाँगी वनेगु' पर्व इन्द्रजात्राको एक किंवदन्तीसँग सम्वन्धित छ । इन्द्रजात्रा किंवदन्तीअनुसार पारिजात फूल चोर्न स्वर्गबाट धरतीको नेपालमण्डल आएका इन्द्रदेवलाई चोरीको आरोपमा जात्रा गरेपछि केही सन्धिसम्झौता भयो । नेपालमण्डलका शक्तिशाली तन्त्रविद्याका प्रख्यात गुभाजुहरूले देवराज इन्द्रलाई मन्त्रबलले बाँधेर राखेका थिए । यो कुरा पत्ता लागेपछि इन्द्रकी आमा नेपालमण्डल आएकी थिइन् । इन्द्रलाई छोड्नका लागि राखिएका केही सर्तहरूमध्ये महिलाहरू पनि जिउँदै स्वर्ग जान सकिने पनि एक रहेको थियो । सो सम्झौताअनुसार इन्द्रायणी माजु (इन्द्रकी आमा) सँगै दौडेर जानुपर्ने हुन्छ । त्यसैले स्वर्ग जाँदा एकले अर्काको कम्मरमा समातेर दौडिँदै जाने चलन छ । दौडिँदै काठमाडौँको यंकी दह (इन्द्रदह) सम्म गएर त्यहाँदेखि उडेर स्वर्ग गएका थिए । इन्द्रायणी माजुले आफू पन्छिन त्यस्तो गरे पनि चतुर नेपालमण्डलवासीले उनलाई पछ्याउँदै उनको कम्मर समाती उनीसँगै स्वर्ग गए । अहिले पनि यो जात्रा हरेक वर्ष 'डाँगी वनेगु' का रूपमा मनाइने चलन छ ।

दीपङ्खा यात्रा : भगवान् दीपङ्कर तथागतको समय (चार असङ्ख्य र एक लाख कल्पअघि). मा एउटा वृषभ (साँढे) ले धर्म रक्षार्थ बुद्ध भएर जन्मने बोधिज्ञान पाएका थिए । दीपङ्खा यात्रा यसैसँग सम्बन्धित रहेको छ । किंवदन्तीअनुसार बन्धुमतीनामक गाउँमा एक निःसन्तान ब्राह्मण दम्पती बस्थे । आश्विन पूर्णिमा, आश्विनी नक्षत्रका दिन उनीहरूको गाईले एक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असामान्य बाच्छो पायो । हिउँ जस्तो निर्मल, शङ्ख जस्तै सेतो, कोमल शरीर, तेजस्वी र सर्वलक्षणयुक्त, सिङ नीलवर्णको, थुना रातो वर्णको, हीराझैं तेज र पान खाएजस्तो रातो पातलो लामो जिब्रो र कालो आँखा थियो त्यस बाच्छोको । त्यसले कतै जान परे बौद्ध चैत्य परिक्रमा गर्ने र त्रिरत्न शरण भनी नामोच्चारण गर्थ्यो । त्यो जन्मेको वर्ष दिन नपुग्दै ब्राह्मणीले एक पुत्र पनि जन्माइन् । त्यसपछि त ब्राह्मण दम्पती तीनपल्ट गोठमा गई बाच्छोलाई नमस्कार गर्न थाले । बाच्छो वहर हुँदै एक दिन बुढो भयो । मृत्युको मुखमा पुगेको त्यसलाई भगवान् दीपङ्कर तथागतको दर्शन गर्ने अन्तिम इच्छा जाग्यो । रातको तेस्रो प्रहर चैत्य परिक्रमा र त्रिरत्न नामोच्चारण दीपङ्कर तथागतको दर्शनमा निक्ल्यो । आफ्ना भिक्षुहरूलाई गन्धमादन पर्वतमा धर्मोपदेश गरिरहेको दिपङ्कर तथागतकहाँ पुग्यो वृषभ । त्यसलाई टाढैवाट दिपङ्कर तथागतले चिनिहाल्यो र काश्यप बुद्धको शासन अन्त्य हुनासाथ या बुद्धधर्म लोप भएर जाँदा पुनः सद्धर्म जगाउन दशपारिमिता, दश उपपारमिता र दश परमत्थपारमिता पूर्ण गर्ने बुद्ध हुने आशीर्वाद दियो । त्यसपछि वृषभ अर्को पर्वततिर लाग्यो । जाँदै गर्दा जङ्गलमै रात परेपछि वृषभ एउटा रूखमुनि वास बस्यो । राति बाघ, भालु आदि जन्तु आएर सताउन थाले । जीवनको अन्त्यकाल आएको चाल पाई दीपङ्कर तथागतको आशिष् र भविष्य व्याकरणलाई स्मरण गर्‍यो । नमो बुद्धाय, नमो धर्माय, नमो, सङ्घाय उच्चारण गरी त्रिरत्नमा लीन भयो । घरबाट हराएको वृषभलाई खोज्दै ब्राह्मण चौथो दिन त्यस जङ्गलमा आइपुग्यो । उसले एक कुनामा नीलवर्णको दुईवटा सिङ देखेर त्यो वृषभकै हाड भएको पहिचान गर्‍यो । हाडहरू खोलाकिनारमा गाडेर वृषभको स्मृतिमा एउटा बालुवाको चैत्य बनायो । यसको ३१ दिनपछि एउटा अचम्मको घटना भयो । एकाएक बिहान चैत्य सुवर्णमय भयो । अर्घ्य दिइएको बायाँपट्टिको सिङ नीलवर्णको वृषभाकार मूर्तिमा रूपान्तरण भयो । त्यसवाट पञ्चरश्मि रत्नको वर्षा पनि हुन थाल्यो । पृथ्वी कम्पायमान भयो । श्रद्धाले विभोर भएर ब्राह्मण चैत्यमै घोप्टिई त्रिरत्न अनुस्मरण गर्न थाल्यो । आश्विन शुक्ल पूर्णिमा, आश्विन नक्षत्र, आदित्यवार, हर्षण योग र सङ्क्रान्तिको पाँच शुभ योग परेको दिन थियो । दिव्यदृष्टिले सबै यथार्थ थाहा पाएर दीपङ्कर तथागत आफ्ना शिष्यहरूसहित चैत्यनेर आइपुगे । चैत्यको अग्रभागमा वृषभाकार मूर्तिलाई राखी विधिविधानअनुसार विशेष पूजाको आयोजना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरे। प्राणजजल्प मन्त्रद्वारा मूर्तिमा प्राणप्रतिष्ठा भरी नील महावृषरत्न बोधिसत्त्वको प्रतीकको रूपमा नामाभिषेक गरे। त्यसै वेलादेखि प्रत्येक आश्विन पूर्णिमाको दिन चैत्यको प्रदक्षिणा गरी मङ्गलोत्सव गर्ने प्रचलन सुरु भयो जुन परम्परा अद्यापि कायम छ।

नागपञ्चमी : नागपञ्चमी पर्व मनाउनेबारे नेवार समुदायमा एक किंवदन्ती प्रचिलत छ। उहिले त्रिपुर भन्ने ठाउँका एक किसानले खेत खन्दा अज्ञानमै तीनवटा सर्पका बच्चा मारेछ। बच्चा मरेकोमा आमा नागिनीले पनि किसानको घरमा गई किसान दम्पती र उसका दुई छोरालाई डसेर मारिदिइन्। किसानको परिवारमा सानी छोरी मात्र वचेकी थिइन्। उसलाई पनि डस्न लाग्दा उसले दुधले भरिएको घडा नागिनीको अघि राखिदिइन्। प्रिय भोजन पाएर नागिनीको क्रोध शान्त भयो। सानी छोरीलाई कुनै वरदान माग्न लगाई। उसले आफ्ना बुवाआमा र दाइहरूलाई पुनर्जीवन दिन अनुरोध गरिन्। साथै उप्रान्त नागनागिनीले कसैलाई नडसोस् भन्ने अनुरोध पनि गरिन्। त्यति सानी बच्चाले पनि मानवजातिकै हितका लागि वरदान मागेकाले उसका मातापिता र दाइहरूलाई नागिनीले तुरुन्तै पुनर्जीवन दिइन्। त्यसपछि नागपञ्चमीका दिन दुधको भोग चढाई आफ्नो पूजा आराधना गरे आफ्नो नागजातिले दुःख नदिने बताई। तब नागपञ्चमी तिथिमा नागको पूजा गर्ने प्रचलन सुरु भयो।

पुलुकिसि जात्रा : प्रत्येक वर्षको इन्द्रजात्रामा भाद्र शुक्ल पूर्णिमाका दिन पुलुद्वारा निर्मित पुलुकिसि (ऐरावत) को जात्रा मनाइने चलन छ। यसको सुरुवात कसरी भयो भन्नेबारे इन्द्रजात्रासम्बन्धी एक किंवदन्तीमा पाइन्छ। सधैँ पारिजात फूलले पूजा गर्नु पर्ने आमाका लागि पारिजात फूल लिन नेपालमण्डल मर्त्यलोक झरेका इन्द्रलाई तान्त्रिकहरूले रूखमा बाँधेर गोप्य ठाउँमा राखे। उता स्वर्गमा छोरा नफर्केकोले इन्द्रकी आमालाई सुर्ता भयो। त्यसैले उनलाई खोज्न इन्द्रकी आमाले सेतो पुलुकिसि (ऐरावत हात्ती) नेपाल मण्डल पठाइन्। नेपालमण्डलमा पुलुकिसिले जतातते इन्द्रलाई खोज्यो। सारा ठाउँमा खोज्दा पनि इन्द्रलाई भेट्टाउन सकेन। थाकेका पुलुकिसि काठमाडौँको किलागलमा विश्राम गऱ्यो। नेपालमण्डलका विभिन्न ठाउँमा धुइँधुइँती खोज्ने क्रममा पुलुकिसिको घाँटीमा बाँधिएको अनौठो घण्टले इन्द्रको ध्यान खिँच्यो। हिउँ जस्तो सेतो पुलुकिसि लम्केको देखेर अनौठो मानिरहेका स्थानीय वासिन्दा जहाँजहाँ हात्ती लम्के सबै पछिपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागे । इन्द्रको कानमा ऐरावतको घाँटीमा झुन्डिएको घण्टको आवाज पऱ्यो । त्यसपछि नेपाल मण्डलका सम्पूर्ण मृतकलाई सीधै स्वर्ग पठाउने सजिलो बाटो पुलुकिसिलाई बनाउन तान्त्रिकहरूसँग इन्द्रले सहमति गरे । जसअनुसार वर्षभरि दिवङ्गत भएका मान्छेलाई घाटमा लैजाँदा बेरिएको पुलु (बाँसको चोयाले बनेको पातलो मान्द्रो) ऐरावतलाई बोकाइलाने र दिवङ्गत सबैले स्वर्गमा सीधा प्रवेश पाउने भए ।

बालाचतुर्दशी : मार्ग शुक्ल चतुर्दशीमा मनाइने बालाचतुर्दशी बालासुरनामक राक्षसलाई आफ्नै मितले वध गरेको किंवदन्तीसँग सम्बन्धित छ । धेरैअघि आर्यघाटको श्मशान (अहिले भस्मेश्वर घाट) मा बालानन्द नाम गरेको घाटे बस्थ्यो । उसको पेसा नै मुर्दाको चिता जलाउनु, चिता पखाल्नु र मुर्दा जलाएबापत त्यसै मृतकको वस्त्र र मृतकका आफन्तले दिएको द्रव्यबाट जीविका चलाउनु थियो । एक दिन बालानन्द काम सकेर खाजा खान घाटमा जाँदा नजिकै जलिरहेको चिता पड्कियो । गिद्दी उछिट्टिएर उसको खाजामा पऱ्यो । उसलाई मानिसको गिद्दी मिसिएको खाजा बडो स्वादिलो लाग्यो । खाजा सदाभन्दा मिठो हुनुको कारण पछि थाहा पाए पनि उसलाई घिन लागेन । जिब्रोमै गिदीको स्वाद गढेपछि उसले अरू मुर्दाको गिद्दी पनि लुकीचोरी खान थाल्यो । ऊ बिस्तारै नरभक्षी हुन थाल्यो । खुल्ला रूपले मलामीलाई लुटपिट गरी मुर्दा लुट्न थाल्यो । घाटमा आतङ्क फैलियो । बालानन्द एकाएक राक्षसमा रूपान्तरण भई बालासुरले चिनिन थाल्यो । बालासुर आतङ्कको कुरा राजाको सामु जाहेर भएपछि अब उसलाई मार्ने योजना बन्न थाल्यो । बालासुरको एक जना वृषसिंह नाम गरेको मितमार्फत उसको हत्या गर्ने योजना बनाइयो । तर वृषसिंह मितहत्याको पाप वहन गर्न त्यति सजिलै तयार भएन । वृषसिंह हजाम थियो । त्यसैले बालासुरको दारी कपाल काट्ने बहाना बनाई बालासुरको हत्या गर्न लगाइयो । बालासुर जङ्गलमा लुकेर बसेको थियो । बाह्र जना भरियाको साथमा मासुका अनेक परिकार, मदिरासहित वृषसिंहले अन्ततः बालासुरको शिरच्छेदन गरी पशुपतिनाथमा चढायो । मितघातले वृषसिंहलाई दिनरात पोल्न थाल्यो । प्रायश्चित्तका लागि पशुपतिनाथको सेवा गर्न थाल्यो । सपनामा पशुपतिनाथले मित भए पनि दुनियाँलाई दुःख दिने दानव मरेकाले पछुतो नगर्न सल्लाह दिए । तर चित्त शान्त नभएकै भए मित मारिएको दिन प्रत्येक वर्ष पशुपतिनाथ क्षेत्रमा सात थरी सत्बीज छरी रातभर कैलासको समथलीमा मितको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाममा दीपदान गर्न भने । यसो गरे बालासुर अगति आत्माले मुक्ति पाउने बताए । बालासुर मारिएको दिन मार्ग शुक्ल चतुर्दशी परेको थियो तब यस दिन बालाचतुर्दशी पर्व मनाउन थालियो ।

बिस्केट जात्रा : प्रत्येक वर्ष नववर्षको पूर्वसन्ध्यामा भक्तपुरमा विस्केट जात्रा मनाइन्छ । यसबारे यस्तो मिथगाथा छ । उहिले भक्तग्रामका राजाका एक मात्र अत्यन्त सुन्दर र कामुक राजकुमारी थिई जो हरेक रात सहबास नगरी सुत्नै सक्दिनथी । राजाले आफ्नी छोरीसँग विवाह गर्नेलाई सम्पूर्ण राजकाज सुम्पने घोषणा गरेका थिए । तर राजकुमारीसँग सहवास गर्ने युवकको राति नै मृत्यु हुने भएकाले कोही पनि तयार थिएनन् । एक दिन भक्तग्रामविचबाट वगिरहेको हनुमन्ते खोलाकिनारमा एक वृद्धासँग एक जना युवकको भेट हुन्छ । वृद्धाले युवकलाई राजकुमारीको यौनतृप्त गर्नुको सट्टा उल्टै युवकहरूले ज्यान गुमाउनुको रहस्य बताउँछे । सम्भोगपछि मस्त निदाउने राजकुमारीको नाकको प्वालबाट एक जोडी सर्प निस्केर डस्ने हुँदा यसअघि युवकहरूको मृत्यु भएको कारण बताउँदै हनुमन्ते खोलाको केही पर एउटा खड्ग भेट्टाइने र सोही खड्ग बोकेर राजकुमारीसित विवाह गर्न जान युवकलाई सल्लाह दिन्छे । वृद्धाको सल्लाहबमोजिम खड्ग लिएर युवक राजदरबार जान्छ र विभिन्न आसन र हाउभाउमा राजकुमारीको कामेच्छा पूरा गरिदिन्छ । राजकुमारी मस्त निदाउँछे । नभन्दै उसको निद्राको घुराइसँगै नाकका प्वालबाट सुस्तरी एक जोडी सर्प निस्किएर युवकलाई डस्न तयार हुँदा युवकले खड्गले टुक्राटुक्रा पारिदिन्छ । तर मर्नुअघि जोडी सर्पले आफूहरूको अघिको गल्तीको सजायस्वरूप लामो काठमा भुन्ड्याएर सजाय दिन अनुरोध गर्छन् । बिहान सदाझैँ सबै गुठियार युवक मर्‍यो भनी लास उठाउन आउँछन् तर दुवै दम्पती हाँसीखुसी भेटिँदा चकित हुन्छन् । देशभरि खुसियालीको हल्लीखल्ली मच्चिन्छ । युवकबाट सविस्तार वृत्तान्त सुनेर राजा आफ्नी छोरी राजकुमारी र युवकको धूमधाम विवाह गराइदिन्छन् । उचित साइत निकालेर जोडी नागको चित्राङ्कित ध्वजापाताकालाई लामो काठमा भुन्ड्याई राज्यमा जात्रा निकालिन्छ । यसरी वि भन्नाले सर्प, स्यात् अर्थात् मार्‍यो भन्ने अर्थमा विस्यात शब्द अपभ्रंश हुँदै कालान्तरमा त्यही जात्रा नै विस्केट हुन पुगेको हो ।

बुँख्याचा : उः वेला किसानहरू निकै मिहिनेत गरेर बाली लगाउँथे । दिनमा त उनीहरू बालीको रेखदेख गर्थे । तर बाली पाक्ने बेलासम्म चराचुरुङ्गी र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जनावरले खाएर दुःख दिन्थे । वाली पाकिसकेपछि चोरले पनि दुःख दिन्थे । यस्तो अवस्थावाट गुज्रिरहेका किसानले वारीको विचमा पक्वचा (सानो झोपडी) बनाएर वस्थे । त्यसवाट पनि समस्या समाधान नगरेपछि किसानहरू निकै हैरान थिए । एक दिन एक जना किसानको सपनामा खेतको विचमा एउटा वडेमानको अग्लो मान्छे उभिरहेको देखे । त्यसले गर्दा चराचुरुङ्गी र जनावरले पनि दुःख नदिएको देखे । भोलिपल्ट विहानै विउँझिएपछि उनले सपनामा देखेजस्तै आफैँ गएर उभिए । पछि जुक्ति निकालेर परालले मानव आकृतिको अग्लो बुँख्याचा तयार पारी वाली लगाएको खेतका विचमा ठड्याइदिए । त्यहाँदेखि डोरी आदि तानेर घण्टी आदि लगाउँदा चरा, जनावर वा चोर आउँदा घण्टी वजेर सतर्क गराउने हुँदा किसानले धपाउन सक्ने भयो ।

बुङ्गद्यः अर्थात् मत्स्येन्द्रनाथ : ललितपुरमा मनाइने मत्स्येन्द्रनाथको जात्रावारे दुई किंवदन्ती प्रचिलत छ । पहिलो किंवदन्ती बुङ्गद्यः (पद्मपाणी) र भगवान् शिवविच तन्त्रशक्तिमा भएको प्रतिस्पर्धासँग सम्वन्धित छ । एक दिन वङ (वुङ्) भित्र पद्मपाणी तपस्यारत थिए । उता भगवान् शिव पनि योगाभ्यास सकेर हिमालय पर्वतमा फर्की अर्धाङ्गिनी पार्वतीलाई समुद्र तटमा सुविद्या र कुविद्याका वारे प्रवचन दिन थाले । तपस्यारत वुङ्गद्यः (मत्स्येन्द्रनाथ) यसको सुइँको पाएर पार्वतीलाई सुविद्या मात्र सुन्ने बनाइदिए । कुविद्या सुन्ने वेला उसलाई तन्त्रविद्याद्वारा निद्रा लगाइदिए । दुवै विद्या सुनाइसकेपछि शिवले पार्वतीलाई सोधे । पार्वतीले केवल सुविद्या सुनाइन् । कुविद्या कसले सुनेछ भनी ध्यानदृष्टिले हेर्दा वुङ्गद्यःले माछाको रूप धरी सुनेको थाहा पाए । नभन्दै वुङ्गद्यःले शिवलाई आफ्नो असली रूप देखाए । सोही वेलादेखि वुङ्गद्यःलाई मत्स्येन्द्रनाथ भनिन थालियो । त्यस्तै म्हय्पि अजिमा योगाम्वरका किंवदन्तीअनुसार एक राति शक्तिसाधना गर्न म्हय्पि अजिमास्थान पुगेको वुङ्गद्यः बौद्ध आचार्य वन्धुदत्तले आफ्नो सानो छोरा पनि पछि लागेर आइपुगेको थाहै पाएन । वन्धुदत्तले शक्तिसाधना पूरा गरेपछि उसलाई म्हय्पि अजिमाले भोग मागी । उसले त केही नल्याएको वतायो तव उसको पछि रहेको बालकको भोग मागी अजिमाले । वन्धुदत्तले पछि फर्केर हेर्दा मात्र आफ्नो छोरा देख्यो । अजिमाले बालकको भोग लिइहाल्यो । वडो पिर, चिन्ता र असमञ्जसमा परेको वन्धुदत्तलाई उसको छोरा वोधिसत्त्वको रूपमा अर्को जन्म लिने, राज्यमा वर्षा र सहकालको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवताका रूपमा प्रसिद्ध हुने बताएर अजिमा अन्तर्धान भइन्। नभन्दै वालकले आसाम कामरूपपीठका राक्षस राजा शशि र रानी मायाको कोखमा मत्स्येन्द्रनाथको रूपमा जन्म लियो। जुन समय पाटनमा राजा नरेन्द्रदेव राज्य गर्दै थिए। देशमा अनिकाल र खडेरी फैलिरहेको थियो। राजा नरेन्द्रदेव एक दिन बौद्ध आचार्य बन्धुदत्त निवास पुगे। दुवै जनाको लामो समयसम्म सल्लाह भयो। कामरूपपीठवाट उक्त वालकलाई ल्याउन सके सहकाल आउने निष्कर्ष निकाले। राजा, बन्धुदत्त र रथचक्रनामक मालीसहित तीन जना वालक लिन कामरूपपीठ पुगे। वालकको पत्तो लाग्यो तर उसलाई सितिमिति ल्याउन नसकिने अवस्था थियो। तव बौद्ध आचार्य वन्धुदत्तले ह्यगृव भैरव र कर्कोटक नागको योगसाधना गरी राक्षस राजा शशीको पेट दुखाइदियो। अनेक औषधोपचार गर्दा पनि निको भएन। देशभरिका राजवैद्य र अरू वैद्यले नसकेपछि राजाले आफ्नो उपचार गर्न बौद्ध आचार्य बन्धुदत्तलाई अनुरोध गरे। तव बन्धुदत्तहरूलाई खोजेजस्तै मौका जुऱ्यो। आफैँले लगाइदिएको रोग निको नपार्ने कुरै थिएन। रोगबाट निको भएपछि राजाले वैद्यलाई पुरस्कार माग्न लगाए। वन्धुदत्तले वालक मागे। तर राजाले ऊमाथि आमाको हक लाग्ने वताएर वन्धुदत्तको माग इन्कार गरेपछि उनीहरू रित्तै फर्कनुपऱ्यो। केही उपाय नलागेपछि कुरुवालमा जोगाम्बरको पीठ स्थापना गरेर बौद्ध आचार्य बन्धुदत्तले योगसाधना गर्न थाल्यो। एक दिन उसले उक्त वालकलाई भमरामा परिणत गराई कलशमा कैद गऱ्यो। अब करुणामयको योगसाधना सकियो, राज्यमा वर्षा भयो र सहकाल पनि आयो। तव मत्स्येन्द्रनाथको रथ यात्रा चलाउन सुरु भयो जुन अद्यापि कायम छ।

भक्तपुरको सुवर्णद्वार : उहिले भक्तपुरको दरवारका लागि सुवर्ण मूलढोका बनाएका एक शाक्य कालिगडलाई पाटनका राजाबाट राज्यनिकाला गरिएका थिए। भक्तपुरका शाक्यहरू उसैको सन्तान भएको किंवदन्ती छ। त्यस कालिगडकी छोरीको विवाह भक्तपुरका एक युवकसँग भएको थियो। तब उसलाई छोरीमार्फत भक्तपुरका राजाले दरवारअघि मूलढोका बनाउनलाई भक्तपुर झिकायो। मूलढोका निर्माणमा उसले आफ्नो कालिगडीमा कुनै कसर बाँकी राखेन। रातो पोलेको दाची अपा (इँटा) को प्रयोग गरी पर्खाल वनायो। विभिन्न देवीदेउता र आसनको प्रयोग गरी मूलढोका तयार पाऱ्यो। त्यसलाई सुनको पाताले सिँगाऱ्यो। यस कार्यले राजा यति मन्त्रमुग्ध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भए कि त्यस्तो भव्य मूलद्वार कान्तिपुर र पाटन (ललितपुर)का राजालाई समेत नदेखाई नसक्ने भए । मूलद्वार उद्घाटन समारोहमा अतिथि डाकिएका कान्तिपुर र पाटनका राजा पनि भव्य सुनको मूलद्वार देखेर मन्त्रमुग्ध भए । आफ्नो दरबारमा पनि त्यस्तै मूलद्वार बनाउने मनमनै प्रतिज्ञा गरे । तर जब पाटनका राजाले सो सुवर्ण मूलद्वार आफ्नै राज्यका कलाशिल्पीले बनाएको थाहा पाए तब खपिनसक्नु भयो । ईर्ष्याले चुर भएका राजाले कलाशिल्पीलाई पाटन राज्यबाटै निकाला गरिदिए । तर उसलाई भक्तपुरका राजाले उच्च सम्मानका साथ घरजग्गा दिएर आफ्नो राज्यमा राख्ने निर्णय गरे ।

मत्स्येन्द्रनाथको भोटो : मत्स्येन्द्रनाथको रथयात्राको क्रममा एक दिन ललितपुर जावलाखेलमा रथ राखी भोटो देखाउने प्रचलन छ जुन भोटोजात्राको रूपमा पनि प्रसिद्ध छ । यो प्रचलन सुरुवात भएको मिथकथा कर्कोटक नागराज, वैद्य र भूतसँग सम्बन्धित छ । पहिलो किंवदन्तीअनुसार टौदहका नागराजा कर्कोटककी महारानीलाई आँखा पाक्ने रोग लागेछ । देशभरिका सारा वैद्यहरूबाट उपचार गराउँदा पनि ठिक नभएपछि काठमाडौँ उपत्यकाका तीनै सहर पाटन, कान्तिपुर र भादगाउँ (भक्तपुर) का नामुद वैद्यहरूलाई बोलाइयो । तर पनि उपचार हुन सकेन । वर्ष दिनपछि भक्तपुरका एक किसान वैद्यविद्यामा निकै पोख्त रहेको अपुष्ट समाचार नागराजाकोमा आइपुग्यो । सैनिकहरूले धेरैदिनको खोजीपछि खेतमा काम गरिरहेको अवस्थामा उसलाई भेट्टाएर तत्कालै जान आग्रह गरे । तर उसले कामको चटारोले एक हप्तापछि मात्र जाने बतायो । आखिर खेतको काममा एकै दिनमा सकाएर सैनिकहरूले उसलाई नागराजाकहाँ पुऱ्याइछाडे । वैद्यले नागरानीको आँखाको जाँच गरे । आफ्नो गर्दनको मैलोको औषधी बनाई फुकफाक गरी आँखामा लगाइदिए । भोलिपल्टै नागरानीको आँखा निको भयो । चमत्कृत हुँदै नागराजाले राजवैद्य बनेर बस्न आग्रह गर्दा वैद्य मानेन । तब उसलाई हीरामोती, जवाहरातले बनेको एउटा भोटो उपहार दिएर नागराजाले बिदा गरे । किसान वैद्य सोही भोटो लगाएर खेतमा काम गर्न जान्थ्यो । खेत खन्ने बेला फुकाएर ड्याङ्मा राख्थ्यो । तर एक दिन एउटा भूतले भोटो चोरेर लगिदियो । वैद्यले धेरै खोज्यो तर भेट्टाउन सकेन । एक दिन कर्कोटक नागराजा जावलाखेलमा मत्स्येन्द्रनाथको पाङ्ग्राको भूमिका निर्वाह गरिरहेका थिए । उनले अचानक पहिलेको किसान वैद्यलाई एउटा भूतसित झगडा गरिरहेको देखे । वैद्यलाई उपहार दिएको भोटो भूतले लगाइरहेको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नागराजाले तुरुन्तै भोटो लिइहाले । वैद्य र चोर दुवै जनाले भोटो लाइसकेकोले आइन्दा दुई जना कसैको नहुने वरु जसले दावी गर्न आउँछ, उसैको हुने तर कसैले आफ्नो दावी गर्न नआएसम्म मत्स्येन्द्रनाथको हुने बताए । त्यसपछि रथमा चढेर नागराजाले "यो भोटो कसको हो ?" भनी चार दिशाका जनतालाई देखाए तर कोही पनि दावी गर्न नआएर मत्स्येन्द्रनाथको जिम्मा लगाइयो । अर्को किंवदन्तीअनुसार नागराजाले दिएको किसान वैद्यको उक्त भोटो दुई जना भूतले चोरेर बेपत्ता भए । कत्ति प्रयास गर्दा पनि नभेटेर किसान वैद्य हैरान भइरहेको मत्स्येन्द्रनाथले थाहा पाए । त्यसपछि मत्स्येन्द्रनाथ भोटो फिर्ता लिन भूतको खोजीमा हिँडे । चुन्निखेलस्थित इकुम्व नाम गरेको मुहानको पोखरीमा भूतहरू भोटो आधाआधा बाँडेर लिने सल्लाह गरिरहेका भेट्टाए । मत्स्येन्द्रनाथले आधा गर्ने तरिका सिकाइदिने भन्दै भोटो आफ्नो कब्जामा लिए । पोखरीमा जो अधिक समय डुबेर वस्न सक्छ उसैको हुने बताए । भूतहरू पोखरीमा डुबुल्की मारेर वसेको मौका पारी मत्स्येन्द्रनाथ त्यहाँबाट अन्तर्धान भए ।

मजिपाः लाखे : ज्यापू समुदायमा प्रचिलत लाखे गाथा हो यो । धेरै पहिले मजिपानामक एक ठाउँमा एक सुन्दरी छोरीसहित ज्यापू परिवार बस्थे । दिनभरि खेतमा काम गर्नुपर्थ्यो । खेतमा एक्लै काम गर्न ज्यापूकी छोरी आएको मौका छोपेर एउटा लाखे ज्यापूको भेष गरेर आउँथ्यो र दिनभर उसलाई काम गर्न सघाउँथ्यो । समय वित्दै जाँदा उनीहरूविच प्रेम बस्न पुग्यो । प्रेमिका भेट्न राति लुकीछिपी ज्यापूकै घरमा आउन थाल्यो । टोलका वालबालिकालाई मारेर पनि खान थाल्यो । यो कुरा 'एक कान दुई कान मैदान' भयो । नभन्दै वुवाले एक दिन लाखे आफ्नी छोरीसित सुतिरहेको देख्यो । दुवै जनालाई उसले वेस्सरी झपाऱ्यो । लाखेले आफ्नो प्रेमिका छोड्न नसक्ने वरु टोलको रेखदेख गर्ने र वालबच्चालाई मारेर नखाने प्रतिवद्धता जाहेर गऱ्यो । त्यसपछि लाखे मजिपाः टोलमै आएर ढुक्कसँग वस्न थाल्यो । मजिपाः टोललाई लाखेले सुरक्षा दिन थाल्यो । यसरी ज्यापू समुदायले हरेक वर्ष इन्द्रजात्राको दिन लाखेलाई बाहिर लगेर परिक्रमा गराउने चलन वस्यो । अर्को किंवदन्तीअनुसार मज्जिपात सहरमा लामो समय खडेरीका परेको कारण ज्योतिषीले राजालाई वर्षाका देवतालाई राँगाको वलि दिएर रगत चढाउन सुझाव दिए । तलेजु भवानीले लाखेलाई पठाएर राँगालाई वलि दिन लगाए । वर्षा देवतालाई रगत चढाएपछि वर्षा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुरु भयो । पछि सो लाखे सोही सहरको एक युवतीको प्रेममा परे । उनको प्रेममा पागल लाखे सो टोलमा मानवरूप लिएर दिनदिनै घुम्न जान थाले । एक दिन उनलाई टोलवासीले नियन्त्रणमा लिएर राजालाई बुझाए । राजाले उनलाई सजाय दिएनन् । बरु आफ्नो भोक र स्वभावलाई नियन्त्रणमा राख्नुपर्ने सर्तमा उनले मन पराएकी युवतीसित विवाह गराइदिए । त्यसको बदलामा उनले मजिपातको सुरक्षाका साथै त्यस क्षेत्रका बालबालिकाको रक्षा गर्नुपर्ने सर्त राखियो । यसै किंवदन्तीमा भ्यालिन्चाको पनि कथा आउँछ । युवतीसित प्रेममा परेको लाखे मान्छेको रूप लिएर सहरको वरिपरि घुम्न थाल्दा ऊसँग अर्को साथी पनि सँगै हुन्छ । जसले लाखेलाई मान्छेको मासु खाने मान्छेसँगै प्रेम गर्ने भन्दै जिस्काइरहन्छ । ठुलो लाखे उसलाई लखेटिरहन्छ । सो जिस्काइरहने सानो लाखेको नाम भ्यालिन्चा हो ।

मतया : ललितपुर पाटनमा नेवारजातिले निकाल्ने मतयाः जात्रा आजभन्दा १९ सय वर्षअघि सुरु भएको मानिन्छ । जतिखेर बौद्ध परम्परा र तान्त्रिक परम्पराविच भीषण द्वन्द्व थियो । एक पटक अघोर तपस्यामा लीन सिद्धार्थ गौतमको ध्यान भङ्ग गर्न तान्त्रिकहरूले विभिन्न सुन्दर नर्तकी, तरवार, भालाधारी राक्षस र डरलाग्दा पशुपक्षीको रूप धारण गरे । नतर्कीहरू नृत्यमार्फत राक्षसहरू डरलाग्दा आवाज निकालेर सिद्धार्थ गौतमको तपस्या भङ्ग गर्न खोज्थे । तर सिद्धार्थ गौतमले झन् एकचित्त तपस्या गरी सम्पूर्ण तत्त्वमाथि बोधिज्ञान प्राप्त गरी भगवान् गौतम बुद्ध भए । यही उपलक्ष्यमा दशदिग लोकपालहरूले बुद्धको विजय उत्सव मनाउन दीप प्रज्वलन गरी जात्रा निकाल्न थाले जसलाई मतयाः भनियो ।

मातातीर्थ औँसी : परापूर्वकालमा यस मर्त्यलोकको नेपालमण्डलमा धेरै जङ्गल थियो । त्यसमध्येको एक जङ्गल आसपासका गाउँका केटाकेटी आई गाईबस्तु चराउन थाले । सोही ठाउँ केही सुकुम्बासीका लागि जीविकोपार्जनको एक मात्र उपाय थियो । उनीहरू त्यहींबाट घाँसदाउरा बटुली सहरमा लगी बेचेर आफ्नो दैनिक गुजारा चलाउँथे । एक दिन नजिकैको गाउँकी एक केटी त्यस वनमा गाई चराउन जाँदा घुम्दैफिर्दै एउटा कुण्डको नजिक पुगिछ । मानिस पानीका नजिक पुगेपछि आफ्नो प्रतिच्छाया हेर्न उत्सुक हुन्छ । उक्त किशोरीमा पनि सोही स्वाभाविक इच्छा उत्पन्न भयो । उसले कुण्डमा आफ्नो प्रतिविम्ब हेर्ने मनसायले किनारमा गई झुकेर हेर्न खोजिछ । तर उसले आफ्नो प्रतिच्छायाका सट्टा आफ्नी मृतक आमाको छाया पो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखिछ । यो कुरा गाउँमा आफ्ना र छिमेकीलाई सुनाइछ । सो कुरा एक कान दुई कान हुँदै गाउँभरि फैलियो । त्यसपछि झुण्डका झुण्ड आफ्नो दिवङ्गत आमाबुवाको मुहार हेर्न सो कुण्डमा जाने क्रम बढ्न थाल्यो । कुण्डमा आफ्ना मृतक आमाबुवाको अनुहार हेर्दा उनीहरूको इच्छाअनुसारका परिकार ख्वाउने, पियाउने, श्राद्ध गर्ने र तर्पण गर्ने चलन चल्यो । गोठाल्नी किशोरीले पहिलोपल्ट कुण्डको पानीमा आफ्नी आमाको मुहार देखेको दिन जेष्ठ कृष्ण औँसीको दिन परेको थियो । त्यसै दिनलाई आधार मानी मातातीर्थ औँसी नामकरण गरी आमाको मुख हेर्ने पर्व मनाउन थालिएको किंवदन्ती छ ।

यँयाः इन्द्रजात्रा : काठमाडौँमा मनाइने इन्द्रजात्रा प्रथम किरात राजा यलम्वर मिथसँग सम्बन्धित छ । किंवदन्तीअनुसार द्वापरयुगमा येँ राज्यमा महादेवका अंश यलम्वर राज्य गर्थे । येँ अर्थात् आफ्नो नामको पहिलो अक्षरबाट नामकरण गरेको राज्य कान्तिपुर थियो । कुरुक्षेत्रको कौरव र पाण्डवबिचको लडाइँमा चार अक्षौहिणी सेनासहित यलम्वर पनि उपस्थित थिए । जुन कुरा श्रीकृष्णले चाल पाएर उनलाई भेटिहाले । युद्ध हेर्ने मनसाय मात्र होला भनेको त उनले युद्ध हार्नेको पक्षमा लागेर लड्ने घोषणा श्रीकृष्णलाई सुनाए । कौरवको हार सुनिश्चित देखिसकेका श्रीकृष्ण अत्तालिए । किनकि कौरवको पक्षमा यलम्बर लागे पाण्डवको हार सुनिश्चित थियो । महादेवको अंश राजा यलम्बरलाई श्रीकृष्णले पनि हराउन सक्ने कुरा थिएन । त्यसैले छल गरी उनको शिर काटेर श्रीकृष्णले आकाशमा झुन्ड्याइदिए । यसपछि आकाशमै बसी यलम्वर महाभारत युद्ध हेर्न विवश भए । जब युद्ध समाप्त भयो तव मात्र यलम्बर कान्तिपुर फर्के । कान्तिपुरवासीले यलम्बरको वीरताको कदर गर्दै यँयाः अर्थात् यलम्बरको यात्रा शिर मात्रको मूर्तिलाई स्थापना गरी वर्षको एक दिन मनाउन थाले । अद्यापि भाद्रशुक्ल द्वादशीका दिनदेखि आश्विनकृष्ण चौथीसम्म कान्तिपुरस्थित वङ्गः टोलमा पूजा गर्ने चलन छ । आकाश भैरवका रूपमा राजा यलम्बरको शिर प्रसिद्ध छ । इन्द्रजात्राबारे अरू किंवदन्ती पनि उत्तिकै चर्चित छन् । मर्त्यलोकमा एउटै मात्र मालीको बगैँचामा पारिजातको बोट थियो । समुद्र मन्थन गर्दा निस्केको तर कसैले वास्ता नगरेर छोडेको सो बोटलाई एक जना मालीले आफ्नो बगैँचामा लगेर रोपेका थिए । स्वर्गकी इन्द्रकी आमालाई पारिजात फूल निकै मन पर्थ्यो । उनलाई पूजा गर्नका लागि यो फूल अनिवार्य चाहिन्थ्यो । तर इन्द्रको बगैँचामा त्यो फूल थिएन । त्यसैले एक दिन इन्द्र पारिजात फूल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चोर्न मर्त्यलोकको नेपाल मण्डल झरे । उनी फूल चोर्न आएको थाहा नहोस् भन्नका खातिर बादल पनि लुकेर आएका थिए । बादलमा लुकीलुकी उनी मर्त्यलोकको नेपालमण्डलमा झरे । मर्त्यलोकमा कसैले फूल चोर्थेन । मालीले पारिजात चोर्न आएको थाहा पाएर तान्त्रिकहरू लगाई इन्द्रलाई तन्त्रविद्याले रूखमा बाँधिदिए । फूल चोर्ने इन्द्र स्वर्गको राजा भन्ने थाहा पाएर पनि चोर भएकाले जोसुकैलाई सजाय दिइने निर्णय गर्दै उनको हात बाँधी सहरको परिक्रमा गराए । नेपालमण्डलको न्यायप्रियता देखी खुसी भएर इन्द्रध्वजोत्थानका उत्सवमा प्रत्येक वर्ष आफू आफ्ना सम्पूर्ण देवगरिमासहित आएर भाग लिने वचनबद्ध भएर इन्द्रलोक फिरे । इन्द्रले पारिजात चोर्न आएको दिन भाद्र शुक्ल द्वितीया परेकाले त्यसै दिन प्रत्येक वर्ष आफ्नो वचन पूरा गर्न उनी प्रत्येक वर्ष स्वयम् आई यस उत्सवमा सहभागी हुने जनविश्वास छ ।

लुँचु महाद्यो (सुवर्णेश्वर महादेव) : भक्तपुरमा अवस्थित शिवलिङ्ग आकारको लुँचु महाद्य अर्थात् सुवर्णेश्वर महादेवको मिथक हो । सुरुमा यस ढुङ्गाले जुन ढुङ्गा छोयो त्यो सुन हुन्थ्यो । किंवदन्तीअनुसार धेरै अघि भक्तग्राम (भक्तपुर) को दक्षिणपट्टि एउटा गाउँमा ज्यादै मिहेनती, इमानदार तर गरिब किसान थियो । एक दिन ऊप्रति दया जागेर महादेवले उसलाई एउटा ठुलो ढुङ्गा दिएछन् । त्यस ढुङ्गाले जे छोए पनि सुन हुने भएकाले होस गर्न भन्दै श्री महादेव अन्तर्धान भएछन् । ढुङ्गा पाएर किसान र उसकी स्वास्नीले खुसीले गद्गद हुँदै श्री महादेवलाई कोटीकोटी प्रणाम गर्दै धन्यवाद दिए । उनीहरू दिनानुदिन धनी हुँदै गए । उनीहरूको प्रगति देखेर गाउँका सारा मानिस चकित भए । किसानले विनालोभ ढुङ्गालाई पूजा गरी हरेक हप्ता नित्य बिहान मन्दिरवरिपरिको ढुङ्गाका टुक्रा घरमा ल्याई श्री महादेवले दिएको ढुङ्गामा राख्दा तुरुन्तै सुनमा परिणत हुन्थ्यो । एक दिन मन्दिरको पुजारी ब्राह्मणले किसानले पूजा गरिसकेपछि ढुङ्गाका टुक्रा बटुली लगेको देखे । शङ्का लागेर किसानलाई पछ्याउँदै उसको घरभित्र चियाएर हेरे । किसानले अर्को ढुङ्गामा ती ढुङ्गाका टुक्राहरू छुवाउँदै सुनमा परिणत गरेको देखे । आश्चर्य र ईर्ष्याले जलेका उसले सोही दिन उक्त ढुङ्गालाई चोरेर लग्यो । मन्दिरवरिपरिका ठुलठुला ढुङ्गालाई सुन पाइने लोभले छुवाउँदै गयो । ती सबै सुन हुँदै गए । एक दिन उनको मनमा अत्यधिक लोभ जाग्यो । झन् धेरै सुन प्राप्त गर्ने लोमासो ढुङ्गालाई पाँचछ टुक्रा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनाई धेरै ढुङ्गालाई छुवाउँदा गयो तर सुन बन्न छोड्यो । पछि किसानको ढुङ्गा चोरेको थाहा पाएर गाउँलेहरूले उसलाई मन्दिरबाट लखेट्दा ढुङ्गा छोडेर भाग्यो । त्यही ढुङ्गा अहिले शिवलिङ्ग आकारको लुँचु महाद्य अर्थात् सुवर्णेश्वर महादेवका रूपमा प्रख्यात भएको विश्वास गरिन्छ ।

स्वन्ती (लक्ष्मीपूजा) : लक्ष्मीपूजा प्रचलनबारे नेवार समुदायमा बेग्लै लोककथा प्रचलनमा छ। एक दिन देशकी रानीले स्नानअघि कौसीमा फुकालेर राखेको चन्द्रहार कागले टिपेर उडाएछ। उड्दै जाँदा एक गरिब ज्यापूको घरको धुरीमा मरेको सर्प देखेछ । त्यसपछि चन्दहार त्यहीं छोडेर सर्प टिपेर उडेछ। घरको छानोमा चन्द्रहार पाएर गरिब ज्यापू निकै खुसी भएछन्। तर ज्यापुनीले त्यो हार घरमा राख्नै मानिनन्। बरु राजालाई बुझाउने सल्लाह दिइछन्। ज्यापू चन्दहार लिएर राजाकहाँ पुग्यो । रानीको हराएको हार भेट्टाउँदा राजा निकै खुसी भए । बडो हर्षले ज्यापूलाई पुरस्कारस्वरूप केही माग्न लगाए। ज्यापूले स्वास्नीले सिकाएर पठाएझैँ बिन्ती गरेछ, "महाराज, मलाई धनदौलत केही चाहिएन । महाराजबाट निगाह हुन्छ भने आज एक रातका लागि मेरा घरमा बाहेक राजदरबारसहित सहरभरि कसैको घरमा बत्ती नबाल्नू भनी उर्दी जारी गरिबक्स्योस् ।" माग अनौठो भए पनि राजाले 'लौ त्यस्तै गर्नू' भनी राज्यभर उर्दी फिजाए । त्यस रात ज्यापूको छाप्रामा बाहेक देशैभरि अँध्यारो भयो जुन दिन कार्तिक शुक्ल औँसी परेको थियो। राति धन्यधान्यकी देवी लक्ष्मी घुम्न आउँदा ज्यापूका घरमा बाहेक सबैतिर अँध्यारो देखिन्। ज्यापुनीलाई दीपावली सजाएर, गच्छेअनुसार मिष्टान्न परिकार तयार पारेर स्वागतमा पर्खेर बसेकी पाइन्। धनकी देवी लक्ष्मी खुसी भई ज्यापुनीलाई उसकै घरमा स्थिर बस्ने वचन दिइन्। तब ज्यापू दिनदिन धनी हुँदै गयो । यो कुरा एक कान दुई कान मैदान हुँदै राजाको कानसम्म पुग्यो र त्यसै दिनदेखि कार्तिक शुक्ल औँसीको दिन देशभर दीपावलीका सजाएर लक्ष्मीको पूजा आराधना गर्ने परम्परा सुरु भएको किंवदन्ती छ ।

❑

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बज्जिका

अन्हरिया इँजोरिया : चोरहरूले आफ्नो सुविधाको लागि भगवान्सँग प्रार्थना गरेर चन्द्रमाको गति परिवर्तन गरेको मिथक हो यो। एक कथाअनुसार पहिले एक महिनामा कृष्ण पक्ष (अन्हरिया) र शुक्ल पक्ष (इँजोरिया) बराबर थियो। दिनभर सूर्यले प्रकाश दिइरहेझैँ रातभरि चन्द्रमाले शीतल प्रकाश दिन्थ्यो। दिनरात उस्तै हुने भएपछि चोरहरूले पन्ध्र दिन मात्र चोरी गर्न भ्याउँथे। पन्ध्र दिन उज्यालैउज्यालो हुने भएकोले चोरहरूले भगवान्को प्रार्थना गरे। भगवान् प्रकट भए। माग राख्ने बेला चोरहरूको सरदारले चोर बुद्धि लगाइहालेछ। उसले माग पूरा हुने पूर्व वचनबद्धता पाए मात्र माग राख्ने बतायो। भगवान् वचन दिन बाध्य भए। पहिले अन्हरिया अनि इंजोरिया चाहिने र एक दिन बढी अन्हरिया हुनुपर्ने उनीहरूको माग थियो। पहिले इँजोरिया हुँदा चोरी गर्न निकै अप्ठ्यारो थियो तर अन्हरिया भएपछि चोरी गरेर राख्न सजिलो हुन्थ्यो। अन्हरिया र इँजोरिया दुवै पक्ष (पख) बराबरी हुँदा चोरी गर्ने र खाने दिनबराबर हुन्थ्यो। त्यसैले चोरहरूले एक दिन बढी मिहिनेत गर्न पाउनुपऱ्यो भनेर चोर बुद्धि लाएर भगवान्लाई अन्हरिया बढाउन लगाए। जस्तोसुकै माग भए पनि पूरा गरिदिने पूर्व वचनअनुसार भगवान्ले चन्द्रमाको दैनिकी मिलाए। त्यही समयदेखि हरेक महिनाको सुरुमा पहिले कृष्ण पक्ष आउँछ र त्यसपछि शुक्ल पक्ष। कृष्ण पक्ष पन्ध्र दिनको हुन्छ र शुक्ल पक्षको पहिलो दिन परेवा तिथिमा चन्द्रमा उदाउँदैन। द्वितीया तिथिदेखि मात्र चन्द्रमा उदाउन सुरु भएर पूर्णिमा तिथिसम्म जान्छ।

आकाशमा पितृसभा : पृथ्वीमा ठूलो खडेरी, अति वर्षा, बालीनालीमा गम्भीर रोग, गाउँ-समाजमा कुनै महामारी, लामो समयसम्म शीतलहर जस्ता विषम परिस्थिति जन्मिए त्यसको पारको लागि आकाशमा पितृहरूको सभा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बस्ने बज्जिकाञ्चलमा विश्वास छ । चन्द्रमा वा सूर्यको वरिपरि देखिने एक किसिमको कालो घेरालाई नै पितृसभाको रूपमा लिइन्छ । सामान्य अवस्थामा यो घेरा लागेको देखिँदैन तर पृथ्वीमा विशेष अवस्थाको सिर्जना भएमा भने सभा लागेको देखिन्छ । के मान्यता छ भने जति सानो घेरा (सभा) हुन्छ पानी ढिलो पर्छ र जति ठुलो घेरा हुन्छ त्यत्ति छिटो पानी पर्छ । यस सम्बन्धमा बज्जिका लोकजीवनमा एउटा उखान नै निकै लोकप्रिय छ - लग सभा दूर पानी, दूर सभा लग पानी । पृथ्वीमा राम्रो र असल काम गर्नेहरू जब आफ्नो देह त्याग गर्दछन् तब स्वर्ग पुग्छन् । स्वर्गमा पुगेका पृथ्वीका पितृहरूले सभा गर्ने गर्दछन् । पृथ्वीका सबै मानिसको रेखदेख गर्ने योग्यता पृथ्वीमा छँदा नै मानिसले बनाउने विश्वास छ ।

आकाशमा सडक : सफा मौसममा राति आकाशमा सडक जस्तो देखिन्छ जून जुनेली रातमा भन्दा कृष्ण पक्षको अँध्यारोमा स्पष्ट देख्न सकिन्छ । आकाशको सडकले मानिसलाई सही बाटो देखाउने बज्जिकाञ्चलमा विश्वास छ । एक कथाअनुसार आर्थिक अवस्था सबल भएकी बहिनीले आफूकहाँ ऋण सहयोग लिन आएका दाइलाई सबै धन अरूले ऋण लगिसकेर आफूलाई पेट पाल्न पुग्दोबाहेक केही नभएकाले आकाशको सडक पूर्व-पश्चिम भएपछि मात्र आउनलाई अनुरोध गरिछन् । त्यसपछि दाइ हरेक दिन साँझ आकाशतिर हेर्न थाल्छन् । असार बित्छ, साउन बित्छ र भदौ पनि बित्छ । आधा असोज वित्दासम्म वल्ल आकाशको सडकले दिशा वदल्छ । त्यत्ति बेलासम्म दाइको खेतमा पनि धान पाक्ने बेला भइसकेको हुन्छ ।

आँगनमा राति पानी राख्ने चलन : वज्जिकाञ्चलमा राति सुत्ने पख आँगनमा सङ्लो पानी राखे घरमा सुख, शान्ति र आनन्द प्राप्ति हुने विश्वास छ । एकपल्ट मध्यरातमा आकाश मार्गबाट पृथ्वीलोकमा विभिन्न मानिसको घर चहार्दै आएका देवताहरूलाई तिर्खा लागेछ । तर कुनै घरको आँगनमा पनि पानी पाएनन् । कतिपयका घरमा चाहिँ जुठो पानी भाँडोमा छोडेका पाए तर जुठो पानी खाने कुरो भएन । धन्न एक जनाको घरको आँगनमा सफा पानी भेटेर देवताहरूले तृप्त हुन्जेल पिए र त्यस घरमा सुख, शान्ति, समृद्धि, सन्तानोत्पत्ति र धनवृद्धिको आशीर्वाद दिए । त्यस घरमा चाँडै नै सुखसमृद्धि पलायो तर त्यसको कारणबारे त्यस घरकी महिलालाई ठुलो कुतूहल भइबस्यो । एक दिन देवताहरूले सपनामा आएर उसलाई पानीबाट देव, दानव, मानव, पितृ, भूत, प्रेत, पिचास तथा अन्य अलौकिक शक्तिहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तृप्ति पाउने, आँगनमा पानी राखेर सुत्दा घरमा कलह नहुने तथा शान्ति प्राप्त हुने विश्वास दिलाए। त्यसपछि नै वज्जिकाञ्चलमा प्राय: हरेकजसो घरको आँगनमा राति पानी राखेर सुत्ने चलन सुरु भएको मानिन्छ।

कर्कलाको पातमा चन्दन : हरेक दिन स्नानपछि हत्केलामा पानी राखी एउटा औँलाले घोटेर निधारमा चन्दन लाउने र देउतालाई पनि लाइदिने रामको चलन रहेछ। तर एक दिन वर्षौंदेखि गरिआएको त्यो कामप्रति उनलाई आशङ्का उत्पन्न भएछ। हत्केलामा औँला राख्दै अगाडि रहेको कर्कलाको पात जस्तो वनस्पतिमा रातो, पहेँलो, सेतो चन्दन भन्दै पानी फाल्न थालेछन्। एकछिनमा कर्कलाको पातमा औँलाले छम्किएको पानीका छिटाहरू सुक्दै गएर विभिन्न रङका चन्दनहरू देखा परेछन्। यसले गर्दा वर्षौंदेखि रामले गरेको चन्दन अरूले नदेखे पनि भगवान्का लागि सत्य भएको विश्वास भयो। अहिले पनि कर्कला जस्तै पात हुने एउटा वनस्पतिमा घोटिएको चन्दन छिटेजस्तो विभिन्न रङका चन्दनहरू देखिन्छन्। भनिन्छ, ती रामले छरेको चन्दन हो। मानिसहरू अहिले पनि श्रद्धा गर्छन्।

कोइलीको अन्डा : कोइलीले आफ्नो गुँडमा अन्डा नपारेर काग र कौवाको गुँडमा अन्डा पार्नुको कथा हो यो। एकै आमाबाबुका सन्तान कोइली, कौवा र कागको बाल्यकाल राम्रोसँग बित्दै थियो। सबैलाई अराउने भएकाले जेठो काग केही कडा बोल्थ्यो, माहिलो कौवा अलि नरम भए पनि दाजुको बोलीमा बोली मिलाउँथ्यो र कान्छो कोइली कम बोल्थ्यो तर मिठो। दुवै दाजुभाइलाई आदर गर्ने भएर कोइली आफूले खाए-नखाएको पनि बिर्संदा दुब्लो हुन गयो। एक दिन आमाले तीन जनै दाजुभाइलाई बोलाएर दाजुहरूको सेवा गर्दागर्दै भाइ दुब्लाएकाले उसको परिवार पनि दाजुहरूले लालनपालन गर्नुपर्ने बताई। एक दिन कोइलीकी पत्नी गर्भवती भइन्। कोइली पत्नीलाई सासूससुराले दाजुहरूले भाइको सन्तानको लालनपालन गर्ने वचन दिएकाले मन लागेको घरमा अन्डा पार्न भने। कोइली पत्नीले त्यसै गरिन्। दुवै दाजुभाइलाई आपत्ति भएन। बच्चाहरू हुर्किए। कोइलीको बच्चा चिनिए पनि काग र कौवाले आफ्नै मानी पालनपोषण गरे। कोइलीले कुनै दुःख गर्नु परेन। बुबाआमाबाट भाइको सेवा गरुन्जेल उनीहरूको सन्तान दोब्बरको दरले वृद्धि हुने आशीर्वाद पाए। त्यही भएर काग र कौवाले कोइलीको अन्डालाई बच्चा बनाउने र पालनपोषण गर्ने काम गरिरहेको.भनाइ छ। कुनै काग वा कौवाले आफ्नो गुँडमा अन्डा पार्न नदिएमा कोइलीले अझै पनि लखेट्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोतरा माछा : राजा हरिश्चन्द्रले आगोमा पोलेर खोलाको पानीमा पखाल्दा पानीमा भागेको माछा । एक कथाअनुसार हरिश्चन्द्रले श्मशानघाटमा कुर्दाकुर्दा केही खान नपाएपछि नदीमा केही माछा समातेर आगोमा पोले । खानुअघि पोलेको माछालाई पानीमा पखाल्न लाग्दा एउटाएउटा गर्दै सबै माछा पानीमा भागे । हेर्दाहेर्दै पोलेका माछा पानीमा पौड्न थाले । यस घटनालाई आफ्नो कर्ममा केही खान नलेखेको माने हरिश्चन्द्रले । वज्जिका लोकजीवनमा यस प्रकारको माछोलाई कोतरा वा ढालो भनिन्छ जसको जिउभरि पोलेको जस्तो दाग देखिन्छ ।

गाईको पुच्छर : वैतरणी पार गर्नु भनेको स्वर्ग जानु हो । एक जना निकै धर्मात्मा मानिस थिए । तर जिन्दगीमा एउटा पनि गाई दान गरेका थिएनन् । गाई दान नगरेको कारण उनी मृत्युपछि धेरै समयसम्म वैतरणी पार गर्न सकेनन् । जब वैतरणीमा प्रवेश गर्थे तब गोही जस्ता जलचरहरूले मासु लुछ्न थाल्थ्यो । अरूहरू आउँथे र गाई वा बाछीको पुच्छर समातेर वैतरणीमा पौडी खेल्दै तर्थे । केही दिनपछि उनले चिनेको एक जना अधर्मी मानिस पनि आए । उनले पनि एउटा गाईको पुच्छर समाते र वैतरणी पार गरे । त्यही घाटमा रहेकाले धर्मात्मालाई नर्कतिर जाने इसारा गरिरहेका थिए । वैतरणीमा प्रवेश गर्नेबित्तिकै जलचरहरूले आक्रमण गर्ने र कुनै पनि गाईले पुच्छर छुनसमेत दिइरहेको थिएन । केही दिनको बसाइँमा उनले रहस्य बुझेछन् । उनले सपनामा आफ्ना सन्तानलाई आफ्नो नाउँमा गाई दान गर्न भनेछन् । उनका सन्तानहरूले पनि गाई दान गरेछन् । गाई दान गरेपछि उनी वैतरणी पार गरेछन् । के भनिन्छ भने वैतरणी पार गर्न आफूले दान गरेको गाईले नै सघाउँछ । यसैले जीवनमा नभए पनि श्राद्धको बेलाचाहिँ अवश्य नै एउटा गाई दान गर्छन् पितृको नाउँमा । कसैले साँढे छोड्ने त कसैले बाच्छी दान गर्ने चलन अहिले पनि छ ।

चन्द्रमामा अशोक : वज्जिकाञ्चलमा चन्द्रमामा हुने कालो दागलाई स्वर्ग जाने बाटोमा पर्ने अशोकको रूख मानिन्छ जहाँ पृथ्वीबाट स्वर्ग जाँदा मानिसहरू विश्राम गर्छन् । एक कथाअनुसार चन्द्रमा हुँदै स्वर्ग जानुपर्ने तर चन्द्रमामा विश्राम गर्नलाई खासै बस्ने ठाउँ थिएन । एक दिन स्वर्गबाट पृथ्वीमा ओर्लिंदै गरेका एक देवतालाई पनि थकाइ लागेछ । चन्द्रमामा आराम गर्न खोज्दा चर्को घामबाहेक अरू केही भेटेनन् । पृथ्वीबाट आएका मानिसहरूलाई पनि घाममा त्यतिकै छटपटाएर आराम गरिरहेको देखे । त्यत्रो आराम र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुखको स्वर्गमा जाने यात्रीहरूलाई बाटोमा कुनै सुविधा नदिइएको देखेर उनले कुनै सुविधा माग्नलाई भने । सबैले एउटै माग के गरे भने शीतल छायाको व्यवस्था होस् । देवताको मनसाय पनि झन्डै यस्तै थियो । सबैको सल्लाह पाएपछि उनले चन्द्रमामा एउटा अशोक रोपे । जुन चाँडै झाँगियो । चन्द्रमामा देखिने कालो भाग त्यही अशोकको रूखको हो जहाँ स्वर्गबाट पृथ्वीमा झर्ने देवता र पृथ्वीबाट स्वर्गमा जाने मानिसहरू आराम गर्ने किंवदन्ती छ ।

चैतावर र गोरु : प्रकृतिको नियमविपरीत जानु हुन्न भन्ने कथा हो यो । चैत महिनामा मात्र गाइने लोकगीत चैतावरसँग जोडिने एक कथा यस्तो छ : उहिले एउटा किसान धानको रोपाइँ गर्न खेत जोतिरहेका थिए । असार महिना भएकोले जताततै पानी नै पानी थियो । समयमै पानी परेर धानको खेती समयमै गर्न पाएका किसान खुसी थिए । कोही ब्याडमा धानको बेर्ना काढिरहेका थिए त कोही रोप्ने काम गरिरहेका थिए । किसानको मन कति हर्षित भयो भने उसको अन्तर्मनबाट अनजानमै चैतावर गीत निस्कियो । होलीपछि चैतमा मात्र चैतावर गीत सुनेको गोरुलाई भ्रम पर्न गयो । उसले यसपालि चैतमा नै पानी परेकाले अब धेरै महिना हिलोमा जोतिनुपर्ने ठान्यो । धेरै महिनासम्म काम गर्नुपर्ने डरले भाउन्न भएर गोरुको मुटु फुटेर मृत्यु भयो ।

चामलबाट धान : भनिन्छ पहिले धानको बोटमा चामल फल्थ्यो । एक दिन कुनै गाउँबाट भोज खाएर घर फर्किरहेका ब्राह्मणलाई सरेई (फाँट)भरि लहलह झुलिरहेको बासमती धानको सुगन्धले लोभ्याउन थाल्यो । पुर्वैया हावाले प्रदान गरिरहेको शीतलता र धानको सुगन्धले कुनै स्वर्गको अनुभूति गर्दै उसले धानको बालाबाट चामल थुत्दै मुखमा हाल्न थाल्यो । एक त भोज खाएर पेट भरेको अवस्था त्यसमाथि चामल खाँदै आइरहेको ब्राह्मणलाई पेटमा असजिलो हुँदै गरेको थाहै भएन । घर पुग्दा नपुग्दै पेट दु:खेर अचेत भई उसको मृत्यु हुनपुग्यो । यस घटनाले भगवानलाई नमिठो लाग्यो । ब्राह्मणले अकालमै ज्यान गुमाउनुपरेपछि भगवान्ले चामलमा खोल हाल्ने सोचे । तर भुसको साधारण खोलले काम चल्ला जस्तो लागेन । अनि त्यसै रात संसारका सम्पूर्ण खेतमा रहेको बोटको चामललाई केही रौंसहित खोल हालेर नयाँ नाम दिए धान । त्यसै दिनदेखि बोटमा चामलको सट्टा धान फल्न थालेको भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झिँगा, माकुरा र माहुरी : बुढो आमाको जस्तो सेवासुश्रुषा गरे त्यस्तै श्राप या वरदान पाएर झिँगा, माकुरा र माहुरीका भएर जन्मिएका छोरीहरूको मिथक हो । कथाअनुसार सबै छोरी घरजम गरेर गएपछि एक जना बुढी आमाले एक दिन जङ्गलवाट एउटा घाइते सुगा ल्याएर पाल्न थाली। उपचारपछि सुगा निको मात्र भएन आज्ञाकारी पनि थियो । जे बोले पनि सुगाले सजिलै दोहोऱ्याउन सक्ने भएपछि वुढियालाई समय कटाउन निकै सजिलो भयो । लामो समयपछि बुढी बिरामी भइन् । आमा बिरामी भएको खवर दिन बुढीले सुगालाई सबैभन्दा पहिले जेठी छोरीकहाँ पठाइन् । जेठी छोरीले धेरै भाँडा माझ्नुपर्ने, घर सफा गर्नुपर्ने, फोहोर लुगा धुनुपर्नेलगायतका कामले आमा भेट्न फुर्सद नभएको बताइन् । आमाभन्दा फोहोरमा रमाउने कुरालाई महत्त्व दिएपछि सुगाले उसलाई झिँगा भएर जन्मने श्राप दियो। त्यसपछि माइली छोरीकहाँ पुग्यो सुगा । माइली छोरीले पनि आफू ठुलो परिवारको जन्जालमा जेलिएकोले नभ्याउने बताई । आमाले सारै मन पराएकी माइली छोरीको कुरा सुनेर निकै दुखी भयो ऊ । त्यसैले उसलाई जालोमा जेलिएर मर्ने माकुरो बन्ने श्राप दिएर कान्छी छोरीकहाँ लाग्यो। कान्छी छोरीको पनि व्यस्तता र पारिवारिक समस्या टन्नै थियो । मन नलागीनलागी उसले आमाको खबर सुनायो । कान्छी छोरी सबै व्यवहार छोडेर आमालाई भेट्न माइत लागिन् । आमा निकै खुसी भई । उसकै रेखदेखमा एक दिन आमाको मृत्यु भयो । तव सुगाको भेष धारण गरेको देउताबाट कान्छी बहिनीले थुक, गुहु, मूत्र सवै पवित्र मान्ने माहुरी बन्ने वरदान पाई । भनिन्छ, त्यसै दिनदेखि झिँगा, माकुरो र माहुरीको जन्म भएको हो ।

दशरथले जनकको खुट्टा छोए : दुई समान हैसियतलाई पनि परिस्थितिले तलमाथि पारिदिन्छ । त्यस परिस्थितिलाई चिनेर सही व्यवहार गर्न सके झनै हैसियत बढ्छ । वज्जिकाञ्चलमा चलेको एक आख्यानअनुसार राजा जनक र राजा दशरथबिच एकपल्ट यस्तै परिस्थितिको जन्म भएको थियो । जनकपुरमा राजा दशरथले आफ्ना चार छोराको जन्ती लिएर आएपछिको कुरा हो । रामले धनुषमा ताँदो चढाउन खोज्दा धनु भाँच्चिएपछि जनककी पुत्री सीताको विवाह रामसित हुने निश्चित भएको थियो । दुवै पक्षको सल्लाहअनुसार राजा जनकको भाइका पुत्रीहरूसित रामका भाइहरूको विवाह गर्ने कुरो छिनिएको थियो । यसैले दशरथले अयोध्याबाट जनकपुर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्ती लिएर आएका थिए । दशरथको जन्तीसहित स्वागत गर्न सारा जनकपुरवासीसहित राजा जनक आफैँ गए । निकै धूमधामसित विवाह हुने तयारी दुवैतिर गरिएको थियो । राजा जनक आफैँले स्वागत गर्ने वेलामा सम्पूर्ण जन्तीहरू पनि थिए । सबैका अगाडि राजा दशरथले राजा जनकको खुट्टामा ढोगे । स्वागत गर्न गएका जनक आफैँ छक्क परे, अप्ठ्यारो अनुभव गरे । जनकपुरवासीलाई पनि अनौठो लाग्यो । स्वयं जन्तीहरूले पनि दशरथले जनकलाई ढोगेको कुराको रहस्य बुझ्न सकेनन् । राजा जनकले अप्ठ्यारो मान्दै दशरथलाई आफूले ढोग्नुपर्नेमा उल्टो ढोग गरेर अन्याय गरेको आशय प्रकट गरे । राजा जनक जस्तो ज्ञानीलाई पनि अचम्भित पार्दै दशरथले आफू आफ्ना चार छोराका लागि जनकका चार छोरी माग्न आएको र उसले छोरीहरू कन्यादान नगरे आफूले वुहारी दानमा नपाउने भएकोले ढोग गरेको बताए । दान गर्ने महान् र लिने याचक भएको वताउँदै राजा जनकका अगाडि दशरथ याचना गरेर उभिइरहे । राजा जनकलाई अलिकति अप्ठ्यारो लागिरहेको थियो । याचककै स्वरमा दशरथले आफ्नो याचनादाताले स्वीकार गरेको ठाने । राजा जनक लज्जित बने । उनको अन्तर्मनमा राजा दशरथ साँच्चीकै महान् भए । छोरीहरूका पिता भएकोमा राजा जनकलाई गर्वको अनुभूति भयो । राजा जनक र दशरथ दुवैले अङ्कमाल गरे ।

धानको मोर : तराई मधेसमा किसानहरूले श्रीपञ्चमी तथा महाशिवरात्रिमा आइतबार वा त्रयोदशीको दिन महादेवलाई धानको मोर (धानको परालमा नै साढे दुई किलो वा पाँच किलो धान राखेर चारैतिरबाट परालले बेरी परालकै डोरीले बाँधी बनाइने विशेष पोको) चढाउने चलन छ । यसो नगरे धान भकारीमै भए पनि घुन लाग्ने र अर्को वर्ष धान खेतीको लागि राम्रो बिउ नै प्राप्त नहुने तथा साँढेले धानखेत खाइदिने विश्वास गरिन्छ । उहिले यस कुरामा पटक्कै विश्वास नलागेर एक जना किसानले धानको मोर चढाउन छोड्यो । नभन्दै उसको खेतमा एउटा साँढे पल्क्यो । अरूको धानखेतको वास्ता नगरी उसकै खेतमा मात्र दिनका दिन चर्न थाल्यो । लखेटेर दिउँसो भगाउँदा पनि साँढे राति गएर त्यही खेतमा चर्न थाल्थ्यो । धान खेती नै सखाप हुने चिन्ताले सताउन थालेपछि उसले आइतबार श्रीपञ्चमीको दिन शिवनगर (रौतहटको महादेव मन्दिरमा) पुगेर पाँच किलो धानको मोर चढाउने भाकल गऱ्यो । त्यसपछि भने साँढे आउन छोड्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नीलकण्ठ : भगवान् शिवले कालकूट विषपान गरेको जीवित साक्षी नीलकण्ठ चरोलाई मानिन्छ । एक पटक देवता र दानव मिलेर समुद्र मन्थन गर्दा एक घैंटा कालकूट विष पनि निस्कियो । समुद्र मन्थनबाट निस्केका अरू कुराको व्यवस्थापन गर्न सजिलो थियो तर कालकूटले धरतीमा राखे सम्पूर्ण प्राणी विनाश हुने र पानीमा हाल्दा सारा पानी जहर हुने भएपछि देवता र दानवले कैलास निवासी भगवान् शिवलाई उपायका लागि गुहारेछन् । भगवान् शिवले सबैको कुरो सुनेपछि अन्तमा विषपान आफैँले गर्ने निर्णय गरे । कालकूट जस्तो भयङ्कर जहर शिव आफैँले पिउने भन्ने खबर डँढेलोझैँ स्वर्ग, पृथ्वीलगायत सबै लोकमा एकैछिनमा फैलियो । सबै देवदेवी तथा राक्षस र अन्य प्राणीका अन्तिम सहारा शिवले विष पिउने कुराले सबैमा एक किसिमको ठुलो त्रास उत्पन्न भयो । यो खबरले नीलकण्ठ पनि एकदम अधीर भएर छटपटिन थाल्यो । शिवको विषपानमा आकाशधरतीका देव, दानव, मानव र विभिन्न चरा तथा अन्य सम्पूर्ण जीव उपस्थित थिए । जब शिवले विष पिउन सुरु गरे नीलकण्ठले आफूले संसारका लागि केही गर्न नसकेको तर संसारका सबैका लागि शिवको खाँचो पर्ने भएकाले समपूर्ण विषपानको असर आफूलाई परोस् भनी प्रार्थना गऱ्यो । नभन्दै मुख र कण्ठमा जहरको स्वाद आएजस्तो अनुभूतिले नीलकण्ठ बेहोस भएर ढल्यो । केहीबेरपछि होस खुल्दा उसको कण्ठ तथा शरीरको अन्य भाग पनि नीलो भइसकेको थियो ।

परेवाको सुली र साइत : वज्जिकाञ्चलमा हरेक आइतबार र मङ्गलबार मात्र परेवाको गञ्जक सफा गर्ने चलन छ। अरू बार गञ्जक सफा गरे परेवाहरूले फुल नपार्ने मान्यता छ । एक कथाअनुसार बलि दिनलाई सम्म परेवा नभएर निक्कै चिन्तित किसानलाई राति सपनामा देवताले हरेक आइतबार र मङ्गलबार मात्र गञ्जक सफा गर्न भनेछन् । साथै परेवाको सुली सबैले हिँड्ने बाटोमा फाल्न पनि भनेछन् । सुलीलाई जति धेरै पैतालाले कुल्चिन्छ, उति धेरै फुल परेवाले पार्ने बताएछन् । किसानले त्यसै गर्न थालेपछि बिस्तारै परेवाले फुल पार्न थालेछन् । बज्जिकाञ्चलमा अद्यापि परेवाको सुलीलाई बाटोमा फाल्ने र त्यसलाई विशेष गरी आइमाईले नाघेर जान नहुने मान्यता रहेको छ ।

बलरा : रामायणमा राम-रावणयुद्धको समयमा लक्ष्मणलाई शक्तिवाण लागेपछि उपचारमा संलग्न वैद्यले भनेको बुटी ल्याउन हनुमान् हिमालय पर्वत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गएका थिए । हिमालय पर्वतमा वुटीलाई चिन्न नसकेपछि पहाड नै उचालेर आकाशमार्गबाट फर्किरहेका हनुमान्लाई तिर्खा लाग्यो । एक समथर ठाउँमा पहाडलाई बिसाएर हनुमान्ले वाग्मती नदीमा तिर्खा मेटे । त्यहाँ रहेको सानो बस्तीलाई बलरा नाम दिएर उनी आफ्नो गन्तव्यतिर लागे । हनुमान्ले वाग्मतीमा पानी खाएको ठाउँ अहिले हनुमान् मन्दिर रहेको सर्लाहीको बलरा भएको विश्वास गरिन्छ । मध्यरातमा हनुमान्ले पहाड राख्ने वेलामा गाउँलेहरू बिउँझिइसकेका थिए । त्यति बेलासम्म त्यो सानो बस्तीको कुनै नाम थिएन । त्यसैले हनुमान्ले नै वस्तीको बलरा नामकरण गरेका थिए । स्थानीयले हनुमान्सित बलराको अर्थ सोध्दा बजरङ्गबलीको **ब**, लक्ष्मणको **ल** र रामको **रा** हुने बताएका थिए रे ।

बाँदरको अनुहार रातो र लङ्गुरको कालो : एउटा ऋषिको श्राप लागेर बाँदरको अनुहार रातो र लङ्गुरको अनुहार कालो भएको कथा छ । खोलाको किनारमा तपस्यारत ऋषिको ध्यान कोही बाँदरले रूखका हाँगा त कोहीले फलले हानेर भङ्ग गरेछन् । उसले सबै बाँदरलाई बोलाएर कसले गरेको हो भनी सोध्दा कसैले पनि केही कुरा बताएनछन् । त्यसपछि ऋषिले आफूलाई दुःख दिनेको अनुहार सधैँका लागि कालो र डराएर सत्य कुरा नबताउनेको अनुहार रातो हुने श्राप दिन्छन् । तव बाँदरको अनुहार रातो र लङ्गुरको अनुहार कालो भएको किंवदन्ती छ ।

बाँदर र जुम्रा : भगवान् रामको दूत हनुमान् अर्थात् बाँदर शाकाहारी भए पनि उपियाँ-जुम्रालाई भने उसले खाएजस्तो देखिन्छ । यस सम्बन्धमा एउटा कथा प्रचलनमा रहेको छ । लङ्काबाट फर्केपछिको रामराज्यमा बाँदरहरूको भूमिका खासै देखिएको थिएन । एकपल्ट अयोध्याका मानिसले आफूहरूलाई सताउने जुम्रा नियन्त्रण गर्न बाँदरहरूलाई भने तर बाँदरहरूले जुम्राका हत्या गर्ने कुरै भएन । त्यसैले शरीरबाट जुम्रा निकाल्दै भुइँमा फाल्दै गरे तर जुम्रा फेरि कसैको जिउमा चढिहाल्ने । तव बाँदरहरूले समातिएका जुम्राजतिलाई मुखमा हाल्दै पर लगेर कतै फालिदिने उपाय निकाले । भनिन्छ, त्यसै बेलादेखि बाँदरले जुम्रालाई मुखमा हाल्छन्, जुन साधारणतया खाएको जस्तो ठानिन्छ ।

बादलको सुँड : बादलमा पानी हुन्छ । बादलले पानी कुनै पोखरी, तलाउ, नदी तथा समुद्रबाट लिन्छ । सबै मानिस सुतेपछि बादलले पोखरी, तलाउ, नदी वा समुद्रबाट पानी तान्छ । पानी नभएको सुक्खा बादल पनि हुन्छ । सुक्खा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बादलले वर्षा राम्रो हुँदैन । एकपल्ट आकाशमा बादल देखा पर्थ्यो तर पानी पर्दैनथ्यो । ठुला अनिकाल पऱ्यो । जब कुनै ठुलो खोला वा पोखरीतिर बादल लागेको देखिन्थ्यो तब कोही मानिस त्यहाँ पुगिहाल्थ्यो । यसैकारण बादलले पानी लिन सकिरहेको थिएन । बादलले पानी नलिँदा वर्षा भइरहेको थिएन । आकाशभरि बादल भए पनि वर्षा हुँदैनथ्यो । मानिसले गर्दा नै मानिसलगायत कुनै पनि जीवजन्तुको कल्याण हुन नसकेको कुरा इन्द्रलोकमा पुगेछ । इन्द्रलोकमा सबै जीवजन्तुको विषयमा चिन्ता भइरहेको थियो । त्यहाँ देउताहरूको सभामा उपायको खोजीमा निकै मन्थन भयो । सबै देवताहरू एउटा निष्कर्षमा पुगे । मानिसहरू निदाएपछि राति मात्र कुनै पोखरी र समुद्रबाट पानी तान्दा सबैको कल्याण हुन्छ । त्यसै रात बादलले सुँड लगाएर नदीको पानी तान्यो । पोखरीको पानी तान्यो । समुद्रबाट पानी तान्यो । बिहान नहुँदै पानी पर्न थाल्यो । पानी पर्दा आकाशबाट पानी सँगसँगै माछा पनि बर्स्यो । समुद्र, पोखरी र नदीबाट बादलले तानेको माछा आकाशबाट बर्सेको थियो । सबैतिर खुसियाली छायो । भनिन्छ, अहिले पनि बादलले सुँडको माध्यमले समुद्रमा कसैले नदेख्ने गरी पानी तान्छ र कहिलेकाहीँ माछा पनि आकाशबाट बर्सन्छ ।

भ्यागुतोको बिहे : भनिन्छ, विधिपूर्वक भ्यागुतोको विवाह गरिदिँदा वर्षा हुन्छ अर्थात् पानी पर्छ । एकचोटि ठुलो खडेरी परेर सबैतिर पूरै सुक्खा बनाइदियो । सुक्खा पनि यति कि खोलानाला, ताल, पोखरी र इनारहरू सुके । घाँसहरू सुके तथा रूख-बिरुवाहरू पनि मर्न लाग्यो । गर्मीले दिउँसो बाँच्न मुस्किल हुँदै गयो । राति जून लाग्दा पनि मानिसलाई पोलेको अनुभूति हुन थाल्यो । चराचुरुङ्गी र अन्य साना चराहरू तिर्खाले मर्न थाले । सबैतिर हाहाकार हुँदै गएपछि ऋषिमुनिहरूले यसबारे छलफल गरे । सर्वसाधारणको समस्यालाई समाधान गर्नु ऋषिमुनिहरूले कर्तव्य ठाने । ऋषिमुनिहरूले एकपछि अर्को छलफल गर्न थाले । एक जना ऋषिले भ्यागुतोको बिहे गरेको र गाउँको कुनै सभ्य मानिसको घरअगाडि पानीले भरिएको घैँटो फुटाएपछि पानी परेको सपना देखेको बताए । वैशाखको महिना थियो । दिउँसोको तातो हावाले मानिसको छाला नै डढाएको जस्तो बनाइरहेको थियो । राति पनि खासै शीतल हावा चिलरहेको थिएन । त्यसैमा लगनको दिन थियो । ऋषिहरूले सर्वसाधारण मानिसहरूलाई भ्यागुतोको बिहे गरे पानी पर्न सक्ने बताए । सर्वसाधारणले गाउँमा भ्यागुतोको बिहे हिन्दू विधिपूर्वक सम्पन्न गराए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुःखको घडीमा पनि विहेको खुसियालीपूर्वक गीतहरू गाए, मध्यरात्रिमा विहे रमाइलोसित भयो । गाउँको ठुलो पञ्चकहाँ पुगेर घरअगाडि घैंटा फुटाए । भ्यागुतो बेहुलोले भ्यागुतीलाई अन्माएको मानियो । घरका मालिकलाई गर्नुसम्म गाली गरे । घरमालिकले पनि थाहा पाएपछि सबैलाई लखेटे । नभन्दै भोलिपल्ट पानी पऱ्यो । त्यसै दिनदेखि अझै पनि खडेरी परेको समयमा भ्यागुतोको विहे गर्ने चलन रहेको छ । भ्यागुतोको विहे गरेपछि पानी पर्छ भन्ने विश्वास गाउँघरमा अझै पनि छ ।

भदौ र फागुनको मित्रता : वज्जिकाञ्चलवासीको विश्वास छ कि भदौ र फागुन निकै नजिकको मित्र हुन् । दुवैलाई एकअर्काको दुःखसुख र सामाजिक सरोकारको चिन्ता हुन्छ । दुवै एकअर्काको चाडपर्व र संस्कारहरूमा सहभागी पनि हुन्छन् । एक दिन भदौ घुम्दै फिर्दै फागुनकहाँ आयो । फागुनले उसलाई भव्य स्वागत गर्दै रूखबिरुवामा भर्खर मुना पलाइरहेको, धरतीमा नयाँ फूलहरू मुस्कुराइरहेको, सबै वर्ग र उमेरकाहरूले फगुवा गीत गाइरहेको, कतै विहेको जन्ती गइरहेको, नाचगान भइरहेको, मानिसहरू रमाइरहेको तथा रङ र अबिर खेलिरहेको दृश्यहरू देखायो । केही दिनमै होली पनि आयो । होलीमा घरघरदेखि व्यक्ति र समाजमा देखिएको खुसीले भदौको मन हर्षित भयो । केही महिनापछि फागुन पनि भदौकहाँ पुग्यो । भदौले पनि सक्दो स्वागत गऱ्यो तर उसलाई कताकति राम्ररी स्वागत नपाएझैं लाग्यो । चारैतिर हिलैहिलो, कतै खास खुसियाली छैन, कतै घुम्न निस्कन जाऊँ भने सडकको समस्या, लामखुट्टेले टोकेर हैरान पारेको अवस्थाले गर्दा फागुनले आफ्नो दुखेसो पोख्यो, "मैले जस्तो स्वागत तिमीले गर्न सकेनौ मित्र । मैले चारैतिर अबिर र फूलले स्वागत गरेको थिएँ । सबैतिर अनेक गीत र सांस्कृतिक बाजाहरूले स्वागत गरेको थिएँ तर तिमीले लामखुट्टे र हिलोले स्वागत गऱ्यौ । मलाई त चित्त बुझेन ।" भदौको भनाइ रह्यो, "मैले अहिले हिलो उडाइनँ भने फागुनमा अबिरको धुलो उडाउन निकै मुस्किल हुन्छ । तिमीले मलाई त स्वागत गर्नै सक्दैनौ ।" तर फागुनलाई चित्त बुझेन । अलि अमिलो मन लिएर फर्क्यो फागुन । अर्को वर्ष फेरि फागुनले भदौको स्वागत गऱ्यो । तर पहिले पहिलेको वर्ष जस्तो चाहिँ गरेन । भदौले राम्ररी कुरो बुझेको थियो । यसकारण चित्त दुखाएन वरु फागुनलाई यसपालि राम्ररी स्वागत गर्ने योजना बनाएर बिदाबारी भई फर्क्यो । यसपालि भदौमा फिटिक्कै पानी परेन । आकाशचाहिँ छिट्याएन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धरतीभरि जताततै छारैछारो उड्यो । पानी नपरेपछि हिलो हुने कुरै भएन । फागुनलाई भदौले खोजेको जस्तो स्वागत गऱ्यो । यसपालि फागुनको मन भने निकै हर्षित थियो । तर फागुनलाई स्वागत गर्ने वेलामा भने दुनिया निरास थिए । भदौमा पानी नपरेकोले कुनै किसानले भने खुसी मानेको देखिएन, फागु गीत गाएन, डम्फु बजेन, होली निक्कै फिक्का भयो । फागुनले मित्र भदौलाई भन्यो "तिम्रो खुसियालीबिना मेरो खुसियाली हुन सक्दैन । तिम्रो हिलो नै मेरो अविर हो र तिम्रो लामखुट्टेको सङ्गीत नै मेरो फगुवाको वाजा हो । अबदेखि तिमी आफ्नै किसिमले मलाई स्वागत गर्नू र म तिमीलाई आफ्नै किसिमले स्वागत गर्छु ।" भनिन्छ त्यसपछि फागुन र भदौको मित्रता प्रगाढ छ अहिलेसम्म । भदौमा पानी पऱ्यो भने फागुन राम्ररी बित्ने विश्वास छ ।

मकैको तेह्र धारी : भनिन्छ, तेह्र धारीवाला मकैको घोघा प्राप्त गर्नेले ठुलो पुण्य र धन कमाउँछ । अमावश्या तिथिको सोमवार भगवान् शिवको पूजा गरेमा घोघामा रहेको मकैको दानाको तेह्र गुना बढीपल्ट यज्ञफल प्राप्त हुन्छ र धन्यधान्यले पूर्ण भई जीवन सुखी हुन्छ । एकपल्ट एउटा किसानको खेतमा यस्तै तेह्रधारीको मकैको घोघा फल्यो । किसानचाहिँ भगवान् शिवका भक्त थिए । पहिले गरिवै रहे पनि किसानको जीवनमा एकपछि अर्को चमत्कार हुन थाल्यो । उनको चौतर्फी प्रगतिको रहस्य अरू किसानले पनि जान्न खोजे । किसानले सवै कुरा सत्य सत्य वताए । त्यसपछि अरू किसानले पनि खोज्न थाले र अहिलेसम्म तेह्रधारीको मकैको घोघा खोजी गरिरहेका छन् ।

मच्छर र विष : मच्छरले अँध्यारोमा टोक्नुको कथा हो यो । पृथ्वीमा सबै प्राणीको रचना गरेपछि भगवान्लाई बडो आनन्द लागिरहेको थियो । सबैले आफ्नो कर्तव्य राम्रोसँग निर्वाह गरिरहेकै थिए । तर एक दिन प्राणीसभा बोलाउँदा अचानक सर्पले आफूमाथि जसकसैले आक्रमण गर्दा लुक्नुपर्ने तथा भाग्नुपर्ने भएकाले केही गरी वच्ने उपाय माग्यो । तब भगवान्ले सर्पलाई हैरान वनाउनेलाई टोकेर मृत्यु गराउने विष प्रदान गरे । सर्प तत्काल विषधर वनेपछि मच्छरले पनि आफ्नो समस्या राख्यो । उसले आफूले कसैलाई टोक्नेबित्तिकै हान्निएर मर्नुपर्दा आफ्नो वंशनाशकै खतरा बढेकोले सर्पले जस्तै विष पाउनुपर्ने माग राख्यो । मच्छरको बिन्ती सुनेर त्यहाँ उपस्थित सबैमा खैलाबैला मच्चियो । मच्छरले सर्पको विष पाए संसार नै प्राणीविहीन हुने निश्चित थियो । भगवानले सबैको मनस्थिति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुझेर मच्छरलाई फकाए कि सर्वशक्तिमान् मान्छेसमेत ऊसँग डराउने भन्दै उसलाई राति आँखा देख्ने शक्ति प्रदान गरे । उसले राति टोकेपछि टोकेको ठाउँमा केही विष छोड्न पाउने जसले गर्दा उसले टोकेको थाहा हुने वरदान पनि दिए । भगवान्‌को बठ्याइँपूर्ण वरदानले सबै प्राणी सन्तुष्ट बने । भनिन्छ, त्यसै दिनदेखि सर्पले टोक्दा मरिन्छ र मच्छरले टोक्दा पोल्छ ।

मयुरको प्वाँख : भगवान् श्रीकृष्णले मुकुटमा रहेको मयुरको प्वाँखको मिथक हो यो । एकपल्ट एक जनाले श्रीकृष्णलाई महाभारत जस्तो युद्ध विजेताले मयुरको प्वाँखलाई आफ्नो मुकुटमा स्थान दिनुको कारण सोधेछन् । श्रीकृष्णले पृथ्वीमा रहेका सम्पूर्ण प्राणीमध्ये आफ्नो नजरमा मयुर सर्वश्रेष्ठ प्राणी भएकोले उसको सम्मानमा प्वाँख धारण गरेको बताएछन् । कसरी मयुर सर्वश्रेष्ठ भन्ने उनको जिज्ञासामा श्रीकृष्णले जस्तोसुकै सङ्कटमा पनि मयुरमा धैर्य हुने उदाहरण दिएछन् । आकाश गडगडाइरहेको, बादल गर्जिरहेको र बिजुली चम्किरहेको बेला मयुरले नाचेर खुसी प्रकट गर्छ जुन धरतीका सम्पूर्ण प्राणीलाई उसले सान्त्वना दिएको, धैर्य गर्न सङ्केत गरेको हो भनेछन् । मयुर सर्वश्रेष्ठ प्राणी हुनुको अर्को तर्क पनि दिएछन् श्रीकृष्णले कि उसमा यौनलिप्सा हुँदैन । उसले हर्षको आँसुबाट गर्भधारण गर्दछ । यसरी हर्षाश्रुबाट जन्म हुनेको प्वाँख शिरमा धारण गर्नु पनि अर्को गर्वको विषय भएको श्रीकृष्णले बताएछन् ।

लक्ष्मण बलराम हुँदा : सबै मर्यादाको समान महत्त्व हुन्छ भन्ने कथा हो यो । त्रेतायुगमा सधैँ राम जेठो र लक्ष्मण कान्छो बन्नुपर्थ्यो । लक्ष्मणलाई शेषनागको अवतार मानिन्छ । शेषनाग विष्णुको आसन हो । शेषनागलाई सधैँ विष्णुको आसन बनी घाम, वर्षालगायतबाट रक्षा गर्दै सेवा गर्नुपर्ने र कुनै अवतार हुने अवस्थामा समेत कान्छो बनी सेवा गर्नुपर्ने हुन्थ्यो । यसैले एक दिन विष्णु प्रसन्न भएको बेला शेषनागले आफू जेठो भएर जन्मने इच्छा जाहेर गरेछन् । भगवान् विष्णुले उसको इच्छाअनुसार नै हुने वरदान दिए । द्वापरमा कृष्णावतारको समय भइसकेको थियो । विष्णुले कृष्णको रूपमा अवतार लिए भने शेषनागले बलरामको रूपमा । लामो समयपछि एक दिन कृष्णले जेठो या कान्छो हुनुमा कुनमा आनन्द मिलेको सोध्दा बलरामले जेठो हुँदा बढी जिम्मेवारी र तनाव हुने हुँदा आफ्नो पहिलेको मर्यादा नै ठिक लागेको बताएछन् ।

राम नै कृष्ण : त्रेतायुगका राम नै द्वापरयुगमा कृष्णका रूपमा जन्मेको मिथक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो यो । कथाअनुसार बाह्र वर्षको वनवास पूरा गरी पत्नी सीतासहित अयोध्या फर्केका रामलाई सौतेनी आफ्नो कारणले दुःख पाएकोमा सौतेनी आमा कैकेयीले आफ्नै आमा ठान्नु भनी माफ माग्छिन् । रामले चाहिँ आफूलाई दुःख नलागेको वरु देशदेशावर घुम्ने अवसर पाएको बताउँछन् । तर पनि कैकेयीलाई चित्त बुझेको हुँदैन । रामलाई वनबास पठाएकोमा पछुतो र अपराधबोध गरिरहेकी कैकेयीले अर्को जुनीमा आफ्नो कोखबाट जन्म लिने वचन दिन भन्छिन् । उता रामले जन्म लिने तर उनको दुध भने नखाने बताउँछन् । अर्को जन्म (द्वापर)मा कैकेयी देवकी हुन्छिन् र उनको कोखबाट कृष्णको रूपमा रामको जन्म त हुन्छ तर आमाको दुध चुस्न भने नपाएको वर्णन छ । उता यशोदाचाहिँ रामकी असली आमा कौशल्या हो, जसको काखमा कृष्ण हुर्कियो ।

रावणको जन्म : भनिन्छ, रावणको जन्म अठार महिनामा मात्र हुन पुग्यो । रावणले नौ महिनामा जन्म लिन नमानेपछि स्वर्गमा देउताहरूबिच पृथ्वीको संरचनामा नै असर पर्ने विषयमा कुरोकानी चलेछ । केही देवताहरूले यसको कारणबारे बुझ्न नारदलाई पठाएछन् । नारदले बुझ्दा गर्भको बालकले पृथ्वीमा जन्मेपछि आफू जस्तो शक्तिशाली, बुद्धिमान् र शास्त्रार्थ गर्न सक्ने कोही नहुने तर आफ्नो मृत्युचाहिँ आफूभन्दा कमजोरबाट हुने सम्भावना भएकाले जन्मन नचाहेको पत्तो लाएछन् । नारदले यो गुह्य कुरा सुनाएपछि देवताहरूले समस्या समाधानका लागि भगवान् विष्णुलाई जिम्मा दिएछन् । भगवान् विष्णुले गर्भमै गएर सम्झाउँदा रावणले आफूसित युद्धमा लडेर आफूलाई मार्ने क्षमतावान् पृथ्वीमा कोही पनि नभएकाले आफ्नो सम्पूर्ण परिवारलाई मुक्ति दिलाउने वचन पाए मात्र जन्मने सर्त राखेछन् । विष्णुले सर्त स्वीकार गरेपछि मात्र रावणले जन्म लिएछन् ।

रावण, कंश र हिरण्यकश्यप : तीन जन्म : भगवान् विष्णुको भक्तलाई भेट्न कसैले पनि रोक्न सक्दैनथे । एक दिन विभिन्न भक्तजनलाई एक जना प्रिय द्वारपालले विभिन्न भक्तजनलाई रोकेछन् । उसलाई भक्तजनले सात जन्मसम्म मृत्युलोकमा भगवान्को दर्शनका लागि छटपटिनु परोस् भनेर श्राप दिएछन् । द्वारपालले विष्णु भगवान्लाई श्रापबाट मुक्त हुने बिन्ती गर्छन् । तर विष्णु भगवान्ले भक्तको श्राप भगवान्का लागि पनि आदेश हुने भन्दै आफ्नो असमर्थता व्यक्त गर्छन् । वरु श्राप भुक्तानका दुई तरिका वताइदिन्छन् । जसमा उसले विष्णुकै भक्तको रूपमा सात जन्मसम्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीलोकमा रहने नत्र विष्णुको परम शत्रु बनेर तीन जन्मसम्म विष्णुकै हातबाट वध हुनुपर्ने हुन्छ । द्वारपालले सात जुनीसम्म प्रभोभन्दा टाढा रहनुभन्दा तीन जुनी घोर शत्रु बनेर दिनरात सम्झनु अनि प्रभुकै हातबाट मृत्युवरण गर्नु श्रेयष्कर हुने निर्णयमा पुग्छन् । जसअनुसार तिनै द्वारपालले रावणको रूपमा, कंशको रूपमा र हिरण्यकश्यपको रूपमा तीन जन्म लिएका र भगवान् विष्णुवाट मृत्युवरण गरेको विश्वास छ ।

सतभैया : आकाशमा चार कुनातिर चार दाजुभाइ र दुई जना पछिपट्टि तथा एक जना अलि निकै पछि रहेको झन्डै प्रश्नवाचक चिन्ह जस्तो आकारमा देखिने सातवटा ताराको समूहलाई सतभैया नामले चिनिन्छ । चार कुनामा रहेको चारवटा ताराहरू आमाको लास बोकेर अघिअघि बढेको र तीन दाजुभाइमध्ये एक जनाले आगो बोकेको, अर्कोले हाँडी बोकेको र अर्को एक भाइले लास जलाउने अन्य सामग्री बोकेको मानिन्छ । हरेक साँझ लासलाई घाटमा पुऱ्याउन दाजुभाइहरू हिँड्छन् । रातभरि हिँड्दा पनि घाटसम्म पुगेको देखिँदैन । सात जनै दाजुभाइ घाटमा पुग्दानपुग्दै उज्यालो भइसक्छ । कहिलेकाहीं छजना दाजुभाइ घाटमा पुगे पनि सबैभन्दा पछाडि रहेको भाइ भने घाटसम्म नआइपुग्दा लास जलाउन पाएका छैनन् । सबैभन्दा पछाडि रहेको भाइ लङ्गडो रहेकाले अरू पुगे पनि ऊ भने पुग्न सधैँ ढिलो हुन्छ । जुन दिन सबै दाजुभाइ उज्यालो नहुँदै आमाको लास जलाउँछन् त्यस दिन धरतीमा प्रलय हुन्छ । धरतीमा कुनै पनि जीवन रहँदैन भन्ने किंवदन्ती छ ।

सीता रावणकी छोरी : सीता रावणकी छोरी भएको मिथक पनि छ । कथाअनुसार रावणले लङ्काका सबैसित कर लिन्थे । साधुसित केही पनि हुँदैनथ्यो । कहिल्यै कर नतिर्ने तर राज्यका सेवासुविधाको उपभोग गर्ने साधुहरूसित एकएक थोपा रगत नै भए पनि कर लिनुपर्ने आदेश दिए । राजाको कठोर आदेशअनुसार माटोको एउटा घैँटामा साधुहरूको रगत जम्मा गरेर राजाको दरबारमा लगियो । साधुहरूको रगतलाई के गर्ने भन्ने छलफल चल्यो । त्यो रगतबराबर रगत राजाले घैँटामा राखेर राज्यको सीमाबाहिर लगेर धरतीमा नगाडे राज्य विनाश हुने कसैले बतायो । रावणले तुरुन्तै कटारले हात चिरी रगत घैँटामा भरे । मनको गतिले उड्ने विमानले आफैँ घैँटालाई निकै टाढाको जङ्गलमा पुऱ्याएर खाल्टो खनी पुऱ्यो । कालान्तरमा त्यहीँ घैँटाबाट सीताको जन्म भयो । सीताको स्वयंवरमा धनुषलाई रावणले हल्लाउन नसकेपछि सीतालाई एक दिनका लागि भए पनि लङ्का पुऱ्याउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रण गरे । राम-सीताको विवाह भएको बाह्र वर्षपछि अयोध्याबाट एक दिन रावणले सीतालाई छोरीका रूपमा लङ्कामा लैजान राजा दशरथसित अनुमति मागेका थिए । तर राजा दशरथले सीताको स्वयंवरमा रावण सीतालाई वरण गर्ने उद्देश्यले भाग लिएको ठानी इन्कार गरेका थिए। त्यसपछि रावणको मन बदलियो र वनवासको मौका पारेर अपहरण गरेर लगेका थिए ।

सुकबा सुकिनिया : आकाशका दुई चम्किला तारा सुक र सुकिनलाई श्रीमान्-श्रीमती (बोलचालीको भाषामा सुकबा-सुकिनिया) मान्दै विवाहको शुभ लगन हेर्ने जिम्मेवारी पनि यिनैको रहेको विश्वास गरिन्छ । एक कथाअनुसार एक दिन विवाहका लागि धरतीका धेरै घर सजाइँदै थिए । कतै विवाह भोज भइरहेको थियो त कतै बाजा बजिरहेको थियो । कोही नयाँ पोसाकमा ठाँटिएर तयार भइरहेका थिए त कोही बिहेको बाजामा बजिरहेको गीत र सङ्गीतमा नाचिरहेका थिए । आइमाईहरूको झुण्डले अनेक ठाउँमा आँप-महुआको बिहे गरिरहेका थिए । विभिन्न ठाउँमा पालकी सजाइरहेको पनि देखिएका थिए । तर बिहेको यत्रो तयारी भइरहेको सुकबा सुकिनियालाई थाहै थिएन । जब रात पऱ्यो । आकाशबाट सुकिनियाले धरतीमा भइरहेका विवाहहरू थाहा पाएर सुकबाकहाँ पुगेर सोधिन्-आज लगन कसरी भयो ? हामी दुवै जना एक ठाउँमा नभईकन लगन कसरी हुन्छ ? लगन नभईकन धरतीमा बिहेको यति धेरै तयारी कसरी हुन्छ ? सुकिनियाको कुरो सुनेर मुस्कुराउँदै सुकबाले भने- हेर तिमी यहाँ आयौ, तिमी र म नजिक भयौं। जब म र तिमी नजिक हुन्छौं तब धरतीमा बिहे हुन्छ। शुभ लगन मानिन्छ । सुकबाको कुरो सुनेर सुकिनिया पनि मुस्कुराइन् । त्यसै दिनदेखि के विश्वास गरिन्छ भने सामान्यतया लगनको समय नहुँदा पनि यदि विवाहको तिथिमिति तय गरिन्छ भने आकाशमा सुकबा सुकिनिया एक ठाउँमा हुन्छन् । तर कुनै पनि हालतमा साउन, भदौ, पुस र चैतमा भने सुकबा सुकिनिया एक ठाउँमा हुँदैन भन्ने विश्वास गरिन्छ ।

श्रेष्ठ को र किन : एक दिन नारद आफ्ना पिता ब्रह्माका सम्मुख अँध्यारो मुख लाएर उभिए । सधैं चञ्चल नारदलाई त्यस दिन अँध्यारो मुख लाउनुको कारण ब्रह्माले सोधे । एउटा तीव्र उत्सुकताले निकै दिनदेखि नारदको चञ्चलतालाई खोक्रो बनाइरहेको रहेछ । उसले देवता र दानवमा समान सन्तान भएर पनि एउटालाई स्वर्ग र अर्कोलाई पाताल लोक पठाउनुको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कारण सोध्यो। ब्रह्मालाई उत्तर दिन समस्या भयो। ठाडो उत्तर दिन चाहेनन्। को श्रेष्ठ र को कहाँका लागि किन उपयुक्त छन् भन्ने निर्क्योल स्वयं नारदले नै गरोस् भन्ने ब्रह्माको मनमा लाग्यो। ब्रह्माले देव र दानव दुवैलाई बिहान भोजनका लागि निम्तो गर्न नारदलाई लगाए। दुवै पक्षका निम्तालुहरू निर्धारित समयमै आइपुगे। ब्रह्माको इच्छाबमोजिम दुई पक्षमध्ये एक पटकमा एक पक्षले मात्र भोजन गर्न पाउने व्यवस्था थियो। भोजनका लागि दुई पक्षमध्ये जुनै पनि एक पक्ष जान नारदले अनुरोध गर्दा दानव पक्ष हतार देखाएर भोजनका लागि बस्यो। खाना थालमा अगाडि राखियो। सबै खानाको लागि तयार भएको वखत खाना खानुअघि हातलाई बाङ्गो नहुने गरी कुहिनामा रूखको एउटा हाँगो बाँधेर भोजन गर्नुपर्ने नारदले सर्त तेर्स्याए। कुहिनोमा हाँगो बाँधेर भोजन गर्ने प्रयास दानवहरूले गरे पनि सकेनन्। जथाभावी बोल्न थाले। आफूहरूलाई बेइज्जत गर्न बोलाइएको भन्दै ब्रह्मा र नारद दुवैलाई तथानाम गाली गरे। भोजन गर्ने पालो देउताहरूको आयो। देवताहरूको कुहिनामा पनि रूखका हाँगा बाँधिए। देवताहरूले बुझे कि सोझो हातले भोजन गर्न सकिँदैन। कुहिना बाँधिएको हातलाई आफ्नो मुखतिर फर्काउन सजिलो नहुने भएकोले देवताहरूले आफ्नो हात सीधा राखेर एकअर्कोलाई भोजन गराउन थाले। देवताहरू एकापसमा खुब रमाए। नारदतिर हेरेर ब्रह्मा मुस्कुराए। नारदलाई आफ्ना सबै जिज्ञासा शान्त भइसकेको थियो।

सोहराइ : सोहराइलाई बज्जिकाञ्चलमा सबैभन्दा बलियो मानिन्छ जुन एउटा वनस्पति हो। गाईपूजा अर्थात् लक्ष्मीपूजाको भोलिपल्ट सोहराइ वनस्पतिको महत्त्व निकै धेरै हुन्छ। यस दिन गाईबस्तुलाई नयाँ डोरी लगाउने चलन छ। यस दिनलाई पशुहरूका लागि नयाँ वर्ष नै भने पनि हुन्छ बज्जिकाञ्चलमा। अहिले लोप भइसक्यो भन्दा पनि हुने तर अझै पनि कतैकतै अस्तित्वमा रहेको हियालोलो अर्थात् डाढ बोलाउने परम्परासँग सोहराइ वनस्पतिको निकै ठुलो घनिष्ठ सम्बन्ध छ। दिनभरि बाहिर चर्न गएको वा लगिएको गाई तथा गोरुलाई साँझपख घरमा भित्र्याउने बेलामा भने एउटा संस्कृतिको निर्वाह गरिन्छ। कतैबाट खोजेर ल्याइएको सोहराइको एउटा बिरुवालाई जरासमेत सानो खाल्डो खनेर गाडिन्छ। बिरुवाको माथिल्लो भाग भने देखिरहेको हुन्छ। त्यसैको माथिबाट गाई र गोरुलाई हिँडाइन्छ। गाई र गोरुको खुरले त्यो वनस्पति लगभग पूरै थेचारिन्छ। कतिपय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्थामा त वनस्पतिको अस्तित्व नै देखिँदैन माथिबाट । जब गाई र गोरुहरू गइसक्छन् तब स्थानीय युवाहरूले सोहराइको बाँकी रहेको टुप्पो समातेर तान्न थाल्छन् । कसैले सक्दैनन् । के विश्वास गरिन्छ भने त्यस दिन गाई वा गोरुको खुरले कुल्चिएको सोहराइलाई जस्तोसुकै बलियो मानिसले पनि उखेल्न सक्दैन । जसले उखेल्न सक्छ, उही गाउँभरिको बलियो मान्छे हुन्छ तर आजसम्म कतै कसैले उखेल्न सकेको देखिँदैन । बुढापाकाहरू भन्छन् - जुन दिन कुनै बलियो मानिसले उखेल्न सक्छ, त्यस दिनदेखि मानिसको लागि गाई गौमाता रहन्न । आमाले कुल्चेको ठाउँ सन्तानका लागि पवित्र हुने धार्मिक मान्यतालाई गौमाताको खुरले कुल्चेको सोहराइसँग तुलना गरेर हेरिन्छ । लक्ष्मीपूजाको भोलिपल्टको दिनलाई सोहरैया-दोहरैया पनि भनिन्छ ।

हनुमान् : रामायणको चर्चित मिथक हनुमान्बारे बज्जिकाञ्चलमा धेरै कथाहरू प्रचिलत छन् । शिशु हनुमान्लाई जङ्गली रातो फल खान दिने ऋषिहरूको रायमा आमा अञ्जनी एक बिहान हनुमान्लाई जङ्गलमा सुताएर फल टिप्दै थिइन् । त्यति नै खेर पूर्वतिरबाट उदाइरहेको रातो सूर्यलाई भुइँमा सुतेको हनुमान्ले फल सम्झेर निलिदिए । भर्खर उज्यालो भएको पृथ्वीमा फेरि अँध्यारो भएपछि देव, दानव, मानव सबैतिर हाहाकार मच्चियो । अञ्जनीपुत्रले सूर्य निलेको थाहा भएपछि उसको तालु फुटाएर सूर्य निकालेर साविक समय गणना मिलाउन लागे । वैद्य तथा ऋषिहरूले यत्नपूर्वक उसको तालु फुटाउनेबित्तिकै सूर्य निस्कियो र आकाशतिर गयो । बिहानदेखि अँध्यारो भएको पृथ्वीमा दिउँसोको सूर्य आकाशमा पुग्दा झलमल्ल भयो । त्यसपछि उसको फुटाइएको तालुलाई विभिन्न जडीबुटीले पुरेर घाउलाई निको बनाइयो । भनिन्छ, त्यसपछि नै बच्चाको तालुमा विभिन्न किसिमका जडीबुटी लगाउने प्रचलन सुरु भएको हो । अर्को, रावणबाट अपहरण गरिएका सीतालाई मुक्त गर्न लङ्का पुगेका हनुमान्को पुच्छरमा रावण पक्षले लगाइदिएको आगो समुद्रले पनि निभाउन सकेन । त्यसैले ऊ आफैँले आफ्नो जलिरहेको पुच्छरको अग्निलाई निलिपठाउनुपऱ्यो जसले गर्दा आगोले जलेर उसको अनुहार कालो भएको भन्ने छ । त्यस्तै हनुमान्को चलाखीको अर्को कथा पनि छ, रावणको दरबारमा पुगेका हनुमान्लाई रावण दरबारका सदस्यहरूले बडो कमजोर ठानेर हेप्न थाल्छन् । भगवान् रामको सन्देशबाहक हुनमान्ले सबैलाई उसको खुट्टा उचाल्न सके मात्र आफूले हार स्विकार्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चुनौती पेस गर्छन् । रावण दरबारका एकएक वीर, रावणका छोरा मेघनाद आदिले पनि हरूले पनि पालैपालो खुट्टोलाई उचाल्ने प्रयास गर्छन् तर उचाल्न सक्दैनन् । अन्तमा रावण अघिसर्छन् । तर हनुमान्ले तुरुन्तै खुट्टा तानेर रावणलाई बताउँछन् कि तपाईं शत्रु नै भए पनि मेरो मालिक रामबराबरीको हो । तपाईंका वीर तथा छोराहरूले समातिसकेको मेरो खुट्टो समात्दा तपाईंलाई नै पाप लाग्छ तर मलाई विश्वास छ कि तपाईंले पनि मेरो खुट्टो उचाल्न सक्नुहुन्न । आफ्नो बुद्धिचालले हनुमान् विजयी हुन्छन् ।

❑

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोजपुरी

अभिमन्यु : अर्जुन र सुभद्राको पुत्र जो कुरुक्षेत्रमा भएको महायुद्धमा वीरतापूर्वक लडेको थियो र कौरव पक्षद्वारा जसको कायरतापूर्वक हत्या गरिएको थियो। भोजपुरी लोकजीवनमा यस्तो महान् वीर योद्धाको मिथकीय प्रयोग जीवन्त रहेको छ। जस्तै– अभिमन्यु अइसन वीर योद्धा बहुत कम जनमलें।

अर्जुन : पाँच पाण्डवहरूमध्ये एक पाण्डव जो धनुर्विद्यामा निपुण थिए। भोजपुरी लोकजीवनमा यिनको दृष्टिको मिथकीय प्रयोग रहेको छ। जस्तै– कवनो भी काम सफल करे खातिर अर्जुन दृष्टि के भइल बहुत आवश्यक रहेला।

अष्टावक्र : एक ऋषि। बाङ्गोटिङ्गो अङ्ग भएका व्यक्ति। भोजपुरी लोकजीवनमा यस्तै बाङ्गोटिङ्गो अङ्ग भएको व्यक्तिलाई अष्टावक्र ऋषि भनेर मिथकीय प्रयोग गरिएको पाइन्छ। जस्तै– ई त ऋषि अष्टावक्र हउवें। सोझ कहाँ चिलहें।

औघरदानी : विलक्षण व्यक्ति। भोजपुरीमा शङ्करलाई औघरदानी पनि भन्ने गरिन्छ। आफ्नो सबै थोक गुमार पनि निश्चिन्त भएर जीवन बिताउने व्यक्तिको रूपमा मिथकीय प्रयोग भएको पाइन्छ। जस्तै– ऊ त औघरदानी ह, ओकरा धन सम्पत्ति, नाता कुटुम्ब से कवनो मतलब नइखे।

कंस : मथुराका राजा, उग्रसेनका पुत्र, जसलाई कृष्णले मारेका थिए। भोजपुरी लोकजीवनमा दुष्ट तथा हत्यारा मामाको रूपमा कंसको मिथकीय प्रयोग भएको पाइन्छ। जस्तै– तूँ कंस मामा हउअ, त हम भगीना कृष्ण हईं। मार के दम लेब।

कर्ण : (सं.) कुन्तीका जेठो पुत्र जो निकै दानी थियो। भोजपुरी लोकजीवनमा यिनको दानवीर कर्णको मिथकीय प्रयोग भएको पाइन्छ। जस्तै– कर्ण जइसन दानी ना, बात सभकेहू मानी ना।

कालिदास : (सं.) संस्कृतका एक प्रसिद्ध कवि। भोजपुरी लोकजीवनमा यिनलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महामूर्खको रूपमा मिथकीय प्रयोग भएको देखिन्छ । जस्तै- बबुआ कालीदास मत बन, जवना डाढ़ पर बइठल बाड़, ओकरे के मत काट ।

कुँवर सिंह : भारतको एक महान् योद्धा, जसले अङ्ग्रेजलाई पराजित गरेका थिए र आफ्नो जीवनको अन्तिम घडीमा लडदालड्दै मृत्युवरण गरेका थिए । भोजपुरी लोकजीवनमा यिनको यही रूपको मिथकीय प्रयोग प्रचिलत रहेको पाइन्छ । जस्तै– ई त बाँका वीर कुँवर सिंह हउँवे, मरते दम तक हार न मनिहें ।

कुम्भकर्ण : लङ्कापति रावणको भाइ, जो छ महिना सुत्दथ्यो र छ महिना विउँभिरहन्थ्यो । भोजपुरी लोकजीवनमा धेरै सुत्ने व्यक्तिको मिथकीय प्रयोग भएको पाइन्छ । जस्तै– ई ससुरा कुम्भकर्ण ह, बड़ा सुतेला ।

कुरुक्षेत्र : पाण्डव र कौरवबिच भएको अठारदिने महायुद्धको स्थल, जो आज भारतको हरियाणा राज्यमा पर्दछ । भोजपुरी लोकजीवनमा यसको रणभूमिका रूपमा मिथकीय प्रयोग भएको पाइन्छ । जस्तै– ओकर जीवन कुरुक्षेत्र हो गइल बा, आ ऊ हो गइल बा अभिमन्यू ।

कृष्ण : यदुवंशी वसुदेवको पुत्र, जो विष्णुका मुख्य अवतारहरूमध्ये एक हो । भोजपुरी लोकजीवनमा यिनको रासलीला गर्ने भगवान्को रूपमा मिथकीय प्रयोग रहेको छ । जस्तै– रास रसैया कृष्ण कन्हैया, गापियन के आगे पीछे नचइया ।

कैकयी : रामायणकी एक पात्रा । राजा दशरथकी एक पत्नी र रामकी सौतेनी आमा । भोजपुरी जनजीवनमा कैकयीको मिथकीय प्रयोग खराब, आफ्नी सौताको छोरालाई मन नपराउने, आफ्नो छोराकै लागि मात्र विचार गर्ने एक नारीको रूपमा रहेको छ । जस्तै– कैकयी केतनो नीमन होई त मयभे नू हिअ, आपन सौतीन के बेटन के कहाँ कुछो देवे दी, बन परी त घर से वाहर निकलवा दी ।

गङ्गा : भारतवर्षको एउटा प्रधान र प्रसिद्ध नदी । भोजपुरी लोकजीवनमा पापमोचन हर्ने नदीको रूपमा मिथकीय प्रयोग भएको पाइन्छ । जस्तै– ई गंगा में नहा के सारा पाप धूल जाई । गंगाजल पिआव, अब इनकर अंतिम समय आ गइल बा ।

गणेश : हिन्दूहरूको एउटा प्रधान देउता, जसको शरीर मनुष्यको झैँ र टाउको हाथीको झैँ मानिएको छ । भोजपुरी लोकजीवनमा यिनको यो रूपका साथसाथै कुनै कामको थालनी गर्ने भनी मिथकीय प्रयोग प्रचिलत रहेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ। जस्तै– श्रीगणेश कइल जाव पंडितजी। (अर्थात् सुरु गरौ) पंडिज्यू) खातानी कि हम जे कहब, साँच कहब, साच के सिवा कुछो ना कहव।

गीता : ज्ञानमय उपदेश। भगवद्गीता। भोजपुरी लोकजीवनमा कुनै कुराको बयान दिँदा सत्य बोल्नका लागि खाइने कसमको आधारस्तम्भको रूपको मिथकीय प्रयोग भएको पाइन्छ। जस्तै– हम गीता पर हाथ धके कसम खातानी कि हम जे कहव, साँच कहब, साच के सिवा कुछो ना कहब।

गोपी : ग्वालिनी, गोपपत्नी। भोजपुरी लोकजीवनमा प्रेमिका र प्रियतमाको रूपको मिथकीय प्रयोग भएको पाइन्छ। जस्तै– यिनी उनकी गोपी हुन्। उनीबिना यिनी बाँच्न सक्दिँनन्।

गोपीचन्द : राजा भरथरीको गीत गाएर हिँड्ने एक प्रसिद्ध भिक्षु। भोजपुरी लोकजीवनमा यिनको यही रूपको मिथकीय प्रयोृग प्रचिलत रहेको छ। जस्तै– ऊ त गोपीचंद लेखा दिन भर सारंगी बजावत आ गीत गाके भीख माङ्गत रहेला। ओकर घर गृहस्थी से का मतलब ?

जङ्गबहादुर : नेपालका राणाकालीन एक प्रसिद्ध पात्र। यिनको घोडसवारीको निकै चर्चा रहेको पाइन्छ। भोजपुरी लोकजीवनमा रक्सीको मात लागेपछि बढ्ता कुरा गर्ने र आफूसामु कसैलाई केही नठान्ने बोधको मिथकीय प्रयोग जीवन्त रहेको छ। जस्तै– अभी इनका से बतिअइला से कवनो फायदा नइखे। अभी ई जंगवहादुर के घोड़ा पर चढ़ ल बाँड़े।

तुलसीदास : रामचरितमानसका रचयिता, एक सन्त जो प्रारम्भमा आफ्नी श्रीमतीको प्रेममा पागलझैँ भइसकेका थिए। भोजपुरी लोकजीवनमा यिनको यही रूपको मिथकीय प्रयोग जीवित छ। जस्तै– तुलसी पागल भइले सुझे ना डगरिया, फिकिरिया उनके नारी के भइल।

दशरथ : अयोध्या राज्यको राजा दशरथ, रामायणको एक पात्र। राजा दशरथलाई चार-चार सन्तान भए तापनि मर्ने बेलामा एक पनि छोरा साथमा नरहेको र छोराहरूकै वियोगमा तड्पिँदै मर्ने पात्रको मिथकीय प्रयोग भोजपुरी जनजीवनमा जीवन्त रहेको छ। जस्तै– दशरथ के चार-चार ललनवा, मरे का बेरिया एको नाही संगे हो राम। इनकर राजा दशरथ के हाल होई। एतना धन सम्पत्ति आ लइका फरिका भइलो पर, देखिह लोग, बिलख बिलख के मरिहें।

द्रोणाचार्य : महाभारत कालको प्रसिद्ध ब्राह्मण वीर, जो भारद्वाज ऋषिका पुत्र थिए। महाभारतको कथाअनुसार यिनले एकलव्यलाई जातिविशेषका कारणले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो शिष्य नबनाएको र पछि एकलव्यद्वारा यिनीलाई गुरु मानेर धनुर्विद्या सिकेको थाहा पाएपछि गुरु दक्षिणास्वरूप बुढी औँला नै मागेको देखिन्छ । आफ्नो प्रिय शिष्य अर्जुनभन्दा कोही राम्रो र महान् धनुर्धारी नहोस् भन्ने सोचले । भोजपुरी लोकजीवनमा यिनको पक्षपाती गुरुको मिथकीय रूप प्रचिलत रहेको छ । जस्तै– का गुरुद्रौणचार्य भइल बाड़ । एतना त अन्याय मत कर ।

द्रौपदी : राजा द्रुपदकी कन्या कृष्णा, प्रवादअनुसार जसको पाच पाण्डवहरूसँग बिहे गरिएको थियो । भोजपुरी लोकजीवनमा यस्तै प्रकारको चरित्र राख्ने मिथकीय रूप प्रचिलत रहेको छ । जस्तै– ई सीता न हिअ, द्रौपदी हिअ, एकरा प्रवाद के कवनो डर नइखे ।

धृतराष्ट्र : महाभारतका एक महत्त्वपूर्ण पात्र, हस्तिनापुरका राजा जो जन्मान्ध थिए र आफ्नो पुत्रमोहमा समेत अन्धो भएर सारा सन्तानलाई मृत्युको कोपभाजन बनाए । भोजपुरी लोकजीवनमा यसको यही रूपमा मिथकीय प्रयोग भएको पाइन्छ । जस्तै– बेटा के मोह में साफा धृतराष्ट्रे हो गइल बाड़ । जानत नइख, उनकर का हाल भइल रहे ।

नारद : ब्रह्माको पुत्र, एउटा प्रसिद्ध हरिभक्त देवर्षि । भोजपुरी लोकजीवन नारदको मान्छेहरूबिच झगडा लगाउने व्यक्तिका रूपमा मिथकीय प्रयोग जीवन्त रहेको छ । जस्तै– का नारद बनल बाड़, झगडा लगगले फिरताड़ ।

प्रह्लाद : हिरण्यकश्यपको पुत्र, एक प्रसिद्ध ईश्वरभक्त । भोजपुरी लोकजीवनमा यसको यही रूप मिथकीय प्रयोगमा पनि प्रचिलत रहेको छ । जस्तै– ऊ त एकदम प्रह्लाद हो गइल बा, हर समय ईश्वर के भक्ति करत रहेला ।

विदुर : महाभारतको एक प्रसिद्ध पात्र, धृतराष्ट्रको भाइ, जो बारम्बार युद्ध नगर्नका निम्ति सल्लाह दिइरहन्थे । श्रीकृष्ण पाण्डवको दूत बनेर जाँदा विदुरकहाँ गएर साग खाएको कथा छ । भोजपुरी लोकजीवनमा धेरै श्रद्धा गर्ने, माया गर्ने, आदर गर्ने भावका रूपमा यसको मिथकीय प्रयोग जीवन्त रहेको छ । जस्तै– जहाँ भाव ना उहाँ भोजन कइसन ? भाव रही त सागो नीमन, जइसे कि श्रीकृष्ण विदुर के साग खइले रहस ।

विभीषण : लङ्काका राजा रावणको भाइ, जो राम-रावण युद्धमा आफ्नो दाइ रावणको विपक्षमा उभिएका थिए र जसले आफ्नो दाइको प्राण नाभिमा रहेको बताएर दाइलाई मार्न लगाएका थिए । भोजपुरी लोकजीवनमा यिनको गद्दार भाइको रूपमा मिथकीय प्रयोग भएको पाइन्छ । प्रायः भन्ने गरिन्छ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

-भाइ फुटे गँवार लुटे ।

बुद्ध : बौद्ध धर्मको प्रवर्तक एउटा प्रसिद्ध महात्मा, जसको जन्म इ.पू. ५५० मा भएको थियो । भोजपुरी लोकजीवनमा शान्तिको अग्रदूतको रूपमा यिनको मिथकीय प्रयोग रहेको पाइन्छ । जस्तै– ई बुद्ध के देश ह, जहाँ शान्ति के गीत गावल जाला ।

भगीरथ : अयोध्याका एउटा प्रसिद्ध सूर्यवंशी राजा जसले उत्कट तपस्या गरेर गङ्गालाई पृथ्वीमा ल्याएका थिए । भोजपुरी लोकजीवनमा कठिन प्रयास र तपस्याको मिथकीय रूपमा यसको प्रयोग भएको पाइन्छ । जस्तै– भगीरथ प्रयास से कथी ना हो सकेला । जब गंगा के धरती पर लियावल जा सकेला, त ई कवन बड़ा काम बा ।

भरत : अयोध्या नरेश दशरथका पुत्र र रामको भाइ, जसले परिस्थितिवश राज्य गर्दा दाजुको खड़ाउ प्रतीकको रूपमा सिंहासनमा राखेर राज्य सञ्चालन गरेका थिए । भोजपुरी लोकजीवनमा त्यागी र औधी माया तथा सम्मान गर्ने भाइका रूपमा यिनको मिथकीय प्रयोग भएको पाइन्छ । जस्तै– भरत जइसन भाइ मिलल बा कठिन, कर लीं मनवाँ में बात यकीन ।

मन्थरा : रामायणकी एक पात्रा । रानी कैकयीकी दासी । मन्थरालाई भोजपुरी जनजीवनमा घर बिगार्ने, भड्काउने तथा आफ्नो स्वार्थसिद्धिका निम्ति जे पनि गर्नका लागि उत्प्रेरित गर्ने चरित्रको रूपमा चिन्ने गरिन्छ र यसको यही रूपमा मिथकीय प्रयोग हुने गर्दछ । जस्तै– ई मंथरा बन गइल बिआ। घरफोड़नी हिअ ।

महाभारत : वेदव्यासद्वारा रचित पाण्डव-कौरव युद्धवर्णित ग्रन्थ । भोजपुरी लोकजीवनमा ठुलो झैझगडाको रूपमा यसको मिथकीय प्रयोग पाइन्छ। जस्तै– ओकरा घर में महाभारत हो रहल बा ।

मीरा : कृष्णको भक्तिमा पागल भई आफ्नो घरबार तथा पतिलाई छाडेर हिंडेको एक भक्त । भोजपुरी लोकजीवनमा प्रेमदिवानी भक्तको मिथकीय प्रयोगको रूपमा मीराको प्रयोग भएको देखिन्छ । जस्तै– अइसन लागल लगन, मीरा हो गइली मगन, ऊ त गली-गली हरि गुन गावे लगली ।

राम : राजा दशरथको जेठो छोरो । रामको आदर्शको मिथकीय प्रयोग भोजपुरी जनजीवनमा गरेको पाइन्छ । राम एक आज्ञाकारी पुत्र तथा एक पत्नीव्रत धारण गर्ने मर्यादा पुरुष थिए । कसैलाई आज्ञाकारी तथा एक पत्नीव्रतधारी देखाउनुपर्दा यसको प्रयोग यसरी गर्ने गरिन्छ - ऊ त राम हउवे, बाप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मातारी के कवनो बात ना टारी। ऊ त राम हउवे, अपना मेहरारू के अलावा दोसरा का ओर नजर उठा के ना देखे।

रामकहानी : रामको कहानी अर्थात् रामकहानी। तर भोजपुरी लोकजीवनमा रामकहानीलाई आफ्नो निजी कहानीको रूपमा मिथकीय प्रयोग भएको पाइन्छ। जस्तै– अब सुनीं हमर रामकहानी , हमरे जुबानी।

रामवाण : रामवाण अर्थात् रामको वाण। भोजपुरी लोकजीवनमा छिट्टै असर गर्ने भनी रूपमा मिथकीय प्रयोग भएको पाइन्छ। जस्तै - ई दवाई खाईं, राम वाण ह, बाँवा ना जाई।

रावण : लङ्काका राजा जसले सीताको हरण गरेका थिए। भोजपुरी लोकजीवनमा रावण एक आततायी तथा दुष्ट खलपात्रका रूपमा चित्रित रहेको छ। यसको यही खलपात्र रूपको मिथकीय प्रयोग पनि भएको पाइन्छ। जस्तै– साफा रावने बन गइल बाड़, तनिको सहुर नइखे कि का कर रहल बाड़।

लक्ष्मण : राजा दशरथको छोरा तथा रामको कान्छो भाइ। यो रामायणको एक चरित्र हो। लक्ष्मणको मिथकीय प्रयोग आज्ञाकारी भाइ तथा आदर्श र चरित्रवान् देवरको रूपमा हुने गर्दछ। भोजपुरी जनजीवनमा जब कुनै देजर-भाउजूको सम्वंध आदर्श रूपमा चरित्रार्थ गर्ने गरिन्छ, त्यस बखत यो शब्दको प्रयोग हुन्छ। जस्तै- ई त लक्ष्मण ह, अपना भउजाई का ओर भर नजर ना देखे। लक्ष्मण जइसन देवर पर एह तरह के आरोप, बड़ा शर्म के बात बा।

लक्ष्मी : धनको अधिष्ठात्री देवी, जो विष्णुकी पत्नी हुन्। भोजपुरी लोकजीवन छोरीलाई लक्ष्मीका रूपमा मान्नुका साथै यिनको यसै रूपको मिथकीय प्रयोग पनि जीवित रहेको छ। जस्तै– चिंता मत करीं, बेटी ना लक्ष्मी जन्मल हई। जवना घर में नारी के पूजा होजा ओह घर में लक्ष्मी के बास होला।

सरवन : अन्धक मुनिका पुत्र जसलाई दशरथले हरिणको भ्रममा मारेका थिए। भोजपुरी लोकजीवन अति आज्ञाकारी र आमा-बुबाको हरेक इच्छा मान्ने पुत्रको मिथकीय प्रयोग भएको पाइन्छ। जस्तै - जुग-जुग जीअ सरवन पुध, अज खिऊवलह द्युध्ही खीर। बेटा होखे त सरवन जइसन।

सरस्वती : विद्या र वाणीकी अधिष्ठात्री देवी। भोजपुरी लोकजीवनमा यिनको यही रूपको मिथकीय प्रयोग जीवित रहेको पाइन्छ। जस्तै- उनका गला में सरस्वती बइठल बाड़ी, बड़ा नीमन गावेलन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सावित्री : सत्यवानकी पत्नी, जो आफ्नो सतीत्वका निम्ति प्रसिद्ध छिन्। भोजपुरी लोकजीवनमा यिनको यही सतीत्व रूपको मिथकीय प्रयोग जीवित रहेको पाइन्छ। जस्तै- ई का सावित्री हई जे आपन मरद के यमराज के इहाँ से भी लौटा लिअइहें।

सीता : राजा जनककी छोरी र रामकी पत्नी। पतिव्रता नारीको रूपमा चरित्रार्थ भएकी रामायणकी एक पात्रा। भोजपुरी जनजीवनमा पनि यिनको मिथकीय प्रयोग पतिव्रता नारीकै रूपमा रहेको पाइन्छ। जस्तै– ई त सीता हई, अपना मरद के संगे गाछो बिरिछ के नीचा दिन काट लिहें।

सोना के लङ्का : सुनको लङ्का जो रावणको राज्यको राजधानी थियो। भोजपुरी लोकजीवनमा निकै वैभवशाली, धन सम्पत्तिले भरिपूर्ण राज्यको रूपमा मिथकीय प्रयोग भएको पाइन्छ। जस्तै- तहरा सोना के लंका में आग लगा देब।

सुदामा : श्रीकृष्णको सहपाठी र परम मित्र, एउटा दरिद्र ब्राह्मण जसलाई उनले निकै सम्पत्तशाली बनाइदिएका थिए। भोजपुरी लोकजीवनमा यिनको दरिद्र ब्राह्मणको मिथकीय प्रयोग जीवन्त रहेको छ। जस्तै- साफा सुदमे मतलब दरिद्र ब्राह्मणे बनल वाड़, आरे तनिको न सरम कर।

सुर : विद्वान, आचार्य, अन्धो व्यक्ति। सुप्रसिद्ध महात्मा र कवि सुरदासको नाउँको संक्षिप्त रूप। भोजपुरी लोकजीवनमा अङ्धोको रूपमा मिथकीय प्रयोग गरिएको पाइन्छ। जस्तै - ई सुरदास हउवें, इनका कुछो ना लउके वाकिर मनके बड़ा सुंदर आदमी हउवें। मन के आँख से सभकुछ देख लेवेलें।

हनुमान् : रामायणको एक पात्र। अञ्जनी पुत्र हनुमान् रामसीताको अनन्य भक्त। रामसीताकै लागि जिउन मर्न तयार। भोजपुरी जनजीवनमा हनुमान्को मिथकीय प्रयोग अन्धो भक्त तथा चम्चाको रूपमा गर्ने गरिन्छ। जस्तै- साला ! ऊ त ओकर हनुमान् ह, आगा-पाछा करत रहेला। ओकरे इशारा पर नाचेला। ऊ उठ कहेला त उठेला आ बइठ कहेला त बइठेला।

हरिश्चन्द्र : अयोध्याका सत्यवादी राजा जसले आफ्नो वचनको पालना गर्नका निम्ति आफ्नै छोराको दाहसंस्कार बिनाकर लिई गर्न दिएका थिएनन्। भोजपुरी लोकजीवनमा यिनको प्राण जाओस्, केही छैन, वचन खेर जानु हुँदैनको मिथकीय रूप प्रचिलत रहेको छ। जस्तै - सत्यवादी हरिचंद पर बिपत पड़ल भारी, रोहित के लाश लेके भटके उनकर नारी।❑

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मगर

अन्नको मिथक : मगर समुदायमा तराली मगरले खेतीपाती सुरु गरेको भनाइ छ। उहिले तराली मगरले सिकार खेल्ने क्रममा एउटा परेवा सिकारीसामु आएर गीत गाउन थालेछ। गीतमार्फत परेवाले आफूसँग नौ प्रकारको अन्न भएकाले आफूलाई मारेर त्यसको खेती गरे कहिले खानाको समस्या नहुने सन्देश दियो। यसपछि त्यस परेवालाई मारेर तराली सिकारीले नौ प्रकारको अन्नलाई माटो खनेर रोप्छ। यसरी अन्न रोप्ने चलन विकास भएको कथन छ। ती नौ प्रकारका अन्नमा चिनो चामल, कोदो, तिते फापर, मिठे फापर गहुँ, मार्सी, सिमी, मकै र जौ आदि थिए।

काइके भाषाको उत्पत्ति मिथक : धेरै पहिला कल्याल राजाको पालामा जुम्लाबाट एक जना गर्भवती महिलालाई सेनाले लखेट्दै ल्याउँदा ब्याँसिगाड भन्ने ठाउँको एक जना मानिसले बचाएछ। पछि त्यस महिलाले भेरी नदीको किनारैकिनार ताराकोटमा छोरा जन्माई। छोरो हुर्केर गुम्बातारामा गोठाला गर्न थाल्यो। उसले त्यहाँको दुध पोखरीमा सात परीहरू नुहाउन आएको आमालाई बतायो। आमाले छोरोलाई अन्तिमको परीलाई गोरुको पुच्छरले हात काटेर रगतले छर्केर घरमा ल्याउन सिकाइन्। आमाले भनेजस्तै गरेर उसले एउटा परीलाई घरमा ल्यायो। आमा खुसी भइन्। उनीहरूले अनेक गरे तर परी बोलिनन्। आमा र छोराले कुखुरा काटेर पूजा गर्दा मात्र *तइ खेनान ?* (काइके भाषामा **के गरेको**) भनी। यसरी परीले बोलेको लाइके भगवान्‌को भाषा पछि अपभ्रंशबाट काइके रहन गएको मान्यता छ। विवाहपछि उनीहरूको तीन छोरा जन्मिए। पहिलो सन्तानले खुसी ल्याएकोले *कोए* (खुसी), दोस्रो छोराको नाम *जय* (सुन्दर) र कान्छोको नाम *गिङ* या निकी राखे। छोराहरू हुर्केपछि जेठा छोरा *जय* ले भोट तिरबाट बुहारी ल्यायो र रोका मगर, *कोय* ले औलतिरबाट मैयाँ ल्याई विवाह गरेपछि बुढामगर र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गिङ ले रुकुमको सुर्जा भन्ने ठाँउबाट बुहारी ल्याई विवाह गरेपछि घर्ती मगरहरू उत्पत्ति भएको कथा छ ।

कोलुङ/खार्चे : काइके भाषामा "*कोलुङ्*" र पोइके भाषामा "*खार्चे*" भन्ने यो रितिथिति विशेषत: जीवित मान्छेको आत्मालाई पक्रेर वा दबाएर राख्ने प्रेत्मात्मा तथा वनदेवतालाई मनाउन भाले वा कुखुरा चढाउने एक महत्त्वपूर्ण रीति हो । तराली मगरहरूविच भागेको आत्मा फेरि भित्र्याउनका लागि खार्चे/कोलुङ मान्ने प्रचलन रहेको छ ।

खाम थु : उहिले मैकोट गाउँ नजिक तिमाजर भन्ने ठाउँमा एक जना खाम थु नामको नामुद सिकारी थियो । सिकार खेल्दै एक दिन अहिलेको हुकामभन्दा माथि वुकी पाटनमा पुगेर एउटा बँदेललाई वाण हान्यो तर निसाना केही चुकेकोले घाइते मात्रै भएको बँदेल त्यहाँबाट भाग्न थाल्यो । खाम थुले बँदेललाई पछ्याउँदै तकसेरा भन्ने गाउँमा पुऱ्यायो । त्यहाँबाट पनि भागेर बँदेल चेलबाङ तालमा हामफालेछ । तालबाट बँदेल निस्केला र मारेर घर लिएर जाउँला भनी खाम थु धेरैबेर कुरेर बस्यो तर साँझसम्म पनि ननिस्केपछि ऊ फर्कन लाग्यो । घर फर्कदा तालको उत्तरपट्टि बुलनै भन्ने ठाउँमा उसले उब्जनी हुने खालको माटो देख्यो र गोजीमा रहेको एक मुठी उवा छरेर हिँड्यो । पछि जाँदा उवा गजबले उम्रिएको पायो । त्यसपछि परिवार अरू गाउँलेलाई लिएर ऊ त्यहाँ बसाइँ सरेको किंवदन्ती छ ।

खेत पूजाको कथा : उहिले च्योपता नामको एक जना मानिस छोरा कृति याङ्याङ्ले पाण्डाको बच्चा चाहियो भनेर धेरै कर गरेकाले भोट गयो तर धेरै समय वित्दा पनि ऊ फर्केर आएन । उसलाई खोज्न भाइ पाँ पांति भोट पुग्दा उतैको युवतीसँग विहे गरेको बसेको च्योपतालाई फर्काएर ल्यायो । रहँदावस्दा च्योपतालाई आफ्नी स्वास्नी र भाइविचमा शङ्का लाग्यो । फलाम तताएर भाइ पाँ पाङ्तिको हातमा हान्ने र डाम बसेमा शङ्का सही हुने र नबसेमा झुटो हुनेवारेमा दाजुभाइ सहमत भए । तर दाइको शङ्का झुटो साबित भयो तर उसमा शङ्का कहिल्यै हटेन र अनेक दुःख दिन थाल्यो । च्योपताको हर्कतले वाक्क भएर भाइ र छोरा जमिनमुनि गए । उनीहरू जमिनमुनि जाँदा घाम र जून पनि सँगै गएकाले सबैतिर अन्धकार भयो । च्यापताले झिँगालाई - फलामको चुच्चो, उपियाँलाई तामाको चुच्चो, मुसा र बङ्गुरलाई पित्तलको चुच्चो, हालेर जमिनमुनि पठाए । च्योपताले पठाएको बङ्गुरले घरको जग सबै खनेर भताभुङ्ग बनायो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुसाले सबै सामान काटेर खत्तम पारे, भिँगा र उपियाँले टोकेर जमिनमुनि बस्नै नदिएपछि फेरि उनीहरू पृथ्वीमा आए। उनीहरूसँगै चन्द्रमा र सूर्य पनि पृथ्वीमा आए र उज्यालो भयो। अन्त्यमा च्योपताले उनका छोरा र भाइलाई देउतासरह नहुने तर खेतमा पूजा गर्दा सबै पूजाको हकदार पाँ पाति र कृति याङ याङ हुने चलन बसाए। आजभोलि पनि खेत पूजा गर्दा पाँ पाँति र वृति याङ याङको नाम लिई खेत पूजा गर्ने चलन छ।

च्योपता र रुङ चाडको मिथक : रुङ तरालि मगरहरूको एक महान् चाड हो। यो पर्व हिउँद महिनाको पुस वा माघमा जब पञ्च पुञ्ज तारा *पुन टुपा* र चन्द्रमा एउटै लाइनमा पर्छ त्यो बेला यो चाडको शुभ साइत मानिन्छ। विशेष गरी यो चाड तराली मगरका कुलदेवता *च्योप्ता* को बिदाइस्वरूप मानिने गरिन्छ। हिउँदमा टिछुरोङ क्षेत्रमा जाडो हुने र हिउँ पर्ने भएकाले त्यसलाई छल्न च्योपता तराई झर्ने बेला यो चाड मानिन्छ। फेरि चार महिनाको तराईबसाइसँगै च्योपता वैशाख महिनामा टिछुरोङ फर्किने गर्दछन्। चारमहिने लामो दिनको तराईबसाइको बेलामा चामल मात्र खाँदाखाँदै वाक्क लाग्यो होला भनेर फेरि च्योप्ता टिछुरोङतर्फ फर्किने बेला तितेफापरको रोटी पोकाम बनाई *च्योपता* लाई स्वागत स्वरूप पुतुरुङ्बु/याचा चाड मान्ने गरिन्छ। काइके भाषामा "***याचा***" भनिने चाडलाई पोओक्या भाषामा "**पुतुरुङ्बु**" भनिन्छ।

तिचुरोङ क्षेत्रमा बुद्धधर्म प्रभावबारे : उहिले तिब्बतका लामाले चार जना शिष्यहरूलाई बुद्धधर्मको बिउ छर्न डोल्पा क्षेत्रमा पठाएका थिए। उनले लामा दुप्टोप शिङेयीशेलाई शे-गुम्वा क्षेत्र, नाक्पोजुम्नेलाई टिछु रोङ् क्षेत्र, लाम् दर्ब सिंहघेलाई खानी गाउँमा पठाएका थिए। लामा नाक्पोजुन्मेलाई चाहिँ जहाँ हात्तीको सुँड र हात्ती आकारको छ त्यहीं ज्ञानको ज्योति फैलाउन भनेका थिए। तर आफ्नो कार्यक्षेत्र खोज गर्दै भोट क्षेत्र हुँदै तिचुरोङ क्षेत्रमा आइपुगेको उसले कहीँ पनि गुरुले भनेअनुरूपको ठाउँ देखेन। एक दिन ऊ त्यस क्षेत्रको व्याँसीगाड भन्ने ठाउँमा पुग्दा पछाडितिरबाट एउटा धमिराले टोक्यो। पछाडि फर्केर हेर्दा गुरुले भनेअनुरूप हात्तीको सुँड आकारको ठाउँ झलक्क देख्यो र त्यही ठाउँमा ज्ञानको ज्योति फैलाउने काममा लाग्यो। जुन ठाउँ आजभोलि गुम्बातारा तथा डिगोङ गुम्बाको नामले प्रख्यात छ। जहाँ बुढामगरहरूको बढी बाहुल्य छ। त्यस समयदेखि नै तिचुरोङ क्षेत्रमा बुद्धधर्मको सुरुवात भएको भन्ने मान्यता छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाँच भूमिपूजा : उहिले तकसेराको खाम थु र उसको स्वास्नी चाँडै मरेकाले उनीहरूको छोरो सानैमा टुहुरा भयो । उसको सम्पत्ति लुट्ने दाउमा गाउँलेले उसलाई गाउँबाट लखेटे । उसलाई निकै टाढा बाग्लुङ निसी गाउँका बुढाबुढीले बाटोमा भेटेर पाल्न लगे । यता खाम थुको गाउँमा अनावृष्टि र अतिवृष्टिको प्रकोप सुरु भयो । जान्ने बुझ्नेलाई सोध्दा खाम थुको छोरालाई ल्याएर उसको हातबाट भूमिको पूजा गरे मात्र प्रकोप हट्ने भयो । गाँउको मान्छेहरू सल्लाह गरेर जेठी परेल अनि कान्छी परेलबाट दुई जना भएर खाम थुको छोरालाई खोज्न गए । धेरै दिन खोज्दाखोज्दा अन्तमा उसलाई निसीमा गोठालो गरिरहेको भेटे । उनीहरूले उसलाई पाल्ने बाजेबज्यैलाई सबै बताएर तकसेरामा फर्काएर ल्याए । गाउँलेले उसको जेठी परेलबाट एउटा चेली र कान्छी परेलबाट एउटा चेली दिएर बिहे गराई दिए । उसको हातबाट भूमिको पूजा गरेपछि गाउँको सबै प्रकोप हट्यो । त्यस दिनदेखि वर्षमा हुने चारवटा पूजा उसैको नामबाट वैशाख पूर्णे, भूमे पूजा, सिद्ध ब्राहा पूजा, हलसार पूजा र महाँमै थान पूजा हुने सुरु संस्कार बसेको किंवदन्ती छ ।

बुढा खोङ्दाको मिथक : उहिले बुढा खोङ्दा नामका बुढामगर एउटा सिकारी कुकुरसँग सिकार खेल्न जान्थ्यो । कुकुर दिउँसो खाना खाने बेलामा सधैँ हराउँथ्यो । तर केही नखाए पनि कुकुर झन्झन् मोटाउँदै जाँदा खोङ्दा बुढा अचम्मै पर्‍यो । एक दिन उसले चियो गर्दा कुकुरले च्योपताको खोरको नीलो ढुङ्गा चाट्दै गरेको देख्यो । कुकुरले ढुङ्गा चाटेको देखेर बुढाले पनि चाट्दा स्वादिलो पायो । अघाएर त्यस ढुङ्गालाई उसले घरमा ल्यायो । घरमा अरूले पनि त्यस ढुङ्गालाई चाटेर अघाए र सबै औधी खुसी भए । सजिलोका लागि सल्लाह गरी सबैले ढुङ्गा भाग लगाए । तर आआफ्नो भागको ढुङ्गा चाट्दा पहिलाको जस्तो स्वाद थिएन र जति चाटे पनि उनीहरू अघाएनन् । त्यस्तो स्वादिलो र मिठो ढुङ्गा गुमाउनुपरेकोमा उनीहरूले पश्चात्ताप गरे ।

भूमिपूजाको उत्पत्ति : अहिलेको चेवाङ चउरमा उहिले चेलवाङ ताल थियो जहाँ एउटा अजिङ्गर बस्थ्यो । त्यो अजिङ्गर समयसमयमा बाहिर निस्केर रातिदन कराउने गर्दथ्यो । त्यस तालमा पानी खान आउने गाउँको गाईबस्तु र गोठालालाई खाइदिन्थ्यो । गाउँको जान्नेसुन्ने खामथुको छोराले भेडाको थुम्बा (लुम्बा) को टाउको काटेर पूजा गरेपछि भने त्यसले कराउन र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गाईवस्तु र गोठाला खान छाड्यो । गाउँलेले तालनजिक फोहोर गर्दा भूमि, जल र जङ्गल रिसाएर खडेरी पर्ने र अतिवृष्टि भई वाढी पहिरो गएर अन्नबाली उब्जाउ हुन छाड्यो । खामथुको छोराले सबैसँग मिली खाने धारा, कुवा र पानीको मुहानमा सरसभेडाको थुम्बा (लुम्बा) को टाउको काटेर भूमिपूजा गरेपछि भने उब्जाउ हन थाल्यो । खडेरी र अनावृष्टिको समस्या पनि समाधान भयो । यसरी भूमिपूजा गर्ने संस्कार बसेको किंवदन्ती छ ।

रानामगरको उत्पत्ति तथा मिथक : उहिले एउटा खसीको हूलमा सधैँ एउटा काली बाखी दिनभर हराउँथ्यो र साँझ पर्दा मात्र हूलमा आउँथ्यो । एकदम खुल्दुली लागेर गोठाला एक दिन काली बाखीको पछि लाग्यो । काली बाखी लुरुलुरु निगालोको झ्याङमा पसी एउटा सानो बालकलाई दुध खुवाउन थाल्यो । गोठालाले त्यस बालकलाई घर ल्याएर पाल्यो । त्यस बालकको नाम 'रा नाग' भयो अर्थात् काली बाखीबाट राना खलकको उत्पत्ति भएको किंवदन्ती छ ।

❑

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मैथिली

अनिकालमा बाँस फल्यो : भनिन्छ, मिथिलामा एक पटक ठुलो अनिकाल पर्‍यो। १२ वर्षसम्मको यो अकालले मिथिलाको जीवन निकै कष्टकर बन्यो। भोकपूर्ण कष्टको यो जीवनलाई सरल बनाउने कुनै उपाय उनीहरूसँग थिएन। यस्तो विकट अनिकालमा बाँसमा फूल फुल्यो र फल फल्यो। मिथिलावासीले यही फलफूल खाएर जीवनयापन गरेको मानिन्छ। प्रायः बाँस फलेको र फुलेको देखिँदैन। तर मिथिलाको अनिकाल सामना गर्न दैवी शक्तिका आधारमा बाँस फलेको विश्वास गरिन्छ।

अयाचीको जीवननिर्वाह : मिथिलामा अयाची (भवनाथ मिश्र) नामक एक प्रसिद्ध दार्शनिक विद्वान् थिए। उनले जीवनमा कसैसँग कहिल्यै कुनै प्रकारको याचना नगरेकाले उनी अयाची नामले प्रसिद्ध भए। उनले अजीवन सवा कट्ठा जग्गामा जीवननिर्वाह गरेको विश्वास गरिन्छ।

अयाचीका पुत्र शङ्कर : अयाचीका छोराको नाम शङ्कर थियो। जनश्रुतिअनुसार शङ्कर साक्षत् शङ्कर थिए जसले अयाची पुत्रका रूपमा धरतीमा अवतरण गरेका थिए। मिथिलाका बालबालिकाले अध्ययन गर्ने कार्यको आरम्भ परम्परागत रूपमा एक श्लोकका माध्यमले हुने गर्छ, *वालो हम जगदानन्द नमे वाला सरस्वती, अपूर्णे पञ्चमे वर्षे वर्णयामि जगत्रयम*। यो श्लोकको रचना तिनै बालक शङ्करले पाँच वर्षको उमेर पुग्नुभन्दा पहिले नै गरेका हुन् भन्ने मानिन्छ। शङ्कर कुशाग्र थिए। शङ्कर बाल्यवस्थामै विद्वान्‌का रूपमा स्थापित भए। उनले आफ्नो विद्वत्तावाट तत्कालीन समयमा ठुला विद्वान्‌हरूलाई प्रतिस्पर्धामा पराजित गरेका थिए। त्यही विश्वासमा मिथिलाका अभिभावक आफ्ना केटाकेटी शङ्कर जस्तै होऊन् भन्ने कामनाका साथ यो श्लोकवाट अध्ययनारम्भ गराउँछन्।

अश्लेशाको पहिलो थोपाबाट वंशलोचनको जन्म : मिथिला समाजमा बाँसमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फल्ने दुर्लभ फूललाई वंशलोचन भनिन्छ । बाँसमा अस्त्रेशा नक्षत्रको पहिलो थोपा परेपछि त्यसमा वंशलोचन फुल्ने विश्वास गरिन्छ ।

मिथिलामा धान र चामलका बारेमा एक मिथक प्रचिलत छ । यस मिथकअनुसार मिथिलामा पहिले धान होइन बोटमा चामल नै फल्ने गर्दथ्यो । तर एक जना पेटू व्यक्तिका कारण भगवान् रिसाए र त्यस दिनदेखि धान फल्न थाल्यो । प्रसङ्ग के थियो भने, कुनै गाउँमा एक भोजको आयोजन गरिएको थियो । सुस्वादु व्यन्जन थियो । भोजमा मिष्टान्न, फलफूल बडबडी (वेसनको परिकार), दही सकरौरी (दही र बुनियाँ मिसाइएको स्थानीय सुस्वादु व्यन्जन) आदिको व्यवस्था थियो । छेउछाउका सबै गाउँका व्यक्ति आमन्त्रित थिए । उक्त भोजमा सहभागी भएर एक पेटू ब्राह्मण घर फर्कंदै थिए । उनले खेतमा वासमती चामलको लहलह बाला देखे । मगमग वसाइरहेको वासमती चामल देखेर उनको मुखबाट पानी रसाउन थाल्यो । उनले लोभ संवरण गर्न सकेनन् । भरपेट अघाउन्जेल भोजन गरेर फर्केका ती ब्राह्मणले बोटबाट चामल टिप्दै खान थाले । भगवान् यो सबै दृश्य हेरिरहेका थिए । उनलाई ब्राह्मणको यो चाला राम्रो लागेन । उनी रिसाए । रिसको आवेगमा उनले अबदेखि चामल होइन धान फल्ने प्रवन्ध मिलाइदिए ।

कञ्चनवनमा रामको होली : मिथिला परिक्रमाको डोला मडैबाट सातौं दिन महोत्तरीमै ध्रुवको मन्दिर भएको स्थान ध्रुवकुण्ड पुगी विश्राम गर्दछ र ध्रुवको दर्शन गरेर परिक्रमामा सहभागी महोत्तरीको अन्तिम पडाव स्थलको रूपमा रहेको कञ्चनवनमा सप्तमीको दिन पुगी विश्राम लिन्छन् । यहाँ इच्छावती र विरजा गङ्गाको पवित्र सङ्गमस्थल भएकाले यसलाई पवित्र मानिन्छ । पौराणिक कालमा यो स्थान अनारवन, तमालवन, तालवन, कदलीवनलगायतका १२ वटा रमणीय वनको सङ्गमस्थलका रूपमा रहेको विश्वास गरिन्छ । त्रेतायुगमा यहाँ भगवान् रामले होली खेलेको किंवदन्तीअनुसार यहाँ परिक्रमावासी पुगी अबिर खेली होली मनाउने गर्छन् ।

कमलामा भूतमेला : कमला मिथलाञ्चलको प्रसिद्ध नदी मात्र होइन एक किसिमले जीवनरेखा पनि हो । कमलाकिनारको नेपाल र भारतको मिथलाभूमि खेतीका लागि निकै उब्जाउ छ । कृषिमा आधारित अर्थतन्त्र रहेको मिथिलाका लागि कमला महत्त्वपूर्ण त छँदै छ यसका साथै केही खास सांस्कृतिक अनुष्ठानका लागि पनि महत्त्वपूर्ण मानिन्छ । यस्तै एक अनुष्ठान हो भूतमेला ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्येक वर्ष कात्तिक पूर्णिमाका दिन पूर्वपश्चिम राजमार्गमा अवस्थित बन्दीपुरदेखि कमलाकिनारका सिराहा र धनुषाका विभिन्न गाउँ हुँदै भारतको जयनगरसम्म एक मेला लाग्ने गर्दछ। पूर्णिमाको राति सुरु हुने यो मेला भोलिपल्ट अपरान्हअघि नै समाप्त हुन्छ। कमलाकिनारमा अवस्थित नेपालको माडर र भारतको जयनगर क्षेत्रमा मूलतः आयोजित हुने यस मेलामा विशेष गरी धामीझाँक्रीको सहभागिता रहने गर्दछ। खास गरी नयाँ धामीझाँक्रीहरू तन्त्रमन्त्रका माध्यमबाट भूतप्रेतलाई आफ्नो वशमा पार्न आफ्नो विद्यालाई सिद्ध गर्न यो मेलामा सहभागी हुने गर्दछन्। स्थानीय मान्यताअनुसार, कात्तिक पूर्णिमाका दिन धामीझाँक्रीको तन्त्रमन्त्र सिद्ध गर्न यो दिन उपयुक्त मानिन्छ। यस दिन नयाँ धामीझाँक्री आफ्नो विद्या सिद्ध गर्न आउँछन् भने पुरानाहरू नयाँलाई सिद्ध गराउन सहभागी हुन्छन्। यस्तै यस दिन यहाँ भूतप्रेतको पनि जमघट हुने विश्वास गरिन्छ। यस दिन यहाँ नेपाल मात्र होइन भारतीय मिथिला क्षेत्रका अनेकौँ स्थानबाट धामीझाँक्रीको आगमन हुने गर्दछ।

कारिक स्थानको बढ्दो महिमा : वार्षिक १४ हजारभन्दा वढी बोकाको बलि चढाइने र चिताएको मनोकामना पूरा हुने देवीको रूपमा चिनिएको महोत्तरीको पडौलमा रहेको कारिक स्थानको महिमा दिनप्रतिदिन बढ्दो छ। यहाँ हरेक हप्ताको सोमबार र शुक्रवार बलिप्रदान गर्ने गरिन्छ। यो सदरमुकामदेखि करिब १५ किलोमिटर उत्तरमा पर्दछ। यहाँ बलि प्रदान गर्दा मनोकामना पूर्ण हुने विश्वास गरिन्छ।

गङ्गासागर : जनकपुरधामस्थित गङ्गासागर पोखरीको उत्पत्ति कसरी भयो त्यसको यकिन छैन तर निकै प्राचीन यो पोखरी जनकपुर सभ्यताको निरन्तरताको साक्षी हो भन्ने कुराको खण्डन पनि कसैबाट हुन सकेको छैन। जनकपुरवासीको मनमस्तिष्कमा अमिट छाप छोडिरहन सफल यो पोखरी प्राचीन कालमा राजा जनकले मिथिलावासीको बृहत् कल्याणका लागि निर्माण गर्न लगाएका थिए भन्ने जनश्रुति विद्यमान छ। जनकले पानीसँग जोडिएका जनताका दैनन्दिनका समस्या समाधान गर्न थुप्रै पोखरी र इनारको निर्माण गर्न लगाए। जनकपुरवरिपरि यस्ता थुप्रै पोखरी छन्। यस्ता जलस्रोतको सांस्कृतिक महत्त्व छ। यस्तै महत्त्वको एउटा पोखरी हो गङ्गासागर। स्थानीय बासिन्दाका अनुसार राजा जनकले मिथिलावासीलाई गङ्गासागर स्नान गर्न बङ्गाल जान नपरोस् र जनकपुरमै रहेर गङ्गासागरको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुण्य आर्जन गर्न सकून् र पानीसँग सम्वन्धित दैनन्दिनका आवश्यकता पूरा गर्न सकून् भन्ने उद्देश्यले गङ्गा–समुद्र सङ्गमको जल ल्याएर यो पोखरी निर्माण गरेका हुन् ।

गोनु झालाई देवीको आशीर्वाद : मिथिलामा गोनु झानामक एक जना निकै चतुर र वाक्पटु व्यक्ति थिए । प्रत्युत्पन्न मतिका धनी गोनु वाक्पटुता र वुद्धिमानीमा कहिल्यै कसैसँग पराजित भएनन् र जुन दिन पराजित भए त्यही दिन उनको जीवनको अन्तिम दिन प्रमाणित भएको विश्वास गरिन्छ । यसका पछाडि एक तर्क गर्ने गरिन्छ । एक रात देवी कालीले उनलाई सपनामा दर्शन दिइन् । देवीको रूप अत्यन्त भयावह र रौद्र थियो । उनले भगवतीलाई बडो श्रद्धापूर्वक ढोगे । कालीको रौद्र रूपबाट गोनु रत्तीभर पनि तर्सिएनन्, बरु जोडजोडले हाँस्न थाले । गोनुको यो व्यवहारवाट देवी छक्क परिन् । गोनुको यो व्यवहार देखी देवीले सोधिन्, गोनु तिमीलाई मेरो यो रौद्र रूपदेखि डर लागेन ? गोनुले तत्काले जवाफ दिए, माता वघिनीदेखि सवै डराउँछन् तर उसको डमरुलाई आमासँग डर लाग्दैन बरु आमाको जिउमा लडीबुडी खेल्छ । गोनुले अगाडि थपे, कुनै पनि आमादेखि उनका सन्तान् जसरी डराउँदैनन् त्यसरी नै म पनि हजुरसँग डराइनँ । देवीले पनि अर्को प्रश्न थपिन्, अनि तिमी हाँसेको भने किन त ? जबाफमा गोनुले भने, माता, मेरो त एउटा मात्र टाउको छ । एउटा मात्र नाक छ । हातचाहिँ दुईवटा छन् । तैपनि म रुघा लागेको वेला हैरान हुन्छु । दुवै हातले नाक पुछ्न भ्याइनभ्याइ हुन्छ । तपाईंका त सयवटा टाउका र सयवटा नाक छन् रुघा लागेको बेला तपाईं कसरी नाक पुछ्नुहुँदो हो भन्ने लागेर हाँसेको हुँ । गोनुको परिहास सुनेर देवी स्वयंको पनि हाँसो फुस्कियो र हाँस्दै गोनुलाई आशीर्वाद दिइन्, गोनु तिमी साँच्चीकै मेरा भक्त हौ । तिमीले मंलाई सम्म पनि छोडेनौ । अब तिमीलाई चातुर्य र वाक्पटुताको कलामा कसैले पनि पराजित गर्न सक्ने छैन । यति भन्दै देवी अन्तर्धान भइन् । गोनु बिउँझिए । यसपछि वाक्पटुतामा गोनु आजीवन कसैसँग पराजित नभएको मानिन्छ ।

गोनु झाको अवसान : गोनु झाको चातुर्य जस्तै मृत्युका सम्बन्धमा पनि एक मिथक प्रचिलत छ । गोनु झा जुन दिन वाक्पटुता र चातुर्यमा पराजित भए त्यही दिन यस धर्तीमा उनको अन्तिम दिन प्रमाणित भयो भन्ने विश्वास गरिन्छ । गोनुकालीन मिथिला समाजमा शौचक्रिया प्रायः घरबाहिर नै हुने गर्दथ्यो । स्थापित कथ्यअनुसार, गोनु झाको मृत्युको सम्बन्ध यस्तै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शौचक्रियासँग जोडिएको छ। एक साँझको कुरो हो, खेतमा शौच निवृत्त भई शुद्धिका लागि उनी नजिकैको पोखरी आए। शौच शुद्धिका लागि उनले जलमात्र के छोएका थिए, सामुन्नेको डिलमुनि गाउँकै एक चर्मकार पनि शौच शुद्धिक्रियामा संलग्न छ। अचानक गोनुको मनमा प्रतिस्पर्धाको भाव जाग्यो। उनको मनमा कुरा खेल्न थाल्यो, यो पनि यहीँ शौच गर्ने ? यसलाई म पराजित गर्छु। उता चर्मकारको मनमा पनि त्यस्तै भाव जागृत भयो, वल्ल यो गोनुलाई देखाउने अवसर पाइयो। यसलाई कहिल्यै पराजित गर्न पाइएन आज त यसलाई पराजित गरी छाड्छु। दुवै जना प्रतिस्पर्धा भावमा थिए। समय बित्दै गयो। रात बित्यो। भोलिपल्टको दिन बित्यो। फेरि रात बित्यो। यो प्रतिस्पर्धा सात दिनसम्म चल्यो भन्ने विश्वास गरिन्छ। भोकैप्यासै जारी रहेको यो प्रतिस्पर्धाका क्रममा गोनु निकै कमजोर भइसकेका थिए। उनको शरीरले प्रतिस्पर्धा थेग्न सकेन र उनले मृत्यु वरण गरे भन्ने मानिन्छ।

घरवासमा व्यासजीको खोजी : मिथिलाका प्रायजसो संस्कार बडो भव्यतापूर्वक सम्पन्न हुन्छन्। सामान्य अनुष्ठान पनि विशेष भइदिन्छ। यस्तै एक भव्य परम्परा छ घरवासको। नयाँ घर निर्माणपछि त्यसमा वास सर्दा पूरा धार्मिक र तान्त्रिक अनुष्ठान सम्पन्न गर्ने गरिन्छ। यसै क्रममा घरवासका सन्दर्भमा हुने पाकको पहिलो अंश व्यासका नाममा अर्पण गर्ने परम्परा छ। घरवासमा पूजाको साधना स्वीकार गर्नेले एक पात्र वा पातमा पाक सामग्री लिई बस्तीभन्दा पर गएर राख्दछन्। भोलिपल्ट बिहान गएर त्यो पात्र र पात हेरिन्छ। यदि त्यो पातका पाक सामग्री पूरै खाइएको वा थोरै भए पनि खाइएको छ भने त्यसलाई शुभ मानिन्छ तर पाक सामग्री छोइएको छैन भने त्यसलाई शुभ मानिँदैन। सिद्धान्तमा यो व्यास महाभारतका व्यास हुन् जो मानवसभ्यताका पछिल्ला अभियन्ता हुन्। यिनैले कालान्तरमा वेदको रचना गरी मानवसभ्यतालाई व्यवस्थित ढङ्गले सञ्चालन हुन अभिप्रेरित गरेका हुन्। व्यासको यही योगदानको मूल्याङ्कन गरी प्रथम पाक अर्पण गर्ने गरिएको हो। व्यवहारमा प्रतीकात्मक रूपमा स्याललाई व्यास मान्ने गरिएको छ।

चन्द्रमामाथि हुक्का : इजोरिया अर्थात् जुनेली रातमा चन्द्रमालाई हेरे त्यहाँ एक वृद्धाको आकृति जस्तो देखिन्छ। स्थानीय समाजमा मान्यता छ कि चन्द्रमामा बसेकी वृद्धा हुक्का गुडगुडाइरहेकी छे। गर्मीको रातमा चन्द्रमाको यो दृश्य देखिए शीतलता प्राप्त हुने विश्वास छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौठचन्द्रले मनोकमना पूर्ण : भाद्र शुक्ल चतुर्थीमा भगवान् गणेश र चन्द्रमालाई देउता मानी चौठचन्द्र पर्व मनाइन्छ । यसलाई चौरचन पर्व पनि भनिन्छ । यो पर्व मनाउँदा चिताएको मनोकामना पूर्ण हुने र वाञ्छित फल मिल्ने विश्वास गरिन्छ । उदयाचल चन्द्रमालाई खिर, पुरी, फलफूल आदिको अर्घ्य दिई पूजा गरिन्छ । गणेश र चन्द्रमालाई शीतलता र सम्पन्नताको अधिष्ठात्री मानी यो पर्व मनाउने गरिन्छ । उदाउँदो चन्द्रमाको दर्शन गरी मनाइने यो पर्व सबै प्रकारको कृषि कर्म सम्पन्न भएपछि मनाइने गरिन्छ । यस पर्वको एक उद्देश्य राम्रो कृषि उत्पादन होस् भन्ने कामना गर्नु पनि हो ।

जटजटिन : इन्द्रदेव आऊ पानी देऊ : मिथिला क्षेत्रमा प्रचिलत अर्को महत्त्वपूर्ण नृत्य हो यो । यो नृत्यसँग पनि स्थानीय किंवदन्ती र जनविश्वास जोडिएको छ । मिथिलामा वर्षा नहुँदा वर्षाको आह्वान गर्दै यो नृत्यको आयोजन गरिन्छ । मिथिलामा इन्द्रलाई वर्षाको देवता मानिन्छ । यो नृत्यको आयोजन मूलतः इन्द्रोपासनासँग सम्बन्धित छ । तर यो पूजाको शैलीमा नभई फरक ढङ्गले आयोजित गर्ने गरिन्छ । मूलतः महिला नै सहभागी हुने यो नृत्यमा महिलाहरू दुई समूहमा विभाजित हुन्छन् । एक समूह महिला नै हुन्छन् भने अर्को समूहले पुरुषरूप धारण गर्दछन् । यो नृत्यपछि इन्द्रदेव खुसी हुन्छन् र पानी वर्साउँछन् । यो नृत्य प्रायः रातको समयमा हुने गर्दछ । घरको सबै काम काज सम्पन्न गरी एक ठाउँमा महिलाहरू एकत्रित हुन्छन् । त्यसपछि समूहमा विभाजित भई नृत्यमा तल्लीन हुन्छन् । यस नृत्य प्रक्रियामा भ्यागुतो कुट्ने र थिच्ने काम गरिन्छ । एउटा जिउँदो भ्यागुता समाती माटोको भाँडोमा राखिन्छ र थिचथाच पारी मारिन्छ । त्यो भाँडोलाई कुनै घरको आँगनमा चुपचाप राखिन्छ । त्यो भाँडो देखेपछि त्यस घरकी महिलाले खुबै गाली गर्ने विश्वास गरिन्छ । विश्वास के पनि गरिन्छ भने, त्यस्ता महिलाले जति गाली गर्छिन् वर्षा पनि त्यतिकै बढी हुन्छ ।

जनकपुरमा प्रत्येक पूर्णिमामा मेला : जनकपुरमा प्रत्येक महिना पूर्णिमाका दिन मेला लाग्ने गर्दछ । विश्वमा कतै नभएको यो अनुपम परम्परा यहाँ स्थापित छ । धेरैलाई यसबारे कौतूहल हुन सक्छ । यसका पक्षमा एक जनश्रुति छ । रामसँग विवाह भई सीताको बिदाइका बेला माता सुनयना छोरीसँग छुट्टिइँदा निकै भावविह्वल भई रुन थालिन् । छोरी सीताले नरुन निकै अनुनय–विनय गर्दै आमालाई भेट्न आफू प्रत्येक वर्ष मिथिला आउने बाचा गरिन । सुनयनाको आँसु थामिएन । सीताले छ महिनामा आउने बताइन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तैपनि आमाको मन मानेन । अन्त्यमा सीताले प्रत्येक महिना आमालाई भेट्न आउने बताएपछि सुनयनालाई सन्तोष भयो र उनी रुन छाडिन् । अहिले पनि विश्वास गरिन्छ सीताले गरेको कबोलअनुसार उनी प्रत्येक पूर्णिमाका दिन जनकपुर आउँछिन् र स्थानीय बासिन्दा सीता माइती आएको खुसियालीमा मेलामा सहभागी हुने गर्दछन् ।

जनकपुरको चार कुनामा चार शिव : प्राचीन जनकपुरको रक्षा चारै कुनामा वसेर भगवान् शिवले गरिरहेको विश्वास गरिन्छ । यो किंवदन्ती नै भए पनि आजको जनकपुरको भौगोलिक अवस्था विचार गर्दा मिथिला माहात्म्यमा वर्णित यो मान्यतामा आज पनि जनकपुरका बासिन्दा विश्वास गर्छन् । आज पनि जनकपुरको उत्तरमा क्षिरेश्वरनाथ महादेव, दक्षीणमा कल्याणेश्वरनाथ महादेव, पूर्वमा कपिलेश्वरनाथ महादेव र पश्चिममा जलेश्वरनाथ महादेवका मन्दिरहरू छन् ।

जलभित्र जलेश्वरनाथ : महोत्तरीका शिवालयमध्ये सवभन्दा महत्त्वपूर्ण जलेश्वरनाथ महादेवको मन्दिर रहेको छ । प्राचीन जनकपुरको रक्षकमध्येको एक मानिने जलेश्वरनाथको उत्पत्तिका सम्बन्धमा खासै तथ्य केही नपाइए पनि मिथिला माहात्म्य, शिव, पदम, स्कन्द, बृहद् विष्णु पूराणमा मात्र नभई स्वस्थानी कथामा समेत यस महादेव र क्षेत्रको वर्णन छ । शिवरात्रि, महिनाको पहिलो एवं तेस्रो सोमवार, श्रीपञ्चमी, श्रावणी, होलीलगायतका पर्वहरूको समयमा करिव १० फिटभित्र रहेको जलेश्वर शिवलिङ्गको दर्शन गर्न सकिन्छ । यहाँको मूर्ति मानवनिर्मित नभई प्राकृतिक भएको र स्वउत्पति भएको विश्वास गरिन्छ ।

जलेश्वरलाई पुरन्दर सरको जल : जलेश्वरनाथ महादेव मन्दिरको पश्चिमपट्टि रहेको जलाशयलाई पुरन्दर सर भनिन्छ । यो पोखरीमा सफासुग्घर भई जलेश्वरनाथको दर्शन गर्ने गरिन्छ । अहिले यो जलाशय जलेश्वर नगरपालिकाको अधीनस्थ रहे पनि सरसफाइ नहुँदा पोखरीमा नुहाउनेको सङ्ख्या घटेको छ । यही पोखरीको जल जलेश्वरनाथ महादेवलाई प्रिय रहेको मानिन्छ । जलेश्वरनाथलाई यही जलाशयको जल चढाइनुपर्ने स्थानीय विश्वास छ । तर अधिकांशले पवित्र कार्यका लागि छेवैको वरुण सरको जल प्रयोग गर्ने गरेका छन् ।

जहाँ पराजित भए शङ्कराचार्य : हिन्दूधर्मका प्रचारक शङ्कराचार्य धर्मप्रचारका सन्दर्भमा जहाँ गए विद्वत्तामा सदैव विजयी भए । कतै पराजित भएनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनी अद्वैतवादका व्याख्याता थिए । अद्वैतवादका सम्बन्धमा व्याख्या गर्न सक्ने विद्वान्को खोजी गर्दै जाँदा उनका सामु मण्डन मिश्रको नाम आयो । मिथिलामा मण्डन मिश्र नामका विद्वान्को निकै चर्चा थियो । शङ्कराचार्यको भेट मण्डनसँग हुन नसक्दा उनीसँग विद्वत् प्रतिस्पर्धा हुन सकेको थिएन । शङ्कराचार्य एक पटक मण्डनसँग वहस गर्ने पक्षमा थिए । उनी मण्डनलाई भेट्न मिथिला आए । केहीवेरको चर्काचर्कीपछि दुवै शास्त्रार्थका लागि सहमत भए । निर्णायक थिइन् मण्डनकी पत्नी भारती । उनी पनि प्रख्यात् विदुषीका रूपमा स्थापित थिइन् । शास्त्रार्थ निकैबेर चल्यो र अन्त्यमा मण्डन पराजित हुने अवस्थामा पुगे । अव भारतीले शङ्कराचार्यसमक्ष आफू मण्डनकी अर्धाङ्गिनी भएकीले मण्डनको पराजयवाट मात्र आफूहरूको पराजय नमानिने वताउँदै आफूसँग शास्त्रार्थ गर्न प्रस्ताव राखिन् । शङ्कराचार्य मण्डन-पत्नीको चुनौती स्वीकार गरी प्रतिस्पर्धाका लागि तयार भए र यो शास्त्रार्थ १७ दिनसम्म चलेको मानिन्छ । भारतीले शङ्कराचार्यलाई ग्राहस्थाश्रमसँग जोडिएको विषयमा शास्त्रार्थ गरी आश्चर्यचकित वनाएकी थिइन् । शङ्कराचार्यलाई ग्राहस्थाश्रमको अनुभव र जानकारी थिएन । यो जानकारी नभएसम्म उनी शास्त्रार्थमा भारतीसँग विजयी हुन सक्दैनथे । यसका लागि उनले योगका बलमा केही समयका लागि आफ्नो देह त्याग गरे र एक मृत राजाको शरीर धारण गरी ग्राहस्थाश्रमको अनुभव सँगालेपछि भारतीसँग शास्त्रार्थ गरेको विश्वास गरिन्छ ।

जानकीको चिरिएको नाक : मान्यता छ कि, जानकी मन्दिरमा स्थापित चाँदीनिर्मित जानकीजीको असली प्रतिमाको नाक चिरिएको छ । यस सम्वन्धमा स्थानीय समाजमा एक कथा प्रचिलत छ– जानकी मन्दिरका आदि महन्थ सुरकिशोर दास जनकनन्दिनीलाई जानकीलाई छोरी मान्दथे र जानकीलाई त्यसैअनुरूपको स्नह र सम्वोधन गर्दथे । एक पटकको कुरो हो, जानकीजी अर्थात् आफ्नी छोरीलाई भेट्न उनी अयोध्या गएका थिए । उनी सरयुग नदीको किनारमा बसेर आफूलाई भेट्न आउन जानकीलाई खबर पठाए । रातको समयमा जानकीजी आइन् । जानकीजी निकै दुब्लाएकी थिइन् । उनको शरीरमा कुनै आभूषण थिएन । आभूषणको साटो उनको सम्पूर्ण शरीर फूलले शृगाङ्रित थियो । फूलकै नथिया, फूलकै गहना तथा अन्य आभूषण । जानकीलाई देखेर महन्थ दासलाई बडो खल्लो लाग्यो । छोरीको यो रूप देखेर पितालाई सन्ताप हुनु स्वाभाविक नै थियो । उनले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छोरीलाई सोधे, तिमीलाई यहाँ खाान वस्न त दुःख छैन नि ? आभूषण आदि आवश्यक छ कि ? महन्थजीको कुरा सुनेर जानकीजीले आफूलाई यहाँ कुनै समस्या नभएको वताउँदै आफ्ना बारे कुनै पनि प्रकारको चिन्ता नलिन अनुरोध गरिन्। उनले भनिन्, मलाई यहाँ अयोध्यामा बडो सुख छ। म खुसी छु। मलाई यहाँ सबैले निकै मानआदर गर्छन्। अयोध्यावासीका प्रतापले म निकै कोमल भएकी छु। सुनका गहना पहिरिँदा घाउ भइहाल्छ, त्यसैले सुनका गहना लगाउँदिनँ, उनले भनिन्। तर सुरकिशोर दासलाई जानकीको कुरामा विश्वास लागेन। यस पटक उनी अन्यमनस्क भाव लिई अयोध्याबाट जनकपुरका लागि प्रस्थान गरे। एक वर्षपश्चात् सुरकिशोर दास जानकीलाई भेट्न पुनः अयोध्या गए। यस पटक उनले आफूसँग सुनका नथियालगायतका गहना लिएर गएका थिए। पहिले जस्तै यस पटक पनि जानकीजी महन्थजीलाई भेट्न आइन्। जानकीजी भेट्न आउँदा महन्थजीले छोरीलाई आफूले ल्याएको सुनको नथिया पहिरिन आग्रह गरे। जानकीजीले महन्थजीको आग्रह अस्वीकार गर्न सकिनन्, उनले नथिया पहिरिइन् तर नथियाको बोझले उनको नाक चिरियो। नाकबाट रगत बग्न थाल्यो। अनि जानकीले सुरकिशोर दासलाई सम्झाउँदै भनिन्, देख्नुभयो त म अयोध्यामा मिथिलाभन्दा बढी सुकोमल भएकी छु। यस्ता गहनाको भार मलाई स्वीकार्य छैनन्। विझ्दछन्। गड्छौं हुन्छन्। सुरकिशोर दासले जानकीको सबै कुरा सुनिसकेपछि एक पटक जनकपुर हिँड्न आग्रह गरे। तर जानकीजीले जनकपुर जान अस्वीकार गर्दै भनिन्, म प्रत्यक्षतः जान सक्दिनँ तर म तपाईंको आग्रहको पनि अनादर गर्दिनँ। तपाईं भोलि प्रातःकाल जब सरयुगमा स्नान गर्नुहुन्छ त्यस बेला मेरो एक प्रतिमा भेट्नुहुनेछ त्यही प्रतिमा जनकपुर लिएर जानुहोला। भोलिपल्ट बिहान जव उनले सरयुग नदीमा स्नान गरे नभन्दै जानकीको एक प्रतिमा भेटियो जसको नाक चिरिएको थियो। सुरकिशोर दास त्यही प्रतिमा बोकेर जनकपुर फर्के र मन्दिर बनाई स्थापित गरे। आज पनि विश्वास गरिन्छ, जानकी मन्दिरमा जानकीको असली प्रतिमाको नाक चिरिएको छ। यो मूर्तिको दर्शन अन्यले गर्न पाउँदैनन्।

जितिया : जितिया पर्व मिथिलामा निकै प्रसिद्ध पर्व हो। उपासनाका दृष्टिले छठपर्वभन्दा पनि विशेष मानिने जितियामा व्रतालुले करिब तीन दिन निराहार रही कडा अनुशासनमा व्रत सम्पन्न गर्नुपर्ने हुन्छ। महिलाहरूले यो व्रत मूलतः सन्तानको निरोगिता, कल्याण र दीर्घायुको कामनाले धारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने गर्दछन् । प्रचिलत मान्यताअनुसार मिथिलामा एक समय शीलावती र कर्पूरावतीनामक दुई दिदीवहिनी थिए । वहिनी कर्पूरावती रानी थिइन् भने दिदी शीलावतीका पति त्यही रानीको दरवारमा भारदार थिए । वहिनीले दिदीसँग प्रतिस्पर्धा मात्र गर्दिनथिन् वरु वेलावखत शत्रुता पनि साँध्ने गर्थिन् । दिदीका सात भाइ छोरा थिए तर वहिनीका छोरा थिएनन् । वहिनीलाई यो सह्य थिएन । उनका आँखामा दिदीका सात भाइ छोरा कसिङ्गरझैँ विझाउँथे । एक पटक कुरो हो, दिदी छोराहरूको कल्याण र दिर्घायुका लागि जितिया अर्थात् जिमुतवाहन (शिवको एक रूप) देवताको व्रत बसेकी थिइन् । वहिनीले षड्यन्त्र रचिन् । उनले दिदीका सात भाइ छोराको अपहरण गर्न लगाएर सातै जनाको टाउको काटिन् र व्रत समापनका समयमा एकएक टाउकोलाई एकएक डाला (बाँसको चोइटाले तयार गरिएको ठुलो थाल आकारको सामग्री)मा राखी रातो कपडाले छोपेर दिदीकहाँ कोसेलीका रूपमा पठाइन् । दिदीले वहिनीवाट प्राप्त ती सामग्रीलाई पूजाकोठामा जतनपूर्वक राख्न लगाइन् र आफू पूजाको अन्य क्रियामा व्यस्त भइन् । उता वहिनी भने दिदीको घरतर्फ कान थापेर बसिरहेकी थिइन् । उनी कुन वेला दिदी रोएको आवाज सुनिन्छ भनेर व्यग्रतापूर्वक प्रतीक्षा गरिरहेकी थिइन् । यता दिदी पूजामा संलग्न थिइन् । पूजाको समाप्तिका क्रममा दिदीले वहिनीबाट प्राप्त डालाहरू उघारिन् । तर आश्चर्य, त्यहाँ छोराहरूको टाउको नभएर नरिवलका डल्लाहरू थिए । एकैछिनमा सातै भाइ छोरा आए र आमालाई ढोगे । छोराहरूले सानीमाको कर्तुत आमालाई सुनाए । उता निकैबेर भए पनि दिदीको आँगनबाट रुवाइ नसुनिएपछि वहिनी स्वयं दिदीको आँगन आइन् । त्यहाँ आउँदा दिदीका सातै भाइ छोरालाई देख्दा उनी स्तब्ध भइन् । अव रुने पालो उनको थियो । उनलाई आफ्नो कर्ममा ठुलो पश्चात्ताप भयो । दिदीसँग माफी मागिन् । दिदीले वहिनीलाई पूर्वजन्मको कथा सुनाउँदै माफ गरिदिइन् । वहिनीले पूजाको प्रसाद ग्रहण गर्दै त्यहीँ प्राणान्त गरिन् । पूर्वजन्ममा शीला चिल र कर्पूरा स्याल थिइन् । दुवै निकै मिल्ने सखी थिए । अघिल्लो जन्ममा दुवैले सँगै जितिया पर्वको आयोजना गरेका थिए र तर स्यालले व्रत सम्पन्न गर्न सकेकी थिइनन् । उनले विचमै व्रत भङ्ग गरी चिलसँग झुटो बोल्दै पर्व सम्पन्न गरेको बताएकी थिइन् । त्यसैकारण यस जन्ममा कर्पूराको कल्याण हुन नसकेको र सन्तान पनि नभएको विश्वास गरिन्छ । यसै घटनापछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिथिलामा यो पर्वको माहात्म्य बढेको र प्रत्येक घरका महिलाले जितिया व्रत धारण गर्ने गरेको विश्वास गरिन्छ । यो पर्व मिथिला संस्कृतिका साथै मध्य र पूर्वी नेपालका थारू संस्कृतिमा आश्विन कृष्ण षष्ठीदेखि अष्टमीसम्म भव्यतापूर्वक मनाउने गरिन्छ । अष्टमीमा सन्तान भएका महिला सन्तानको कल्याणका लागि र सन्तान नभएकाहरू सन्तानप्राप्तिको मनोकमना राखी निराहार व्रत बस्ने गर्दछन् ।

जुडशीतलमा शीतलताको आशीर्वाद : मिथिलाञ्चलमा हरेक दिन कुनै न कुनै पर्व रहने गरेको छ र सबै पर्वका पछाडि कुनै न कुनै विश्वास पनि रहने गरेको छ । नववर्षको आरम्भसँगै मिथिलाञ्चलमा पर्वको सुरुवात हुन्छ र सो पर्व वर्षभरि नै जारी रहन्छ । मिथिलाञ्चलमा मनाइने हरेक पर्वले कुनै न कुनै रूपमा गहन सन्देश दिने गरेको पाइन्छ । यस्तै गहन सन्देश दिने पर्वको रूपमा नयाँ वर्ष आरम्भमै मिथिलाञ्चलवासीले सतुवाईन पर्व मनाउने गर्छन् भने सोको भोलिपल्ट अर्थात् वैशाख २ गते जुडशीतल पर्व मनाउने गर्छन् । परापूर्वकालदेखि नै मनाइँदै आएको यो पर्व मिथिलाञ्चलको मौलिक र पुरानो पर्व हो । जुडशीतललाई शाब्दिक अर्थमा हेर्ने हो भने "शीतल जलले जुडाउनु" अर्थात् गर्मीमा शीतलता प्रदान गर्नु भन्ने बुझिन्छ । तर यसको लाक्षणिक अर्थ त्यत्तिकैमा मात्रै सीमित छैन । आरम्भ राम्रो भएको कामको अन्त्य पनि राम्रो हुने मान्यता रहेको मिथिला समाजमा नववर्षको आरम्भमै मिठो-मिठो खानेकुरा खाने, खुवाउने, राम्रो लुगा लगाउने अनि खराब वानी सुधार्ने संयोगको रूपमा यो पर्व रहेको पाइन्छ । जुडशीतल पर्वका दिन अर्थात् वैशाख २ गते सूर्योदयभन्दा धेरै अगावै घरका मान्यजनहरूले आफूभन्दा सानालाई टाउकोमा पानी हाली (जुडाईं) दीर्घायु एवं स्वस्थ्य रहने आशीर्वाद दिने गर्छन् । यसै दिन पिउने कुवाको पानी र हिलोलाई समेत सफा गरी शुद्ध वनाइने गरिन्छ । यस दिन मिथिलाञ्चलबासीले दाल, भात, वरी, कढीलगायतका परिकारहरू खाई रमाइलो गर्ने गर्छन् र यसै दिन सलहेस मन्दिर भएको ठाउँमा भव्य मेलाको आयोजना तथा पूजापाठ गरिन्छ ।

झिझिया : तान्त्रिक विधि : यो मिथिला क्षेत्रमा निकै प्रचिलत लोकनृत्य हो । कालान्तरमा नृत्यरूप धारण गरेको झिझिया मूलतः तान्त्रिक प्रक्रियामा आधारित आध्यात्मिक अनुष्ठान हो । समाजमा विद्यमान गलत र दुष्ट विचारहरूलाई नष्ट गर्न यो विधि अस्तित्वमा आएको विश्वास छ । तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कहिलेदेखि यसले निरन्तरता प्राप्त गरेको हो भन्ने कुराको यकिन छैन। झिझिया महिलाहरूका माध्यमवाट अस्तित्वमा रहेको एक जिउँदो नृत्य हो। यो नृत्य समूहमा सम्पन्न गर्ने गरिन्छ। समूहमा पाँचदेखि पच्चीस जनासम्म हुन्छन्। नृत्यमा सहभागी महिलाहरू टाउकामाथि गाग्रा–घैँटा राख्छन्। गाग्रा–घैँटामा सानासाना थुप्रै प्वाल वनाइएका हुन्छन्। यसभित्र दीप प्रज्वलित गरिएको हुन्छ। यसै गरी माटोको अर्को भाँडामा आगो वाली गाग्रा–घैँटाको मुख छोपिएको हुन्छ। यो नृत्य प्रायः दसैँको नवरात्रिको वेलामा आयोजित हुन्छ। तान्त्रिक विधिको यो नृत्यलाई बोक्सावोक्सी (डाइन)को प्रभाव अन्त्य गर्ने नृत्य भन्ने गरिन्छ। दशैँका समयमा यस्ता खराव चरित्रका डाइनको प्रभाव वढने र यो नृत्यका माध्यमवाट त्यस्तो प्रभावमा कमी आउने जनविश्वास छ। दशैँको आगमनसँगै बोक्सीलाई गाली गर्ने अनौठो तथा तान्त्रिक नृत्यका रूपमा झिझियालाई मान्ने गरिएको छ। ग्रीष्मको विदाइ र शीतको आगमनसँगै नवरात्रिभरि यो गीत गाउने र नृत्य गर्ने चलन रहिआएको छ। मिथिलाञ्चलको पहिचान बोकेको यस नृत्यमा दलित महिलाहरूको वढी सहभागिता हुने गर्दछ। झिझियामा गाइने गीतमा भगवतीको प्रार्थना, वोक्सीलाई गाली तथा सन्ततिको दीर्घायुको कामना गरिएको हुन्छ।

तस्मैयाँ बाबाको मटिहानी मठ : मिथिला राज्य प्राचीन कालदेखि नै विभिन्न धार्मिक स्थल, मठमन्दिरहरू, सरोवरहरूका कारण महिमामण्डित रहिआएको छ। सोहीअन्तर्गत महोत्तरी जिल्लाको मटिहानी पनि धार्मिक, ऐतिहासिक, पौराणिक र पर्यटकीय स्थलको रूपमा चिनिँदै आएको छ। महोत्तरीको मटिहानीमा रहेको एक प्रसिद्ध मठ छ। यसको स्थापना तस्मैयाँ बाबाको अभिप्रेरणामा भएको विश्वास गरिन्छ। यो मठ वैष्णव सम्प्रदायका हिन्दूहरूको पावन आश्रमको रूपमा मानिँदै आएको छ। यो नेपालको सबैभन्दा ठुलो राजगुठीको रूपमा समेत रहेको छ। यसलाई लक्ष्मीनारायण मठको नामले पनि चिनिन्छ। झन्डै चार सय वर्ष पुरानो मानिएको उक्त मठ करिब १० विघा क्षेत्रफलमा फैलिएको छ। सो मठको मध्यमा भगवान् लक्ष्मीनारायणको भव्य मन्दिर अवस्थित छ भने मन्दिरको वरिपरि भव्य महल प्रतीत हुने दरवारको ढाँचामा कलात्मक शैलीको ५० वटा भवन रहेका छन्। यस ठाउँमा लक्ष्मीनारायण मठ, तस्मैयाँ बाबाको मन्दिर, मलङ्ग बाबाको आश्रम र लक्ष्मीनारायण सरोवर छ। यहाँ याज्ञवल्क्य लक्ष्मीनारायण संस्कृत विद्यापीठ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र शास्त्रीसम्म पढाइ हुने क्याम्पस पनि छ। अहिले पनि तस्मैयाँबावाको मन्दिरमा रात्रि विश्रामका लागि दैनिक बिछ्यौना लगाउने गरिएको छ र बिहान हेर्दा त्यो बिछ्यौनामा कोही सुतेर उठेजस्तो देखिने गरिएको छ।

त्रिवेणीमा शैनी वनसप्तीको मिलन : सलहेस गाथासँग जोडिएको अर्को चर्चित स्थलका रूपमा स्थापित छ त्रिवेणी। सिन्धुली र उदयपुरको सिमानामा पहाडमुनि कमला, वैजनी र ताउ खोलाको सङ्गमस्थलका रूपमा रहेको त्रिवेणीमा प्रचीनकालदेखि अहिलेसम्म यहाँ प्रत्येक वर्षको कार्तिक पूर्णिमाका दिन ठुलो मेला लाग्ने गर्दछ। सलहेस सन्दर्भअनुसार सतखोलियाका राजा शैनी र सलहेसकी बहिनी वनसप्तीबिच मिलन भएको थियो र कालान्तरमा दुवैबिच विवाह भएको थियो। भनिन्छ यही शैनी र वनस्पतीको सन्तान करिकन्हाको जन्म भएको थियो। सलहेसका भान्जा करिकन्हाको सलहेस गाथाको ठुलो योद्धाका रूपमा चर्चा गर्ने गरिएको छ।

दैवी शक्तिबाट निर्मित चौवन्न पोखरी : जनकपुर नगरक्षेत्रमा अनेकौँ पोखरी छन् जसको आध्यात्मिक महत्त्व छ। यसै क्रममा पारम्परिक रूपमा यहाँ दैवी शक्तिले निर्माण भएको भनिएको ५४ वटा पोखरी छन् जसको सम्बन्ध रामजानकीको विवाहसँग जोड्ने गरिएको छ। जनकपुरस्थित जानकी मन्दिरनजिकै रहेका तेलहा र मडहानामक दुई यस्तै पोखरी हुन्। स्थानीय मान्यताअनुसार रामजानकी विवाहका बेला आयोजना गरिएको भोजका सन्दर्भमा पकाइएको भातको माडले निर्माण भएको पोखरीलाई मडहा पोखरी भनिन्छ भने तेलबाट निर्माण भएको पोखरीलाई तेलहा पोखरी भनिन्छ। यसै गरी अयोध्याबाट राम विवाहका लागि जन्ती लिएर आउँदा गोडा धोइएको स्थानीय पिडारी चौकस्थित पोखरीलाई गोडधोई पोखरी भनिन्छ। यस्तै मान्यता अन्य पोखरीका सम्बन्धमा पनि स्थानीय समाजमा प्रचिलत छ।

धनुषाधाममा अझै पनि धनुषको टुक्रा : जमिनमा रहेको शिव धनुषको तेस्रो टुक्रा भएको स्थानको नाम धनुषा रहन गएको विश्वास गरिन्छ। यही नामबाट जिल्लाको नाम पनि रहन गएको हो। यो स्थान अहिले पवित्र धार्मिक स्थलका रूपमा सुविख्यात छ। यो स्थानमा आज पनि धनुष आकारको सामग्री भेट्न सकिन्छ र स्थानीय बासिन्दाअनुसार यसको आकार दिनहुँ बढिरहेको छ। यो सामग्री कुन धातुको हो भन्ने कुराको यकिन अझै हुन नसकेको स्थानीय बासिन्दाको दावी छ। यसको अनुसन्धान हुनु आवश्यक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । स्थानीय बासिन्दाका अनुसार धनुषको यो टुक्राको आकार वृद्धिको सम्बन्ध कलियुगको आयुसँग छ । स्थानीय मान्यताअनुसार जुन दिन यसको आकार वृद्धिको क्रम सकिन्छ त्यसै दिन कलियुगको पनि अन्त्य हुन्छ ।

धनुष सागरको उत्पत्ति : शिव धनुषको टुक्रा पाताल गाडिएको स्थानबाट जल प्रवाहित हुन गई त्यसले एक विशाल पोखरीको रूप धारण गऱ्यो । यही पोखरी जनकपुरधामको राम मन्दिरअगाडिको धनुष सागर हो भन्ने विश्वास गरिन्छ ।

धरतीबाट जन्मेकी सीता धरतीमै समाहित : शिरध्वजकी पुत्री सीताको मृत्यु नभएको मिथिलामा जनश्रुति छ । उनको जन्म धरतीबाट भएको थियो । यस अर्थमा उनकी वास्तविक आमा धरती हुन् । रामसँगको १४ वर्षको वनवासपछि जब उनी अयोध्या फर्किइन्, उनले आफू विविध सन्दर्भमा अपमानित हुनुपरेको बोध गरिन् । उनले अपमान सहन गर्न नसकी जीवन त्याग गर्ने अनुनय गर्दै धरतीलाई आह्वान गरिन् । उनको आह्वानपछि धरतीमा धाँजा फाट्यो र उनी धाँजामा गई धरतीमा समाहित भइन् भन्ने विश्वास गरिन्छ ।

ननमहरीको मन्दिर दर्शनका लागि खुला : सलहेस गाथामा ननमहरी भन्ने स्थानको चर्चा छ । यो स्थान हालको जनकपुरबाट ३२ किलोमिटर उत्तर–पूर्व पहाडमा अवस्थित छ । त्यहाँ नारायण नाम गरेका शासकले शासन गर्थे र जो अत्यन्त क्रूर थिए भन्ने विश्वास गरिन्छ । यहाँ एक मन्दिर पनि थियो जहाँ दर्शन गर्न नारायणले आम व्यक्तिलाई रोक लगाएका थिए । जो मन्दिर प्रवेश गर्न चाहन्थे तिनमाथि नारायणले अत्याचार गर्थे । यो कुरा जब सलहेसको जानकारीमा आयो उनी क्रुद्ध भए र ननमहरीमाथि आक्रमण गरी त्यहाँका जनतालाई मन्दिरको निर्बाध दर्शनको व्यवस्था मिलाए ।

नाग पञ्चमीमा माटो र गोबरको डल्ला : माथि पनि चर्चा गरियो मिथिला तन्त्रमन्त्रको भूमि हो । यहाँ विभिन्न सन्दर्भमा विभिन्न अनुष्ठानको आयोजना गर्ने गरिन्छ तन्त्रमन्त्रका माध्यमले उपासना गर्ने गरिन्छ । साउन महिनामा सम्पन्न हुने नाग पञ्चमी, जो मिथिलामा पञ्चमी पर्वका रूपमा प्रसिद्ध छ, यस्तै एक आनुष्ठानिक पर्व हो । प्रत्येक वर्ष मनाइने यो पर्वलाई मैथिल ब्राह्मणजातिमा हुने विवाहको पहिलो वर्षमा विशेष रूपमा मनाउने गरिएको छ । यस पर्वका अवसरमा तन्त्रमन्त्रको प्रयोग गरी गाईको गोबर र माटोमिश्रित डल्लालाई सिद्ध गरिन्छ । यो डल्लाको प्रभावबाट सर्प भाग्ने र कसैलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्पले टोके पनि यो डल्लाको धुलोको सहयोगले सर्पदंशको उपचार सम्भव हुने विश्वास गरिन्छ। यस्तो डल्लो मिथिलाञ्चलको प्रत्येक घरमा वर्षभरि उपलब्ध हुने गर्दछ र प्रत्येक वर्षको पञ्चमीमा यस्तो पुरानो डल्लो नयाँ डल्लोवाट प्रतिस्थापित गर्ने गरिन्छ। सर्पको विगविगी साउन महिनामै हुने भएकाले सर्पविरुद्धको यो तन्त्रोक्त विधि यसै महिनामा उपयुक्त हुने मानिन्छ।

निधारमा कालो टीका : प्राचीन कालदेखि मिथिलामा तन्त्रमन्त्रको निकै प्रभाव छ र यसको प्रभाव कुनै न कुनै रूपमा आजपर्यन्त छ। मिथिलावासी तन्त्रमन्त्रमा विश्वास गर्दथे र हाल पनि गर्दछन्। स्थानीय समाजमा यस्तो तन्त्रमन्त्रको सिद्धिका लागि दशैँ अर्थात् दुर्गा भवानीको पूजा गरिने नवरात्रिको समय उपयुक्त हुने विश्वास गरिन्छ। यस अवधिमा तन्त्रमन्त्र सिद्धिको चाहना राख्ने व्यक्तिहरू सक्रिय हुने विश्वास गरिन्छ यसको दुष्प्रभाव सबैभन्दा वढी केटाकेटीमा पर्ने मानिन्छ। यसै कुरालाई ध्यानमा राखी यस्तो तन्त्रमन्त्रको दुष्प्रभाववाट बच्न मिथिला क्षेत्रमा प्राय: सवै केटाकेटी र केही हदसम्म वयस्कलाई पनि निधारमा कालो टीका लगाइने गरिन्छ। यस्तै कालो टालोमा लसुन र हिङ पोको पारिन्छ र त्यसलाई कालो धागोमा उनेर पहिरिन्छ। यसो गरे तन्त्रमन्त्र र दुष्टात्मा र प्रयासको दुष्प्रभाववाट बच्न सकिने विश्वास गरिन्छ।

पकडिया गढमा चौकीदारी : लहानवाट करिव दश किलोमिटर उत्तरमा अवस्थित छ यो स्थान। चुरे पहाडको फेदीमा रहेको पकडिया गढमा सलहेसले प्रारम्भिक दिनमा चौकीदारी गर्ने गरेको विश्वास गरिन्छ। स्थानीय जनविश्वासअनुसार यस ठाउँमा राजा कुलेश्वर सिंहको दरबार छ। यही दरवारमा कार्यरत सलहेस यहाँ चौकीदार अर्थात् प्रमुख सेनापति रहेको मानिन्छ।

परशुराम तलाउको रौनक : जनकपुरवाट धनुषाधाम जाने मूल सडकमा तारापिट्ट सिर्सिया गाउँ कटेपछि धनुषा पुग्नुभन्दा केही पहिले परशुराम तलाउ पर्दछ। यहाँ एक गाउँ पनि अस्तित्वमा छ। यो गाउँ अहिले परशुराम तलाउका नामले नै चर्चित छ। विगतमा यो ठाउँ घना जङ्गल थियो। यस कुराको पुष्टि छेवैको धनुषाधामसम्म अहिले पनि जङ्गलको अस्तित्व रहेवाट हुन्छ। राजा जनकको दरबारमा संरक्षण गर्न शिव धनुष छोडेका ऋषि परशुराम कालान्तरमा यही स्थानमा आफ्नो आश्रमको निर्माण गरी तपस्यामा लीन रहन थाले। यसै सन्दर्भमा पोखरीको निर्माण भयो जो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परशुराम तलाउका नामले प्रसिद्ध भयो । यस गाउँमा रहेको पोखरी त्यही परशुराम तलाउ रहेको विश्वास गरिन्छ । उक्त पोखरीको डिलमा परशुरामको आश्रम रहेको विश्वासमा स्थानीयले त्यहाँ परशुरामको भव्य मूर्तिको स्थापना गरेका छन् । गत वर्षको महाभूकम्पमा परी उक्त मूर्ति क्षतिग्रस्त हुन पुगेको छ र हाल यसको पुनर्निर्माणको तयारी भइरहेको छ ।

प्रत्यञ्चा चढाउँदा शिव धनुष भाँचियो : सीता स्वयंवरमा उपस्थित कसैले पनि प्रत्यञ्चा चढाउनु त टाढै रहोस् हल्लाउन र उठाउन पनि सकेनन् । तर अयोध्याका राजकुमार रामले शिव धनुष उठाई प्रत्यञ्चा चढाउन खोज्दा धनुष भाँचियो र तीन टुक्रामा विभाजित भयो । यसको एक टुक्रा आकाशतर्फ गएको, दोस्रो टुक्रा पातालमा गाडिएको र तेस्रो टुक्रा जमिनमै रहेको विश्वास गरिन्छ ।

पोखरी दुई थरीका : मिथिला क्षेत्रमा दुई प्रकारका पोखरी छन्, पहिलो स्थानीय जनताले निर्माण गरेको र अर्को आध्यात्मिक महत्त्वका पारम्परिक पोखरी । दोस्रो प्रकारको पोखरी कहिले कसले निर्माण गरेको हो भन्ने यकिन छैन । यस्ता पोखरीको पहिचान सहज छ । जुन पोखरीको बिचमा काठको ठुलो खाँवो, जसलाई जाठी भनिन्छ, गाडिएको हुन्छ त्यस्ता पोखरी व्यक्तिले निर्माण गरेको मानिन्छ भने जाठी नगाडिएका पोखरी स्थानीय जनताको राहतका लागि दैवी शक्तिद्वारा निर्माण गरिएको विश्वास गरिन्छ ।

बनौलीमा विद्यापतिका बाह्र वर्ष : मैथिलीका महाकवि विद्यापतिले राजा शिव सिंहकी रानी लखिमा र सेवक उगनाका साथ मिथिलाको बनौलीमा १२ वर्ष बिताएको विश्वास गरिन्छ । पन्ध्रौँ शताब्दीको पूर्वार्द्धतिर तत्कालीन मिथिला राज्यमाथि मुसलमानहरूले आक्रमण गरेपछि मिथिलाका तत्कालीन राजा शिव सिंहले रानी लखिमाको सुरक्षाको जिम्मेवारी विद्यापतिलाई सुम्पिइँदै आफू काठमाडौँ उपत्यकातिर लागेको मानिन्छ । विद्यापति जिम्मेवारी स्वीकार गर्दै रानीलाई लिई बनौली भन्ने गाउँ आए र एक किसिमले १२ वर्षसम्म अज्ञातवासको जीवन व्यतीत गरे । जनकपुर र जलेश्वरको बिचमा बनौली भन्ने स्थान छ । यहाँका स्थानीय बासिन्दाका अनुसार विद्यापति बसेको ठाउँमा उनको घरअगाडि एक पोखरी थियो । महोत्तरीको बनौलीमा एक पोखरीलाई प्रमाणका रूपमा अगाडि सार्दै त्यही स्थान विद्यापति गढी अर्थात् उनको वासस्थान भएको दाबी गर्ने गरिन्छ । यस्तै दाबी सिराहाका बासिन्दाले पनि गर्ने गरेका छन् । सिराहामा पनि बाखर बनौली भन्ने स्थान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । स्थानीय बासिन्दाका अनुसार विद्यापतिले रानी लखिमालाई सुरक्षा दिन बसेको स्थान यही बनौली हो । यो दाबीलाई सत्य साबित गर्न अहिले बाखर बनौली गाविसअन्तर्गत पूर्व-पश्चिम राजमार्गको छपराडीमा विद्यापतिको प्रतिमा स्थापना गरी यो ठाउँको नामकरण नै विद्यापति चौकका रूपमा गरिएको छ ।

भुइयाँ महाराजलाई सलामी : मिथिलाको प्राचीन जाति विभाजनअनुसार एक खास जातलाई चोरी पेसासँग सम्बद्ध मानिन्छ । अहिले यो जातिले चोरीलाई पेसा मान्दैनन् र चोरी कर्मबाट आफूलाई पृथक् राख्दछन् । तर यो जात र पेसासँग सम्वद्ध एक मिथक अस्तित्वमा छ । यस मिथकअनुसार चोरहरू चोरी गर्न जानुअघि र पछि यिनका देवता मानिने भुइयाँ महाराजलाई केही न केही चढाएर ढोग्ने र आशीर्वाद दिने चलन थियो । यसलाई स्थानीय भाषामा सलामी भन्ने गरिन्छ । यसरी सलामी चढाउँदा चोरी पेसामा फलिफाप हुने विश्वास सम्वद्ध समुदायमा छ । मिथिलाका विभिन्न ठाउँमा भुइयाँ महाराजका मन्दिर छन् । पछिल्लो समयमा देवता मानिने भुइयाँ महाराज खासमा यस जातिका आदि पुरुष हुन् भन्ने मान्यता छ ।

भूमिबाट सीताको जन्म : मान्यजनको सल्लाहमा राजा जनकले आफ्नो राज्यसीमा (यो स्थान अहिले भारत बिहारको सीतामढीमा पर्छ भन्ने जनश्रुति छ ।) मा हलो चलाउँदा जमिनमा गाडिएको अवस्थामा एक जीवित बालिकाको प्राप्ति भयो । यी बालिकालाई निःसन्तान राजदम्पतीले आफ्नी पुत्रीका रूपमा स्वीकार गरे र यिनै बालिका कालान्तरमा सीता र जानकीका रूपमा इतिहासमा चिनिइन् । पछि यिनको तत्कालीन अयोध्याका राजकुमार रामसँग विवाह सम्पन्न भयो ।

मडैमा माण्डव आश्रम : फागुन शुक्ल पञ्चमीको दिन मिथिला परिक्रमाको डोला जलेश्वरबाट प्रस्थान गरी मडै पुग्छ र परिक्रममा सहभागी यहाँ राति विश्राम लिन्छन् । प्राचीन कालमा माण्डव ऋषिको आश्रम रहेको महोत्तरीको मडैमा रामजानकीको विवाहका लागि मडवा (वेदी) बनाइएको जनश्रुति पाइन्छ ।

मधुश्रावणीमा प्रेमको परीक्षण : यस्तै एक मिथक मधुश्रावणीका पर्वका सन्दर्भमा पनि प्रचिलत छ । यो पर्व प्रायः मैथिल ब्राह्मणजातिको वैवाहिक अनुष्ठानसम्म मात्र सीमित छ । विवाहको वर्षको पहिलो मधुश्रावणीको अवसरमा मैथिल ब्राह्मण बेहुलाबेहुलीको घरमा भव्य आयोजन सम्पन्न हुने गर्दछ । पूजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । अनेकौं विधि हुन्छन् र यस्तो विधि प्रायः वेहुलीको माइतीमा सम्पन्न हुने गर्दछ । यसै क्रममा मधुश्रावणीका सन्दर्भमा एक कठोर विधि अपनाइने गरिन्छ । यस विधिअन्तर्गत बेहुलीको घुँडामा वेहुलाले धागोको बत्तीले पोल्ने गर्दछन् । यो विधिमा जति ठुलो फोका उठ्यो वेहुलाले वेहुलीलाई आजीवन त्यति नै बढी माया गर्ने विश्वास गरिन्छ । नारीमाथिको शोषणका दृष्टिले यो अत्यन्त अशोभनीय व्यवहार हो र मिथिलामै यस प्रचलनको अहिले विरोध भइरहेको छ । पछिल्ला दिनमा घाउ नलागोस् भन्ने उद्देश्यले घुँडामाथि पानको पात राखिदियोले पोल्ने गरिन्छ । यसो गर्दा पोल्दा पनि पोलिँदैन र फोका पनि उठ्दैन तर विधिको निर्वहन भने हुन्छ ।

मलङ्गको बस्ती मलङ्गवा : मलङ्गवा सर्लाही जिल्लाको सदरमुकाम हो । भारतीय सीमासँग जोडिएको मलङ्गवा पूर्वपश्चिम राजमार्गको नवलपुरवाट पच्चीस किलोमिटरको दूरीमा अवस्थित छ । यस ठाउँको नामकरणबारेमा पनि एक मिथक प्रचिलत छ । स्थानीय जनश्रुतिअनुसार धेरै समय पहिले (समयको यकिन गर्न सकिएको छैन।) हालको मलङ्गवा क्षेत्र घना जङ्गल थियो । बस्ती विकसित भइसकेको थिएन । यसै समयमा दक्षिणबाट एक सिद्ध पुरुष यस जङ्गलमा आई आश्रम स्थापना गरी बस्न थाले । उनैले यस क्षेत्रमा बस्ती बसाएको विश्वास गरिन्छ । उनी हिन्दू वा मुस्लिम के थिए भन्ने यकिन त गर्न सकिएको छैन तर मलङ्ग बाबाका नामले स्थापित र परिचित यी सिद्ध पुरुषलाई हिन्दू र मुस्लिम दुवै समुदायले बडो श्रद्धापूर्वक मान्दछन् । मुस्लिमले मलङ्ग बाबाको सिद्ध पीठलाई मलङ्ग मजार भन्दै चादर ओढाई भक्तिभाव प्रदर्शित गर्दछन् । त्यहा मुस्लिमहरू कुरानको आयतको उच्चारण गर्दै नमाज पढ्दछन् भने हिन्दूहरूले मलङ्ग समाधिस्थलका रूपमा यहाँ भव्य पूजा पाठ गर्दै बलि प्रदानसमेत गर्ने गरेका छन् । यिनै मलङ्गका नामबाट यस स्थानको नाम मलङ्गवा रहन गएको हो ।

महिसौथामा सलहेस गहवर : सलहेससँग जाडिएका विविध सन्दर्भ छन् । तिनै सन्दर्भहरूमा एक हो, उनको जन्मको सन्दर्भ । इतिहासकारहरूका अनुसार सलहेस सामान्यतय सातौँ-आठौँ शताब्दीतिरका जननायक महापुरुष हुन् । अहिले राजपुर राजोखैर नहरा आदि गाउँमा राजवास डिह (स्थान)का अवशेष पाइन्छन् । प्राचीन कालमा यी गाउँहरूमा सानासाना राजा हुने गर्थे । त्यस समयमा सिराहा, बेलाहा, मैसोथानामक गाउँ थिएनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालान्तरमा नाउँ परिवर्तन भएर यी गाउँहरू अहिलेका नामले चिनिएका हुन् । यस्तै नाम परिवर्तित भई हाल महिसौथा नामले चिनिने गाउँमा लोकनायक सलहेसको जन्म भएको हो । यिनको पिताको नाम सुरमा हो, जसलाई भैरव भूपाल, सुमन र सोमन नाले पनि चिनिन्छ । सलहेसको माताको नाम मन्दोदरी हो भने भाइहरूको नाम मोतीराम र बुधेशर हो । यिनको पत्नीको नाम सती माजरी हो, यिनलाई सीता माजरी, माञ्जरी आदि नामले पनि चिनिन्छ । यो गाउँ अहिलेको सिरहा जिल्लाको सिराहा नगरपालिकाको वडा नं. ७ मा पर्दछ । यहाँ प्राचीन महत्त्वको, माटोको ठुलो ढिस्को आकारको गढ छ । यसलाई सलहेस गढ भनिन्छ । यहाँ सलहेसको एक गहवर (मन्दिर) छ जसमा सलहेस तीनै भाइको मूर्ति छ । स्थानीय स्तरमा मान्यता छ, गहवरमा सलहेस अहिले पनि आउँछन् ।

महोदरीबाट महोत्तरी : "महोदरी" नामको एक ब्राह्मणले हालको महोत्तरी गाविसको ५ विघा जग्गामा एउटा विशाल पोखरी निर्माण गराई आफ्नो नामबाट उक्त पोखरीको नामकरण गराएको जनविश्वास छ । महोदरी शब्द अपभ्रंश हुँदै कालान्तरमा महोत्तरी बनेको विश्वास गरिन्छ । यसैबाट पोखरी रहेको गाविस र जिल्लासमेतको नामकरण महोत्तरी हुन गएको जनविश्वास छ । त्यसै गरी महोत्तरीको नामकरणका सन्दर्भमा अर्को जनश्रुति पनि छ । प्रसिद्ध ज्योतिर्लिङ्गहरूमध्येको जलेश्वरनाथ महादेव मन्दिरको परिसरमै विश्वको ५१ शक्तिपीठमध्येकै एक उमा अर्थात् महोदरी (महोत्तरी) शक्तिपीठ रहेको मानिन्छ । यस आधारमा जिल्लाको नाम महोत्तरी रहन गएको जनविश्वास छ ।

मानिक दहमा स्नान : सलहेस लोकगाथाका सन्दर्भमा अर्को चर्चित स्थल हो मानिक दह । लहानबाट करिब चार कोस उत्तर–पश्चिममा पर्ने यो स्थल पुरातात्त्विक दृष्टिले पनि निकै महत्त्वपूर्ण छ । स्थानीय विश्वास छ, सलहेस प्रत्येक दिन यस दहमा स्नान गर्थे र राजा फूलबारी गई फूल टिप्थे । यसपछि महिसौथा जान्थे र राजमाता तथा कमलाजीको पूजा गर्थे । यो उनको सधैँको नित्यक्रम भएको जनविश्वास छ ।

मैथिल सभ्यताका योद्धा दिना र भद्री : मिथिलाको मुसहरजातिमा दिना र भद्री दुई दाजुभाइलाई देवतासरह सम्मानप्राप्त छ । यिनलाई मैथिल समाजमा लोकनायकका रूपमा पूजिन्छ । यी दुवै देवता नभई मानिस नै थिए । अन्वेषकहरूका अनुसार आर्य सभ्यताको प्रभाव बढ्दै गएको बेला यी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दाजुभाइ अस्तित्वमा रहेको विश्वास गरिन्छ। अहिलेको सप्तरीमा पर्ने कटैया खाप यी दाजुभाइको मूल केन्द्र थियो। स्थानीय जमिनदारले जवरजस्ती मजदुरी गराउन खोज्दा यी दाजुभाइले विद्रोह गरेका थिए र यस क्रममा यिनीहरू त्यहीँ मारिएका थिए। कालान्तरमा यिनको सम्मानमा विद्रोह-गाथा गाउन थालियो। यिनलाई देवता मान्न थालियो। मूर्तिहरू बन्न थाले। ठाउँठाउँमा मन्दिरको निर्माण भयो। नेपालमा जन्मिएका दिना र भद्रीको भारतको मैथिल वस्तीमा समेत गाथा गाइन्छ। दिना र भद्रीको विद्रोहको कथा-घटना सयौँ वर्षअघिको भए पनि मैथिल सभ्यताका योद्धाका रूपमा लिइने यी दुईको गाथा गाउने चलन भने चार सय वर्षअघि मात्र सुरु भएको विश्वास गरिन्छ। विद्रोहपछि दिना र भद्री काटिएको कटैया खाप, लास राखेको स्थल रखौटी र लास जलाएको स्थल जरौटी गरी सप्तरीमा दिना-भद्रीसँग सम्वन्ध रहेका तीनटा ऐतिहासिक स्थल छन्। यी तिनै स्थानमा अहिले मन्दिर छ।

राजाले हलो चलाएपछि वर्षा : मिथिलामा एक पटक ठुलो खडेरी पर्‍यो। लगातार १२ वर्षसम्म पानी नपर्दा सिर्जित अनिकालका कारण मिथिलावासी भोकभोकै रहनुपर्ने अवस्थाको सिर्जना भयो। विद्वान् र तत्कालीन राजसभाका सदस्यले राजर्षि जनक (शिरध्वज)लाई स्वयंले आफ्नो राज्यको सीमाभित्र हलो जोत्न सल्लाह दिए। राजाले त्यही सल्लाहहरूका आधारमा हलो चलाएपछि मिथिलामा वर्षा भई अनिकालको अन्त्य भएको विश्वास गरिन्छ।

रौजा मजार हिन्दू मुस्लिम दुवैका प्रिय : मुस्लिम धर्मावलम्वीहरूको प्रसिद्ध तीर्थस्थलको रूपमा चिनिएको यो मजारमा हिन्दूहरू पनि त्यत्तिकै आस्था र विश्वासका साथ पुग्ने गर्दछन्। यो मजारलाई सामाजिक सद्भावको रूपमा चिनिने गरिन्छ। धमौरामा रहेको यो मजार कम्तीमा चार सय वर्ष पुरानो मानिन्छ। स्थानीय किंवदन्तीअनुसार चार सय वर्षपहिले एक फकिर यहाँ आई वसेका थिए। सिद्ध पुरुषका रूपमा स्थापित ती फकिरले हिन्दू र मुस्लिमविच कुनै भेद नगरी मानवकल्याणका लागि भूमिका निर्वाह गरेको विश्वास गरिन्छ। यस ठाउँमा मुस्लिम धर्मावलम्बीहरू प्रत्येक वर्ष मेला भर्न आउँछन्।

लोकगाथामा जीवित शैलेश अर्थात् सलहेस : मिथिलामा सलहेससँग जोडिएका अनेकौँ कथा छन्। इतिहासले खासै प्रमाणित गर्न नसकेको सलहेस अहिले पनि मिथिलाको लोकगाथामा जीवित छन्। विभिन्न सन्दर्भमा वर्णित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धारणाअनुसार सलहेस दुसाधजातिका वीर पराक्रमी थिए । जयवर्द्धन भनेर चिनिने यिनको नाम शैलेश अर्थात् पर्वत राज हो । यही शैलेश कालान्तरमा अपभ्रंश हुँदै सलहेश हुन पुगेको हो । सलहेसका बारेमा धेरै अध्ययन हुन सकेको छैन । जति अध्ययन भएको छ, त्यस आधारमा सलहेस पहाड र तराईको दोसाँधमा पर्ने भूभागका वीर रक्षक थिए । इतिहासकारहरूका अनुसार सलहेससँग सम्बद्ध अधिकांश ठाउँ आजको सिराहा जिल्लामा पर्दछ ।

वरुणदेवको विश्रामस्थल वरुण सर : जलेश्वर बाजारमा रहेको अर्को जलाशयलाई वरुण सर भनिन्छ । जनविश्वासअनुसार त्रेतायुगमा रामजानकी विवाहोत्सवमा आउनुभएका जलदेवता वरुणको निवासका लागि यो सरोवरको निर्माण गराइएको थियो । प्राचीन कालमा यो बाटो भएर आउनेहरूले यसै सरोवरसँग खाना पकाउने भाँडाबर्तन माग्ने गरेको किंवदन्ती छ । खाना खाएर भाँडाबर्तन पुनः वरुण सरोवरलाई फिर्ता गर्ने चलन रहेको जनविश्वास छ । यो पोखरी पनि संरक्षणको अभावमा जीर्ण बन्दै गएको छ ।

विदेह जनक शिरध्वज : वास्तवमा 'जनक' वंश परम्परासँग सम्बन्धित छ । मिथि, जसलाई मिथलाको संस्थापक मानिन्छ र यिनकै नामबाट मिथिलाको नाम रहन गएको विश्वास गरिन्छ, प्रथम जनक हुन् । यस वंशमा २७ वटा राजाले मिथिलामा शासन गरेको इतिहास छ । राजा कराल अन्तिम जनक हुन् । यही वंशमा जानकीका पिता राजा शिरध्वज भए जो अन्यको तुलनामा जनक नामले बढी प्रसिद्ध मात्र भएनन् यिनी जनकका पर्यायका रूपमा पनि स्थापित भए । राजर्षि रूपमा स्थापित यिनलाई विदेह पनि भनिन्छ । यिनी राजा भएर पनि निष्काम निर्लोभी थिए । यिनलाई आफ्नो इन्द्रीयमाथि नियन्त्रण अर्थात् विजयप्राप्त थियो । यिनको व्यवहार र सिद्धान्तका कारण मिथिलामा राजतन्त्र भएर पनि गणतन्त्र स्थापित थियो भनिन्छ । सर्वज्ञ शिरध्वजले आफ्नो ज्ञान र तपका बलले सबै किसिमको लोभ र मोहको आधार देह अर्थात् शरीरमाथि विजय प्राप्त गरेकाले यिनलाई विदेह भनिएको विश्वास गरिन्छ ।

विद्यापतिका सेवक उगना अर्थात् शिव : भनिन्छ विद्यापति भगवान् शिवका अनन्य उपासक थिए । भगवान् शिव विद्यापतिसँग यति प्रसन्न थिए कि उनको सजिलोका लागि उगनाका रूपमा विद्यापतिको सेवकका रूपमा रहे । उगना अचानक विद्यापतिको जीवनबाट अलगिन पुगेको मानिन्छ । उगनाको मृत्युको सन्दर्भको चर्चा कतै भएको पाइँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यापतिको आह्वानमा गङ्गाको आगमन : विद्यापतिसँग जोडिएको अर्को मिथक पनि छ । विद्यापति गङ्गाका अनन्य उपासक थिए । मिथिलामा मृत्युका समयमा गङ्गाघाट जाने र त्यहीँ देहत्याग गर्ने परम्परा छ । वृद्धवृद्धाहरू अझै पनि यो परम्परा निर्वाह गर्ने प्रयास गर्छन् । विद्यापति पनि यो परम्परा निर्वाह गर्न चाहन्थे । गङ्गास्नानका लागि जाने तीव्र इच्छा थियो तर शारीरिक अशक्तताका कारण उनी गङ्गाघाट जान असमर्थ थिए । उनले गङ्गालाई आह्वान गरे । अनुनय-विनय गरे । स्तुति गरे । उनको स्तुतिबाट प्रसन्न भई आफ्नो बाटो परिवर्तन गरी गङ्गा विद्यापति भएको ठाउँमा आएको जनविश्वास छ । पछि पुनः गङ्गाको धार स्वाभाविक रूपमा परिवर्तन भएको मान्निछ ।

विद्यापतिले रोके सामाजिक पलायन : विद्यापतिसँग जोडिएको अर्को सन्दर्भ पनि छ । विद्यापतिकालीन मिथिलामा बौद्ध धर्मको प्रभाव विस्तार भइरहेको थियो । राजनीतिक सङ्क्रमणका कारण मिथिला समाज निरास मनोदशामा थियो । कुण्डल र कमण्डलधारीको बोलवाला थियो । मिथिलावासी बौद्ध धर्मबाट प्रभावित भई गार्हस्थ्याश्रम त्याग गरिरहेका थिए । यो अवस्था भनेको मिथिलाको पुनर्निर्माणका लागि भयावह थियो । यो अवस्थालाई रोक्नु जरुरी थियो । यस्तोमा मिथिला समाजलाई जोड्न स्थानीय बासिन्दामा जीवनप्रतिको मोह उत्पन्न गर्नु जरुरी थियो । विद्यापतिले यो कुरालाई दृष्टिगत गरी राधा र कृष्णलाई प्रतीक बनाई शृङ्गारमा आधारित रङ्ग-रागका गीत रचना गर्न थाले । यी गीतको रचनाको उद्देश्य आम व्यक्तिमा रङ्ग-रागको भाव उत्पन्न गरी विरक्तिएकाहरूलाई जीवनप्रति संवेदनशील बनाउनु अर्थात् जीवनप्रति आसक्ति जगाउनु थियो । उनी यो प्रयासमा सफल पनि भएको विश्वास गरिन्छ । रङ्ग-रागयुक्त शृङ्गाररसका यस्ता गीतबाट प्रभावित भई स्थानीय बासिन्दा घर फर्किन थाले । विद्यापतिले आफ्नो रचनाको प्रभावबाट सामाजिक पलायन रोकेको विश्वास गरिन्छ । फलतः मिथिलामा बौद्ध धर्मको प्रभाव विस्तार हुन सकेन । यही कारण हो, मिथिला बौद्ध प्रभावित क्षेत्रबाट पूर्णतः घेरिंदा पनि यहाँ बौद्ध धर्मको प्रभाव खासै पाइँदैन ।

वैद्यनाथको दर्शन गर्न निषेध : अयाची मिश्र अर्थात् भवनाथ मिश्रका खान्दानका व्यक्तिहरू देवघरस्थित बाबा वैद्यनाथको दर्शन गर्दैनन् । यसका पछाडि एक कारण उल्लेख गर्ने गरिएको छ, निःसन्तान भवनाथ मिश्रका पुत्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शङ्कर (जसले उपनिषद् लेखेका थिए ।) का रूपमा बाबा वैद्यनाथले स्वयं जन्म लिएका थिए । भवनाथ मिश्रलाई पुत्रप्राप्तिको वरदान दिंदा बाबा वैद्यनाथले बाचा गराएका थिए कि तिमीलाई सन्तानको सुख लेखेको छैन तर तिम्रो श्रद्धाभाव देखेर म स्वयं तिम्रो पुत्रका रूपमा जन्म लिनेछु तर आजपछि तिम्रो परिवारका कुनै पनि सदस्यले मेरो दर्शन गर्ने छैनन् । (द्रष्टव्य, मैथिलीका महान् साहित्यकार डा.धीरेन्द्रकी धर्मपत्नीका खान्दान, जो आफूहरूलाई भवनाथ मिश्रका वंशज ठान्दछन्, का कुनै पनि व्यक्ति वैद्यनाथधाम जाँदैनन् ।)

शुकदेवमुनिको शुकदेव सर : महोत्तरी जिल्लाको सुगाभवानीपट्टि गाउँमा शुकदेव सर अवस्थित छ । त्रेताकालमा मिथिलामा शास्त्रार्थका लागि आएका शुकदेवमुनिले यहाँ विश्राम गरेको किंवदन्ती अस्तित्वमा छ ।

सखडामा फूलहेस : राजविराजबाट करिब दश किलोमिटर पश्चिम दक्षिणमा अवस्थित छ सखडा गाउँ । यहाँ छिन्नमस्ता भगवतीको जाग्रत् स्वरूप स्थापित छ भन्ने विश्वास गरिन्छ । पवित्र मनले भाकल मान्दा जस्तोसुकै मनकामना पूर्ण हुने विश्वास गरिन्छ । यसै सन्दर्भमा फूलहेसको महत्त्व छ । फूलहेसको सामान्य अर्थ हो भगवतीलाई चढाइएको फूल भक्तका सामु प्रसादका रूपमा खस्नु । स्थानीय स्तरमा मान्यता छ कि, जब कुनै भक्तले कुनै मनकामना राखी देवीको प्रतिमासामु करबद्ध भई उभिएर प्रार्थना गर्दछन् तब देवीले उसको प्रार्थना स्वीकार गरी आफ्नो शरीरमा चढाइएको फूल झार्छिन् र प्रार्थना स्वीकार गरिएको जनाउ दिन्छिन् । यो फूल भक्तले प्रसादका रूपमा ग्रहण गरी बडो जतनका साथ राख्ने गर्दछन् । मान्यताअनुसार जब देवीको शरीरबाट फूल झर्दैन भने देवीले उक्त भक्तको प्रार्थना स्वीकार नगरेको मानिन्छ । मन्दिर गएर फूलहेसको प्रक्रिया हेर्दा आश्चर्यजनक अवस्था देख्न सकिन्छ । कुनै भक्तले चढाएको फूल देवीको शरीरबाट तत्काल झरेको देख्न सकिन्छ भने कुनै भक्तले चढाएको फूल दिनभरि कुर्दा पनि देवीको शरीरबाट झर्दैन ।

सङ्ग्रामपुरमा रामको वरियाँत : त्रेताकालमा भएको रामजानकीको विवाहका सम्बन्धमा सर्लाहीसँग पनि एक मिथक जोडिएको छ । सर्लाहीको सदरमुकाम मलङ्गवाबाट करिब तेह्र किलोमिटर पूर्वमा सङ्ग्रामपुर भन्ने स्थान छ । विवाहका लागि अयोध्याबाट जनकपुरतर्फ प्रस्थान गरेको रामको वरियाँती (जन्ती)ले नेपाल–भारत सीमाक्षेत्रमा अवस्थित यस ठाउँमा रात बिताएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वास गरिन्छ। एक रात यहाँ बिताएर भोलिपल्ट रामको वरियाँत जनकपुर पुगेको थियो। यसपछि नै राम र जानकीको विवाह भएको विश्वास गरिन्छ।

संसारीमाईमा सातवर्षे पूजा : जलेश्वरमा रहेको वरुण सरोवरको पूर्वी किनारमा जलेश्वरकी कुलदेवी संसारीमाईको मन्दिर छ। प्रत्येक सात वर्षमा यहाँ महापूजा लाग्ने गर्दछ। महापूजाका बेला जलेश्वरमा बसोबास गर्ने प्रत्येकको घरवाट एउटा जनावरको बलि अनिवार्य चढाउनैपर्ने परम्परा छ। देवीको मूर्ति काठको आकृतिमा वनाइएको छ। मन्दिरमा छाना लगाए अनिष्ट हुने जनविश्वासका कारण पर्खालको घेरा मात्र लगाइएको छ।

सर्लहिया देवीको सर्लाही : पूर्वपश्चिम राजमार्गको नवलपुरवाट मलङ्गवा जाने सडक खण्डमा सलेमपुर भन्ने स्थान पर्दछ। यही सलेमपुरवाट करिव दश किलोमिटर पश्चिममा पर्दछ हेमपुर। यस हेमपुरमा सर्लहिया देवीको मन्दिर छ। स्थानीय जनविश्वासअनुसार यही सर्लहिया देवीको नामबाट सर्लाही जिल्लाको नामकरण भएको हो। स्थानीय मान्यताअनुसार त्यस ठाउँमा विगतमा ठुलो जङ्गल थियो। एक दिन त्यही जङ्गलको बाटो कतै यात्रा गर्दै गरेका किसान एक ठाउँमा विश्राम गर्दागर्दै निदाउन पुगे। निन्द्रामा उनलाई एक देवीले दर्शन दिँदै आफू सर्लहिया देवी भएको वताइन्। उनले सपनामा किसानलाई एक ठाउँको जानकारी गराउँदै आफ्नो मूर्ति त्यहाँ गाडिएको वताइन् र उत्खनन गरी मूर्ति स्थापित गर्न अराइन्। सपना हेर्नेबित्तिकै निन्द्रावाट विउँझिएका किसानले देवीले बताएको ठाउँमा गएर खन्दा साँच्चीकै एक मूर्ति भेटियो। पछि उक्त मूर्ति त्यहीं स्थापित गरी एक मन्दिर निर्माण गरियो। यो मन्दिरसँग जोडिएको अर्को जनविश्वास पनि छ, सूर्योदयपछि उक्त मन्दिर जान वर्जित छ।

सलहेस–माञ्जरी विवाह : सलहेसका सम्वन्धमा प्रचिलत एक मान्यताअनुसार कुस्तीवाज (पहलवान)सलहेस पकडिया गढका राजा कुलेश्वर सिंहका चौकीदार थिए। आजको सन्दर्भमा चौकीदारको अर्थ सर्वोच्च कमान्डरका रूपमा लगाउन सकिन्छ। कुलेश्वर सिंहकी अत्यन्त रूपवान् छोरी चन्द्रावती थिइन्, जो जादु विद्यामा पारङ्गत थिइन्। तन्त्रमन्त्रमा निपुण राजकुमारी चन्द्रावती सलहेससँग विवाह गर्न चाहन्थिन्। उनले अनेकौं पटक सलहेससँग विवाहको प्रयत्न गरे पनि सफल भइनन् भन्ने विश्वास गरिन्छ। सलहेसको विवाह विराट राजाकी छोरी सीता माञ्जरीसँग भएको मानिन्छ। माञ्जरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि सिद्ध जादुगर्नी थिइन् । विराट राजाको दरवारमा वज्रनामक पहलवान भारदार थिए । विराट राजाले एक कुस्ती प्रतियोगिताको आयोजन गरे र जसले वज्रलाई पराजित गर्छ उसैसँग छोरी मान्जरीको विवाह गर्ने उद्घोष गरे । यस प्रतियोगितामा सलहेसलगायत अनेकन् पहलवानले प्रतिस्पर्धा गरे । अन्त्यमा सलहेसले वज्रलाई पराजित गरी सती मान्जरीसँग विवाह गरेको विश्वास गरिन्छ ।

सलहेसको पूजा : चुहडमलसँगको पहिलो युद्ध : छिमेकी राज्यको चुहडमलले पकडिया गढमाथि आँखा गाडेको निकै भएको थियो तर उसले पकडियालाई नियन्त्रणमा लिन सकेको थिएन । यसै सन्दर्भमा सलहेस र चुहडमलविच दुई पटक युद्ध भएको मानिन्छ । पहिलो युद्धको सन्दर्भ हो, चुहडमलले आफ्नो समर्थकको सहयोगमा पकडियामाथि आक्रमण गऱ्यो । सलहेसले पनि आफ्नो जत्थाका साथ चुहडमलको प्रतिकार गरे । दुवैविच घमासान युद्ध भयो । चुहडमल पराजित भयो । त्यस वखत एक नियम थियो, युद्धरत दुवै पक्षको नेताबिच मल्लयुद्ध हुन्थ्यो । मल्लयुद्धमा जुन पक्षको नाइके विजयी हुन्थ्यो सम्पूर्ण युद्धमा त्यही पक्ष विजयी मानिन्थ्यो । चुहडमलले सर्त राख्यो, मलाई पराजित गरे मात्र दुसाधजातिमा सलहेसको पूजा हुनेछ । यता सलहेसले चुनौती स्विकार्दै भने, म पराजित भएँ भने पकडिया राज्य चुहडमललाई दिन्छु । दुवैले दुवैको प्रस्ताव र चुनौती स्वीकार गरे । दुवैविच घमासान मल्लयुद्ध भयो । अन्ततः सलहेस विजयी भए । यसपछि नै दुसाध समुदायमा सलहेसको पूजाको प्रचलन प्रारम्भ भएको मानिन्छ ।

सलहेस : बन्दीगृहमा : सलहेससँग पराजित भएपछि चुहडमलले युद्धको गोप्य योजना बनाउन थाल्यो । चुहडमलले पकडियागढकी राजकुमारी चन्द्रावतीको अपहरण गर्ने र राज्यकोष लुट्ने योजना बनाउन थाल्यो । प्रत्यक्ष युद्धमा पराजित भएपछि चुहडमलले चोरी र धुर्त्याइँको सहारा लिने योजना बनायो । चुहडमलले मुकामाघाटवाट पकडिया गढसम्म सुरुङको निर्माण गरी चोरीको योजनलाई मूर्तरूप प्रदान गर्ने निर्णय गऱ्यो । अर्कोतिर उसले युद्धको जत्था पनि तयार गऱ्यो । सलहेस पकडिया गढका चौकीदार पहरेदार थिए । चुहडमल आफ्नो योजनामा सफल रह्यो । उसले चन्द्रावतीको अपहरण पनि गऱ्यो र राज्यकोष पनि चोऱ्यो । पहरेदारको नाताले यसको सुरक्षाको जिम्मेवारी सलहेसको थियो । उनले यो सवै कार्य चुहडमलले गरेको थाहा पाए । दुवैविच पुनः घमासान युद्ध भयो । यो युद्ध भएको स्थान हालको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चोहडवा चोकनजिक पर्छ भन्ने विश्वास गरिन्छ। चुहडसँग भएको युद्धकै आधारमा यो स्थानको नाम चोहडवा रहने गएको मानिन्छ। यस युद्धमा विजयी त सलहेस भए तर चुहडमलले तत्काललाई चोरीको दोष सलहेसमाथि लगायो र राजाले यो कुरा पत्याएर सलहेसलाई केही समय वन्दीगृहमा राख्ने सजाय पनि दिए। पछि सलहेसकी प्रेमिका दिना मालिनीले राजालाई अनुनय-विनय गरी सलहेसलाई वन्दीमुक्त वनाइन्।

सलहेसको प्रिय फूल कमल दहमा : यो दह पकडिया गढसँगै जोडिएर रहेको छ। यो दहमा स्तरीय र सुन्दर कमलको फूल फुल्ने गर्दछ। यस क्षेत्रमा के विश्वास गरिन्छ भने सलहेस कमलको फूलको निकै सोखिन थिए र उनी यही दहवाट टिपिएको कमल महिसौथा गई राजमाता र कमलाजीलाई चढाउँथे।

सलहेसका अनेक प्रसङ्ग : सलहेसका सन्दर्भमा अनेक चर्चित प्रसङ्ग छन्। उनी वलशाली पहलमान थिए। कुशल योद्धा थिए। चतुर चलाक थिए। उनको गाथाको अध्ययन गर्ने हो भने सन्दर्भवश विभिन्न स्थानको चर्चा पाइन्छ। प्रत्येक स्थानका पछाडि स्थानीय विश्वास वा मिथक रहेको पाउन सकिन्छ। यहाँ त्यस्तै केही स्थानको चर्चा गर्ने प्रयत्न गरिएको छ।

सलहेस फूलबारीमा एकदिने मेला : सलहेस गाथामा वर्णित स्थान हो फूलवारी। यो अहिले फूलबारीधाम अर्थात् पवित्र तीर्थस्थलका रूपमा स्थापित छ। लहान वजारबाट करिब चार किलोमिटर पश्चिममा परडियानजिकै पूर्वपश्चिम राजमार्गभन्दा एक किलोमिटर दक्षीणमा यो पवित्र स्थल अवस्थित छ। करिब नौ बिघा जग्गामा यो फूलबारी गोलाकार रूपमा घना जङ्गलको स्वरूपमा फैलिएको छ। किंवदन्तीअनुसार यो स्थान सलहेसको समयमा सलहेसको कुस्ती खेल्ने अखडाका रूपमा पनि स्थापित थियो। यस फूलबारीमा सलहेसको मन्दिर, दिना मालिनीको मन्दिर, मोतीरामको सिलहट अखाडा आदि प्राचीन सांस्कृतिक र पौराणिक महत्त्वका स्थानहरू छन्। यहाँ प्रत्येक वर्षको वैशाख १ गते भव्य मेला लाग्ने गर्दछ। त्यसो त यो मेला यहाँ एक दिन मात्र लाग्ने गर्दछ तर त्यही एक दिनमा नेपाल र भारतका थुप्रै ठाउँका श्रद्धालुको ठुलो जमघट लाग्ने गर्दछ। कुसमा, जसलाई दौना वा दिना मालिनीका रूपमा चिनिने गरिन्छ र सलहेसविचको प्रगाढ प्रेमको प्रतीक स्थलका रूपमा यो फूलबारी चर्चित छ। अनेकौं अतिक्रमणको सिकारको वावजुद यो स्थलले सानै रूपमा भए पनि आफ्नो अस्तित्व जोगाएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस वाटिकामा पानीका अनेकौं मुहान र महत्त्वपूर्ण वनस्पतिहरू पाइन्छन्। यस वाटिकाको महत्त्वपूर्ण पक्ष हो, यहाँको एक मात्र रूखमा फूलको माला देखिनु, त्यो पनि एक दिन मात्र। प्रत्येक वर्षको वैशाख १ गते यस वाटिकाको एक रूखमा बडो आकर्षक पुष्पमाला देखिन्छ। यस्तो लाग्दछ, जस्तो कसैले वाहिर माला उनेर रूखमा गएर झुन्ड्याइदिएको होस्। चैत मसान्तमा रूखमा फूलका कोपिलाहरू देखिन्छन् र वैशाख १ मा तिनै कोपिलाहरू मालाका रूपमा फूल्छन्। वैशाख २ गते माला ओइलाएर झर्ने गर्दछ। फूल फुल्ने यही दिन अर्थात् वैशाख १ गते यहाँ भव्य मेला लाग्ने गर्दछ। स्थानीय बासिन्दा माला फुल्ने यो रूखलाई हारमको रूख भन्छन्। विज्ञका अनुसार यस रूखमा फुल्ने फूल एक प्रकारको सुनाखरी अर्थात् अर्किड हो तर यो जङ्गल, रूख र फूलवारे यथेष्ट अनुसन्धान हुन सकेको छैन। स्थानीयहरू फूल र मालाको सन्दर्भलाई सलहेस गाथासँग जोड्ने गर्दछन्। उनीहरूका अनुसार सलहेसको प्रेममा पागल बनेकी, जसको विवाह सलहेससँग हुन सकेन, कुसमा अर्थात् दिना मालिनी सलहेसको खोजी गर्दै प्रत्येक वर्षको वैशाख सङ्क्रान्तिमा फूलबारी अर्थात् सलहेस अखडामा फूलका रूपमा त्यहाँ आउँछिन् र प्रेमको प्रतीक माला त्यहाँ छोडेर जान्छिन्। वास्तवमा एक दिन मात्र फुल्ने फूलको रहस्यको अन्वेषण हुनु आवश्यक छ। अन्वेषण नभई तथ्य सार्वजनिक नहुन्जेलसम्म यो प्रसङ्गले आध्यात्मको महत्त्व प्राप्त गरि नै रहनेछ। जे होस्, यो स्थान अहिले प्रेमीप्रेमिकाको मिलन केन्द्रका रूपमा स्थापित हुँदै छ। यो फूलवारीलाई राजा फूलबारी पनि भनिन्छ।

सामा–चकेवा : सामा–चकेवा मिथिलामा प्रचिलत एक मुख्य पर्व हो। दाजुभाइ–दिदीबहिनीबिचको यो प्रेमपर्वका बारेमा पनि यस क्षेत्रमा एक जनविश्वास कायम छ। बहिनीका लागि दाजुले देखाएको पराक्रमको कथाको वर्णन हो यो पर्व। यस पर्वसम्बन्धी वर्णन पद्मपुराणमा गरिएको छ। यस पुराणअनुसार राजा कृष्णकी छोरी थिइन् श्यामा। श्यामा चारुवक्यनामक ऋषिकुमारसँग प्रेम गर्थिन्। यो कुरा एक जना दरवारी चुडकले थाहा पाए। चुडकले यो कुरा बढाइचढाइ गरेर राजालाई सुनाए। चुडकको कुरा सुनेर रिसाएका राजाले आवेगमा छोरीलाई श्राप दिए। श्रापित श्यामा चरा बन्न पुगिन्। श्यामाको अवस्था देखेर आफ्नो तप वलबाट चारुवक्य पनि चरा बन्न पुगे। चखेवा–चखेवीका रूपमा दुवै जना वृन्दावनमा बस्न थाले। तर पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चुडकलाई सन्तोष भइरहेको थिएन । उनलाई सह्य भएन । उसले वृन्दावनमा आगो लगाइदियो । यसैबिच राज्यभ्रमणमा गएका श्यामाका दाजु राजकुमार शाम्व फर्केर आए । शाम्वलाई सवै विषयमा जानकारी प्राप्त भयो । उनले तपस्या गरी श्यामा र चारुवक्य दुवैलाई मनुष्य वनाइदिए । त्यही बेलादेखि यो पर्व मनाउन थालिएको विश्वास गरिन्छ ।

सीता उठाउँथिन् शिव धनुष : राजर्षि जनक (शिरध्वज) पुत्री सीताले, जनकको दरवारमा परशुराम ऋषिले संरक्षित गर्न राखेको भगवान् महादेवको धनुष (शिव धनुष) उठाएर भुइँ सफा गरेको विश्वास गरिन्छ । यो धनुष जस्तै वीरले पनि हल्लाउन उठाउन सक्दैनथे भन्ने मान्यता छ ।

सीता स्वयंवरको आयोजन : सीताले शिव धनुष उठाएको देखेपछि शिरध्वजले सो धनुष उठाई जसले त्यसमा प्रत्यञ्चा चढाउँछ उसैसँग पुत्री सीताको विवाह गर्ने उद्घोष गरी सीता स्वयंवरको आयोजना गरेको मानिन्छ । त्यस स्वयंवरमा समकालीन राज्यका राजकुमारलगायत त्यस वेलाका विश्वका थुप्रै पराक्रमी पुरुषहरूको सहभागिता थियो । उक्त स्वयंवरमा लङ्काका राजा महावीर पराक्रमी रावणको पनि उपस्थिति थियो भन्ने विश्वास गरिन्छ ।

सीता र हनुमान्बिच मातृभाषामा संवाद : सीतालाई जङ्गलवाट रावणले हरण गरी लङ्का पुऱ्याएपछि उनको खोजी कार्य तीव्र भयो । यसै सन्दर्भमा सीताको खोजीमा व्यस्त श्रीरामको खेमामा सीता लङ्कास्थित रावणको दरबारको अशोकवाटिकामा रहेको जानकारी प्राप्त भयो । तर उनी सीता नै हुन् कि होइनन् भन्ने कुराको निश्चय कसरी गर्ने भन्ने समस्या पऱ्यो । यस्तोमा एक उपाय निकालियो । सीताको खोजीमा लङ्का जाने तयारीमा रहेका हनुमान्लाई सीताको मातृभाषामा कुरा गर्न सल्लाह दिइयो । सूक्ष्म रूपमा अशोकवाटिका पुगेका हनुमान्ले सीतासँग उनको मातृभाषा अर्थात् मैथिलीमा कुरा गरे । सीताले हनुमान्सँग मैथिलीमै कुरा गरेपछि हनुमान् उनी सीता नै भएको कुरामा विश्वस्त भए ।

सिम्रौनगढमा डढेको धान : मध्यकालीन मिथिलामा कर्णाटवंशीहरूको शासन थियो । तेह्रौं-चौधौं शताब्दीमा मिथिलामा कर्णाटवंशी राजा नान्यदेवको शासन थियो । राजधानी थियो सिम्रौनगढ । सिम्रौनगढ हाल नेपालको बारा जिल्लामा पर्दछ । मध्यकालीन सभ्यताको केन्द्रका रूपमा विकसित सिम्रौनगढ प्राकृतिक रूपमा जति सुन्दर थियो आर्थिक रूपले पनि त्यतिकै सम्पन्न थियो । तर सभ्यताको यो केन्द्र कालान्तरमा नासिन पुगेको इतिहास साक्षी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । सिम्रौनगढमा अहिले पनि दरबारको भग्नावशेष छ, जो क्रमशः नष्ट भइरहेको छ । यही दरबारको प्राङ्गणमा अहिले पनि डढेको जस्तो देखिने धानको आकारको सामग्रीको थुप्रो देख्न सकिन्छ । स्थानीयका अनुसार यो थुप्रो धानकै डढेको अवशेष हो । स्थानीय बासिन्दाका अनुसार मुस्लिम विस्तारवादी शासक गयासुद्दीन तुगलकले यहाँ आक्रमण गरेको थियो । त्यही आक्रमणका क्रममा आगजनी पनि भएको थियो । आगजनी हुँदा भर्खरै काटिएका धान, जो दरबार परिसरमा थुपारिएको थियो, डढेर नष्ट भयो । त्यही डढेको धानको अवशेष अहिले पनि सिम्रौनगढ दरवार परिसरमा रहेको विश्वास गरिन्छ । तर व्यावहारिक रूपमा हेर्ने हो भने शताब्दियौँ बितिसक्दा पनि डढेको धानको अवशेष अहिलेसम्म पनि ररिरहने कुरालाई विश्वसनीय मान्न सकिन्न । यस आधारमा यस कालो थुप्रोको थप अनुसन्धान हुनु जरुरी छ ।

सुगन्धहीन बासमती : मिथिलाको प्राचीन राजधानी जनकपुरधाम र प्राचीन मिथिलाको अन्तर्गृही परिक्रमा क्षेत्रभित्र बासमती चामल पकाउँदा वास्ना आउँदैन भनिन्छ । त्यस्तो चामल पकाउँदा बास्ना सीता मातालाई समर्पित हुने विश्वास छ ।

सूर्योपासना छठको प्रारम्भ मिथिलाबाट : मूलतः सूर्योपासनासँग सम्वन्धित छठपर्व मिथिलाबाट प्रारम्भ भएको विश्वास गरिन्छ । यस पर्वमा सूर्यको उपासना गरी तिनैको पूजाअर्चना गरिन्छ । शास्त्रीय मान्यताअनुसार यो पर्व कात्तिक शुक्ल षष्ठीको तिथिमा मनाइन्छ । यसलाई प्रदोश षष्ठी पनि भनिन्छ । मिथिलाञ्चलको महापर्व भनेर चिनिने छठ पर्व "दशैं सोरहे सुकराति, सुकराति छब्बे छैठ" अर्थात् विजयादशमीको सोह्रौं दिनमा पर्ने तिहार र तिहारको छैटौं दिनमा छठ मनाइने गरिन्छ । शरद् ऋतुको जाडो र गर्मीको मिश्रित समयमा कार्तिक शुक्ल षष्ठीको बेलुका अस्ताउँदो र त्यसको भोलिपल्ट उदाउँदो सूर्यलाई अर्घ्य दिई यो पर्व मनाइने गरिन्छ । अस्ताउँदो सूर्यलाई छठी मईया तथा उदाउँदो सूर्यलाई दिनकर भनी यो पर्वमा पूजा गर्ने गरिन्छ । यो पर्व कहिलेदेखि मनाउन सुरु गरियो त्यसको यकिन गर्न सकिएको छैन तर यस सम्बन्धमा एउटा मान्यता के छ भने पर्वको प्रारम्भ ऋषि याज्ञवलक्य र शिरध्वज जनकको दरबारको तत्परतामा भएको हो । याज्ञवलक्य ठुला तपस्वी थिए । उनले सद्ज्ञानका लागि मिथिला तपोवनमा सूर्यको उपासना गर्दै तपस्या गरे र सूर्यदेवबाट वरदान प्राप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरे। याज्ञवलक्यले सूर्यदेवबाट ज्ञान प्राप्त गरी यजुर्वेदको रचना गरेको दाबी गरिन्छ। उनले सूर्यदेवबाट ज्ञान प्राप्त गरेको दिन प्रदोस षष्ठी थियो। विश्वास गरिन्छ, याज्ञवलक्यले सूर्यबाट ज्ञानप्राप्त गर्नेबित्तिकै जलाशयमा प्रवेश गरी जल तर्पण गरी सूर्यदेवप्रति आभार व्यक्त गरेका थिए। यसपछि नै मिथिलामा छठ पर्वको प्रारम्भ भएको मानिन्छ। याज्ञवलक्यले सूर्यदेवको महिमाबारे शिरध्वजको दरबारमा चर्चा गरेपछि दरबारबाटै औपचारिक रूपमा छठपर्वको प्रारम्भ भएको हो। कालान्तरमा यो पर्वको विस्तार हुँदै गयो र आजको अवस्थासम्म पुग्यो। पछिल्ला दिनमा यो पर्व अत्रि ऋषिकी पत्नी, महाभारतकालमा द्रौपदी र कुन्तीले पनि मनाएको दावी गरिन्छ। सारमा मैथिल सभ्यताको प्रारम्भसँगै यो पर्व प्रचलनमा रहेको विश्वास गरिन्छ।

सोनामाईमा भूतप्रेत नियन्त्रण मेला : महोत्तरीको सदरमुकाम जलेश्वरदेखि ३२ कि.मि. उत्तर-पश्चिममा पर्ने जलेश्वर–बर्दिबास सडकखण्डको सोनामाई गाविस–२ भोईलस्थित सोनामाई मन्दिर अवस्थित रहेका छन्। यहाँ दशैंको सुरुआतसँगै बोक्सी, भूतप्रेत नियन्त्रण गर्ने मेला प्रारम्भ हुन्छ।

स्यालको बिहे : जेठ–असार महिनामा घाम लागेकै अवस्थामा जब बिनाबादल नै सानोसानो थोपामा पानी पर्दछ, तब केटाकेटी घामपानी–घामपानी स्यालको बिहे भन्दै खेल्न थाल्दछन्। मिथिलामा यस्तो स्थितिमा वस्त्र दान दिनुपर्ने मान्यता छ। मानिसले आफ्नो अङ्गमा पहिरिको वस्त्रको सूत निकालेर स्याललाई दान दिन्छन्। यो एक प्रकारको विश्वास हो। यो विधि अपनाइए बर्सिन नसकेको पानी बर्सिने विश्वास छ।

होलिका दहन : पापको अन्त्य : होली मिथिला क्षेत्रमा प्रचिलत महत्त्वपूर्ण पर्व हो। यस पर्वको प्रचलन प्रारम्भका सम्बन्धमा स्थानीय स्तरमा एक जनविश्वास छ। स्थानीय स्तरमा एक कथा प्रचिलत छ। एक समयमा हिरण्यकश्यप नाम गरेका एक राजा थिए। उनी निकै अत्याचारी र घमन्डी थिए। उनी आफूलाई भगवान् ठान्दथे। राजा हिरण्यकश्यपका एक छोरा थिए–प्रह्लाद। प्रह्लाद निकै दयावान र धार्मिक प्रवृत्तिका थिए। उनलाई भगवान्माथि बडो विश्वास थियो। उनी भगवान् विष्णुका भक्त थिए। छोरा विष्णुभक्त भएको बाबुलाई मन परेको थिएन। त्यसैले हिरण्यकश्यप प्रह्लादको दुस्मन बनेका थिए। छोरालाई वशमा पार्न र नियन्त्रणमा लिन राजाले निकै अत्याचार गरे। तर छोरा प्रह्लाद बाबुको अत्याचारबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डराएनन् बरु उनको भगवानप्रतिको आस्था र विश्वासमा अझै वृद्धि नै हुँदै गयो । उनी बाबुलाई भन्ने गर्थे, म तपाईंको कुरा मान्दिनँ । तपाईं ममाथि जस्तोसुकै अत्याचार गर्नुस् मेरो रक्षा भगवान् विष्णुले गर्नुहुनेछ । हिरण्यकश्यपले अनेकौं पटक छोराको हत्या गर्ने प्रयास गरे तर प्रत्येक पटक असफल रहे । एक पटकको कुरा हो, हिरण्यकश्यपले बहिनी होलिकाको सहयोगले छोरा प्रह्लादको हत्या गर्ने योजना बनाए । होलिकालाई आगोमा नजल्ने वरदान प्राप्त थियो । हिरण्यकश्यपले प्रह्लादलाई होलिकाको काखमा राखी आगो लगाइदिए । यसो गर्दा होलिका बाँच्ने र उनको काखमा रहेको प्रह्लादको मृत्यु हुने विश्वास हिरण्यकश्यपले गरेका थिए । तर आश्चर्य, हिरण्यकश्यपले विश्वास गरेको भन्दा ठिक विपरीत भयो । प्रह्लादलाई केही पनि भएन तर होलिका जलेर मरिन् । यो घटनापछि मिथिलासँगै सम्पूर्ण विश्वमा खुसियाली व्याप्त भयो । त्यसपछि नै होलिका दहन गरी हर्षोल्लासमा होली पर्व मनाउने परम्पराको प्रारम्भ भएको विश्वास गरिन्छ ।

विमलादेवीको मन्दिर : त्रिवणी जाने बाटोमा कोकचिया गिधावर भन्ने स्थान छ । थोरै पहाडी इलाकामा रहेको यस स्थानमा विमलादेवीको मन्दिर छ । भनिन्छ विमलादेवी सलहेसकी आमा मन्दोदरीकी अत्यन्त मिल्ने सखी थिइन् र उनको बसोबास यहीँ थियो । भनिन्छ, विमलादेवी सलहेसलाई निकै माया गर्थिन् । सलहेस पनि उनलाई सानीमा मान्दथे र भेट्न त्यहाँ गइरहन्थे । कालान्तरमा सलहेस गाथा चर्चित हुँदै गएपछि यो स्थान पनि चर्चामा आएको हो र यहाँ पूजाको परम्पराको सुरुवात भएको विश्वास गरिन्छ ।

❑

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

याक्खा

लिङ्खा लुङ : लंखा थरका याक्खा समुदाय र भगवान् घामबिच परेको बाजीको कथा। उहिले सत्ययुगमा भगवान् र मानिसबिच दोहोरो संवाद हुन्थ्यो। त्यस बखत याक्खाका विभिन्न थरहरूमध्ये लिङ्खा थरका मानिससँग भगवान् घामको बाजी खेल्ने निधो भयो। उनीहरूको बाजीको सर्त यदि लिङ्खाले बाजी जितेमा संसार लिङ्खाहरूको अधीनमा चल्नुपर्ने थियो र यदि घामले बाजी जितेमा घाम आफैँ भगवान् हुने र घामको अधीनमा संसार चल्नुपर्ने थियो। बाजीअनुसार लिङ्खाले घाम अस्ताएपछि घाम नझुल्किन्जेलसम्म प्रत्येक ढुङ्गामा प्वाल पारेर सक्दो धेरै गाईगोरुहरू बाँधिसकेमा लिंखाको जित हुने र घामको हार हुने थियो। घामले पनि उक्त समयमा संसार घुमिसकेमा घामको जित र लिङ्खाको हार हुने थियो। बाजीको समय सुरु भएपछि लिङ्खाले अनवरत जति सङ्ख्यामा गाईगोरु थिए, त्यति नै सङ्ख्यामा ढुङ्गामा प्वाल पारिसके। त्यसपछि ढुङ्गाको प्वालमा धमाधम दाम्लो राखेर एकएक गाईगोरु बाँध्न थाले। लिङ्खाले बाजी जित्नका लागि सक्दो छिटो गाईगोरु बाँधिरहेका थिए। गाईगोरु बाँधेर सक्ने वेलामा सिन्दूरे रङको नयाँ गोरु आइपुग्यो। उक्त गोरु बाँध्नका लागि लिङ्खाले हतारहतार ढुङ्गामा प्वाल पार्न थाले। प्वालमा दाम्लो राखेर गोरुलाई पटकपटक बाँध्ने प्रयास गरे, तर सकेनन्। उक्त गोरु छेक्दैमा बिहानीको कुखुराको भाले बास्न थाले। पूर्व दिशाबाट घाम झुल्किएर चारैतिर छ्याङछुङ उज्यालो भयो। लिङ्खाले नराम्रोसँग हार बेहोर्नुपर्‍यो र घामको जित भयो। बाजीको सर्तअनुसार घामले संसार चलाउन पाउने भयो र लिङ्खाले घामको अधीनमा बस्नुपर्ने भयो। यसरी हार भएकाले परापूर्वकालदेखि हालसम्म पनि लिङ्खाहरूले मूलढोका पूर्वतिर फर्काएर घर बनाउँदैनन्। त्यस्तै सिन्दूरे रङको सोभार्ने गोरु पनि कहिल्यै जोत्दैनन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसै गरी ढुङ्गा खोपेर जाँतोसमेत बनाउँदैनन् । चिहानमाथि ढुङ्गाको गारो लगाएर कपुरथान बनाउँदैनन् । लिङ्खा थरका याक्खाहरूले यदि उपरोक्त सबै कुराहरू गरेमा लिङ्खाहरूलाई भयङ्कर अशुभ हुन्छ भन्ने जनविश्वास याक्खा समुदायमा व्यापक छ । उहिले वाजीमा लिङ्खाले प्वाल पारेको ढुङ्गा अझसम्म पनि धर्मदेवी नगरपालिकाअन्तर्गत माम्लिङ गाउँमा अद्यावधिक छ । यस मिथकको आधारमा लिङ्खा थरका याक्खाहरूको उत्पत्तिस्थल पनि यही माम्लिङ गाउँलाई नै मानिन्छ । यही गाउँवाट नै लिङ्खा तुमोक, आँखीभुइँलगायतका गाउँहरूमा गएका हुन् भन्ने याक्खा बुढापाकाहरूको भनाइ पाइन्छ ।

वागुमा : चिलले आकाशवाटै चल्लालाई झम्टने र वागुमाले केही खोजेजसरी माटो खस्रिरहने कथाको मिथक । उहिले धेरै थरीका चराचुरुङ्गीहरू एकै ठाउँमा मिलेर बस्थे । एक दिन ती चराहरूबिच कोचाहिँ छिटो उड्न सक्छ भन्ने होडबाजी चल्यो । त्यो होडवाजीमा भाग लिने चराहरूमा ढुकुर, काग, जुरेली, वेसारे, गौँथली, लामपुच्छ्रे र चिल थिए । उनीहरूको होडवाजीको दिन पनि आयो । त्यस होडमा सानोमा गौँथलीदेखि ठुलोमा चिलसमेतले भाग लिए । चिल होडवाजीमा भाग लिन जाँदाजाँदै ढिलो भयो । चिलले एउटा राम्रो सुनको औँठी पनि लगाएको थियो । जाँदाजाँदै वाटोमा चिलले होडवाजी हेर्न भनी जाँदै गरेको वागुमा (पोथी कुखुरा)लाई भेटचो र सँगै गए । होडबाजीमा सबै चराहरू तम्तयार भइसकेका थिए । चिलले पनि आफूलाई तयार गर्न थाल्यो । उसले होडबाजीमा तयार हुने सबै चराहरूलाई एक पटक हेऱ्यो । सबै चराहरू आफूभन्दा साना भारेभुरे देख्यो । त्यही भएर उसले घमन्डका साथ आफ्नो पखेटा जोडले फटफटाउदै भन्यो- "यी भाराभुरेहरूलाई त म छिटो उडेर जितिहाल्छु नि ।" त्यसपछि हराउँछ भनेर सुनको औँठीअघि बाटोमा भेटेको वागुमालाई वोक्न दियो । उड्ने होडबाजी सुरु भयो । आफ्नो शक्तिले भ्याइन्जेल सबै चराहरू उड्न थाले । होडवाजी हेर्न चराहरूको भीड लागेको थियो । वागुमा पनि अत्यन्त उत्साहित भएर चराहरूको होडवाजी हेरिरहेको थियो । वागुमाले रहोस्सिएर कुनचाहिँले जित्दो रहेछ भन्दै चिलले वोक्न दिएको औँठी माटोमा पुरेर अलि परसम्म हेर्न गयो । उडेर गएका चराहरू सबै फेरि फर्केर आए । खुब घमन्ड गर्ने चिल भने सबैभन्दा पछि पऱ्यो । सबभन्दा सानो चरो गौँथली पहिलो भयो । सबभन्दा ठुलो भनेर मै हुँ भन्ने घमन्डी चिल अँध्यारो मुख पार्दै वागुमाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छेउमा आयो र औँठी माग्यो । वागुमाले कसले चराहरूको होडवाजी हेर्ने सुरमा औँठी राखेको ठाउँ नै भुसुक्कै बिर्सेछ । सम्झेजति सबै ठाउँमा माटो भुतभुत्याउँदै खोज्दा पनि औँठी भेटिएन । होडवाजीमा हारेको र औँठी पनि हराएको झोकमा चिललाई सारै रिस उठ्यो र वागुमालाई भन्यो- "हेर, मलाई जहिलेसम्म मेरो औँठी फिर्ता गर्दैनौ त्यतिन्जेलसम्म म तिम्रा चल्लाहरूलाई खोजीखोजी टिपेर खाइदिन्छु ।" वागुमाले कति खोज्दा पनि औँठी नभेटेपछि मर्नु भयो । यस मिथकअनुसार अहिलेसम्म पनि वागुमाले हराएको चीज खोजेझैँ जहाँ माटो भेट्छ त्यहीं माटो खोस्रन थाल्छ । त्यसै गरी चिलले पनि कुखुराको चल्लाहरू आकाशबाटै खोजीखोजी टिपेर खाइदिने गर्छ ।

छाला पाअ्वा (कुवाक्) : छाला पाछ्राका किरात याक्खा समुदायको उत्पत्तिको रोचक कथा । उहिले सिकारी युगमा याक्खा गाउँ तुमोकमा सबभन्दा पहिला कायोङ्वा र लिङ्खा थरका याक्खाहरू बस्ने गर्दथे । उनीहरू दिनहुँ जस्तो सिकार खेल्न जान्थे । उनीहरू कहिले तुमोक गाउँवरिपरिको जङ्गल त कहिले तेल्लुकको जङ्गल, कहिले वालेङ ज़ङ्गलमा सिकार खेल्न जान्थे । सिकार खेल्न जाँदा उनीहरू प्रायः तेल्लुकको बाटो हुँदै जान्थे । त्यो बाटोमा एउटा पाअ्वा (कुवा) थियो । ती याक्खाहरू कहिले सिकार खेल्न जाँदै गर्दा, कहिले सिकार खेलेर घर फर्किंदै गर्दा कुवामा दुई जना नाङ्गेभुतुङ्गे पिच्छ्रा (साना फुच्चे केटा)हरू खेलिरहेका हुन्थे । यदि घर फर्किंदा देखा परेमा खास केही हुँदैनथ्यो, तर जाँदा ती बच्चाहरू देखा परेमा पटक्कै सिकार पर्दैनथ्यो । सधैँझैँ ती सिकारीहरू सिकार खेल्न जाँदै थिए, तर सिकार भने पटक्कै पर्दैनथ्यो । एक दिन ती दुई सिकारी कोयोङ्वा र लिङ्खाले ती दुई पिच्छ्राहरूकै सिकार गर्ने सलाह गरे । उनीहरूको सल्लाहअनुसार सिकार गर्न जाँदा सोचेजस्तै ती पिच्छ्राहरू नाङ्गेभुतुङ्गे कुवामा खेलिरहेका भेटिए । लिङ्खाले ती दुई वालकहरूलाई निसाना बनाएर धनु तन्काउन मात्र के लागेको थियो, ठिक त्यसै बेला कोयोङ्वाले लिङ्खालाई रोक्यो र भन्यो- "यी पिच्छ्राहरूलाई त मार्नुभन्दा पक्रेर घरमा लैजानुपर्छ ।" नभन्दै ती पिच्छ्राहरूलाई उनीहरूले पक्रन खोज्दा सजिलै माने । उनीहरूले ती केटाहरूलाई घरमा लिएर आए । घरमा ल्याएर ती पिच्छ्राहरूलाई अभुर छोप्ने लुगा र अघाउजी खाने कुराहरू दिए । ती पिच्छ्राहरू पेटभरी वा अघाउँजी खाना खान दिंदा खुसी हुन्थे । खाना थोरै दियो भने रिसाएझैँ गरेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्कोतिर फर्केर बस्थे । उनीहरूले मान्छेको मुख हेर्दैनथे । उनीहरू हिक्लिक हिङ्मा गर्थे । अझै पनि गाउँमा याक्खा बुढापाकाहरूले छालाहरूलाई हिक्लिक्पाहरू भनेर सम्बोधन गर्ने गर्छन् । याक्खाजातिमा सबैभन्दा पछि देखा परेका छाला थरका याक्खाहरू हुन् भन्ने कथन पाइन्छ । ती पिच्छाहरूको एउटाको नाम धोई र अर्कोको नाम कान्ठा थियो । उनीहरू मुक्थुप्लाङबाट बेपत्ता भई त्यस कुवामा लुक्न आएका थिए भन्ने कथन छ । पहिले फारोक (भ्यागुतो)को रूपमा धेरै समय बिताएको र पछि तिनीहरू मानिसको रूपमा फेरिएपछि राती राती कुवाको छेउको ओडारमा सुत्ने गर्थे । कोयोङ्वा र लिङ्खाले ती दुई बालकहरूलाई छाला थरका याक्खा बनाए भन्ने मिथक याक्खा जनमानसमा रहेका छ । याक्खा पाघेम माघेमहरूको भनाइअनुसार याक्खाजातिका सबभन्दा कान्छो थर छाला हो भन्छन् । यस मिथकमा उल्लिखित छाला कुवा साबिक दश मझिया थुम हाल धर्मदेवी नगर पालिका वडा नं. १ याक्खा गाउँ तेल्लुकको पुच्छरमा अवशेष छ । त्यो कुवामा कुन हिउँद कुन वर्षा निरन्तर पानी रहिरहन्छ । अहिलेका छाला थरका याक्खाहरूको उत्पत्तिस्थल नै यही छाला कुवालाई मान्छन् । छाला थरका याक्खाहरूको उत्पत्तिसम्बन्धी इतिहास यसै कुवासँग सम्बन्धित रहेको छ ।

छेब्युक न्वाक : अत्यन्तै च्याउ मन पराउने एक किराती आमाले आफ्नी छोरीलाई च्याउसँग साटिपठाएपछि परेको वेदनापूर्ण पश्चात्तापको कथा । उहिले एक किराती गाउँमा आमा र छोरी बस्थे । उनीहरूलाई दिनभरि काम गरेर पनि छाक टार्न हम्मे पर्थ्यो । जेनतेन गरेर आमाछोरीले खुसीसाथ जीवन यापन गरिरहेका थिए । एक दिन वर्षायाममा गाउँको लेकबाट लेकाली साम्बाहरूले अन्नसँग च्याउ साट्न ल्याए । उनीहरूले आमा छोरीको घरमा पनि च्याउ लिएर आइपुगे । ती किराती महिलालाई च्याउ असाध्यै मन पर्थ्यो । छोक्पु (थुन्से) भरि च्याउ देख्ता ती किराती महिला असाध्यै लोभिए । उनीसँग च्याउ साट्नका लागि अन्नका नाममा केही पनि थिएन । च्याउ खाने लोभमा उनले छोरी नै दिएर च्याउ राख्ने निधो गरिन् । नभन्दै उनले आफ्नो सुन्दरी छोरीलाई च्याउसँग साटेर साम्बाहरूलाई दिइपठाइन् । ती महिलाले च्याउ खाने सुरमा छोरीको माया, ममता सबै बिर्सिन् । छोरीसँग साटेको च्याउलाई मज्जाले सुकाइपकाइ गरेर खाने विचारले घाममा सुकाइन् । मज्जाले सुक्दा च्याउ अत्यन्त थोरै भयो । त्यो देखेर ती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महिला छाँगावाट खसेजस्तै भइन् । 'लोभको भाँडो उभिण्डो हुन्छ' भनिएझैं धेरै च्याउ देख्दा छोरी नै भुलिन्, जब च्याउ थोरै भएको देखिन् तव छोरीको माया औधी लाग्न थाल्यो । पछुताउँदै रुनुबाहेक अरू उपाय थिएन । छोरीको मायाले गर्दा उनी आलापविलाप गरेर रुन थालिन् । रातको निन्द्रा न दिउँसोको भोक भएर 'छेव्युक' 'छेव्युक' भन्दै रोइकराइ गरिरहिन् । अन्त्यमा च्याउसँग छोरी साटेकोले जिन्दगभर पश्चत्ताप गर्दै रुँदैरुँदै ती महिलाले आफ्नो प्राण त्यागिन् । किराती बुढापाकाहरूकाअनुसार ती किराती महिलाले चराको स्वरूप लिएर अहिले पनि च्याउ पाइने मौसम असार-साउन महिनामा 'छेव्युक' 'छेव्युक' भनेर रोएको सुनिन्छ वा कुनै ठुलो पीडा भएर विरहले विलौना गाउँदै रोए जस्तो वा रुँदै थाक्दै रुँदै थाक्दै गरेजस्तो सुनिन्छ । त्यो चराले छोरीलाई माया गरेर रुँदै बोलाएको जनविश्वास रहेको छ । किराती समुदायमा यो चरालाई सेबुक/सुबी/सुवेउ/थिबिया/थ्युबिम्या जस्ता नामले चिनिन्छि ।

नाम्थालुङ : एक ढुङ्गा, जस्लाई मुन्दुमले फलाक्दा परेको अभावलाई पूर्ति गर्ने गरेको कथा । उहिले सङ्खुवासभाको दशमझिया क्षेत्रअन्तर्गत माम्लिङका लिङ्खाहरूको चेलीको चेक्चेनीको लिम्वुखिम थरका याक्खासँग विवाह भयो । घरवार राम्रैसँग चलेको थियो । उनीहरूका छोराछोरीहरू जन्मीहुर्की घरजम राम्रो भएको थियो । ती चेलीले "अब त छोराछोरीहरू पनि हुर्केबढे । माइतीहरूसँग वाक्दाता माग्न जानुपर्छ" भनेर लिङ्खाहरूकी चेलीले माइतीहरूसंग वाक्दाता माग्न जाने निधो गरिन् । एक दिन पूर्वसल्लाहअनुसार ती चेली माइतीमा वाक्दाता माग्न आयो । याक्खा समुदायमा छोरीचेलीलाई विहेमा दाइजो दिने चलन छैन, तर विवाहित भई छोराछोरी जन्मी हुर्किसकेपछि वाक्दाता माग्न आउँदा आफ्नो गच्छेअनुसार दाइजो दिने चलन छ । तर यस मिथकमा वाक्दाता माग्न आएकी चेलीले केही दिन नपर्ने र नामथालुङ मात्र दिनुनर्पे भनी जिद्दी गरे । लिङ्खाहरूले पनि चेलीको खुसीका लागि सर्तमा ती नामथालुङ दिने निधो गरे । रातभर वा अँध्यारो हुँदै वा उज्यालो नहुँदै, बाटोमा कहीं कतै पनि नबिसाई आफ्नो घरमा पुऱ्याइसक्नुपर्ने सर्त थियो । चेलीले खुसी भई सर्तअनुसार नामथालुङ लाने भयो । आफूले चाहेको नामथालुङ पाएकोमा खुसी हुँदै आफ्ना सहयोगीहरूका साथ राती नै नाम्थालुङ बोकेर ती चेली घरतिर लागिन् । उनीहरू नाम्थालुङ बोकेर जव चोइलिखाको मुनि मलिभेक छेउको डाँडामा पुगे । लिङ्खा चेलीलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिसापिसाबले असाध्यै च्याप्यो । आपत् परेपछि पहिलेको सर्त बिर्सेर दिसापिसाव गर्न नामथालुङ बिसाए । पाखा बसिसकेर नामथालुङ बोक्नका लागि ती ढुङ्गाहरू उठाउन खोज्दा सकेनन् । उनीहरू अचम्ममा परे । ठिक त्यसै बेला देवान ढुङ्गा लडेको ठुलो आवाज आयो । उनीहरू ढुङ्गा उठाउन नसकेर त्यही छोडेर गए । एक जना सहयोगीले भने एउटा ढुङ्गा गाउँमा पुऱ्यायो । उक्त ढुङ्गामाथि उभिएर धेरै पछिसम्म गाउँले महिलाहरूले धोइपखाली गरेर चुवा, साम्फी, माङ्खु, पानी आदि छर्कँदै आनाम्मायो, छोन्दाङमायो, वालोक होन्दुयो, ह्वाङ्मा पिरिकयो, मिक्चि किरिक्यो भन्दै मुन्दुम फलाकेर गाउँलेलाई के चाहिएको हो त्यो मागिन्थ्यो । अविरल झरी परेर दिक्क भएको बेला घामको आवश्यक परेमा पनि सोही ढुङ्गामा गएर मुन्दुम फलाक्दै सगुन छर्केर त्यो ढुङ्गा पल्टाउँदा आकाशमा बादल फाट्दै जान्थ्यो र धर्तीमा सूर्यको किरण झलमल्ल हुन्थ्यो । त्यसै गरी ठुलो खडेरी परी गाउँमा हाहाकार भए नामथालुङमा याक्खा महिलाहरू भेला भई मुन्दुम फलाक्दै सगुन छर्केर ढुङ्गा पल्टाउदा तुरुन्तै आकाशमा कालो बादल देखा पर्थ्यो र पानी पर्न थालिहाल्थ्यो । याक्खा बुढापाकाहरूको भनाइअनुसार पल्टाउनका लागि सत्य के थियो भने याक्खा महिलाहरूमा पनि अनिवार्य रूपमा लिङ्खाकै चेली हुनुपर्ने र लिम्बुहिमकै बुहारी हुनुपर्ने थियो । ढुङ्गा पल्टाउनका लागि उनले पहिला हात लागाएपछि मात्र अरू महिलाहरूले हात लगाउनुपर्थ्यो । तर, अहिले मुन्दुम जान्ने याक्खामाहरू छैनन् । साथै नाम्थालुङ ढुङ्गाहरू पल्टाउने साहस पनि कोही कसैले गर्दैनन् । हाल नाम्थालुङका छुट्टछुट्टै तीनवटा ढुङ्गाहरू ओक्खिउ गाउँमा छन् । जुन ढुङ्गाहरू लालालुङ, नाम्लालुङ र नाम्थालुङ नामले चिनिन्छन् । हाल यी ऐतिहासिक अद्भुत ढुङ्गाहरू संरक्षणको अभावमा झार जङ्गल र माटोले पुरिएका छन् ।

पोहोङ मुङ नुङ नाप्निङ्मे फिबाक : छोरी मान्छेले लास बोक्न र मलामी जान नहुने मान्यता रहे पनि पोहोङको लास गाउँलेहरू कसैले उठाइनदिएपछि श्रीमतीले उठाएको र विलाप गर्दै प्राण त्यागेकीले पेनेनेको जन्म लिएको कहानी । उहिले याक्खा गाउँमा पोहोङ नाम गरेका एक जना जान्ने माङहाङ्वा र उनकी श्रीमती थिए । उनीहरूका सन्तान थिएनन् । पोहोङ र उनकी श्रीमती असाध्यै छिक्पा र छिक्मा (लोभी र लोभिनी) थिए । उनीहरूमा दया र माया भन्ने कुरा अलिकति पनि थिएन । माङहाङ्वा पोहोङ आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गाउँघरबाहेक टाढाटाढाको गाउँसम्म च्याङकुलुङहरू हाङ्मा गर्न जान्थ्यो । उनीहरूको जीविकोपार्जनको मुख्य स्रोत गाउँलेहरूको घरघरमा झारफुक गर्नु र च्याङकुलुङहरू हाङ्मा गरेर दिएको साइताक थियो । गाउँमा सबैभन्दा हुनेखाने उनीहरू नै थिए । छरछिमेकले उनीहरूलाई देवतासमान मान्थे । गाउँका सबै मानिसहरूले आफ्नो धर्मगुरु सम्झी उनीहरूका सबै काम पालैसँग गरिदिन्थे । तर माङहाङ्वा पोहोङ र उनकी श्रीमतीले काम सघाइदिने गाउँलेहरूलाई घामपानीमा दिनभरि काम गर्न लगाएर कहिल्यै अघाउँजी खाने कुरा दिँदैनथे । गाउँलेहरूले जहिल्यै भोकै काम गरिदिनुपर्ने हुन्थ्यो । पोहोङ र उनको श्रीमतीको यस्तो कन्जुस व्यवहार देखेर छिमेकीहरू उनीहरूको काम कहिल्यै गर्न नपरे हुन्थ्यो भन्ने सम्झन्थे । तर गाउँलेहरूलाई धर्मगुरुको डर हुन्थ्यो । माङहाङ्वा पोहोङ तन्त्रमन्त्रमा असाध्यै सिपालु थिए । कोही बिरामी भयो भने बिरामीको नजर हेरे र नाडी छामेरै एकचोटि आफ्नो जिउ झट्कारेपछि भन्ने गर्थे- "अब निको हुन्छ, पुङ्दा लागेछ ।" उनले खुट्ट्याएअनुसार फलाक्थे र बिरामी च्वाट्टै निको भइहाल्थे । उनलाई फलाक्न लगाएपछि निको नहुने कोही थिएनन् । उनी जडीबुटी औषधीमूलो गर्न पनि उत्तिकै पोख्त थिए । त्यसैले माङहाङ्वाको बारेमा विरोध गर्ने र उसले अराएको कुरा नगर्ने र नमान्नेहरू गाउँमा कोही हुँदैनथे । छरछिमेक र गाउँलेहरू आफ्नो काम छोडेर माङहाङ्वालाई काम सघाउन जाने गर्दथे । यद्यपि उनीहरूले काम गर्न आउनैपर्छ भन्ने दबाब भने कहिल्यै दिँदैनथे । (अहिले पनि याक्खा गाउँघरमा गाउँ, टोल, छिमेकी र आफन्तहरूले माङहाङ्वालाई अनिवार्य वा खुसीले वर्षमा एकदुई पटक सघाउनुपर्ने चलन रहेको पाइन्छ । विभिन्न होक्ता नाम्दाहरूमा आफ्नो खुसीले माङहाङ्वालाई तोङ्बा वा रक्सी र मासु पुऱ्याइदिने चलनसमेत रहेको छ ।) "माङहाङ्वाको काम नगरी पनि नहुने, तर उसले पूजा गरी ल्याएको साइतचाहिँ कहिल्यै हामीलाई नदिने । दिनभरि काम गरिदिँदा पनि भोकभोकै बस्नुपर्ने ?" माङहाङ्वाको कामले दिक्क भएका गाउँलेहरू सबै जना मिलेर एक दिन "यी पाहुबा र माहुमालाई भगवान्ले पनि केसारो कठोर मनको बनाएछन् । यिनीहरू बिरामी भए भने वा कुनै आपत्विपत् पऱ्यो भने हामी कोही पनि उनीहरूको घरमा जानु हुँदैन है !" भनी सल्लाह गरे । नभन्दै माङहाङ्वालाई एक दिन ज्वरोले असाध्यै च्याप्यो । उनकी श्रीमतीले अनेक उपाय अपनाउँदा पनि पोहोङ निको भएन । पोहोङको लागि फलाक्न र औषधी उपचार गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छिमेकीहरूसँग गुहार माग्न जाँदा कसैले साथ दिएनन् । दिनदिनै माङहाङ्वा कमजोर हुँदै गए । छरछिमेक र गाउँलेहरू कसैले सहयोग नगरेकोमा माङहाङ्वा र माङहाङ्वाकी श्रीमतीलाई अति दुःख लाग्यो । पोहोङको स्याहार गर्दै दिनहरू बिते । पोहोङ दिनदिनै सिकिस्त हुँदै गएको थियो । एक दिन ठुलो कुहिक आयो । परेन्छुअ्वा परेर असिना पानी दर्कियो । यसै बेला पोहोङको प्राणपखेरु पनि उड्यो । पोहोङकी श्रीमतीले पोहोङ बितेको कुरा छरछिमेकीहरू सबैलाई सुनाइन् । तर सहयोग गर्न कोही आएनन् । उनी रातदिन विह्वल भएर विलाप गर्दैरुँदै बस्न थालिन् । तैपनि पोहोङको लास उठाउन कोही आएनन् । पोहोङकी श्रीमती बिलौना गर्दै रुँदै कक्रेको देखेर छिमेकीहरूले आए झैँ 'ठक् ठक् ठक्' गर्दै बार ठटाउँदै झुक्क्याउँथे । अबचाहिँ छिमेकीहरू आउँदै छन् भनेर रुन छाडेर चुप लाग्थिन् । तर कोही आएका भने हुँदैनथे । पोहोङकी श्रीमती पुनः आलाप-विलाप गर्दै रुन थालिन् । धेरै दिनसम्म पनि पोहोङको लास उठाउन कोही नआएपछि लास कुहिन थाल्यो । किराती धार्मिक संस्कारअनुसार महिलाले लास बोक्न हुँदैन र मलामी जानु हुँदैन । तर पोहोङकी श्रीमतीले बाध्य भएर आफ्ना श्रीमान्को लासलाई डोकोमा बोकेर बारीछेउको बाँसघारीमा पुऱ्याएर र त्यहीँ डोकोले छोपेर फर्किइन् । धेरै समयपछि त्यो डोकोले लास छोपेको ठाउँमा गाउँलेहरूले हेर्दा डोको झैं जालीले छोपिएको एउटा अत्यन्त दुर्गन्धित च्याउ उम्रेको देखे । त्यही च्याउलाई पोहोङमुङ भनिएको हो भनेर याक्खा बुढापाकाहरू भन्ने गर्दछन् । अहिले पनि असार साउनतिरै यो नाप्निङ्मे किरा वा साउने किरा पेनेने गरेर रोए जस्तो आवाज निकाल्दै बिसाउँदै बिहानदेखि बेलुकासम्म पेनेने गरिरहन्छन् । पोहोङ बितेर पोहोङकी श्रीमती अलाप-विलाप गर्दै रोइरहेको बेला छरछिमेकीहरूले आएजस्तो गरी बारमा ठक्ठक् कुटिदिने गरिदिँदा रुन छोडेझैँ त्यो किरा रुने बिसाउने रुने बिसाउने गर्दछ । यही किरालाई पाहोङकी श्रीमती रोएको हो भन्ने याक्खा वृद्धवृद्धाको कथन छ । यस किरालाई पेनेनेबा पोहोङ फिवाक वा नाप्निङ्मे फिवाक (किरा) नामले चिनिन्छ । अझसम्म पनि याक्खा गाउँघरमा धनसम्पत्तिको धेरै लोभ लालचा गरियो भने अथवा आफूसँग भएको खानेकुरा बाँडेर खाइएन भने त्यही पोहोङ जस्तै भइन्छ वा होलास् भनेर सचेत गराउने गरिन्छ ।

उलुम छिङधाङ : घर निर्माण गरिँदा मूल खाँबोलाई भोग दिने चलन सुरुवात भएको कथा । मानवसभ्यताको विकासक्रममा याक्खाजातिको सबभन्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जेठो पुर्खा तुमहाङ नाम गरेका व्यक्तिले आफ्नो घर वनाएर बस्ने निधो गरे । उसले धारिलो ढुङ्गा र हाडको तिखो हतियार वनाए । उक्त हतियारले घरको खाँवो वनाउन सवभन्दा पहिले तुमहाङले याङसिम्वुको रूख काट्यो । रूख काट्दा रूखले विलौना गर्दै म मर्न चाहन्नँ भन्दै रोयो । तुमहाङले रूखलाई म राम्रो ठाउँमा लान्छु र राम्रै ठाउँमा लगेर गाड्छु भनी फकाउँदै जङ्गलबाट काटेर ल्याए । त्यसै गरी वाँस काट्दा बाँसले पनि मलाई नकाट, म मर्न चाहन्नँ भन्दै विलौना गर्दै रोयो । तुमहाङले वाँसलाई पनि यसरी नै फकाउँदै काटेर ल्याए । तुमहाङले सवै कुरा जुटाएपछि घरको आड भरोसाका लागि सवभन्दा पहिले खाँवो गाड्न सुरु गरे । तर खाँवोले फेरि गुनासो गर्दै म एक्लै उभिनै सक्दिनँ भन्दै उभिन नमानेर ढल्न पुग्यो । तुमहाङले अनेक विन्तीभाउ गरी तिमीलाई म मेरो मूल माङ्दाङ (देवता) मान्छु । सीधा उभिदिनुपर्‍यो भनेर पुकार्दा समेत खाँवो झन् लम्पसार पर्‍यो । तुमहाङले उसकी श्रीमती, छोराछोरीलगायत उसका साथीभाइहरूलाई खाँवो उठाउन गुहार माग्यो । वोलाएका जति सवै जना आए र खाँवो उठाएर गाडे । त्यस बेला पनि खाँवोले ढल्न खोज्यो । तुमहाङले खाँवोलाई ढोक्दै 'ओए उलुम छिङधाङ, ओए माङदाङ, तिमी उभिन त उभिदेऊ, तिमीले जे भन्छौ, म सवै दिनेछु' भनी पुकार्‍यो । खाँवोले 'लु त्यसो हो भने अहिले म केही माग्दिन । अहिले चाहि उभिएँ' भनी उभियो । वाँसले पनि खाँवोले जस्तै भन्यो र गर्‍यो । तुमहाङले लेम्साङ-लेम्साङ (फकाउँदै-फकाउँदै) बाँसलाई चोया काडेर केही बाँध्दै, केही वाँस गाड्दै, वरिपरि घेर्दै, डाँडाभाटा लगाएर सवैतिर वान्छान् गरिसके । जब छाना छाउने वेला भयो, फेरि मूल खाँवो र छानो सवैतिर हल्लिन थाल्यो । त्यसपछि तुमहाङले काम गर्न आउने साथीभाइहरूमध्ये कसैलाई वँदेल मार्न लगाए । कसैलाई छाना छाउन लगाए । वँदेल मारेर मूल खाँवोलाई सवभन्दा पहिले रगतको भोग दिए । त्यसपछि बाँसको छाना सवैतिर रगत चढाएपछि मात्र मूल खाँवो र छानो हल्लिन छोडे र घर पनि राम्रो भयो । त्यस समयमा वरपर कसैको पनि घर बनेको थिएन । सबभन्दा पहिले बनेको घर बनेको घर तुमहाङकै भएकाले त्यो घर तुमपाङ (जेठोघर) भयो । त्यसपछि याक्खा बस्तीमा घर वनाउँदा सबैंले अनिवार्य रूपमा मूलखाँबोलाई कि सुँगुर कि भाले वा अन्य जनावरहरूको भोग दिने चलन रहिआएको किंवदन्ती रहेको छ । यस पूजालाई याक्खाहरूले ओआमे अथवा ओहिलिङ्मे भन्दछन् । कसैले भोग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिएर र कसैले भोग नदिई फुक्कै पनि मूल खाँबोलाई पूजा गर्ने चलन छ। यदि मूल खाँबोलाई भोग नदिई घर बनाइए त्यस घरमा कहिल्यै सुख शान्ति, शुब्बे फाब्बे नहुने कथन छ।

ग्रहण : सूर्य र चन्द्र ग्रहण लाग्नुको कथा। उहिले घाम र जूनले सार्कीसँग ऋण लिएका थिए। उक्त ऋण छिट्टै तिरुँला भन्दाभन्दै तिर्न सकेनन्। सार्कीले ती दुई घाम र जूनसँग पटकपटक ऋण बुझाउन ताकेता गर्दा रहेछन्। तर घाम र जूनले भने आज तिर्छु भन्दै भोलि तिर्छु भन्दै कहिल्यै ऋण तिर्न सकेनन्। उनीहरूको झुट बोल्ने र आलटाल गर्ने बानीले गर्दा सार्की अवाक् भई उनीसँग असाध्यै रिसाए। घाम र जूनले फेरि अन्तिम पटकको लागि मौका दिनुपऱ्यो भनी सार्कीसँग अनुनय गरे। सार्कीले पनि अन्तिम मौका दिए। यदि त्यस भाकामा पनि ऋण नतिरे उनीहरू दुवैलाई एउटा-एउटा छालाको खेसुपमा हाली बाँधेर राख्ने निर्णय सुनाए। तर उनीहरूले त्यो अन्तिम मौकाको भाकामा पनि ऋण तिर्न सकेनन्। अन्तिम भाका पनि गुज्रिसकेकाले असह्य भई सार्की रिसले आगो भए। उसले ठुला-ठुला दुईवटा खेसुपहरू सिलाए र एउटा खेसुप लिएर पहिले घामकहाँ पुगे। भाका गुज्रिँदै गएकाले सार्कीले ऋण नतिर्ने घामलाई च्याप्प समाएर आफूसँगै लगेको छालाको खेसुपमा कोचे। यसरी घामलाई नराम्ररी झोलामा कोचेपछि सारा संसारै अँध्यारो भयो। जताततै अन्धकार भएपछि मानिसहरूको कोलाहल मच्चियो। सारा संसार अन्धकार भएपछि मानिसहरू "छोड्दे चमार, छोड्दे चमार" भन्दै चिच्च्याउन थाले। कसैले कुकुर कुट्न, कसैले ढिकी कुट्न, कसैले जाँतो पिँध्न, कसैले ढ्याङ्ग्रो ठट्टाउन, कसैले थाल ठट्टाउन, नरसिंह फुक्न, कसैले सनई बजाउन थाले। अर्कोतिर सार्कीका शाखासन्तानहरूले चाहिँ "बल गर भाइ बल गर" भनेर सार्कीलाई उक्साउँदै चिच्च्याउँदै कराए। यसरी जताततै कोलाहल मच्चिएपछि सार्की डरले लुक्न पुगे। तर सधैँ लुकेर साध्य नहुने भएपछि उनले पूर्णिमाको दिन पारेर जूनकहाँ गई जूनलाई पनि च्याप्प समाएर छालाको खेसुपमा कोचे। त्यस समयमा पनि रात अन्धकार अन्धमुष्टी भएर सार्कीका खलकबाहेक अन्य सारा संसारका मानिसहरू "छोड्दे चमार, छोड्दे चमार" भन्दै चिच्च्याउन थाले। अघिल्लो पटक जस्तै फेरि कोलाहल मच्चियो। अर्कोतिर सार्की खलकहरूले चाहिँ "बल गर भाइ, बल गर" भन्दै सार्कीलाई हौसला दिइरहेका थिए। यस प्रकार सार्कीले घाम र जूनलाई समयमा ऋण तिर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नसकेकोमा सजायस्वरूप झोलामा कोचेकाले सूर्यग्रहण र चन्द्रग्रहण लागेको हो भन्ने जनश्रुति रहेको छ । अझै पनि गाउँघरमा सूर्यग्रहण र चन्द्रग्रहण लागेको बेला गाउँभरिका मानिसहरू “छोड्दे चमार, छोड्दे” भन्दै कराउने गर्दछन् र कसैले कुकुर कुट्ने, ढिकी कुट्ने, बाजाहरू बजाउने, नाङ्लो ठटाउने गर्दै सम्पूर्ण मानिसहरूले कोलाहल मच्चाउने प्रचलन रहेको छ । चन्द्र र सूर्यग्रहण लागेको बेला फलामको बाला, औँठी, चुरा कुण्डल जस्ता गहना कमाएर लगाउने चलन छ । ग्रहण लागेको समयमा कमाएको फलामको गहना लगाउँदा प्रेतात्माले पिर नगर्ने र सधैँ सुब्बे फाब्बे भई सुरक्षित रहिन्छ भन्ने जनविश्वास रहिआएको छ ।

याप्मी तुङ् कुचुमा : कुकुर र मानिसबिचको अन्योन्याश्रित सम्बन्धको नालीबेली । उहिले माङ्ले यस जगत्को सृष्टि गरिसकेपछि अनेकौँ थरीका जीवजन्तुहरूको सृष्टि गरेछ । त्यसपछि सबै जीवजन्तुहरूको भाग्य पनि लेखिदिए । त्यसैअनुसार चक्रीय नियम पनि राखिदिएका रहेछन् । कुन जीवजन्तु मरेपछि के हुने ? भन्ने नियम । हरेक जीवजन्तुले मरेपछि यस पृथ्वीमा भएका सबै जीवजन्तुको जुनी लिएर जन्मिनुपर्दछ भनेर माङ्ले आदेशसमेत जारी गरे । यस लोकका अनेकौँ जीवजन्तुहरूमध्ये मानिसको जुनी सबैभन्दा पछि पर्‍यो । मानिसको जुनीभन्दा अघिल्लो जुनी कुकुरको थियो । अब हरेक जीवजन्तुले मानिसको जुनीअघि कुकुर भएर जन्म लिनुपर्ने भयो । त्यसैले कुकुरको जुनीलाई मुक्तिको नजिक पुगेको जुनीका रूपमा चिन्नू भनी माङले भनेका छन् । माङले याप्मी र कुचुमाबिच अन्य प्राणीहरूसँगभन्दा नजिकको सम्बन्ध कायम गरी एकले अर्कोलाई सहयोग गर्नु भनेका रहेछन् । त्यही भएर कुचुमाले मानिसको घर हेरचाह (सुरक्षा) गर्ने, सिकार गर्ने, अपराधीहरूलाई पक्रिनेलगायत विभिन्न कार्य गरेर सहयोग गर्ने गरेको जनविश्वास र मानिसले पनि आफ्नो कुकुर मरेपछि छाक बार्ने चलन रहिआएको छ । अझ कुचुमाको छाउराछाउरीहरूलाई जन्मनेबित्तिकै मारेर फ्याँकेमा कुचुमाको जुनी भोग्नु नपर्ने भई सीधै मानिसको चोला पाउनेछन् । त्यसैले जन्मनेबितिक्कै छाउराछाउरीहरूलाई फ्याँकेमा वा मारेमा पाप नभएर पुण्य प्राप्त हुने जनविश्वास रहेको छ । त्यसैकारण आज पनि गाउँघरमा छाउराछाउरीहरूलाई कति माया नगरी फ्याँक्ने गरिन्छ ।

ताङखेङ नुङ नाम : पृथ्वीमा आदिकालको भन्दा घामको ताप कम हुनुको कथा । सत्ययुगमा ताङखेङ (आकाश) र नाम (घाम) पृथ्वीको नजिकै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थिएछन् । आकाश र घाम सारै नजिक भएकाले असाध्यै गर्मी भएर पृथ्वीमा वसोवास गर्ने जीवजन्तुलाई वसिनसक्नु भयो । एक दिन घाम र घामको छोरा मिलेर सधैँको भन्दा पनि अझ बढी ताप दिएपछि पृथ्वीमा खपिनसक्नुको तातो भयो । याक्पुचा (दुम्सी), फिवारु (कोटेरा) र मिमा (मुसा)लाई अति तातो भएर सारै रिस उठ्यो । त्यसपछि फिवारुले आकाशलाई टाउकोले ठेलेर माथि पुऱ्यायो । टाउकाले आकाश ठेल्दा उस्को मुन्टो र गाँड दुवै वाङ्गो भए । त्यसै बेलादेखि कोटेराको गाँड बाङ्गो भएको भनिन्छ। मुसोले चाहिँ बाँस छेड्दैछेड्दै गएर आकाशमा पुग्ने बाटो वनायो । त्यसपछि याक्पुचा पनि त्यही बाटो हुँदै आकाश पुग्यो । उसले त्यहाँ पुगेर "कतिसारो घाम लागेको ? हामीलाई गर्मी भएर खपिसक्नु भएन" भन्दै रिसको झोकमा घामको छोरालाई आफ्नो काँडाले हानिमाऱ्यो । यस मिथकअनुसार घामले डढेर दुम्सीको काँडाको आधा भाग कालो भएको हो । घामको छोरा मरेकाले पृथ्वीवाट चोङखुबाक (फट्याङ्ग्रा), धोङगुमाङ (आँखा फोरुवा किरा) र सेकसेककुम्मेक किराहरूले घामलाई छोराको मृत्युले शोक परेकाले भेट्न जाने सल्लाह गरे । यस्तो दुःखद घडीमा हेराहेर गर्नुपर्छ भनेर भेट्न वा तु-आङ्मा गर्न (याक्खा समुदायमा मरौ-परौ हुँदा मृतकका आफन्तहरूलाई भेट्न जाने नियम) जानका लागि सल्लाह गरे । तर उनीहरूसँग घामलाई भेट्न जाँदा लगाउने लुगा भने थिएन । त्यसकारण उनीहरूले आआफ्नो लुगा तयार गर्न भनी तान वुन्न थाले । सेकसेककुम्मेकले छिटोछिटो तान वुनेकाले पातालो र धेरै कपडा बुन्यो । त्यसैले उसको पखेटा लामो लामो भई सजिलैसँग उडेर आकाशमा घामलाई भेट्न पुग्यो । यता धोगुमाङ र चोङ्खुवाकले चाहिँ बाक्लो र थोरै मात्र कपडा बुन्न भ्याए । त्यसैले उनीहरूको पखेटा छोटो भई घामलाई भेट्न जान सकेनन् । सेकसेककुम्मेक घामलाई भेटेर पनि आइपुग्यो । धोङगुमाङले सेकसेककुम्मेक फर्किआएको देखेर घामकोमा के खाएर आयो त ? भनेर खुल्दुली मानी "तिमीले घामको छोराको दुःखको काममा के खाएर आयौ हौ ?" भनी सोध्यो । सेकसेककुम्मकले "यो धोङगुमाङलाई केको चासो परेछ, जे खाए पनि केको मतलव ?" भनी तुरुन्तै जबाफ दियो- "पोङायागा चामा म्मिक बोङबोङ ।" (पोङायाको भात तेरो आँखा पोकपोक) । तर धोङगुमाङलाई सेकसेककुम्मेकको कुरोमा विश्वास नलागेकाले सेकसेककुम्मेकको भुँडी कोतरेर हेर्ने विचार गऱ्यो । त्यसपछि उसले सेकसेककुम्मेकको साँच्चै पेट कोतरिदियो । वास्तवमा सेकसेककुम्मेकले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पोङायाको भात नै खाएको रहेछ । धोङगुमाङले भुँडी हेरिसकेपछि फेरि खाप्सियोले मापातापा नमिलाईकन सिलाइदिइयो । त्यही भएर सेकसेककुम्मेकको पेट च्यातिएर टालेजस्तै देखिने गरेको पुर्खाहरू बताउँछन् । यस मिथकअनुसार फिवारुले ताङखेङलाई मुन्टोले माथितिर ठेलिपठाएको र ताङखेङ माथितिर पुगेकाले पृथ्वीमा तातो कम भएको विश्वास छ । याक्खा समुदायमा कतैबाट भोज खाएर आयो भने के खाएर आयौ ? भनी सोध्दा 'पोङायागा चामा म्मिक वोङवोङ' भनेर ठट्टा गर्ने चलन छ ।

लुअ्लिबा नुङ नासा (ङासा) : पृथ्वीको उत्पत्ति र भूकम्पको मिथक । उहिले संसारको सृष्टि हुने क्रममा जताततै पानी थियो । कालान्तरमा पानीमाथि विस्तारै फिँज जम्न थाल्यो र जम्दै जाँदा माटोको धुलोमा परिणत भयो । यसरी माटो जम्दै जाने क्रममा ओटेम्मा (तराई), चोमकोङ (पाहाड) र नाङकोङ (हिमाल) को उत्पत्ति हुन पुग्यो । यस प्रकार पृथ्वी सागरमाथि वसेको र जमिनमुनि जहाँ खने पनि पानी आउने गरेको जनविश्वास रहेको छ । किंवदन्तीअनुसार पृथ्वीमुनिको पानीमा एउटा ठुलो माछा बस्छ । उक्त माछाले नै यो पृथ्वी थामेर बसेको छ । विशाल पृथ्वी थामेर बस्दावस्दा अति नै थाकेर वा थाम्न गाह्रो भएर कहिलेकहीँ उक्त कोल्टो फेर्ने गर्छ भने कहिलेकाहीँ कान, पुच्छर र पखेटा हल्लाउने गर्दछ । यसरी कान, पखेटा र पुच्छर मात्रै हल्लाउँदा चाहिँ सानो लुअ्लिबा (भूकम्प) जाने गर्दछ भने कहिलेकाहीँ पूरै जिउ कोल्टो फेर्ने गर्छ । यस्तो अवस्थामा चाहीँ महाभूकम्प जाने गरेको याक्खा समुदायका वुढापाकाहरूको कथन छ ।

पाङच्याङ : रोगव्याधिलाई निर्मूल गर्नका लागि अपनाइने विधिको मिथक । उहिले याक्खा गाउँमा एक जना अत्यन्तै शक्तिशाली याक्खामा महिला बस्थिन् । उनको नाम कोलोलो कोन्दङमा थियो । उनको जिउ ज्यान अत्यन्त डालिलो र रूपरङ्ग पनि अत्यन्त सुन्दर अनि शीलस्वभाव पनि अत्यन्तै मिजासिलो थियो । उनले याक्खा महिलाले लगाउने सम्पूर्ण गरगहना जस्तै पोङालामाला, हसुली, पाडुली, गदावरी, कल्ली, तरिवन, काँडे चुरा, बाही, ढुङ्ग्री, वुलाकी, कानढुङ्ग्री, हरिमाला आदि लगाउने गर्थिन् । जुन गहनाले उनलाई असाध्यै सुहाउँथ्यो । ती याक्खामा महिलाले ल्हासादेखि काशीसम्मको यात्रा गरेर धेरै ज्ञान र अनुभवहरू हासिल गरेकी थिइन् भन्ने कथन याक्खा छाम्बा, माङहाङ्वाहरूको रहेको छ । समय बित्दै जाँदा ती महिला क्रमशः वृद्धा हुँदै गइन् । उनी दिनदिनै अशक्त र एक्लो हुन थालिन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यही समयमा गाउँमा ठुलो अनिकाल लागेर गाउँभरि महामारी फैलियो। त्यो डरलाग्दो महामारी हैजाबाट बच्न कोलोलो कोन्दङ्माले आफूलाई चाहिने नुन, तेल, वेसार, चामल, मसला, लसुन, प्याज, अदुवा, चुवा र रक्सी, लुगाफाटालगायत अन्य आवश्यक खाद्यान्न सामग्री लिएर गाउँनजिकैको लुप्लुङ (ओढार)मा वस्न गइन्। केही समयपछि कोलोलो कोन्दङ्माको महामारीले गर्दा उतै लुप्लुङमै मृत्यु भयो। उनको घर पनि भत्किएर भग्नावशेष मात्रै रह्यो। गाउँमा फेरि अझै ठुलो महामारी फैलियो। कसैको कान पाक्ने, कसैको आँखा पाक्ने, कोही लाटो लठेप्रो हुने, कोहीको मलद्वारमा घाउ हुने, कसैको आङ खस्ने, लामो समयसम्म झाडापखाला लाग्ने, लुतो-ठेउला निस्कनेजस्ता अत्यन्त डरलाग्दा रोगहरूले पूरै गाउँ ढाक्यो। यस्तो महामारीबाट कसरी मुक्त हुन सकिन्छ ? भनेर गाउँका सबै छाम्वा र माङहाङ्वाहरू भेला भए र सरसल्लाह गरे। कसैले पाप लागेको शंका गर्थे भने कसैले चाहिँ ती शक्तिशाली महिलाको सेहें जागेको अड्कल गरे। किनभने ती महिलाको मृत्यु पनि महामारीले भएको थियो। त्यसपछि छाम्बा माङ्हाङ्बा र सबै गाउँलेहरूले कोलोलो कोन्दङमाको घरको भग्नावशेष उत्खनन गर्ने निधो गरे। घर उत्खनन गर्दा उनका थुप्रै गरगहनाहरू भेटिए। उनीहरूले ती गरगहनाहरू कोलोलो कोन्दङमाकै हो भन्ने अड्कल गरे। ती गरगहनाहरू सुरक्षित राख्न अर्को सानो र राम्रो घर बनाउने निधो गरी उनीहरूले घर बनाए। र उक्त घरमा दुम्से भाले र सुँगुरले भोग दिएर धूप, अक्षता, दियोकलश साम्फी, चुवा चढाएर कोलोलो कोन्दङमालाई मुन्दुमले मनाए। त्यसपछि गाउँमा महामारी क्रमशः कम हुँदै गएको किंवदन्ती याक्खा वुढापाकाहरूले बताउने गर्दछन्। याक्खा समुदायका परिवारमा यस प्रकारका कुनै रोग लागेमा दुम्से भाले र सुँगुर भोग दिएर पाङच्याङ गर्ने भनी भाकल गर्ने र पूजा गर्ने चलन रहिआएको छ। यो पाङच्याङ याक्खाहरूले आफ्नो माङहाङ्वालाई हाङ्मा गराउने चलन छ। पहिले संयुक्त रूपमा पूजा गरिए पनि आजकल प्रत्येक याक्खाहरूले आ-आफ्नो घरमा पूजा गर्ने चलन रहेको छ। कसैले बिहान, कसैले बेलुकी पूजा गर्ने गर्दछन् भने कसैले सालिन्दा कसै ६/६ महिनामा गर्ने गर्दछन्। अपवादमा तीन वर्षमा पनि पाङच्याङ गर्ने गरेको पाइन्छ। याक्खा समुदायको मुख्य बसोबास रहेको दश मझिया क्षेत्रमा पूजा गर्ने दिन नै घरभित्र सानो घर बनाएर हाक्तामाङको गुदी (सुत्थु) निकालेर नक्कली गहना बनाई घर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सजाउने गरिन्छ । तर पाँच खपनतिर भने बारीमा एउटा सानो घर बनाएर राखिन्छ र त्यही घरमा सालिन्दा पाङच्याङ गर्ने गरिन्छ । याक्खा संस्कृतिमा यो मिथकअनुसार पाङच्याङ गर्ने चलन सुरु भएको हो भन्ने कथन रहेको छ ।

लिमलिमहाङ्मा, केसामी र लासामी : छाक बार्ने चलन र किरात याक्खाहरूको उत्पत्तिको कथा । उहिलेको कुरा हो । मानवसृष्टिको प्रारम्भमा दुई जना चेली माइती बस्दथे । त्यस समयमा सिकार खेलेर जीविकोपार्जन हुने गर्दथ्यो । माइती दिनहुँ सिकार खेल्न जान्थे । माइतीले सिकार गरी ल्याएको मासु विलोको रूपमा गाउँमा छरछिमेकलाई बाँड्दथे । त्यसैले माइतीलाई सबैले प्यारो गर्दथे । माइतीको नाम केसिङ्गेन र चेलीको नाम सुसुवा लिमलिमहाङ्मा थियो । माइतीले कति दुःखले सिकार गरी ल्याएको मासु छिमेकीहरूलाई बाँड्दा चेलीले "मैले नै सिकार गरी ल्याएको" भनी ढाँट्थ्यो । एक दिन चेलीले झुटो वोलेको कुरो माइतीलाई थाहा भयो । माइतीलाई सारै रिस उठयो । त्यो दिन आफू सिकार खेल्न नगई धनुकाँड दिई "आजदेखि सिकार गर्न तिमी नै जाऊ" भनी चेलीलाई सिकार खेल्न पठायो । सुसुवा लिमलिमहाङ्मा घमन्डका साथ धनुकाँड लिएर जङ्गलतिर लागिन् । तर उनले घना जङ्गलमा दिनभरि चहार्दा पनि कुनै सिकार फेला पार्न सकिनन् । उनी भोक र तिर्खाले लखतरान भइन् । तिर्खा मेट्नका लागि पानीको खोजी गर्दा कहीँकतै भेट्न सकिनन् । पानी खोज्ने क्रममा एउटा ठुलो ढुङ्गा भेटिन् । त्यो ढुङ्गाको वरिपरि सबैतिर हेर्दा ढुङ्गामा झपक्कै सुनाखरी फुलेको देखिन् र टिपेर कपालमा सिउरी गीत गाउँदै माङलाई पुकार्न थालिन् । संयोगवश त्यही ढुङ्गाको बायाँपट्टि ढुङ्गामा एउटा खोपिल्टोमा जमेको पानी भेटिन् । सारै तिर्खा लागेकोले घोप्टिएर सबै पानी पिइन् । तर पनि उनको तिर्खा मेटिएन । फेरि उनी दायाँतिर फर्किइन् । त्यहाँ पनि एउटा खोपिल्टोमा जमिरहेको पानी देखिन् । त्यसपछि त्यो खोपिल्टोको पानी पनि घाप्टिएर स्वाट्टै । दुईवटै खोपिल्टोको पानी पिइसकेपछि बल्ला फुर्तिलो, स्वच्छ र आनन्द महसुस गरिन् । ठिक त्यसै बेला आकाशवाणी हुन गयो । आकाशवाणी कहाँबाट भइरहेको छ भन्ने कुरा उनले पत्तो पाइनन् । आकाशवाणी यस्तो थियो- "ए ! सुसुवा लिमलिमहाङमा जब तिमीले खोपिल्टामा जमिएको पानी पियौ, तिम्रो गर्भमा दुईवटा प्राणीहरू जन्मिनेछन् । तिमीले ती बच्चाहरूको नाम केसामी र लासामी राख्नेछौ । उनीहरू यस संसारमा युगौँयुग बाँच्नेछन् ।" त्यस्तो वाणी सुनेपछि सुसुवा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिमलिमहाङ्मा माइतीघर आउन सकिनन् । जङ्गलमै सिकार गर्दै फलफूल र कन्दमूल खाँदै बस्न थालिन् । आकाशवाणी भएझैँ दश महिनापछि साँच्चै पहिलो नानी बाघ र पछिल्लो नानी मान्छे गरी जुम्ल्याहा बच्चा जन्माइन् । बाघ भए पनि आफ्नै बच्चा हो भनेर दुवैलाई सँगै हुर्काइन् । आकाशवाणीमा भनेझैँ उनले जेठा छोरा बाघको नाम केसामी र कान्छो छोरा मान्छेको नाम लासामी राखिन् । आमा र दुई छोराहरू जङ्गलमै जीवन निर्वाह गर्न थाले । सुसुवा लिमलिमहाङ्माले माइती आउने बाटो बिर्सिसकेकी थिइन् । उनीहरू जङ्गलजङ्गल घुमफिर गर्दै बस्थे । जङ्गलमा बसाइँ सर्दै हिँड्ने क्रममा बिस्तारै हेलमेल हुँदै गएपछि गाउँवस्तीका मानिसहरूसँग पनि चिनपर्ची हुन थाल्यो । सुसुवा लिमलिमहाङ्माले कान्छो छोरो लासामीलाई सिकार खेल्ने र परिवारको भरणपोषण गर्ने जिम्मेवारी दिएका थिए । आफूहरू बसेको जङ्गलमा सिकार र कन्दमूलहरू सकिएकाले लासामीले टाढाको जङ्गलवाट सिकार गरेर आमा र दाजुका लागि जोहो गर्दथ्यो । एक दिन लासामी सधैँझैँ सिकार खोज्दै जाँदा आफू जस्तै मानिसहरूको बस्तीमा पुग्यो । लासामीले पनि आमा र दाजुसहित त्यही मानववस्ती नजिकै याक्सा बनाएर बस्न थाले । समय बित्दै जाँदा सिकारलगायत खान्तेपिन्तेको अभाव हुन थाल्यो । लासामीका दाजु केसामीले बाघको जन्म लिएकाले खानेकुराको जोहो गर्न सक्दैनथ्यो । लासामीले कहिलेकाहीँ सिकार र अन्य खानेकुराहरू नपाएर भोकै बस्नुपर्थ्यो । भोजन जुटाउन नसक्दा दाजु केसामीले आफ्नो हिंस्रक प्रवृत्ति देखाउदै भन्थ्यो-"हेर भाइ, तैँले मलाई यसरी भोकै राखिस् भने म तँलाई नै खाइदिन्छु ।" दाजुको हिंस्रक र क्रूरतापूर्ण धम्कीले लासामी भित्रभित्रै त्रसित थियो । एक दिन उसले आफ्नी आमालाई सुटुक्कै भन्यो- "आमा, हामी बसेको वरिपरि सिकार र कन्दमूल सिद्धिसक्यो । खानेकुरा खोज्नका लागि टाढा जानुपर्ने भयो । आज त दाजुलाई पनि सिकारमा लानुपऱ्यो । सिकार मारेर जङ्गलमै पेटभरि खुवाउनुपऱ्यो । यदि मैले उसलाई पेटभरि ख्वाउन सकिनँ भने एक दिन उसले मलाई अवश्य खानेछ । जसरी भए पनि मैले उसलाई पेटभर ख्वाउनुपर्छ । कोही मान्छेहरू मलाई खोज्दै आए भने सिकारमा गएको छ भनिदिनू है ।" दाजु केसामीभन्दा भाइ लासामी धेरै चनाखो थियो । एक दिन दाजुले आफूलाई खान्छ नै भन्ने उसलाई पक्का भइसकेको थियो । त्यसैले उसले जसरी भए पनि दाजुलाई मार्ने योजना उसले बनाइरहेको थियो । लासामीको कुरा सुनेर आमाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्यो- "हे लासामी, तँ त मान्छे हो, बुद्धिमानी छस् । तर तेरो दाजुको बल मात्र छ । दाजुलाई बुद्धिले नै भोजन गराऊ है, तिमीहरू दुवै जना मेरा मुटुको टुक्रा हौ ।" लासामीले आमालाई भन्यो- "हुन्छ आमा, म तपाईंको इच्छाअनुसार गर्नेछु । यहाँ म ओन्दोङ्ला फुङ (बावरी फूल) र लिङलिङ फुङ (तितेपाती) रोपिराख्छु । यदि बावरी फूल ओइलायो भने जेठो छोरा केसामी विपत्मा पऱ्यो भन्ने सम्झनू । यदि लिङलिङ फुङ ओइलायो भने कान्छा छोरा लासामी विपत्मा पऱ्यो भन्ने सम्झनू है !" यति भनेपछि लासामी धनुकाँड बोकेर दाजुसँग जङ्गलतिर लाग्यो । केसामी र लासामी घनघोर जङ्गलमा दिनभरि सिकारको खोजीमा लागे, तर घाम अस्ताइसक्दा पनि उनीहरूले कुनै सिकार फेला पारेनन् । नजिक पर्न लागेका सिकारहरू पनि दाजु बाघ केसामीको दुर्गन्धले गर्दा टाढा भागिहाल्थे । साँझ झमक्कै परिसकेको थियो । भोकले लखतरान भएको केसामीले भाइ लासामीलाई भन्यो- "भाइ, तैँले मलाई अझसम्म पनि पेटभरि ख्वाउन सकिनस् । मलाई अति नै भोक लागेको छ । यदि तैँले अब पनि मलाई खान दिइनस् भने म तँलाई नै खान्छु ।" यता आमा भने छोराहरूको सुर्ता लागेर ओन्दोङला फुङ र लिङलिङ फुङ हेर्दै बसिरहेको थियो । कुनै बेला लिङलिङ फुङ ओइलाउने र कुनै बेला ओन्दोङला फुङ ओइलाउने गर्थ्यो । जुन फूल ओइलाए पनि आमा विलाप गरेर रुने गर्थिन् । रात पर्न लागेकोले लासामीले दाजु केसामीलाई भन्यो- "हेर दाजु अब रात पऱ्यो, सिकार नखोजौँ । भोलि बिहान सिकार गरौँला र खाऔँला । भोलि अवश्य तिम्रा लागि सिकार जुटाउनेछु । म भाग्ने छैन । अहिलेचाहिँ म सिमलको रूखमा चढेर बस्छु, तिमी फेदमा बस है !" त्यस दिन रातभर भाइ रूखमा र दाजु फेदमा बसे । जब उज्यालो भयो, दाजुले भन्न लाग्यो- "भाइ, तैँले बिहानै सिकार जुटाउछु भन्थिस्, अझसम्म पनि जुटाएको छैनस् । मलाई ढाँटिस् । मलाई असाध्यै भोक लागेको छ । अब म तँलाई नै खान्छु" यति भन्नसाथ केसामी भाइ चढेको रूखमाथि चढ्न थाल्यो । यस्तो सङ्कटपूर्ण अवस्था देखेपछि भाइले पनि दाजुलाई धनुकाँडले हान्न थाले । तर दाजुले धनुकाँड छल्दै अझ माथि उक्लँदै गयो । दाजुले नखाई नछाड्ने सङ्कटपूर्ण अवस्था देखेपछि लासामीले दाजुलाई भन्यो- "हे दाजु ! अब म सोझै तिम्रै मुखमा हामफाल्छु । तिमी ठुलो मुख उघारेर बस ।" केसामीले पक्का पनि भाइ मेरो मुखमा हामफाल्छ भन्ने विश्वासले भएभरको मुख उघारेर बस्यो । मुख उघार्दा केसामी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाघको आँखा चिम्म भएकाले भाइले भएभरको बल लगाएर धनुकाँड आफ्नो मुखमा हानेको देख्न सकेन। मुखमा धनुकाँड लागेकोले केसामी सिमलको रूखको एकापट्टिको हाँगा सबै भाँच्दै गर्ल्यामगुर्लुम लडेर भुइँमा बज्रिन पुग्यो। आखिरमा उसको प्राण गयो। यता आमाले हेर्दै गरेको लिङलिङ फुङ पहिला ओइलिँदै गएको थियो। पछिचाहिँ ओन्दोङ्ला फुङ ओइलाएर भुइँ छोयो, लिङलिङ फुङ भने हराभरा भएर आयो। बाघ भए पनि छोरा नै हो भनेर आमा विलाप गर्दै रुन थालिन्। लासामीलाई दाजु भुइँमा लडिरहेको त छ, तर मरेको हो वा होइन विश्वास लागिरहेको थिएन। जब दाजुको शरीर वरिपरि किरा पार्ने झिँगाहरू घुम्न थाले, त्यसपछि मात्रै पक्का मरेछ भन्ने लागेर भुँइमा झऱ्यो। दाजुको छाला काडेर घरमा लग्यो। नामछोक लुङ्ख्वाक्मा (घाम लाग्ने ढुङ्गामा) छाला सुकाएर छाला सुक्खा भएपछि मानववस्तीमा गई खानाका लागि केही सामल साटेर ल्याए। खाना पकाएर आमाछोरा खाना खान वसे। तर खाने वेलामा आमालाई केसामी छोराको अति नै सम्झना आयो। उनले रुँदै लासामीलाई भनिन्- "हेर छोरा, बाघ भए पनि मेरो छोरो हो, उसको छालाले साटेको यो खाना कसरी खानु ? मलाई त पटक्कै खानु मन लागेन।" लासामीलाई पनि आमाको कुरा ठिक लाग्यो र उसले पनि खाना खान उचित मानेन। त्यही दिनदेखि उनीहरू केही पनि नखाईकन शोकविह्वल भएर भोकै बसिरहे। केही पनि नखाएकाले उनीहरू दुब्लाउँदै गए। धेरै समयसम्म घरबाहिर ननिस्केपछि गाउँलेहरू हेर्न आउँदा पस्काएको खाना एकातिर र आमा छोरा शोकाकुल भएर अर्कोतिर बसिरहेको भेटिए। गाउँको मुखियाले, "के भएको तिमीहरूलाई, पस्काएको खाना पनि त्यतिकै राखेर किन शोकविह्वल भएर बसेको, मृत्युको मुखमा पुग्न लाग्यौ है तिमीहरू।" भनी सोधे। गाउँलेहरूको कुरा सुनेर लासामीले भने- "हे गाउँलेहो, यो भोजन मेरो दाजु केसामीको छालाले साटेको सामलबाट पकाएको हो। आफ्नो दाजुको शरीरले साटेको खाना कसरी खाने, उसको याद आइरहन्छ। त्यसैले हामी शोकाकुल भएर वसिरहेका छौँ।" त्यसपछि गाउँलेहरू एकमत भई शोकाकुल आमाछोरालाई भने- "तिमीहरू सहमत छौ भने हामी तिमीहरूलाई यो दुःखद अवस्थाबाट पार गरिदिन्छौ। तिमीहरूलाई चोख्याएर सबै खानेकुरा खान अनुमति दिन्छौँ। तिमीहरू मन्जुर छौ ?" गाउँलेहरूको कुरामा आमाछोरा सहमत भएपछि उनीहरूले भने- "सुन है गाउँलेहो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केसामीको यादले गर्दा यी आमाछोरा भोकै छन् । यसरी नखाई बसेमा उनीहरूको मृत्यु हुनेछ । आजदेखि खानेकुरा खाओ भन्नु कि नभन्नु ? सबै गाउँलेहरूले एकैसाथ खानु भन्नु पर्छ है, हाम्रो कुनै आपत्ति छैन है । सधैं शोक गरेर मात्र हुँदैन है । आजदेखि सबै थोक खानको लागि आदेश दियौं है । घुमफिर गर्नु सिकार खेल्नु, हाँसखेल गर्न हुन्छ है !" भनी वाधा फुकाइदिए । त्यसपछि आमाछोराले घरमा भएका खानेकुरा पकाईतुल्याई मिठो मानी खाए । अनि डुलघुम गर्न, सिकार खेल्न, हाँसखेल ठट्टा गर्न थाले । पहिलाकै जस्तो सामान्य जीवन जिउन थाले । यस मिथकअनुसार याक्खा बुढापाकाहरू 'याक्खा समुदाय सुसुवा लिमलिमहाङमाको छोरा लासामीका सन्तान हौँ' भन्ने गर्दछन् । याक्खाहरूको उत्पत्तिसम्वन्धी इतिहास खोज्दै जाँदा यही मिथकसँग जोडिने गर्दछ । अहिले पनि परिवारमा छोरा मान्छेको मृत्यु भएमा ४ दिन र छोरी मान्छे भए ३ दिन छाक बारेर गाउँघर, टोलछिमेकी र नाताकुटुम्वहरू सबै जना भेला भएर जुठो चोख्याउने चलन रहेको छ । याक्खा समुदायमा गन्नेमान्नेहरू हामी केसामी र लासामीका सन्तान हौँ भनेर चिनाउने गर्दछन् । त्यसै गरी लासामीले केसामीलाई धनुकाँड मुखमा हानी केसामी सिमलको रूखवाट खस्दा सिमलको एकापट्टिको सबै हाँगा भाँचिएकाले अहिलेसम्म पनि सिमलको हाँगा एकापट्टि रहेको विश्वास रहेको छ ।

होम्बोङ देवी (धर्मदेवी) : सुन्दरी कन्याको मृत्युबाट साक्षात् बनेका धर्मदेवी र छिन्ताङदेवीको कथा । उहिले अरुणपारि भोजपुरको हतुवागडीबाट दुई जना किराती दाजुभाइहरू दश मझिया थुम आङबुरा हुँदै होम्वोङमा थुन्से नाङ्लो, डालो बेच्ने सिलसिलामा आउँदै थिए । बाटोमा आउँदाआउँदै गर्दा एक जना सारै राम्री सुन्दरी कन्या ती दाजुभाइको अगाडि लागिन् । ती दाजुभाइ अति नै सुन्दरी कन्या देखेर असाध्यै लोभिए । बाटोमा आउँदाआउँदै दाजुले "म लान्छु", भाइले पनि "म लान्छु" भन्दाभन्दै ठुलो झगडा भयो । झगडा गर्दै आउँदा होम्बोङ गाउँको तल भीरमुनि (हालको धर्मदेवीको थानभन्दा तल) आइपुग्दासम्म झगडाले निकै उग्ररूप लिइसकेको थियो । यस्तो अवस्था देखेर ती सुन्दरी कन्यालाई ज्यादै अप्ठेरो परिस्थितिको महसुस भयो । आफूलाई पाउनका लागि दाजुभाइले मारामार गर्ने स्थिति आएपछि ती कन्याले आत्महत्या गर्ने निर्णय लिइन् र धारिलो हतियारले आफैँमाथि प्रहार गरी प्राण त्याग गरिन् । त्यसपछि ती दुई दाजुभाइले ती कन्याको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लासलाई त्यही भीरमुनि पुरेर व्यापारका लागि होम्बोङतिर लागे। धेरै लामो समयपछि छिन्ताङबाट ती कन्याका माइतीहरू हराएको चेली खोज्दै आए। कतै पनि नभेटेपछि उनीहरू होम्बोङसम्म आइपुगेका थिए। त्यहाँका मानिसहरूले उनीहरूको हराएको चेलीले आत्महत्या गरेको सुनाए। यस्तो कुरा सुनेपछि ती माइतीहरूले त्यस ठाउँको माटै भए पनि लैजाने निधो गरे। उनीहरूले हरियो कर्कलो (याक्ला)को पातमा माटो पोका पारेर लगे। माटो लगेर उनीहरूले घरको छानोमा सिउरेर राखे। कालान्तरमा उनीहरूले छानोमा माटो सिउरेको बिर्सिए। ती दाजुभाइले आफ्नो चेलीको सम्झनामा माटो ल्याएदेखि नै सबै जना बिरामी, रोगी भए। अनेक औषधीमूलो गरे, तर केही सीप लागेन। त्यसपछि एक जना एकदम सिपालु बिजुवा ल्याएर हेराउँदा "तिमीहरूले कहींकतैबाट माटो वा कुनै चीज ल्याएर राखेका छौ ?" भनेर सोधे। जुन दिनदेखि त्यो माटो यस घरमा ल्याएको हो त्यही बेलादेखि यो घरमा दुःख बिमार सुरु भएको हो भनेपछि पो उनीहरूले धुइँपताल त्यो माटो खोज्न थाले र अन्तिममा जस्ताको त्यस्तै भेटे। यसरी लामो समयसम्म याक्ला सुम्फाक (पिँडालुको पात) हरियै हुनु र माटो पनि आलै रहनुले अवश्य पनि दैवी शक्ति छ भनेर अड्कल लगाए। त्यसपछि त्यो माटो चोखो ठाउँमा राख्ने निधो भएकाले केही माटो हालको धर्मदेवीमा र केही माटो हालको छिन्ताङदेवी भएको ठाउँमा राखिएकाले ती दुवै देवीथानहरू क्षेतक्षेती (साक्षात्) देवी बनेका हुन् भन्ने किंवदन्ती पाइन्छ।

दोक्केनीमा (साङदाङराङमा) : देउसी भैलो उत्पत्तिको कथा। मानवसभ्यताको विकासक्रममा सुरुमा याक्खा समुदायमा ठुलो महामारी फैलियो। जसमा अनिकाल, भोकमरी, खडेरी, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, आँधीबेहरी, असिना-पानीले धनजनको क्षति धेरै भयो। सारा गाउँघर रोगभोकले ग्रस्त भई हाहाकार मच्चियो। यस्तो दैवी तथा प्राकृतिक विपत्तिले मानवसमुदाय, वनजङ्गल, खोलानाला, पशुपक्षी सबैमा प्रतिकूल असर पर्दै गयो। महाखडेरी र अनिकालबाट बचेकाहरू बाढी र पहिरोमा परिहाल्ने, बाढी र पहिरोबाट बचेकाहरू आगलागी वा अन्य कुनै विपत्तिमा परिहाल्थे। केही रोग र व्याधिले छटपटाइरहन्थे। यस्तो महासङ्कट झेलेर बाँचेका याक्खाहरूले यस्तो दैवी र प्राकृतिक सङ्कटबाट सधैंका लागि कसरी मुक्त हुन सकिन्छ ? रोग र भोकले ग्रस्त याक्खाहरूको उद्धार कसरी गर्न सकिन्छ ? भनेर छलफल गरे। महामारीले आक्रान्त समाजलाई कसरी सहज बनाउन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकिन्छ ? भनी स्थायी समाधान खोज्न थाले । सबै याक्खाहरू भेला भएर राजिराङ्मा वा साङदाङराङमा (आमुम्मा)को पूजा आराधना गर्ने निर्णयमा पुगे र साङदाङराङमाले दिएको सल्लाह-सुझावअनुसार बालीनाली, पशुपक्षी, खोलानाला, वनजङ्गल, हिअ्वा माङ्गु, घामपानी आदि सबै प्राणी जगत तथा वनस्पतिलगायत सम्पूर्ण प्रकृतिको पूजा आराधना गर्न थाले । याक्खामाहरूले पनि लक्ष्मीपूजाको दिन पारेर दैवी विपत्तिमा परेका मानिसहरूको उद्धारका लागि राहत सामग्री सङ्कलन गर्ने निर्णय गरे । कसरी राहत सङ्कलन गर्ने ? भन्ने कुरामा छलफल हुँदा हामी याक्खाहरूको आस्थाको इष्टदेवी वा लक्ष्मी साङदाङराङमा (आमुम्मा)को भेषमा ढँट्वारेहरू लिई याक्खाहरूको प्रत्येक घरघरमा नाच्दै गाउँदै रमाइलो गर्दै राहत सामग्री सङ्कलन गर्ने निधो गरे । यसरी साङदाङराङमाको स्वरूप बनाएर लगेमा सबै जनाले विश्वासले राहत पनि बढी दिने अड्कल गरेका थिए । यसरी घरघर डुलेर नाचेर जम्मा गरेको राहत वा दानलाई दैवी विपत्तिमा परेका दुखी असहायहरूलाई बाँडिदिन्थे । गाउँमा चोरी डकैती गर्ने, जुवा तास खेल्ने, अनैतिक कार्यहरू गर्ने, अन्याय र अत्यचार गर्ने सबै जनालाई कारबाही गरेर ठेगान लगाइदिने कार्य पनि यही औँसीको दिन साङदाङराङमा र ढँट्वारेहरूमार्फत गर्दथे । यही समयदेखि याक्खा समुदायमा दोक्केनीमा लाक्को सुरुवात भएको हो भन्ने कथन रहेको छ । दोक्केनीमा नाच नाचेर चामल, पैसा वा अन्य जिन्सी सरसामान उठाएर वा भेला पारेर दैवी विपत्तिमा परेका मानिसहरूलाई उद्धार गर्दथे । यही चलनबाट नै याक्खाहरूको सांस्कृतिक पहिचान दोक्केनी नाचको सुरुवात भएको हो । हिजोआज पनि याक्खा समाजमा लक्ष्मीपूजाको रात टोलटोलका याक्खामाहरू भेला भएर दोक्केनी नाचेर रातभरि रमाइलो गर्ने चलन रहेको छ । अहिले याक्खाजातिको सांस्कृतिक पहिचानका रूपमा याक्खाका हरेक कार्यक्रम र विशेष दिनहरूमा दोक्केनी नाच देखाउने चलन छ । लक्ष्मीपूजाको दिनलाई याक्खा महिलाहरूले महिला स्वतन्त्रताको दिन पनि मान्दछन् । किनभने यस दिन दोक्केनी नाच नाच्दै हिँड्दा ढँट्वारेहरूले जुवा र तास खेल्ने पुरुषहरूको पैसा खोसिदिने, दोक्केनीमालाई अलिकति मात्र छोए पनि ती पुरुषलाई कुटे पनि नियम कानुन नलाग्ने मान्यता अझै व्याप्त छ । कोही पुरुषहरू समाजमा नराम्रो कार्य गर्ने, श्रीमतीलाई हेला गर्ने, चोरी, ठग र डकैती जस्ता अमर्यादित कार्य गर्नेहरूलाई कारबाही यही दोक्केनी नाचमार्फत गर्ने चलन छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मीपूजाको भोलिपल्ट याक्खाहरूले पनि महामारीमा बचेका मानिसहरूलाई अति आवश्यक राहत सामग्री बटुलेर वितरण गर्न ओम्माङबा खेल्न थालेको कथन छ। गाउँभरि साँचो कुरो बताएर बुढापाकाले भट्टयाउने र अरूले हो यो कुरो साँचो हो भन्दै एकै स्वरमा "ओम्माङबा ओम्माङबा" भन्ने गर्दछन्। यही समयदेखि याक्खा समुदायमा ओम्माङबा (देउसी भैलो) खेल्न सुरुवात भएको हो।

चोकचोकी नेथाम र देवान ढुङ्गा : लिङ्खा चेलीले दाइजोका रूपमा प्राप्त गरेका नामथालुङहरू नबिसाई ओख्यु पुऱ्याउनुपर्ने सर्त पूरा नगर्दा फुटेको देवान ढुङ्गाको कथा। सङ्खुवासभा जिल्लाको आँखीभुइँ (ओख्यु) गाउँमा चोकचोकी नेथाम र देवान ढुङ्गा अवशेषका रूपमा रहेका छन्। यिनीहरूका बारेमा विभिन्न मिथकहरू याक्खा समुदायमा सुन्न पाइन्छ। याक्खा बुढापाकाहरूको कथनअनुसार उहिले देवान ढुङ्गा र चोकचोकी नेथाम जिम्दार्नी टारको घनिष्ठ सम्बन्ध थियो। देवान ढुङ्गा सधैँ चोकचोकी नेथाम जिम्दार्नी टारमा राति भेटघाट र रमाइलो गर्न याक्सीघुम जाने गर्थ्यो। प्रायः उसको रात त्यहीं चोकचोकी नेथाम जिम्दार्नी टारमा नै बित्थ्यो र बिहान भाले बास्नुभन्दा अघि नै फर्केर आफ्नो स्थानमा ठडिइसक्थ्यो। यस्तो क्रम कालान्तरसम्म चिलरह्यो। तर एक रात ठुलो अनिष्ट भयो। जुन रात माङलिङ गाउँबाट लिङ्खाहरूकी चेलीले दाइजोको रूपमा नामथालुङहरू बोकेर ओख्यु (हालको मूलगाउँ)मा ल्याइपुऱ्याएका रहेछन्। त्यहीँ रातदेखि देवान ढुङ्गा सधैँझैँ ठडिइरहन सकेन। त्यस रात देवान ढुङ्गा ठुलो गर्जनका साथ गर्ल्यामगुर्लुम्मै ढल्यो। त्यस ढुङ्गाका वरिपरिको क्षेत्रमा छरपस्टै ढुङ्गा छरिएर ढाड भयो। छरिएकामध्ये एउटा ढुङ्गा उछिट्टिएर निकै तल पुगेछ। त्यस ढुङ्गालाई हिजोआज बोल्ने ढुङ्गा भन्ने गरिन्छ। देवान ढुङ्गा ढलेर अवशेष मात्र रह्यो। त्यो देवान ढुङ्गा ढलेकै बेला यता चोकचोकी नेथाम जिम्दार्नी टारमा पनि ठुलो पहिरो गयो। पहिरोले बगाएर जिम्दार्नी टार अवशेष मात्रै रह्यो। जुन बाँकी रहेको टार हिजोआज पनि छँदै छ र त्यसलाई जिम्दार्नी टार भनेर सम्बोधन गरिन्छ। देवान ढुङ्गा ढल्नुको मुख्य कारण लिङ्खाको चेलीले दाइजोको रूपमा नामथालुङहरू राती नै कहींकतै नबिसाईकन ओख्युमा पुऱ्याउनुपर्ने सर्तलाई बिचबाटोमा दिसापिसाब लागेपछि पूरा गर्न नसक्नु थियो। उनले नामथालुङ बिसाएर पाखा बसेपछि नामथालुङ उचालेर बोक्नै सकेनन् र त्यहीं छोडेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गए। अर्को नामथालुङ चाहिँ बोकेर ओख्यु पुऱ्याए। त्यही बेला अनिष्ट भएर देवान ढुङ्गा आफ्नो सर्त छोडेर ढल्न पुगेको किंवदन्ती रहेको छ। देवान ढुङ्गा ढलेको क्षेत्र आसपासमा ढुङ्गैढुङ्गा छरिएर ढाडखोर मात्र छ। देवान ढुङ्गा पहिले कति अग्लो थियो भने त्यसको टुप्पीमा चढेर हेर्दा सप्तकोसी र तराईको फाँट भनी बुढापाकाहरूले कथन सुनाउँछन्। कैयौँ शताब्दीअघि देवान ढुङ्गा ढलेको कारण हाल यो ढुङ्गाको उचाइ करिब १९/२० मिटरको अवशेष मात्र रहेको छ।

कोम्फेलुङ : याक्खाहरूको उत्पतिको इतिहाससँग जोडिएको महत्त्वपूर्ण स्थान/ओढार। मानवसभ्यताको विकासक्रममा कोम्फे थरका याक्खाहरू कोम्फेलुङ भन्ने ढुङ्गाको ओढारमा बस्दथे। रातमा यहाँ बसे पनि दिनमा सिकार खेल्न वा अन्य कार्यहरूका लागि बाहिर जाने गर्दथे। कालान्तरमा कोम्फेहरूको जनसङ्ख्या बढ्दै गएपछि कोम्फेलुङमा अटाउन छोडे। त्यसपछि उनीहरू कोम्फेलुङ आसपासका क्षेत्रमा सर्न थाले। चित्लाङ, सिद्धकाली, पोखरी मयुम, पैरेलगायतका स्थानहरूमा बस्न थाले। त्यस समयमा चित्लाङपारि बाघा भन्ने ठाउँ खरबारी नै खरबारीले ढाकिएको थियो। केही कोम्फेहरू पारीसम्म खर काट्न जान्थे। पछि केही कोम्फेहरू वारिपारि गर्न समस्या भएकोले खरबारीमा याक्सा बनाएर बस्न थाले। कालान्तरमा लिङ्मीथापमा बस्ने कोम्फेहरूलाई लिङ्थेप भन्न थालियो भन्ने भनाइ याक्खा बुढापाकाहरूको रहेको छ। याक्खा भाषामा खरलाई लिङ्मि भनिन्छ। लिङ्मिथाप भनेको खरबारी हो। पछि यही लिङमिथापमा बस्ने याक्खाहरूलाई लिङ्मिथापे हुँदै अपभ्रंश भई लिङ्थेप भन्न थालिएको कथन याक्खा समुदायमा पाइन्छ। यी लिङ्थेप याक्खाहरूलाई पछि दश मझिया थुममा बसोबास गर्ने भएकाले तत्कालीन सरकारले सुब्बा पगरी दिएका थिए। त्यसपछि लिङ्थेपहरूले आफूहरूलाई लिम्बू भन्न थाले। पाँच मझिया थुममा बस्ने कोम्फे याक्खाहरूले चाहिँ मझिया पगरी पाएकाले हामी याक्खा नै हौँ भनेर गर्व गर्न थाले। कोम्फे थरका याक्खाहरूको उत्पत्ति वा इतिहास कोम्फेलुङसँग जोडिएर आएको हुनाले हिजो आज पनि याक्खाहरूको शायापोक्मा (शिर उठाउने पूजा) गर्दा माङहाङ्वाहरूले मुन्दुमको उठान यही कोम्फेलुङबाट गर्ने गर्छन् र यही कोम्फेलुङमा मुन्दुमको अन्त्य पनि गर्छन्। पहिलेपहिले कोम्फेलुङ ओडारभित्र विभिन्न अस्थिपन्जर, माटोको भाँडाकुडाका टुक्राहरू र अँगारहरू भेटिने गरेको याक्खा बुढापाकाहरू बताउँछन्। कोम्फेलुङमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ढुङ्गाको ओखल पनि रहेकोले त्यस ओडारलाई ओखलढुङ्गा पनि भनिन्छ।

भाडालाङ : महामारी फैलँदा आफ्नो जन्मन लागेको बच्चालाई सुरक्षित पार्न एक जना याक्खामाले खोपेको ढुङ्गाको कथा; जहाँ उनी लुकेर बच्चलाई सुरक्षित जन्माएका थिए। उहिले याक्खा गाउँमा सारै ठुलो महमारी (हैजा() फैलियो। त्यस महामारीमा धेरै मानिस, बच्चा र जीवजन्तुहरूको ज्यान गयो। हालको धनकुटा जिल्ला चौबीसे थुमअन्तर्गत मादेन भन्ने गाउँमा एक जना याक्खामाले आफू दोजिया (गर्भिणी) भएको अवस्थामा पनि महामारी र रूढीबाट जन्मिन लागेको सन्तानलाई सुरक्षित जन्माउन ठुलो ढुङ्गा खोपेर लुक्ने ठाउँ वनाएछन्। त्यो खोपेको ढुङ्गालाई नै भाडालाङ भनिन्छ। त्यो खोपेको ढुङ्गाभित्र लुकेर आफ्नो सन्तान बचाएका थिए भन्ने किंवदन्ती याक्खा समुदायमा रहेको छ। उनले एक जना मानिस सजिलैसँग अटाउन सक्ने गरी ढुङ्गा खोपेका थिए। यस ढुङ्गालाई घोप्टो पारेर खोपिएको हुनाले असिना, दर्केपानी, हावा हुरी बतास, आँधीवेहेरी आउँदासमेत सजिलै लुकेर बस्न सकिन्छ। यस भाडालाङको आसपासका ढुङ्गामा अझैसम्म गाई, गोरुलगायत विभिन्न जीवजन्तुका कुँदिएका आकृति र मूर्तिहरू जीर्ण अवस्थामा भेटिन्छन्। यसरी दोजिया याक्खामाले महामारी र रूढीवाट आफ्नो सन्तानलाई सुरक्षित रूपमा बचाउनका लागि यो भाडालाङ खोपिएको हो भन्ने किंवदन्ती याक्खा समुदायमा अद्यावधिक छ।

चुलुम्फी : याक्खाहरूले आफ्नो साँध छुट्ट्याउँदा चिन्हको रूपमा सिमानामा प्रयोग गर्ने गरेको ढुङ्गाको कथा। उहिले किरातीहरूले आफ्नो थातथलोमा खुवा वा जग्गाको क्षेत्रको साँधसिमाना छुट्ट्याउनुपर्दा ठाउँठाउँमा ढुङ्गा गाडेर इर्दा-गिर्दा छुट्ट्याउने गर्थे। यस्ता गडेका चुलुम्फीहरू (ढुङ्गाहरू) अझैसम्म पनि याक्खाहरूले वसोवास गर्ने थातथलोहरूमा देख्न पाइन्छ। यस्तै चुलुम्फीहरूमध्ये सङ्खुवासभा जिल्लाको दश मझिया थुमको आङबुरा र फाक्लिङ गाउँको सिमानामा अवस्थित छ। अहिले यस चुलुम्फीको उचाइ करिव ४ फिट भए पनि उहिले १२ फिटभन्दा अग्लो रहेको याक्खा बुढापाकाहरू बताउँछन्। यो ढुङ्गाको बारेमा एउटा किंवदन्ती सुन्न पाइन्छ। उहिले याक्खा समुदाय पूर्ण रूपमा मातृसत्तात्मक थियो। त्यस समयमा एउटा गाउँबाट अर्को गाउँ छुट्ट्याउन साँध राख्न महिलाहरू आफैँ अग्रसर हुन्थे। त्यही समयमा यो चुलुम्फी एक जना तीन दिनको सुत्केरी महिलाले वहादुरीका साथ गाडेका हुन् भन्ने किंवदन्ती छ। यस्तै चुलुम्फी धनकुटा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लाको चौबीसे थुमको याक्खाहरूको बसोवास स्थान खुवाफोक र मादेन दुई गाउँका बिचमा रहेको छ। जनश्रुतिअनुसार यो चुलुम्फी धेरै अग्लो थियो। कालान्तरमा भाँचिँदैभाँचिँदै हाल यो चुलुम्फीको उचाइ करिब १२ फिट मात्र रहेको हो भन्ने भनाइव छ। उहिले त्यस चुलुम्फीमा चौबीसे थुमका राजाहरूले घोडा बाँध्ने गर्थे। यसै गरी सङ्खुवासभा जिल्लाको पाँच खपन थुमको केराबारीमा पनि चुलुम्फी गडिएको छ। त्यसलाई याक्खा भाषामा पिक्थोक्मालुङ भनिन्छ। एलावा र हाङसेवा थरका याक्खाहरू विच सिमाना विवादको विषयमा लडाइँ हुँदा गडेको त्यस ढुङ्गामा गाईको सिङ ठोकिएर भाँचिएकोले त्यसलाई पिक्थोक्मा लुङ भनिएको बुढापाकाहरूको भनाइ छ।

कोयोङ्वासम्बन्धी मिथक : कोयोङ्वा याक्खाहरूको थातथलो, धिमाल समुदायको उत्पत्ति र सिकारी युगमा याक्खा पुर्खाहरूले गर्नुपरेको सङ्घर्षको कथा। उहिले याक्खा जातिको कोयोङ्वा थरका लालुगाङ, फालुगाङ र ढेमाल नाम गरेका पुर्खाहरू गुल्खु भन्ने ठाउँबाट सिकार खेल्दैखेल्दै गङ्गा नदीको किनारैकिनार आए। उनीहरू दाजुभाइ थिए। सिकार खेल्ने क्रममा सप्तकोसी टापुमा आई बास बसे। भोलिपल्ट फेरि सिकार खेल्न जाँदै गर्दा बास बसेकै ठाउँमा धनुकाँड बिर्सिए। तर बास बसेको ठाउँ त्यहाँबाट निकै टाढा थियो। छोडिएको धनुकाँड लिन कान्छा भाइ ढेमाललाई पठाए। कान्छा भाइ फर्केर आउन ढिलो गरेकाले दाजुहरूले भाइले बाटो पहिल्याउन सजिलो होस् भनेर केराको थाम, होबु (बोहोरी), चोक्चेरु (बडेरा)जस्ता छिट्टै टुसा पलाउने वनस्पतिहरू काट्दै फाँड्दै आए। पछि धनुकाँड लिएर दाजुहरू छोडेको ठाउँमा आइपुग्दा दाजुहरू भेटिएनन्। दाजुहरू कता लागे त ? भनेर बाटो पहिल्याउँदा त जङ्गल फाँड्दा काटेको केरा, बोहेरी, चोक्चेरुको काटेको भाग कालो भई टुसा पलाइसकेको देखे। त्यसपछि "दाजुहरू धेरैधेरै टाढा पुगिसके होलान्। अब भेट्न सकिँदैन" भनी दाजुहरूलाई माया मारे। ढेमाल त्यसपछि छोडिएको स्थान तराईतिरै सिकार खेल्दै बस्न थाल्यो। कालान्तरमा यी कान्छा भाइ नै ढेमालबाट अपभ्रंश भई अहिलेका धिमाल भएका हुन् भन्ने याक्खाव वृद्धवृद्धाहरूको भनाइ छ। धिमालहरूको उत्पति र थातथलोबारे अध्ययन गर्दा पनि कायोङ्वाहरूसँग मिल्दो छ। यता दाजुहरू भने सिकार खेल्दै घुमफिर गर्दै तम्बर नदीको किनारैकिनार आएर तेह्रथुम (हालको सिम्ले भोगटेनी)मा आइपुगे। भोगटेनीका लिम्बूहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नै आसपासमा बसोबास गराउने निधो गरे । ती कायोङ्वाहरू भोगटेनीमा रहँदाबस्दा एक दिन गाउँको पुच्छरको जङ्गलमा सिकार खेल्न जाँदा दुम्सीलाई धुवाँ लगाए । सो क्रममा सारा जङ्गल डढेर गाउँ नै सखाप भयो । गाउँ नै सखाप भएकाले गर्दा लिम्बूहरू असाध्यै रिसाए । त्यसैले ती दाजुभाइलाई मार्न भनी सातुसामल बोकेर लखेट्दै-लखेट्दै गए । ती कोयोङ्वाहरू भाग्दै सङ्खुवासभाको मङ्गलबारे डाँडा आइपुगे । लखेट्दै र भाग्दै जाँदा ओडलिङ भन्ने ठाउँमा आइपुग्दा लिम्बूहरू सबै ओक्ओक् इक्इक् भए । त्यसैले याक्खा भाषामा ओडलिङ भनिएको हो । त्यसपछि पनि लखेट्दै र भाग्दै जाँदा तेल्लोक भन्ने ठाउँमा आइपुग्दा उनीहरूलाई तेनतेन (गाउँगाउँ) जस्तो लाग्यो । तर लिम्बूहरूले लखेट्न छोडेनन् । ती कोयोङवाहरू मुयावा खोलाको किनारैकिनार तुमोक बेसी हुँदै सल्ले, नागिश्वोरेवेसी हुँदै चाम्राङ खोलामा आइपुग्दा माङमाङ मिङमिङ माङदिमा गरे । त्यसैले त्यस ठाउँलाई माङलिङ भनिएको, तर पछि अपभ्रंश भई माम्लिङ भएको याक्खा बुढापाकाहरूको कथन छ । त्यसपछि माम्लिङको पुच्छरको एउटा ओडारमा आइपुगेर वास बसेछन् । लिम्बूहरूले गलेर ओडारमा सुतिरहेका कायोङ्वाहरूलाई याक्लुप कि याक्लुप (च्वाट कि च्वाट) खुकुरीले काटी हत्या गरे । त्यसरी लिम्बूहरूले कोयोङ्वाहरूलाई मारेको हुनाले त्यस ओडारलाई याक्लुप्पे लुङढाङ (याक्लुपे ओडार) भन्ने गरिएको हो । तर लालुगाङ्ले फालुगाङलाई काखीमा च्यापेर भागेकाले दाजुभाइ भने बच्न सफल भए । उनीहरू भाग्दैभाग्दै माङलिङको हुरूपपा तेन (हुरूपपा गाउँ)मा पुगे । त्यहाँ पुगी लिङ्खाहरूलाई आफूले भोगेका सम्पूर्ण वत्तान्त सुनाए । गाउँलेहरूले सम्पूर्ण वृत्तान्त सुनेपछि कोयोङ्वाहरूलाई कोहीले आफ्नै आसपासमा राख्नुपर्ने र कोहीले भने यिनीहरूलाई त सिगुक् लाप्मा (मार्नु वा मास्नुपर्छ) भने । गाउँलेहरूको खाङखाङ्वा वा खोलोङ्वा (मूली)ले गाउँलेहरूसँग सल्लाह गरी यी पनि हाम्रै छुप्पाहरू हुन्, हाम्रै आसपासमा राख्नुपर्छ भनी त्यहीँ राखे । हुरूपपा गाउँमा सबै गाउँलेहरूले सानासाना छाप्राछाप्रीहरू बनाएर बसेका थिए । कोयोङ्वाहरूले पनि त्यहीँ छाप्रो बनाएर बसेका थिए । कोयोङ्वाहरू लालुगाङ र फालुगाङ एक दिन वेउलीटारको पोखरीमा सिकार खेल्न पुगे । उहिले यो पोखरीको छेउको वाटो भएर विहे गरेर बेहुली ल्याउँदाल्याउँदै त्यही पोखरीमा अलप भएका थिए । उक्त घटनापछि यो पोखरीलाई बेउलीटार वा बेउलीपोखरी भन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थालिएको हो। कोयोङ्वा दाजुभाइ बेउलीपोखरी पुग्दा पोखरीवरिपरि बँदेल, मृगलगायतका धेरै वन्यजन्तुहरू चट्याङ परेर मुर्छा परिरहेका थिए। यो देखेर दाजुभाइहरू खुसी भई हतारले दुईवटा बँदेलको मात्र खुट्टाको धरनासो काटेर गाउँलेहरूलाई लिन फर्के। उनीहरूले सारा गाउँलेहरू लिएर सिकार लिन सबैले डोको बोकेर बेउलीपोखरी आइपुग्दा त धरनासो काटेका बँदेलबाहेक सबै बौरेर भागिसकेका रहेछन्। त्यसपछि "यी कोयोङ्वाहरूले हामीलाई ढाँटेर दु:ख दिए। यिनीहरूलाई पहिले नै मास्नुपर्छ भन्दा तिमीहरू मानेनौ। यसरी नै हामीलाई दु:ख दिन्छन् भने हामीले यिनीहरूलाई त्यसै छोड्नु हुन्न" भन्दै गाउँलेले सल्लाह गरे। यी दाजुभाइहरूलाई ठिक नलगाई नहुने भो भनी सबै गाउँलेहरूले कमारो वा घर्ती बनाउने निधो गरे। उनीहरूले ती दाजुभाइलाई केराको पात ओछ्याएर बिचको डुँडबाट पानी खन्याई लछुनेअ्मा (पानी नचल्न वा पानी हटक) गरे। यसरी लिङ्खाहरूले कोयोङ्वाहरूलाई पानी नचल्ने कमारो बनाइसकेपछि पनि उनीहरू सिकार खेल्न भने गइरन्थे। ती कोयोङ्वाहरू सिकार खेल्दै टाढाको तुमोक गाउँसम्म पुगेर राति बास बस्न माम्लिङ आइपुग्थे। लिङ्खाहरूले कायोङ्वाहरूलाई पानीहटक गरेर कमारो बनाएकोमा उनीलाई सारै रिस उठेको थियो। लालुगाङचाहिँ निकै जान्ने बिजुवा पनि थिए। लालुगाङले लिङ्खाहरूको चेलीलाई जङ्गली उठाइदिएर लाटी जस्तै बनाएकाले एक दिन ती चेली जङ्गलतिर पसेछन्‌ लिङ्खाहरूले सबैतिर चेलीलाई खोजे। तर कहीँ पनि नभेटेपछि ती कोयोङ्वाहरूलाई अलिअलि हेराइकेराइ पनि गर्छौ ? भनेर सोधनी गरे। कायोङ्वाहरूले अलि अलि भनेर जवाफ दिए। त्यसो हो भने आज बेलुका चिन्ता बस्नुपर्छ भनेर सल्लाह गरे। बिजुवाले एउटा धागोको डल्लो चाहिने बताए र रातभरि चिन्ता बसेर त्यो धागोलाई जङ्गलतिर फ्कारे। बिजुवाले "यो धागोको डल्लो जहाँ पुगेको हुन्छ, त्यहीँ तिमीहरूको चेली भेट्टाउनेछौ" भने। भोलिपल्ट बिहान सबै जना गाउँलेहरूले धागो पहिल्याउँदै जङ्गलमा पुग्दा धागोको डल्लो भेटेको ठाउँबाट एउटा चिल मात्र उडेर पारी भीरको ओढारमा बसेको देखे। यही कुरा बिजुवालाई सुनाए। बिजुवाले ओढारमै खोज्नु त्यहीँ भेट्टाउनेछौ भने। सोहीअनुसार गाउँलेहरू भीरको ओढारमा गई हेर्दा साँच्चै उनीहरूको चेली त त्यहीँ बसिरहेको भेटे। उनीहरूको चेलीले कसैलाई नहेर्ने, कसैसँग नबोल्ने, लाटी भएर बसिरहेको थियो। त्यसपछि उनीहरूले चेलीलाई समातेर घरमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ल्याएपछि फेरि बिजुवासँग "हाम्री चेलीलाई बोल्ने बनाइदिनुपऱ्यो" भनी बिन्ती बिसाए। ती बिजुवाले चिन्ता गर्दै गएपछि ती चेली पहिलाको जस्तै भइन्। त्यसपछि गाउँलेहरूले सल्लाह गरेर "हिजो हामीले यिनीहरूलाई लछुनेअ्मा गरेका थियौँ। यिनीहरू त महा जान्ने बिजुवा पो रहेछन्। कोहीसँग नबोल्ने चेलीलाई निको पारिदिएबापत तिमीहरू के माग्छौ ?" भनी सोधे। "हिजो तिमीहरूले हामीलाई लछुनेअ्मा गरेका थियौ। त्यसबाट मुक्ति दिएर तिमीहरूसरह बनाइदेऊ। हामीलाई सुनचाँदी केही पनि चाहिँदैन" भने। त्यसपछि गाउँलेहरूले सल्लाह गरेर राँगा काटेर ठुलो भोजको आयोजना गरी फेरि केराको पात सुल्टो पारेर गाजाबाजा बजाउँदै लछुनेअ्माबाट फुकाई कोयोङ्वाको कोयोङ्वा बनाइदिए। ती कायोङ्वाहरू भगवान्सरह नै भए। उनीहरू सिकारीहरू भएकाले जहाँ सिकार पाइन्छ त्यहीँ सिकार गर्न जाने गर्दथे। त्यसै हुनाले हुनाले हात लिनुपर्छ भन्ने गाउँलेहरूको मनसाय भयो। गाउँमै राख्नुपर्छ भनेर उनीहरूले उपकार गरेकै चेलीलाई बिहे पनि गराइदिए। रहँदाबस्दै उनीहरू सिकारी भएका कारण सिकार खेल्न आउँदाजाँदा तुमोक गाउँमा सबभन्दा धेरै सिकार पाइन्छ भन्ने कुरो बुझे र कोयोङ्वाहरूले आफ्नो जहानलाई पनि साथैमा लिएर तुमोकमा बसोबास गर्न थाले। माम्लिङबाट लिङ्खाहरू बारम्बर आफ्नी चेली भेट्न तुमोकमा आउने जाने गर्थे। त्यस समयमा लिङ्खाहरूले चनाखो भएर तुमोकको ओटेम्मा टोललगायत ताङसुके, इमोरोङ्मा आदि राम्रा ठाउँहरू फाँडिसकेका थिए। कालान्तरमा लिङ्खाहरू पनि तुमोकमै बसोबास गर्न थाले। यसरी लिङ्खाहरूले कोयोङ्वाहरूलाई पछ्याउँदै आएकाले अहिले पनि ती माम्लिङबाट आएका लिङ्खाहरूलाई इकनाप् लिङ्खा भन्दछन्। लालुगाङ र फालुगाङ याक्खाहरूको सन्तान पिङखिमेङ र युङखिमेङ भए। कालान्तरमा पिङखिमेङ र युङखिमेङ छुट्टिएर बसे। उनीहरूका सन्तानहरूले डाँडाकाँडा ढाके र यी नै पिङखिमेङ र युङखिमेङका सन्तानहरू तुमोकमा रहेका सबै कोयोङ्वाहरू हुन् भन्ने कथन याक्खा समुदायमा रहेको छ। अझै पनि तुमोकमा पिङखिमेङ लुङख्वाक (ढुङ्गा) र युङखिमेङ लुङख्वाकहरू देख्न पाइन्छ। ती ढुङ्गाहरू रहेको ठाउँमा नै पिङखिमेङ र युङखिमेङले आआफ्ना घरहरू बनाएर बसेका थिए। यसलाई नै कोयोङ्वा थरका याक्खाहरूको मूल थातथलो वा आदिम थलो मानिन्छ। कुनै पनि पूजाआजा गर्दा धाम वा माङहाङवाहरूले यही ठाउँबाट मुन्दुम सुरुवात गरेको पाइन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र मुन्दुमको अन्त्य पनि यही पिङखिमेङ र युङखिमेङको आदिथलोमा नै मुन्दुम बिसाउने गर्दछन् ।

खावा (मर्चा) को उत्पत्ति : मर्चाको आविष्कार तथा मानिसको आविष्कारबारेको रोचक कथा । उहिले महादेवले मानिसको सृष्टि गर्ने क्रममा सुन, चाँदी, हीरा, मोती जस्ता बहुमूल्य धातुले मान्छे बनाउने प्रयास गरे । तर, त्यस्तो बहुमूल्य धातुबाट मान्छे बनाउँदा बोल्न सकेन । अन्तिममा खरानी र कुखुराको सुली मिसाएर मान्छे बनाउँदा मात्र बोल्न सक्यो । महादेवले खरानी र सुली जस्तो तुच्छ वस्तुले बनाउँदा मात्र बोलेकाले 'थुक्क मरी जा' भनेर सरापे । त्यसरी मानिसलाई जन्मिँदै महादेवले सरापेको कारण हरेक मानिसहरू जन्मेपछि मर्ने नियम बसेको नत्र मानिस अजम्बरी हुने विश्वास रहेको पाइन्छ । महादेवले मान्छे बनायो र बोल्यो पनि, तर त्यो मान्छे अत्यन्त आँटविहीन भयो । त्यो मान्छेले केही गर्न सक्दैनथ्यो । त्यसपछि फेरि मान्छेलाई साहसी बनाउन संसारभरिका झार जङ्गल र वनस्पति खोजेर महादेवले दिए । तर अझै आँट आएन । अन्तिममा वनस्पतिहरू खोज्दाखोज्दा मर्चेझारहरू जस्तै वाथेङगाङ, कोङचेङफेक, तुप्पेफुङ र साम्वारीगेक आदि वनस्पति कुटेर धुलो पारी झोल ख्वाउँदा मात्र मान्छेमा साहस आयो । यी वनस्पति खाएपछि त मान्छेमा यस्तो साहस आयो कि महादेवमाथि नै जाइलाग्ला जस्तो भयो । यसै समयदेखि मर्चा बनाएर अन्नसँग मोली जाँड बनाउन थालिएको हो भन्ने कथन याक्खा वुढापाकाहरूले सुनाउने गर्दछन् । अहिले पनि याक्खा गाउँघरमा मर्चा बनाउँदा वाथेङगाङ, कोङचेङफेक, तुप्पेफुङ र साम्वारीगेक जस्ता वनस्पति खोजीखोजी मर्चामा लगाउने गरिन्छ ।

थाङचेङ्वा लुप्लुङ (ओडार) : थाङचेङवा नामका याक्खा जिम्मुवालको दुःखद मृत्यु भएको ओडारको कथा । उहिले याक्खा गाउँ तुमोकमा थाङचेङ्वा नाम गरेका एक जना याक्खा थिए । उनले वरिपरिका गाउँबाट कर जम्मा गर्ने जिम्मा लिएका थिए र कालान्तरमा पिङखिमेङ र युङखिमेङ छुट्टिएर बसे । पिङखिमेङले मझियाको जिम्मा पाएका थिए । यसरी जिम्मुवालको काम गर्दा टाढा थाङचेङ्वा बस्न थालेछन् । ऊसँग एउटा कुकुर पनि थियो । कहिलेकहीँ घरमा त्यो कुकुर मात्र आउने गर्थ्यो । एक दिन थाङचेङ्वाको श्रीमतीले आफ्नो श्रीमान् कहाँ बस्दो रहेछ ? हेर्न पो जानुपर्‍यो भनी कुकुर घरमा आएको मौका पारेर कुकुरको घाँटीमा खरानीको पोका बाँधी एउटा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सानो प्वाल बनाएर पठाए । त्यसपछि आफू पनि कुकुरको पछिपछि गए । कुकुर ओखेगाउँमुनि रहेको ओढारमा पुग्यो । त्यहाँ पुग्दा त थाङचेङ्वा त्यही अत्यन्तै वृद्ध भएर दारीजुँगा फुलेर सेतै भएर बसका थिए । जब थाङचेङ्वाकी श्रीमती त्यहाँ पुग्दा सेतै फुलिसकेको थाङचेङ्वाले पनि सेतै फुलिसकेको माहुमाच्याङ (वन झाँक्रिनी) आयो भनेर भाग्नलाई जुरुक्कै उठ्न खोज्दा ओडारमा ठोक्किएर त्यहीँ मृत्यु भयो । त्यसैले यो ओढारलाई थाङचेङ्वा ओडार भनिएको हो भन्ने किंवदन्ती रहेको छ । उक्त ओडार अझै पनि यथावत् रहेको पाइन्छ ।

❑

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

याक्थुङ (लिम्बू)

अधिन लुङ फप्फप् लुङ : चिल्ला सेता डिम्माअकारका देव ।

अन्दङ फुङ र सेक्मुरी फुङ : अन्दङ (बावरी) फूल मृत्यु र अशुभको प्रतीक हो भने सेक्मुरी (सिल्लरी) फूल जीवन र शुभको प्रतीक हो । केसामीनाम्सामी मुन्दुमअनुसार आमा तिगेन्जङ्नाले जुम्ल्याहा छोरा केसामी (बाघ) र नाम्सामी (मान्छे) विचको निर्णायक युद्धको जोखना हेर्दा यिनै फूलको प्रतीकको रूपमा प्रयोग गरेकी थिई । सिमलको नवौं तलाबाट नाम्सामीले आठौं पटकसम्म प्रहार गरिरहेका काँडलाई छल्दै केसामी आठौं तलामा पुग्दा अन्दङ फूल हलकहलक पलाएर मगमगाउन थाल्यो भने सेक्मुरी (सिल्लरी) फूल ओइलिन थाल्यो । तर परिणाम उल्टो भयो, बुद्धि लगाएर नाम्सामीले केसामीलाई मारेरै छोड्यो । अन्दङ (बावरी) फूल ओइलायो भने सेक्मुरी (सिल्लरी) फूल हलक्क पलायो । यसरी अन्दङ (बावरी) फूल फस्टाउनु, त्यसको गन्ध मगमगाउनु अशुभ मानिन थालियो भने सेक्मुरी (सिल्लरी) फूललाई जीवनको प्रतीक मानिन थालियो ।

अम्लारी फुङ : मुन्दुमअनुसार पृथ्वी, हावापानी, ढुङ्गामाटो, नदीनाला, जीवजन्तु, विवेकशील मानवको साथसाथै वनजङ्गल सृष्टि भए पनि फूलहरू नहुँदा पृथ्वी सुहाएन । भगवान् तागेरा निङ्वा?भुमाङले पोरोक्मी याम्भामी माङलाई विभिन्न जातका फूल सृष्टि गर्न लगाए । उसले सेम्भुङ फुङ वियोगको फूल, तुम्भोङ फुङ पुनर्मिलनको फूल र अम्ला फुङ या अम्लारी फुङ (सुनाखरी) प्रेमको फूल सृष्टि गऱ्यो । पाजाइबा मुन्दुमअनुसार अति रूपवती युवती लुप्लिना वदन्नामालाई पाजाइबाले सेतो अम्ला फुङ (सुनाखरी फूल) लाई भर्लाको पातमा लपेटेर भर्लाकै लहराले बाँधेर मालिङ्गो बाँसको थाँक्रा (काइँयो) सहित प्रेमको सौगात पठायो । प्रत्युत्तरमा लुप्लिना वदन्नामाले गुलाबी अम्लाफुङ, कोम (बिनायो), पङ्खा, साकफारी, याङ्घा बाँसको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चोयाले बुनेको जाबे थैलीभित्र हाली सौगातको रूपमा पठाई। पाजइवाको अन्तःस्करणबाट प्रेमको अमर फूल फुलेर आयो। कालान्तरमा उनीहरूले नाःक्सिङ्मा मेःतखिम् (मगनी विवाह) गरे। त्यसैले अम्लाफुङ या आम्लारी फुङ आदान-प्रदान गर्दा माया पिरती अमर हुने मुन्दुम छ।

अस्योमा र थोक्फेला : मुन्दुममा थोक्फेला (लाली गुराँस)लाई ईर्ष्या आँखीडाहीको प्रतीक मानिन्छ भने अस्योमा (उत्तिस) लाई पश्चात्ताप र आत्महन्ताको प्रतीक मानिन्छ। लोककथाअनुसार सृष्टिकालमा जिउडाल मिलेकी तरुणी युवती अस्योमालाई तन्देरी पुग्दै गएको थोक्फेला (गुराँस) युवकले अति नै मन पराउँथ्यो। हिउँदको जाँडोले नाङ्गो अनि जिउडाल पनि नमिलेको ग्याँचे, खुइले थोक्फेलालाई एक हिउँद अस्योमाको मगनी गर्न जाँदा अस्योमाको आमावुवाले अपमान गरे। उसको खुवै चित्त दुख्यो। चैतवैशाख महिनामा आफू पनि कम राम्रो नहुने भन्दै लेकतिर लाग्यो। हिउँद बितेर गयो। चैतवैशाख महिना आयो। थोक्फेलालाई सम्झेर अस्योमा लेकतिर लागी। तलमाथि, वरपर हेरी। घामझैँ झलमल्ल, रातास्ये, वन नै उज्यालो हुने गरी फक्रिएको थोक्फेलालाई देखेर ऊ पश्चात्तापमा जली। त्यति सुहाउँदो र सुन्दर थोक्फेलासँग बुवाआमाको कारण विहे हुन नपाएको ठानी उसले नजिकैको पहिरो गएको अग्लोभीरमा हामफालेर आत्महत्या गरी। तब पाखो, भीर, सिम जग्गा तथा पहिरो गएको ठाउँमा मात्र अस्योमा उम्रिन थालेको लोककथा छ।

आप्ताङ्वा तिताङ्वा : मुन्दुममा वर्णित पवित्र खोला। विभिन्न देवीदेवताको विचरण भूमि। थेबा साम्माङ मुन्दुमअनुसार चुक्निवा र लाधिपाको पासोमा वुढो मानिसको स्वरूपमा पल्टेको हाङसाम थेवा भाग्दा उसको कुर्कुच्चाले थुरिएर पानीको मूल फुट्यो र खोलै बग्यो, त्यो खोलाको नाम आप्ताङ्वा हो। तिताङ्वा पनि आप्ताङ्वामै मिसिने अर्को खोल्सी हो। चुक्निवा र लाधिपाको आङमा अवतरित भएपछि हाङ्साम् थेबा आप्ताङ्वा तिताङ्वा क्षेत्रबाटै अलप भएको मानिन्छ। यी दुई खोल्सा पाँचथर जिल्लाको रानीटार गाउँमा पर्दछन्।

आवारा चङ्खिहाङ्मा : सावा येत्हाङहरूका परम सुन्दरी चेली आवारा चङ्खिहाङ्मा माइतीलाई दुःख दिने मेफ्रामा साम्माङ बनेको मुन्दुम छ। मुन्दुमअनुसार मगनी गर्न आउने कुटुम्बलाई सावा येत्हाङहरूले ठुलो रकम सुनौली माग्दा उसले बुढी कन्यै भएर बस्नुपऱ्यो। माइती पक्षका कारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवाह हुन नसकेको रिसमा सेसेन्तरहरूका राजा दमुको रानी बन्न पुगेकी उसले सेना पठाएर बिहानबेलुकै आठ-आठ जना माइती पक्रिँदै लैजान थाली । सावा येत्हाङहरूले देवताहरूको गाउँ सोधुङ्गेन लेप्मु तेम्बेमा गएर आफ्नो दुःख बिसाए । साम्केलो केवा फुङ्वामाङको हृदय जागेर आयो । उसले वंशकै सबैभन्दा पाको फेदाङ्मालाई सेसेन्तरहरूको गाउँमा कात्रो ओढाएर मृतकको रूपमा पठाई आवारा चङ्खिहाङ्मालाई फकाउनुपर्ने बतायो । सावा येत्हाङहरूले केवा फुङमाङले भनेजस्तै आवारा चङ्खिहाङ्मालाई आइन्दा कोरली बाच्छी र सुँगुरले मानमनितो गर्ने भनेर फकाएपछि गाउँमा सेसेन्तरका सेना आउन बन्द भयो । यसरी मेफ्रामा साम्माङलाई कोरली गाईको वलि दिएर पूजा गर्ने प्रचलन सुरु गरियो ।

इधुङ यक नाम्भुन यक : नेम्बाङवंशी याक्थुङ (लिम्बू)हरूको उत्पत्तिका थातथलो, पवित्रस्थल । सिकारी दाजुभाइ चुक्निवा र लाधिप्पाले रणदेवता हाङसाम थेबाको दर्शन पाएपछि शक्ति र सौर्यले खडा गरेको राज्य । कथाअनुसार सुखिम देशका बासिन्दालाई सेता भालुले खाएर सखाप पार्न लागेपछि त्यहाँ राजाले चुक्निबा र लाधिप्पालाई बोलाए । उनीहरूले नरभक्षी भालुमाथि विजय प्राप्त गरेर सुखिमलाई ठुलो दुःखबाट मुक्ति दिलाए । यसबापत राजाबाट आधा राज्य दिने प्रस्ताव भयो तर उनीहरूले परदेशको राज्य रुचाएनन् । बरु राजाका छोरीहरू बिहे गरेर ल्याए । त्यसपछि नै उनीहरूले इधुङ यक नाम्भुन यक स्थापना गरे । उहिलेको इधुङ यक नाम्भुन यक हाल इत्थुङ्मा अपभ्रंश भएको छ । यो मेची राजमार्ग नजिक पाँचथर जिल्लामा पर्छ ।

इप्नासो सरेङधङ्मा : अप्राकृति यौनतृप्तिले सेहैं बनेकी पात्र । मुन्दुमअनुसार बाँझी कोखकी सरेङधाङ्माले यौनतृप्तिका लाभ्रेकिरालाई स्तन चुसाउने गर्दा लाभ्रेकिरा मोटाउँदै गयो र ऊ दुब्लाएर मरी । उसका माइतीले लाभ्रेकिरालाई ढुङ्गामा पछार्दा त्यसको रगत चारैतिर फैलिएर दुधे बालक, गर्भवती आइमाईलाई दुःख दिने प्रेत बन्यो ।

इरेर इधुक्नामा : पाजाइबा मुन्दुमअनुसार सोधुङ्गेन लेप्मुहाङ र लाओती फुङ्माहाङ्माको अनैतिक सम्बन्धबाट पाजाइबा र इरेर इधुक्नामाबिच आमाको गर्भभित्र संसर्ग भई एकै पटक जुम्ल्याहा छोरासहित चार जनाको जन्म भयो । तर सावा येत्हाङवंशमा आपसी हाङनाताबिच विवाह गर्न बन्देज लाग्दै गएकाले इरेर इधुक्नामाले माइती पाजाइबालाई अर्कै केटीसँग विवाह गरेर घरजम गर्न लगाई । पाजाइबाले कहिले भोटचीन गएर त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कहिले पश्चिम दिशातिर गएर साइनो नपर्ने कन्याहरू विवाह गरेर ल्यायो तर इरेरे इधुक्नामाले सौता ठानी ईर्ष्याडाहा गर्दा ती कन्या आ-आफ्नो घर फर्के । अन्त्यमा दक्षिण दिशाकी कन्या लुप्लिाना वदन्नामालाई उसले नयाँ घर बनाएर विवाह गऱ्यो । उनीहरूको कोखबाट खेवातुम्वा र तिक्वाकेःम्बानामक बच्चाहरू जन्मे । पाजाइबा र लुप्लिना वदन्नमा मेलापात जाँदा घरमा इरेरे इधुक्नामाले डाहा गरेर आमा नभएको, बुवा नभएको, बतासे बच्चा भन्दै भदाहरूलाई कोक्रोमा खुट्टाले हल्लाउने कुरा खाप्पुना मेल्लनहाङ्माले चाल पाएर पाजाइबालाई पोल लगाई । उनीहरूबिच ठुलो कल झगडा उत्पन्न भयो । पाजाइबाले चेली इधुक्नामालाई मार्न झम्ट्यो । तर लुप्लिना वदन्नामाले त्यसरी सीधै मार्न नहुने बरु फूलले स्तनमा हानेर मार्न सल्लाह दिई । चारतिर गएर बटुलेका जोवनका फूलका आठवटा गुच्छा बनाई सावा येत्हाङ गाउँका तरुनीहरूलाई पाजाइवाले बाँड्न लाग्दा इरेरे इधुक्नामालाई डाहा उत्पन्न गयो । उसले फूलको एउटा मुठा चोरेर लुकाई । आफूलाई मात्र फूल नदिएको भनी माइतीलाई दुर्वचन लाउन थाली । त्यही बेला पाजाइबाले अघि तयार गरिराखेको अशुभ फूलको मुठाले उसको स्तनमा लाग्ने गरी हिर्कायो । उसले पनि अघि चोरिराखेको फूलले पाजाइबालाई हिर्काई । यसरी माइतीचेलीबिच फूलले हानाहान हुँदा फेरि पापव्यभिचारको जन्म भयो । शिर ढलेर बिरामी भएकी इधुक्नामाको स्तन कुहिएर मृत्यु भयो । सावा येत्हाङवंशमा चेली माइतीविच फूलले हानाहान गर्न नहुने मान्यता स्थापित भयो ।

उपाङ्गे पुपाङ्गे : घस्रिहिँड्ने खोरन्डो देव ।

एरेहाङ : लिम्बू लोककथामा आउने सारै बुद्धिमान बालक । उहिले पल्लोकिरात लिम्बुवानको एक गाउँमा औंसी-पूर्णेको छेकमा एउटा भयङ्कर राक्षस आउँथ्यो । त्यसले गाउँका जीवजन्तुदेखि मानिससम्मलाई खाएर सक्न लागेको थियो । एक दिन बुढी बजू र मुसुमुसु हाँसिबस्ने सानो नाति एरेहाङलाई राक्षसले खाने पालो आयो । बजूले वंश निरन्तरताका लागि राक्षसबाट बच्न एक जोर गौंथली र भुटेको मकैभटमास रुमालमा दिएर एरेहाङलाई अर्के गाउँमा पठायो । एरेहाङले बाटोमा एउटा कुवा भेट्टायो, भोक लागेकोले मकै भटमास खायो । गर्मी होला भनी रुमाल भिजाएर बोक्यो । घनाजङ्गलको बाटोमा अचानक राक्षससँग उसको जम्काभेट भयो । रातोरातो आँखा पारेर त्यसले उसलाई खानुभन्दाअघि एकदुईवटा खेल खेल्नलाई जिस्क्यायो । खेल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हारेमा जङ्गलबिचको आफ्नो दरवार दिएर नोकर भई बस्न तयार भएको तर जितेमा चाहिँ क्वाप्पै खाइदिने सर्त सुनायो। पहिलो खेलमा ढुङ्गा निचोरेर पानी निकाल्यो राक्षसले। एरेहाङले पनि भिजेको रुमालसँग ढुङ्गा निचोऱ्यो। दोस्रो खेलमा एउटा ढुङ्गा धेरै नै टाढा, माथिमाथि आकाशमा फ्याँकी पठायो, त्यो निक्कैबेरमा मात्र जमिनमा खस्यो। एरेहाङको पालो इष्टकोटको गोजीमा बोकेको गौँथली निकालेर फुत्त उडाइपठायो। यसमा पनि हारेपछि राक्षसले ठुलो रूख ढालेर सँगै बोक्ने, जो छिटो थाक्छ त्यो हार्ने बतायो। चलाख एरेहाङले रूखको टुप्पोपट्टि बोक्यो, फेदपट्टि बोकेको राक्षस हाऱ्यो। यसरी राक्षसको जङ्गलबिचको दरवार प्राप्त गरेको उसले राक्षसलाई नोकर बनाउनुको साटो माफी दिँदै आफ्नो गाउँमा फेरि फर्की नआउन, टाढाटाढा जानलाई आदेश गऱ्यो।

काक्तिसो : मुजिङनाखेयङ्ना मुन्दुमअनुसार प्रथम सिकारी सावा युक्पुङ्गेम्बालाई दुई श्रीमतीले आपसी ईर्ष्या गरेर ढुङ्गाको पासोमा थापिमार्ने षड्यन्त्र गरेको पोल सुनाउने चरा।

कात्ताक्वा : सम्बन्धविच्छेदको प्रतीक उनिउको पात। उहिले मानिस र देवताबिच कुटुम्बेरी सम्बन्ध चल्थ्यो। एक दिन देवताहरूले जङ्गलमा ठुलो जरायोलाई समात्नभन्दा ज्वाइँ (मान्छे) ले त सानो मुष्टेचरीलाई मात्र फ्याट्ट मारेर कानमा सिउरियो। ठुलो जरायो खोइ भनेर देवताहरूले केरकार गर्दा उसले यही त हो नि भनेर त्यही मुष्टेचरी देखायो। देवताहरूले त्यसलाई फोरफार पारी बिलो बाँडे। मान्छेले पनि एउटा फिला पाएर कानमा सिउरेर घर लाग्यो। घरमा तान बुन्दै रहेकी स्वास्नीले आफ्ना माइतीले ठुलठुलो बिलो ल्याएको तर श्रीमान्चाहिँ रित्तै आएको ठानेर सिकारबारे सोधी। मान्छेको पालो कानबाट झिकेर स्वास्नीको तिघ्रामा त्यस मुष्टेचरीको फिला राखिदिँदा तिघ्रै ठनक्क भाँचियो। मानिस र देवताबिच यसरी कामगराइ, लवाइ, खुवाइ केही नमिल्ने भएर सम्बन्धविच्छेद गर्ने सल्लाह भयो। मान्छेबाट अदृश्य हुन देवताहरू उनिउको पातपछाडि अलप भइगए। 'कात्ताक्वा मिक तेप् तेप्' अर्थात् उनिउको पातपछाडि लुकेका अदृश्य देवताले मानिसलाई देख्न सक्ने तर मानिसले देवतालाई देख्न नसक्ने मान्यता छ।

कान्देनहाङ : युमा साम्माङको भक्त। किरात याक्थुङ (लिम्बू) राजाहरूबिच आपसी लडाइँ, हत्या, हिंसा फैलिएपछि त्यसको विकल्पमा ज्ञान, बुद्धि र युमाधर्म फैलाउने महात्मा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काम्दोङ्नाम्बा अर्थात् योबाताङ्बा साम्मा : सावा येत्ताम्बा मुन्दुम्अनुसार ईर्ष्या आँखीडाहीका सावा येत्ताम् (आठ वटा) घाममध्ये खाम्लुङ् अइहाङ्बा दुम्सीले काँड प्रहारी गरी मारेको एउटा घाम । आठ तले बाँसको टुप्पामा लुकेर बसेर उसले हानेको काँड काम्दोङ्नाम्बा घामलाई लागेर त्यसको रगत मुजिरिमुलोङ् थाजिरिथालोङ् माटोमा खस्दा त्यसबाट अमङ्गलकारी देवग्रह योबाताङ्बा साम्माङ्को सिर्जना भयो । यसलाई आठपहरिया राईले धनकुटा मार्गथानमा पुज्ने गर्दछन् ।

केसामी–नाम्सामी : केसामी नाम्सामी मुन्दुममा वर्णित पशुतामाथि मानवताको विजय भएको कथामा आउने जुम्ल्याहा पात्र । मुन्दुमअनुसार आमा तिगेन्जङ्नाको कोखबाट जुम्ल्याहा सन्तान मानिस र वाघको जन्म भयो । जेठो भाइ केसामी (बाघ) थियो भने कान्छो भाइ नाम्सामी (मान्छे) थियो । जहिल्यै दाजु केसामीले नाम्सामीलाई खान खोज्थ्यो । हुँदाहुँदा आमालाई पनि त्यसले झम्टिन थाल्यो । एक दिन नौतले सिमलको रूखमा योजनाबद्ध रूपमा केसामी र नाम्सामीको युद्ध भयो । अन्ततः सिमलको आठौँ तलामा आफूलाई खान आइपुगेको केसामीलाई नाम्सामीले झुक्क्याएर काँडले हानी मार्‍यो । हिंस्रक पशुमाथि मानिसको बुद्धिले विजय प्राप्त गरेको मिथक हो यो ।

कुरोती माङ कुमाई माङ : सृष्टिको सुरुवातमा पक्षीका रूपमा प्रकट भएको वायुदेवता । नावाचइःत् मुन्दुमअनुसार अमर देवता तागेरा निङ्वा?भुमाङपछि सर्वप्रथम वायु देवताको रूपमा कुरोती माङ कुमाई माङ प्रकट भयो । यो माङ हुरी भएर हुनहुनाउँदै जाँदा हुरीको टुप्पोमा खस्रो बालुवाका कणहरू उत्पन्न भई त्यसबाट मुरोत्लुङ खेरोत्लुङ शीला पत्थरको देव प्रकट भयो । त्यसमाथि कुरोती माङ कुमाई माङ पखेटा फटफटाउँदै कावा खाने, पुच्छर फरफराउँदै नाच्दा त्यसको देहबाट पसिना उत्पन्न भई जलको सृष्टि भयो । त्यो मुरोत्लुङ खेरोत्लुङमा वृष्टि भई पोखिएर छताछुल्ल भयो । याकाक्ला भन्ने वासस्थानबाट तागेरा निङ्वा?भुमाङले के भयो त सृष्टि भनी आँखा डुलाउँदा दाहिनेपट्टिको परेला झरेर सरिसृप बन्यो । त्यो वरिपरि वटारिएर त्यसभित्र सागर बन्यो । त्यसमाथि कुरोती माङ कुमाई माङको रौँ झरेर कावोतीको फूल लेप्पेताको फूल बन्यो । कुरोती माङ कुमाई माङको पुच्छरको प्वाँख खसेर लाइसु नाम्इसु (मन्थनी) बनी त्यस सागरलाई मन्थन गर्न समर्थ बन्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खाप्पुना मेल्लनहाङ्मा : खाप्पुना मेल्लनहाङ्मा मुन्दुमअनुसार खाप्पुना मेल्लनहाङ्माको मृत्युपश्चात् नै सावा येत्हाङवंशमा मृत्युसंस्कारको थालनी भएको हो। दाजुभाइ, चेलीबेटी सबै समेटेर पाजाइबाले मानवजातिको पहिलो घर बनाउने क्रममा घरको मूल धुरी खम्बा सबैले उचालेर गाड्न लाग्दा खाप्पुना मेल्लनहाङ्माको काइँयो खाडलमा खस्यो। काइँयो टिप्न खाडलभित्र पस्दा थाम्न नसकेर छोडेको खाँबाले किचिएर ऊ मरी। पाजाइबा, पान तुम्म्याङ र तेन तुम्म्याङले उसको लासलाई डाँडाको ओढारमा कुनै सद्गत नगरी फ्याँकिदिँदा ऊ प्रेतयोनिमा गई। सावा येत्हाङवंशको मायाले ऊ आधारातको बेला प्रकट भई सारा बारी खनिदिने, माइतीहरू बारीमा गएको बेला घरमा वडारकुँडार गर्ने र खाना पकाइदिने गर्न थाली। यी सारा कुरा देखेर छक्क परिरहेका पान तुम्म्याङ र तेन्तुम्म्याङलाई तोरोना र खुक्वानामक चराले उनीहरूको मरिसकेकी चेली राति आएर बारी खन्ने र भाले बास्ने बेला अलप हुने वताए। एक रात पान तुम्म्याङ र तेन्तुम्म्याङले च्याप्प पक्रिँदा उसले जीवित मानिससँग आफ्नो कुनै साइनो सम्बन्ध नभए पनि राम्ररी सद्गत नभएकोले सांसारिक मायामोहले डोऱ्याइरहेको बताई। मृतकको उचित मृत्यु संस्कार नभए मृत्युपछि सांसारिक मोहवन्धनबाट मुक्त हुन नसकी प्रेतयोनीमा जानुपर्ने मृत्युसंस्कारका विधिविधान बताई। जुन घटना यौटा ढुङ्गामाथि बसेर टाउको हल्लाइरहेको छेपारोले देख्यो। त्यसले मायामोह भनेको सारै नै नराम्रो रहेछ भन्दै मान्छेजातिप्रति घृणा जगायो। मरेको र बाँचेको मान्छेका विचमा सबै कुरा मिल्ने धिक्कारको जुनी रहेछ भनेर त्यसले थुकिदिँदा प्रेतात्मा खाप्पुना मेल्लनहाङ्मा पुनः तुरुन्तै मरिहाली। छेपारोको भेषमा आएका तागेरा निङ्वा?भुमाङ्ले मृतकलाई मायामोहको जालवाट मुक्ति दिनलाई खाप्पुना मेल्लेनहाङ्माले भनेअनुसार मृत्युसंस्कार गर्नलाई पाःन् तुम्म्याङ तेन तुम्म्याङहरूलाई निर्देश दिए। त्यसपछि सावा येत्हाङवंशमा मृत्युसंस्कारको सुरुवात भएको मुन्दुम छ।

खाम्बोङ्बा लुम्बोङ्बा : मुन्दुमअनुसार ढुङ्गामाटोबाट सृष्टि भएका मानवजाति। सिफकाजङ तिगेन्जङनामक ठाउँका बासिन्दा। मानवजातिको सृष्टिका लागि खटिएका पोरोक्मी यम्भामीले सुरुमा ढुङ्गामाटोबाटै मानिसको निर्माण गरेका थिए। तर त्यो मानिस बोलाउँदा बोलेन। जाँचबुझ गर्दा त्यस मानिसको मुखमा जिब्रो हाल्न छुटेछ। पोरोक्मी यम्भामीले माछाको जिब्रो थुतेर त्यस मानिसलाई जिब्रो राखिदिएर बोलाउँदा 'हुँ' भनी बोल्यो। ती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिस सारै बामपुड्का र साना कदका भए । जन्मेको आठ दिनमै मर्ने, बाखाको बड्कौलाले भारी पुग्ने, खुर्सानीको बोटमा झटारो हान्ने, बाबरीको फूलमा चढी हिँड्ने, सिस्नुको फेदमा खोजिखाई हिँड्ने, पानी पर्दा बाँसको पातमा ओत लाग्ने, दाउराको लागि उनिउको डाँठ मात्र ढाल्न सक्ने भए । मुन्दुममा पोरोक्मी यम्भामीले यिनै खाम्वोङ्बा लुम्वोङ्बासँगै छेलो ढुङ्गा मागेर हानिपठाउँदा कोङकोङलुङ पर्वतमा थुरिन गई त्यसबाट प्रचण्ड आँधीबतास, हुरीहुण्डरी चलेर आठ दिनसम्म वर्षा भएर पृथ्वीमा सृष्टिले निरन्तरता पाएको आख्यान छ । खाम्बोङ्बा लुम्बोङ्बालाई धरतीको मालिक मानिन्छ । याक्थुङ (लिम्बू) जातिले मृत्युसंस्कार गर्दा चिहान खन्नलाई यिनै खाम्वोङ्बा, लुम्वोङ्वासँग माटो माग्ने या किन्ने परम्परा छ ।

खाम्हेत्ला र तुम्पाङ्देन : थेबासाम्माङ मुन्दुमअनुसार नेम्वाङ पुर्खा चुक्निबा र लाधिपाले रणदेवता हाङ्साम थेबाको दर्शन पाएपछि पहिलोपल्ट खाम्हेत्लादेखि तुम्पाङ्देनसम्म पूजा गरेका थिए । कथाअनुसार बुढा मानिसको स्वरूपमा भाग्दै जाँदा चिप्लिएर धेरै तल पुगेको हाङ्साम थेबाको दुई कुर्कुच्चाले अघिल्तिर सोहोरिएको ठाउँ खाम्हेत्ला थियो । खाम्हेत्ला र तुम्पाङदेन (तमाखे) पाँचथरको रानीटार गाउँमा पर्दछ ।

खेक्खेक्नाम्बा : सावा येत्नाम्बा मुन्दुमअनुसार मानवसृष्टि हुनुअघि जीवजन्तु, पशुपक्षीको पालामा ईर्ष्या आँखीडाहीका सावा येत्नाम (आठवटा) उदाउँथे । हेन्लेरे सुवा (मुसा)को सहयोगमा खाम्लुङ अइहाङ्बा दुम्सीले काँड प्रहारी गरी सातवटा घाम मारेपछि पृथ्वीमा एउटा मात्र बाँकी भएको घाम खेक्खेक्नाम्बा हो । सातवटा घामहरू दुम्सीले मारिसकेको देखेर यो घाम डरले पूर्वदिशाको कालो कुइरिमण्डलमा लुकेपछि पृथ्वीमा पूरै अन्धकार छाउन थाल्यो । पहिला आठवटा घाम भएर सङ्कट उत्पन्न भएको थियो तर एउटा पनि घाम नहुँदा अर्को दुःख आइलाग्यो । फेरि जीवजन्तु, पशुपक्षी र वनस्पतिले चुम्लुङ (बैठक) बसेर त्यस घामलाई फकाउनुपर्ने भयो । तर त्यस घामको अघि जाँदा तुरुन्तै भस्म भइने डरले फकाउन जान कोही पनि तयार भएनन् । तुम्वारिबानामक जुनकिरीले संसार उज्यालो पार्न पुच्छरमा बत्ती बालिहिँड्यो तर त्यसले संसार उज्यालो भएन र ऊ लाजले खोलाखोल्सीतिर पस्नुपऱ्यो । अन्त्यमा रानीखेल, याङ्योसिङ्बा (खिर्लो), याङ्सिङ्बा (चिलाउने), सङ्सिङ्बा (सखुवा) र आङ्सिङ्बा (सल्ला) रूखले पालैपालो घामको नजिक गई जोडजोडले कराएर, बोलाएर, सुसाएर,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फकाएपछि खेक्खेक्नाम्बा घाम उदाउन थालेर सारा प्राणी जगत्को कल्याण भएको मुन्दुम छ ।

खेबायङ्बा : दुईवटी रानीसहित सुनचाँदी, हीरामोतीको दरबारमा बसेर प्रजामाथि थिचोमिचो गर्ने निरङ्कुश होरु राजा । युमासाम्माङको बलमा मुक्केगुवानामक राजकुमारले उसको सम्पूर्ण सैन्य शक्तिलाई कृत्रिम रणमैदानमा लग्दै सखाप पारेर उसलाई एक्ल्याएर मारेको कथा छ ।

खे?सुङ अर्थात् मर्चाको उत्पत्ति कथा : कल झगडा उत्पन्न गराउने जडीबुटीहरूको पोका अर्थात् मर्चा । उहिले सर्वव्यापी ईश्वरको सृष्टिपछि संसारमा मानिसहरू किरैसरि फैलिए । मानिसमा अति नै पाप, व्यभिचार, हत्या, मारकाट बढ्यो । ईश्वरले ठुलो जलप्रलय गराएर पापी, व्यभिचारीहरूलाई नष्ट गर्न लागे । केही धर्मात्मी मानिसहरूलाई चाहिँ सोधुङ्गने लेप्मुहाङनामक महात्माले नाउमा तारेर बचाए । उनीहरूलाई सामाजिक, धार्मिक ताथा खेतीपातीको शिक्षादीक्षा दिएर नयाँ संसारको थालनी गरे । बाँसको आँखामा चामल र पानी राखेर आगोमा सेकाई भात पकाउन पनि सिकाए । थुप्रै हितकारी ज्ञान पाएर अनुगृहीत मानिसहरूले लेप्मुहाङको भक्ति गर्न थाले, उसको अघि पाकेको भात चढाउन थाले । उनीहरूले चढाएको भात थुप्रो लाग्यो, सडेर खेर जान थाल्यो । सर्वव्यापी ईश्वरबाट लेप्मुहाङले जङ्गलबाट पाँच प्रकारको जडीबुटी औषधी ल्याई सडेगलेको भातमा हाल्दा पवित्र र शक्तिदायी जाँड तयार भयो । तर त्यो जाँड खाएर मानिसहरू मात्न तथा झगडा गर्न थाले । त्यसैले ती जडीबुटीको नाम 'खेसुङ्' अर्थात् कलझगडाको पोका रहन गयो ।

चामुई? : अन्नको सह, अन्नको आशीर्वाद । उहिले लिम्बूजातिका पुर्खाहरूलाई अन्नको अभाव थियो । उनीहरूले सर्वव्यापी ईश्वरबाट सर्वप्रथम मकैको बिउ पाएर एक जना मकै साहु बनिहाल्यो । एक जना गरिब उसकोमा पुगेर दाउराको फेरमा मकै थापेर घर फर्कियो । बाटोमा उसको दाउराको फेरबाट एक दाना मकै झरेछ । गाउँमा ऊभन्दा पनि अर्को गरिब एक जना मानिस पनि थियो । दिनभर मकै खोज्न निस्किएको त्यसले बाटोमा खसेको त्यो एक दाना मकै भेटेर घरमा ल्याएर पूजा गर्‍यो, धूपबत्ती गर्‍यो । राति मकै साहुका मकैका गेडाहारूले को कहाँ कति छौं भनेर एकले अर्कालाई गन्ती गर्न थाले । केही दाना गरिबकोमा फेला पर्‍यो तर एक दाना मकैको भने टुङ्गो लागेन । त्यसलाई खोज्न चार दाना मकै निस्के । गरिबको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उध्रिएको खरको छानाबाट पसेर हेर्दा त्यो एक दाना मकै गरिबको घरमा थियो । त्यसले गरिबबाट आफूले पाएको मानमनितोबारे बताएपछि चार दाना मकै दङ्गै परे । मकै साहुले सधैँ नाघ्ने, थुक्ने, टेक्ने गरेका ती चार दाना मकैले पनि गरिबकै घरमा रहने निधो गरे । यसरी बिस्तारै मकै साहुका सप्पै मकैका दाना सरेर गरिब एकाएक धनी भएको आख्यान छ । लिम्बूजातिमा अन्नलाई टेके, थुके, नाघे सराप लाग्ने तर मानमनितो गरे आशीर्वाद लाग्ने भनाइ छ ।

चि?युमा (छुचुन्द्रो) : असामाजिकताको प्रतीक छुचुन्द्रो मुसा । उहिले मानवजातिको सृष्टि हुनुभन्दा पहिले जीवजन्तु, पशुपक्षी, रूखपातको मात्र सृष्टि भएको पालाको हो । एकाएक वनजङ्गलले धरती ढाकिएपछि एक ठाउँदेखि अर्को ठाउँ जानलाई समेत जीवजन्तु र पशुपक्षीलाई समस्या उत्पन्न भयो । के गर्ने भनेर चुम्लुङ बस्दा दैनन्दिन हिँडडुल कार्य र यात्राका लागि बाटो खन्ने निर्णय भयो । तर चि?युमा (छुचुन्द्रो)ले भने यस कार्यमा सम्मति जनाएन । अरू सबै मिलेर नयाँ बाटो खने । सबैलाई हिँडडुलमा सुविस्ता भयो । बाटो खन्न नमान्ने चि?युमा (छुंचुन्द्रो)लाई भने बाटोमा निस्किनेबित्तिकै मृत्यु होस् भनेर उनीहरूले श्राप दिए । यही श्राप लागेर बाटोमा निस्किँदा चि?युमा (छुचुन्द्रो)को मृत्यु हुन्छ भन्ने जनश्रुति छ । याक्थुङ (लिम्बू) जातिमा बाटो, कुलो आदि खन्ने सामाजिक कार्यमा अनिवार्य सहभागी हुनुपर्ने नत्र चि?युमा (छुचुन्द्रो)को जस्तै परिणाम भाग्नुपर्ने भनाइ छ ।

चिक्चोनाम्बा अथवा थुङदाङ्बा साम्माङ : सावा येत्लाम्बा मुन्दुमअनुसार ईर्ष्या आँखीडाहीका सावा येत्लाम् (आठवटा) घाममध्ये खाम्लुङ अइहाङ्बा दुम्सीले काँड प्रहारी गरी मारेको एउटा घाम । आठतले बाँसको टुप्पामा लुकेर उसले हानेको काँड मुटुमा लागेर चिक्चोनाम्बा घाम आकाश थर्काउने गरी छटपटाउँदै मर्दा थुङदाङ्बा साम्माङ (सूर्यदेवग्रह) बन्यो । यस अमङ्गलकारी साम्माङ (ग्रहकारी देवता)लाई थेगुवा थरका लिम्बूले पुज्दछन् ।

चुक्निबा र लाधिप्पा : थेवासाम्माङ मुन्दुममा वर्णित नेम्बाङ लिम्बूवंशका महा-सिकारी तथा शक्तिशाली दाजुभाइ । यिनकै आङमा सर्वप्रथम रणदेवता हाङसाम थेबा अवतरित भएको मानिन्छ । लोककथाअनुसार चुक्निवा र लाधिप्पा बाल्यकालदेखि नै धनुकाँड हान्न, लिसोपासो थाप्न र हतियार खेलाउन सिपालु थिए । एक दिन उनीहरूले थापेको लिसो कसैले उल्टाइदिएको, पासो पल्टाइदिएको र दर्जन भत्काइदिएको पाए । रिसले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चुरचुर हुँदै लिसोपासो वनाए । तर यो क्रम अरू दिन पनि रोकिएन । चियो गर्दा एक दिन केश फुलेको बुढो मानिसलाई पासोमा परिरहेको भेट्टाए तब ती बुढासँग उनीहरूको मल्ल युद्ध सुरु भइहाल्यो । अन्तमा बुढाले आफू उनीहरूकै पुर्खा हाङसाम थेवा भएको पहिचान दिएर उसको पूजाआजा गरे उनीहरू झनै शक्तिशाली हुने भन्दै ऊ अलप भयो । त्यसपछि हाङसाम थेवाको पूजा गरेका उनीहरू साँच्चीकै उडीउडी सिकार खेल्न सक्ने, ठुलठुला ओखलीलाई शिरमा टोपीझैँ लाएर ढुङ्गाको ठुलठुलो जाँतोलाई ढालझैँ वोकी उफ्रेर वारिवाट पारि र पारिवाट वारि गर्न सक्ने भए । सिकार खेल्ने कला र शौर्यका कारण उनीहरू चारैतिर चर्चित भए ।

चुङ्जिनाम्वा अर्थात् केवो सिगिलुङ्मा आप्लिसो पयङलुङ्मा साम्माङ : सावा येत्नाम्वा मुन्दुमअनुसार ईर्ष्या आँखीडाहीका सावा येत्नाम (आठवटा) घाममध्ये खाम्लुङ अइहाङ्वा दुम्सीले काँड प्रहारी गरी मारेको एउटा घाम । आठतले वाँसको टुप्पामा लुकेर उसले हानेको काँड लागी सोघा (प्रेतात्मा) भई मरेको चुङ्जिनाम्वा घामको रगत पूर्वदिशा लावेरुङ नाम्वेरुङ्मा खस्दा केवो सिगिलुङमा आप्लिसो पयङलुङ्मा साम्माङ खस्दा अमङ्गलकारी देवग्रहको सिर्जना भयो । यसलाई सिक्किममा लेप्चाजातिले पुज्ने गर्दछन् ।

चेम्जोङहाङ : मावोहाङवंशी राजा वेदोहाङको छोरा । कथाअनुसार दुस्मनहरूले बुवाको षड्यन्त्रपूर्वक हत्या गर्दा चेम्जोङहाङ आमाकै गर्भमा थिए । दुस्मनले उसलाई गर्भमै सखाप पार्न खोजेपछि छोरो जन्मे जिम्मा लगाउने सर्तमा भागेकी भागेकी आमाले इलामको चेम्फुजङ पुग्दा जन्माएकोले उसको नाम चेम्जोङहाङ रहन गयो । छोरा भयो कि छोरी भनेर वुझ्न आएका दुस्मनलाई आमाले अर्केको छोरी देखाई । चेम्जोङहाङ छोरीको भेषमा हुर्किँदै गई । अत्यन्त सुन्दर, सुडोल र हृष्टपुष्ट युवतीझैँ देखिँदै गई । उसको सुन्दरताको चर्चा चारैतिर फैलियो । बुवाको राज्य हेल्लाङ गढ हत्याएका दुस्मन राजाको राजकुमारसँग उसको विवाह हुन गयो । त्यसपछि तोःङ्बामा विष मिसाएर उसले सप्पै दुस्मनको हत्या गरी गुमेको राज्य फिर्ता गर्‍यो । चेम्जोङहाङलाई चेम्जोङ लिम्बूको पुर्खा मानिन्छ ।

चैजिते-खर्‌बले : ज्ञान, बुद्धि र रणकौशलकी देवी युमासाम्माङले दर्शन दिएका चैजिते र खर्‌बले चेम्जोङवंशका पुर्खा हुन् । किंवदन्तीअनुसार हालको पाँचथर पौवा सारताप लिगिम्वा गाउँका साङ्जिते मावोहाङ चेम्जोङ (कतिले याङ्मुन्दे पनि भनेका छन् ।) का दुई छोरा चैजिते र खर्‌बले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिकारमा सोखिन थिए । हेल्लाङ्गढ नजिक फाक्तेप्मा उनीहरू सेर्मा र आङ्देम्बे स्वास्नी बिहे गरी बसेका थिए । एक दिन निभुखोला शिर फदाङ्लुङ डाँडामा सिकारी कुकुर हाँसुले र बाडुलेसित सिकार खेल्न गएका दाजुभाइ चेजिते र खर्बलेले सुनचाँदीको गरगहनाले झलमल सजिएकी एउटी परमसुन्दरी युवतीलाई त्यस डाँडाबाट तमोर पारिसम्म तान फिजाएर बसेको देखे । त्यही बेला कुकुरहरूले एउटा मृगलाई भेटेर लखेट्न थालेपछि उनीहरू पनि त्यसको पछि लागिहाले । उनीहरूले लखेट्दै ल्याएको त्यो मृग र सिकारी कुकुर निभुखोला र शिवाखोला दोभानमा ल्याइपुऱ्याउँदा अलप भए । अघि फदालुङ डाँडामा देखेको सुन्दरी युवती मात्र शिवा खोलाको दोभानमा तान बुन्दै बसिरहेको थिई । मृग र कुकुरको बारे ती भाइले युवतीलाई सोध्दा उसले आफूलाई पनि घर लगे मात्र बताउने सर्त राखी । आपसमा सल्लाह गरी सहमति जनाएपछि युवतीले तानमुनिबाट कुकुर र मृग निकालेर दिइन् । सर्तबमोजिम उनीहरूले शिवा दोभानबाट उकालै उकालो थोङसेलिङ बाटो हुँदै कुम्मायक कुस्सायक ल्याइपुऱ्याउँदा त्यस सुन्दर युवती अलप भइन् । सिकारी दाजुभाइ आङसराङ हुँदै फाक्तेप घरमा आइपुग्दा सुन्दरी युवती अघि घरमा आइपुगेकी थिई । उनीहरूले बस्नलाई अनुरोध गर्दा उसले तान बुन्दा बस्न मिल्ने सिङ्गो मुडा ताछी तयार गरिएको आसनको माग गरी । सिकारी दाजुभाइले खोटेसल्लाको रूख ढाली त्यसलाई ताछिखोपी बस्न मिल्ने बनाइदिए । उता चैजिते र खर्वलेका स्वास्नी सेर्मामा र आङ्देम्बेमा लोग्नेहरूले सौता हालेको सम्झिरहेका थिए । तर मुडामा आसन ग्रहण गरेर युवतीले आफू युमासाम्माङ भएको पहिचान दिई । ज्ञान, बुद्धि र उपदेश दिन आएको बताई । चैजिते र खर्वलेलाई फेदाङ्मा हुने वर दिएर अलप भई । युमासाम्माङका शक्तिले चैजिते र खर्वले भूत, वर्तमान र भविष्यलाई दृष्टिगत गर्न सक्ने अन्तर्यामी फेदाङ्मा बनेको किंवदन्ती छ ।

चोखोबा साम्माङ : पानीमा डुबेजस्तै शरीर चिसो हुने, भुँडी ढाडिने, बहुलाउने, छटाउने, बिमारी लाउने अनिष्टकारी देवता । कथाअनुसार उहिले धनकुटा चौबीसका कुगेनाम्वा कुधानाम्बा नामका दुई व्यापारी भोट जाने क्रममा छरुवा खोलाको शिरको सात पोखरीमा बास बसेछन् । उनीहरूले पोखरीको पानीले खाना पकाई खाए । भाँडा माझेको फोहोर पानी त्यही पोखरीमा फालेर हिंड्न लाग्दा पवित्र पोखरीमा जुठो परेर एकाएक हावाहुरी उत्पन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भई उनीहरूको बाटो छेकिदियो । तत्काल केही सरसमान नभएकाले पछि भोटबाट फर्कंदा पूजा गर्ने भनी पोखरीलाई भाकल गरेर उनीहरू बाटो लागे । तर भोटबाट फर्कंदा पूजाआजा नगरी अर्कै बटो लागे । आधा बाटोमै उनीहरूलाई आँधीहुरीले बाटो छेकी छेकी घुमाईफिराई सात दिनमा त्यही सातपोखरीमा ल्याइपुऱ्याएर डुबाइमाऱ्यो । उनीहरू मरेको तीन वर्षपछि गाउँका मानिसहरूलाई शरीर चिसो हुने, भुँडी ढाडिने, वहुलाउने, छटाउनेजस्ता बिमारी परेपछि ईवा थरको साङवाङनामक फेदाङ्माले डुबी मरेका दुई व्यापारीको सोघाले दुःख दिएको जोखाना निकाले । बिमारी निको पार्न दशमी तिथि पारेर पोखरीमा पूजा गर्ने तथा तीनवर्षे भालेको भोग दिनुपर्ने जोखना पनि उसले खुट्यायो । यसरी चोखोबा साम्माङको उत्पत्ति भएको आख्यान छ ।

तक्तिगेक याङतिगेक माङ : समुद्रको सृष्टि पूर्ण गर्ने देव । मुन्दुमअनुसार समुद्र वनाउँदै जाँदा देवहरू एकछिन आराम गर्दै आहारा खान थाले । तर नयाँ र कान्छा देव तक्तिगेक याङतिगेकलाई भाग पुऱ्याएनन् । उसले रिसाएर समुद्रभित्र पहिरो चलायो । उसले आफ्नो शिरमाथि र पछाडिबाट कैयौं देवताहरू जन्माउँदा समुद्र बन्यो ।

तागेरा निङ्वा?भुमाङ : सर्वशक्तिमान, निराकार, अदृश्य, परात्मा । टुहुरो, एक्लो देव । शून्य, महाशून्यमा सबैभन्दा पहिले समुद्र बनाउन लाग्दा अरू देवताले खान नदिएको झोकमा कान्छा देवताले आफ्नो शिर र मेरुदण्डबाट कैयौं देवताहरू जन्माइदिँदा समुद्र पनि भयो । अन्य देवतालाई आँखीडाही हुन थाल्यो, त्यसो हुँदा कैयौं देवताहरू प्रकट भए । यसै क्रममा समुद्रको फिँजबाट जुन जस्तै उज्यालो तागेरा निङ्वाभुमाङ पनि प्रकट भएको मुन्दुम छ ।

ताःन्छोःप्पा अर्थात् शुक्र ताराको उत्पत्ति कथा : याक्थुङ (लिम्बू) जातिले ताःन्छोःप्पा अर्थात् शुक्र तारालाई उज्यालो र कल्याणकारी देवताको रूपमा लिने गर्दछन् । लोककथाअनुसार पुङ्गेन्दिन नामको टुहुरा, एक्लो सिकारीले एक दिन लुइँचेको अन्डा फेला पारेर जङ्गलबाट घर ल्याउँछ । उसले अन्डालाई यति जतन गर्छ कि सुत्दासमेत सँगै काखमा राखेर निदाउँदा एक दिन अन्डाबाट चल्ला निस्कन्छ । उनीहरू सँगसँगै हुर्किंदै, खेल्दै जान्छन् । पुङ्गेन्दिङ तन्देरी पुगदा चल्ला पनि हुर्केर मस्त भाले हुन्छ । के सिकार गर्ने के नगर्ने, खानेकुरा खोस्ने, केलाउने, कतिखेर सुत्ने कत्तिखेर बिउँझने धेरै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुरामा पुङ्गेन्दिनलाई पोख्त बनाएपछि त्यसले एउटा सुन्दरी कन्या ल्याएर विवाहसमेत गराइदिन्छ। मानिसको बैगुनी जात न हो, पुन्गेन्दिङले पनि नयाँ साथी पाएपछि लुइँचे भालेलाई वास्ता गर्न छोड्छ। बुढाबुढीले अपहेलना गर्न थालेपछि त्यसले उनीहरूलाई छोडेर जान्छ। रातको पहिलो प्रहर बास्दै, दोस्रो प्रहर बास्दै, तेस्रो प्रहर बास्दै पहाड, हिमाल नाघ्दै पूर्वउत्तर फक्ताङ्लुङ (कुम्भकर्ण) हिमालमाथिको आकाशमा पुग्छ त्यो। पुङ्गेन्दिङ र बुढीले मिर्मिरे बिहानीमा खोज्दा त्यसलाई झर्झराउँदो सिरपुच्छर टल्काएर ताःन्छोःप्पा तारा भई आकाशमा उदाइरहेको देख्छन्। खेवा (लुइँचे) होइन देवता रहेछ भन्ने उनीहरूलाई बल्ल ज्ञानवृद्धि आउँछ। त्यस खेवाले लगाएको गुन सम्झेर पुङ्गन्दिङ पछुताउँछ। आइन्दा आफ्ना शाखासन्तानले कुनै पनि पक्षीको मासु नखाने कसम खान्छ। जीवनमार्ग देखाउने खेवाको सम्मानमा आफ्नो थर खेवा कायम गर्छ। त्यही भएर खेवा थरका याक्थुङ्बा (लिम्बू)ले अझ पनि पखेटाधारी प्राणीको मासु नखाएको विश्वास छ।

तार्घाक्पा : पाँचथर हेङ्वा खोला क्षेत्रका बस्तीलाई अति नै दुःख दिएको नरभक्षी राक्षस। कथाअनुसार उहिले त्यस तार्घाक्पा राक्षस लिम्बुवान पाँचथरको हेङ्वा खोला क्षेत्रका याङ्नाम, लुवाफु, भारपा, खुँगा गाउँका केटाकेटीलाई तार्घाक लुङमुनिको साम्माङ्खाबा ओढारमा लगेर खाने गर्थ्यो जुन ठाउँ पाँचथर जिल्ला लुवाफु गाउँमा पर्छ। औँसीको छेक पारेर कुम्भकर्ण हिमालदेखि हेङ्वाखोलासम्म हिँड्ने त्यसलाई तन्त्रमन्त्रले युक्त फेदाङ्मा/साम्वाले विभिन्न स्वरूपमा देख्थे। कहिले त्यो पहाडजत्रो, कहिले मानिसजत्रो, कहिले खोलावारि-पारि हातले छुँदै हिँडेको त कहिले जुँगादारी र कपाल घुँडाघुँडासम्म तान्द्राङतुन्द्रुङ झन्ड्याउँदै हिँड्थ्यो तर सामान्य मानिसले चाहिँ घण्टी बजेझैँ "कङलङ लङ... कङलङ लङ..." आवाज मात्र सुन्थे। तन्त्रमन्त्रले कसैले नदेख्ने आत्माझैँ त्यो साम्माङ्खु ओडोरमा लुक्थ्यो। त्यो ठाउँ पाँचथर जिल्ला ओयाम गाविसमा पर्दछ। तन्त्रमन्त्रले अजङ्गको हुने त्यसलाई फेदाङ्मा, साम्बा, येबाले एक दिन सामान्य अवस्थामा हिँडेको बेलामा मन्तरेको अक्षताले हानेर देखिन सक्ने बनाए। त्यसपछि सारा गाउँलेले हात, हतियार, धनुकाँड ढुङ्गामुढासँगै लखेटे, बाटो छेके। अन्त्यमा एउटा येबाले मन्तरेको दुम्सीको काँडले त्यसलाई पानी पेटमा हानेर मार्‍यो। त्यसपछि मात्र त्यस क्षेत्रका बालबच्चा सन्चोले बाँच्न पाएको किंवदन्ती छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिगेन्जङ्ना : केसामी नाम्सामी मुन्दुममा वर्णित आदिमाता । मुन्दुमअनुसार जङ्गलमा सिकार खोज्ने क्रममा सारै तिर्खा लागेर ढुङ्गाको दुइटा खोपिल्टाको पानी पिउँदा गर्भवती भएकी तिगेन्जङ्नाले एक जना मानिस (नाम्सामी) र अर्को बाघको बच्चा (केसामी) जन्माइन् । कारण उसले बाघ र आफ्नै माइतीले ढुङ्गाका खोपिल्टामा फेरेको पिसावलाई अनजानवश जल ठानेर पिएकी थिइन् । हुर्किंदै जाँदा बाघ र मान्छेको स्वभाव नमिलेर आमा तिगेन्जङ्नालाई ठुलो असमञ्जसता पैदा भयो । बाघले जुम्ल्याहा मानिस भाइ र आफूलाई समेत खानका लागि झम्टिन थालेपछि अन्ततः उसले मानिसको पक्षमा आफूलाई उभ्याउन बाध्य भई । यसरी पशुताबाट मानिसलाई बचाएर मानवजातिको वंश निरन्तरतालाई कायम गरेको मुन्दुम छ ।

तेक्केतङ्ना : सुहाम्फेवा लाहादङ्ना मुन्दुमअनुसार पोल खोल्दा श्राप पाएको कुकुर । चेलीमाइती हाडनाता विग्रिएका सुहाम्फेवा र लाहादङ्नाको व्यभिचारलाई ढोकाबाट हेरेको हेरेकै गर्दा लाहादङ्नाले ढाड फुस्किने गरी कुचोले कुटेपछि तेक्केतङ्नाले शुक्रतारा, तारा, चन्द्रमा र सूर्यलाई उजुर गर्छे । सूर्यले दुम्सीको काँडाझैँ आफ्ना किरण छरेर पृथ्वीमा हेर्दा सुहाम्फेवा र लाहादङ्ना व्यभिचारमा लिप्त भएको प्रमाणित हुन्छ । भगवान् तागेरा निङ्वा?भुमाङ् लोकमा वैठक बसी सुहाम्फेवा र लाहादङ्नालाई अलग गर्ने निर्णय हुन्छ । सुहाम्फेवासँग अलग हुँदा लाहादङ्नाले आफूहरू जस्तै तेक्केतङ्ना कुकुरलाई पनि हाडनाता विग्रिनुपरोस् भनी श्राप दिन्छे । त्यही श्राप पाएर कुकुरको जुनीमा परस्पर हाडनाताको ख्याल हुन छोडेको मान्यता छ । कुकुरलाई स्त्रीजातिले कुचोले या लाताले हान्नु, पिट्नु नहुने मान्यता पनि छ ।

तेःङ्गोसिङ : केसामी नाम्सामी प्रेतात्मा बस्ने, अशुभ मानिने सिमलको रूख । कथाअनुसार जहिल्यै आफूलाई खान खोज्ने दाजु केसामी (बाघ)लाई सिमलको रूखको नवौं तलाबाट काँड हानेर मार्दा केसामीको जिउले सिमलको रूखको एक पाटाका हाँगा सप्पै लाछिन गयो । सिमलको फेदमा झरेको घाइते केसामीको धेरै दिनमा मात्र सास गयो । त्यसको सास गएको खबर उसलाई काग, माहुरी, झिँगा आदिले दिएका थिए भनिन्छ । यसरी केसामीको अशुभ मृत्यु भई त्यसको प्रेतात्माले बास गरेकोले सिमलको रूख अशुभ हो भन्ने विश्वास छ ।

तेल्लानी लानानी : पाजाइबा मुन्दुमअनुसार विवाहका लागि स्थायी घर बनाएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बस्नुपर्ने पाजाइबालाई तागेरा निङ्वा?भुमाङको उपदेशअनुसार तेल्लानी लानानीनामक चराले घर बनाउने ज्ञान, बुद्धि, विवेक दिएको थियो । यस चराबाट ज्ञान बुद्धि पाएर उसले दाजुभाइ सारा गुहारेर मानवजातिको पहिलो घर बनाउन सफल भएको थियो । तर सोधुङ्गेन लेप्मुहाङको इच्छामुताबिक नयाँ घर प्रवेशमा कर्मकाण्ड नपुग्दा धमिरा लागेर टिकाउ भने भएन ।

तुङदुङ्गे साम्माङ : तुङदुङ्गे साम्माङ मुन्दुमअनुसार लेक्वादो सुम्वादो (नदी खोलाका दोभान/त्रिवेणी) को तुङहिक तेम्बे (तुवाँलोमय मैदान), लाहिक तेम्बे नाहिक तेम्बे (घाम/जून आउने मैदान) मा बस्ने वाराहा कःका माङ (वराह देवता)का तीन छोराहरूमध्ये कान्छा छोरा नै तुङदुङ्गे साम्माङ हो । दाजुभाइको अंशबन्डा हुने समयमा खेल्न गएको उसलाई बुवाले अंशस्वरूप सावा येत्हाङ पाङ्भेको फक्ताङलुङ (कुम्भकर्ण) हिमालसम्म आठ फन्का लगाएर घरघरमा गई उचित मानमनितो लिने आशीर्वाद दिए । वराहक्षेत्रबाट अंश खोज्दै उसले सावा येत्हाङ पाङ्भेको आठ फन्को लायो । तर उसलाई कसैले चिनेनन्, वास्ता गरेनन् । अन्तमा मुदेनछोङ साँबाले "तिमीलाई केके चाहिन्छ ?" भनेर सोध्दा आफूलाई मानमनितो गर्नेको फलिफाप हुने बताएपछि बोका र भाले राखेर मानमनितो गरे । यस देवतालाई तीन-तीन वर्षमा फेदाङ्वा-साम्बाले उधौलीमा वराह क्षेत्र कोखासम्म र उभौलीमा फुङफुङ्देन, थिलिचाङसम्म आठ फन्को मुन्दुम पुऱ्याएर पूजा गर्ने गर्छन् ।

थाङसाङ : सानो भएर पनि अति शक्तिशाली र पवित्र खोला । यो खोल पाँचथरको फिदिमबाट बग्छ । लोककथाअनुसार इलामको माईखोला र तमोरले बिहे गरेर एउटा सानो बच्चा पनि पाइसकेका थिए । तर एक दिन रतुवा खोलाले माईखोलालाई तमोर अर्कैसँग लागेको ढाँट कुरा लायो । हो न हो पत्याएर माईखोला रिसले फनक्क फर्केर माइत लाग्दा काखको सानो नानीचाहिँ फेदेन (फिदिम)मै छुट्यो । त्यो नै थाङसाङ खोला भएको ठानी लिम्बू पापोहाङहरूले तमोर र माईभन्दा पनि शक्तिशाली र पवित्र ठानेर पूजा गर्ने किंवदन्ती छ ।

थेनाम्बा अथवा मिसेक साम्माङ : सावा येत्लाम्वा मुन्दुमअनुसार ईर्ष्या आँखीडाहीका सावा येत्लाम (आठवटा) घाममध्ये खाम्लुङ अइहाङ्बा दुम्सीले काँड प्रहारी गरी मारेको एउटा घाम । आठ तले बाँसको टुप्पामा लुकेर उसले हानेको काँड आँखामा लागेर मरेको थेनाम्बा घाम अमङ्गलकारी देवग्रह मिसेक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साम्माङ भयो । यसलाई फेदापे थरका लिम्बूले पुज्ने गर्दछन् ।

थेबासाम्माङ : थेबासाम्माङ मुन्दुमअनुसार सौर्य र रणकौशलको देवता । यो देवताले सर्वप्रथम नेम्बाङवंशका चुक्मिबा र लाधिप्पा नामका दुई सिकारीको पासोमा पल्टेर पहिचान दिएका थिए । यही देवबाट वरदान पाएर चुक्मिबा र लाधिप्पा उडीउडी सिकार खेल्न सक्ने भए । सौर्य र रणकौशल प्राप्त गरेका तिनले पाँचथर, नुभुखोलाका शिरमा इधुङ यक र नाम्भुन यक् खडा गरे । लिम्बूहरूले थेबासाम्माङलाई सौर्य, रणकौशल र शक्तिको स्रोतका रूपमा पूजा गर्दै आएका छन् ।

थोक्पुरा कुबुरा : नावा चइत् (सृष्टि) मुन्धुन्मअनुसार समुद्र मन्थन गर्ने पन्छीरूपी देवता । थोक्पुरा कुबुराले वायुदेवता कुरोतीमाङ कुमाई माङको पुच्छरको प्वाँख चुँडिएर सागरमा सृष्टि भएको लाइसु नाम्इसुनामक मन्धनीलाई कहिले आफ्नो दाहिने र कहिले देब्रे पखेटाले थिचेर मन्थन गर्दा सागरको हरियो पानी चारैतिर उछिट्टियो । यस क्रममा उँधो शून्य र माथि शून्यमा वायुमाथि खसेर आकाश निर्माण भयो । सम्मुख भएर खस्नेजति वायुमाथि खसेर चन्द्रमा, सूर्य र विहान उदाउने शुक्र भयो, पछाडि गएर खस्नेहरू वायुमाथि खसेर साँझमा उदाउने तारा र शुक्र भए । दाहिनेतिर खस्नेहरू वायुमाथि खसेर तारा र बायाँतिर वायुमाथि खसेर नक्षत्रहरू भए । सोही क्रममा असङ्ख्य वर्णनातीत तारा र नक्षत्रहरू सृष्टि भए पनि पृथ्वीको निर्माण भने नभएकाले थोक्पुरा कुबुराको आँखामा आँसु आयो । त्यो आँसु खसेर सागरभित्रको ढुङ्गामा जम्न गएर चिसो चिम्से फस्के माटो, पहिरो जाने पखेराको माटो बनेको आख्यान छ ।

दालिमा : दैवी शक्तिले युक्त राजा वेदोहाङकी रानी । राजाको गोप्य शक्ति पत्ता लगाएर हत्या गर्न आफ्नै माइतीले रानी बन्न पठाएर प्रयोग गरिएकी चेली । आफ्नो पति मारिएपछि मात्र षड्यन्त्र पत्ता पाई छोरामार्फत माइतीसँग प्रतिशोध साँधेर गुमेको राज्य फिर्ता गर्न सफल आमा । कथाअनुसार दुस्मनहरूले राजा वेदोहाङलाई मारेपछि गर्भवती दालिमाको पेटको बच्चालाई पनि बाँकी नराख्ने भए । दुस्मनहरूलाई छोरा जन्मे जिम्मा लगाउने सर्त राखेर दालिमा त्यहाँबाट भाग्दैभाग्दै इलामको चेम्फुजङ पुगी । छोरा जन्माई तर जाँच्न आएका दुस्मनहरूलाई अर्कैको छोरी देखाएर ढाँटी । आफ्नो छोरालाई छोरीको भेषमा हुर्काउँदै बढाउँदै सिकाउँदै गुमेको राज्य फिर्ता गर्न सफल भएकी थिई ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नावारा चगप्लुङ : स्वयम्भूरूपी देव ।

नासोलुङ फत्तेलुङ : चुङ्गुलुङमाकी नोकर्नी ।

निगिचङ याङ्लीचङ : सुसुवेङ लालावेङले बिहे गरेको देवताहरूका चेली । सिकार दृष्टिज्ञानमा अन्तर परेपछि सिकारमा मारेको मुष्टेचरीको फिला सुसुवेङ लालावेङले बुनिरहेको तानमा राखिदिँदा तान चुँडिएर निगिचङ याङ्लीचङको तिघ्रा भाँचियो । त्यसपछि नै मानिस र देवताविच छुटनाम भएको आख्यान छ ।

नियारा काम्बाङ तिल्लामा : गर्भ तुहिएर मर्दा सेहँ बनेकी लेप्मुहाङकी छोरी । मुन्दुमअनुसार सोधुङ्गेन लेप्मुहाङकी एउटा छोरी पेटमा फूल चेपेर हिँड्दा फूलको बोझले किचेर गर्भ तुहिएर मरेर सेँहँ बनी । तिनको नाम नियारा काम्वाङ तिल्लामा थियो ।

नियारा लिङ्पङहाङ्मा : मुन्दुमअनुसार पहिलो प्रेतात्मा । दैवी शक्तिले युक्त फेदाङ्मा, साम्बा र येवाहरूले पुकारा गर्नुपर्ने शिर या शक्ति । हाडनाता विग्रिएका चेली माइती सुच्छुरु सुहाम्फेवा र लाहादङ्नालाई सर्वव्यापी ईश्वर तागेरा निङ्वा?भुमाङले चाल्नीमा तिलका दाना चालेर छुट्ट्याउँदा न मुनि न माथि भई चाल्नीमा अड्किएकी कान्छी छोरी जो कसको भागमा भनी छुट्ट्याउन गाह्रो भयो । दुवै जनाले तानातान गर्दा शरीर च्यातिएर दुई फ्याक भएर मरी । निगुरादेन ओढारमा लगेर फ्याँकिएको त्यसको लासबाट प्रेतात्मारूपी टुनीको रूख उम्रियो । त्यसको टुप्पोमा एउटा नरभक्षी गिद्धले गुँड लायो र वरिपरि गाउँका बच्चालाई गुँडमा लैजाँदै खान थाल्यो । यसलाई फाक्कक्को फाक्अम्लमा र सिभाक फोक्वामा येमाको नामले पनि चिनिन्छ ।

पक्लुङ : लिम्बूजातिको तङसिङ मुन्दुमअन्तर्गत् सृष्टि वर्णनमा छेलो हान्ने खेल अर्थात् पक्लुङको उत्पत्तिआख्यान पाइन्छ । पक्लुङलाई जीवनमा सफलता, शत्रुदमन, शक्ति, सामार्थ्य, सिद्धिप्राप्ति र समृद्धिको प्रतीकका रूपमा मानिन्छ । आख्यानअनुसार भगवान् तागेरा निङ्वा?भुमाङको आदेशमा मानवसृष्टि गर्न आएका पोरोक्मी यम्भामीले पहिलोपल्ट लुङहोरुङ सिङहोरुङ पक्लुङ (छेलो ढुङ्गा) हानिपठाए । त्यो छेलो ढुङ्गा घामजूनका किरण ठोक्किने स्थान साखोङलुङ्मा खोङ्वामा (तमोरखोला क्षेत्रको तमोर नदीको पश्चिम उत्तरको अग्लो पहाड कोङकोङलुङ्मा (लाघुरुङ नाम्घुरुङ)मा ठोक्किन गई प्रचण्ड आँधीवतास, हुरीहुण्डरी चलेर पृथ्वीमा आठ दिन आठ रात वर्षा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भयो । तव आदिम खडेरी हटी अघि अवरुद्ध सृष्टिले निरन्तरता पायो । पोरोक्मी यम्भामीले यसरी हानिपठाएका छेलो ढुङ्गा टुक्रिन पुग्दा आकाशतिर पसेका टुक्राहरू सुनको भाले, चाँदीको भाले, पूर्व उछिट्टिएको टुक्रा बैंसालु तरुणहरूले हान्ने छेलो ढुङ्गा, पश्चिम उछिट्टिएको टुक्रा मृतकहरूको छेलो ढुङ्गा र माथि चीन र भोट पुगेका चोइटाहरू अनेक देवीदेवता र ग्रहका छेलो ढुङ्गा र उँधो औल मधेस र सागरतिर पुगेका चोइटाहरू अभीसापको छेलो ढुङ्गा भएको आख्यान छ । त्यसमध्ये पोरोक्मि यम्भामीले हान्दा पृथ्वीमा खस्न पुगेको पक्लुङको टुक्रा तुम्म्याहाङ पक्लुङ बन्न गएको मिथक उस्तै रोचक छ । पोरोक्मि यम्भामीले हान्दा फुटेको छेलो ढुङ्गाको एउटा टुक्रा सोधुङ्गेन लेप्मु तेम्वे अर्थात् देवताहरूको गाउँमा खसेको थियो । सोधुङ्गेन लेप्मुहाङले त्यो छेलो ढुङ्गालाई टिपेर सावायेत्हाङ् अर्थात् मानिसहरूको गाउँमा फ्याँकिदिए । मान्छेले त्यो ढुङ्गाको महिमा नजान्दा पृथ्वीमा दुःखबिमार, ईर्ष्या, आँखीडाही, रिसक्रोध, पापाचार-व्यभिचार बढेर गयो । तागेरा निङ्वा?भुमाङकहाँ पुकारा गर्न गएका सावा येत्हाङ्ले फेदाङ्वा, येवा, साम्वा, येमावाट पक्लुङ्को गुह्य शक्तिको बारे था पाए । त्यसपछि नै मानवजातिले पक्लुङको अजेय शक्तिको स्रोत थाहा पाई हातहतियारले मान गरेर, अदुवा, खुर्सानी, सिधेनुन, लासो (केराको पातको थान), साप्तोक (मुख छड्के काटेको बाँसको तोङ्वा), हाङ्गाप्पा फूलपात भरेको कलशमा पागा (फेटा) बेरेर पूजा-अनुष्ठानपूर्वक तुम्याङहाङ पक्लुङ नामकरण गरेको मुन्दुममा वर्णित छ ।

परातङ्ना, किधिकतङ्ना, माक्युतङ्ना, केबातङ्ना र तेक्केतङ्ना : मुजिङ्ना खेयङ्ना मुन्दुमअनुसार प्रथम सिकारी सावान युक्पुङ्गेम्बाका पाँच सिकारी कुकुर । सिकारबाज सावान युक्पुङ्गेम्बा यिनै चार कुकुर साथमा लिएर हिमालदेखि मधेससम्म सिकार खेल्थे । बच्चैदेखि सिकारमा सोखिन उसलाई आमा मुजिङ्ना खेयङ्नाले सिकार गर्न हुने र नहुने, सिकारमा जानअघि गर्नुपर्ने विभिन्न तयारीहरू सिकाई । त्यसका लागि धनु, काँड, विषसँगै वाहन पनि अत्यन्त आवश्यक ठानेर डाँडाकाँडामा निक्ली सुसेलीको चालले परातङ्ना, किधिकतङ्ना, माक्युतङ्ना, केबाङ्ना र तेक्केतङ्ना सिकारी कुकुरहरू बोलाई सावान युक्पुङ्गेम्बालाई साहनवनहनले सम्पन्न बनाएर हिमालदेखि मधेससम्म सिकारमा पठाई । यी पाँच सिकारी कुकुरले उसलाई नमरुन्जेल साथ दिए । लेक र औलमा तान बुनिबसेका दुई-दुई दिदीबहिनीले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तानमुनि सिकार लुकाएको पहिचान यिनै कुकुरले दिएपछि उसले त्यसको बदलामा चारै दिदीबहिनीसँग यौनसम्पर्क स्थापना गरेर तिनलाई स्वास्नी बनायो। आपसी ईर्ष्याडाहा उत्पन्न भएर चारै दिदीबहिनीले बुढेसकालमा पुग्दा उसलाई त्यागिदिए तर यी पाँच सिकारी कुकुरले मृत्युसम्मै साथ दिए। हावावतास चल्ने उत्तर दिशाको साम्फिरी लिङ्फिरी भन्ने ठाउँको थोक्पन डाँडाका लिङ्घामा गढीमा भोकले ढलेको उसलाई झुरुप्पै भेला भएर आठ दिनसम्म भोकभोकै रुँगे। उसको मृत्यु भएको अन्तिम ठहर भएपछि भने ती सिकारी कुकुरहरू आआफ्नो बाटो लाग्ने क्रममा पराङ्तना कुकुर डाँडाकाँडामा पसिजाँदा ब्वाँसो भयो। किधिक्तङ्ना भीरपहरामा पसिजाँदा स्याल भयो। केवातङ्ना मधेस पसेर बाघ भयो। माक्युतङ्ना रूखमा चढेर भालु भयो। तेक्केतङ्नाले चाहिँ सावा युक्पुङ्गेम्वाको मृत्यु भएको खबर आमा मुजिङ्ना खेयङ्नालाई खबर पुऱ्याएर गाउँघर रुँग्ने स्वामीभक्त कुकुर भयो।

पाजाइबा-लुप्लिनामा वदन्नामा : पाजाइबा मुन्दुमअनुसार मानवजातिमा पहिलो घर बनाई स्थायी रूपमा बसोवास सुरु गर्ने जोडी। चेलीमाइती सँगै बस्न नहुने भएपछि चेली इरेरे इधुक्नामको सल्लाहमा पाजाइबा विहे गर्नलाई दक्षिण दिशा गई फुप्लुप्सो हाङ्वा ङयोङहाङ्बाकी चेली लुप्लिनामा वदन्नामालाई मगनी गर्छ। लुप्लिनामा वदन्नामाले मुन्दुमअनुसार विवाह गर्नलाई नयाँ घर निर्माण गर्नुपर्ने सर्त राख्छ। चराचुरुङ्गी गुँड र जीवजन्तुको कुर-ओत हेर्दै कस्तो घर बनाउने होला सोच्दै हिँडेको पाजाइबालाई तागेरा निङ्वा?भुमाङको आदेशमा तेल्लानी लानानीनामक चराले घर बनाउने ज्ञान, बुद्धि, विवेक त दिन्छ तर आँखी ईर्ष्याडाहाका कारण धमिरा लागेर त्यो घर टिकाउ हुँदैन। दोस्रो घर बनाउनअघि पाजाइबा सोधुङ्गेन लेप्मुहाङ पाङ्भेमा पुगी सोधुङ्गेन लेप्मुहाङसँग घर टिकाउको उपायलाई बिन्ती गर्छ। लेप्मुहाङले उसलाई नयाँ घर बनाइसकेपछि मूल खम्बाको वरिपरि च्याब्रुङ नाचे धमिरा झर्ने र घर टिकाउ हुने जुक्ति बताइदिन्छ। सावा येत्हाङ पाङ्भे फर्केर पाजाइवा, भाइहरू पान् तुम्म्याङ, तेन्तुम्म्याङ र जेठी चेली खाप्पुना मेल्लनहाङ्मा भएर घर बनाउने क्रममा मूल खम्बाले खाडलभित्र किचिएर खाप्पुना मेल्लङहाङ्माको अकाल मृत्यु हुन जान्छ। तर नयाँ घर निर्माण सम्पन्न गरी पाजाइबाले धमिरा झार्नका लागि च्याब्रुङसमेत निर्माण गर्छ। तव सोधुङ्गेन लेप्मुहाङ पाङ्भेबाट घुनधमिरा झार्न शास्त्रज्ञ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मकाण्डका ज्ञाताहरू ल्याएर मूल खम्बा वरिपरि च्याब्रुङ नाच्ने अनुष्ठान सम्पन्न गरी लुप्लिना वदन्नामासँग धूमधामसँग फेरि च्याब्रुङ बजाउँदै विवाह गर्छ । तव नयाँ घर बनाई स्थायी रूपमा एक ठाउँमा बसोवास गर्ने, विवाह गर्ने परम्पराको विकास हुन्छ । च्याब्रुङको आविष्कार र शुभ अवसरमा च्याब्रुङ नाच नाच्ने परम्पराको पनि सुरुवात हुन्छ । पाजाइवा र लुप्लिना वदन्नामाको अन्त्य भने दुःखद भएको मुन्दुममा वर्णित छ । लुप्लिना वदन्नामा (भाउजू) र इरेरे इधुक्नामा (नन्द) विच उग्र आँखीडाही उत्पन्न भएपछि स्वास्नीको सल्लाहमा पाजाइवाले अशुभ फूलको मुठाले स्तनमा लाग्ने गरी हानेपछि शिर ढलेर इरेरे इधुक्नामाको स्तन कुहिएर मृत्यु हुन्छ । यो ठुलो व्यभिचार र पाप भएकोले सोधुङ्गेन लेप्मु पाङ्भेबाट बुवा सोधुङ्गेन लेप्मुहाङ आएर पाजाइवा र लुप्लिना वदन्नामालाई बाँसको फित्कौलीमा उफारेर मृत्युदण्ड दिन्छ । यसरी बाँसको फित्कौलीमा उफार्दा उनीहरूको शरीर दुई फ्याक भई आकाशतिर उछिट्टिएर जाने अङ्ग चट्याङ र धरतीतिर भासिएको अङ्ग वज्र भएको आख्यान छ ।

पान् तुम्म्याङ र तेन् तुम्म्याङ : खाप्पुनामा मेल्लनहाङ्मा मुन्दुमअनुसार सावा येत्हाङवंशमा पहिलोचोटि मृत्यु संस्कार थालनी गर्ने पुर्खा । मुन्दुमअनुसार माइती पाजाइवाले मानवजातिको पहिलो घर वनाउने क्रममा मूल खम्बाले किचिएर खाडलभित्र मृत्यु वरण गरेकी जेठी चेली खाप्पुना मेल्लनहाङ्माको लासलाई भाइ पान् तुम्म्याङ र तेन् तुम्म्याङले डाँडामाथिको ओढारमा लगेर फ्याँकिदिए । राम्रो सद्गत नपाएकी खाप्पुना मेल्लनहाङ्माको आत्मा प्रेतयोनिमा गयो । रातिराति आएर माइतीहरूको बारी खन्ने, भाँडाकुँडा माझ्ने, खाना बनाइदिने, बढारकुँडार गरिदिने र उज्यालो हुनेबित्तिकै अलप हुने कार्य गर्न थालेपछि एक दिन पान् तुम्म्याङ र तेन् तुम्म्याङले उसलाई च्याप्प पक्रे । उसले आफ्नो उचित मृत्युसंस्कार गरे मात्र आफ्नो आत्माले मुक्ति पाउने र त्यसपछि भने आफू फर्केर नआउने बाचा गरी । पान् तुम्म्याङ र तेन् तुम्म्याङले चेधाप (खट)मा उसको लासलाई राखेर डाँडामा चिहान खनी सम्मानपूर्वक गाड्ने कार्य गरे । यसरी चिहानलाई पनि घर जस्तै सिँगारपटार गर्ने, मृतकको सम्मानमा नुनतेल बार्ने, हंसलाई विदा गर्ने, सुद्धचाइँ गर्ने प्रचलन सुरु भयो ।

पापो ना : उहिले तमोर उपत्यकास्थित सावा येत्हाङ पाङ्भे?मा थाम्लासो पापोहाङ र आम्लासो पापोहाङ नामका दाजुभाइ थिए । उनीहरूको बोजु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अलग अलग थिए भने बाजेचाहिँ एउटै थियो । भाइ आम्लासो एकदम चलाख थियो भने दाजु थाम्लासो सोझो स्वभावको थियो । धेरै बुढी भइसक्दा पनि बोजुहरू नमर्दा आम्लासोलाई दिक्दार लागिरहेको थियो । अनिकाल लाग्ने, पेटभरि खान नपाउने समस्या पनि थियो । एक दिन आम्लासो भाइले पेटभरि खानका लागि बोजुहरूलाई तमोर नदीमा लगरे बगाई पठाउन थाम्लासो दाजुलाई फकायो । उनीहरूले राति नै निदाएका आआफ्ना बोजुलाई बोकेर लगेर तमोर नदीमा बगाई पठाए । तर बिहान फर्केर घर आइपुग्दा दाजुले भाइको बोजुलाई जिउँदै देख्यो । भाइले कोलाको दाम्चालाई बोजु जस्तो बनाएर बगाई पठाएको थाहा पाएर थाम्लासो आफ्नो बोजु खोज्न तमोर नदीमा गयो । उसले जाल हान्दै निक्कै तलसम्म खोज्दा पनि बोजुलाई फेला पार्न सकेन । कपाल बाटेर सिउँदो छुटाएजस्तो एक प्रकारको माछा मात्र उसको जालमा पर्‍यो । उसले सम्झ्यो कि बोजु त माछा भइसकिछन् । आइन्दा आफ्ना दर सन्तान कुनैले पनि तमोरको त्यो पापो ना (पापो माछा) नखाऊन् भनेर उसले बाचा गर्‍यो ।

पुत्तुक्खे पु : लोककथामा वर्णित टुहुरोपन, बिचरोपनको प्रतीक कुर्ले ढुकुर । उहिले एक बुढी आफ्नी सानी बच्चिलाई पालनपोषणका लागि बुढालाई अर्को विवाह गर्न सल्लाह दिइराखेर मरी । बुवा-छोरीलाई अति नै दुःख भएकाले बुढाले एउटा तरुनी खोजेर विवाह गर्‍यो । सुरुमा त कान्छी आमाले त्यस बच्चिलाई माया गर्थी तर तर ऊपट्टि पनि अर्को बच्चा भएपछि चाहिँ डाहा गर्न थाली । खानेकुरा पनि पिँडालुको बोक्रा मात्र दिएकाले पेट सुन्निएर ऊ "मेरो पेट दुःख दुःख" भन्दै रोइबस्थी । कान्छी आमाले रिसले झट्ट तान्दा पिँडालुको बोक्राले सुन्निएको पेट फ्वाँट फुटेर मरेकी ऊ अर्को जुनीमा कुर्ले ढुकुर भएर जन्मिएको किंवदन्ती छ ।

पोमु केच्छाङ्हाङ : आठराई निवासी एक शक्तिशाली येबा पोमु केच्छाङ्हाङ्ले आफ्नो गुरु तमोरखोलावासी साजारा लुङदाङ येबाबाट उड्ने शक्ति पाएको थियो । त्यही शक्ति प्रयोग गरेर उसले ताप्लेजुङको तापेथोक गाउँको लुङ्इक्वा (छिरुवानी) ओडारका शक्तिशाली राक्षस र राक्षसनीको वध गरेको कथा छ । किंवदन्तीअनुसार हाडनाताकरणी गरेका ती राक्षसराक्षसनीलाई तिब्बत ल्हासा सेग्या गुम्बाबाट कप्तेला भन्ज्याङ कटाइएपछि तम्बर खोला युकेखाबु गाउँनजिकै लुङइक्वा (छिरुवानी) मा बसेका थिए । तिनले बाटामा हिँड्ने जोकोही पशुपक्षी र मान्छेलाई समातेर खान्थे । भनिन्छ, मुक्कुम्लुङ्मा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(पाथीभरा देवी) ले राक्षसलाई पारुङ येबाको शक्ति दिएको थियो । रहँदाबस्दा तिनको एउटा छोरो पनि शक्तिशाली येबा उत्रियो । तव तिनीहरूसँग लड्न कसैले आँट गर्न सकेनन् । ती राक्षसले गाउँलेलाई सारै दुःख दिएपछि एक दिन पोमु केच्छाहाङले तिनीहरूसित लड्नैपर्ने सोच्यो । आठराई छिन्ताङ निगुरादेनकै अर्को शक्तिशाली यवा लेछर्वोसित यसबारे उसले सल्लाह गऱ्यो । राक्षसहरूसँग लड्दा कदाचित् आपत्विपत् परे रगतको मुस्लो उठ्ने तान्त्रिक शक्ति र मन्त्र जगाएर उनीहरू लड्न तयार भए । उता राक्षसका बाबुछोरा पनि त्यस्तै वाचा बाँधेर हाङ्देवा र थेचम्बुतिर सिकार खेल्न हिँडिरहेका थिए । पोमु केच्छाङहाङ मापाङ्फेमा बस्यो । लुङ्इक्वा ओडारभित्र अँध्यारोमा ढुङ्गामा आड लिएर लेछेर्वो भालाको धराप थापी बस्यो । दिउँसो एक जना अधवैँसे स्त्रीलाई मारेर ल्याउँदै गरेको बाबु राक्षसलाई ओडारको मुखमा लेछर्वोले झट्ट भाला प्रहार गरी माऱ्यो । रगतको मुस्लो उठेको देखेर राक्षसको छोरो थेचम्बुबाट लुङइक्वा ओडारमा आइपुग्यो । बुवालाई कसले माऱ्यो भनी यताउति हेर्दा ओडारमाथि ढुक्कले जुम्रा मारिरहेको लेछर्वोलाई देख्यो । बाबु मार्ने यही हो भनी मृगको सिङजडित बिँडको कर्दो मन्त्र जपेर हानी पठाउँदा उसको तत्काल मृत्यु भयो । मापाङ्फेको पोमु केच्छाङहाङले लुङइक्वामा रगतको मुस्लो उठेको देख्यो । ऊ हत्तपत्त येबा (बिजुवा)को सम्पूर्ण लुगाफाटा र झिरिभ्याम्टा भीरेर नेग्रादेनबाट लुङइक्वातिर उड्दा काप्पोलुङ र काप्मोलुङ (जोडी ढुङ्गा बुढा र बुढी)लाई भेट्टायो । काप्पोलुङ (बुढो ढुङ्गा) ले पोमू केच्छाङहाङ आइरहेको राक्षसलाई खबर गरिदियो । उसले थालले हानेर त्यसको टाउको छिनालिदियो । लुङइक्वा ओढारमा पुग्दा उसले लेच्छर्वो, दुईवटा अचानो र एउटा राक्षस मरिरहेको पायो । लेछर्वो मार्ने राक्षसलाई खोज्दा लुङइक्वाको टुप्पामा भाले भएर बास्न लागेको थियो । पोमु केच्छाङहाङले वाण छोड्न लाग्दा त्यो तम्बरको पोखरीभित्र अभोलुङ (लोहोरो) भई लुक्यो । उसले दुम्सीको काँड लुइँचेको पुच्छर (वासाङ्) तन्त्रमन्त्र गरी लोहोरोलाई हानी पठायो । राक्षस पोखरीमाथि निस्कन बल गऱ्यो तर उसले थालले झट्कारेर कस्तरी हान्यो भने त्यहाँ एउटा रुद्राक्षको दाना खसेर रूखै उम्रियो । तम्बर पोखरी राक्षसको रगतले रातै भयो । तव ऊ ढुक्क भएर छिन्ताङ फूलबारीमा जुम्रा हेर्दै बस्यो । त्यही बेला मुक्तोबुङ्मा अर्थात् येबाहरूको शिरेले आफ्नो आसपासमा बितोल (अपवित्र) पारेको भन्दै उसलाई भित्तीको पुच्छरको वाण (नल्लेकतोङ)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ले हानी। छेक्दाछेक्दै वाण लागेर पोमू केच्छाङहाङ अत्तालियो। रिसमा थालले एउटा ढुङ्गा तीन टुक्रा हुने गरी प्रहार त गऱ्यो तर नेग्रादेन घरमा पुग्नेबित्तिकै उसले देह त्याग गर्नुपऱ्यो। मुक्तोबुङ्मा गुरुले त्यो दिनदेखि बिजुवाको तन्त्रमन्त्रको असली शक्तिचाहिँ फिर्ता लगेको र लिम्बूजातिको पोमुहाङवंशमा कहिल्यै पनि येबा-फेदाङ्मा नउत्रिने सराप दिएको कथन छ। अहिलेसम्म पोमू थरका लिम्बूमा या फेदाङमा नउत्रेको मान्यता छ।

पोरोक्मी यम्भामी माङ : स्वयम्भूरूपी नावारा चगप्लुङले जन्माएको देव। तन्काएको धनुकाँड जस्तै तेजिलो देव। पृथ्वीको सृष्टिपछि तागेरा निङ्वा?भुमाङले पृथ्वीमा विभिन्न बोटविरुवा, तुलफूल, पशुपक्षी, जीवजन्तु र मानवको सृष्टि गर्न पोरोक्मी यम्भामी देवलाई उत्पत्ति गराएको आख्यान छ। तागेरा निङ्वा?भुमाङको उपदेशअनुसार सुरुमा पोरोक्मी यम्भामीले पृथ्वीको चारैतिर रूखपातका बिउबिजन छरे तर एकाएक ठुलो खडेरी पर्न गई कुनै पनि बिउबिजन उम्रिएनन्। कैयौँ युग बित्यो तर खडेरीले खोलानाला, डाँडाकाडा सबै सुकेर सृष्टि प्रक्रिया हल न चल भयो। पोरोक्मी यम्भामी निरास भएर तागेरा निङ्वा?भूमाङकहाँ उपाय माग्न पुगे। तागेरा निङ्वा?भुमाङले पृथ्वीको सात तलामध्ये एक तलामा रहेको लुङहोरुङ, सिङहोरुङ पक्लुङ (छेलो) हजार हातमाथि उत्तरतिर आकाशमा पुग्ने गरी हान्न पोरोक्मी यम्भामीलाई जुक्ति दिए। पृथ्वीमा फर्केर पोरोक्मी यम्भामीले लुङहोरुङ, सिङहोरुङ पक्लुङ (छेलो) हिर्कायो। पहिलोचोटि हिर्काउँदा केही पत्तो चलेन। दोस्रोचोटि हिर्काउँदा अलिअलि थर्कियो। यसरी आठौँचोटि हिर्काउँदा छेलो ढुङ्गा मुखङलुङ खेखङलुङ खङ्वा गाउँमा ठोक्किएर पृथ्वी कम्पायमान भई बिजुली चम्केर एकाएक भयानक आँधी र हुरी उठी वर्षात भयो। तब पृथ्वीमा रूखपात पलाउन थाले। हरियाली छाउन थाल्यो। सृष्टिकार्यले निरन्तरता पायो। विभिन्न बोटबिरुवा, फलफूल, जीवजन्तु, जलचर, थलचर पशुपक्षीको सृष्टि भइसकेर पोरोक्मी यम्भामीले पृथ्वीलाई अन्तिम गोचर गरे तर पनि पृथ्वीलाई केही न केहीले नसुहाएजस्तो देखियो। तब मानवजातिको उत्पत्ति गराएको आख्यान छ।

पोरोक्मिबा लुङ : तेह्रथुम, ताप्लेजुङ र सङ्खुवासभा जिल्लाको सिमाना जोडिने उच्च पर्वत मेन्छ्यायेम थेगु (डाँडा)बाट मिल्के पहाडतिर जाँदा ढुङ्गाको थाक भएको आश्चर्यजनक स्थल भेटिन्छ। जसलाई पोरोक्मीबा लुङ भनिन्छ। एक आख्यानअनुसार आदिम कालमा ती ढुङ्गाहरू मान्छेहरूलाई स्वर्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जाने सिँढी बनाइदिन पोरोक्मी यम्भामीले लादोक्लुङ नाम्दोक्लुङबाट ल्याएका हुन् । तर ढुङ्गा ल्याउँदाल्याउँदै भाले वासेर उज्यालो हुने सङ्केत दिँदा ढुङ्गाको गह्रौं भारी बाटामै फ्याँकेर उनी अलप भएकाले ती ढुङ्गालाई पोरोक्मिबा लुङ भनिएको आख्यान छ ।

फक्फक् मुयङ्बा : चिल राज । येवा येमाहरूको करजोडी । उनीहरूका लिङ्गोवरिपरि नाचिवस्ने दैवी शक्ति ।

फाक्कक्को फाक्अम्लामा : येबा येमाको शिरे (शक्ति) । मुन्दुमअनुसार सुहाम्फेवा र लाहादङ्नाले चाल्नीमा तिलका दाना चालेर आआफ्नो भागमा पर्ने सन्तान लिई छुट्टिँदा एउटा तिलको दाना भने चाल्नीको प्वालको विचमा अड्किन पुग्यो । फाक्कक्को फाक्अम्लामा तिनै सन्तान थिई । चाल्नीमाथि तैरिएका आठ सन्तान सुहाम्फेवाको भागमा परे भने चाल्नीमुनि छिरेका सन्तान लाहादङ्नाको भागमा परे । तर विचमा अड्किएको फाक्कक्को फाक्अम्लामा कसको हुने भनी लुछाचुँडी हुँदा उसको शरीर दुई फ्याक च्यातिन गयो । पश्चिम दिशा फ्याँकिएको उसको लास नेग्रादेन याक्पे (पहरा) अड्कियो । उसको लासवाट नेग्रादेन याक्पे (पहरा) छिचोलेर विशाल टुनीको रूख उम्रियो । तागेरा निङ्वा?भुमाङले उसलाई येबायेमाको आङमा चढ्ने सिभाक् येमी फोक्वामा हुने शक्ति दिएको मुन्दुम छ ।

फियाम्लुङ्मा र मुक्कुम्लुङ्मा तथा सुसाङलुङ्मा र फन्दारिमा : मुजिङ्ना खेयङ्ना मुन्दुममा वर्णित चार दिदीबहिनी । उनीहरू जवान तरुनी पुगेपछि तन्नेरीको खोजीमा दुई बहिनी हिमालतिर दुई वहिनी मधेसतिर छुट्टिए बसे । थोसुलुङ्मा फियाक्लुङ्मा र वहिनी सुसाङलुङ्मा हिमालतिर र योसुलुङ्मा मुक्कुम्लुङ्मा र फन्दारिमा दक्षिण मधेसतिर तान बुन्दै जङ्गलमा बसिरहेको बेला सिकारी कुकुरसहित हिमाल-मधेस सिकार गरिबस्ने महासिकारी सावान् यक्पुङ्गेम्बासँग उनीहरूको भेट भई यौनसम्बन्ध स्थापना भयो । हिमालतिर जङ्गलमा थोसुलुङ्मा फियामलुङ्मा तान बुन्दै बस्दा अचानक एउटा मृग दौडँदै आई तानमुनि छिर्छ । मृगका सिङले तान चुँडिई धागाहरूमा लपेटिएको मृगलाई उसले तिखो थोलीले रोपेर मार्छे र आफ्नो गुनिउले छोप्छे । तान फिँजाई, धागाहरू मिलाई तान बुन्न क्रिया जारी गर्दा मृगलाई पछ्याउने सिकारी कुकुरहरू पनि आइपुग्छन् । तिनलाई पनि थुन्चेले छोपिदन्छे र तान बुन्न थाल्दा सिकार लखेट्दै सावान् युक्पुङ्गेम्बा आइपुग्छ । खुट्टा चलाउँदै, हात चलाउँदै तान बुनिबसेकी मस्त तरुनी देखेर ऊ अम्लिसोको भ्याङमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लुक्छ । वहिनी सुसाङलुङ्माले देखेर उसलाई दिदी थोसुलुङ्मा फियामलुङ्मालाई देखाइदिन्छे । उनीहरूबिच देखादेख भएपछि दिदीले उसलाई घरमै डाक्न लगाउँछे । सावान् युक्पुङ्गेम्बाले सिकारी भएको पहिचान दिँदै आफूले लखेटिल्याएका मृग, कुकुरबारे चासो राख्दा थोसुलुङ्मा फियामलुङ्माले दुवै नदेखेको भनेर जिस्किँदै ढाँट्छे । मृगको पाइला तान बुन्ने ठाउँमा र कुकुरका पाइला तान बुन्न वस्ने ठाउँसम्म पुगेर टुङ्गिएको हुन्छ । जब सावान् युक्पुङ्गेम्वाले इसाराले वोलाउँदा कुकुरहरू थुन्चेबाट भुक्दै निस्कन्छन् तब तान विगारिदिएकाले लुकाएको थोसुलुङ्मा फियामलुङ्माले वताउँछे । उसले सावान् युक्पुङ्गेम्वालाई सिकार गर्दा थाकेकाले आफूहरूसँगै बस्न पनि अनुरोध गर्छे । स्यौलाले बारेको घरमा सिकार फोरफार गरी खाई खुट्टाले रमाएर चल्दै भ्यागुताभैँ खप्टेर सुत्दा उनीहरूबिच यौनसम्पर्क हुन्छ । थोसुलुङ्मा फियामलुङ्मावाट सुत्छुरु सुहाम्फेबा र सुसाङलुङ्मावाट थोसु खेवा साङदाङ खेवाको जन्म हुन्छ । त्यसै गरी मधेसतिर सिकार खेल्न जाँदा पनि उस्तै घटना दोहोरिएर योसुलुङ्मा मुक्कुमलुङ्मावाट तेल्लला लाहदङ्ना र फन्दारिमावाट योसुलिङदाङ खेवाको जन्म हुन्छ । तर चार दिदीवहिनीबिच उपन्न भएको आँखीडाहीले बुढेसकालमा सावान् युक्पुङ्गेम्वाले तल न माथिको भई मृत्युवरण गर्नुपर्ने हुन्छ । बहिनीहरू सुसाङलुङ्मा र फन्दारिमा दिदीहरूको दाससरह भएको तथा उनीहरूको कोखबाट जन्मेका छोरोहरू पनि दाससरह नै रहनुपरेको मुन्दुममा वर्णित छ । तर जे होस् यी चार दिदीवहिनीवाट जन्मेका सन्तानवाट नै पछि सावा येत्हाङवंश फैलिएर गएको मुन्दुम छ ।

फुल्लेरे फक्तिन या : पाजाइबा मुन्दुममा वर्णित तान्त्रिक लाटोकोसेरो । सावा येत्हाङवंशी पाजाइबा र इरेर इधुक्नामा चेलीमाइतीबिच फूलले हानाहान गरेपछि पापव्यभिचारको जन्म हुन्छ । स्वास्नी लुप्लिना वदन्नामाको षड्यन्त्रमा अशुभ फूलको मुठाले पाजाइबाले आफ्नो चेली इरेरे इधुक्नामा स्तनमा लाग्ने गरी हानेको हुन्छ । इरेरे इधुक्नामा शिर ढलेर स्तन कुहिएर बिरामी हुन थाल्छे । लुप्लिना वदन्नामाले यो पोल तान्त्रिक येवा, फेदाङ्मा, साम्वा कसैले खोलिदेला भन्ने डरले सबैलाई कोसेली पात दिएर मुख बन्द गराउन पाजाइवालाई लगाएको हुन्छ । तर फुल्लेरे फक्तिन या नामक तान्त्रिक लाटोकोसेरोलाई भने उसले कोसेली दिँदैन । इरेरे इधुक्नामालाई झारफुक गर्ने तान्त्रिक खोज्दै गएका साम्दाङ खेवा र लिङदाङ खेवाले फुल्लेरे फक्तिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यालाई भेट्टाएर ल्याउँछन् । उसले तान्त्रिक शक्ति प्रयोग गरी अघि भएको सप्पै घटना सहीसही वताइदिन्छ । यसपछि पाजाइवा र खाप्पुना मेल्लनहाङ्माको षड्यन्त्र खुल्न जान्छ । पाजाइवाले रिसले भोटचिनको तरबारले उसको घाँटी च्वाट्टै छिनाइदिन्छ । तर उसले तन्त्रमन्त्रका वलले चुँडिएको घाँटी जोडी उडेर रूखको टुप्पामा टाउको घुमाउँदै बस्छ । यसरी मुन्दुममा लाटोकोसेरो तान्त्रिक शक्तिले युक्त, अज्ञानताको अन्धकारमा पनि सत्य पहिल्याउन सक्ने ज्ञानी शक्तिका रूपमा वर्णित छ ।

फियाक्मा येमानी र येमा चेप्मा लुङ : इलाम धुसेनी गाउँ वारुङ्मा रहेको 'येमा चेप्मा लुङ'को नामकरण लिम्बू थरकी फियाक्मा येमानी मिथसँग सम्बन्धित छ । लोककथाअनुसार उहिले हाल पाँचथर आमदाङ यक पश्चिम युभाङ (इभाङ) गाउँको ठुलो पोखरीमा शक्तिशाली नरभक्षी नागनागिनी वस्थे । जीव, जन्तु र मान्छेलाई आहारा वनाउने ती नागनागेनीले एक दिन लुङ्थे गाउँकी फियाक्मा येमानी (येमा) को वच्चालाई पनि खाइदिए । नागनागिनीसँग प्रतिशोध लिन येमानीले येधाला (येवायेमाले वजाउने तन्त्रयुक्त थाल) मा सर्वशक्तिमान ईश्वर तागेरा निङ्वा?भुमाङलाई भाकेर पोखरीमा रगत देखिए आफू हार्ने, दुध देखिए विजयी हुने चेलाहरूलाई वताई र लडाइँ लड्न सुरु गरी । येमानीसँग डराएर नागेनी भागी तर नागले भने टेरेको थिएन । पहिलोपल्ट उसले येधालाले हानेर नागको पुच्छर काटिदिँदा पोखरीवाट निस्कने सानो खोला रक्ताम्य भयो । यसरी उक्त खोलाको नाम 'चभक् वा-धाक्येमा पो:क्देन्' रहन गयो । पोखरीवाट नाग निस्केर भाग्यो, येमानी त्यसलाई लखेट्दै अघि वडी । अहिलेको मोरङको पेल्टीमारी हुँदै गरुवा (अहिलेको दानावारी) तिरबाट उकालो फर्काई चारखोलाको जितपुर ल्याई पुऱ्याई । त्यहाँको भ्याउ पोखरीमा लुकेको त्यसलाई मासुली सिरानको पोखरीवाट पनि निकालेर फ्याँकिदिँदा कायकेबाबुङ पोखरीमा लुक्यो । त्यहाँ पनि दुईबिच घमासान लडाइँ भयो । पुङफुङको फेद अँधेरे पोखरी, सिङ्गलप्पाको माकलेप पोखरीमा ल्याइपुऱ्याउँदा थालले काटेर घाइते बनाई । तर फेरि त्यो आम्दाङ पोखरीमा पस्यो । त्यहाँबाट त्यो वारुङको सानो पोखरीमा आइलुक्यो । यसरी लखेटिँदै, भाग्दै जाँदा नाग अति थकित भयो । अन्त्यमा वारुङ डाँडामा त्यसलाई तान्त्रिक शक्तिको वलले थाल जपेर शरीरबिचमा दुई फ्याक हुने गरी काटेर मारिदिई । लगत्तै मन्त्रद्वारा वज्रपात गराई येमानीले पनि देह त्याग गरी । यसरी येमानीले थाल जपेर नागलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुई फ्याक हुने गरी काटी मारेकोले 'येमा चेप्मा लुङ' नाम रहन गएको किंवदन्ती छ ।

फेत्ल्येर फेम्पुना र या?लाःङ : लिम्बूजातिको लोकप्रिय नाच या?लाङ (धाननाच) को उत्पत्ति फेत्ल्येरे फेम्पुना (भङ्गेरा चरा)सँग जोडिन्छ। मुन्दुमअनुसार कृषियुग सुरु हुनुअघि मानिस फैलिएर वनजङ्गलको कन्दमूलले पुग्न छोड्यो, अनिकाल लाग्यो । मानिसको दुःखबाट दया पलाएर एउटा भँगेरा खेतीपाती गर्न सिकाउन तथा अन्नको विउ दिन तयार भयो । त्यसका लागि उसले मानिससँग आफ्ना सन्तानलाई सिकार गर्न बन्द गर्नुपर्ने र पाकेको अन्नपात खान दिनुपर्ने सर्त राख्यो । मानिसले सर्त नमान्ने कुरै थिएन । भँगेराबाट घैयाको बिउ प्राप्त गरेर मानिसले खेतीपाती सुरु गरे । अनिकाल हटेर गयो । तर विस्तारै भँगेराका सन्तान बढ्न गई अन्नबाली सक्न लागे । सिकार गरूँ त पहिलेको सम्झौता उल्लङ्घन भएर देवदण्ड हुने निश्चित थियो । मानिसलाई अनौठो सङ्कट आइलाग्यो । अव भँगेरालाई सौहार्दतापूर्वक धपाउनका लागि नयाँ जुक्ति रच्न थाले, पाकेको घैयालाई एक ठाउँमा थुपारेर "हाऽऽऽ हाऽऽऽ हाऽऽऽ" भन्दै समूहमा गीत गाउने/नाच्ने गर्दागर्दै या?लाःङ अर्थात् धाननाचको विकास भयो । हाल आएर लिम्बूजातिमा नाता नपर्ने कुटुम्ब युवायुवतीले मेलाहाट, चाडपर्व, पाहुनापातको अवसरमा सौहार्दतापूर्वक या?लाःङ (धाननाच) नाच्दछन् ।

फोगिया माकिया पु : वेजोडी, विधवा, विदुरताको प्रतीक जुरेली । मुन्दुमअनुसार प्रथम सिकारी ऽावा युक्पुङ्गेम्वाले पहिलोपल्ट धनुवाण चलाउँदा जोडी जुरेलीको भालेचाहिँ मारियो । एक्लो भएकी पोथी जुरेलीले बिलौना गर्दै मानवजातिलाई पनि विधवा हुने श्राप दिइन् । त्यसपछि नै विधवा/विदुर हुने परम्परा सुरु भयो भनिन्छ ।

मावोहाङ : ज्ञान, बुद्धि, मुन्दुमकी देवी युमासाम्माङले दर्शन दिएको ज्ञानी महात्मा राजा । पाँचथर यासोकजङमा शासन गरेका मावोहाङले नै युमाधर्मको भक्ति र प्रचार सुरु गरेको मनिन्छ । सर्वशक्तिमान युमाको आत्मा धारण गरेका उनले मानवजातिको कल्याणका लागि विभिन्न दर्शन, उपदेश र देववाणी बके जुन 'मावोहाङ माङ्पाःन' को रूपमा लिम्बू समाजमा प्रचिलत छ ।

मारुङ लुङ पारुङ लुङ : ताप्लेजुङमा पर्ने मानवचोलाधारी दुई ठुलठुला ओढार । यिनले उहिले सृष्टिकालमा मनुष्यको चोला लिएर संसर्ग गर्दा आदि मानिसको उत्पत्तिको भएको मुन्दुम छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मावरक पावरक : धनकुटा राजारानीमा रहेका दुईवटा पोखरीलाई लिम्बू भाषामा मावरक पावरक (आमा पोखरी र बाबु पोखरी) भनिन्छ । कालान्तरमा नेपालीकरण भएर राजा पोखरी र रानी पोखरी नामकरण भयो र गाउँको नाम पनि सोही रहन गयो । एक किंवदन्तीअनुसार त्यहाँ पा र मा अर्थात् राजारानी वस्दथे । त्यो ठाउँ घनघोर जङ्गलले ढाकेकोले दिउँसै अँध्यारो देखिन्थ्यो । मा र पासित एउटा भान्से (सुसारे) र एउटा सेतो परेवा (सञ्चारवाहक) थियो । पा आफ्नो साथमा भान्से र सञ्चारवाहकको रूपमा परेवालाई पिँजडाभित्र हालेर सिकार खेल्न जान्थ्यो । सिकारमा केही आपत् परे राजाले पिँजडाबाट छोडिदिएको परेवा सन्देश लिएर रानीकहाँ आइपुग्थ्यो । एकपल्ट राजा, भान्से र परेवा धेरै दिन सिकार खेल्नमै भुले । उनीहरू घरफर्की नआएकोमा रानी आतेश खान लागी । सिकारको पछि लाग्दा राजालाई पनि दिन वितेको पत्तै भएन । एक दिन कसोकसो भान्सेले पिँजडाको ढोका खोली दिँदा परेवा उम्किएर वेगले उडेर मावरकमा आइपुग्यो । परेवा आइपुग्नासाथ रानीले राजा सङ्कटमा परेको सम्झी । हिंस्रक पशुबाट राजाको ज्यान तलमाथि पऱ्यो होला भनी रोइकराइ गर्न थाली । राजाले भान्सेलाई क्षमाकुशलको समाचार पुऱ्याउन रानीकहाँ दौडायो । तर भान्से आइनपुग्दै रानीले मावरकमा हामफालिसकेकी थिई । आफू जीवित हुँदै रानीले आत्महत्या गरेपछि राजाले पनि पावरकमा हामफाली प्राण त्याग गऱ्यो । राजारानीले हामफालेर आत्महत्या गरेपछि ती दुई मा र पा पोखरी पनि एकसाथ विस्फोट भएर दक्षिण तराईतिर एक खोला भई बगेर गए । जुन खोलालाई अहिले खादाम (अँध्यारो) खोला भनिन्छ । आफ्नो सानो गल्तीले रानी र राजा गुमाउनुपर्दा भान्सेले पनि खादाम खोलामा हामफाल्यो भनिन्छ । राजारानी गाउँको मा वरक पा वरक पहिले पानी सुकेर सिमसारमा परिणत भएका थिए तर स्थानीयले मावरकलाई भने छेकबार गरेर अहिले पोखरीको स्वरूप दिएका छन् ।

मावा नु रतुवा : श्राप लागेर लक्ष्यमा पुग्न असफल मावा र रतुवा खोला । उहिले सृष्टिकालामा मावा र रतुवा खोलाले आँखी लाउँदा तमोर र माईखोलाको विहे हुन सकेन । एकातिर तमोरले विहे गरिसकेको झुटो खबर दिएर माईखोलालाई भड्काइदियो भने अर्कोतिर माईखोलालाई लिन पूर्वतिर आइरहेको तमोरलाई पनि माईखोलाले बिहे गरिसक्यो भनेर ढाँट्यो । धेरैपछि माई र तमोरले षड्यन्त्र थाहा पाएर मावा र रतुवालाई सोचेको, ताकेकोहाँकेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्यभेदन कहिल्यै नहोस् भनी श्राप दिए। त्यही भएर रतुवा र मावा समुद्रमा नपुगी बिचैमा सुक्ने कथन छ।

मिक्वा वहङ : मेवा खोलाको पुरानो नाम मिक्वा वहङ हो। यसको अर्थ आँसुको खोला भन्ने हुन्छ। एक किंवदन्तीअनुसार ताप्लेजुङ जिल्लाको उत्तर भेक हिमशृङ्खलामा पर्ने पापुङको तोप्के गोलामा उहिले लिम्बूहरू बस्थे। तोप्केगोलाको शिरमा रहेको भूतपोखरीले लिम्बूहरूलाई सारै दुःख दिएका हुनाले तोक्पेगोलादेखि माथि गई शिरमा बाखापालन गरी बस्न लागे। त्यहाँ सोदो पोखरीको पानीको निकास भएर गाउँमा आउँथ्यो। त्यसले बाखा चरणमा बाधा पुऱ्याउँथ्यो। त्यसैले वारिपारि बाखा तार्नलाई उनीहरूले खोलामा एउटा 'मेःन्दातरःङ' बनाए। लिम्बू भाषामा 'मेःन्दा' भनेको बाखा र 'तरःङ' भनेको साँघु हो। पछि ती लिम्बूहरू त्यहाँबाट तारबुङ भन्ने गाउँमा बसाइँ सरे। तर हिँड्न नसक्ने दुई जना वुढावुढी लिम्बूलिम्वुनी भने गाउँमै छाडिए। छरछिमेकी र छोराछोरी सबै ताँत लागेर गाउँ छोडी बसाइँ सरेको देखेर ती बुढावुढी धुरुधुरु रुन थाले। यति रोए कि उनीहरूको आँसुबाट एउटा खोला उत्पन्न भयो। त्यो खोलालाई मिक्वा वहङ (आँसुको खोला) भनियो। भनिन्छ, यही खोलाको नाम अपभ्रंश भई मेवा खोला रहन गयो।

मिधुङमिराक : सुहाम्फेवा लाहादङ्ना मुन्दुमअनुसार सावा येत्हाङवंशले पहिलोपल्ट प्राप्त गरेको आगो। आगोलाई लिम्बूजातिमा एकातिर ईर्ष्याडाहा, रिसक्रोध, लोभलालच र छलकपटको प्रतीकका रूपमा मानिन्छ भने अर्कोतिर मङ्गलकारी, उज्यालो, क्रान्तिको प्रतीकका रूपमा पनि लिइन्छ।

आख्यानअनुसार चेलीमाइती विग्रेका सुच्छुरु सुहाम्फेवा र तेत्लारा लाहादङ्ना छुट्टिने बेला चाल्नीमा तिलका दाना चालेर कसको भागमा कति सन्तान पर्ने भनेर भाग लगाइँदै थियो। आमा त हो, सन्तानको लोभ र मायाले लाहादङ्नाले दुइटा तिलका दाना सुटुक्कै लुकाई। ईर्ष्या र डाहाले लुकाइएका ती दाना सावा येत्हाङ पाङ्भेमा पोखिएर भयानक कालो र सेतो साँढेमा रूपान्तर भई आपसमा जुध्न थाले। यस क्रममा भयानक आगो र आँधी उत्पन्न भयो। मानिसहरूको गाउँ सावा येत्हाङ बस्तीमा पहिलोचोटि आगलागी भयो। सारा बस्ती ध्वस्त भयो। सावा येत्हाङ पाङ्भेवासीले दण्ड जरिवाना गर्ने ठहर भएपछि लाहादङ्ले कान्छो छोरा सेत्छेरे सेनिहाङलाई आगो मार्ने जुक्ति सिकाइदिन सोधुङ्गेन लेप्मुहाङ पाङ्भेमा पठायो। बुवा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुहाम्फेवाले आगोबारे जान्ने शास्त्रज्ञहरू साथमा दिई पठाए । मुगुप्लुङ खागुप्लुङ साम्वा, तेल्लेले तेन्जियेप येवा, तेल्लेले तेन्छामुक येवा र साम्वाहरूले आगो मार्न थाले । उनीहरूले ढुङ्गाको टोड्काको जल, रूखको टोड्काको जल, अन्नका जाँड, हरियो केराको पात, माछाको रगत, सुँगुरको रगत, हिमाल र सागरको चोखो जलले सिञ्चन गर्दै पूजा गर्दै आफ्नो लामोलामो जामाले छोपेर आगो निभाएपछि सावा येत्हाङ पाङ्भेमा फेरि आगोको अनिकाल आइपऱ्यो । धेरै दिन बित्दा, आठ घाम बित्दा पनि आगो हराएको-हराएकै हुँदा फेरि सावा येत्हाङका सन्ततिहरू आगोका लागि रोए । आगोबिना उनीहरूको जीवन सारहीन भयो । तव आमा लाहदङ्नाले बुवासँग आगो मागेर ल्याउनलाई कान्छा छोरा सेत्छेरे सेनिहाङलाई पठायो । बुवा सुहाम्फेवाले कान्छा छोरासँग अधिका साम्वा येवाहरू पुनः पठाइदियो । उनीहरूले माथि भोट चीनदेखि तल औलमधेससम्म खोज्दा पनि कतै आगोको झिल्कासम्म भेटिएन । खयरको रूख, भालुवाँस, भकिअमिलोको रूख आदिलाई मथेर आगो खोज्दा पनि नभटेपछि उनीहरू आगोविना, ज्योतिविना एकदमै दीनहीन भए । राति सपनामा तागेरा निङ्वा?भुमाङ्ले फेगिसिङ साघिसिङ (लिपेपाट) मा आगो भएको पहिचान दिए । यसपछि सावा येत्हाङवंशी सारा मिलेर फेगिसिङ साघिसिङलाई मथेर आगो निकाले । तब मानवजातिले गिट्ठा, भ्याकुर, मासु, कन्दमुल पकाएर खान सक्ने भए ।

मियङलुङ : मुन्दुममा नेग्रादेन याक्पे (पहरा) को टुप्पाको विशाल टुनीको रूखको गुँड लगाइवस्ने लायम्लुङ पर्वतमा उत्पत्ति भएको मुयाहाङ (चिलराजा)लाई साजिचङ र पुजिचङ सिकारीले जालमा पारेर मारेर तमोरमा बगाएपछि त्यसको पखेटाको हाडबाट बिरोलो देव (मियङ साम्माङ)को उत्पत्ति भएको आख्यान छ । मियङलुङको मिथक पनि यही मियङ साम्माङसँग कता न कता जोडिएर आउँछ । किंवदन्तीअनुसार हालको तेह्रथुम सदरमुकाममा उहिले बारीबाट फर्कंदै गरेका भगिमान भन्ने याक्थुङ्वा (लिम्बू) को खुट्टामा एउटा राम्रो चिल्लो बिरालो उसको खुट्टामा म्याउँम्याउँ गर्दै लुटपुटिन थालेछ । कत्ति राम्रो बिरालो भनी समाउन खोज्दा फुत्त उफ्रिएर त्यो हेर्दाहेर्दै ढुङ्गामा परिणत भएछ । बिरालो होइन माङलुङ (देवढुङ्गा) रहेछ भनी भोलिपल्ट उसले त्यस ढुङ्गालाई बाजागाजासहित डोलीमा चढाएर बरपिपल चौताराको फेदमुनि ल्याएर स्थापना गरेछ । धरानबाट नून लिएर आएका एक हूल भरियाहरू तमोर हुँदै त्यस चौतारामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भारी बिसाएर खाना पकाउन थालेछन्। उनीहरूले चुल्हो गाडेका तीनवटा ढुङ्गामध्येमा एउटा त्यस माङलुङ परेछ। भात उम्लन लाग्दा एकाएक माङलुङ हल्लिएर भातको भाँडा नै घ्वालाक्क घोप्टिएछ। दिनरात भारी बोकेर भोकले रन्थनिएको एक जना झोक्की भरियाले खुकुरी फुत्त झिकेर प्रहार गर्दा माङलुङ चोइटिन गई रगत भुलुलु निस्कन थालेछ। अचम्म र डरले भरियाहरू भोकै हालको हरिसे गाउँतिर लागेछन्। त्यहाँबाट पाँच सय गजउता पुग्ने बेला एउटा सिंह निस्केर अघि खुकुरी हान्ने भरियालाई चिथोरी मारेछ अझ रिस नमरेर नजिकैको ढुङ्गालाई पनि चिथोरेछ। जुन ढुङ्गा अद्यापि हरिसे गाउँमा रहेको छ। यसरी माङ्ले विरालोबाट ढुङ्गाको रूप लिएकोले मियङ (विरालो) लुङ (ढुङ्गा) भएको किंवदन्ती छ।

मुक्कुहाङ र अजरक्पा : स्वगढ स्थापना र रक्षार्थ लडेका एक शक्तिशाली मुक्कुहाङ र अर्को जिद्दीवाल अजरक्पा। लोककथाअनुसार युमा माङले मानव उत्पत्तिस्थल मुनातेम्वेवाट भैँसीमाथि चढाएर ताप्लेजुङ सान्थाक्रा ल्याएका दुई भाइ नातिमा एउटालाई हाँडीको खवटा र अर्कोलाई खरको बुट्टाले साँध लाएर जग्गाजमिन भोग गर्न लगाए। तर खरको साँध आगोले डढेपछि युमासँग मुक्कुहाङ नाति रिसायो। युमाको पालो नातिको मुखमा वरदानस्वरूप तीनवटा अज्ञात बुटी हालिदिएर अलप भइन्। नाति एकाएक बौलाउन थाल्यो। मुनातेम्वेवाट ल्याएको भैँसीलाई पनि मारेर खायो। त्यसपछि तमोरको तीरैतीरै हालको ताप्लेजुङ, पाँचथर, धनकुटालगायतका क्षेत्रमा आइपुगेर मुक्कुहाङ (मुक्केगुवा) अर्थात् 'शक्तिले युक्त' भनेर चर्चित भयो। ताप्लेजुङकै अजरक्पा नामको एउटा जिद्दीवाल लडाकु थियो। त्यसले मुक्कुहाङलाई कहीकतै बस्ने जग्गा नदिन उर्दी गर्‍यो। तर मुक्कुहाङले मधेसको मोराहाङ राजाकहाँ गएर तमोरको हाक्पारा घाटमा गढ बनाएर कर उठाउन थाल्यो। एक दिन त्यही बाटो भएर मधेस झरेको अजरक्पालाई कर तिर्न नमान्दा मोराहाङ राजाको झ्यालखानामा लगेर थुनिदियो। अजरक्पाले पनि मोराहाङ राजा र लेप्चा सेनाबिचको लडाइँमा लेप्चा सेनालाई हराएर राजाको मन जित्यो। इच्छ्याएको माग्न राजाले आदेश दिँदा मुक्कुहाङलाई मार्ने हुकुम माग्यो। मुक्कुहाङलाई लडाइँ लड्न तयार हुन भनियो। लिगुवा र तोङ्गुवा दुई सहयोगी तथा स्वास्नी काम्प्याक लिसिकाक फन्थाकलाई लिएर मुक्कुहाङ उपयुक्त लडाइँ लड्ने ठाउँको खोजीमा तमोर-निभुको दोभान हुँदै निभू खोलाको शिरमा आइपुग्यो। पछ्याइरहेको अजरक्पालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर्साउन मुक्कुहाङले एक वाण हान्यो, त्यो निभुखोलाको पहरामा थुरिएर पानीको मूल नै फुट्यो । चटचाङ परेजस्तो वाणको आवाजले अजरक्पा वेहोस भएर मुक्कुहाङसँग मिलेमतो गर्ने पक्षमा पुग्यो भनिन्छ । मुक्कुहाङ चेम्जोङ लिम्बू र अजरक्पा थेगिम लिम्बूको पुर्खा भएको किंवदन्ती छ ।

मुक्केगुबा : ज्ञान र बुद्धिकी देवी युमासाम्माङबाट वरदान पाएको एक माबोहाङ योद्धा । कथाअनुसार जनतालाई अत्यन्त दुःख दिने एक होरु राजालाई मुक्केगुबाले युमासाम्माङको आदेशमा वध गरेको थियो । उसले होरु राजाकै सैनिक कमान्डर भएर उसका हजारौं सैनिकलाई कृत्रिम युद्धस्थलमा लैजाँदै, हराउँदै अन्त्यमा होरु राजालाई नै एक्ल्याएर मारेको थियो । युमाकै स्वप्न निर्देशनमा पछि ऊ उपाजोङको राजा भएर युमाधर्मको प्रचारप्रसार गरेको किंवदन्ती छ ।

मुजिङ्ना खेयङ्ना : मुजिङ्ना खेयङ्ना मुन्दुममा वर्णित मानवजातिको आदिमाता, प्रथम स्त्री । मुन्दुमअनुसार पोरोक्मी यम्भामी देवले शिरुको टुप्पामा आकाशबाट झरेको शीतपानी (वाहित्) र खरानी (खाप्पु) मुछेर मुजिङ्ना खेयङ्नाको सृष्टि गरेको मुन्दुम पनि छ । तर अर्को मुन्दुमअनुसार पोरोक्मी यम्भामीले निर्माण गरेका आठ देवमध्ये जेठो देव सोधुङ्गेन लेप्मुहाङको जेठी छोरीका रूपमा मुजिङ्ना खेयङ्ना जन्मिएको भन्ने पनि छ । अरू जे भए पनि मुजिङ्ना खेयङ्ना तरुनी हुँदै गएपछि उसमा तीव्र यौनचाहना उत्पन्न भई तन्देरीको चाहमा विरक्तिँदै, सुसेली खेल्दै, आकुलव्याकुल भई हिँड्दा हावासँगको संसर्गमा गर्भवती भई मानवसृष्टिले निरन्तरता पाएको मुन्दुममा भने समानता छ । मुन्दुमअनुसार यौवनमा धपधप बलेकी, यौनको आगोमा छटपटिएकी मुजिङ्नाखेयङ्ना पृथ्वीको पूर्वदिशाको नाम्गेनलुङ भन्ने अति घमाइलो पाखाको नाम्गेनसिङ रूखको हाँगामा टाङ फारेर सुस्ताइरहेको बेला तागेरा निङ्वा?भुमाङले वायुबतासको रूपमा सोधुङ्गेन लेप्मुहाङलाई पठाउँछन् । मिठो शीतल वायुबताससँग खेल्न थालेपछि मुजिङ्नाखेयङ्ना गर्भवती भई उनको कोखबाट प्रथम आदि पुर्खा सुसुवेङ लालावेङको जन्म भएको मुन्दुम छ । त्यसै गरी सर्वप्रथम तान बुन्ने सीप तागेरा निङ्वा?भुमाङ्ले मुजिङ्ना खेयङ्नालाई दिएको पनि मुन्दुममा उल्लेख भएको पाइन्छ ।

मुदाकताक खेदाकताक माङ : अन्धकार महाशून्यमा ब्रह्माण्डको सृष्टि गर्न उत्पत्ति भएको तुवाँलो देव ।

मुधक थक्पाहाङ मिदिङसिङ : पाजाइबा मुन्दुममा वर्णित धमिराको राजा बोक्रे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टिम्मुर । मुन्दुमअनुसार पाजाइबाले मानवजातिको पहिलो घर बनाएको खुसीको खबर सुनेपछि सोधुङ्गेन लेप्मुहाङले घर पैंतो खान शास्त्रज्ञ फेदाङ्मा लोदेनहाङ्बा, फुङदेनहाङ्बा गीत गाउन सिपालु केवाफुङ्वाहरू पठायो । तर घर बनाउन कुनै सहयोग नगर्ने तर घर पैंतो खान आउने भनी पाजाइबाले केही पनि नखुवाएपछि तिनीहरू रिस र क्रोधले बोक्रेटिम्मुरको काठको टुक्रा छानामा सिउरी राखेर गए जसका कारण आठ महिनामै धमिरा लागि पाजाइबाको घर भत्क्यो । त्यसै गरी नयाँ घर निर्माणमा पाजाइबाको जेठी चेली खाप्पुना मेल्लनहाङ्मालाई घरको मूल खम्बाको थिचिएर मार्दा उसको प्रेतात्माले सदाको लागि बोक्रेटिम्मुरमा वास गर्‍यो भन्ने मुन्दुम पनि छ । जे होस्, बोक्रे टिम्मुरलाई धमिराका राजा अर्थात् मुधक थक्पाहाङ भनिन्छ । यो घर निर्माणमा प्रयोग गर्नु नहुने मान्यता छ ।

मुयासाम्माङ : मुयासाम्माङ मुन्दुमअनुसार मुयासाम्माङ (चिलदेवता) अमङ्गलकारी देवता हो । यसको उत्पत्ति आख्यान रोचक छ । उहिले लायम्लुङ पर्वतमा एउटा मुयाहाङ (चिलराज) जन्मिएको आठ नौ वर्षसम्म पनि कुनै प्वाँख, पुच्छर नपलाएर नाङ्गैभुतुङ्गै भयो । निगालो, मालिङ्गो र गुराँसका पातहरूले आफ्नो आङ ढाक्न खोज्यो तर पनि पार नलागेपछि निरास त्यो सर्वव्यापी ईश्वर तागेरा निङ्वा?भुमाङकहाँ बिन्ती गर्न पुग्यो । तागेरा निङ्वा?भुमाङबाट त्यसले सावा येत्हाङ पाङ्भे (मानव बस्ती)को साङ्गामा लिङ्गामा ताक्मारु घैयाको पराललाई प्वाँखपुच्छर बनाई उड्ने वरदान पायो । सावा येत्हाङ पाङ्भेमा परालको प्वाँखपुच्छर लाएपछि उड्न सक्ने भएको त्यो एकदम वेग हानेर आकाशमा उड्न थाल्यो । धीत मरुन्जेल उड्दाउड्दा, घुम्दाघुम्दा थकाई लागेर मेरिङ र फुङ्मुवा खोलाबिच फुङ्वा गाउँको एउटा टुनीको रूखको टुप्पामा बस्यो । त्यसले गाउँका बच्चाहरूलाई टिपेर आहारा बनाउन थाल्यो । एक दिन त्यसलाई त्यस गाउँका पुजिचङ र साजिचङ नाम गरेका दुई जना सिकारीले आफ्नो लिसोपासोमा पारेर मारे र तमोरमा बगाइदिए । एक दिन तमोरखोलाको लिङ्खिम जालहारीले जालहान्दै जाँदा त्रिवेणीमा चिलाराजाका सुनचाँदीझैँ टल्कने हड्डीहरू जालमा पारेर घरमा ल्यायो । खुट्टाका नलीहाड घरको मूलथाम र पखेटाको नलीहाड निदालमा सिउरी राख्यो । तीन वर्षसम्म ती हाडहरू सुनचाँदीझैँ उज्यालो भएर टल्किरह्यो । तर खुट्टाको नलीहाडबाट बिरालो देव र पखेटाको हाडबाट मुयासाम्माङ पैदा भएर सिकारी लिङ्खिमको मुटुकलेजो दुख्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थाल्यो । साम्सिङवुङ फेदाङ्माले पहिले गोपेबाँसको भालाको पासोले चिलराजाको मुटुकलेजो छेडिएको, आँखाहरू फुटेकाले अहिले त्यसका हड्डीहरू बिरालोदेव र चिलदेव बनेको जोखना छुट्याई सुँगुरको पाठाको वलि दिएर पूजा गरेपछि सिकारी लिङ्खिम निको भयो । त्यसपछि नै बिरालोदेव र चिलदेवको पहिचान भएको आख्यान छ ।

मुरोत्लुङ खेरोत्लुङ : नावा चइत् मुन्दुमअनुसार शून्यमा वायुदेवताहरू उत्पन्न भए । त्यसपछि कुरोतीमाङ र कुमाङ माङ पन्छीरूपी देवता प्रकट भए । आँधीवतासमाथि वायुदेवताहरू फनफनी घुम्न थाल्दा हुरीको टुप्पोमा खस्रो वालुवाका कणहरू उत्पन्न भए । त्यसमाथि मुरोत्लुङ खेरोत्लुङनामक शिलापत्थरका देव उत्पन्न भए । यस शिलापत्थरका देवमाथि कुरोती माङ र कुमाई माङले कावा खाँदै पखेटा फटफटाउँदै, पुच्छर फरफर फिँजाउँदा तिनको देहवाट निस्किएको पसिना खस्यो अनि पोखरी र सागर भयो । तर पोखरीको जल पोखिएर पोखरी जमेन । रहेन ।

मेन्छाम्नोन नाम्याप्मी : घाम जस्तै उदाउने/अस्ताउने, गतिशील चोलाधारी मानव । मुन्दुमअनुसार प्रथम मानव । सुनचाँदी, हीरामोती, मणिमाणिक्य आदि बहुमूल्य धातु र पत्थरबाट वनाएका मानव भने जति बोलाउँदा पनि नबोलेकोले पोरोक्मी यम्भामी देव निरास र थकित भइसकेका थिए । अन्त्यमा देवताहरूको गाउँ सोधुङ्गेन लेप्मु तेम्बेबाट वयागेन थोक्पानतेम्बेनामक मैदानमा वज्र खसेर मालिङ्गो जलेको खरानी र शीतलाई मुछेर वनाएको मानवचाहिँ वोलाउँदा वोल्यो । बहुमूल्य धातुबाट बनाएको मानव नबोल्ने तर शीत र खरानीबाट बनाएको मानवचाहिँ वोल्दा पोरोक्मी यम्भामी देवले रिस उठेर 'थुक्क' थुकिदिँदा शिर ढलेर त्यसको तुरुन्त मृत्यु भयो तर तुरुन्तै बचाएर त्यसलाई यस पृथ्वीमा आगामी विचरणका लागि छाडिदिए । यसरी मानवजातिका लागि जन्मसँगै मृत्यु पनि अनिवार्य हुन पुग्यो । योसँगै मानवजातिमा एकअर्कामा थुक्न नहुने, त्यसरी थुकेमा पोरोक्मी यम्भामीको सराप लाग्ने, शिर ढल्ने मान्यता पनि स्थापित भयो ।

मेन्छ्यायेम थेगु : ताप्लेजुङ, सङ्खुवासभा र तेह्रथुम जिल्लाको सिमाना जोडिने मिल्के पहाडमा अवस्थित मेन्छ्यायेम धापमा उहिले तन्नेरी तरुनीहरूले नाचगान गरेको, पक्लुङ (छेलो) हानेको मुन्दुममा वर्णित छ । विशेष गरेर तङसिङ तक्मा अनुष्ठान गर्दा येबासाम्बाहरूले मुन्दुम गाउँदै मेन्छ्यायेम धाप पुऱ्याएपछि बिसाउने गर्दछन् । केही छिनको विश्रामपछि फुङ्वाचाःङ्मा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(फूल झरिलो फुलाउने) र पक्लुङचाःङ्मा खेलाउने) अनुष्ठान प्रारम्भ गर्दछन् । मेन्छ्यायेम नामकरण बारेको एक किंवदन्तीअनुसार उहिले परापूर्वकालमा आफ्नो स्वरूप परिवर्तन गरिबस्ने युमासाम्माङ मेन्छ्यायेम धापवरिपरि गाईबस्तु चराउने गोठालाहरूको अघि एक सुन्दर युवती भएर प्रकट भई । बैंसले भरिएका गोठालाले उनलाई बोलाउने, जिस्क्याउने, मायापिरतीका कुराले लोभ्याउन थाले । युवतीको भेषमा रहेकी युमासाम्माङ ती युवकहरूको शक्ति र सौर्य मात्र जाँच्न चाहन्थी । त्यसैले केही नबोली धापबाट उकालैउकालो उत्तरतिर लागी । गोठालाहरू उनको पछिपछि लागे । सबै जना धापबाट उठेको अग्लो डाँडाको मनोरमस्थलमा पुग्दा गोठालामध्येको एक जना युवकले प्रेमपूर्वक बिहे गर्ने प्रस्ताव राख्यो । युमासाम्माङले त्यही रहेको यौटा ठुलो गोलो र लम्बाकार ढुङ्गालाई उचालेर छेलो हान्न सक्ने मात्र बिहे गर्ने बाचा बाँधी । युवकहरूले पालैपालो त्यो ढुङ्गा उचाल्न खोजे तर नसकेर लाजले रातोपिरो भए । शिर ढलेर त्यहाँबाट फर्किए । अघिको वाचाअनुरूप युमासाम्माङ त्यो ढुङ्गा उचाल्न सक्ने र त्यसलाई छेलो हान्न सक्ने शक्ति र सौर्यले युक्त बलिष्ठ युवकको पर्खाइमा डाँडामा उभिएको उभिएकै हुँदा त्यसको नाम मेन्छ्यायेम रहन गयो । लिम्बू भाषामा 'मेन्छ्या' को अर्थ तरुणी र 'येम्' ('येप्'को अपभ्रंश) "उभिनु" हुन्छ । यही भिरालो जमिनको केही तल समतल जमिनमा एउटा ठुलो ढुङ्गा अडिएको छ । यो ढुङ्गा चैनपुर मैदानेबाट पोरोक्मीले नै पक्लुङ (छेलो) हानी पठाएको भन्ने फुङ्वाचाङ्मा मुन्दुममा आउँछ । पक्लुङ सियेङ्घा लियेङ्घामा थुरिएर फुटी जोडिएको कथन पनि आउँछ । यस डाँडाको थप सौन्दर्य पक्लुङ (छेलो ढुङ्गा) पनि हो ।

मेभुङ्गा आउङ्गा : तुवाँलो देवसँगै प्रकट भएका खुट्टा नभएका लङ्गडा देव ।

याक्लापुसा : कलह-झगडा गराउने किरा । मुन्दुमअनुसार एउटा डरलाग्दो लाभ्रेकिरा कलिलो मुना खान रूखको टुप्पोमा चढ्दा आँधी आएर जोडले भुइँमा पछारियो । त्यसको आवाजले सारा संसार थर्कियो । के भयो भन्ने पत्तो नपाएर घरपालुवा र जङ्गली जनावरबिच भागदौड र कलहझगडा उत्पन्न भयो ।

याम्धाङ्वा नु कोःइक : आँखीडाही लागेर प्रेममा असफल तमोर र माई । उहिले सृष्टिकालमा तमोर (याम्धाङ्वा) र माई (कोःइक्)ले एकअर्कालाई सारै मन पराउँथे । त्यही भएर बिहे गर्ने सल्लाह गरे । कुम्भकर्णको एक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाटोबाट तमोर उँधो झर्दै पूर्वतिर लाग्यो भने इलामबाट माई पश्चिम लाग्यो । तमोर र माई झन्डैझन्डै भेट्न लाग्दा डाहा लागेर रतुवा र मावा खोलाले षड्यन्त्र रचे । तमोरले विहे गरिसक्यो भनेर माईलाई ढाँटे । माई पनि हो न हो रिसले फनक्कै फर्गिगई । उता तमोरलाई पनि माईले विहे गरिसक्यो भनेर ढाँटे । यसरी माई र तमोरको विहे हुन नसकेको किंवदन्ती छ ।

युक्लिङ्बा अर्थात् पिपोली यानखोन्जामा साम्माङ : सावा येत्नाम्बा मुन्दुम्अनुसार ईर्ष्या आँखीडाहीका सावा येत्नाम् (आठवटा) घाममध्ये खाम्लुङ अइहाङ्बा दुम्सीले काँड प्रहारी गरी मारेको एउटा घाम । आठतले बाँसको टुप्पामा लुकेर खाम्लुङ अइहाङ्वाले हानेको काँड लागी सोघा (प्रेतात्मा) भई मरेको युक्लिङ्बा घामको रगत दक्षिणदिशा चुलाचुली क्षेत्रमा खस्दा अमङ्गलकारी देवग्रह योसुवीसाम्माङ् अर्थात् पिपोली यानखोन्जामा साम्माङको सिर्जना भयो । यसलाई तराईवासीले अरू नै नाममा पुज्ने गर्दछन् ।

युमा माङ (साम्माङ) : मुन्दुमअनुसार सर्वव्यापी ईश्वर तागेरा निङ्वा?भुमाङकै अर्को रूपमा मानिने युमामाङ ज्ञान, बुद्धि, कला, सौर्य र रणकी देवी हुन् । युमाले आफ्नो भक्तको जिउधन रक्षा गर्ने तथा कुनै पनि विद्यामा पारङ्गत हुने शक्ति दिने विश्वास गरिन्छ । युमा भिन्दाभिन्दै सान्दर्भिक नाम र उपमाले परिचित छिन्, जस्तै, सर्वव्यापी ईश्वर, आठ रूपमा देखा पर्ने देवी, आदिम चट्टानका सृष्टिकर्ता, पर्वतकी रानी, धरतीकी मालिक्नी, चीसोतातो ताप नियन्त्रणकर्ता र पोषणकी देवी, घरकी मालिक्नी, आन्तरिक लोकको आदिम देवी, रङ्गीन देवी, विद्यादेवी, द्रव्य देवी, कलाशिल्प देवी, आशीर्वाद दिने देवी, सर्वव्यापी र सर्वज्ञ देवी । लिम्बूजातिका पुरोहित फेदाङ्मा, साम्बा, येबाहरूले मुन्दुममा लिम्बूजातिको प्राचीन अवस्थल मानिने माङजिरी माङगोवेतदेखि सिन्युक मुदेन (चीन र तिब्बत) मुना तेम्बे (तराई मैदान) तेमेन वारङ (हिन्द महासागर) र हिमाली इलाकाका पवित्र क्षेत्रहरूमा युमा साम्माङको यात्रावर्णन फलाक्छन् । मुन्दुमअनुसार युमा तिब्बत-चीन, तराई-मधेस यात्रा गर्दै सावा येत्हाङ्को मुलुक (वर्तमान लिम्बुवान) मा आइपुगी । केही समय बसेर त्यहाँबाट मुना तेम्बेनामक मैदान भूमिमा डुल्दै दक्षिणको तेमन वरक हुँदै उत्तरको हिमाली भेकमा पुगी । यसक्रममा युमा एक नाम अनेक उनलाई सिन्युकहाङ्मा, कान्देनहाङ्मा, पुदेनहाङ्मा, यान्छेनहाङ्मा, थाक्थाकुम्मा, लिङ्देनहाङ्मा आदि नामले पुकारियो । युमाले तान बुन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फराकिलो ठाउँ खोज्दै हिँड्दा कतिपय स्थानमा आफ्ना प्रतिनिधिस्वरूप साम्माङ अनुचर शिष्यहरू छोडी राखी । फक्ताङलुङमा (कुम्भकर्ण), केबालुङ्मा, सेन्छेन्लुङ्मा, चमजङलुङ्मा, सेवालुङ्मा पर्वतहरू युमासाम्का देवस्थल भए । तिब्बतबाट दक्षिणतर्फ झरेर येत्वादो अर्थात् आठ नदीहरूको सङ्गमस्थलमा स्नान गरी आफूलाई पवित्र तुल्याइन् । त्यसपछि अझ दक्षिणतर्फ तेमेन वरङ पुगी काशीहाङ्मा, फटागेक्मा, खन्जमा, तेन्फोमा नामका अनुचरहरूको सृष्टि गरी प्रकृति र प्राणीलगायत मानवजातिको सुरक्षा र संरक्षणको जिम्मावारी दिई । त्यसपछि उनी सात नदीको सङ्गमस्थल वराह कोकामा आई पुगी । त्यहाँ भ्रमण गरेपछि फेरि उत्तरको पहाडी भेकतिर लागी । युमालाई तान बुन्ने सीपकी देवीका रूपमा मुन्दुमहरूमा प्रशस्त चर्चा गरिएको पाइन्छ । एक किंवदन्तीअनुसार यासोकजङमा राज गरिबसेका युमाका अनन्य भक्त माबोहाङ्लाई तान बुनिरहेकी एक परम सुन्दरी युवतीको रूपमा युमाले दर्शन दिएका थिए । अर्को लोककथाअनुसार माबोहाङ चेम्जोङवंशी दुई सिकारी चैजिते र खरबले सिकारको क्रममा हालको पाँचथर निभुखोला शिरमा पुग्दा सुनचाँदीको गहनाले झलमल्ल भएर तान बुनिरहेको अवस्थामा युमाले दर्शन दिएकी थिइन् । अर्को लोककथा अनुसार युमाले सर्वप्रथम धनकुटा थाक्केलुङ्मा माबोहाङ्मा चेलीहरूलाई तान बुन्ने सीप दिएकी थिइन् । त्यस्तै मेन्छ्यायेम थेगुमा एक परमसुन्दरी युवतीको रूपमा प्रकट भएर गोठालाहरूको सौर्य र शक्तिलाई परीक्षण गरेको किंवदन्ती पनि छ । याक्थुङ लाजे? (लिम्बुवान) मा युमाले तान बुनेको भनिएका थुप्रै ठाउँहरू अहिले पन विद्यामान छन् । याक्थुङ (लिम्बू)हरूले युमालाई प्रमुख देवीको रूपमा पुकारा गर्ने गर्दछन् ।

येहाङ : मानवसृष्टि आठ पुस्ता पुगेपछि जन्मिएका ज्ञानी पुरुष जसले सर्वव्यापी ईश्वरबाट आठवटा ज्ञान प्राप्त गरे, जसमा मे:त्खिम थिम् (विवाह गर्ने रीति), सुत्थो असुत्थो चो:क्मा थिम् (शुद्ध-अशुद्ध हुने रीति), खासेन् खारोन् थिम् (निया निसाफ थिति) आदिइत्यादि थिए । येहाङका अनेक अर्तीउपदेश लिम्बूजातिमा प्रचिलत पनि छन् । मुन्दुममा वर्णित सावा येत्हाङ नै छोटकरीमा येहाङ् भएको पनि हुन सक्छ । किनभने सुहाम्फेबा लाहादङ्ना मुन्दुमअनुसार आठ जना छोराहरूसहित छुट्टिएर आमा लाहादङ्ना बसोबास गरेको मानवबस्तीलाई सावा येत्हाङ पाङ्भे? भनिएको पाइन्छ । ती आठ छोराहरूले त्यस ठाउँमा राज गरी मानवसभ्यता निर्माण गरेको मुन्दुम छ । तिनकै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पालमा विभिन्न सामाजिक, धार्मिक, सांस्कृतिक थितिरीतिको विकास भएको मुन्दुममा स्पष्ट छ ।

लाकेरेक नामकेरेक : पाजाइबा मुन्दुमअनुसार सोधुङ लेप्मुहाङ र लाओती फुङहाङ्माको जुम्ल्याहा सन्तानका रूपमा पाजाइवा र इरेरे इधुक्नामाको जन्म हुन जान्छ । सँगै आमाको गर्भभित्रै चेलीमाइती पाजाइवा र इरेरे इधुक्नामाबिच अप्राकृति संसर्ग भई लाकेरेक र नामकेरेक जुम्ल्याहा बच्चा पनि जन्मिन पुग्छन् । पछि पाजाइवाले अर्कै कन्या लुप्लिना वदन्नामासँग विवाह गर्छ । लुप्लिना वदन्नामाप्रति इरेरे इधुक्नामाले अति नै सौतेली ईर्ष्याडाहा गर्न थाल्छे । वदन्नामाको सल्लाहमा पाजाइबाले चेली इरेरे इधुक्नामा स्तनमा लाग्ने गरी अशुभ फूलको मुठाले हान्छ । यसकारण ठुलो व्यभिचार उत्पन्न भएकाले स्तन कुहिएर इरेरे इधुक्नामाको मृत्यु हुन पुग्छ । यो घटना थाहा पाएर बुबा सोधुङ लेप्मुहाङ्मा यति रिस र क्रोध उत्पन्न हुन्छ कि बाँसको फित्कौलीमा झुन्ड्याएर पाजाइवा र लुप्लिना वदन्नामालाई मृत्युदण्ड दिन्छ । तै चित्त नबुझेर नाति लाकेरेक र नाम्केरेकलाई पनि आँगनमा लगेर पछार्छ, त्यहीँ मृत्यु हुँदैन । सिकुवाको सिँढी, ढोकाको सँघार हुँदै घरभित्रको भऱ्याङमा पछार्दा पनि तिनको मृत्यु हुँदैन । त्यसपछि मूल खम्बाको फेदमा लगेर जोडले पछार्दै लात्ताले जोडले खाँदी पठाउँदा ती दुवै पृथ्वीतलमा भासिएर जान्छन् । पछि सोधुङ्गेन लेप्मुहाङ पाङ्भेमा ती मृतात्माले बिनापाप, बिनाव्यभिचार आफू मारिनुको दुखेसो पोख्दा अत्यन्त माया पलाएर सोधुङ लेप्मुहाङले तिनलाई घर बनाउँदा, साँघु, पुल थाप्दाको मूल खम्बाको देवता अक्वानामा हुने वरदान दिन्छ । यसरी अक्वानामा देवताको उत्पत्ति भएको आख्यान छ । त्यस्तै अर्को मुन्दुमअनुसार कुनै विराम, विग्रह नातिहरूको हत्या गरेको पापबोधले सोधुङ लेप्मुहाङले पुन जीवित बनाई सोधुङ्गेन लेप्मुहाङ पाङ्भेमा लगी लालन पालन गरेको र पछि सावा येत्हाङ पाङ्भेमा बुबाआमाको नाममा वरपिपल रोपी चौतारा, फलैंचा निर्माण गर्न पठाएको भन्ने पनि छ । जुन मुन्दुम धेरै पछि जोडिएको अड्कल गर्न सकिन्छ ।

लिगुवा र तोङ्गुवा : पराक्रमी पात्रका रूपमा मुक्कुहाङको कथा लिम्बुवानमा प्रचिलत छ । तिनको धनु र वाण बोक्ने लिगुवा र तोङ्गुवा थिए । अजरक्पा लडाकुले सीधै लडेर जित्न नसक्ने मुक्कुबुङको धनु बोक्ने लिगुवा र वाण बोक्ने तोङ्गुबालाई फकाएर उसलाई मार्न सफल भएको आख्यान छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुरुमा जे भए पनि पछि लिगुवा र तोगुवा शत्रुको षड्यन्त्रमा सामेल हुने विश्वासघाती पात्र हुन् ।

लुङ्तुमा र तेːङ्गोसिङ : अर्तीउपदेश पालन गर्दा र नगर्दा लुङ्तुमा (काम्ले) र तेːङगोसिङ (सिमलको रूख)ले फरक परिणाम भोग्नुपरेको मिथक हो यो । परापूर्वकालमा लुङ्तुमा र तेːङ्गोसिङ (काम्ले र सिमलको रूख) एकअर्कामा छिमेकी मित्र थिए । लुङ्तुमाको सोझा बुबाआमा थिए भने तेːङ्गोसिङको बुद्धिमती आमा मात्र थिइन् । आमाबाबुले सानो चित्तको नहुनु, राम्रो मान्छे भएर बाँच्नु भनी दिनहुँ सम्झाउँदा पनि लुङ्तुमा बेवास्ता गरेर ठुला-ठुला ढुङ्गाका चेप र दुलोमा गएर लुक्ने गर्थ्यो । लुङ्तुमाको आमाबाबुको अर्ती बरु तेːङ्गोसिङले पो मान्यो । आमाबुवालाई दङ्गाउने, झिजाउने फेरि ढुङ्गाको चेपमा गएर लुक्ने लुङ्तुमाको बानीमा सुधार आएन तर तेːङ्गोसिङ खुला समतल भूमि र राम्रा-राम्रा ठाउँमा मात्र गएर खेल्न थाल्यो । त्यही भएर लुङ्तुमा रूख ढुङ्गाका चेप, ढाड र भीरपखेरामा मात्र भएको अनि तेːङ्गोसिङचाहिँ राम्रो ठाउँ, समतल भूमि मधेसमा भएको लोककथा छ ।

वजːमा साम्माङ : वजːमा साम्माङलाई सीम, दलदल, ताल, झील स्थानका मालिकनी देवीका रूपमा पुज्ने गरिन्छ । यसले गर्भवती स्त्रीलाई रक्षा गर्ने तथा गर्भवतीको भड्किएको आत्मालाई फर्काई ल्याउन तेल्लारा लाजेहाङ देवतालाई निर्देशन र सहयोग गर्ने विश्वास गरिन्छ । मुन्दुमअनुसार आदिम कालमा सँगै बस्ने याक्थुङ (लिम्बू) दुई दाजुबहिनीबिचमा गहिरो मायामोह थियो । एक दिन बहिनीलाई सुन्दर फूलहरू टिपेर ल्याउन लेकतिर जाँदा पहराबाट चिप्लेर दाजुको मृत्यु भयो । खोज्दै जाँदा तमोर नदीको किनार सेगेक् सुराङमा बहिनीले दाजुको लास मात्र भेटी । ठुलो पश्चात्ताप मान्दै उसले दाजुको लासमाथि रङ्गीबिरङ्गी फूल राखेर श्रद्धा र माया दर्साई । दाजुको मृतात्मालाई खोलानाला डुली हिँड्ने, सुनचाँदीका साँघुहरू थापेर वारिपारि गर्ने, भविष्यका गर्भवती चेलीहरूको रक्षा गर्ने देवी हुने पुकारा गरिन् । यसरी दाजुको आत्मा वजːमा साम्माङको रूपमा उत्पत्ति भएको आख्यान छ ।

वसाङ लुङ : मुन्दुमअनुसार आदिकालमा येबाहरूले सिद्धि प्राप्त गर्दा बजाउने थालमा गुरुले प्रदान गर्ने घण्टी सिद्धिका शक्तिले आकाशबाट खस्यो । यसरी सर्वप्रथम झरेको ठुलो थालझैँ ढुङ्गा तेह्रथुम जलजले गाउँको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेदीमा अवस्थित छ जसलाई वसाङलुङ भनिन्छ । यसलाई येबाहरू उत्पत्तिको अवस्थल पनि मानिन्छ ।

वसानाम्वा अथवा ताम्भुङ्ना साम्माङ : सावा येत्ताम्बा मुन्दुम्अनुसार ईर्ष्या आँखीडाहीका सावा येत्ताम (आठवटा) घाममध्ये खाम्लुङ अइहाङ्बा दुम्सीले काँड प्रहारी गरी मारेको एउटा घाम । आठतले बाँसको टुप्पामा लुकेर खाम्लुङ अइहाङ्वाले हानेको काँड लागी सोघा (प्रेतात्मा) भई मरेको वसानाम्वा घामको रगत चिजिवा केनेवा फुक्मा माटोमा खस्दा अमङ्गलकारी देवग्रह ताम्भुङ्ना साम्माङ्को सिर्जना भयो । यसलाई तमोरखोलाका खोक्लिङ थरका लिम्वूले पुज्ने गर्दछन् ।

वारुक्पा हाङ : लोककथामा वर्णित पाहाको राजा । याक्थुङ (लिम्वू) जातिमा वारुक (पाहा) कराएमा अनिकाल लाग्ने विश्वास गरिन्छ । उहिले याक्थुङ लाजे? (लिम्बुवान) फेदाप थुम्को इसिबु गाउँको हेत्लुङ वाधाम (हेत्रुङ झरना) माथिको चेम्पेक भीरमुनिको पोखरीमा वारुक्पा हाङ अर्थात् पाहाको राजा बस्थ्यो । त्यो वारुक्पाहाङ कराउँदा तमोर वारिपारि सप्पै थर्किन्थ्यो र महाअनिकाल लाग्थ्यो । एक दिन त्यस गाउँका हाङश्रोङ थरका एक जना वीर सिकारी झोलामा मकैको रोटी बोकेर सिकार खेल्न त्यस पोखरीमा पुग्यो । सिकार खोज्न पोखरीमा हात हुल्यो । तर उसको हातलाई वारुकहाङले च्याप्पै समातेर छोड्दै नछोडेपछि झोलामा भएको मकैको रोटी झिक्दै खाँदै तीन दिनसम्म पोखरीमै वसिरह्यो । चौथो दिन वल्ल ६ महिनाको नानी जत्रो पाहालाई समातेर घरमा ल्यायो र बन्चरो दबासोले हिर्काउन थाल्यो । तर पनि त्यो मरेन । अब पाहालाई मार्ने अन्तिम उपयास्वरूप अगेनोमाथिको काल्लाङ (भार)को उभिन्डोमा झुन्ड्याइदियो । तर यसरी झुन्ड्याउनासाथ भयानक आँधीहुरी, वर्षात भई खोलानाला उर्लेर भलपहिरो जान थाल्यो । कसोकसो पाहा पनि यही मौकामा उम्केर कता गयो-गयो । तर पाहा हराएपछि एकाएक उज्यालो भयो । याक्थुङ (लिम्वू) जातिमा पाहा देखिनुलाई खडेरी र आँधीवर्षा दुवैको सङ्केतको रूपमा लिइन्छ । यसको कारण पाहा अक्सर गुफा, सिमसार, प्वालहरूमा बस्ने भएकाले ठुलो खडेरी र आँधीवर्षाको छनक पाउनासाथ ऊ त्यसबाट बाहिर आउने गर्छ ।

वेदोहाङ : नाभि र कपालमा दैवी शक्ति पाएको हेल्लाङ गढको शक्तिशाली मावोहाङ राजा । लोककथाअनुसार दैवी शक्तिले युक्त राजा वेदोहाङलाई मार्नका लागि दुस्मनहरूले आफ्नै चेलीलाई रानी बनाएर उसकहाँ पठाउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

षड्यन्त्र गरेका थिए । वेदोहाङको गोप्य शक्ति नाभि र कपालमा भएको रानीलाई मात्र थाहा थियो । दुस्मनहरूले अनेकौं फकाइफुल्याइ गरेर आफ्नो चेलीबाट उक्त गोप्य कुरा फुत्काएर सुतिरहेको बेला कपाल काटी नाइटोमा गोपेबाँसले घोची राजाको हत्या गरियो । हेल्लाङगढ पाँचथर चिलङदेन गाविसमा पर्दछ । वेदोहाङ र मुक्कुहाङ (मुक्केगुबा) को कथामा समानता छ ।

सक्वा मुईःङ : मुन्दुममा सावा येत्हाङ पाङ्भे?मा घटित कुनै पनि घटना-दुर्घटनाको समाचार सोधुङ्गेन लेप्मुहाङ पाङ्भेसम्म पुऱ्याउने माध्यमका रूपमा 'सक्वा मुइःङ'ले कार्य गरेको पाइन्छ । यस कार्यमा माहुरी (सक्वा), वच्छिउँ (इवा), फेःन्जिक्ना (बारुला) र लेःत्च्याङ्ना (हरियो भिँगा) आदिले प्रमुख भूमिका खेलेको पाइन्छ । पाजाइबा मुन्दुममा दाजुभाउजू (पाजाइबा र लुप्लिना वदन्नामा) का कारण मृत्युवरण गरेको कान्छी बहिनी इरेरे इधुक्नामाको लास डाँडामाथि फ्याँकिएको सक्वा मुईःङ (खवर) बुवा सोधुङ्गेन लेप्मुहाङकहाँ माहुरी, वच्छिउँ, बारुला र हरियो भिँगाले पुऱ्याएको वर्णन पाइन्छ । सोधुङ्गेन लेप्मुहाङले घटनालाई अझ गहिरो रूपमा बुझ्नलाई हरियो भिँगालाई खटाउँदा उसले खाप्पुनाको कुहिएको लासको एउटा चोक्टा नै लगेर सारा वृत्तान्त सुनाइदिन्छ । रिसले क्रोधित सोधुङ्गेन लेप्मुहाङ तुरुन्तै सावा येत्हाङ पाङ्भे आई छोरा पाजाइबा र बुहारी खाप्पुना मेल्लनहाङ्मालाई बाँसको फित्कौलीमा झुन्ड्याएर मृत्युदण्ड दिन्छ । केसामीनाम्सामी मुन्दुममा नाम्सामी (मान्छे) ले वाण प्रहार गरको केसामी (बाघ) घाइते अवस्थामा थुप्रो दिन सिमलको रूखमा छटपटाइरहन्छ । घाइते बाघको आक्रमण डरले सिमलकै रूखमाथि कैयौं दिन भोकैप्यासै बसेको नाम्सामीलाई यिनै माहुरी, वच्छिउँ, बारुला र हरियो भिँगाले उसको मृत्यु भइसकेको खबर दिन्छन् । यसरी मुन्दुममा सक्वा मुइःङ अर्थात् टाढाटाढासम्म आहाराका लागि उड्न सक्ने माहुरी प्रजाति र घ्राणशक्ति तीव्र भएका भिँगा प्रजातिका किराहरूलाई सञ्चारमाध्यमको रूपमा लिइएको बुझ्न सकिन्छ ।

सवासाम्माङ वा येच्छाबासाम्माङ : सबा साम्माङ (बाँदर देव)लाई येच्छावासाम्माङ (टुहुरा देव) पनि भनिन्छ । मुन्दुमअनुसार सोधुङ्गेन लेप्मुहाङले न देवता, न मान्छे न जनावर कुनैसँग अनुहार नमिल्ने आफ्नो सन्तानलाई बादलमा फ्याँकिदिँदा त्यो एउटा पर्वतमा गएर टाँसिन पुग्यो । त्यहाँ भोकैतिर्खै क्वाँक्वा रुँदै बसेको त्यसलाई फेरि आहारा पाउने ठाउँ सावा येत्हाङको गाउँमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पठाइदियो । पारुङ मारुङ तेम्वे र फक्ताङलुङ नाघेर तासी कावेली/काङ्वा खोला तर्दै सावा येत्हाङ्को गाउँमा आइपुगेको त्यससँग भोटतिर नून लिन गइरहेको सावा येत्हाङको गाउँको हाङ्लेरे हाङ्मुक्हाङ हेम्व्या भन्ने मानिससित जम्काभेट भयो । त्यसपछि उनीहरूले मीत लाए । फलफूल, अन्नपात पाकेपछि घरमा आउन हेम्व्याले उसलाई निम्तो दियो । अन्नपात, पलफूल पाकेको बेला रमाउँदै हेम्व्याको घर गएको सवालाई कसैले वास्ता गरेनन्, चिनेनन् । एक दिन सारै भोक लागेर मीतको घरको घैँटोको कोदोको जाँड चोरिखाँदा यति मिठो लाग्यो कि त्यसले पल्किएर घैँटो नै रित्याइदिन आँट्यो । तर एक दिन त्यो हेम्व्याले घैँटोको मुखमा थापेको पासोमा पऱ्यो । त्यसलाई हेम्व्या र गाउँलेले मरिन्जेल कुटेर काङ्वा नदीमा फ्याँकिदिए । नदीमा बग्दैबग्दै जाँदा आठ नदीको सङ्गमस्थल येत्वादोमा पुग्दा त्यसो भेट फाक्मुरा (सुँगुर देवता)सँग भयो । सबै घटनाहरू सुनाएपछि त्यसलाई फाकमुरा देवताले अमर बनाएर फेरि सावा येत्हाङ पाङ्भेमा पठाइदियो । सावा येत्हाङ पाङ्भेमा आइपुगेर त्यसले जिउ दुख्ने, घोच्ने, पोल्ने, जोर्नीहरू दुख्ने, मांसपेशी डल्ला पर्ने बिमार लगाइदियो । युङ्वा थरका फेदाङ्माले सवा साम्माङको खेल भएकाले त्यसलाई फलफूल चढाएर मन्साए बिमार जाती हुने जोखना खुट्यायो । यसरी हेम्व्या वंशमा सवा साम्माङको उत्पत्ति भएको मुन्दुम छ ।

साक्थुन्धुन : अनिकालको प्रतीक सत्धुल चरी । उहिले लिम्बुवानको सङ्खिम थुममा टुहुराटुहुरी दाजु-बहिनी र फुपू सँगै बस्थे । बहिनी र फुपू भएर दाजुको विवाह मात्र गरिदिएनन्, उसको घर-व्यवहार पनि थामिदिए । केही कमाउन दाजुलाई परदेश पनि पठाए । व्यापार गरे । तर जुवा खेल्ने, घर जग्गा बेच्ने जस्ता उसका अचाहिँदा कामले घरव्यवहार लथालिङ्ग भयो । आमाको जग्गा खोस्रिँदै, खन्दै दाजुको भलाइका लागि अहोरात्र खट्ने बहिनी उमेरको पिरले मनमिल्दो तन्देरी खोजेर पोइल गई । परदेशबाट घर फर्केर बहिनीलाई खोज्दा कतै नपाएर दाजु फेरि परदेश लाग्यो । अचानक उसले धेरै सम्पत्ति कमायो । वरिपरि बगैँचाले घेरिएको महलमा बस्न थाल्यो । धेरै वर्षपछि एक दिन एउटी बुढी र पातली स्वास्नीमान्छे उसको घरमा आइपुगेर आफ्नो कथा कहानी सुनाउन थाली । चैत/वैशाखमा ठुलो अनिकाल लागेकोले दाजुलाई सम्झेर आएकी उसकै बहिनी रहिछ । तर दाजुले सम्पत्तिमाथि आँखा गाडी भनेर बहिनीलाई कुनै वास्तै नगरी फर्काइदियो । बहिनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनिकालले मरेर चैतवैशाखमा कराउने सतधुल चरी बनी । त्यसपछि मात्र दाजुलाई बहिनीको गुनको सम्झना भयो । सतधुल चरी कराए ठुलो अनिकाल लाग्ने विश्वास छ अझै पनि ।

साङ्दाङ खेवा-लिङ्दाङ खेवा : सुहाम्फेवा र लाहादङ्नालाई षड्यन्त्रपूर्वक हाडनाता करणी गराइदिने डाँफे र मुनाल । मुन्दुमअनुसार एउटै बुबाका चार छोरीमध्ये दुई बहिनी थोसुलुङ्मा फियाक्लुङ्मा र सुसाङलुङ्मा लेकतिर र योसुलुङ्मा मुक्कुमलुङ्मा र फन्दारिमासँग औलतिर तान बुन्दै बस्दा प्रथम सिकारी सावा युक्पुङ्गेम्वासँग उनीहरूको संसर्ग भई चारै जनाले एकएक सन्तान प्राप्त गरे । लेककी दिदीबाट सुत्छुरु सुहाम्फेवा, औलकी दिदीबाट लाहादङ्ना तथा बहिनीहरूबाट साङ्दाङ खेवा र लिङदाङ खेवाको जन्म भयो । बहिनीहरू दिदीका नोकर्नीसरह रहेकोले साङदाङ खेवा र लिङदाङ खेवाको राम्रो लालनपालन भएन । त्यसैले तिनले दाजु सुहाम्फेवा र दिदी लाहादङ्नासँग प्रतिशोध साध्न थाले । दुवै जना मिलेर औलमा सुहाम्फेबासँग सुहाउने ज्यादै राम्री तरुनी र लाहदङ्नालाई लेकमा राम्रो तन्देरी देखेकोले विवाह गर्न फकाइफल्याइ गरे । सुहाम्फेबालाई लाहादङ्नाको स्तनमा फूलले छुन लगाए । त्यसपछि उनीहरूलाई एउटै बुबाको सन्तान भएको चाल दिँदै आफूचाहिँ सर्वव्यापी ईश्वरबाट सजाय पाउने डरले डाँफेमुनाल भएर हिमालतर्फ उडिगएको मुन्दुम छ ।

साजारा लुङदाङ येबा : भनिन्छ, पहिलेपहिले तान्त्रिक शक्तिसम्पन्न येबा, फेदाङ्मा, साम्बाहरू उड्न, आकाशको वज्र छेक्न तथा आफूलाई शक्तिशाली जनावर बाघ, चितुवामा रूपान्तरण गर्न सक्थे । तमर खोलावासी साजारा लुङदाङ येबा यस्तै एक शक्तिशाली येबा थिए जसले उडेर फक्तालुङ (कुम्भकर्ण) हिमालबाट हिउँ काटेर ल्याएका थिए । एक किंवदन्तीअनुसार उसले मेवा खोलाको फङचङ्ना भन्ने गाउँको गुम्बामा उडेर गई तमर खोला गाउँमा आफू उड्न सक्ने बताउँदा गाउँलेहरूले विश्वास गरेनन् । उडेर उसले फक्तालुङ (कुम्भकर्ण) को हिउँ ल्याउन सक्ने नसक्ने बाजी पर्‍यो । बाजीमा थिसाप नेत्छि (दुई फुर्लुङ जाँड) र याङ नेच्छि (दुई रुपियाँ) थियो । जसले हार्छ उसले तिर्ने सर्त थियो । साजारा लुङदाङ येबाले हिउँ काटेर ल्याउनलाई गाउँलेहरूलाई आफ्नो कन्धनीमा खुर्पा बाँधिदिन लगायो । तव साँच्चीकै उडेर गई फक्तालुङ (कुम्भकर्ण) हिमालवाट उसले हिउँ काटी ल्याएर बाजी मारेको किंवदन्ती छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सा:प्सु : किंवदन्तीअनुसार दुई याक्थुङ (लिम्बू) योद्धा मुक्कुहाङ र अजरक्पाको लडाइँमा मुक्कुहाङले निभुखोला शिरबाट हानेको वाण थुरिएर पानीको मुहान फुटेको निभुखोलाको पहरा। यहाँ सालिन्दा सा:प्सु मेला लाग्ने गर्दछ। यसलाई नेपालीमा सीपँधारा भनिन्छ। 'सा:प्सु' अर्थ ताक्यो हुन्छ। यो ठाउँ पाँचथरको याम्बोङ र हेल्लाङ गाउँको दोसाँधस्थित निभुखोलामा पर्दछ।

साप्परीहाङ्मा मेन्परिहाङ्मा : साम्सोघा मुन्दुमअनुसार सावा येत्हाङ पाङ्भेका लाइक खम्बुहाङको सुन्दरी छोरी साप्परीहाङ्मा मेन्परिहाङ्माले नेग्रादेन याक्पे (पहरा)मा उम्रिएको टुनीको रूखमा प्रेतात्मारूपी चिल बस्ने पत्ता लाएकी थिई। मुन्दुमअनुसार उसका सात दाजुभाइले खुबै माया गर्ने उसलाई भाउजुले भने आँखीडाही गरेर एक दिन तमोर नदीमा नुहाइदिँदै, कपाल कोरिदिँदै बगाइपठाउँदा ऊ नदीविचको अन्तरिपमा अड्केर उद्दारको लागि हारगुहार मागी। मधेसबाट हिमालतिर जाल हान्दै आएको यो:ङजीवा नामको जालहारीले जाल फ्याँकेर उद्धार गर्ने चेष्टा गर्‍यो तर सकेन। आकाशमा कावा खाइरहेको चिललाई गुहार माग्दा त्यसले आफ्ना नानीहरूको देखभाल गर्ने भए मात्र उद्धार गर्ने सर्त राख्यो। सर्त नमानी धर नपाएकी उसलाई चिलले नेग्रादेन याक्पे (पहरा)को टुप्पामा रहेको टुनीको विशाल रूखमाथिको गुँडमा उडाएर लग्यो। सयौँतले अग्लो त्यस टुनीको रूखको टुप्पाको गुँडमा सावा येत्हाङ पाङ्भे (गाउँ) का नानीहरू बटुलेर चिलले पालैपालो आहारा बनाउँथ्यो। नानीहरूको रगत चुहिएर तमोर नदीसम्म पुग्थ्यो। यो देखेर साप्पारीहाङ्मा सारै डराई। एक दिन भाग्यवश सात जना दाजु त्यै भीरमुनिबाट कुराकानी गर्दै कतै गइरहेको देखेर हायलकायल चिच्च्याउँदै उद्दारका लागि बोलाई। दाजुहरू साथमा शक्तिशाली फेदाङ्मा-साम्बा लिएर आइपुगे। फेदाङ्मा-साम्बाले मन्त्र फुकेर त्यस अग्लो रूखलाई एक तला, दुई तला होचो बनाउँदै लगेपछि अन्तमा भुइँमा फिँजाइएको जालमा हामफालेर साप्परिहाङ्मा बाँची र सारा वृत्तान्त गाउँलेहरूलाई सुनाई। फेदाङ्माहरूले त्यो चिल र टुनीको रूख उहिले सुहाम्फेबा र लाहादङ्ना चाल्नीमा तिलका दाना चालेर छुट्टिँदा चाल्नीमा अड्किएर प्रेतात्मा बनेकी फाक्क्को फाक्अम्लमा भएको पत्ता लगाए। त्यसपछि साजिचङ्बा र पुजिचङ्बा सिकारीले लिसोपासोमा पारेर त्यस चिलाई कुटीकुटी मारेर तमोर नदीमा फ्याँकिदिए भने टुनीको रूखलाई पनि ढालिदिएको मुन्दुम छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सावान युक्पङ्गोम्बा : मुजिङ्ना खेयङ्ना मुन्दुममा वर्णित आदि पुर्खा । मानवजन्म परम्पराको पहिलो पुस्ता (संस्थापक) । प्रथम सिकारी । मुन्दुमअनुसार हावासँगको संसर्गमा गर्भवती भएको मुजिङ्ना खेयङ्नाले कठोर प्रसव पीडापछि घामजूनझैँ सुहाउँदिलो सुसुवैन लालावैन बच्चालाई जन्म दिई । तर बुवाको कुनै ठेगान पाउन नसकेकी मुजिङ्नालाई के गर्ने कसो गर्ने आपत् आइलाग्यो । तागेरा निङ्वा?भुमाङले उसलाई सपनामा बच्चा वायुबतासको सन्तान भएको, उसका लागि ठुलो खोपिल्टो परेको ढुङ्गालाई कोक्रो तथा भोगटे र सरोका पातहरू थाङ्नाको रूपमा उपयोग गर्ने ज्ञानवुद्धि दियो । चार वर्षको हुँदादेखि सुसुवैन लालावैनले सिकार खेल्न थाल्यो । दश वर्षको हुँदा आठनौ तला अग्लो रूखमाथि वसेका काला र सेता जोडी जुरेली चरीमध्ये एउटालाई मारेपछि उसलाई दम्पतीमा बिछोड हुने पापको जन्म गराएको भनी आमाले सम्झाई । उसले आमावाट खान हुने खान नहुने, मार्न हुने मार्न नहुने सिकारबारे ज्ञान पाएपछि मलबाँसबाट धनु र साप्चिरी साप्चङ गाउँबाट बेतका लहराको ताँदो, काँड, काँड राख्ने ठोक्रोहरू तयार गऱ्यो, हिमालमा गएर नौरङ्गी डाँफेलाई विष मागेर ल्यायो । तव सिकारमा जानका लागि परातङ्ना, किधिकतङ्ना, माक्युतङ्ना, केबाङ्ना र तेक्केतङ्ना सिकारी कुकुरहरू लिएर औल-लेक, हिमाल-तराई गर्न थाल्यो । यसरी सिकारमा अभ्यस्त भएपछि ऊ सावान युक्पुङगेम्वामा बदल्यो । कहिले लेक कहिले औल सिकार गर्दा लेक र औलमा छुट्टिएर वसेका चार दिदीबहिनी थोसुलुङ्मा फियाक्लुङ्मा र सुसाङलुङ्मा तथा योसुलुङ्मा मुक्कुमलुङ्मा र फन्दारिमासँग शारीरिक सम्पर्क राख्न पुग्यो र तिनबाट सन्तान भए । थोसुलुङ्मा फियाक्लुङ्माबाट सुत्छुरु सुहाम्फेवा र सुसाङ्लुङ्माबाट थोसुखेवा साङदाङ खेवाको जन्म भयो भने योसुलुङ्मा मुक्कुमलुङ्माबाट तेत्लाला लाहादङ्ना र फन्दारिमाबाट योसुखेवा लिङ्दाङ् खेवाको जन्म भयो । तर चार दिदीबहिनीविच आँखीडाही बढ्न गई बुढो हुँदै गएको उसलाई सिकार खेल्ने सामलतुमुल मात्र नभएर खानकै लागि पनि लेककी स्वास्नीले औलतिर र औलकी स्वास्नीले लेकतिर देखाउन थाले । यसरी बुढेसकालमा कता न कता भएर मन विरक्तिएको ऊ सिकार खेद्दैखेद्दै आठ डाँडा आठ खोला तर्दै जाँदा उत्तर दिशाको काम्बोसिङ्मा कोपियक्मा गाउँ पुग्यो । त्यहाँ सिबेरा एःक्थुःक्नामा बुढीले रोपेको पिँडालु उखेली खाएर आठ दिनसम्म बाँच्यो तर उसलाई सिबेरा एःक्थुःक्नामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुढीले पनि श्राप दिई । कहिले पक्षीको कहिले जन्तुको सिकार खेद्दै जाँदा ऊ थोक्पन भन्ने ठाउँको आठ तला अग्लो सुन्दर लिङ्घागढी देखेर चढ्न थाल्यो । लिङ्घागढीको टुप्पमा पुगेर धनु टेकेर ठिङ्ग उभिन खोज्दा नसकेर ढल्यो र उसको प्राणपखेरु उड्यो । सिकारी कुकुरहरूले आठ दिनसम्म रुँगेर उसको सास गएको चाल पाए । तेक्केदङ्ना कुकुरले ऊ मरेको खबर आमा मुजिङ्ना खेयङ्नालाई पुऱ्यायो । बुवाविनाको छोराको मायाले आमा मुजिङ्ना खेयङ्नाले उसको खुट्टाको तिघ्राबाट भालुवाँस र हातका पाखुराबाट गुलेलीबाँस, हातखुट्टाका औँलाहरू मालिङ्गो, देउनिगालो, जोडी आँखाहरू रिट्ठाका दाना, आँखाका रानीहरू लालगेडी, मेरुदण्ड पहरा, हड्डीहरू चट्टान, करङहरू थानका टाँड, आन्द्राभुँडीहरू लहरा, खुट्टा र हातका नङहरू काँडा, दाँत र चिउँडोहरू चेल्लुङ खक्लुङ (ढुङ्गाका मसिना टुक्रा) हुने वरदान दिएको मुन्दुम छ ।

सावा येत्लाम : सावा येत्लाम मुन्दुममा वर्णित ईर्ष्या आँखीडाहीका आठ घाम । मुन्दुमअनुसार मानवजातिको सृष्टि हुनअघि रूखपात र पशुपक्षीको पालामा पृथ्वीमा एकैपल्ट आठवटा घाम सावा येत्लाम उदाउन थाले । घामको रापतापले सारा खोलानाला सुकी पृथ्वीमा भयानक खडेरी फैलिन पुग्यो । पशुपछी र रूखापात, वोटबिरुवाको सृष्टि नै अन्त्य हुने सम्भावना भएपछि सारा एक ठाउँ जम्मा भई चुम्लुङ गरे । आठ घाम सावा येत्लामहरूमध्ये सातवटा घामलाई मारेर एउटा मात्र घाम राख्ने निर्णयमा पुगे । तर शक्तिशाली घामहरूलाई मार्ने सक्ने आँट सबैसँग थिएन । जुक्ति र बुद्धिले युक्त हेन्लेरे सुबा (मुसा) र खाम्लुङ्वा अइहाङ्वा दुम्सी मात्र यस कार्यका लागि अघि सरे । हेन्लेरे मुसाले प्वाल पारेको बाँसको ढुङ्ग्रोभित्र चढ्दै गएर खाम्लुङ अइहाङ्वाले काँडले हानेर सातवटा घामलाई माऱ्यो । उसले मारेका सातवटा घाममा चिक्चोनाम्बा, थेनाम्बा, सिकिरीनाम्बा, काम्दोङ नाम्बा, वसानाम्बा, युकिलिङ्नाम्वा चुङ्जिनाम्बा थिए । यी सातवटा घाम मरेपछि पृथ्वीमा एउटा मात्र घाम खेक्खेक् नाम्बा कायम भई रापतापमा सन्तुलन भयो । मारिएका सातवटा घामचाहिँ मानवजातिलाई दुःख दिने अनेक अमङ्गलकारी साम्माङ (देवीदेवता)मा रूपान्तरण भएको मुन्दुम छ ।

सावा येत्हाङ पाङ्भे : मुन्दुममा वर्णित आदिम प्रथम मानव गाउँ । जहाँ मानवजातिले समाज, संस्कृति, धर्म, ज्ञान, थितिरीति जस्ता सभ्यताको निर्माणलाई सुरु गरेर समृद्ध बनाउँदै गयो । मुन्दुमअनुसार सावा येत्हाङ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाङ्भेले उत्तरमा हिमालय पर्वत त्यसमा पनि विशेषतः फक्ताङलुङ (कुम्भकर्ण) हिमालको काखदेखि दक्षिणमा समतल मैदान हुँदै हिन्द महासगरसम्मको क्षेत्रलाई समेटेको देखिन्छ । सावा येत्हाङ पाङ्भे निवासीले मानवजीवन यापन र समाजसञ्चालनमा आइपरेको कुनै पनि बाधा अड्चन, प्रकृतिप्रकोप, रोगव्याधि आदि समाधानलाई आवश्यक ज्ञान, निवारण जुक्ति र चेतना सोधुङ्गेन लेप्मुहाङ पाङ्भेनामक देवताहरूको गाउँबाट प्राप्त गरेको मुन्दुममा उल्लेख छ । सुहाम्फेवा लाहादङ्ना मुन्दुमअनुसार आमा छुट्टाछुट्टै तर एउटै बुवाका सन्तान सुहाम्फेबा र लाहादङ्नाबिच आपसी विवाह हुन गई १७ सन्तानसमेत जन्मिएको गोप्य पोल भगवान् तागेरा निङ्वा?भुमाङकहाँ पुग्छ । तागेरा निङ्वा?भुमाङले आइन्दा एउटै बाआमाका सन्तानले विवाह गर्न नहुने नियम बनाई सुहाम्फेवा र लाहादङ्नालाई सन्तान वराबरी बाँडेर छुट्टिन आदेश दिन्छन् । चाल्नीमा सत्र सन्तानस्वरूप तिलका दाना चाल्दा चाल्नीबाट तल छिरेका आठ जना लाहादङ्नाको भागमा र चाल्नीमाथि तैरिएका आठ जना सुहाम्फेबाको भागमा पर्छन् । एक जना छोरी भने चाल्नीकै बिचमा अड्किवस्छे । चाल्नीमुनि छिरेका आठ जना छोराले आमा लाहादङ्नासँग पृथ्वीमा बस्नुपर्ने हुन्छ । तिनीहरूमा मिक्नुसो लुम्माहाङ, खेसेरा उपाङहाङ, माङमाङ्सो माङओलाहाङ, लालासो पाङ्बोहाङ, मुधिङ्गे साङ्लेक्वाहाङ, साउन्दुउन्दुहाङ, सगिम्सो सङ्मीहाङ र सेछेने सेनिहाङ हुन् । यी आठ भाइको विवाह दैवी शक्तियुक्त येतिम्हाङमा कन्याले जन्माएका आठ बहिनी छोरी तइनाम्गोत्हाङ्मा, तइनाम्थाहाङ्मा, सिन्युक मुदेनहाङ्मा, तेमेन वारङहाङ्मा, सेक्मुरीहाङ्मा, सिङ्जाङ्गोहाङ्मा, नुपुनहाङ्मा र कोमहाङ्मासँग विवाह हुन पुगी मानवजातिको वंशवृक्ष फैलिन पुग्छ । उनीहरूले बसोवास गरेको, राज गरेको भूगोल बस्तीलाई नै मुन्धमुमा सावा येत्हाङ पाङ्भेको रूपमा वर्णित भएको पाइन्छ ।

सावारा येत्तङ्गेक : आठवटा टाउको भएको आदिदेव ।

सावाला मुदेन : यो अहितकारी देवतालाई 'मुदेम्बा साम्माङ' (भोटमूलको देवता) पनि भनिन्छ । हिम साम्माङ (घरदेवता) सित साथ लागेर चीन तिब्बतबाट आएको मानिन्छ । सात्थालिङ पान्गोनहाङ्मा नामकी देवीको माइती भाइको रूपमा यसलाई पुकारिन्छ । कतिपय लिम्बूहरूले नै बोलाएपछि चीन-तिब्बत हुँदै लिम्बू थातथलोमा आउँदा लेक्वाहाङवंशका लिम्बूहरूले उचित मान/मनितो नगरेकाले यसले उनीहरूलाई दुःख दिन थाल्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोधुङ्गेन लेप्मुहाङले उनीहरूको दुःखपिराउ हटाउन सापलिगेक वारिन फेदाङ्मा पठाए । त्यस फेदाङ्माले साप्तेमफुक्मा भन्ने ठाउँमा यस देवताको थानमान बनाई पूजा गरेपछि मात्र शान्ति मिलेको आख्यान छ । यस साम्माङलाई सबै याक्थुङ्बा (लिम्बू)हरूले पूजा गरेको पाइन्छ ।

सिकिरिनाम्बा अर्थात् तक्सङ्बा साम्माङ : सावा येत्नाम्बा मुन्दुमअनुसार ईर्ष्या आँखीडाहीका सावा येत्नाम (आठवटा) घाममध्ये खाम्लुङ अइहाङ्बा दुम्सीले काँड प्रहारी गरी मारेको एउटा घाम । आठतले बाँसको टुप्पामा लुकेर खाम्लुङ अइहाङ्ले हानेको काँड लागेर सिकिरिनाम्बा घामको रगत खसी त्यसबाट अमङ्गलकारी देवग्रह तक्सङ्बा साम्माङ सिर्जना भयो । यसलाई इजम थरका लिम्बूले पुज्ने गर्दछन् ।

सिबेरा एक्थुक्नामा : पहिलो खेतीपाती गर्ने आदि महिला । सिबेरा एक्थुक्नाम्माको अदुवा, लसुन र खुर्सानी चोरी खाँदा प्रथम सिकारी सावान युक्पुङ्गेम्बालाई सराप लागेपछि मानवजातिमा गाली, श्राप परम्परा सुरु भएको आख्यान छ ।

सुकेत्लिङ साम्बा : सावायेत्हाङ् पाङ्भेमा आगो हराएपछि साक्फारि सिङ हाङ्फारि सिङ (भकिअमिलो) रूख मथेर सुकेत्लिङ् साम्बाले आगो निकालेको मुन्दुममा वर्णित छ । तर लाहादङ्ना सुहाम्फेबा मुन्दुममा भने सावा येत्हाङ पाङ्भेवासी र सोधुङ्गेन लेप्मुहाङ पाङ्भेबाट सुहाम्फेबाले पठाएका आगोका शास्त्रज्ञ मुगुप्लुङ खागुप्लुङ साम्बा, तेल्लेले तेन्जियेप येबा, तेल्लेले तेन्छामुक् येबा र अन्य साम्बाहरूले फेगिसिङ साघिसिङ (लिपेपाट)को रूखलाई सामूहिक रूपमा मथेर आगो निकालेको वर्णन छ ।

सुच्छुरु सुहाम्फेबा र तेत्लारा लाहादङ्ना : सुहाम्फेबा लाहादङ्ना मुन्दुमअनुसार एउटै हाडनाताबिचको यौनसम्बन्धलाई व्यभिचार ठहऱ्याउँदै छुट्टचाइएका चेली-माइती । त्यसपछि नै हाडनाता साइनो लाग्नेबिच विवाह गर्न नहुने नियम बनेको विश्वास गरिन्छ । आख्यानअनुसार आदि सिकारी सावा युक्पुङ्गेम्बाले औल र लेकमा छुट्टिएर बसेका चार दिदीबहिनीसँग यौनसम्बन्ध राखेपछि जन्मेका सुच्छुरु सुहाम्फेबा र तेत्लारा लाहादङ्नालाई आफ्नै भाइबहिनीले कुनै साइनो नलाग्ने भन्दै षड्यन्त्र रचेर विवाह गराइदिन्छन् । उनीहरूको कोखबाट सत्र जना सन्तान जन्मिन्छन् । एक दिन उनीहरूबिचको विवाह अनैतिक रहेको पोल उनीहरूले पालेको कुकुरले उजुर गरेपछि तागेरा निङ्वा?भुमाङले हाडनाताबिच यौनसम्बन्ध राख्नमा वर्जित गर्दै उनीहरूलाई छुट्टिनुपर्ने आदेश दिन्छन् । सुहाम्फेबा चाल्नीमाथि अड्किएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिलका दानास्वरूप ८ जना सन्तान लिएर सोधुङ्गेन लेप्मुहाङ पाङ्भे अर्थात् देवताहरूका गाउँका निवासी हुन्छन् भने चाल्नीबाट झरेका तिलका दानास्वरूप आठ जना सन्तान लिएर लाहादङ्ना सावा येत्हाङ पाङ्भे अर्थात् मानव गाउँका निवासी हुन्छिन् र आफूलाई मुजिरि मुवाक्मा कहलाउँछिन्। त्यसै गरी लाओती फुङ्माहाङ्माको नामले पनि तेत्लारा लाहादङ्ना चिनिन्छिन्। एक दिन मानवबस्तीमा आगो मर्छ। सोधुङ्गेन लेप्मु पाङ्भेमा आगो लिन कान्छा छोरा सेछेने सेनिहाङलाई बाटो देखाउन जाँदा सिस्नुको झ्याङमा लुकेकी लाहदङ्ना र महात्मा सोधुङ्गेन लेप्मुहाङ भएर बसेको सुहाम्फेबाबिच फेरि व्यभिचार उत्पन्न हुन्छ। सिस्नुको झ्याङलगायत थुप्रै ठाउँमा उनीहरू सम्भोगमा लिप्त भएर लोदर सन्तानहरू जन्माउन थाल्छन्। जति छुट्ट्याउन खोज्दा पनि उनीहरू छुट्दैनन। यसपछि सर्वव्यापी ईश्वरले उनीहरूलाई आकाशवाट वज्र र जमिनवाट भुइँचालो उत्पन्न गराएर छुट्ट्याइदिन्छन्। याक्थुङ मुन्दुममा लाहदङ्नालाई भुइँचालो र सुहाम्फेबालाई चटचाङको देवता मानिन्छ।

सुम्जिरी सुम्हा?लुङ : इतिहास (साप्-मुन्दुम) अनुसार उहिले याक्थुङ लाजे? येत्हाङ (आठ राजा)हरू होनदेन हाङ, येक्तेनहाङ, चेस्वीहाङ, लारासो पाङ्वोहाङ, खेसिबाहाङ, इकाङसोहाङ, खादीहाङ र इमेहाङ राज गरिबस्थे। यी आठ राजाका थिवोङ याक्थुङ (दश लिम्बूवंश) सरदार अर्थात् मन्त्रीका रूपमा थिए। येत्हाङ (आठ राजा)ले भूमितिरोदेखि सम्पूर्ण क्षेत्रमा दबाब र निरङ्कुशता लादेकाले थिवोङ याक्थुङ (दश लिम्बू)हरू फेदाप राज्यको फेदेन गढीमा जम्मा भएर चुम्लुङ (सभा) बसी येत्हाङ (आठ राजा) विरुद्ध विद्रोह गर्ने निर्णय गरे। फेदेन गढीमा तीनवटा आँप र तीनवटा ढुङ्गा (सुम्हा?लुङ) गाढेर युद्धकी देवी युमासामसँग बल, शक्ति मागे। धनुवाण, ढाल तरबारसहित भीषण युद्ध भयो। थिवोङ याक्थुङ (दश लिम्बू) सरदारहरूले येत्हाङ (आठ राजा)हरूलाई पराजित गरी याक्थुङ लाजे (लिम्बू देश) मा दश आप्पुङ्गी (स्वतन्त्र गणतन्त्र) राज्यहरू खडा गरे। यसरी थिवोङ याक्थुङ (दश लिम्बू) हरूले चुम्लुङ गरी तीनवटा आँप र तीनवटा ढुङ्गा गाडेको ठाउँ सुम्जिरी सुम्हा?लुङ्का रूपमा कहलियो। यो ऐतिहासिक थलोलाई पापोवंशी याक्थुङ (लिम्बू)ले आफ्नो यक् (गढी)को रूपमा मान्दछन्। यो ऐतिहासिक स्थान पाँचथर फिदिम (फेदेन) बजारदेखि आधा किलोमिटर उत्तर गढी गाउँमा अवस्थित छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेछेने सेनिहाङ : मुन्दुमअनुसार देवताहरूको गाउँ सोधुङ्गे लेप्मु तेम्बेमा मानिसको गाउँ सावा येत्हाङ पाङ्भेबाट आगो ल्याउन जाने आदिपुर्खा। चेलीमाइती विग्रिएका सुच्छुरु सुहाम्फेबा र तेत्लारा लाहादङ्नालाई तागेरा निङ्वा?भुमाङले छुट्टयाउँदा लाहादङ्नाको भागमा परेका आठ छोरामध्ये कान्छो छोरो। सावा येत्हाङ पाङ्भे?मा काँचो खानेकुराले रोगव्याधि उत्पन्न भएपछि खानेकुरालाई पोलेर खानका लागि आमा लाहादङ्नाले उसलाई सोधुङ्गेन लेप्मुहाङ पाङ्भे?मा बुवा सुहाम्फेबासँग आगो मागेर ल्याउन बाटो देखाउँदै लगेको मुन्दुममा वर्णित छ।

सेबक्लुङ पक्चानामा : गर्भावस्थामै लडेर मर्दा सेहैँ बनेकी लेप्मुहाङकी छोरी। मुन्दुमअनुसार लेप्मुहाङकी एक छोरी माइतीको पैँचो तिर्न माछा मार्न जाँदा खोलाको शिरको ढुङ्गा पल्टेर मरी र सेहैँ बनी।

सेमेक्वा : एक याक्थुङ (लिम्बू) लोकथामा वर्णित पश्चात्ताप र अज्ञानतको प्रतीक सुविउ चरी। लोककथाअनुसार एउटी आमाले सानी छोरीलाई रुँग्न लगाएको च्याउको बिस्कुन घामले सुकेर थोरै हुँदा रिस र अज्ञानतामा कुटिमारी। आमालाई पछि मात्र ज्ञान भयो घामले सुकेर च्याउ थोरै भएको रहेछ। त्यसैले ऊ पश्चात्तापमा रुन, कराउन थाली। एक्ली, अज्ञानी, प्यारी सानी छोरीको शोकमा रुँदारुँदै मरेकी ऊ दोस्रो जुनीमा सुविउ चरी भएर जन्मी। सेमेक्वा चरी बर्खामा मात्र कराउँछ। कारण उसले हिउँदमा खोल्साका दहभित्र आफ्नो छायालाई देखेर छोरी सम्झेर हेरिवस्छे तर वर्खामा पानी धमिलिएर छाया देख्न पाउँदिन। अनि छोरीको सन्तापमा विलौना गर्छे भनिन्छ।

सेल्लोःक्वा पू : याक्थुङ (लिम्बू) लोककथामा विरह, वैराग, वियोगको मिथक न्याउली चरी। लोककथाअनुसार उहिले एक दम्पतीको सेल्लोःक नामको बच्चा थियो। सिकारी युग भएकाले बच्चालाई ओढारमै छोडेर आमाबुवा कन्दमूल खोज्न जङ्गल चहार्थे। एक दिन बच्चा वामे सर्दै सिस्नुको भ्याङमा पुगेछ। सिस्नुले पोलेर उसको शरीरमा फोकैफोकै भएछ। बेलुकी आमाबुवाले भ्याकुर घोटेर लाएपछि सिस्नुले पोलेको घाउ निको भएछ। केही दिनपछि फेरि छोरालाई एउटा किलामा बाँधी राखेर आमाबुवा सिकार खेल्न गएछन्। यसपल्ट छोरालाई सर्पले ठुँगेर मर्न न बाँच्नु बनाएछ। आमाबुवाले बुटी घोटेर सर्पको विष त झारेछन् तर बिस्तारै बच्चाको दिमाग सर्पको जस्तो हुन थालेछ। भीर, रूख, ढाँड जस्ता ठाउँमा लुक्ने,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चिप्लने गर्दागर्दै एक दिन ऊ आमाबुबाबाटै हराएछ। छोरो सेल्लोःकको खोजीमा "सेल्लोःक ! सेल्लोःक !!" कराउँदै वनजङ्गल चहार्दाचहार्दा मानसिक र शारीरिक रूपमा विक्षिप्त भएर आमा पनि मरिछ। अर्को जुनीमा ऊ सेल्लोःक्वा अर्थात् न्याउली चरी भएर जन्मिएको किंवदन्ती छ।

सेहोनाम्लाङ : केसामी नाम्सामी मुन्दुममा वर्णित छालासुकुवा डाँडा, केसामीको छाला सुकाइएको ठाउँ। मुन्दुमअनुसार नाम्सामी (मान्छे)ले दाजु केसामी (बाघ)लाई मारेपछि उसको छाला काडेर सुकाउँदै हिँड्यो तर कहीँ पनि सुकेन। एकदम घमाइलो पाखा सहोनाम्लाङ्मा ल्याएर सुकाउँदा चाहिँ सुक्यो भनिन्छ। त्यो छालालाई नाम्सामीले दाजुको स्मृतिस्वरूप च्याब्रुङ बनाउन प्रयोग गरेको मुन्दुममा वर्णित छ। सेहोनाम्लाङ डाँडा पाँचथर जिल्लाको सराङडाँडा गाउँमा पर्दछ।

सोधुङ लेप्मुहाङ : मानवजातिकै आदिपुर्खा, महात्मा। मुन्दुममा सोधुङ लेप्मुहाङबारे अनेक वर्णन पाइन्छन्। संसारमा पाप, काटमार, लोभलालच, अनैतिकता, व्यभिचार, छलपकट बढेपछि सर्वव्यापी ईश्वरले सृष्टि संहार गर्ने क्रममा महा-जलप्रलय गराउँदा लेप्मुहाङले डुङ्गाबाट धर्मात्मी मानवलाई बचाएर जीवनलाई निरन्तरता दिई सुसभ्य मानवसभ्यताका लागि ज्ञान, बुद्धि, धर्म, न्याय र मानवीय भलाइ तथा हत्या, हिंसा, दुराचार, पाप, अन्याय, व्यभिचार जस्ता आचारमूलक संहितासमेत स्थापना गरेको मानिन्छ। लाहादङ्ना सुहाम्फेवा मुन्दुममा आउने चेलीमाइती हाडनाता विवाह गरी १७ सन्तान जन्माउने सुहाम्फेवा र लाहादङ्नलाई सर्वव्यापीं ईश्वरले छुट्ट्याएपछि आफ्ना भागमा आठ जना छोराहरू लिएर सोधुङ्गेन लेप्मुहाङ पाङ्भे गएको सुहाम्फेवा नै ज्ञान, दर्शन, बुद्धि र विवेकयुक्त महात्मा सोधुङ्गेन लेप्मुहाङमा परिणत भयो पनि भनिन्छ।

सोधुङ्गेन लेप्मुहाङ पाङ्भे : सुहाम्फेवा लाहादङ्ना मुन्दुमअनुसार चेली लाहदङ्नासँगको यौनसम्पर्कमा जन्मेका १८ सन्तानमध्ये आफ्नो भागमा परेका आठ जना सन्तान लिएर सुहाम्फेवा गएको ठाउँ। यसको अर्को नाम मुरिङला थारिङ्ला पनि हो। ज्ञान, दर्शन, बुद्धि र विवकेले युक्त हुँदै गएपछि सुहाम्फेवाले आफूलाई महात्मा लेप्मुहाङका रूपमा स्थापित गरेको, उनका सन्तान पनि मुन्दुम, ज्ञान र बुद्धिले युक्त भएपछि त्यस ठाउँको नाउ सोधुङ्गेन लेप्मुहाङ रहन गएको मुन्दुममा वर्णित छ। उता पोरोक्मीयम्भामी मुन्दुमअनुसार चाहिँ पोरोक्मी यम्भामीदेवले आफ्नै देवाङ्गदेखि सावारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

येत्तुङ्गेमाङ अर्थात् आठ देवहरू उत्पत्ति गराई त्यसमध्ये जेठो सोधुङ्गेन लेप्मुहाङमाङलाई मानवसृष्टिको जिम्मा लगाएर आफू पृथ्वीलोकबाट आफ्नो लोकमा आराम गर्न गएको भन्ने छ । यसरी पोरोक्मी यम्भामीमाङले उत्पत्ति गराएको आठ देवमा सोधुङ्गेन लेप्मुहाङमाङ, साम्केलो केवाफुङ्वामाङ, केलाङ लदेनफुङदेनहाङमाङ, साप्योक लिङयोकमाङ, तक्मुई याङमुई चुलिफियातमाङ, तादिसेप्माङ युन्छोलेप्माङ सक्वामुइङमाङ, नोनिङ्वा फेननिङ्वा कुजोक्सु कुपाछुमाङ र नोसाम हाङसाम सावारा येछाममाङ हुन् । यसअनुसार जेठो सोधुङ्गेन लेप्मुहाङमाङको नामबाट आठ देवता रहने ठाउँको नाम सोधुङ्गेन लेप्मुहाङ तेम्बे रहन गएको पनि हुन सक्छ । सुहाम्फेवाले आफ्नो भागमा लिएर गएको आठ सन्तानमा सुदुक्यु खेदुक्यु फेदाङ्मा, फुङ्जिरी फुङ्गाप्पो सिङदुई फेक्वाई फेदाङ्मा, सावारासाम्बा साप्मुन्दुम् येप्मुन्दुम साम्बा, आवागो आङ्लाङगोबा, आवागो साङ्लाङ्गोबा, सिभाकयामी येबा, नेत्तियाभुङ येबा र लाअङ्शी नामअङ्शी रहेको र पछि ती कालान्तरमा बढेर गएको मुन्दुम छ। मुन्दुममा सोधुङ्गेन लेप्मुहाङ पाङ्भे स्थानका रूपमा सावा येत्हाङ पाङ्भेभन्दा माथि रहेको उल्लेख छ। सावा येत्हाङ पाङ्भेमा आइपरेका ज्ञान, बुद्धि, विवेकका सारा गाँठो फुकाउन सोधुङ्गेन लेप्मुहाङ पाङ्भेबाट सर्वशक्तिमान तागेरा निङ्वा?भुमाङले येबा, साम्बा, फेदाङ्मा, अङ्शी आदि प्रतिनिधिहरू खटाइआएको मुन्दुममा वर्णित छ ।

हाङसेम लुङ : मुन्दुमअनुसार येत्हाङ (आठ राजा) र उनीहरूका थिबोङ याक्थुङ (दश सरदार) बिच भीषण युद्ध चल्दा थिबोङ याक्थुङहरूले विजय प्राप्त गरे । उनीहरूले पान्थर फेदेन गढीमा तीन ढुङ्गा (सुम्जिरी सुम्हा?लुङ) गाडेर तमोर नदी, छरुवा र तेलीया खोलाको त्रिवेणीछेउको फाँटमा आएर एउटा चुम्लुङ (सभा) आयोजना गरेर राज्य बाँडफाँड गरे । थिबोङ याक्थुङ (दश सरदार)मध्ये साम्लुप्ली साम्बाहाङले तमोरखोला इलाका, ताप्पेसो पेरुङहाङले तेह्रथुम, थक्थक्सो आङ्बोहाङले आठराई, सङसेनगुम फेदापले फेदाप, सिन्दोलुङ खोयाहाङले याङरूप, सिसियेङ हाङले मेवाखोला, चिङ्सो पापोहाङले पान्थर, ताक्लुङ खजुमहाङले छथर, सोयियाक लादोहाङले चौवीसर इमेहाङले चारखोला इलाममा राज्य गर्ने निर्णय गरी विभाजित आ-आफ्नो राज्यतर्फ लागे । थिबोङ याक्थुङहरू छुट्टिनुअघि चुम्लुङ बसेको ठाउँमा साक्षीस्वरूप एउटा हाङसेम लुङ (राजकाज छुट्टिएको ढुङ्गा) गाडे । जुन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ढुङ्गा धनकुटा वोधे गाउँ हंसमोरङ (छरुवा टार)मा अद्यापि छ जहाँ तमोर नदी, छरुवा खोला र तेलिया खोलाको त्रिवेणी छ। 'हाङसेम लुङ' वाट अप्रभंश भई त्यस ठाउँको नाउ हंसमोरङ बनेको छ।

हिम साम्माङ : सृष्टिपछि मानवजातिको रक्षाको लागि सर्वप्रथम परात्माले बुढो मानिसका रूपमा पठाएको देवता। यसलाई विशेषतः घरघडेरी रुँगिदिने शक्तिशाली बाजे देवताका रूपमा पुजिन्छ। यसबाहेक यसलाई आवासका देवता, अभिभावक, जीवनलीलाको संरक्षकको रूपमा सुँगुरको बलि दिएर पूजा गरिन्छ।

हाम्बेकहाङ : मुन्दुमी कथामा वर्णित अदुवाको आहार खाने ज्यादै पराक्रमी राजा। 'हाम्बेक'को अर्थ अदुवा र 'हाङ'को अर्थ राजा। सेनमोकवानीहरूले पल्लोकिरात लिम्वुवानलाई आफ्नो अधीनमा ल्याउनुअघि हाम्बेकहाङको राज्य हालको धनकुटा वोधे गाउँमा थियो। थक्सुवा याक्थुङ्वा (लिम्बू) थरको उसका दुई जना रानी थिए। जमिनमुनि ढुङ्गाको झ्यालढोका रहेको ढुङ्गाको दरवारमा ऊ कान्छी रानीसँग बस्थ्यो। आहारमा अदुवा सेवन गर्ने उसले पेय पदार्थका रूपमा कान्छी रानीको स्तनपान गर्थ्यो। ऊ साहस, पराक्रम र रणकौशलले कति युक्त थियो भने उसका छिमेकका सन्यक्पा, चिरप्पा, लाङ्वेबा र पोस्तक हाङ(राजा)हरूले बारम्वार आक्रमण गर्दा पनि ऊ पराजित हुँदैनथ्यो। वस्त्रका रूपमा उसले पहिरिएको सालकको खपटामा दुस्मनले प्रहार गरेका गोली, वाण, मट्याङ्ग्रा, ढुङ्गा लाग्दा 'चाक्का फच्याङ' भन्ने आवाज मात्र आउँथ्यो तर कुनै असर पुग्दैनथ्यो। हालको धनकुटाको आहाले भन्ज्याङमा छिमेकी राज्यहरू मिलेर ऊविरुद्ध घमासान युद्ध गरे पनि हराउन नसकेर उसको कान्छी रानीको सहायतामा उसलाई मारिएको किंवदन्ती छ। जेठी रानी र कान्छी रानीबिच सौतेली मनोमालिन्यता थियो। यसको फाइदा उठाई दुस्मनहरूले उसका गोप्य कुराहरू कान्छी रानीसँग फुत्काउन सफल भए। ऊ नित्य कर्म र नुहाउँदा भने सालकका खपटाको वस्त्र उसले फुकाल्ने गरेको कुरा कान्छी रानीले फुत्काएपछि एक दिन रघुवा खोलामा नुहाइरहेको बेला गुप्ताङ्गमा गोली हानेर पोस्तक राजाले उसको हत्या गरिदियो। पराक्रमी र खाद्यआहार र पेय सेवनमा अरूभन्दा मौलिक स्वभाव बोकेका ऊ याक्थुङ लाजे (लिम्बुवान देश)भरि हाम्बेक हाङको नाममा अत्यन्त चर्चित भयो। त्यसैले याक्थुङ (लिम्बू) जातिको नयाँ अन्नवाली पाक्दा चासोक तङनाममा उसको सम्मानमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अदुवा चढाउन प्रचलन अद्यापि छ । हाम्वेक्ला दरवारको भग्नावशेष धनकुटा बोधे गाउँमा रहेको छ ।

हेल्लाङ गढ : किंवदन्तीअनुसार अजरक्पालाई पराजित गरेपछि मावोहाङवंशी योद्धा मुक्कुहाङले हेल्लाङगढमा राज्य स्थापना गरेका थिए । वजु इष्टदेवी युमासाम्माङवाट तन्त्रले युक्त वुटी प्राप्त गरी यस गढमा अपराजेय भई शासनरत रेको मुक्कुहाङलाई अजरक्पालगायत दुस्मनले षड्यन्त्रमार्फत त्यो वुटी पत्ता लगाएर उसको हत्या गरे । उसकी दुई जिउकी स्वास्नी काम्प्याक लिसिकाक फन्थाकलाई समेत छोरा पाए आफूहरूलाई जिम्मा लगाई दिन करारनामा गरे । मुक्कुहाङकी स्वास्नी काम्प्याक लिसिकाक फन्थाकले छोरा नै पाई तर शत्रुहरूलाई अर्कैको छोरीलाई देखाएर । छोरालाई छोरीको भेषमा हुर्काउँदै लगी । वुवाको वारे सम्पूर्ण कुरा बताउँदै दुस्मनलाई मार्ने योजना बनाई । उमेर पुगेपछि दुस्मनको घरमा वुहारी वनेर भित्रिएको उसले सप्पै दुस्मनलाई सखाप पाऱ्यो, त्यसपछि गुमेको हेल्लाङ गढ पुनः फिर्ता गरेको किंवदन्ती छ । यो गढ पाँचथरको फाल्गुनन्द गाउँपालिकाअन्तर्गत चिलङदेन गाउँमा पर्दछ ।

हुक तर्घेक लाङ तर्घेक माङ : हातखुट्टा टेक्न नसक्ने देव ।

हेन्लेरे सुबा? र खाम्लुङ अइहाङ्वा : सावा येत्नाम मुन्दुममा वर्णित जुक्ति, वुद्धि र शक्तियुक्त मुसा (हेन्लेरे सुवा?) र खाम्लुङ अइहाङ्वा (दुम्सी) । मुन्दुमअनुसार रूखपात र पशुपक्षीको मात्र सृष्टि भएको पालामा हेन्लेरे सुबा? र अइहाङले जुक्तिवुद्धि लाएर ईर्ष्या आँखीडाहीका आठवटा सावा येत्घाममध्ये सातवटा घामलाई मारेका थिए । आठवटा घामको रापातापले खोलानाला, जलका मुहान सुकेर पृथ्वीमा जीवजगत्को अस्तित्वमै सङ्कट पैदा भएपछि त्यसको निवारणका लागि जीवजन्तु, पशुपक्षी, वनस्पतिहरू चुम्लुङ (बैठक) बस्दा सातवटा घाम मार्ने निर्णय भयो । त्यतिखेर हेन्लेरे मुसा र खाम्लुङ अइहाङ्वाले यस साहसिक कार्यको जिम्मा लिएका थिए । उड्नलाई प्वाँखपुच्छर पनि नभएको जिउडालमा पनि साना मुसा र दुम्सीलाई ठुलठुला पक्षी र ठुलठुला जीवजन्तुले सुरुमा पत्याएका थिएनन् तर उनीहरूले जिउडालले होइन जुक्तिवुद्धिले सातवटा मार्ने अठोट लिएका थिए । त्यसपछि हेन्लेरे मुसाले अग्लो बाँसलाई भित्रभित्रै एक तला दुई तला हुँदै आठ तला प्वाल पाऱ्यो । खाम्लुङ अइहाङ्वा दुम्सी त्यस बाँसको ढुङ्ग्रोभित्र लुक्दैलुक्दै गएर आठ तला टुप्पोमा पुगेर आफ्नो काँडले सातवटा घामका आँखामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रहार गर्दै पालैपालो मारिदियो । एउटा मात्र घाम कायम भयो । पृथ्वीमा जीवजीवत्को अस्तित्वले निरन्तरता पायो । विभिन्न फलफूल, अन्नअनाज फल्न थाल्यो । जीवजन्तर, पशुपक्षी र बोटबिरुवाको चुम्लुङले हेन्लेरे मुसा र खाम्लुङ अइहाङलाई इमानस्वरूप विभिन्न अन्नअनाज, फलफूल खान पाउने नियम बनाए ।

होदोकसिङ : नावाचइत मुन्दुमअनुसार पृथ्वीको सृष्टिपछि भगवान् तागेरा निङ्वा?भुमाङले मानवसृष्टि गर्न पोरोक्मी यम्भामी माङलाई पठाउँछन् । पृथ्वीमा आएका पोरोक्मी यम्भामी देवले वनस्पति, रूखपात, अन्नका देवता चावक्को चाअन्ला तिवक्को तिअन्लासँग विभिन्न बिउबिजन मागेर पृथ्वीको चारैतिर छरपोख गर्छन् तर चर्को घाम र लामो खडेरीले कुनै पनि बिउबिजन उम्रिँदैनन् । चारैतिर अनावृष्टिले प्रलय मच्चिन्छ । अनेक प्रयत्न गर्दा पनि केही सीप नलागेपछि पोरोक्मी यम्भामीको आँसु खस्छ । त्यस आँसुले भिजेर एक खालको खिनौरो तर नबढ्ने वृक्ष होदोक वृक्ष पलाउँछ । मुन्दुममा पृथ्वीकै पहिलो रूखको रूपमा यसलाई उल्लेख गरिएको छ ।

❑

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ल्होमी

खुम्बुवा ल्होमीको उत्पत्ति : ल्होमीजातिको एक थर । सोलुखुम्बुको खुम्वु गाउँबाट आएर खुम्वुवा कहलिएका यी ल्होमीहरूको सुरुमा खुम्वु गाउँका नेताहरूको घर रेखदेख गर्ने जिम्मेवारी थियो । मानिसलाई दु:ख दिने वन्य जन्तुलाई हेर्ने काम पनि तिनीहरूले गर्दथे । एक दिन तिनीहरूमध्येका एक बहादुर पुरुषले सवै वन्य जन्तु नियन्त्रण गरेर जनताको सुरक्षा गरेकाले खुम्डुक नर्मी नाम पायो । ढिलो विवाहका कारण उसको एउटा मात्र सन्तान भएको थियो जसको नाम थुङ्डुक थियो । खुम्डुक नर्मी छोरा लिएर खुम्वुपूर्व ल्होमी क्षेत्रसिसोङ याङ्ले भन्ने ठाउँमा बसाइँ सऱ्यो । एक दिन घुम्दै जाँदा उसले सेतो र रातो रङको पोखरी र त्यसमुनिबाट एउटा कालो याक निस्किरहेको देख्यो । अझ त्यसमुनिबाट हरियो लुगा लगाएकी एउटा स्त्री र त्यसभन्दा पनि मुनिबाट एउटा ठुलो बाघले मुख बाएर बसेको देख्यो । उसले यो कुरा सारा गाउँलेलाई वतायो । गाउँलेले उसलाई उसको फोल (गोत्र) अर्थात् "फोल रिल याक्पु, मोल सुङस्येक डोम्मु, डप्ल ताक्च्येन" भनेर बताए । खुम्डुक नर्मी फोल (गोत्र) खोज्दै हिँड्यो । जाँदाजाँदा अहिलेको गोला भन्ने ठाउँमा पुग्यो ऊ । त्यहाँ उसको छोरा थुङडुकको विवाह पनि भयो । त्यहा थुङडुकको पाँच जना छोरा जन्मिए । एक दिन छोराहरूमध्ये एक जनाले आफू सधैँ सिकार खेल्न जाँदा हराउने भएकाले आफूलाई एकाबिहानै मारिदिन र चेन छ्यामर नामले बोलाइदिन कबुल गऱ्यो । आफू मारिएपछि अन्य दाजुभाइलाई सिकार जुटाउन, मुद्दामामिला जिताउन शक्ति दिने बतायो । भाइको इच्छा पूरा गरिदिएर दाजुभाइ त्यहाँबाट छुटे । जेठा र माइला भाइ अहिलेको सेम्बुङ भन्ने गाउँमा गएर बसे । अर्को एक जना भाइ अहिलेको थाङमुछ्यी गाउँमा बस्यो । अरू दुई जना गोलामा नै बसे । सेम्बुङमा बस्ने सिकार खेल्न र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोलामा बस्ने मुद्दामामिलामा निपुण भए भने थाङमुछ्यीमा बस्ने योक्पु फिस्येक्प सुरक्षा दिन र सेवा गर्न निपुण भयो । यसरी ल्होमी गाउँमा खुम्बुवाको उत्पत्ति भएको मानिन्छ ।

खेन्डम : ल्होमीजातिले मान्ने भगवान् या मृतात्मा जो महिलाजातिमा आङमा पस्ने विश्वास गरिन्छ । खेन्डमलाई खैम्बुलुङा, डेमुक्षोङा, किगुलुङा र साङ्मा गरी चार प्रकारले बुझ्ने गरिन्छ । मरेको मान्छेको आत्मा आङमा चढेर काम्न थालेकी महिलालाई केही समय तालिम दिएपछि पोख्त खेन्डम बनाउने परम्परा छ । खेन्डमले लुङस्योक अर्थात् भविष्यवाणी गर्ने काम गर्दछ । यदि कसैको घरमा खेन्डम पूजा गरे सम्बन्धित भगवान् खुसी हुने मान्यता छ । खेन्डमका स्रोतहरू पनि फरकफरक भएको पाइन्छ । डेमुक्षोङाचाहिँ पहिला एउटा लामा भएको र पछि उसले खेन्डमको रूप लिएको भन्ने भनाइ छ । यो भगवान् अलिक कडा स्वभावको हुने खेम्बुलुङाचाहिँ अलिक नरम हुने मान्यता छ । मासु नखाने र छिटो नरिसाउने खेम्बुलुङाले फकाईफकाई आफ्नो हातमा लिने विश्वास गरिन्छ । प्रत्येक ल्होमी घरले एउटा न एउटा खेन्डम भगवान् मानेको पाइन्छ । डेमुक्षोङा खेन्डम भएका महिलालाई खेम्बुलुङा खेन्डम मान्नेहरूले विवाह गर्दैनन् । ल्होमी घरमा विवाह गरेर ल्याएका महिलाले मान्ने खेन्डम मान्नुपर्ने चलन छ । खेन्डमले धाताक गर्ने, स्याया लोङ्गेन आदि कार्य गर्दछ । घरमा कोही कमजोर छ भने त्यसलाई स्याया लोङ्गेन काम गर्दछ । घरको कोही परिवारलाई कसैले हेला वा गाली गरेको छ, कसैसँग झगडा भएको छ वा बेइज्जतीका कुराहरू भएको व्यक्तिलाई खाच्यी सोगेन भन्ने खेन्डमले नै गरिदिन्छ । सानो बच्चा पाएपछि त्यस बच्चालाई 'काप्पी देलल पप्केन' भन्ने कार्य पनि खेन्डमले नै गर्दछ । यसलाई धताक काट्ने भन्दछ ।

चिन्ज्युङ लुक्म र नागम (डाइनोसर) : संसारबाट लोप भइसकेको नागम (डाइनोसर) को अस्तित्व ल्होमी भूमि तथा खोलामा पनि रहेको र ल्होमी पुर्खा चिन्ज्युङ लुक्मकी स्वास्नीलाई नागम (डाइनोसर) ले निलेको किंवदन्ती छ । किंवदन्तीअनुसार थाङमुछ्यी गाउँ दक्षिणमा पर्ने भोम्वोम्म झरनामा उहिले चिन्ज्युङ लुक्मको पालामा एउटा ढुङ्गे धारो थियो जुन अरुण नदीको बिचमा खस्ने गर्दथ्यो । यस झरनाको मुखमा रहेको ठुलो ढुङ्गे दहमापौडी खेल्न गएकी आफ्नी स्वास्नीलाई नागम (डाइनोसर) ले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धयाएपछि वहादुर चिन्ज्युङ लुक्मले थाङमुछ्यीको गोक्पच्योक्स डाँडावाट हुर्दो (घुयँत्रो) मा ढुङ्गा राखी हान्यो । पहिलो ढुङ्गा छाछापुकतिर गयो, दोस्रो क्षुदामा र तेस्रो दोरिरिमा झर्‍यो । चौथो पटकको निसाना लागेर नागम (डाइनोसर) ठहरै हुँदा ढुङ्गेधारो पनि भाँचिएर भोम्वोम झरना बन्न पुग्यो । उसले हानेको हुर्दो (घुयँत्रो) को ढुङ्गा अहिले पनि पाइने, अन्तिम पटकको ढुङ्गा झरनाको वायाँतर्फ रहेको र त्यसमाथि एउटा सुकेको धूपी रहेको मान्यता छ । यसरी नागम (डाइनोसर) मर्दा त्यसको रगतले तीन दिनसम्म अरुण नदी रक्ताम्मे भएको भनाइ पनि छ ।

ढिप (यति) हुने विश्वास : ल्होमीजातिमा ढिप (यति) हुने विश्वास छ । यसवारे किंवदन्तीअनुसार ल्होमी (मानवजाति)हरू र ढिप (यति) विच उहिले ठुलो युद्ध हुँदा मानवजातिले वुद्धि प्रयोग गरेर ढिप (यति) माथि विजय प्राप्त गरे पनि एक गर्भवती ढिप (यति) भने संयोगवश बचेको थियो । त्यसैले त्यसका सन्तान अझै अस्तित्वमा रहेको विश्वास छ । किंवदन्तीअनुसार ढिप (यति) हरूको कद अग्लो, कपाल लामो र शरीरमा वाक्लो रौँ हुन्थ्यो । तर तिनसँग कुनै पनि किसिमको हातहतियार भने थिएन । ल्होमीहरूसँग त्यो बेलामा धनु-वाण, खुकुरी र बन्चरो मात्र हुन्थ्यो । ल्होमीहरूले जति पटक खुकुरी र बन्चरो प्रहार गरे पनि कपाल र जिउको वाक्लो रौँले वचाएर ढिप (यति)कै जित हुन्थ्यो । जसका कारणढिप (यति) का लागि प्रत्येक वर्ष एक जना ल्होमी भोग हुनुपर्ने वाध्यता थियो । वर्षैपिच्छे एक जना मर्नुपर्दा ल्होमीले ढिप (यति)लाई नाश गर्ने योजना वनाए । लमु भ्यरोक् खा भन्ने स्थानमा ढिप (यति)हरूलाई बोलाए । तिनीहरूलाई सुरुमा ल्होमीहरूको चर्तिकला हेर्न डाडाँमाथि राखियो । लमु भ्यरोक खा भन्ने ठाउँमा ल्होमीहरूले विष लगाएको तोङ्वार त्यसमाथि काठको तरवार राखे । अनि सवैले तोङ्वा खाएजस्तो गर्दै काठको तरवारले एकअर्कालाई हानेजस्तो गरे । कोही आइया भन्दै लडे र मरेजस्तो गरी कसैले बोकेर लगे । यो चर्तिकला देखाएपछि ल्होमीहरूले साँच्चीका तरवारहरू तोङ्वामाथि राखेरढिप (यति)हरूलाई तल वोलाए । सवै ढिप (यति) हरू तँछाडमछाड गर्दै झरे तर एउटी गर्भवती ढिप (यति) चाहिँ भीरबाट आउन सकेन । तल आएका सवै ढीप (यति)ले विष मिसिएको तोङ्वा पिउन थाले । तोङ्बाले मातेर एकअर्कामा अघि मानिसले देखाएझैँ तरवार हानाहान गर्न थाले । एकले अर्कालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तरबार हानेर सबै सखाप भए। तर गर्भवती ढिप (यति) चाहिँ आउन त्यस दिन आउन नसकेकाले अझै पनि ढिप (यति) को अस्तित्व छ भन्ने ल्होमीजातिको विश्वास छ।

थिकेक ज्य धाङ गुप्च्यु : यसले ल्होमीजातिको थिकेपा थरभित्रका १ सय ९० वटा उपथरलाई जनाउँछ। हाल तिब्बतको डेन्दाङदेखि नेपालको सङ्खुवासभा जिल्ला हेदाङ्नासम्म फैलिएका थिकेप्पाहरू पहिला तिब्बतको थिकेक ल्होगाक भन्ने ठाउँबाट आएकाले थिकेक्पा नामकरण हुन गएको हो। किंवदन्तीअनुसार थिकेक्पाहरू याक चढाउँदै, व्यापार गर्दै अरुण नदी दायाँबायाँ बसोबास गरेका हुन्।

नाग पूजा : ल्होमीजातिले प्रत्येक वर्ष थाङ्मुक्षीमा विनाभोगवलि तीनवटा नाग पूजा गर्ने गर्दछन्। ती तीनवटा नागमा ढोङतेक मिङ, युगोक्पा र हमोवा मिङ हुन् जसलाई ल्होमी भाषामा लुज्याङ पनि भन्दछन्।

पाम्मु : ल्होमीजातिमा बच्चा जन्मनेबित्तिकै त्यो भगवान्का रूपमा हुने भएकाले त्यसलाई मानिसको रूपमा ल्याउनको गरिने अनुष्ठान धाताक हो। यस अनुष्ठानका लागि पाम्मु अर्थात् एउटा महिला आवश्यक हुन्छ जसलाई पाम्मु भन्ने गरिन्छ। बुवाआमा दुवै जीवित रहेको कुमारी केटीलाई पाम्मु बनाउनुपर्ने मान्यता छ। उसलाई विशेष किसिमको कपडा लगाएर सिँगारेपछि 'स्यप्तेन्' गरिने व्यक्तिको पछाडि उभ्याएर पूजा गरिन्छ। यसपछि मात्र स्यप्तेन गरेको व्यक्ति ठिक ठाउँमा आउने विश्वास छ। लु (नाग)को पूजा गर्दा पनि पाम्मुको आवश्यकता हुन्छ। यसका लागि सानो उमेरको केटी राख्ने गरिन्छ। त्यसलाई विशेष किसिमले सिँगारपटार गराई एउटा हातमा दतर बोक्ने र अर्को हातले धूप र घिउ पूजा गर्ने आगोमा अलिअलि हाल्न लगाएपछि नाग देवतालाई खुसी हुने मान्यता छ। मृत्युसंस्कारमा भने ४ वा ५ जना पाम्मुको खाँचो हुन्छ। जुन महिला विवाहित पनि फरक पर्दैन।

पा फा गु : यसले ल्होमीजातिका नुप्पा थरका ९ उपथरलाई जनाउँछ। किंवदन्तीअनुसार नुप्पाहरू तिब्बतको खामदिर्ग र खुच्येन नाङ्बा भन्ने ठाउँबाट आएर सङ्खुवासभा जिल्लाको दाम्दाङमामुक वा हटिया गाउँमा सबैभन्दा पहिला बसोबास गरेका थिए। थिकेप्पा थरका ल्होमीको खुकुरीभन्दा नुप्पा थरको मुड्की शक्तिशाली हुने कथन छ।

पुबु चिन्ज्युङ लुक्म, मिक्म श्युङमर र मिन्ज्युङ डेरुक : ल्होमीजातिका आदिपुर्खा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किंवदन्तीअनुसार मिन्ज्यङ डेरुक अत्यन्तै धनी थिए। उनी थाङमुक्षी गाउँको स्यार्की जोङ (अहिले स्याक्की डाङ) इलाकामा शासन गर्थे। मिक्म श्युङमर लुम्वाङमा भन्ने हालको लिङगाङ सहरमुनि बसोबास गर्ने एक प्रख्यात मानिस थिए। यी दुईको कलहझगडामा ल्होमीजातिको नुपा थरका पुर्खा पुवु चिन्ज्युङ लुक्मको प्रवेश भएको रोचक किंवदन्ती छ। मिक्म श्युङमरले मिन्ज्युङ डेरुकको स्वास्नी र धनसम्पत्तिमा आँखा गाड्दा उनीहरूबिच ठुलो झगडा भयो। मिक्म श्युङ्मरले मिन्ज्युङ डेरुकको टाउकोलाई तरवारले दुई फ्याक पारिदियो। तर पनि ऊ मरेन। बरु उसले मिक्म श्युङ्मरको मुटुभित्रको रगत नचुसी नमर्ने प्रण गरी दुई फ्याक भएको टाउको रेसम कपडाको पटुकाले बाँधेर बस्यो। नुप्पाहरूको पुर्खा पुवु चिन्ज्युङ लुक्म एकदम बहादुर थियो। त्यसैले मिन्ज्युङ डेरुकले उसलाई मिक्म श्युङ्मरलाई मारेर त्यसको मुटु ल्याइदिए ठुलो जग्गा (हाङ्बु डाँडादेखि तल र घेप्पुदेखि माथिको जग्गा) चार किल्ला तोकेर दिने कबुल गऱ्यो। मिक्म श्युङमर भागेर उत्तरतर्फ हालको गोम्ब गाउँमाथि जङ्गल, ओडार हुँदै पाङ्मा फाँटका उन्युलाई च्वाटच्वाट छिनाउँदै जाँदै थियो। चिन्ज्युङ लुक्मलाई उन्युलाई झैँ छिनाउने प्रार्थना गर्दै गएको ऊ थाङमुछ्यी गाउँको माथि लोबेन गोम्स भन्ने ठाउँको ठुलो ओडारमा लुकेर बस्यो। यता चिन्ज्युङ लुक्म कुकुरले मृग पछ्याएझैँ उसका पाइला एक सेवकसहित पछ्याउँदै थियो। पछ्याउँदै जाँदा उनीहरूले एउटा सुरिलो रूखमाथि चरा बसेको देखे। चिन्ज्युङ लुक्मले त्यस चरालाई वाण सोझ्याउँदै चिना हेऱ्यो। रूखमाथिको त्यो चरालाई भुइँमा खसाउन सके मात्र मिक्म श्युङमरलाई मार्न सक्ने प्रण गऱ्यो र वाण हान्यो। वाण लागेर त्यो चरा भुइँमा खस्यो। अघि बढ्दै जाँदा बाटोमा एकदम सुरिल्ला दुईवटा धूपीका रूख भेट्टाएर फेरि चिना हेऱ्यो। आफ्नो हातबाट मिक्म श्युङमर मर्ने लेखेको भए ती दुईवटा धूपीका रूखलाई एकैचोटि छिनाउँदा तुरुन्तै रोपेकै जस्तो हुने भनी तरवारले हान्यो। नभन्दै तरवारले एकैचोटिमा छिनिएका दुवै रूख तुरुन्तै रोपेजस्तै भएर गाडिए। यसरी चिना हेर्दै ऊ र सेवक अन्ततः मिक्म श्युङमर लुकिबसेको ओढारनेर पुगे। मिक्म श्युङमर ओढारवरिपरि जताततै चोयाको जाल फिँजाएर बसिरहेको थियो। कोही आएमा चोयाको आवाज सुनिने र बाहिर निस्केर आक्रमण गर्ने उसको ध्येय थियो। पुबु चिन्ज्युङ लुक्म र सेवकले बिस्तारै चोयालाई एकएक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरी टिप्दै फाल्दा कताकता चोया टिपेको आवाज सुनेर मिक्म श्युङ्मरले ओडारभित्रबाट निस्केर आक्रमण गरिहाल्यो। तर अघि उन्यु काटेको चोपले उसको तरवार दापबाट निस्कनै निस्केन। तर दावसहित तरवारले टाउकोमा हानेर पुवु चिन्ज्युङ लुक्मलाई उसले मुर्छा पारिदियो। सेवकले आफ्नो हजुरबा मारेको भन्दै एकदम तिखो र धारिलो मालिङ्गोको लौरोले मिक्म श्युङमरलाई प्रहार गऱ्यो। छातीमा ठुलो चोट ऊ भाग्यो। घाइते चिन्ज्युङ लुक्मलाई सेवकले याङवेन (रूख वा ढुङ्गाको झ्याउ)लाई गाईगोरुका खुट्टाको पाइला वा डोवमा जम्मा भएको थोरै पानीमा भिजाई निधारमा लगाइदिएर वचायो। अव दुवै जना रगतको छिर्का पछ्याउँदै मिक्म श्युङमरलाई पिछा गर्न थाले। मिक्म श्युङमर हालको थाङमुछ्यी (चेपुवा) गाउँको किस्योङ च्येन हुँदै ओरालो भाग्दै थियो। उसले त्यहाँको एउटा ठुलो यु (Torquese)मा आफ्नो रगतले 'चिन्जुङ लुक्म, नोरकी छाङ झ्यी, ङ रोक्की छाङ् झ्यी' (चिन्जुङ लुक्मलाई धन सम्पत्ति प्रशस्त होस्, मलाई आयु लामो होस्) भनी लेखिराखेको थियो। चिन्ज्युङ लुक्मले त्यो यु भेट्टायो। रिसले उठाएर गोजीमा हाल्यो। रगतले लेखेको त्यो यु उसले वोकेकाले अहिले नुप्पा थरका ल्होमीको भीर, खोला वा रूखबाट लडेर मृत्यु हुने भनाइ छ। पछ्याउँदै जाँदा उनीहरूले अन्त्यमा थाङमुछ्यी गाउँको फेदघेकुक्मको तातो पानी मुहानमा मिक्म श्युङमरलाई छातीको घाउ भिजाएर सेक्दै वसेको अवस्थामा भेट्टाए। उसले आफू जसरी भए पनि मर्ने भएपछि "मिन्ज्युङ डेरूक पु था घाङ, मिक्म श्युङमर री था घाङ (मिन्ज्युङ डेरूक एक वित्ता रौँ, मिक्म श्युङमर एक वित्ता हड्डी)" भन्यो र त्यहीँ नै चिन्ज्युङ लुक्मको हातवाट उसको मृत्यु भयो। चिन्ज्युङ लुक्मले मिक्म श्युङमरको मुटु झिकेर लगेर मिन्ज्युङ डेरूकलाई दियो। मिक्म श्युङमरको मुटुबाट रगत चुसेपछि मिन्ज्युङ डेरूकले पनि आफ्नो बाँधी राखेको टाउको खोलेर प्राण त्याग गऱ्यो।

पुबु सोगेन : थाङमुछ्यी गाउँका नुप्पा थरी ल्होमीहरूले पुबु सोगेन (बाजे वचाउने, पूजा वा आत्मालाई सम्झने) गर्दछन्। पुवु दिचिफुक्प/ना (बाजेको जङ्गल) मा उसको आत्मा बास वस्छ भनेर विश्वास गर्दछन् र वर्षवर्षमा डप्ल भन्ने ठुलो पूजा गरेर मिन्ज्युङ डेरूकलाई सम्झने गर्दछन्। किंवदन्तीअनुसार पुबु मिक्म श्युङमरले आफ्ना दुस्मन मिन्ज्युङ डेरूकले खटाएको चिन्ज्युङ लुक्मको हातवाट मर्नुअघि "मिन्ज्युङ डेरूक पु था

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घाङ, मिक्म श्युङमर री था घाङ (मिन्ज्युङ डेरूक एक वित्ता रौं, मिक्म श्युङमर एक वित्ता हड्डी)" भनेको थियो । नभन्दै उसले प्राण त्याग गर्ने बेला मिक्म श्युङमरको मुटुबाट एक वित्ता हड्डी र मिज्युङ डेरूकको मुटुवाट एक वित्ता रौं निस्कियो । मिन्ज्युङ डेरूकले प्राण त्याग गर्नुअघि वर्षवर्षमा आफूलाई सोनु (जीवित पार्नु) पार्नेलाई रक्षा गर्ने, विजयी तुल्याउने वताएपछि पुबु सोगेन परम्पराको सुरुवात भएको हो । पुबु सोगेन गदाए गर्दा एउटा पाठा काटेर त्यस पाठाको फिलालाई आकाशतिर फर्काएर गोम्वको आँगनमा गाडिएको धर्चोकको विचमा अड्काएर राख्छन् र त्यसलाई धनुष, वाणले घोचेर त्यो मासु गाउँको मिङ वा अन्यले कहिलेकाहीँ काँचै पनि टोक्ने गर्दछ । यसलाई डस्य पोप्केन (शत्रुको मासु झार्ने) भनिन्छ । जुन थाङमुछ्यीमा हरेक वर्ष हुन्छ ।

वोङालिक्म : थिकेप्पा थरकाल्होमीले वोङालिक्म (एक प्रकारको वनस्पति) कोतिहुन खाँदैनन् । वरु यसलाई पूजा गर्ने गर्दछन् । उहिले पोङ्स्युव् थरका ल्होमीले वंशनाश गर्न लाग्दा थिकेप्पाहरूको अस्तित्व वोङालिक्मका कारण बच्न गएको विश्वास छ । किंवदन्तीअनुसार दाम्दाङ गाउँको पोङस्युव थरको एक जना ल्होमी छोरीको विवाह पाङदोङ गाउँको एक थिकेप्पा थरका ल्होमीसँग हुने भयो । विवाहअघि छोरीलाई वुवाले उसको लोग्नेले दुःख दिए घरको छानामा रातो कपडा र माया गरे हरियो कपडा फरफराउन र त्यसलाई सधैं झ्यरोकखाबाट आफूले हेरिरहने वताएको थियो । विवाह गरेको सुरुका वर्ष मात्र छोरीको घरको छानामा हरियो कपडा फरफरायो । सधैं रातो कपडा मात्र फरफराएपछि बुवालाई थिकेपाहरूसँग अत्यन्तै रिस उठ्यो । पोङस्युव थरका ल्होमीका दलबल कसेर ऊ छोरीको घर पाङदोङ पुग्यो र सबै थिकेप्पाहरूलाई मार्न थाल्यो । सबै थिकेप्पा नाश हुन लागेका थिए । थिकेप्पाको सन्तान जोगाउन एक जना हजुरआमा नावालक नातिलाई चेपेर भाग्न थाली । पोङस्युवहरूले खेदाउँदै गए । वोङालिक्मको पात र त्यसको जरामा सानो नातिलाई वेरेर भाग्दै गई हजुरआमा । भाग्दाभाग्दा उसलाई पोङस्युवहरूले अरुण नदीमा आइपुग्दा मात्र भेटे । तर चोयाको झोलुङ्गे पुल तर्ने बेला हजुरआमाले नातिलाई नदीमा बगाइदिई । पोङस्युवको हातवाट मर्न दिनुभन्दा आफैँले नदीमा फ्याँकिदिएको भनेर पोङस्युवहरूलाई ढाँटिदिई । यो देखेर पोङस्युवहरू थिकेप्पाहरू समाप्त भएको ठानी घर फर्के । तर वोङालिक्ममा वेरिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाति नदीमा तैरिएर बाँच्यो र थिकेप्पा थरको नाश हुनबाट जोगियो । अहिले पनि थिकेप्पाहरूले बोङालिक्मको पूजा गर्दछन् ।

साङजेम्ब : ल्होमीजातिको नुप्पा थरको गोत्र साङ्जेम्ब हो । एक प्रकारको तामाको लट्ठीबाट यस गोत्रको उत्पत्ति भएको किंवदन्ती छ । एक समयमा तिब्बतको एक जना परम्परागत वैद्यआम्जीसँग एउटा तामाको लट्ठी थियो । यस लट्ठीद्वारा उसले धेरै आश्चर्यजनक कर्म गर्थ्यो । एक पटक च्याम्ताङ दाम्दाङ गाउँकी एक जना बुढी आमा बिरामी उपचार गर्न हिमालपार गरेर आम्जीको गाउँ आइपुगी । आम्जी बाटोमा भेडाच्याङ्ग्रा चराउँदै थियो । बुढी आमाले उसैलाई आम्जीको घर सोधी । बुढी आमालाई घर देखाइदिएर ऊ आफूचाहिँ हतारहतार अर्कै बाटो भएर घरमा आएर बस्यो । अघि भेडाबाखा चराउँदै गरेको व्यक्ति नै घरमा बसेको पाएर बुढी आमा छक्क परी । उसले आफ्नो बिरामीका वारेमा बताएर उपचार गर्न आफ्नो घर गइदिनलाई बिन्ती चढायो । आम्जी सहमत भएर बुढी आमासँग हिँड्यो तर केही बाटो हिँडिसकेपछि लट्ठी बिर्सिएको भनी घर फर्क्यो । आम्जीको लट्ठी तामाको थियो र अचम्मको शक्तिसम्पन्न थियो । त्यही लट्ठीका कारणनुप्पा ल्होमीको गोत्र साङजेम्ब रहन गएको मान्यता छ । नुप्पाहरूले तामाको धातुलाई विशेष रूपमा मान्दछन् । पितृपूजा, सामाजिक संस्कार तथा मृत्युसंस्कारमा तामाको भाँडा अनिवार्य राख्ने गर्दछन् ।

❑

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुनुवार (कोइँच)

आनिला सिरि : ब्रह्माण्ड सृष्टि हुनअघि परम ईश्वर इँगिको सङ्कल्प शक्तिका कारण कालो अन्धकार शून्यतामा सूक्ष्म कणयुक्त तातो महासागरको सृष्टि थियो । तर त्यो महासागर गतिशून्य भएर बस्यो । इँगिले त्यसलाई गति प्रदान गर्ने शक्ति आनिला सिरिको कल्पना गरे । त्यसले तातो महासगरलाई गति प्रदान गरेर सारा ब्रह्माण्डको सृष्टि गरे । यसपछि ग्रह, नक्षत्रको जन्म भयो । सूर्यको उत्पत्ति भयो । पृथ्वीमा दिन र रातको सिर्जना भयो । सारा ब्रह्माण्ड सौन्दर्यपूर्ण भयो । ब्रह्माण्डलाई सौन्दर्य प्रदान गर्ने स्वयम् चलायमान शक्तिलाई नै मुन्दुममा आनिला सिरि भनी पुकारिन्छ ।

आम-गुइ : उहिलेउहिले एक जना आया ग्याँमिकी छोरीलाई छिमेकी गाउँको क्योहो नरुको छोराले आफ्नो विद्याको बलले चोरेर लगेछ । आया ग्याँमि दलबलसहित गएर केटाको योग्यता खुल्ने गरी करकोसेली लिएर आए मात्र विवाह गरिदिने भन्दै छोरीलाई खोसेर फिर्ता ल्याएछ । क्योहो नरुको छोराले त्यही केटी बिहे गर्ने अठोट लिएर आफूलाई दक्ष सिकारी साबित गर्न थालेछ । विभिन्न किसिमको सिकार गरेर कोसेलीका रूपमा तीन टपरा सिसार लिएर गएछ । "आमगुइम शेत्तेक मार पिन्नि ?" (आमाको हातमा दिने कोसेली के लिएर आयौ ?) भनेर सोध्दा उसले तिनै टपरी सिसार बुझाएछ । कोसेली खोलेर हेर्दा एउटा टपरामा ङा चिरो (माछाको सुकुटी), अर्कोमा किश चिरो (मृगको भुटुवा) र तेस्रो टपरामा रोका: चिरो (भीरमौरीका बच्चाको भुटुवा) पाएपछि केटीका माइतीहरूले उसलाई लेकदेखि बेसीसम्म र भीरपहराका सिरसम्म अकटविकटमा पनि सिकार गर्न सक्ने सक्षम सिकारी बुझेर धूमधामसँग विवाह गरिदिएछन् । यसरी कोइँचहरूमा ज्वाँइले सासूलाई सके तीनै थरी नसके पनि तीनमध्ये चिरो सिसार बुझाउनुपर्ने प्रचलन बस्यो यसलाई प्रचलनलाई आमगुई भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आमार–पाति : उहिले नाम्दो पालु देशमा फैलिएको महामारी दोखा होपोले पितृपूजा खेँःगु, कास, गिल गरे पनि हटेन । जतिसुकै राम्रो काम गर्दा पनि अनिष्ट भएपछि विद्यामा पारङ्गत १२ किपट १० थुमका पोइँबो ग्याँमि र नाअ़सोलाई भेला गरी जोखना हेर्न लगाइयो । दोखाका याब्रेहरूको प्रार्थना गर्दै जोखना हेर्दा पितृ र पितृका साथी, छिमेकीलाई पूजा प्रार्थना नगरेको, खाने भाग नदिई अपमान गरेको, व्यक्तिगत स्वार्थ, राजाको गुनगान गरी पितृहरूलाई गौण सम्झेकोले त्यस्तो अनिष्ट भएको पत्ता लाग्यो । यस कुराले नाम्दो पालुका राजाले उप्रान्त त्यस्तो गल्ती नदोहोऱ्याउने बाचा गरे । जोखनामा पितृहरूले कहिल्यै नओइलिने, फलभित्र पनि फूल फूल्ने र त्यो फूल फुल्ने हाँगाको फेदमा पलाउने मुजुराको थापोले पूजा गरे मात्र खुसी हुने सङ्केत दिए । त्यस्तो फूल खोजी गर्न राजा सेनाहरू लिएर चारचौरास निस्कियो तर कतै फेला नपर्दा थकित राजा रूखको सियाँलमा अडेस लाग्दा निदाउन पुगे । पितृहरूलाई राजाको निष्ठा र त्याग देखेर दया जाग्यो । एउटा पितृ जुरेली बनेर नजिकैको रूखमा आएर "एकोन मे, एकोन मे" भन्दै कराउन थाल्यो । निद्रा खलबलिँदा राजाले चरालाई रिसले ढुङ्गा टिपेर हान्यो । चरा उडेर गयो । ढुङ्गाचाहिँ चरा बसेको रूखको फलमा लागी त्यसबाट बुरुरु सेता फूलहरू खस्न थाले । राजा खुसीले गद्‌गद भए । त्यो फल टोटलाको कोसा थियो । फलको बियाँ नै फलभित्रको फूल भएको पत्ता लाग्यो । तब टोटलाको फेदमा पलाएको मुजुरा(मुदोल) को थापो पितृहरूलाई चढाइयो र सबै व्यवधान हट्यो । अझै पनि कोइँचहरूले टोटलाको फलभित्रको बियाँ र हाँगाको फेदमा पलाएको मुजुराले पितृपूजा (खेँगु, कास, गिल) गर्दछन् । यसको सेतो बियाँको फूललाई बोकिपात र फेदको मुजुरालाई आ-ङारङ पात अर्थात् आमार-पाति भन्ने गरिन्छ ।

आया पाङसार : मुन्दुमअनुसार आया पोइँबो (झाँक्री)ले बोन पोइँबोसँग खेलेर मुन्दुमी विद्या सिक्ने ठाउँलाई आया पाङसार भनिन्छ । आया पाङसारमा अदृश्य रूपमा प्रकृतिबाट मेग्यो सिकेर आउने पोइँबोलाई आया नरु र ग्याँमिलाई आया ग्याँमि भनिन्छ । मुन्दुमअनुसार आया नरु वा ग्याँमि बन्ने मानिसको शरीरमा मुन्दुमी दिव्य शक्ति सानै उमेरबाट प्राप्त हुन्छ । त्यस्तो शक्तिलाई मिथोच (साधारण मानिसले देख्न नसक्ने वस्तु वा आकृतिहरू देख्ने) भनिन्छ । यस्ता शरीर भएका व्यक्ति एकाएक हराउँछन र केही दिनपश्चात् पोइँबो बनेर घर फर्कन्छन् । आया नरु र आया ग्याँमिहरूलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरु थापेर मेग्यो विद्या सिक्ने चेलाचलीलाई भने ब्ला: पोइँबो अर्थात् मेग्यो ब्लाइ-बा पोइँबो (कसैबाट विद्या प्राप्त गरेर बनेको पोइँबो ग्याँमि) भन्ने गरिन्छ ।

ईंगि होपो : ब्रह्माण्ड उत्पत्ति हुनुभन्दा अगाडि केवल शून्य निस्पट्ट अँध्यारोमा कहालीलाग्दो कालो अन्धकार महासागर थियो । त्यस महासागरमा न उँधो-उँभो, न यता-उता कुनै दिशा थिएन । न दिन थियो न रात थियो । केही पनि थिएन । यस्तो अवस्थामा कला, भावना, चेतना, प्राण, काल, क्रिया र गति शून्य, सम्पूर्ण शक्ति आफैंमा समाविष्ट गरी स्थिर अवस्थामा परम ईश्वर इँगि मात्र थिए । निराकार, निरङ्कार, नित्य, अनन्त, सर्वव्यापी परामात्मा इँगिले यस्तो स्थिर अवस्थामा परिवर्तनको खाँचो महसुस गर्दा सङ्कल्प शक्ति थुँको जन्म भयो । इँगिको सङ्कल्प शक्ति थुँको कारण फैलने र खुम्चिने शक्ति थुँको प्रादुर्भाव भयो । यो थुँको शक्तिका कारण ख्लिख्लिर अर्थात् कम्पनको जन्म भयो । यही ख्लिँख्लिरबाट भावना, चेतनाको जन्म भयो । भावना, चेतनाको एकाकार रूप नै गति वा क्रिया प्रदान गर्ने शक्तिको उत्पत्ति भयो । गतिको उत्पत्ति भएपछि महातत्त्व महाबुद्धिको जन्म भयो । तर यो महाबुद्धिले झनै अहङ्कारको जन्म दिएपछि इँगि विरहले छटपटिँदा थाले । विरहले छटपटिने क्रममा इँगिको आत्माबाट आफसेआफ इँ... ध्वनि दुर्दा प्रस्फुटन भयो । त्यो इँः ध्वनिको दुर्दा शक्तिले कहालीलाग्दो अँध्यारो महासागरमा आँधीबेहेरी ल्यायो । आँधीबेहेरीमा घर्षण पैदा भयो । आपसमा सारा सूक्ष्म कणहरू रगडिँदा आगोको झिल्का निस्किन थाल्यो । ती झिल्काहरूले ठुलो ज्वालाको रूप लियो र उज्यालो देखियो । त्यही उज्यालोमा सारा सूक्ष्म कणहरू एकआपसमा टाँसिने छुट्टिने गर्दै घुम्दै जाँदा ठोस पदार्थका विभिन्न ठुला परिणमका पिण्डहरू बने र सारा ब्रह्माण्ड तारासाराङ्गीको उत्पत्ति भयो । उनै सारा ब्रह्माण्ड तारासाराङ्गीको सृष्टिकर्ता ईश्वरलाई मुन्दुममा इँगि होपो भनी पुकारिन्छ । यसैले कोइँच सुनुवारहरूलाई कुनै वैराग्य उत्पन्न भयो भने “इँः बारि” भनेर विलौना गर्ने गर्दछन् ।

ओङ्दा : उहिलेउहिले खिन्चिहोपोको पालामा ओङ्दा नाम गरेको एक कु-चाँइ (खोला सिकारी) ङाकु (सुनकोसी) को किसिमकिसिमका माछाको सिकार गरेर खिन्चिहोपोलाई बुझाउने गर्थ्यो । एक दिन केही दरबारियाहरूले ओङ्दाले मिठोमिठो माछा आफैंले राखेर नमिठो खालका मात्र बुझाउने झुटा पोल लगाएपछि होपोले उसलाई ङाकुबाट लिकु निर्वासित गरेछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिनागल्ती निर्वासित हुनुपर्दा उसले पनि आफ्नो चाँइ विद्याले ङाकु (सुनकोसी)का माछालाई प्रजननका लागि लिकु आउनैपर्ने तिते माछामा परिणत गऱ्यो र होपोलाई तिनै तिते माछा पठाउन थाल्यो। होपोले नाक खुम्चाउँदै आइन्दा त्यस्ता तिते माछा आफैँले खानु, नपठाउनु आदेश दियो। तत्पश्चात् ओङ्दा लिकु क्षेत्रमा तिते माछाको अधिपति भएर बसोबास गरेको किंवदन्ती छ। खिन्चिहोपोले ने तिलश्यो ङा (नाक खुम्चाएको माछा) गरेको लिकुखोलाको तिते माछा नेङ भनिन्छ। यस माछामा पछिल्लो कालसम्म लिकुवारपारका काँइचहरूको एकलौटी अधिकार कायम रहेको वयोवृद्धहरूको भनाइ छ। चाँइ ओङ्दाको सुनकोसीतर्फका सन्तानको थर ओङ्दे रह्यो भने लिकु क्षेत्रको बसोबास गर्ने ओङ्दा भने लिकु क्षेत्रको नेङ माछाको अधिपति हुंदा उसले एकै परिवारका दुई दिदीबहिनी विवाह गर्न पुग्यो। चार दिनको फरकमा दुवै दिदीवहिनीले छोरा पाएपछि दिदीको सुत्केरी क्युइँसिप तार (तला माथि)मा र बहिनीको पर्गा (भुइँतला) मा भएकोले क्युइँसिप तार जन्मने बच्चालाई क्युइँतिच र पार्गामा जन्मने बच्चालाई पर्गाच भनिन थालियो। कालान्तरमा त्यही नाम नै क्युइँतिच र पर्गाच थर रहन गएको हो कथन छ।

कालिपिपि : परम ईश्वर ईँगिले आफूले सृष्टि गरेको मानिसको शारीरिक विकास र चेतना वृद्धि हुन निकै समय लाग्ने हुँदा त्यसको देखरेख, भरणपोषणका लागि दयाभाव करुणा रूप र संस्कारयुक्त बजु कालिपिपिको कल्पना गरेको मुन्दुम छ। कोइँचहरूले बच्चाको हेरचाह गर्ने धाईआमाको रूपमा कालिपिपिलाई मान्ने गर्दछन्। कालिपिपिलाई कालिममा पनि भन्ने गरिन्छ।

कार-सिङ्गे : कोइँच गाउँको एकाङ भन्ने ठाउँको कार्सिङ नामको दिगार्च कोइँच सिकारी जीवनयापन गर्थ्यो। ऊ ज्यादै दयालु र सहयोगी स्वभावको थियो। एक दिन कार्सिङको दाजुको छोरी माग्न कुटुम्ब आए। वंश, कुलमुल सोधियो। केटाकेटीबिच एकापसमा कुरा गराइयो। मन परापर भयो। तर कार्सिङको दाजुले छोरीको वाग्दात दिन आनाकानी गऱ्यो। छोरीको बिहे गर्न मानेन। कोङ्पि, केटा र केटाको बुबालाई यो वर्ष छोरीको विवाहको कुरा गर्दै नगरौं भनी फर्कायो। राम्रो कुलघरानको कुटुम्ब आउँदा पनि किन फर्काको भनेर कार्सिङ बम्कियो। अनिकालको समय थियो। बिहे गर्दा घर गाउँले पाल्नुपर्ने नै थियो। नातागोतालाई निम्तो दिनुपर्ने थियो। यी सबै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रीति पूरा गर्न खर्च निकै लाग्थ्यो । अनिकालको समयमा गरिने विवाह एकदम खर्चिलो हुन्थ्यो । यसैले कार्सिङको दाजुले छोरीको विवाह टारिदिएको थियो । भतिजीको राम्रो कुलघराना टुट्न लागेको हुँदा कर्सिङले दाजुलाई एक दिनको जन्ती पाल्ने अभिभारा आफूले लिने बतायो । धूमधामसँग उसले भतिजीको विवाह गराइदियो । यस कार्यले उसको नाम मात्र चलेन, छोरीचेलीको विवाहमा दाजु, काका तथा वडाबाहरूले एक छाक जन्ती पाल्ने थिति नै बस्यो । यो थितिको नाम पनि कार्सिङ्गे रीति रहन गयो ।

किक बाकु र का:तिच : सिकारी युगको कुरा लिकु (लिखुकोसी) वरिपरि नाम चलेको तेप्नामक नाअ़सो थियो । ऊ चासिमासि मुन्दुम विद्यालगायत सिकारमा निपुण थियो । ती दक्ष सिकारीका सन्तानमध्येका एक जना निम्लो तेप्पाच्ले एर्म ब़ाकुका दुर्बिचको छोरी, ख्योम्पातिच्को दिदी युमालाई विवाह गऱ्यो । एक दिन जङ्गलमा डढेलो फैलन गई सिकार गएको निम्लो तेप्पाच् डढेर मऱ्यो । घाइते बनेकी युमा पनि मरेपछि उनीहरूको छोरा जङ्गलमा एक्लै भयो । वनको कन्दमूल अनि फलफूल खाएर बाँच्यो । पेलु भन्ने गाउँमा क्या:बहरू बस्थे । उनीहरूले लिखुकोसीको तीर चोकत खोलाको दोभान हुँदै गोठडाँडा, माप्ला, दिबार्कु, सिङ्गाम हुँदै थोलेदेम्बा, भ्फेँके, लुतिडाँडा हुँदै साब्ला डाँडाबाट तल साब्लाखोलाको दोभानसम्म आफ्नो किपटमा दुवाँली पासो थाप्थे । उता गोठडाँडा चोकात खोलाको दोभान, माप्ला क्षेत्रको सिकार भने तेप्पाच्को छोराले निकालेर खाना थाल्यो । क्या:बहरूले तुप्नुपुखिमा ओडारमा समातेर कसको छोरा ? कहाँ बस्ने ? को ? हो भनेर सोध्दा उसले केही बोल्न सकेनछ । खाली का: का: अर्थात् एक्लैएक्लै मात्र भनेपछि उसको नाम का:तिच राखिदिए । पेलुमा लगेर आफ्नै छोरीचेलीसँग विवाह पनि गरिदिए । तर अचानक एक दिन क्या:बहरूको सिकार पार्ने पासोमा परेर का:तिच मऱ्यो । ज्वाइँलाई मारेको पाप लाग्ने डरले पेलु ग्यादिमको जगगा र सिकार खेल्ने सबै पाङ्सार किपट छाडेर क्या:बहरू लिखु पश्चिम प्लेत्ति तरेर गए । त्यसैले अझै पनि क्या:बहरूले का:तिचको छोरीचेली विवाह गर्नु नहुने र का:तिचको रगत मिसिएको पानीमुहान किकि ब़ाकु (फोहर पानी)को पानी का:तिचले खानु नहुने जनविश्वास छ । पछि तिनै का:तिचको सन्तान बढेर धेरै भए अनि का:तिचहरूको उद्गम थलोलाई का:त भनियो । का: भएको हुँदा ससुरालीले दिएको नाम का:तिच नै पछिबाट का:तिच थर रहन गयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खाअ़कुर पिदार : उहिले साब्लानामक कोइँच गाउँमा सानैमा आमा मरेको टुहुरो बालकलाई कान्छी आमाले एक दिन ओशेरनामक विष खुवाएर मारेपछि उसको मृतात्माले सौतेनी आमाको कोख बाँझो बनाइदियो र जजसले सन्तानसुख प्राप्तिका लागि अरूलाई कुभलो चिताउँछन् उनीहरूको पनि कोख बाँझो गराउने काम गर्न थाल्यो । त्यसैले कोख शुद्ध, सफा राख्नका लागि खाअ़कुर पिदार गर्ने चलन बस्यो । खाअ़कुर रिसाए कोख बाँझो रहने, गर्भ रहे पनि बच्चा सफल नजन्मने अर्थात् विकलाङ्ग, सुस्त मनस्थिति वा मृत बच्चा जन्मने विश्वास छ ।

खाचो : उहिले प्लेत्ति शाँदार पिदारको अघिल्लो बेलुकी मुइलि नाअ़सो, कुलपुरोहितको घरमा कास उ़ठाउने क्रममा तीन सय साठी रेखी हाल्दा भूलवश एक भाग रेखी छुट्न गएछ । यसकारण त्यो सालको शाँदार पिदारमा विभिन्न बाधाव्यवधान पर्न थालेछ । कहिले शाँदार मन्दिरका होल्फागिल्फाहरू हुरीबतासले उडाइदिने, कहिले मन्दिरका लिङ्गोहरू आफसेआफ ढल्ने, कहिले मन्दिरमा झुन्डयाइएका घण्टी आफैँ चुँडिएर झर्नेजस्ता गतिविधि भएछ । हुँदाहुँदा शाँदर मेडाका लागि बाँधिएको राँगा नै सुशि फोअ़का (मौलो) उखेलेर भागेछ । मुइँलि नाअ़सोले जोखना खुटाएर मुख्य पूजास्थानमै पुनः तीन सय साठी रेखी हालेर पूजाआराधना गरेपछि मात्र सबै अस्वाभाविक गतिविधि बन्द भएछ । पुनः उसले कुनै देवीदातालाई भागभोग छुट्न गयो कि भनेर सबै खेमेर, पूजाको लागि जाँड पस्किने काठको भाँडाहारूमा आराथो-जिताथो राँकुदेले थपेर क्षमा माग्दै शाँदार पिदार सकेछ । यसरी पुनः पूजा सामग्रीमा चोखो थप सामग्री लेलेकचुङ, देलेकचुङ राख्ने रीति परम्परा बसेको हो । यसैले जुनसुकै पूजा आराधना गर्दा कोइँचहरूमा खाचो तेम्चा परम्परा यथावत् छ ।

खामे : दुमा होपो ग्लुमा होमोको सन्तान वढ्दै गएपछि बाँच्नका लागि चाहिने आडभरोसा, खाम्तेक चाहियो त्यसको व्यवस्था गर्न कालिपिपिले फाल्शि होपोलाई अराए । उसले अनेक विचार गरेर पाखामा फल्ने घैयाको चामलको खिर बनायो । कालिपिपिले त्यो खिर खुवाएपछि बच्चा तन्दुरुस्त र सौन्दर्यले भरिपूर्ण भयो । बच्चाहरूले बाँच्नका लागि नयाँ आडभरोसा, खाम्तेक पाए । यसरी खामे उम्चा, पास्नी संस्कार रह्यो । यसरी खामे उम्चा संस्कारको जन्मसँगै विभिन्न परिस्थिति र संस्कारमा खाम्तेक चीज खामेको खोजी हुँदै गयो र फरकफरक खामेको नामकरण भयो । सानो ढकी वा दोनु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वा काठको आरी वा वाँसको वटुकोमा चिरो राखी प्रकृति तथा पितृपूजा शाँदर पिदारका दिन चाँफे थानमा चढाउने खामेलाई पोँद खामे भनियो। नाङ्लो वा थाल वा पातमा पितृपूजामा चढाइएको खामेलाई फाँक खामे, घरपरिवारमा सुत्केरी भएको बेला सुत्केरी पाल्न पकाइएको भातलाई चामलेम खमे, सुत्केरी हुँदा नै कुखुराका पखेटा, पाङ्ग्रा, आन्द्रा तथा नङ्ग्रासमेत राखेर सुत्केरी र वच्चाको रक्षाको लागि थोम्बर मन्साएर फेँकिने खामेलाई चेम खमे, नयाँ बुहारी घर भित्र्याएपश्चात् बुहारीको हातको दाजुभाइहरूलाई दिइने खामेलाई वारो अथवा सामइ खामे भन्ने चलन छ। घरमूलीहरूको मृत्यु हुँदा शवयात्रामा लाससँगै लैजाँदा गडेको चिहानको शिरपट्टि कोःका खिँ बनाई त्यसैमा राखिने खामेलाई देके खामे, मृत्युसंस्कारमा मृतात्मालाई दिइने खामेलाई बुल्सो खामे, मृत्युसंस्कारको अन्तिम दिन सम्पूर्ण जुठा लाग्ने दाजुभाइहरूले ल्याएका माना चामल मिसाएर पकाइएको मरेका मानिसहरूकालाई खुवाईपियाई बिदा गर्ने अन्तिम खामेलाई शाकाबुल खामे, मृत्युसंस्कारमा जुठा बार्नेहरूले खाने एकछाकी निस्तो खानालाई मोनखामे, र मृत्यु संस्कारमा जुठो बार्ने दाजुभाइलाई नुनतेल गर्दा खुवाइने खामेलाई विफुङ खामे साथै विफुङ खामे खाएपछि पुनः दाजुभाइ बसी खाने खानालाई साफुङ खामे भनिन्छ।

खारिङ/सुबु रागि : सृष्टि उत्पत्ति मुन्दुमअनुसार चलायमान शक्ति आनिलासिरिले तातो पदार्थयुक्त महासागरमा तेजगति पैदा गरेपछि ठुलो तातो आँधीबेहरी आउँदा महाप्रलयकारी भुमरीको जन्म भयो। अचानक त्यस भुमरीवाट ठुलो ज्योतिर्मय प्रकाशपुञ्ज साङ-हाम्सो सोरि प्रज्वलित भयो। धेरै वर्षसम्म साङ-हाम्सो सोरि एकै झुप्पामा घुमिरहेको देखेर ईंगिले त्यसलाई विभाजन गर्न अनिलासिरिलाई अराए। आफ्नो दिव्य शक्तिले त्यसलाई अनिलासिरिले फुटाउन थाल्यो। यसरी फुटाउँदा त्यो ठुलो प्रकाशपुञ्ज साङ-हाम्सो सोरिबाट ठुलो आवाज अर्थात् बुबोर्पेबोरसहित फुटेर करोडौं सङ्ख्यामा विभाजन भयो। ती फुटेका ज्योतिपुञ्जहरू विभिन्न तेजिला पिण्डहरूका रूपमा देखा पऱ्यो। यो देखेर ईंगिले आनिलासिरिलाई गति घटाई हावाहुण्डरीलाई रोक्न अराए। अनि तातो सा-साना पदार्थयुक्त महासागर बिस्तारै सेलाउँदै जाँदा स्थूल निलो आकाश, सोर्लुमुदि देखिन थाल्यो। निलो आकाश, सोर्लुमुदिमा होर्दुङ, लोर्दुङ, श्यार्दालु, यार्दालु, यार्मालु, वाशेरेलु, गोमरिलु नाम गरेका ग्रहहरू देखा परे। मासोर, इम्सोर, साम्सोर, पोम्सोर, मोस्सोर, हिम्सोर,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युम्सोर, चाम्सोर, नुम्सोर, थाम्सोर जस्ता हजारौँ चम्किला नक्षत्र, ताराहरूका बिचमा एक ज्वाज्वल्यमान प्रकाशपिण्ड सूर्य राँकोच देखा पर्‍यो । हावाहुण्डरी पूर्णरूपमा थामिएपछि अन्तरिक्षमा अनेकन् ग्रह नक्षत्रबिच पसिनैपसिनामा निथ्रुक्क भिजेको पृथ्वी, सुबु/खरिङ रागि देखा पर्‍यो ।

खुर्मि : खुर्मि/खुरुम्बि पोइँब ग्यामिहरूको मुख्य मुन्दुमी औजार हो । सर्वसाधारणले चलाउने हँसियालाई गुए भनिन्छ भने पोइँब ग्यामिहरूले चलाउने हँसियालाई खुर्मि भनिन्छ । मेग्यो मुन्दुममा विभिन्न प्रकारको खुर्मिको उल्लेख भएको पाइन्छ । सर्वशक्तिमान इँगिले चलाउने सुन, ताँबाका खुर्मिलाई इँगि खुर्मि र दुमाहरूले चलाउने खुर्मिलाई दुमा खुर्मि भनिन्छ । दुमा खुर्मिलाई आम् खुर्मि र वाम् खुर्मिका रूपमा पनि उल्लेख गरिएको पाइन्छ । आजसम्म पनि पोइँब ग्याँमिहरूले पित्तल र फलामको खुर्मि चलाउने प्रचलन छ । खुर्मिहरू पनि थुङअनुसारका फरकफरक हुने गर्छ । यस्ता खुर्मिहरू मुन्दुमी कार्यमा बाहेक अन्य कार्यमा प्रयोग गरिनु हुँदैन । खुर्मि मुन्दुमी कार्यकै लागि भनेर विशेष मुन्दुमी विधि अपनाइएर जगाएर निर्माण गरिएको हुन्छ । खुर्मि भन्नाले निरन्तर काम गरिरहने साधन भन्ने बुझिन्छ ।

खेमेर : उहिले ब्लाःपोइँबोले प्रकृति तथा पित्रीहरूलाई बाँसको ढुङ्ग्रोमा आराथो जिताथो (जाँडबाट निर्मित पेय पदार्थ) चढाउने गर्थ्यो । एकपल्टको शाँदारमा चढाएको राँकुदेले प्रसादका रूपमा खाने क्रममा ब्लाःपोइँबलाई नराम्रोसँग सर्केर सासै फेर्न मुस्किल परेर ख्येक खुए भन्नै सकेनछ । त्यसपछि ब्लाःपोइँबलाई बाँसको ढुङ्ग्रोबाट राँकुदेले प्रसादका रूपमा पिउन डरलाग्ने भएछ । अनि राँकुदेले पिउन सजिलोका लागि काठको भाँडा बनाउने उपाय सोचेर मुन्दुम फलाकेर सुनको खुर्मिले कोतरेर साना-साना आरी बनाएछ । अनि सागन, ख्येँगु, कास, गिल, शाँदार गर्दा त्यही खुर्मिले बनाएको भाँडो खेमेर चलाएछन् । यसरी खुर्मिमि खोर्शा सेल्शो अर्थात् खुर्मिले कोतारेर बनाएको काठको भाँडा भएको हुँदा खेमेर भनिन थाल्यो । उसले बनाएको काठको आरीमा उसको मृत्युपश्चात् उसको भाइलाई जिम्मा लगाइयो । उसले पनि बाँसको ढुङ्ग्रोको बदला आफ्नो दाजुले बनाएको खेमेरमा राँकुदेले चढाउन थाल्यो । यसउप्रान्त कुनै पनि प्रकृति तथा पितृको आराधना गरिने अनुष्ठानहरूमा बाँसको ढुङ्ग्रोको बदला खेमेरमा जाँड चढाउने प्रचलनको विकास भएको हो । खेमेरमा हालेर चढाइने जाँड सुरि नाअ़सोले नै पकाएको हुनुपर्छ । खेमेर बनाउँदा खाइर (खयर), दोमा (चाँप), जासि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(कोइरालो) खोर-सि (दार) काठहरूको बनाइनें भनाइ नाअ़सोहरूको पाइन्छ ।

खेसुमुसु : कोइँच मुन्दुमअनुसार उहिले यस ब्रह्माण्डको सृष्टि हुनुअगाडि केवल शून्य निस्पट्ट अँध्यारो थियो । सुनसान थियो । शून्यशून्य कहालीलाग्दो अन्धकार कालो महासागर मात्र थियो । न धर्ती थियो न आकाश । न वायुमण्डल थियो न तारामण्डल । न उँधो-उँभो, न यता-उता कुनै दिशा थिएन । न दिन थियो न रात थियो । केही पनि थिएन । कला, भावना, चेतना, प्राण, काल, क्रिया र गति शून्य, सम्पूर्ण शक्ति आफैँमा समाविष्ट गरी स्थिर अवस्थामा परामात्मा ईँगिको आत्मा थियो । यही सुनसान चकमन्न अँध्यारो अनादिकाललाई नै कोइँच मुन्दुममा खेसु र अँध्यारो शून्यतालाई मुसु रागि भनिन्छ ।

गल्फु पिदार : उहिले कोइँच, रुँकु, तुङ्ग्रु, थोच नछुट्टिएको समय किरातकालकै कुरा हो । नेपाल, टिस्टुङ पालुङ, तादि, सिफुरी सबै किरातीहरूकै थियो । किरातकालको उत्तरार्द्धमा किरात राजधानी नेपाल खाल्डोको पाटनमा लिच्छविहरूले तान्त्रिक जासुस किरातको दरबारमा भित्र्याउन सफल भए । जसले किरात कुलपूजा गर्दा उल्टो पिदार गरिदियो र पिदार पूजा गरेको जाँडलाई क्वाँला खुँ, (चौबाटो)मा खन्याइदिँदा त्यसबाट अरिङ्गाल, बच्छिउँ निस्के र किरातीहरूलाई चिल्दै मार्न थाले । यो देखेर सन्तानको रक्षाको लागि पनि केही किराती सुरुमै बाटो लागेर डाँडा काटेर गए । त्यसरी सुरुमै नेपाल खाल्डो कट्ने किराती राजालाई लास्ति होपो भनियो । उसका सन्तानलाई कालान्तरमा हाङ्बा-हाङ्मा, रुङ्बा-रुङ्मा भनियो । अन्तिम अवस्थामा थातथलो छाडेर पूर्व बाटो लाग्नेहरू गास्ति होपो, खिन्चिहाङ (कोइँच) पुर्खा थिए । नेपाल खाल्डोमै बस्नेचाहिँ बास्तिहोपो, बासुहोपो भए । बासुहोपोको सन्तान नेवार हुन् भन्ने गरिन्छ । यसरी छरिएका पुर्खाहरूले मृत्युपश्चात् सही बाटो समात्न नसकेको हुँदा तीन फ्याक बनेका किरातीहरूमा सुख, शान्ति भएन । अनि एक रात गाल्फुनामक किरातीलाई परम ईश्वरले सपनामा दर्शन दिई “सबै किराती पुर्खाको लागि पूजा आराधना गर्नु उनीहरूले आफ्नो थातथलोको आँत भ्याउ नपाएर केर लाँमा अलमलिएर बसेका छन् । बिलौना गरिरहेका छन् । सात पुस्ता किरातीको नाम लिएर फुसु, सागुन, ख्यैंःगु, कास, गिल, शाँदार गर्दा उनीहरूलाई पनि एकमुष्ट सम्भिन्नु” भनि अराए । यी तिनै किरातीका पुर्खाहरू लास्ति होपो (हाङ्बा राजा हाङ्मा रानी, रुङ्बा राजा रुङ्मा रानी), गास्ति होपो (कोइँच होपोहोपो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खिन्चि) र बास्ति होपो (बासु राजा बासु रानी) लाई गाल्फुले एकमुष्ट, एकै ठाउँ, पिङ्गालोमा महापूजाआराधना गरे। अनि मात्र कोइँच संस्करमा गरिने पितृपूजा फुसु, सागुन, ख्यँगु, कास, गिल गरे। अझै पनि कोइँच सुनुवारमा कास तथा गिल जस्ता सांस्कृतिक अनुष्ठान गर्दा ढोकासामु पिङ्गालोमा पुराना जिखिपार्गी पितृको पूजा गरिन्छ। यसरी प्राचीन कालमा गल्फुले गरेको पिदारलाई नै गल्फु पिदार भन्न थालियो।

चिरो : उहिले एउटा सिकारीले आफ्नो पितृलाई चढाउने चिरो (चरा) खोज्दा नम्दि (फिस्टा) मात्र पाएछ। उसले त्यही नम्दि चढाउँदा ना:सो(विजुवा) ले हेयको भावमा ङावाँ चाँइआ खिँ याब्रे पिदार नम्दिमि? (जेठोपाको सिकारीको घर पित्री पूजा फिस्टाले) भनेछ। त्यस सिकारीले पितृसँग क्षमा माग्दै अर्कोचोटि ठुलो चिरो चढाउने बाचा गऱ्यो। भरै पिदार सकिएपछि फाँक (प्रसाद) बाँड्ने क्रममा ना:सोले त्यो नम्दिको सपेटा छुट्ट्याउनासाथ छिप्पिएको भालेको सपेटाभन्दा पनि ठुलो भएछ, पखेटा छुट्ट्याउनासाथ कऱ्याङकुरुङको पखेटाभन्दा ठुलो भएछ तथा ना:सोको भाग टाउको छुट्ट्याउनासाथ त्यो त झनै मदिपो (बँदेल)को भन्दा पनि ठुलो भएछ। यो देखेर ना:सोले चाँइसँग माफ मागेछ। त्यो कालदेखि नै कोइँच समुदायमा पितृतर्पणमा चिरोका रूपमा नम्दि चिरोलाई अर्पण गर्ने परम्परा रहेको लोकोक्ति पाइन्छ। दुमा शक्तिहरूलाई तथा याब्रेगुब्रेहरूलाई चढाइने विभिन्न प्रकारका सिकार तथा सिसारका मासुहरू तारेर तयार पारिएका परिकारलाई मुन्दुमी भाषामा चिरो भनिन्छ। यस्ता चिरोहरू विभिन्न प्रकारका हुन्छन् जस्तै– नम्दि चिरो (फिस्टा चराको तारेको परिकार), ङा चिरो (तारेको माछाका परिकार), किश चिरो (मृगको परिकार) मदि चिरो (बँदेलको परिकार), रोकोस चिरो (घोरलको परिकार), रोका चिरो (भीरमौरीको बच्चा तारेको परिकार) आदि। उहिले गिल (सबैभन्दा ठुलो कोइँच मुन्दुमी अनुष्ठान) गर्दा तीन सय साठी किसिमका जनावरको बलि तथा सोहीअनुसारका चिरोहरू चढाउनुपर्दथ्यो। यसरी चढाइने चिरोमा बोम्बु चिरो (गोरुको मासु तारेको परिकार) पनि चढाउने प्रचलन रहे पनि पछिल्लो कालमा कानुनी प्रतिबन्ध लागेपछि बोम्बु चिरोको साटोमा खसी नपारिएका बहर गोरुको सिङ, खुर खुर्केर त्यसमा पुच्छरको केही रौँसमेत मिसाएर मिकाल (धुपौरो) मा पोलेर धूप सुँघाउने गरिन्छ।

तायारिप्चि सायारिप्चि : तायारिप्चि सायारिप्चिलाई बुद्धिविवेकको सम्राट् मानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुन्दुमअनुसार पसिनैपसिनामा निथ्रुक्क भिजेको पृथ्वीलाई बडो कष्टले पौडिरहेको देखेर उद्धारका लागि सर्वव्यापी इँगिले आफूसँग भएको दिव्य शक्तिबाट तायारिप्चि र सायारिप्चिको कल्पना गरे । तायारिप्चि-सायारिप्चिले अन्तरिक्षमा बडो कष्टले बाक्लो कणयुक्त वायुमण्डलीय महासागरबाट पृथ्वीको उद्धार गर्न लागे । पृथ्वी आफैँ पनि तातो कणयुक्त वायुमण्डलीय महासागरमा सेलाएको थिएन । तर तायारिप्चि र सायारिप्चिले पृथ्वीको उद्धार गर्दागर्दै कुयामोदियामोनामक अनिष्ट अलच्छिनले छेकेर अँध्यारो रात पऱ्यो ।

दुम्सीको काँडाको कालो : मुन्दुमअनुसार दुम्सीले विषालुभन्दा विषालु कन्दमूल खाएर पनि आफ्नो शरीरका काँडामा छानेर पचाउन सक्थे त्यसैकारण दुम्सीको काँडामा कालो दाग रहेको हो भनिन्छ ।

दुमाहोपो ग्लुमा होपो : सुनुवार (कोइँच) मिथकअनुसार सुयुकि र सुयुपिमा सृष्टिको पहिलो पुरुष र महिला थिए । उनीहरू दाजुबहिनी थिए । पछि सुयुकि भएर दुमा होपो र सुयुपि ग्लुमाहोमो भएर जन्मिए । पछि उनीहरूको बिहे भयो । उनीहरूको सन्तानका रूपमा पृथ्वीमा चेतनशील प्राणी मानिसको जनसङ्ख्या वृद्धि भयो । यसैले सबैले पहिलो मानव जोडीका रूपमा दुमा होपो, ग्लुमा होमो भनि प्रत्येक संस्कार संस्कृतिमा पूजाआराधना गर्न थालेका हुन् भन्ने विश्वास गरिन्छ ।

परम ईश्वर (पार्मोसिरि) : परम ईश्वर इँगिले मिराक, मिक्चिरि, शोरेच, शोकुरेच, नारेच, वारेच, गोङरेच, राँकोच रुमुहोपोका शक्तिहरू समायोजन गरेर उज्यालो सेतो बुबुथाथा गुण भएको पुरुषरूप अनि खेबारि, खेसिबारि, चुकुबारि, बिन्दुबारि, सुसि बारिङ्गी होपोको शक्तिहरू समायोजन गरी तीव्र गतिको हावा रातो लालाबुसा गुण भएको स्त्रीरूपको संयुक्त रूप पार्मोसिरि प्रादुर्भाव गरेको मुन्दुम छ । कुयामोदियामो नामक अलच्छिन अँध्यारोलाई हटाई पृथ्वी सिँगार्ने दायित्व पाएको पार्मोसिरिले राँकोच (घाम)को, लोतास (जून)को सहयोगमा दिन र रातको सिर्जना गरे । आकाश देखा पऱ्यो, घाम देखा पऱ्यो, पृथ्वी देखा पऱ्यो, जून देखा पऱ्यो, हावा देखा पऱ्यो, अनेकन ग्रह नक्षत्र देखा परे । बाफिएको पृथ्वी सेलाउँदै गयो । घनघोर पानी पऱ्यो र साराका सारा धर्ती जलमग्न भयो । धर्तीमा पानी नै पानीले भरिएको हुँदा महासागर बन्यो । पानी नै पानीमा पृथ्वीको सौन्दर्य देखिएन । त्यसैले तायारिप्चि-सायारिप्चिको आदेशअनुसार इँगिको इच्छा पूरा गर्न पार्मोसिरिले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीलाई सिँगार्नुपर्ने भयो । प्राण भएको हरियो लेउ जस्तो जडतत्त्वसँगसँगै सासाना जीव थाथालबेथालको सृष्टि गरेर समुद्रमा छाडिदिँदा यसले समुद्रको पानी सोसेर सुकाउँदै गयो । त्यसपछि पृथ्वीमा हिमाल, पहाड, मैदानी फाँटहरू देखा परे । फेरि घामको सौर्य शक्ति तथा धर्तीको अन्तर्सिञ्चन शक्ति मिलाएर विभिन्न प्रकारका विउबिजनको सृष्टि गरे । झारपात बोटबिरुवाहरूले पनि सजाएपछि पृथ्वीमा अन्य ग्रहहरूभन्दा मनमोहक देखियो । सुबु खारिङ रागि, पृथ्वीको शृङ्गारकर्ता सौन्दर्यका पितामाता परामात्मालाई नै कोइँच मुन्दुममा पार्मोसिरि भनी पुकारिन्छ । अझै पनि केही अनिष्ट वा अपशकुन देखा परे कोइँचहरू “हे पार्मोसिरि आलाला” भन्ने गर्दछन् ।

लागा : उहिले उहिले होमाचिरिले अन्न बाली लगाउन सिकाएपछि मानिसहरू सबै कृषि काममा व्यस्त रहन थाले । पुर्खाहरूले गरी आएको प्रकृति तथा पितृसाधना तथा आराधना गर्नै बिर्सन थालेकाले विभिन्न पितृ र प्रकृति रिसाएर अनिकाल लागेछ । तेप नाअ़सोले जोखनामा पाएर जोडि बिजोडी गनेर सातवटा चोया लावा ग्लाबाट चेफ्ला बनाई घरभित्र नै लावा ग्ला ग्योर, लागा बनायो । अनि क्योहो नारु र तेप नाअ़सो मिलेर सबै घरगाउँले दाजुभाइलाई राखी ख्यँगु, कास, गिल, शाँदार गरे । तब ठुलो महामारी रोकिएकाले कोइँचहरूमा नयाँ अन्नवालीका अन्नहरूबाट निर्मित परिकार पितृ प्रकृतिलाई चढाउने संस्कार गिँजो पिदार अस्तित्वमा आयो । पछि अरू किसिमको लागा बन्न थाले पनि नाम भने लागा नै रह्यो । बाँसबाट निर्मित लवा लागा, निगाला मालिङ्गोबाट निर्मित केवा लागा, तितेपातीबाट निर्मित चेन्चेन् लागा आदि । त्यसरी नै सर्वव्यापी इँगिको लागालाई तारा लागा, पितृ लागालाई याब्रे लागा र प्रकृतिका लागि निर्मित लागालाई कालपिप् लागा भनियो । यसरी नै अक्षता मात्र चढाउने लागालाई दुन लगा, विशेष कार्यका लागि (सबै लागाहरूलाई मिसाएर एउटै चेफ्लाबाट बनेको सात-आठ कोठा लामो) लागालाई लाम् लागा भनियो । मानिसको मृत्यु र उमेरको आधारमा पनि शिशिर लागा, गाइँदा लागा, कालपिपि लागा गरी अरू लागाको नामकरण भयो ।

नाअसो : उहिले मानिसहरू त्यति धेरै थिएनन् । पोइँबो, ग्याँमिहरूले नै कुलपुरोहितको काम गर्थे । तर एक दिन ब्ला:पोइँबो बिच रिट्ठा, रुद्राक्ष, दुम्सीको काँडा र पवित्र अक्षताबाट भीरमौरी बनाएर पठाउने, साकार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हानाहान भए छ। एक जना पोइँबोले हानेको साकार लागेर ब्ला:पोइँबो मरेछ। त्यसरी मरेको ब्ला:पोइँबोलाई मुन्दुमविज्ञ तेपनामक कोइँचले खार्ले कर्दाले होल्फागिल्फा पल्टाउँदै दुमा लाप्चो पुगेर रगतमा लतपतिएको खावात ल्याई कानबाट खुवाइदिएछ। पार्मोसिरिको पूजाआराधना गर्दै बत्ती बालेर रातभर जाग्राम बसेको ऊ बिहान घाम छिपिँदै जाँदा ब्ला:पोइँबोसँगै विस्तारै बौरिएछ। यसरी रात बिताएर ना सोइँशा आत्मा फिर्ता ल्याई ब्ला:पोइँबोलाई पुनः जीवित पार्ने उसलाई ना सोइँबा मिथोच अर्थात् रातभरि जाग्राम बसेर अदृश्य शक्तिसँग कुराकानी गरी पूजाआराधना गर्ने व्यक्तिको रूपमा चिनिन थालियो। त्यसै समयदेखि कोइँच मुन्दुमी विद्या जान्ने संस्कार चलाउने पूजाआराधना गर्ने व्यक्तिलाई नाअ्सो पद्वीसहित पुकारिन थालियो। नाअ्सो पनि दुई खालका हुन्छन्- शाँदार गर्ने शाँदार नाअ्सो अनि साधारण कुलपितृ बुझाउनेलाई काइँता नाअ्सो भनिन्छ। शाँदार नाअ्सोमा पनि मुइलि (सारिङ, दुमा, जात्न, खुँपो) नाअ्सो र अन्य नाअ्सोहरू होल्फा, पार्मो, वाअ्शि, हाम्तिम, बालि, शेन्मा नाअ्सो हुन्छन्। काइँता नाअ्सोमा तेप, दार्खा नाअ्सो आदि हुन्। नाअ्सोले एउटा कर्दा (खारा) र दुन नाम्जा बोकेर हिँड्नुपर्दछ।

नारुहोपो : उहिले पृथ्वीमा धेरै मानिसहरू भए। उनीहरूले सबै नियम, रीतिथिति बिर्सिए। मानिसको ज्यादतीलाई पृथ्वीले थाम्न सकेन। सबै पृथ्वी भएको सत्य, साँचो कुरा सबै पृथ्वीको तल भासियो। भूकम्प आयो। सुरुमा अतिवृष्टि भई बाढीपहिरो गयो। पछि ज्वालामुखि निस्कयो र अनावृष्टि भयो। तत्पश्चात् पृथ्वीमा बोटबिरुवा उम्रेन, पानी सुक्दै गयो, तातो हावा बढ्दै गयो। प्राणीजगत्मा ठुलो हाहाकार मच्चियो। मानिसहरूको विनाश हुँदै गयो। मुन्दुमज्ञाता नारु होपोले मुन्दुमी दिव्य दृष्टि लाउँदा तायारिप्चि सायारिप्चिले खादिमुदि खुसी नपारी समस्याहरूको समाधान नहुने बतायो र मेग्यो मुन्दुम सुम्पियो। मेग्यो मुन्दम पाए पनि पूजाआराधना गर्ने विधिविधान थाहा नपाएर नारु होपोले फेरि न्यासध्यान गर्दा पार्मोसिरिले बताए, "सबैभन्दा अगाडि चाइँ सिकारीलाई चार दिशामा राखेर आफूलाई रक्षा गर्नु, चे (च्यो)वारि-पहाडको शक्ति, चु(च्यो)कु वारि पहाडबाट बग्ने खोलाको शक्ति, विन्दुबारि बारिङ वायुबतासको शक्ति, लावाबारि-बोटबिरुवाको शक्ति, हिवाबारि-आकाशबाट बर्सिने पानीको शक्तिहरूलाई जगाउन वाशि पिदार गर्नु, अनि खादिमुदि खुसी पार्न सिर्जनाको ढोका उघार्न पोर्मो पिदार गर्नु।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस ज्ञानको प्राप्तिपछि नारु होपोले भूमि पूजा, डाँडा पूजा, खोला पूजा, इन्द्रेणी पूजा, बनस्पति पूजा चाइँसिकारी, वाशि, पार्मो पिदार जस्ता परम्परा चलायो । अनि मात्र खदिमुदिले सृष्टिको बाटो खोलिदियो । पुनः मानिसको जीवन सहज भयो । नारुहोपोले यो मुन्दुम चेलाहरूलाई हस्तान्तरण गरेपछि मानिसमा यस रीतिथितिको जन्म भयो । सोही प्राकृतिक नियमअनुसार मानवीय जीवनको संस्कारसंस्कृति दैनिक जीवन चल्दै आएको विश्वास गरिन्छ ।

साया बुलबुल ताया बुलबुल : सुनुवार मिथकअनुसार आत्मा अमर हुने भएकाले शरीर मरेपछि त्यसले अरू जिउँदा मानिसको शरीरमा पस्ने भएकाले शरीर मरेको आत्मालाई भूतपिचासहरूसँग छुटाइन्छ । एक्लै भएको आत्माले एक्लो महसुस गर्दा नारु पोइँबोले शेशेन्दुबाट उँभो ख्योख्योत्, लाशा ग्लुम्बा, ख्योवार ग्लुम्बा, सेर्थे रोङ, दुङदुङ पुअ़खि काइरात थालो सार्गि थालो पुगेर देउतीर्थ गरी फर्केर आउन अनुरोधसहित पठाउने गरिन्छ । उसको लागि पैंतालीस दिनसम्म खाना खानेकुरा, खेतीपातीको लागि बिउबिजन छरिन्छ । आत्मालाई घुम्न पठाउँदा पहाडको आत्मा, पानीको आत्मा, हावाको आत्मालाई पुकार गरिन्छ । पैंतालीस दिनमा ख्यँगु गरी शिशिर लागा बनाई पुरानो आत्मसँग वा पितृसँग भेट गराइन्छ । याब्ले ताअ्चा (पुर्खा आत्माहरूसँग भेट गराउने) संस्कार पूरा नगरे मृत मान्छेको आत्माले मुक्ति नपाउने विश्वास छ ।

सुयुपिपि र सुयुकिकि : परम ईश्वर इँगिले आफ्ना सन्तान सुयुपिपि र सुयुकिकि हुर्केर जवान भएपश्चात् शारीरिक सम्पर्क गर्न खोजेकाले चट्याङ हानेर पूर्ववत् बालककै अवस्थामा फर्काइदिए । आदिम बजुका पनि वजु कलपिपि (प्रकृति)का अनुसार दुवै शरीर एउटै तत्त्वबाट बनेको तथा एकै किसिमको खाना खाएर हुर्केका दुवै शरीर दाजुवहिनीसरह भएकाले त्यस्ताबाट जन्मेका सन्तान अति नै दुष्ट र कुलङ्घार हुने हुँदा इँगिले पुनः बालक बनाएको मान्यता छ । यी दुवै बालकलाई अलगअलग राखेर सुयु किकिलाई दुमसीको दुध र सुयु पिपिलाई भालुको दुध खुवाई हुर्काएपछि सुयुपिपिबाट सुयुकिकलाई मार्न लगाई पुनः बिउँताएर मात्र वैवाहिक सम्बन्ध कायम गराइएको मुन्दुमी मिथक छ ।

सेद अर्थात् सर्पदेवता : सर्पदेवताको उत्पत्ति मिथक हो । उहिले तामाकोसी किनारको रज गाउँमा जोजोर नामका कोइँच दम्पती केटाकेटीलाई पटक्कै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन पराउँदैनथे । जोजोरकी स्वास्नीले बच्चाको साटो अन्डा पाई । त्यसबाट दुई टाउको भएको सर्प निस्कियो । उनीहरूले तामाकोसी नजिकै ठुलो सिमलको रूखमा त्यस सर्पलाई लगेर राखे । त्यो सर्प त्यही सिमलको रूखमा विलीन भयो । केही समय अन्तरालमा त्यो गाउँमा माझीहरू आए अनि ती माझीहरूले सिमालको रूख काटेर डुङ्गा बनाए तर सबै माझी विरामी भए । पोइँबो ग्याँमि ल्याएर जोखना हेराउँदा त्यो त सेद अर्थात् सर्पदेवता लागेको पत्ता लाग्यो र सेद पिदार गरे । त्यही सेदलाई पछि कालि जोजोर सेद, पोकलि सेद, लिपु सेदका विभिन्न नाममा पूजा प्रार्थना गर्ने चलन रहेको कथन छ ।

हाँसाल हाँसाल हाँसाल : मुन्दुमअनुसार कोइँच पुर्खालाई खान हुने कन्दमूल र खान नहुने कन्दमूलको बारेमा सिकाउने दुम्सीलाई पुर्खा (दुमा पो) को रूपमा लिइन्छ । एक दिन झुक्किएर एउटा कोइँचले दुम्सीलाई मारेर मुन्दुम खेलाउँदै त्यसको आत्मा गएको दिशातर्फका विभिन्न ढोकाहरू उघार्दै गयो । उसले तीन दिनमा मात्र त्यसको आत्मालाई भेट्टाएर फर्काई ल्यायो र मृत शरीरमा प्रवेश गराउँदा दुम्सी बिउँतियो । सबै सिकारीहरूको अनुहारमा हासलताम्सल (छ्याङ्ग खुसी उग्रेको) देखियो । दुम्सी बाँचेकोमा खुसीले प्रफुल्ल सिकारीहरू हुँदै 'हाँसाल हाँसाल हाँसाल' भन्दै ढोल बजाएर नाच्न थाले । 'हाँसाल' ले दिनको झरीपछि उग्रेको मौसमलाई जनाउँछ ।

हुदोल/होदोल : मुन्दुमअनुसार कोइँच पुर्खालाई दुम्सीले जमिनमुनि फल्ने कन्दमूललाई हुअशा जाचा दुम्तेक अर्थात् हुदेल होदोल जातेक खान सिकाएका थिए ।

होमाचिरि : समृद्धिको प्रतीक ढुकुर चरा । मान्छेको सृष्टि भए पनि धेरै समयसम्म खेतीपाती गर्ने चलन थिएन । किरातहरू आफू र आफ्नो समुदायलाई लालनपालन गर्ने प्रकृतिको रूपमा जङ्गलको काठपातलाई शिमाङ्होपो देवता मान्दथे । माङ्ग मुइलिहरूको पूजाको क्रममा इँगि, आनिलासिरि सारिङमुइलि, पार्मोसिरि, पारुहोपो, सुम्निमामा, सारिङमुइलि, दुमामुइलि, जात्नामुइलि खुँपो मुइलि तथा कालपिपको विधिवत् पूजा गर्दै शाँदरपिदार गर्दा सबै देवदेवता, मुइलिहरू खुसी भई किरातीहरूलाई सुनको ढुकुर होमाचिरि, सहको देविका रूपमा वरदानस्वरूप प्राप्त भएछ । यस होमाचिरिले नै किरातीहरूलाई पार्मोसिरिले सृष्टि गरेका अन्नका बीज आफनो गाँडमा बोकेर ल्याउँदै मौसमअनुसारको खेती लगाउन सिकाएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुन्दुम छ । होमाचिरिले सुरुमा सावाखारि, नारखारि, जारखारि अन्न ल्यायो । त्यसपछि बुर र बाशेर ल्याएरको बिउ ल्याएको थियो । यसरी सिकार खेलेर जीवन निर्वाह गर्ने किरात कृषियुगमा प्रवेश गरे । अन्नबाट निर्मित भोजन प्रयोग गर्न थाले । पछि ठुलो परिवार भई भाइभाइमा बेमेल भई अंशबन्डा भयो । तर होमाचिरि कसले राख्ने झगडा भई खोसाखोस हुँदा जमिनमा भासिएर अलप भएछ । होमाचिरिको सम्झनामा अन्नबाली सप्रोस्, अनिकाल हटोस् भन्ने कामनामा वैशाख पूर्णिमामा उभौली सालिवा शाँदर र मङ्सिर पूर्णिमामा उधौली रापावा शाँदर मनाउने परम्परा चलेको मुन्दुम छ ।

❑

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल प्रज्ञा-प्रतिष्ठान

9 789937 689809

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal